## महानगर

# साहित्य दर्पण-४



भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# महानगर साहित्य दर्पण-४ प्रकाशन/सम्पादन मण्डल




**रेनु दाहाल**
कुलपति/प्रमुख
संरक्षक



**चित्रसेन अधिकारी**
उप-प्रमुख
सल्लाहकार



**लक्ष्मीप्रसाद पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
सल्लाहकार



**इन्द्रप्रसाद रेग्मी**
उपकुलपति
सल्लाहकार



**सुवाषचन्द्र आचार्य**
उपसचिव
सल्लाहकार



**केदारनाथ खनाल**
प्रधान सम्पादक



**प्रकाश चापागाईं**
सम्पादक



**गायत्री श्रेष्ठ**
सम्पादक




**सुरेन्द्र अस्तफल**
सम्पादक



**बालकृष्ण थपलिया**
कार्यकारी सम्पादक

# महानगर साहित्य दर्पण-४




भरतपुर महानगरपालिका

**भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**

भरतपुर, चितवन

| | | |
|---|---|---|
| पुस्तक | : | **महानगर साहित्य दर्पण-४** |
| संरक्षक | : | रेनु दाहाल, कुलपति/महानगर प्रमुख |
| सल्लाहकारहरू | : | चित्रसेन अधिकारी, उप-प्रमुख |
| | : | लक्ष्मीप्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत |
| | : | सुवाषचन्द्र आचार्य, उप-सचिव |
| | : | इन्द्रप्रसाद रेग्मी, उपकुलपति |
| संयोजक/प्रधान सम्पादक | : | केदारनाथ खनाल |
| सम्पादकहरू | : | प्रकाश चापागाईं, गायत्री श्रेष्ठ, सुरेन्द्र अस्तफल |
| कार्यकारी सम्पादक | : | बालकृष्ण थपलिया |
| आवरण कला | : | रामहरि श्रेष्ठ |
| प्रकाशक | : | भरतपुर महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>**भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**<br>भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल |
| सर्वाधिकार | : | भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान |
| प्रकाशन वर्ष | : | २०८२, असार |
| ISBN | : | 9789937187275 |
| कम्प्युटर | : | गोपाल भट्टराई |
| मुद्रण | : | सिद्धबाबा प्रेस प्रा.लि.<br>भरतपुर, चितवन, सम्पर्कः ९८५५०५००४० |

२०८२ असार १५

## शुभ-कामना !

साहित्यलाई समाजको ऐना हो भनिन्छ। साहित्यमा समाजको यथार्थ चित्र प्रतिबिम्बित भएको देखिन्छ पनि। सर्जकहरूले आफूले भोगेका अनुभूति र कल्पनाको सन्सार साहित्यमा उर्ताछन्। सभ्य समाजका अगुवा, नीति निर्माता, सरोकारवालाहरूलाई यसले पृष्ठपोषणको कार्य गर्दछ। मानिसहरू जुनसुकै पेसा-व्यवसायमा होऊन्, साहित्य, कला, सङ्गीतबाट टाढा रहन सक्दैनन्। मानिसका रूचिअनुसार यसप्रतिको अनुराग धेरै-थोरै हुन सक्छ तर कोही पनि यसबाट निरपेक्ष रहन भने सक्दैनन् भन्ने लाग्छ। हाम्रो दैनिक कार्यव्यहारमा पनि साहित्य, कला, सङ्गीतको गहिरो प्रभाव परेको हुन्छ।

भाषा, कला, साहित्य, सङ्गीत हाम्रा अमूल्य निधि हुन्। यसको खोजी गर्नु, संरक्षण गर्नु, प्रवर्धन गर्नु हामी सबैको दायित्व हो। यसैक्रममा भरतपुर महानगरपालिकाले महानगर प्रज्ञा-प्रतिष्ठानको स्थापना गरेर विविध साहित्यिक, सांस्कृतिक, प्राज्ञिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ। महानगरबासी साहित्य साधकहरूलाई सम्मान, महानगर प्रज्ञा पुरस्कार अर्पण, पाण्डुलिपि प्रोत्साहन, भरतपुर प्रज्ञा जर्नल, महानगर वाङ्मय कोश २०८२ प्रकाशन, विद्यालयमा प्रज्ञा प्रतिष्ठान तथा आधारभूत मूर्तिकला तालिमजस्ता बहुआयामिक कार्यक्रमहरू सम्पन्न भएका छन्। प्रतिष्ठानको माध्यमबाट यहाँका भाषा-साहित्य, कला-संस्कृतिका अनुरागीहरूका प्राज्ञिक सिर्जनाहरू फुल्न, फल्न, मौलाउन, फैलन मद्धत पुगेको विश्वास लिएको छु।

अन्त्यमा, प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रमको अभिलेखीकरण लगायत महानगरको भाषा-साहित्य, कला-संस्कृति टल्काउने र यहाँका साहित्यिक प्रतिभाका लेखन सीप र सिर्जना झल्काउने महानगर साहित्य दर्पण अङ्क चारको प्रकाशन तथा सम्पादन कार्यमा जोडिनु भएका सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको गुणस्तरीय प्रकाशनको कामना गर्दछु।

.....................

**रेनु दाहाल**

नगर प्रमुख/ कुलपति

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

## शुभ-कामना !

भरतपुर महानगरपालिका, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भाषा-साहित्य, कला- संस्कृतिको संरक्षण गर्ने प्रयासस्वरूप **महानगर साहित्य दर्पण अंक- ४** प्रकाशन गरेको छ । महानगरले यहाँको साहित्य, कला, संस्कृति झल्कने खालका लेखरचना समावेश गरी प्रकाशन गरेको दर्पणका माध्यमबाट आगामी दिनमा यसबारे गहन खोज, अनुसन्धान गर्न र कतिपय सन्दर्भमा नीति निर्माण तहमासमेत प्रभावकारी कार्य गर्न सहायक हुनेछ भन्ने विश्वास गरेको छु।

महानगरको दशौं नगरसभाबाट भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ पारित गरेसँगै प्रज्ञा-प्रतिष्ठान गठन भएको हो। प्रतिष्ठानले राष्ट्रियस्तरका विविध प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरूका अलावा महानगरभित्रका साहित्यकारहरूलाई प्रोत्साहन पुग्ने थुप्रै गतिविधिहरू सञ्चालन गरिरहेको छ। म आफूले पनि भ्याए पाएसम्म यस्ता कार्यक्रमहरूमा सम्लग्नता जनाउने गरेको छु। यी कार्यक्रमहरूबाट यहाँको कला र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्धन हुने अपेक्षा लिएको छु। प्रतिष्ठान र यसले सञ्चालन गर्ने कार्यक्रमहरूका माध्यमबाट यहाँका सम्पूर्ण साहित्यिक स्रष्टाहरू, संस्थाहरू, सस्कृतिकर्मीहरूको साझा चौतारी बन्न सकोस् भन्ने कामना गर्दछु।

अन्त्यमा, लेख रचना उपलब्ध गराउनु हुने समस्त विद्वान लेखकहरू, अन्वेषक तथा समीक्षकहरू, सम्पादन मण्डलमा रहेर सक्रिय भूमिका निभाउनु हुने सम्पादकज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको प्रकाशनमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

मिति : २०८२ असार १५

**चित्रसेन अधिकारी**
**उप-प्रमुख**

056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

# शुभ-कामना !

साहित्य समाजको दर्पण हो । प्रतिबिम्ब हो । साहित्य, कला- संस्कृतिका माध्यमबाट समाजको वास्तविकता अध्ययन गर्न सकिन्छ । भाषा-साहित्य, कला-संस्कृति हाम्रा अमूल्य निधि पनि भएकाले यसको यसको खोजी, संरक्षण, प्रवर्धन गर्नु हामी सबैको दायित्व हो । साहित्यमा लागेकाहरूलाई हौसला दिनु, प्रोत्साहन गर्नु, समाज, समुदाय र सरकारको जिम्मेवारी पनि हो ।

भाषा-साहित्य, कला-संस्कृतिको उन्नयनका लागि भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान गठन भइ यसले सञ्चालन गरेका विविध कार्यक्रमबारे जानकारी पाउँदा ज्यादै खुसी लागेको छ । प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गरेका विविध कार्यको अभिलेखीकरण र स्थानीय प्रतिभाहरूका कलात्मक सिर्जनाहरूले रङ्गिएको महानगर साहित्य दर्पण अङ्क चारका माध्यमबाट यहाँको साहित्य, कला, संस्कृतिका विविध पाटा खोतल्ने, उत्खनन गर्ने, विविध विधाका साहित्यिक रचनाको आस्वादन गरेर रमाउने साझा आँगन बन्न सकोस् भन्ने अपेक्षा गर्दै यसको निरन्तर प्रकाशनको कामना गर्दछु ।

यस दर्पणमा लेखक, समालोचकहरूको गहन परिश्रमबाट भरतपुर महानगरको साहित्यिक इतिहास र विविधतालाई जीवन्तता दिने प्रयास गरिएको छ । यसमा समाविष्ट रचनाहरुको अध्ययनबाट यहाँको सामाजिक, आर्थिक, राजनीतिक अवस्थाको अध्ययन, अनुसन्धान, अन्वेषण गर्नेहरूका लागि सहायक सामग्री हुने विश्वास लिएका छु । यी सामग्रीका समावेशले दर्पणको महत्त्व बढाएको महसुस गरेका छु ।

अन्त्यमा, समृद्ध र सुसंस्कृत भरतपुर महानगर बनाउने महानगरको महान् उद्देश्यपूर्तिको लागि भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानमार्फत गोलबद्ध हुनुहुने सम्पूर्ण साहित्य, कलासंस्कृति अनुरागीहरूप्रति आभारी रहँदै दर्पणका लागि गहन लेखरचना उपलब्ध गराउनुहुने सबै लेखकहरूप्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु । प्रकाशन समिति तथा सम्पादन मण्डलका साथीहरूको अथक मिहिनेतले नै यसले पूर्णता पाएको हो । उहाँहरूको योगदानको कदर गर्दै हृदयतः धन्यवाद ज्ञापन गर्दछु ।

मिति : १५ असार २०८२

लक्ष्मीप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# प्रकाशकीय/सम्पादकीय

**साहित्य, कला, संस्कृतिको आधार : महानगर साहित्य दर्पण अङ्क- चार**

साहित्य सङ्गीत कला विहीन, साक्षात् पशु पुच्छ विषाणहीन !

हाम्रा सभ्यता, संस्कार र शिष्टतामा साहित्य, कला, सङ्गीतले गहिरो प्रभाव पारेको हुन्छ । साहित्यलाई समाजको दर्पणकोरूपमा लिइन्छ । स्रष्टाले भोगेको वर्तमान र अनुभूति साहित्यमा उर्ताछन् । सभ्य समाजका अगुवा, नीति निर्माता, सरोकारवालाहरूले यसलाई आत्मसात गर्छन र समाज रूपान्तरणमा यसले मद्धत पुर्याउँछ ।

भाषा, कला, साहित्य, सङ्गीत हाम्रा अमूल्य निधि हुन् । यसको खोजी गर्नु, संरक्षण गर्नु, प्रवर्धन गर्नु हामी सबैको दायित्व हो । यसैक्रममा भरतपुर महानगरपालिकाले **महानगर प्रज्ञा-प्रतिष्ठान**को स्थापना गरेर साहित्यिक, सांस्कृतिक, प्राज्ञिक विविध गतिविधि सञ्चालन गर्दै आएको छ । प्रज्ञा-प्रतिष्ठानबाट यस वर्ष सञ्चार माध्यममा भाषिक शुद्धताका लागि प्रशिक्षणात्मक तालिम, चितवनको समाजशास्त्रीय अध्ययन सम्बन्धी कार्यशाला तथा बहुभाषी कवि गोष्ठी, अनुसन्धानमूक लेख लेखन कार्यशाला, शारदा खुसीराम स्मृतिमा सांगीतिक तथा सांस्कृतिक कार्यक्रम, विद्यालय तहमा नाटक प्रदर्शन, कविता प्रशिक्षण आदि सञ्चालन भए । यहाँका विभिन्न साहित्यिक, सांगीतिक संस्थाहरू: कर्मी चौतारी, तरङ्ग नाट्य समूह, नारायणी कला मन्दिर, साहित्य सङ्गम चितवन, गजल मञ्च चितवनसितको सहकार्यमा पनि विविध साहित्यिक, सांस्कृतिक कार्यक्रम गरी यस क्षेत्रका प्रतिभाहरूलाई प्रोत्साहन गर्ने प्रयास भएको छ । महानगरबासी साहित्य साधकहरूको योगदानको कदर गर्दै विविध सम्मान, पुरस्कार अर्पण, पाण्डुलिपि प्रोत्साहन, महानगर वाङ्मय कोश २०८२, भरतपुर प्रज्ञा जर्नल-३ प्रकाशनजस्ता उल्लेखनीय कार्यक्रमहरू सम्पन्न भएका छन् । प्रतिष्ठानको चौतारीमा गोलबद्ध भई साहित्य, कला, संस्कृतिका अनुरागीहरूका प्राज्ञिक सिर्जना मौलाउन, फुल्न, फल्न, फैलन मद्दत पुगेको विश्वास लिएका छौं ।

महानगर प्रज्ञा प्रतिष्ठानका विविध गतिविधिलाई अभिलेखीकरण गर्दै महानगरका मूर्धन्य कवि, लेखक, समालोचक, अन्वेषकहरूको गहन मिहिनेतबाट सिर्जित विविध सिर्जनाहरू **महानगर साहित्य दर्पण** ४ मा समेट्न पाउनुमा गौरववोध गरेका छौं । यसमा समाविष्ट सामग्रीहरूको अध्ययनबाट चितवन/ भरतपुर महानगर क्षेत्रको भाषा, कला, साहित्य, संस्कृतिको अवस्था आकङ्लन गर्न सकिन्छ भन्ने ठानेका छौं । लेख रचनाप्रतिको जिम्मेवारी सम्बन्धित लेखककै हुने छ । प्रज्ञा प्रतिष्ठानले आयोजना गरेका कार्यशाला, गोष्ठीहरूमा प्रस्तुत कार्यपत्रहरू लामा लाग्न सक्छन् । छोट्याउँदा कार्यपत्रको मर्म विपरीत होला भन्ने ठानेर यथावत् समावेश गरेका छौं । कतिपय लेखकलाई लेख छोट्याउन आग्रह गर्दा पनि मैले लेखेको सबै छापिदिए हुन्थ्योजस्तो आशय व्यक्त भएकाले उहाँहरूको मन कुँड्याउन चाहेनौं । त्यसको मूल्याङ्कन गर्ने जिम्मा पाठकहरूलाई नै छाडेका छौं । प्राप्त लेख/निबन्ध प्रकारका लेखहरूलाई लेखकको नामको वर्णानुक्रम र कविता तथा लघु रचनाहरूलाई स्थान उपलब्धताको आधारमा राखिएको छ । मर्मज्ञ पाठक, समीक्षकहरूबाट सकारात्मक प्रतिक्रियाको हामी सँधै स्वागत गर्छौं । यहाँहरूको रचनात्क टिप्पणी हाम्रा निम्ति सँधै अपेक्षित छन् ।

अन्त्यमा, महानगर साहित्य दर्पण प्रकाशनका क्रममा हामीलाई निरन्तर हौसला, प्रेरणा र मार्गनिर्देश गर्नुहुने महानगरका प्रमुख तथा प्रतिष्ठानका कुलपति रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, शैक्षिक प्रशासन महाशाखा प्रमुख सुवाषचन्द्र आचार्य, प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्पादन मण्डलका सम्पादक साथीहरूको निरन्तर र अथक प्रयासले नै यसले मूर्तता पाएको हो । उहाँहरूप्रति साधुवाद ! स्तरीय र सङ्ग्रहनीय दर्पण प्रकाशन गर्ने प्रयत्न गर्दागर्दै पनि सम्पादनका क्रममा असावधानीवश हुनपुगेका कमीकमजोरी र त्रुटिप्रति क्षमाप्रार्थी छौं । प्रज्ञाका विविध क्रियाकलापमा सहयोग पुर्याउनुहुने महानगरका सावित्री पौडेल चालिसे र शर्मिला स्याङ्तान लगायत दर्पण प्रकाशनका क्रममा कम्प्युटर डिजाइनर गोपाल भट्टराई र सिद्बबाबा प्रेस परिवारप्रति आभारी रहँदै विज्ञ पाठक, समालोचक, अन्वेषकहरूको न्यानो स्नेह र रचनात्मक राय-सुझाव पाइरहने अपेक्षा गर्दछौं ।

चरैवेति !

**सम्पादक मण्डल**

# विषयसूची


| | | |
|---|---|---|
| १ | कुलपति रेनु दाहालज्यूको शुभकामना | ग |
| २ | उप-प्रमुख चित्रसेन अधिकारीज्यूको शुभकामना | घ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलज्यूको शुभकामना | ङ |
| ४ | प्रकाशकीय/सम्पादकीय | च |

| क्र.सं. | लेखक | शीर्षक | पेज नं. |
|---|---|---|---|
| १ | गोविन्दराज विनोदी | चितवन | १ |
| २ | जगन्नाथ पण्डित | जिन्दगी | १ |
| ३ | अञ्जात प्रदीप | स्वप्रवयन - A Play Based On Colors | २ |
| ४ | सुवाषचन्द्र आचार्य | गजल | ३ |
| ५ | मीना रिमाल | लक्ष्मण रेखा | ३ |
| ६ | इन्द्र रेग्मी | समयको ऐनामा | ४ |
| ७ | डा. घनश्याम परिश्रमी | चिन्ता | १० |
| ८ | डा. ईश्वरीराज लौडारी | चितवनका आदिवासीहरू : समस्या, मागमुद्दा र सशक्तीकरणका प्रयासहरू | ११ |
| ९ | किसान प्रेमी | चेतना मार्ग आफै पैलाऊ | २५ |
| १० | उदय अधिकारी | भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका पदाधिकारीहरूलाई प्रश्न : के महानगर प्रज्ञा प्रज्ञाजस्तो छ त ?' | २६ |
| ११ | एकराज शर्मा | इच्छाकामना साहित्य प्रवाह : संक्षिप्त नालीबेली | ३९ |
| १२ | एन.पि. परिहस्त | भरतपुर महानगरमा मधेसी समुदाय | ४४ |
| १३ | प्रा. कपिल अज्ञात | चितवनका नियात्रा र नियात्राकार | ४७ |
| १४ | प्रा.डा. कर्णबहादुर बाँनिया | चितवनमा बस्ने आदिवासी/जनजातिहरूका मातृभाषाको वर्तमान अवस्था : एक सुक्ष्म अध्ययन | ५५ |
| १५ | डा. केशवराज चालिसे | वातावरण संरक्षणमा साहित्य शिक्षा | ६३ |
| १६ | होमनाथ घिमिरे | भाषाप्रति ! | ६६ |
| १७ | केदारनाथ खनाल | भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानबाट सम्मानित र पुरस्कृत प्रतिभाहरूको सङ्क्षिप्त परिचय | ६७ |
| १८ | गायत्री श्रेष्ठ | शक्तिकी प्रतीक नारी | ७२ |
| १९ | गुरुप्रसाद कुमाल 'बुलबुल' | नेपाली मोहडा | ७४ |
| २० | पं. गीतादत्त अर्याल | प्रश्न चिन्तामणि | ७५ |
| २१ | डी.आर.पोखरेल | चितवनमा महायानी बौद्ध सम्प्रदायको विस्तार | ७६ |
| २२ | तिलकराज शर्मा | मनका कुरा | ८० |
| २३ | बद्रीप्रसाद दाहाल | रसमै खुल्छ जीवन | ८१ |
| २४ | डा. धनेश्वर भट्टराई | नेपाली भाषा प्रयोगका त्रुटिक्षेत्र | ८२ |
| २५ | लकाश पौडेल | खोज्न पर्दैन आज | ८५ |
| २६ | प्रा.डा. नारायणप्रसाद खनाल | चितवनमा पत्रसाहित्य लेखन : लघु चिन्तन | ८६ |
| २७ | गणेश श्रमण | मेरो म | ९३ |

| क्र.सं. | लेखक | शीर्षक | पेज नं. |
|---|---|---|---|
| २८ | पदम अर्याल | भरतपुर महानगरपालिका भित्रका सामुदायिक कलेजहरूको वस्तुस्थिति : | ९४ |
| २९ | गोविन्द गोपाल खतिवडा | नरविमर्शः | ९९ |
| ३० | पूर्णप्रसाद अधिकारी | समालोचनामा चितवन | १०० |
| ३१ | पोषराज पौडेल | जनयुद्धकालीन चितवनको सांस्कृतिक यात्रा | ११२ |
| ३२ | प्रकाश चापागाईं | तिलकरामको भूत | ११९ |
| ३३ | प्रकाश थापा 'प्रथा' | भरतपुरमा कला सङ्ग्रहालय आवश्यकता र सम्भावना | १२१ |
| ३४ | प्रकाश पौडेल | नीलकण्ठ प्रज्ञा प्रतिष्ठानः विगतका प्रयास र आगामी योजना | १२४ |
| ३५ | प्रा.डा. होमनाथ सापकोटा | सम्यक् बोध | १२८ |
| ३६ | बालकृष्ण थपलिया | वर्ष २०८१-०८२ मा महानगर प्रज्ञाका गतिविधिलाई नजिकबाट नियाल्दा | १२९ |
| ३७ | मुक्तिनाथ घिमिरे | दुरा जातिको परिचय, बासस्थान, तथ्याङ्क र संस्कार | १३४ |
| ३८ | मा. रणेन्द्र बराली | दलित आन्दोलनप्रति चितवनको धर्ती | १४४ |
| ३९ | प्रभातकुमार जोशी | थःगुःम्या | १५० |
| ४० | रमाकान्त सापकोटा | चितवन-भरतपुर विकासका सत्तरी वर्ष | १५१ |
| ४१ | रमेश प्रभात | भरतपुर महानगरका २०८० सालका वर्षपुस्तकको छोटो चर्चा | १५८ |
| ४२ | चन्द्रमान गुरुङ | नेपाल ट दो म्हयोंब लन | १६३ |
| ४३ | रह शर्मा | बाल साहित्यमा रूपान्तरणको अपरिहार्यता | १६४ |
| ४४ | रामबाबु घिमिरे | तिमी त्यति राम्री नहुनु पर्ने | १६७ |
| ४५ | अमृता रामदाम | समय सन्दर्भ | १६८ |
| ४६ | रामहरि श्रेष्ठ | कलाकार गुणेन्द्र कमली : संक्षिप्त परचिय | १६९ |
| ४७ | सिर्जन अविरल | अदालत | १७२ |
| ४८ | लक्ष्मण अर्याल | पठनका अन्तर्य | १७३ |
| ४९ | लीलाधर पौडेल | बोटे जातिको चिनारी | १७५ |
| ५० | सामना पहाड | जीवन चक्र | १८० |
| ५१ | बामदेव खनाल | गाउँ पञ्चायतदेखि महानगरपालिका बनेको भरतपुर | १८१ |
| ५२ | डा. विश्वराज सुवेदी | मानव र वन्यजन्तुबीचको असमझदारी | १८५ |
| ५३ | विष्णुदेवी तिवारी 'उषा' | गीत सङ्गीतको उत्पत्ति, विकासक्रम, प्रभाव तथा राग परिचय | १८७ |
| ५४ | विदुर अधिकारी | भरतपुरमा घुम्नलाई छ निम्तो | १९५ |
| ५५ | शान्ति शर्मा | दोषी को ? | १९६ |
| ५६ | श्यामजी अतिथि सेढाई | आशा गरौं | १९९ |
| ५७ | सञ्जीव पौडेल 'छोटु' | भरतपुर परिक्रमा | २०१ |
| ५८ | सरस्वती (तिमिल्सिना) रिजाल | लीलाचोक, आमा र केही प्रसङ्गहरु | २०५ |
| ५९ | सावी चालिसे | हो भाइ म नै चोर हुँ | २०८ |
| ६० | सुरेन्द्र अस्तफल | महानगर साहित्य दर्पण अङ्क तीनलाई नियाल्दा | २०९ |
| ६१ | सूर्यप्रकाश जमरकटेल | गैंडा धरोहर | २१२ |
| ६२ | भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका परिषद् तथा प्राज्ञसभा सदस्य तथा विधागत समितिहरुको सम्पर्क सूची | | २१३ |
| ६३ | पत्रपत्रिकामा प्रज्ञाप्रतिष्ठान | | २१६ |
| ६४ | छायाँ चित्रमा प्रज्ञाका गतिविधिहरु | | |

कविता

मित्र साहित्य

# चितवन



गोविन्दराज विनोदी
*कुलपति-गैंडाकोट नगर प्रज्ञाप्रतिष्ठान*

चितवन कति राम्रो स्वच्छ हावा र पानी
कृषिमय छ यहाँको सभ्यताको कहानी
बहुविध जनताका भिन्न छन् भेषभाषा
रहनसहन बेग्लै किन्तु एकत्व खासा ।

चितवन वन-पाखा पारिला शैलमाला
समथर तर ठूला ग्राम्य बस्ती निराला
शहर हुन पुगेका छन् अनेकौं बजार
तदपि कृषि छ उम्दा ज्यूनुको मुख्य सार ।

चितवन जन आशाकेन्द्र हो नव्यताको
प्रकृति अझ यहाँको चिह्न हो दिव्यताको
दिन दिन अघि बढ्दो ज्ञान-विज्ञान बोकी
प्रगति-गति लिएको भूमिकै स्वर्ग हो कि ?

चितवनसित थुप्रै छन् कुरा गर्व गर्ने
उपवन अति राम्रा ताल छन् चित्त हर्ने
विविध पशु र पन्छी पाल्छ दानी निकुञ्ज
अटक अतिथिलाई छन् सयौं दृश्य-पुञ्ज ।


चितवन जन-शिक्षा स्वास्थ्य सञ्चार साथ
छ अघि बढिरहेको उच्च पारेर माथ
प्रविधि नवल यातायात सौविध्य पाई
मनुज-दिल छ चुम्दो सभ्यताको उचाइ ।

चितवन छ कलाले, काव्यले शोभिएको
अनुपम सृजनाले शैलझैं अग्लिएको
प्रतिनिधि यदि पाए स्वार्थ, दुर्भावहीन
छ अब युग बदल्ने चाहमा यो नवीन ।

चितवन जति सोच्यो सोच्न बाँकी छ जस्तो
यससित गुण कैयौं खोज्न बाँकी छ जस्तो
कतिकति यसभित्रै स्वप्न छन् देख्न बाँकी
समयमय अनेकों ग्रन्थ छन् लेख्न बाँकी ।

गीत

# जिन्दगी



जगन्नाथ पण्डित
*अध्यक्ष-चितवन साहित्य परिषद*

खाली खुट्टा गाईघाट तर्दै सारङ्घाट
डोको बोकी झरेकै हो चितौनको फाँट

डाँडा भन्ज्याङ्ग चौतारीको चिसो हावा पानी
उकालो र ओरालीमा थियो जिन्दगानी
हावा चल्यो मैदानमा बस्ती बसाउन
लहर चल्यो चितौनमा जीवन बिताउन

जन्मभूमि सपनीमा छाँगा-छहरामा
कर्मभूमि विपनीमा सप्तगण्डकीमा
आफैसँग प्रश्न गर्छु उत्तर आफै खोज्छु
आँखा खोली के देखिन्छ आँखा चिम्ली हेर्छु

हिमालको चिसो पानी यतै झर्दो रै'छ
नदी नाला खोला खोल्सी यतै बग्दो रै'छ
रापती र गण्डकीको त्रिवेणीमा भेट
चितौनका फाँट भन्छन् छिटै प्यास मेट

कल्पनाको भुँमरीमा आँसु किन झर्छ?
सुस्ताएर पोखिखए जब पानी बग्छ
माटोसँग प्रीत बस्या रसाएन पानी
माटो-पानी आनीबानी रै'छ जिन्दगी

खाली खुट्टा गाईघाट तर्दै सरङ्घाट
डोको बोकी झरेकै हो चितौनको फाँट

# स्वप्रवयन - A Play Based On Colors



✍ **अज्ञात प्रदीप**
*निर्देशक-कर्मी चौतारी*

**दृश्यचित्र / धागो** –

(पार्श्वध्वनिमा रिमालको ‘आमाको सपना’ बजिरहेको छ । एक गर्भिणी कुरुसमा केही बुनिरहेकी छ र आत्ममुग्ध हुँदै आफ्नो पेट सुम्सुम्याइरहेकी छ । उसको कुरुसमा उनिएका राता धागाहरू पाँचतिर फैलिएर पाँच मानवाकृतिहरूलाई बेह्रेका छन् । ती बेह्रिएका मानवाकृतिहरूले आफ्ना हातहरूमा Singing Bowl बोकेका छन् । धागाका राता डल्लाहरू भुइँभरि अस्तव्यस्त छरिएका छन् ।)

**गर्भिणी**– (एउटा धागोको डल्ला उठाउँछे -)

आउ म यौटा अनुहार बुन्छु ।
यो सृष्टिको सुन्दर सार बुन्छु ॥

**मानवाकृतिहरू** – (टाउको निहुराउँछन्) समयको पाठेघरमा निदाइरहेको सपनाको अनुहार अहिले अमूर्त छ । अस्पष्ट छ । निराकार सत्यको साकार मूर्तता खोज्नु अध्यात्मको विपरीत हो ।

**गर्भिणी** – ( पेट सुम्सुम्याउँदै - )

छ सत्यको रुप स्वयं मभित्र ।
मभित्र नै व्याप्त छ सुन्दरत्व ॥

**मानवाकृति १** – मेरो अनुहार कोर्न तिमीले उभ्याएको धरतीको क्यानभास अहिले रगत, थुक र र्‍यालहरुले धमिलिएको छ । यो त्रासदीमा तिम्रा काँपिरहेका हातहरूले कोरिरहेको मेरो अनुहारको बान्की कतै लतपतियो भने ? यो धरतीमा कुरुपताका बिम्बहरू यसै पनि बढी नै छन् । मलाई ती कुरुपताहरूको साक्षी बस्नुछैन । ( सबै आकृतिले सिङ्गिङ बाउल बजाउँछन् )

**गर्भिणी** – यिनै कुरुपताहरूबाट आजित भएर त मैले आफ्नै रज र तन्तुहरूले एउटा सुन्दर बिम्ब बुनेकी हुँ । त्यही सुन्दर बिम्ब तिमी हौ । ( हातमा समाइरहेको कुरुसलाई भ्वायोलिनझैँ रेट्न थाल्छे । )

**मानवाकृति २** – ( नारी स्वर ) आगोका लप्काहरूले बेबिलोनको बगैँचा डढाएझैँ, कहिलेकाहीँ म तिम्रो ऐँठनमा छिरेर हेरेकी छु, एसिडले जलाइएका फूलजस्ता अनुहारहरू.. यातनाले कुच्याइएका अनुहारका श्रापित नापनक्साहरू.. ! मलाई तिमीले धकेल्न लागेको भूगोलमा सुन्दर चीजको आयु क्षणभरको पनि छैन । मलाई त्यस्तो अनुहार नदेऊ, जो जुनसुकै बेला जलाइन सक्छे / डढाइन सक्छे ।

**गर्भिणी** – तिमी कुनै डरको बादल लागेका आँखाले देखेको सपना होइनौ । तिमीलाई त मैले विश्वासले भिजाउँदै रचेकी हुँ, आशाले सिंचेकी हुँ । तिमी आमाको सपना हौ, आमाका सपनाहरू मर्दैनन् कहिल्यै !

**मानवाकृति ३** – (पर पर देखाउँदै ) ऊ... हज्जारौँ सपनाका हत्याराहरू तिमीतिरै आउँदैछन् । उनीहरूले घडी फुटाएर त्यसका भाँचिएका सुईहरूले अब घोच्नेछन् तिम्रा कोमल परेलाहरू.. । बिन्ति ! यो निरर्थक सपनालाई तुहाइदेऊ । ( अत्तालिँदै ) उनीहरू आइसके ! अब त उठ, अब त बिउँझ !!

गर्भिणी – ( क्रुद्ध हुँदै कराउँछे ) तिनीहरू केवल कायर जल्लादहरूले बनाएका यन्त्रमानवहरू हुन् । उनीहरूको न सपना देख्ने आँखा छन्, न त धड्किने हृदय नै । ती मेसिनहरू एकदिन पराजित हुनेछन् चेतना र संवेदनासँग । उनीहरू हार मान्नेछन् मैले मभित्र हुर्काइरहेको हृदय र आँखासहितको सिङ्गो मानवसँग । हो, उनीहरू एउटा लज्जाजनक हार हार्नेछन् तिमीसँग ! (आफ्नै लयमा कुरुसहरूसँग खेल्न थाल्छे )

**मानवाकृति ४** – म डराइरहेको छु ; एउटा रगतको आहालमा पौडिएर निस्किनसक्दै मलाई त्यो विशाल रक्तसागरले निल्नेछ । म डराइरहेको छु कि मैले टेक्ने पैतालाको भागमा एक मुठी पनि जमीन हुनेछैन, तर हुनेछन् कैयन् कुहिएका क्षतविक्षत लाश र अस्थिपन्जरहरू ! (धागो बलियो गरी कस्छ) मलाई यो वीभत्स युद्धमैदानमा जन्मिनु नै छैन ।

**गर्भिणी** – (मुस्कुराउँछे - )

सद्ज्ञानको दीपक झल्मलाई।
म गर्भमा राख्दछु बुद्धलाई॥

**मानवाकृति ५** – (दिग्दारीमा) यो बुद्धको होइन, बुद्धुहरूको भूगोल हो। यो ठाडा शिरहरूको होइन, काटिएका वीरहरूको मानचित्र हो । जहाँ सत्यका अनुयायी सुकरातहरूलाई कालकूट पिलाइन्छ, जहाँ दधिचिका हाडखोरहरूबाट हतियार बनाइन्छ, जहाँ येशुहरूलाई शूलीमा चढाइन्छ, यो युद्धपिपाशु दासहरूको भूगोल हो। यो लालची जुडासहरूको भूगोल हो।

**गर्भिणी** – (उसलाई व्यथाले च्याप्दै ल्याएको छ, त्यही व्यथामै दाह्रा किटेर बोल्न थाल्छे-) त्यसैले त तिमी जन्मिनुपर्छ। यी बम, बारुद र युद्धपोतका दुन्दुभिहरूलाई परास्त गर्न यस युगलाई अब केबल एक नवजात शिशुको चित्कार चाहिएको छ। त्रासैत्रासको जङ्गलको यस निर्जन गुँडमा एउटा चञ्चल गौँथलीको चिरबिर चाहिएको छ । (गर्भिणीले मानवाकृति बेह्रिएका धागाहरू तान्न थाल्छे । क्रमशः नवजात शिशुको रुवाई र बालकका हाँसोहरू सुनिन थाल्छन्।)

(धागोबाट निस्किएका मानवाकृतिहरू हाँस्दै एकअर्कालाई अंकमाल गर्छन् र आमाको काखमा आएर लुटुपुटु गर्छन्। )

**गर्भिणी**– (मानवाकृतिहरूलाई सुम्सुम्याउँदै लोरी सुनाएझैँ -)

आँखा बोक्ने सपना
र सपना बोक्ने जीवन
पुलकित छन्
जीवनको अर्को रुपको कल्पनामा।
निमग्न छन्
सपनालाई विपनामा टेकाउने उत्साहमा ...!

(टाढा कतै चराहरू चिर्बिराउन थाल्छन्।)
- समाप्ति उर्फ शुभारम्भ –

*रचनागर्भ – भीम शर्मा, इत्थंविध चित्र – इत्थंविध कविता ( २०८० )*

# गजल



✍ **सुवाषचन्द्र आचार्य**
*उपसचिव-भरतपुर महानगरपालिका*

म दुर्गम तिमी राजधानी कहिलेसम्म ?
यो दुरी अनि यो जिन्दगानी कहिलेसम्म ?

मन सङ्गै हुन्छ लेक, बेसी र खरबारी
आधार जीवनको राहदानी कहिलेसम्म ?

सिउँदो अर्कैको पर्यो धर्ती त तिम्रै हो
बाँझै भो बारी, आनाकानी कहिलेसम्म ?

गाउँमा सिंहदरबार, नजर पुगेन घरसम्म
गाउँ उजाडी बेसाहा खानी कहिलेसम्म ?

कविता

# लक्ष्मण रेखा




✍ **मीना रिमाल**
*सहायक प्राध्यापक, अक्सफोर्ड कलेज, गैंडाकोट*

‘ नानी !
भित्र नपस्नू है
भुलेर पनि नपस्नू
भित्र कुलका देवता छन्
देवता रिसाए अनिष्ट हुन्छ
तिमी
अर्कै कुलकी भइसक्यौ
अब भातभान्सामा
अघि सर्नुपर्दैन नानी तिमी
पूजाआजामा
कर्ता बन्नुहुँदैन नानी तिमी
अलि परै बस है।’

बिहेपछि
एकाएक नारीको कुल किन बदलिन्छ ?
नारी किन अछुत हुन्छे यसरी ?
किन माइतीको आँगनमा
पूजाआजामा तगारोमा लगाइन्छ ?

निबन्ध

# समयको ऐनामा



✍ इन्द्र रेग्मी
*उपकुलपति-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

चितवन मेरो कर्मभूमि हो । २०१९ साल चैतदेखि हालसम्म म चितवनकै माटोमा खाइखेली हुर्किएर हालको स्थितिसम्म आइपुगको हुँ । चितवनमा पढ्दा, जागिर खाँदा, खेती-किसानी गर्दा र अन्य सामाजिक, शैक्षिक तथा साहित्यिक, राजनीतिक कार्यहरू जे जति मबाट भए-गरेका छन्, ती सबै चितवनबाटै सुरुवात भएका हुन् । म १४ वर्षको उमेरदेखि नै आज ७७ वर्षको उमेरसम्म आइपुग्दा चितवनमै एकछत्र रूपमा बसेको छु । यसअघि जन्मदेखि १० वर्षको उमेरसम्म भारतको कलकत्तामा बसेँ, पढेँ र पछि तीन वर्ष मेरो पुर्ख्यौली घर गोर्खाको मसेल (हाल भीमसेन थापा गाउँपालिका, वडा नं. १) मा रहेँ । त्यहाँका पनि मेरा सम्भनयोग्य थुप्रै अनुभवहरू छन् । त्यसमध्ये म यहाँ कुनै पनि खोल्न गइरहेको छैन । यस लेखको उद्देश्य मात्र के हो भने, मेरा आफ्ना जीवनका भोगाइहरूमध्ये चितवनलाई सङ्क्षिप्त रूपमा चिनाउने ध्येयका साथ म यहाँ आएको हुँ । आशा छ, मेरो भोगाइले चितवनको तात्कालिक स्थितिलाई पनि छोटो रूपमा भए पनि चिनाओस् र मैले कस्ता कस्ता सुख, दुःख यहाँ बसेर भोगेँ, त्यो पनि झल्कियोस् ।

अब म क्रमशः यस दिशातर्फ अगाडि बढ्दै छु । सर्वप्रथम मैले चितवनमा टेकेको २०१५ साल फागुनमा हो । कलकत्ताबाट व्रतबन्ध गर्न भनी मेरा पिताजी रमाकान्त रेग्मीले आमाको आग्रहमा गोर्खा लिएर आउनुभएको थियो । त्यतिबेला मेरो मसेलको घरमा आमा लक्ष्मीदेवी, बैनी थक्कुमाया र भाइ उमाकान्त थिए । मलाई अल्लि सम्झना छ - रक्सौलबाट अमलेखगञ्जसम्म ढिलो गुड्ने रेल चढेर आएको थिएँ । त्यो रेल कतिसम्म ढिलो थियो भने गुडिरहेको रेलको झ्यालबाट हात बाहिर निकालेर वरिपरि रहेका सालका बुटाबाट पातहरू चुँड्न सजिलै सकिन्थ्यो । मैले पनि त्यो काम गरेँ । त्यतिबेला शायद जितपुरबाट अमलेखगञ्जसम्म बाक्लो जंगलैजंगल थियो । रेलबाट अमलेखगञ्जमा ओर्लिएपछि त्यहाँबाट ट्रक चढी नारायणगढसम्म आएको धमिलो सम्झना छ । हालको लीलाचोक वरिपरि केही छाप्रे होटलहरू थिए । एक रात त्यहीँ बसेर हामी रामनगर, जुगेडी हुँदै कविलासको डाँडो चढ्दै लामा गाउँसम्म पुगेको सम्झना छ । जुगेडीबाट नारायणी बगेको दृश्य र नारायणगढ बजारका केही झुप्राहरूबाहेकका चितवनको त्यतिबेलाको अरू सम्झना छैन मलाई । रिग्दी खोलाको दोभानबाट बग्ने त्रिशूली नदी र मझुवा खैरहनीमा रहेको मर्स्याङ्दी खोला तर्ने मझुवाघाटमा डुङ्गा तरेर पाँच दिनको दिन हाम्रो पहाडघर पुगेका थियौँ । दुःख, सुख केही वर्ष गोरखामा बिताएर मेरा पिताजीले २०१९ सालको चैतमा केही सामलतुमल र एउटा दुहुनो भैँसी साथमा लिएर हामीलाई चितवनतिर डोऱ्याउनुभयो । म त्यतिबेला मात्र १४ वर्षको थिएँ, बैनी थक्कु १० वर्षकी, भाइ उमाकान्त पाँच वर्षको मात्र भएकाले भाइलाई हाम्रो मामाघर तान्द्राङमा छोडेर आएका थियौँ । त्यतिबेला मैले थुम्सेमा केही सामान राखेर बोकेको थिएँ । बैनीले सानो डोको, त्यहाँ पनि उनले बोक्न सक्ने सामान थियो । पिताजीले लाहुरेले बोक्ने एउटा झोला बोकेर भैँसी खेद्नुभएको थियो । आमाको देहान्त दुई वर्षअघि मात्र भएको थियो । हामी त्यही १५ सालमा गोर्खा जाँदाको बाटो हुँदै चितवन झर्दै थियौँ । हामी १४ र १० वर्षका बालकहरू कुस्त भारी बोकेर हिँड्दै थियौँ । कहाँ हिँड्दै थियौँ ? मेरो दिमागमा केही थिएन । झन् बैनीलाई त केही थाहा हुने कुरै भएन । मात्र पिताजीको केही सोच थियो होला र त हामीलाई यसरी डोऱ्याउनुभएको थियो ।

गते याद भएन, चैत महिना चितवनको समथर भूमिमा टेकेको पहिलो रात हामीले रामनगरमा बितायौँ । पानीको निकै अभाव थियो त्यहाँ । निकै गहिरो इनारमा लामो डोरीको सहाराले धमिलो न धमिलो पानी झिकेर खाना पकाएर खायौँ । एक जना बुढी न बुढी आमाको झाप्रोमा शरण मागेर त्यो रात त्यहीँ बितायौँ । लगभग दश-बाह्रवटा घरहरू थिए होलान्, रामनगरमा त्यतिबेला । बिहान उठेर हामी फेरि रामनगरको जंगल छिचोल्दै बसेनी हुँदै हाल भरतपुर-११ को पोलिटेक्निकको थोरै उत्तर तिर रामगोपाल श्रेष्ठको एउटा खरको झाप्रो थियो । त्यहीँ आएर बोझा बिसायौँ । भैँसी भोकै थियो । त्यतातिर खाली चौर थियो । त्यतिबेला त्यो ठाउँलाई सिमलघारी भन्थे केही दराई समुदायका मान्छेहरूको घर

थियो त्यहाँ । ३०-४० वटा सिमल भर्खरै हुर्कन लागेका थिए त्यहाँ । भोजाड, बसेनीतिर भरिसकेपछि पानीको अभावचाहिँ भएन । घर भएका ठाउँमा प्रायः सबैतिर इनार हुन्थे । त्यहाँ पनि थियो । पहाडको घर छाडेपछि शायद पहिलोचोटि त्यहाँ नुहायौँ हामीले । मान्छे र भैँसीसँगै तृप्त भएपछि त्यहाँबाट अझै दक्षिणतिर, हालको मालपोत कार्यालयतिर अघि बढ्यौँ ।

हालको भरतपुर म.न.पा. वडा नं. १२, मालपोत कार्यालय अगाडि हाम्रै पहाडतिरका छिमेकी दलबहादुर श्रेष्ठको घर थियो । हामी चितवन झरेको तीन महिनाजति अघि हाम्रा पिताजी केही छिमेकीहरू सहित त्यो भेगमा आएर, घुमेर जानुभएकाले केही विचारहरू उहाँसँग निश्चित रूपमा थियो होला । त्यसैले त हामी केटाकेटीहरूलाई डोऱ्याएर ल्याउनुभएको थियो त्यहाँ । हामी दलबहादुर श्रेष्ठको घरमा बसेको एरियालाई त्यतिबेला भरतपुर टाउन भन्दथे । सायद त्यहाँ सहर बसाउने केही योजना थियो होला सरकारको त्यतिबेला । त्यो किन बसेन ? मैले त्यति भेउ पाइनँ । भ्याट कार्यालय अगाडिदेखि दक्षिणमा घरेलु कार्यालयसम्म व्यवस्थित जस्तै रूपमा घरहरू थिए र पूर्व-पश्चिम हिँड्ने केही छ-सात मिटरका बाटाहरू थिए । तीमध्ये उत्तरबाट दोस्रो बाटो हालको मालपोत कार्यालयको गेटअगाडि तिनै दलबहादुर श्रेष्ठको घर थियो । जहाँ हामी एक हप्ता बस्यौँ । हामी बसेकै घरअगाडि एउटा पूर्वतिरका नेवारको घर थियो, जसलाई सिमेन्टी साहु भन्थे । किनकि उनको घरको भुइँमा थोरै सिमेन्टी पोतिएको थियो ।

त्यो क्षेत्रमा सिमेन्टी टिप्कार गरेको त्यही एउटामात्र घर थियो । भरतपुरमा रहेको अदालत, मालपोत, जिल्ला पञ्चायत (हाल सिटी हल बन्दैछ) मा मात्र सिमेन्ट लगाएका घरहरू थिए । नत्र चितवनका सबै ठाउँहरूमा खरको छानो र ढड्डी अथवा सिम्ठी, पछि काठ चिरेर निस्केका बाकलहरूले नै बारेका घर हुन्थे । त्यही भएर त भरतपुर मालपोत पूर्व रहेका बस्तीहरूमा २०२१ सालमा ठूलो आगलागी भएको थियो । साहित्यकार बाबुराम पाण्डेका बुबा स्व. गणेशराज पाण्डेको घरमा पनि आगलागी भएको थियो । त्यसमा उनकी सात-आठ वर्षकी बहिनी त्यसैमा परेर बितेकी थिइन् । त्यसरी नारायणगढको पुतली बजारको क्षेत्र त्यति बेलैतिर दुई-दुई पटक आगो लागेर दर्जनौँ घरहरू क्षतिग्रस्त भएका थिए । त्यति ठूलाठूला आगलागी भएको मैले जीवनमा देखेको पहिला घटना नै हुन् । २०२० सालतिर हाम्रा तिनै छिमेकी दलबहादुर श्रेष्ठको तीन बिगाहा जग्गा थियो । त्यसैको आसपासमा११ नं. का वर्तमान वडा अध्यक्ष कमलबहादुर मल्लको लगभग चार बिगाहा जग्गा थियो । हामी भरतपुरबाट तीनै कमलका पिता दुर्गाबहादुरसँग जग्गा अँधियामा लिएर लगभग एक वर्ष त्यहाँ बस्यौँ र खेती गऱ्यौँ । जीवनमा पहिलोचोटि मैले त्यही जग्गामा हलो जोत्न सिकेको थिएँ ।

भोजाडका तत्कालीन जिमिंदार गणेशबहादुर पन्त (स्व.) का छोरा बटुक पन्त (स्व.)सँग लभगभ एक बिगाहा खेत अँधियाँमा लिएर खेत रोपिएको थियो । जीवनमा पहिलोचोटि अँधियाबाट आएको चौध मुरी धान हाम्रो घरमा भित्रियो । म त त्यति धेरै अनुभूत गर्दिन थिएँ तर हाम्रा पिता त्यतिधेरै धान पहिलोचोटि भित्रिएकोमा अत्यन्तै खुसी हुनुभएको म अहिले पनि सम्झन्छु । किनकि हाम्रो पहाडघर मसेलमा हामीसँग धान रोप्ने खेतको नामोनिसान थिएन । जे जति थियो पाखो बारीमात्र थियो । चामल चाहिँदा हामी बेसाउँथ्यौँ । यहीँ पन्तकै खेतमा मैले पनि बिउ राख्ने, खेत रोप्ने, आली लगाउने, खेत गोड्ने, धान काट्ने-झाँट्ने, पराल दाइँ हाल्ने सबै कामहरू देखेको र सिकेको थिएँ । त्यही वर्ष हामी मल्लजीको जग्गाबाट लगभग एक सय मिटरजति पश्चिमतिर सऱ्यौँ र त्यहाँ रहेको बाँझो जग्गा फोडेर सानो झुप्रो बनाएर बस्यौँ । त्यो जग्गा लगभग डेढ बिगाहा थियो । जीवनमा पहिलोचोटि ढड्डी र झाडी फाँडेर जग्गा आवाद गर्ने काम पनि गरियो ।

गाँस-बासको समस्या त हामीलाई छँदै थियो । त्योबाहेक मेरो पढाइ छुटेको समस्याले पनि पिताजी चिन्तित हुनुहुन्थ्यो । पहाड घरमा स्कुल थिएन । भर्खरै हाम्रा गाउँ पञ्चायत (मसेल)मा एउटा स्कुल खुलेको थियो । यो वृन्दावती हाइस्कुलमा पढ्ने कुनै सम्भावना थिएन । किनकि मैले २०१५ सालमा कलकत्तामैं पाँच कक्षा पास गरिसकेको थिएँ । बरु मलाई टोलका (सपुंगे) केही पाकाहरूले त्यहाँ मास्टर बनाउने भनेर लिएर गए । तर तत्कालीन सामन्तहरूको सहमतिबिना कसैले मास्टर हुन त टाढा त्यहाँ जान पनि पाइँदैनथ्यो । मैले पनि पाइँन । त्यो पनि एउटा रन्को थियो, हामी चितवन झर्नमा । हाल भरतपुर-११, बसेनीको कोलटाँडी भन्ने ठाउँमा हालको सिद्धिविनायक स्कुल रहेछ । त्यहाँ म आफै गएर भर्ना भएँ । विश्वशान्ति भण्डारी (स्व.) त्यहाँ एक्ला शिक्षक हुनुहुन्थ्यो । उहाँले जाँच गरी मलाई पुनः पाँच कक्षामै भर्ना गर्नुभयो । किनभने त्योभन्दा माथिको कक्षा त्यहाँ थिएन । लगभग तीन महिनामात्र त्यहाँ पढेपछि मैलै त्यो ठाउँमा मन नलागेर छाडेँ । बरु केही आम्दानी पनि हुने भएकाले सिकर्मीको तालिम लिन घरेलुमा प्रशिक्षार्थीका रूपमा भर्ना भएँ ।

भरतपुर, जहाँ हाल उद्योग संघको कार्यालय र अन्य

भवनहरू छन्, त्यो ठाउँमा २०१८-०१९ सालमा घरेलु तालिम केन्द्रको नामबाट एउटा तालिम केन्द्रको स्थापना भएको थियो। त्यहाँ सुतीका कपडा बुन्ने, होजियारीका सामानहरू तयार गर्ने, रंग-रोगन गर्न सिकाउने, माटाका भाँडा बनाउन सिकाउने र सिकर्मीको तालिम दिइन्थ्यो । त्यो २१ महिने कोर्ष थियो । मैले सिकर्मी रोजेँ र २०२१ साल साउनमा म त्यहाँ सिकर्मीको प्रशिक्षार्थीको रूपमा भर्ना भएँ । जीवनमा पहिलोचोटि रण्डा, रुँबो, बसिला र करौंतीलगायतका सिकर्मीका ज्यावलहरू चलाउन सिकेँ । ती तालिमहरूलाई खासै शैक्षिक योग्यताको आवश्यकता थिएन । साधारण लेखपढ गर्न जानेको भए हुन्थ्यो । त्यसमाथि म त पाँच-पाँच कक्षा पास गरेको मान्छे थिएँ । हामी त्यहाँ त्यतिबेला १०-१५ जना प्रशिक्षार्थी थियौँ सिकर्मी शाखामा । शैक्षिक योग्यताका हिसाबले म नै अब्बल थिएँ । काठमाडौँका सिद्धिरत्न शाक्य नाम गरेका प्रशिक्षक हुनुहुन्थ्यो । उहाँले मलाई “तिमी पढाइ-लेखाइमा अब्बल भएका कारणले तालिमपछि जर्मनमा एक वर्षको लागि जान पाउँछौ । राम्रोसँग काम सिक” भन्नुभयो । म त्यो लोभले एक वर्ष त्यहाँ जेन तेन तर्गें तर मेरो मन स्कुलमा पढ्ने नै थियो । केही समयअघिमात्र नाइट स्कुलको नामले एउटा नारायणी रात्रि विद्यालय खुलेको थियो । हालको भरतपुर मा.वि.को चौरमा । बाँकटे परेको तीनतिर मुख भएको खरको छानोयुक्त त्यस विद्यालयमा म कक्षा सातमा भर्ना भएँ २०२१ साल पुसमा । त्यहाँ कक्षा सातदेखि दशसम्म पढाइ हुन्थ्यो । अक्षरमात्र चलेको मान्छे पनि सजिलै सात कक्षामा भर्ना हुन्थे । म पनि भएँ । दिउँसो पढ्ने फुर्सद नभएका र खास गरेर विपन्न वर्गका विद्यार्थीहरू त्यहाँ बढी हुन्थे । म पनि त्यसै वर्गको थिएँ । खुट्टामा जुत्ता-चप्पल लगाउने मान्छे त बिरलै देख्न पाइन्थ्यो । अझ जाडोमा बर्को ओढेर पढ्न आउनेहरू पनि भरमार थिए । मेरो माथि लगाउने सुइटर नभए पनि पाइतालामा लगाउने तीन-चार रूपैयाँमा पाइने चप्पल थियो ।

म त्यो स्कुलमा भर्ना भएपछि एक वर्ष पुऱ्याएर मैले सिकर्मीको तालिम छाडेँ । एक वर्षे परीक्षामा म प्रथम भएको थिएँ । साथीहरूले मलाई पछि सुनाउँथे । तर मलाई त्यसको कुनै पश्चात्ताप भएन । अरू कुनै पनि काम-धन्दा, तालिमभन्दा पढ्नु नै ठूलो कुरा हो भनेर मेरो मन एकोहोरिएको थियो र म अरू सबै छाडेर पढ्नैतिर लागेँ । कक्षा पाँचसम्म पढ्दा पनि पहिलो या दोस्रो त मेरो पेवा नै थियो । सात कक्षामा भर्ना भएपछि भने मलाई डर लागिरहेको थियो - अब म पास हुन त सक्छु । पाँच वर्ष भएको थियो पढ्ने बानी छुटेको । पढाइ छाडेर अन्तअन्त पनि मन बेस्करी नै गुड्यो । जस्तै : चुरोटको पाकेटका तास बनाएर खेल्ने, खोपी खेल्ने, झ्याउरे गीत सुन्न-गाउन हिँड्ने, चुरोट खाने । यस्ता कतिपय कुलतहरूमा फसिसकिएको थियो । तर कताबाट खै शक्ति आएछ कुन्नि प्रथम अर्धवार्षिक परीक्षा दिने ४०-५० जना विद्यार्थीहरूमा मै पो फस्ट भएछु । त्यतिबेला दुईवटा परीक्षा हुन्थे । अर्धवार्षिक जेठमा र वार्षिक मङ्सिरमा । दुईवटै परीक्षामा प्रथम नै भएपछि मेरो खुट्टा भुइँमै रहेन । पढ्नमा अझै बढी ध्यान दिन थालेँ । तर पढेरमात्र मेरो गुजारा चल्नेवाला थिएन । दिनभरि म बारीमा काम गर्थें । परिआउँदा अरूको निमेक गर्न पनि हिँड्थे । घरेलुमै तालिम लिँदा पनि मैले मासिक पच्चिस रूपैयाँ भत्ता पाउँथे । पहिलो भत्ता बुझ्दा मैले पसलमा गएर एक सुकाको चिउरा र भटमास किनेर पेटभरि खाएको थिएँ । यो आफ्नै कमाइले खाएको पहिलो अनुभव थियो । त्यसको बास्ना मेरो जीवनमा अहिले पनि आइरहन्छ । आठ कक्षा पास गरेपछि भने अब मैले केही काम पनि गर्नुपर्छ भन्ने सोचेर गाउँमा एउटा स्कुल खोल्ने विचार गरेँ ।

२०२३ साल चैतमा हालको नयाँ किरण कमल कुसुम मा.वि. को स्थापना पछि म नै त्यसको प्रधानाध्यापक, अझ संस्थापक प्रधानाध्यापक बन्न पुगेँ । नढाँटी भन्ने हो भने त्यो स्कुलको स्थापनामा मेरा दुईवटा उद्देश्य थिए - पहिलो थियो गाउँमा रहेको चरम अशिक्षा दूर गर्ने र दोस्रो थियो स्कुलको स्थापनापछि केही रकम हात पर्ने थियो, जसले मेरा अरू घरायसी अभावलाई हटाएर मेरो जीवनयापनमा थोरै भए पनि भरथेग हुन्थ्यो । पहिलो त क्रमशः पूरा हुँदै जाने हो, भयो पनि तर दोस्रोचाहिँ त मृगमरिचिका नै साबित भयो । किनभने विद्यालयको कुनै कोर्ष थिएन, विद्यार्थीहरूसँग शुल्क उठाउँदा आम अभिभावक भड्के भने विद्यार्थी पढाउन नै छाड्लान् भन्ने भयो । त्यसैले मासिक साठी रूपैयाँ तलब पनि पाउने कुनै सम्भावना रहेन । तर त्यसको दुई महिनापछि नै मेरा केही मित्रहरूले वीरगञ्जमा नर्मल (प्राथमिक शिक्षक) तालिम खुलेको छ, जाऔँ भने । मेरो मन पनि त्यतातिर लहसियो । भर्खरै खुलेको स्कुल स्थानीय शम्भुदत्त कुमाललाई जिम्मा लगाएर म वीरगञ्जतिर हिँडे । हामी त्यतिबेला चितवनबाट जानेमा बाह्र जना छनोट भएका थियौँ । त्यसमध्ये मेरो सबैभन्दा नजिकका भए हाल माओवादीका नेता दण्डपाणि पौडेल, जो अहिले भरतपुरमैँ बस्छन् ।

अहिलेसम्मको जिन्दगीमा जे जति बिताइयो प्रायः सबै नै अभावै अभावमा बिताइएको थियो । त्यो अभावले

यहाँ पनि पिछा छाडेन । त्यसमाथि हातमा पैसा हुँदा सोच-विचारै नगरी खर्च गर्ने बानीले पनि केही दुःख दिएकै हो । पूरै अञ्चलभरिको प्रशासन हेर्ने अञ्चलाधीश हुन्थे त्यतिबेला । तत्कालीन नारायणी अञ्चलमा चितवन, मकवानपुर, बारा, पर्सा र रौतहट गरी पाँच जिल्ला थिए । तालिम लिन नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य थियो त्यतिबेला । २०२४ सालमा १९ वर्षको उमेरमा मैले नागरिकताको प्रमाणपत्र लिएको हुँ । मेरो नागरिकताको प्रमाणपत्रमा त्यतिखेरका सहायक अञ्चलाधीश गेहनाथ भट्टराईको दस्तखत थियो । अञ्चलाधीश थिए दामोदर समशेर ज.ब.रा. । जो पछि मन्त्री पनि भए । खास गरेर त्यतिबेला अञ्चलाधीश बन्ने मानिस राजाका अत्यन्तै प्रिय पात्र हुन्थे । प्रशासनिक कम र राजनीति बढी गर्ने काम हुन्थ्यो अञ्चलाधीशहरूको ।

नर्मल तालिम लिएर चितवन फर्केपछि पुनः म भोजाडको नयाँ किरण विद्यालयमैं पढाउन थालेँ । शायद ९५ रूपैयाँ तलब थियो । २०२४ साल फागुनमा अनिवार्य निःशुल्क प्राथमिक शिक्षा लागू भयो । यो चितवन र झापा दुई जिल्लामा मात्र लागू भएको थियो तर पनि शिक्षकको तलब पाउने कुनै ग्यारेन्टी थिएन । त्यतिबेला एउटा कहावत थियो - विद्यार्थी अनिवार्य शिक्षक निःशुल्क । गजबकै थियो चलन पनि । घरघरमा गएर विद्यार्थी बटुलेर स्कुल ल्याइन्थ्यो तर तलबको कुनै स्थायी स्रोत नभएकाले प्रतिबिगाहा सात रूपैयाँको दरले बिगहट्टी उठाइन्थ्यो । सोझा-सिधाले त सजिलै दिन्थे तर अलि बाठाहरूले दिन आनाकानी गर्दा जिल्ला प्रशासनको शक्ति लगाएर पनि उठाइएको मेरो तितो अनुभव छ । २०२८ सालमा नयाँ शिक्षा योजना मा.वि. तह सम्म देशैभर क्रमशः लागू हुँदै गएपछि प्र.अ. भत्तासहित रु. १२५ ।- प्रत्येक महिना नियमित रूपमा बुझ्न थालेको मेरो अनुभव छ । त्यतिबेला आफूलाई निकै सम्पन्न ठान्थ्यौँ शिक्षकहरू । २०२८ सालभन्दा अघिको तलब हामी धेरै शिक्षकहरूले पाएका थिएनौँ । जिल्ला शिक्षा कार्यालयबाट पछि क्रमशः दिँदै जाने भनेर हामीलाई थुम्थुम्याइए पनि त्यो रकम नपाउनु नै थियो कहिल्यै पाइएन । तैपनि जीवनरथ अलि सजिलोसँग गुड्दै थियो, पहिला-पहिलाको तुलनामा २०२६ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि मेरो जीवनको मोड अलि बेग्लै किसिमले मोडियो । पढ्नमा अब्बल नभए पनि सामान्यस्तरभन्दा अलि माथि नै थियो मेरो पढाइको स्तर ।

कक्षा नौ पढ्दादेखि नै मेरो चाख थोरैथोरै राजनीतितिर पनि लहसिन थालेको थियो । कक्षाको मनिटर बनाउने सिलसिलामा भोटिङ भयो । मसँगै तीन जना उम्मेदवार थियौँ । हामी पचास जना लगभग विद्यार्थी भएको कक्षामा मेरो चौध भोटमात्रै आयो । सबैभन्दा बढी आउनेको बीस भोट थियो अर्थात् म पराजित भएँ । त्यतिबेलै कक्षा शिक्षक अम्बिकामोहन जोशीले मलाई भन्नुभयो, “तिमी यो कक्षाको सबैभन्दा पुरानो विद्यार्थी भएर पनि किन तिम्रो भोट थोरै भयो ? साथीहरूसँग अलि बढी हेलमेल गर्नु ।” सायद सरको यो वाक्यले नै मलाई राजनीतितिर बढी प्रेरित गऱ्यो । त्यसको एक वर्षपछि म विद्यार्थी युनियनको सचिव भएँ । यो मेरो पहिलो अनुभव थियो, कुनै संगठनको पदाधिकारी बन्ने । मैले त्यतिबेलादेखि नै समसामयिक राजनीति र विद्यार्थी आन्दोलनका बारेमा थोरबहुत सिक्ने अवसर पाएँ । राजनीति र साहित्यका बारेमा जति सुन्दै गएँ त्यति नै त्यसप्रति मेरो लगाव बढ्दै गयो । यस क्षेत्रमा मलाई प्रेरणा दिने व्यक्तिहरू हुन् आनन्ददेव भट्ट, टेकबहादुर थापा र पशुपति वाग्ले ।

म २०२६ सालको एस.एल.सी. हुँ । अघिल्लो वर्षको माघमा परीक्षा दिएर पछिल्लो वर्षको जेठमा नतिजा प्रकाशित हुन्थ्यो त्यतिबेला । यसैले हाम्रो नतिजा पनि २०२७ सालको जेठमा प्रकाशित भयो । रेडियोले समाचार दिएअनुसार जम्मा ३५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए र गोरखाको लिगलिग हाइस्कुलका विद्यार्थी बाबुराम भट्टराई बोर्डफस्ट भएको थाहा पाएँ । मुटु धड्किरहेको थियो । पास हुने कुरामा पूर्णविश्वस्त थिइँन । दिनभरि गोरखापत्रको खोजीमा बजार भौतारिँदा सायद चार बजेतिर नारायणगढको दानबहादुर श्रेष्ठको घरमा गोरखापत्र आइपुगेको थाहा पाएपछि हामी धेरै जना हतारिँदै त्यहाँ पुग्यौँ । म नारायणी मा.वि. भरतपुर (त्यतिबेलाको रात्रि हाइस्कुल)को विद्यार्थी थिएँ र एस.एल.सी. भन्दा अघि स्कुलबाट लिइने टेस्ट परीक्षाको फस्ट ब्वाइ पनि थिएँ । म यहाँ पुग्नेबित्तिकै “तिमी त पक्कै सेकेण्ड डिभिजनमा पास हुनुपर्छ” भनेर मलाई चिन्नेहरूले भने । तर म भनेँ पास हुने कुरैमा ढुक्क थिइनँ, किनभने पासको प्रतिशत ज्यादै कम थियो । त्यही गोरखापत्र हेरेर विद्यार्थीको पास, फेल भन्दै हुनुहुन्थ्यो, चिजकुमार मित्र सर । सायद उहाँ त्यतिबेला चितवन हाइस्कुलमा पढाउनुहुन्थ्यो । उहाँ हाल नारायणगढको वासिन्दा हुनुहुन्छ । उहाँले मेरो सिम्बल नम्बर सोध्नुभयो । मलाई नम्बर कण्ठै थियो, जुन अहिलेसम्म पनि छ । मैले फ्याट्टै १०८४० ‘एक्स’ भनेँ । उहाँले गोरखापत्र नियालेर म तृतीय श्रेणीमा पास भएको कुरा सुनाउनुभयो । त्यति बेलाको खुसी म अहिले शब्दमा व्यक्त गर्न निकै मेहनत गर्नुपर्छ । के भनौँ ! मैले संसारै जितेको अनुभूति गरेँ र खुसी हुँदै हालको

नयाँ मेडिकल कलेजको बाटो हुँदै आफ्नो घर भोजाडतिर लागेँ । बाटोमा मेरा मित्र सिन्धुबहादुर पन्त (नवरंगे)सँग भेट भयो, जो अघिल्लो वर्षमात्रै एस.एल.सी. पास गरेर वीरेन्द्र कलेज पढ्दै थिए। स्व.वि.यु. को अखिलबाट विजयी भएका सचिव पनि थिए। उनले मेरो रिजल्ट सोधे। मैले पास भएको कुरा बताएपछि उनले मलाई त्यहाँबाट फर्काएर नारायणी मा.वि. को कार्यालयमा लगे । त्यतिबेला रात्रि हाइस्कुल र वीरेन्द्र कलेज रात्रिकालीन रूपमा चितवन मा.वि. को भवनमा सञ्चालित थियो । त्यति बेला नारायणी रात्रि हाइस्कुलको हेडसर हुनुहुन्थ्यो चिरञ्जीवीबहादुर थापा र वीरेन्द्र कलेजको प्रमुख हुनुहुन्थ्यो आनन्ददेव भट्ट।

गोरखापत्रमा प्रकाशित रिजल्ट देखाएर तत्कालै मलाई चारित्रिक प्रमाणपत्र बनाई दिनुभयो हेडसर चिरञ्जीवीबहादुर थापाले । प्रिन्सिपलको अफिस पनि त्यहाँबाट एक-दुई कोठा परतिर भएकाले मलाई त्यसै दिन साथीहरूले क्याम्पस भर्ना गराइदिनुभयो र मेरो रोल नम्बर एक हुन गयो । सिन्धुले त भन्नुभयो, "अब आउने स्व.वि.यु. को चुनावमा (जुन जेठमा हुनेवाला थियो) तिमी सभापति पदमा उठ्नुपर्छ। त्यसको तयारी तिमीले आजैदेखि थाल्नुपर्छ । यो एक किसिमको आदेश नै थियो । तर आफैँचाहिँ मानसिक रूपमा त्यसको निम्ति तयार थिइनँ । चुनावमा उठ्ने-उठाउने रहर लागे पनि उठिहाल्नचाहिँ त्यत्तिकै डर पनि लाग्थ्यो। हारियो भने ? जे होस्, कलेजमा भर्ना भइयो। केही दिनपछि पढाइ पनि सुरु भयो। कलेजका दिनहरू रोमाञ्चक नै रहे। केही दिनपछि चुनावी चहलपहल सुरु भयो। विविध कारणले म सभापतिमा चाहिँ उठिनँ, मन लागि-नलागी कोषाध्यक्षमा उठेर विजय पनि भइयो। अखिलको प्यानलबाट सबैभन्दा बढी भोट मेरै नै आएको थियो। निर्वाचित स्व.वि.यु सदस्य भइयो भनौँ।

कलेजका दिनहरू साहित्यिक, शैक्षिक र राजनीतिक रूपमा बिते । मलाई यी तीनै चिजमा प्रेरणा दिने व्यक्ति थिए त्यसै कलेजका तत्कालीन प्रिन्सिपल आनन्ददेव भट्ट। जसका प्रेरणाले प्रखरै नभए पनि कामचलाउ रूपमा तीनै विषयमा अघि बढेरै गएँ म। २०२५ सालमा विवाह र २०२७ सालमा जेठो छोरा जन्मेपछि पारिवारिक जिम्मेवारी पनि थपियो । नियमित रूपमा दुई वर्ष कलेज पढे पनि समयमा आइ.ए.को परीक्षा दिइनँ मैले। साथीहरूको घोचपेच र श्रीमती ताराको अनुरागयुक्त आग्रहले तीन वर्षपछि परीक्षा दिएँ मैले । अब्बलै नभए पनि तीन वर्षको अन्तरालमा भए पनि परीक्षा दिएर पहिलोचोटिमै मैले आइ.ए. पनि उत्तीर्ण गरेँ । त्यसपछि भने पढाइतिर अलि मन लहसियो र पढ्नुपर्ने नै रहेछ भन्ने अलि बढी बोध भयो। आइ.ए. पास भएपछि आफैले स्थापना गरेको नयाँकिरणबाट म विश्वप्रकाश मा.वि. मंगलपुरमा बढुवासहित सरुवा भएँ । करिब छ महिना त्यहीँ रहेपछि आफैले एस.एल.सी. पास गरेको विद्यालय नारायणी मा.वि., भरतपुरमा घरपायक पारेर म सरुवा भएँ। त्यो सरुवामा तत्कालीन जिल्ला शिक्षा निरीक्षक सूर्यबहादुर मास्केको पहल थियो।

वीरेन्द्र कलेजको विद्यार्थी भएपछि राजनीति र साहित्यतिर पनि म अलि बढी नै लहसिएँ। क्याम्पस जाँदासम्म पनि ममा राजनीतिको ज्ञान अत्यन्तै न्यून थियो । अझ वामपन्थी राजनीतिको बारेमा त म करिबकरिब अनभिज्ञ नै थिएँ। एस.एल.सी. को परीक्षापछि हामी केही साथीहरू भएर चितवनमा अ.ने.रा.स्व.वि.यु. गठन गर्‍यौँ। म त्यसको जिल्ला कार्यसमितिमा रहन पुगेँ । त्यसको लगत्तै हामीले तत्कालीन अमेरिकी उपराष्ट्रपति स्पाइरो टी. एग्न्युको काठमाडौँ भ्रमणमा काठमाडौँका अखिलका विद्यार्थीहरूले भियतनाम युद्धको विरुद्धमा कालो झण्डा प्रदर्शन गर्दै थिए। त्यही थाहा पाएर चितवनमा हामीले एउटा लिथो गरिएको पर्चा छर्ने निर्णय गर्‍यौँ। जिल्लाका विभिन्न ठाउँहरू हामीले भाग लगायौँ। मैले साथी वेदबहादुर थापासँगै भरतपुरबाट चनौली र फर्कदा ढड्डाघारी, लंकु हुँदै त्यो हाते पर्चा छरेका थियौँ। त्यसरी नै विद्यार्थीहरूलाई अखिलमा संगठित गर्नु र रामपुर हुँदै शुक्रनगर, शिवनगर, गीतनगर हुँदै विद्यार्थीका घरघरमा पुगेका थियौँ। त्यसमा मसँग थिए - कल्याणपुर निवासी मित्र मुक्ति अधिकारी।

यहाँनेर मुक्ति अधिकारीको बारेमा थोरै भन्न मन लाग्यो । उनलाई मैले जहिलेदेखि देखेँ, भेटेँ । ममा उनीप्रति एक सकारात्मक भाव पलाएको थियो । उनको निडरता, बोलक्कडपन, सक्रिय भइरहने बानीले गर्दा मुक्तिजस्तै म पनि हुन सके भन्ने भाव ममा पलाएको हो। तर उनी राजनीतिमा अझै बढी सक्रिय थिए। मेरोचाहिँ राजनीतिमा सामान्य लगावमात्रै हो। उनको नाम केही पटक सांसदको उम्मेदवारको रूपमा पनि चर्चामा आएको हो, तर पछि उम्मेदवारको टिकट नपाएपछि मैले सोध्दा उनको पार्टी एमालेभित्र रहेको गुटबन्दीको कारणले नपाएको भन्थे उनी। खैर जे होस्, मुक्तिका बारेमा मात्रै लेख्ने हो भने एउटा पूरै अध्याय लेख्न सक्ने विषयवस्तु भएर पनि अहिलेलाई यत्तिकै विराम गरेँ।

विद्यार्थी राजनीतिमा लागेर २०२६ देखि २०३६ सालसम्म मैले अ.ने.रा.स्व.वि.यु. मा व्यतीत गरेँ । २०३६ सालको ठैव सम्मेलनपछि म विद्यार्थी राजनीतिबाट पछि हटेँ।

पाँचौं राष्ट्रिय सम्मेलन २०३५, जुन भारतको अयोध्यामा भएको थियो। त्यसबाट म केन्द्रीय समितिको सेक्रेटरियटमा निर्वाचित भएको थिएँ। त्यसबखत अध्यक्ष हुनुहुन्थ्यो निनु चापागाईं, कोषाध्यक्षमा पूर्व सांसद लीलामणि पोखरेल हुनुहुन्थ्यो। यी दुवै महानुभावहरूसँग मेरो अहिले पनि व्यक्तिगत सम्बन्ध सुमधुर नै छ।

२०३१ सालमा नेकपा (चौ.म.)को पार्टी सदस्य लिएपछि म कम्युनिस्ट पार्टीका कार्यक्रमहरूमा बढी संलग्न हुन थालेँ। स्कुल र क्याम्पसको जागिर खाएर भूमिगत काम गर्नु पनि कम्ता जोखिम त थिएन नै। फेरि पञ्चायती कालमा दायाँबायाँ खिसिक्क केही गरेको थाहा पाउने बित्तिकै ज्यानै जाने खतरा थियो। फेरि पनि ज्यान र जागिर दुवै जोगाउँदै मैले यो पार्टीमा काम गर्दै नै गएँ। चौ.म. पटक-पटक फुट्यो। जति पटक फुटे पनि म निर्मल लामाले नेतृत्व गरेको धारमै बसेँ। नेपाली कम्युनिस्ट आन्दोलनका पुराना नेताहरूमध्ये म सबैभन्दा प्रभावित निर्मल लामासँगै थिएँ। भूमिगत कालमा र पछि पनि मैले थुप्रै पटक चितवन, काठमाडौँ र भारतमा भेट भएको हो मेरो। अत्यन्त खरो स्वभाव, स्पष्ट वक्ताको रूपमा मैले उनलाई पाएको हुँ। लामाजीकै बारेमा म थुप्रै कुराहरू जान्दछु। थुप्रै घटनाहरू छन् मेरो जानकारीमा। त्यसको निमित्त एउटा छुट्टै अध्याय चाहिन्छ। जुन यहाँ अहिले सम्भव भएन, बाँकी पछि कुनै दिन गरूँला। लामाजीको सामाखुसीस्थित घरमा पनि म थुप्रैचोटि गएर भेटेको छु। जहाँ हाल उनकी श्रीमती सुकन्या वाइवा बस्छिन्। जोसँग सुकन्याकै दिदी प्रसिद्ध साहित्यकार पारिजात पनि बस्थिन्।

चौ.म. पछि विभिन्न घाँच, गल्छेडा, भीर, पहरा छिचल्दै २०३० सालमा गठन भएको उक्त पार्टी अहिले न.क.पा. माओवादी केन्द्रमा रूपान्तरित भएर आइपुगेको छ। पार्टीका क्रियाकलापहरूमा त्यति धेरै योगदान आफूबाट भएको म ठान्दिनँ। तैपनि के ठानेर हो मलाई सक्रिय भूमिका नभए पनि (ज्येष्ठ कम्युनिस्ट मञ्चको केन्द्रीय सदस्य) केन्द्रीयस्तरकै मान्यतामा पार्टीले मलाई स्थान दिएको छ। सायद म यसैमा सन्तुष्ट छु।

लेखन क्षेत्रमा त्यतिधेरै क्रियाशील हुन नसके पनि हालसम्मै म बढी समय यसै क्षेत्रमा खर्च गरिरहेकोछु। साहित्य संगम चितवन, जो चितवनको पहिलो साहित्यिक संगठन हो। त्यसको संस्थापक सदस्य र पछि एक कार्यकाल अध्यक्षको रूपमा कार्यरत र म अविच्छिन्न रूपमा यसै संगठनमा कुनै न कुनै जिम्मेवारी लिएर आबद्ध छु। लेखनतिर भन्ने हो भने २०२६ सालदेखि लेखन सुरु गरेर अहिलेसम्म पनि केही न केही लेख्दै छु। सयौं फुटकर रचनासहित हाल मेरा कविता, हाइकू, संस्मरण र निबन्धसमेत आठवटा कृति प्रकाशित छन् र अरू तीनवटा प्रकाशनको लाइनमा छन्। तर दुःखका साथ भन्दैछु, मैले भ्याएको छैन।

साहित्य संगमका अतिरिक्त प्रगतिशील लेखक संघ, इन्द्रेणी सांस्कृतिक समाज, जनसांस्कृतिक महासंघ, सहिद शारदा स्मृति प्रतिष्ठानजस्ता साहित्यिक, सांस्कृतिक संगठनका संस्थापक, केन्द्रीय समिति, जिल्ला समितिहरूमा रहेर संस्था स्थापनादेखि नै काम गरिरहेको छु। प्रगतिशील लेखक संघमा केन्द्रीय सदस्य र सल्लाहकार भएर लगभग दुई दशक त्यहाँ पनि बिताएको छु। सायद साहित्यिक संघ-संगठनहरूमा अविच्छिन्न रूपमा लागेकैले होला मलाई हाल भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको उपकुलपतिको जिम्मेवारीमा महानगरले नियुक्ति दिएको छ। मैले यहाँ तीन वर्ष पूरा बिताइसकेको छु र अब बाँकी एक वर्ष पनि सबैको साथ र सहयोगले बिताउने अभिलाषा पालेको छु। त्यसैले यो सम्बन्ध यसको कार्यकाल सकिएपछि छुट्टै एउटा अध्याय लेख्ने विचार बनाएको छु। किनकि अहिले लेख्दा यसका धेरै कुराहरू अपुरो रहन्छ भन्ने मेरो धारणा छ।

लाग्दैन, यो मेरो व्यक्तिगत खुद्राखुद्री कुरा पढेर कसैलाई केही काम लाग्ला। तैपनि मान्छेको मनै त हो, आफ्ना कुरा भन्न मन लाग्ने। अरूले सुन्छन् या सुन्दैनन्, त्यतातिर धेरै ध्यान नदिने। मैले यहाँ चितवन आएर १३ महिना लगातार र अरू आठ-दश पटक कलकत्ता ओहोर-दोहोर गरेर बिताएको छु। यस सम्बन्धमा मैले केही लेखिन। त्यस्तै फिलिपिन्समा डेढ महिना पुस्तकालयसम्बन्धित तालिममा बिताएको छु। त्यसको पनि यहाँ केही उल्लेख गरेको छैन। अरू थुप्रै गोष्ठी र सेमिनारमा समय खर्च गरेको छु। त्यसबारेमा पनि यहाँ केही बोलेको छैन। यी सबै बाँकी रहेका चिजहरू अरू नै कुनै अवसरमा पस्केर छरपस्ट पार्ने नै छु। "नमरी बाँचे, काललेे साँचे, बात मारौँला कुनै दिन।" अहिलेलाई यत्ति नै भन्दै बिदा हुन्छु। यी यावत वर्णन गरिएका विषयवस्तुहरूसँग जोडिदा विभिन्न चरित्रहरूसँग पनि भेट भएको छ। कसैसँगको भेट मधुर छ भने कसैसँगको कर्कश पनि। यी सबै चरित्रहरूका चित्र पनि म निकट भविष्यमा नै उतार्ने प्रयासमा छु। मात्र समयको अनुकूलताको पर्खाइ छ।

# चिन्ता



✍ **डा. घनश्याम परिश्रमी**
*कुलपति-बर्दघाट प्रज्ञा प्रतिष्ठान*

१
चिन्ता अनेकौं मनभित्र पस्छन्
डेरा जमाईकन वास बस्छन्।
बस्दा सहेँरै नगरेर जुक्ति
मिल्दैन पक्कै तिनबाट मुक्ति।

२
सद्भाव, सच्चिन्तनबाट भाग्ने
सोचेर सल्लाह कतै नमाग्ने ।
यस्तो गरे बढ्दछ चित्तरोग
चिन्ता बढे बढ्दछ दुःखभोग।

३
पीडा दिने घातक दूत जस्तो
चिन्ता सधैं लाग्दछ भूत जस्तो।
यल्ले सताएपछि हुन्छ बाधा
चिन्ता बढे देह हुनेछ आधा।

४
चिन्ता मनोरोग बनेर बढ्छ
मस्तिष्कमा सुस्त सुटुक्क चढ्छ।
एक्कासि हावा यसमा भरिन्छ
फैलेर बिस्तार तनाव दिन्छ।

५
विक्षिप्त पार्दै मनभित्र सर्ने
खाँदा दबाई सजिलै नमर्ने।
चिन्ता मनोरोग रहेछ यस्तो
धोका दिने आत्मिक मित्रजस्तो।

६
चिन्ता चिता हो भनियो त्यसैले
बोकेँ अनौठा हतियार मैले।
विद्रोह गर्ने छ विचार भन्दै
लड्दै छु चिन्तासँग शत्रु बन्दै।

७
गल्ती नगर्ने पहिलो विचार
मिथ्या नबोल्ने अनि बार-बार।
माग्दा कसैका अनुभूति राय
चिन्ता छ हट्ने सजिलो उपाय।

८
चिन्ता बढे चेतन हुन्छ ध्वस्त
चिन्ता हटेमा मन हुन्छ स्वस्थ ।
चिन्ता विरोधी अभियान थालौँ
चिन्ता कसैले मनमा नपालौँ।

९
राखौं सफा चेतनका किनार
उस्तै सफा होस् मनको इनार।
चिन्ता स्वतः भाग्दछ दूर देश
निश्चिन्त होस् जीवन यो विशेष।

१०
को बस्छ होला र सहेर भोक
को मुक्त होला नसहेर शोक।
रोएर हाँस्ने हुन सिक्नुपर्छ
चिन्ता विरोधीपन बिक्नुपर्छ।

कार्यपत्र

# चितवनका आदिवासीहरू : समस्या, मागमुद्दा र सशक्तीकरणका प्रयासहरू



✍ डा. ईश्वरीराज लौडारी
*निवृत्त सह-प्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस*

**विषयप्रवेश**

नेपाल आर्य र मङ्गोल नश्लका अनेकौँ जातिहरूको समागम स्थल हो । द्रविड भाषाको महत्त्वका हिसाबले नेपालमा द्रविड रक्त समूहको पनि अस्तित्व रहेको पाइन्छ । सामान्यतया आर्यहरू भारतबाट र मङ्गोलहरू तिब्बतबाट बसाइसराइको क्रममा नेपाल प्रवेश गरेका थिए भन्ने मान्यता रहेको छ । द्रविडहरू प्रारम्भमा दक्षिण एसियामा विशेष गरी दक्षिण भारत र श्रीलङ्कामा बसोबास गर्दथे । कालान्तरमा पाकिस्तान, बङ्गलादेश, अफगानिस्तान, इरान र नेपाल पनि उनीहरूको बसोबास स्थल बन्न पुग्यो । परापूर्वकालदेखि नै नेपाली समाजको सङ्गठन मूलतः आर्य र मङ्गोल नश्लबाट भएको पाइन्छ । जहाँसम्म जातीय र धार्मिक संस्कृतिको सवाल छ, आर्य र मङ्गोल समूहबिच ठुलो भिन्नता रहन थाल्यो । प्रारम्भदेखि नै यिनीहरू दुई धार्मिक समूहमा विभाजित भए । आर्यहरू हिन्दु धार्मिक विश्वासका अनुयायी रहे भने मङ्गोलहरू बुद्ध धर्मका अनुयायी रहे । यस्ता अवयवहरूको बाहुल्यले गर्दा नेपाली समाज जातीय, धार्मिक र सांस्कृतिक विविधतायुक्त बन्दै गयो ।

जाति प्रथा विशेष गरी भारतीय र नेपाली सामाजिक संरचनामा व्याप्त रहेको देखिन्छ । यो प्रथा वैदिककालमा प्रारम्भ भएको विश्वास गरिन्छ । आर्य र अनार्यको भेदभित्रै वैदिककालदेखि वर्ण व्यवस्थाको परम्परा चल्न थाल्यो । श्रम विशिष्टताको सिद्धान्तका आधारमा जातिप्रथा चल्न थाल्यो । त्यसअनुरूप शिक्षा, दीक्षा र पूजापाठ गर्ने वर्गलाई ब्राह्मण, सुरक्षा कार्य गर्नेलाई क्षत्रीय, व्यापार व्यवसाय र खेतीपाती गर्नेलाई वैश्य र माथिल्लो जातिको सेवा गर्नेलाई शूद्र भनियो । महत्त्वपूर्ण हिन्दुशास्त्र 'मनुस्मृति'मा पनि चार वर्णका अधिकार र कर्तव्यको उल्लेख पाइन्छ ।

मानव सभ्यताको विकासका साथै चारवटा मुख्य जातिहरू ब्राह्मण, क्षत्री, वैश्य र शूद्र विस्तारै अनेकौँ उपजातिहरूमा विभाजित हुँदै गए । लिच्छविकालीन नेपाली समाज चार वर्ण र अठार जातमा विभाजित हुन पुग्यो । मध्यकालमा राजा जयस्थिति मल्लले काम वा पेसाको आधारमा चार वर्ण र छत्तिस जातको व्यवस्था मिलाएको उल्लेख वंशावलीमा पाइन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेशमा 'चारै जात छत्तिसै वर्ण' भनिएकोमा चार वर्णबाहेक छत्तिस जात भनेर विभिन्न जनजातिलाई भनिएको हो ।

रक्त शुद्धता, सामूहिक एकता र साझा भावना, आपसी सहयोगको भावना, कामको विभाजन र नयाँ पिँडीमा सांस्कृतिक हस्तान्तरणजस्ता सवल पक्ष रहे पनि समग्रमा जातिप्रथा रूढिवादी र अवैज्ञानिक पनि देखियो । यसबाट दूरगामी रूपमा छुवाछुत र जातीय उच्चताको आडम्बर ज्यादै गहिरो रूपमा प्रकट हुन थाल्यो । वर्गीय भेदभाव सिर्जना हुन थाल्यो । सीप र क्षमताले भन्दा वंशानुक्रमबाट चलेका पेसा व्यवसाय राम्ररी चल्न सकेनन् । पुरुष प्रधानताका कारण महिलाहरूको सामाजिक मर्यादा गिर्न थाल्यो । समाजमा निम्न वर्ग र जातिमाथि दमन उत्पीडन बढ्न थाल्यो । समग्रमा भन्दा जाति प्रथामा अनेकौँ जटिलताहरू देखिन थाले ।

**जाति, जनजाति, मूलवासी र आदिवासी**

नेपाली समाजमा विभिन्न जाति र ती अन्तर्गत जनजाति, मूलवासी र आदिवासी रहेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**जाति (Castes)**

जाति शब्दले नेपालको राष्ट्रियता र भौगोलिक सीमाभित्र रहेका सबै जातिहरूलाई बुझाउँछ । आर्य नश्लअन्तर्गतका ब्राह्मण, क्षत्री, ठकुरी, सन्न्यासी, दमै, कामी, सार्की आदि र मङ्गोल नश्लअन्तर्गतका गुरुङ, मगर, नेवार, तामाङ, राई, लिम्वु आदि द्रविडअन्तर्गतका राजवंशी, झाँगड, सतार, मेचे, कोचे, दनुवार आदि सबै जातिको साझा फूलवारी नेपाल हो । नेपाली वंशावलीमा उल्लेख भएअनुसार राजा रत्न मल्लको शासनकाल इ.सं. को १५औँ शताब्दीमा मुसलमानहरू नेपाल आई बसोबास गर्न थालेका थिए । राष्ट्रिय जनगणना २०७८ ले नेपालमा १४२ (खुलेका) जातिको बसोबास रहेको तथ्य प्रकाशित गरेको छ ।

**जनजाति** (**Ethnic Group**)

जनजातिको शाब्दिक अर्थ आर्थिक अवस्था, शिक्षा, अवसर आदिका दृष्टिले पिछडिएको जाति भन्ने बुझिन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९ ले कुनै स्वतन्त्र देशमा राष्ट्रिय समाजका समुदायहरू भन्दा सामाजिक, सांस्कृतिक र आर्थिक स्थितिहरूका कारण फरक रहेका र जसको अवस्था आंशिक वा पूर्णरूपमा उनीहरूको आफ्नै प्रथाहरू वा परम्पराहरू वा विशेष कानुन वा नियमहरूले सञ्चालित जनता त्यहाँका जनजाति हुन् भनी परिभाषित गरिएको छ । जनजाति उत्थान प्रतिष्ठान कार्यदल २०५३ ले जनजातिका निम्नानुसारका विशेषताहरू उल्लेख गरेको छ :

(क) आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको (हिन्दु वर्णव्यवस्थाभित्र नपर्ने) ।

(ख) छुट्टै संस्कृति, पहिचान, भाषा, धर्म, रीतिरिवाज, लिखित वा अलिखित इतिहास भएको ।

(ग) परम्परागत सामाजिक संरचना भएको ।

(घ) नेपालका आदिवासी वा मूलवासी भएको ।

(ङ) राज्य सञ्चालनमा निर्णायक भूमिका नभएको ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को परिभाषामा आफ्नै मातृभाषा, परम्परागत रीतिरिवाज, भिन्न सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा मौखिक इतिहास भएका जातिलाई जनजाति भनिएको पाइन्छ । त्यसअनुरूप ६० वटा आदिवासी जनजातिलाई नेपालका आदिवासी जनजाति सूचीकृत गरिएको छ । यिनलाई पनि लोपोन्मुख समूह, अति सिमान्तकृत समूह, सिमान्तकृत समूह, सुविधाविहीन समूह र उन्नत समूहमा वर्गीकरण गरिएको छ । आदिवासी जनजातिमा सूचीकृत हुन नसकेका राईबाट छुट्टिएका १२ सहित घले, खवास, पुनलगायतका जातिहरू अझै आन्दोलनरत छन् । २०४८ सालको जनगणनामा मात्र जाति र जनजातिका आधारमा जनगणनाको प्रतिवेदन ल्याइएको थियो (झा, इ.सं. १९९३, पृ. ७) । चितवनमा थारू, तामाङ, गुरुङ, मगर, चेपाङ (प्रजा), नेवार, कुमाल, दराई, राई आदि आदिवासी जनजातिको बसोबासको बाहुल्य रहेको छ ।

**मूलवासी** (**Aboriginal people**)

मूलवासी शब्दले कुनै भूमिमा अत्यन्त प्राचीन समयदेखि बस्दै आएका वासिन्दालाई जनाउँछ । यिनलाई उत्पत्तिवासी, भूमिपुत्र, धर्तीपुत्र आदि शब्दले पनि सम्बोधन गरिएको पाइन्छ । वस्तुतः अहिले नेपालमा मूलवासीको प्रश्नले पनि गम्भीर बहस प्रारम्भ गराएको प्रसङ्ग छ । मूलवासी, आदिवासी र जनजाति पर्यायवाची शब्द होइनन्, यिनलाई भिन्नभिन्न अर्थमा बुझ्नुपर्छ भन्ने दृष्टिकोण आएको देखिन्छ । मङ्गोल मात्र मूलवासी हुन् भन्ने तर्क एकातर्फ छ भने आर्यअन्तर्गतका जातिहरूले पनि आफूलाई मूलवासी भएको दाबी गरेको पाइन्छ ।

**आदिवासी** (**Indigenous People**)

आदिवासीको शाब्दिक अर्थ निश्चित भूभागमा युगौंदेखि वा अज्ञातकालदेखि बसोबास गर्दै आएको जाति भन्ने हो । जमिनको स्वामित्व, पैतृक थातथलो र जीवनयापन, अन्य समुदायभन्दा भिन्न खानपान, भेषभूषा तथा रहनसहनमा भिन्नता, आफ्नो छुट्टै मातृभाषा, परम्परागत सामाजिक परिपाटी र कृषि पेसा आदिवासीका पहिचान हुन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९ अनुसार आदिवासीको परिभाषा - "कुनै स्वतन्त्र देशका ती जनता, जो त्यो भूभाग नियन्त्रणमा जाँदा वा उपनिवेश कायम हुँदा वा हालको देशको सिमाना कायम हुँदा त्यो देश वा देशको भूभागमा बसोबास गरेका जनसङ्ख्याका सन्तानहरू हुन् जसले आफ्नो कानुनी हैसियत जस्तोसुकै रहे पनि आफ्नो केही वा सबै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संस्थाहरूलाई कायम राखेका छन् । " उक्त महासन्धिले आदिवासी र जनजातिलाई फरक फरक रूपमा अर्थ्याएको पाइन्छ । तर नेपालमा भने यी दुवैलाई एकै अर्थमा आदिवासी जनजाति भनिएको पाइन्छ । नेपालको संविधानमा आदिवासी जनजाति संयुक्त रूपमा लेखिएको पाइन्छ । अहम् सवाल के पनि छ भने आदिवासीहरू जनजातिभित्र पर्ने भए पनि जनजाति सबै आदिवासी नहुन पनि सक्छन्, त्यसैले यी दुईलाई एउटै पर्यायवाची ठान्नु हुँदैन भन्ने धारणा नेपालमा पनि उठ्न थालेको छ । थारू, चेपाङ (प्रजा), कुमाल, दराई, बोटे, माझी आदिलाई चितवनका आदिवासी भनिन्छ ।

चितवनका आदिवासीहरू अन्य जातिहरूभन्दा राज्यशक्तिमा पहुँचको कमी साथै आर्थिक र सामाजिक दृष्टिले पिछडिएको अवस्थामा रहेका छन् । यिनीहरू अनेकौं समस्याले पीडित छन् । आफ्नो अवस्थामा सुधार ल्याउन यिनीहरूले उठाएका मागमुद्दाहरूको खासै सम्बोधन हुननसकेको अवस्था छ । राष्ट्रिय तथा स्थानीयस्तरबाट यिनीहरूलाई सशक्त बनाउने प्रयासहरू पनि

भएका छन् । अतःयिनीहरूका मुख्य समस्या र मागमुद्दाहरू साथै यिनीहरूको सशक्तीकरणका लागि भएका प्रयासहरूबारे खोजपूर्ण अध्ययन गरी सुझावसमेत तयार पार्ने उद्देश्यले यस अध्ययन कार्यलाई अगाडि बढाउन आवश्यक ठानिएको हो ।

यो अध्ययन चितवनका मुख्य आदिवासीहरूमा मात्र केन्द्रित रहेको छ । तथ्य सङ्कलन गर्दा प्राथमिक स्रोतलाई मुख्य आधार मान्दै सहायक स्रोतको पनि अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## चितवनका मुख्य आदिवासीहरूको सामान्य चिनारी, यिनका समस्या र मागमुद्दाहरू

चितवन जिल्लामा बसोबास गर्ने मुख्य आदिवासीहरूमा थारू, चेपाङ, दराई, कुमाल, बोटे र माझी पर्दछन् । वि.सं. २०१२ मा औलो उन्मूलन कार्यक्रम सुरु हुनुभन्दा पहिला चितवनका वासिन्दा यिनीहरू नै थिए । यिनीहरूको सामान्य चिनारी, समस्या र मागमुद्दाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**थारू जाति**

थारू जाति चितवन जिल्लाको प्राचीनतम् र प्रमुख आदिवासी जनजातिका रूपमा चिनिन्छ । चितवनमा बस्ती बसोबास र सभ्यताको थालनी यसै जातिबाट भएको मान्न सकिन्छ । थारूहरू आफूलाई चितवनका भूमिपुत्र मान्छन्, जुन स्वाभाविकै छ । कुनै समय 'सोह्र हजार चितवन'का नामले चिनिने चितवनको कालाबञ्जारअन्तर्गत थारूका तेइस मौजा थिए । त्यसै क्षेत्रमा कुमालका सात मौजासाथै बोटे, दराईहरूको पनि बसोबास रहेको थियो भन्ने पाइन्छ । शाहकालीन चितवनमा स्थानीय तहको प्रशासनमा अधिकांश थारूहरू नै थिए । वि.सं. १८६४ मा मर्ज्यादपुर बेलौध प्रगन्नाका टेटु गुरौलाई जग्गा आवाद गराउन राजा गीर्वाणयुद्ध विक्रमबाट दिइएको जिम्मेवारी, वि.सं. १८९६ मा रामनगरकी रानी लक्ष्मीकुमारीले माडी क्षेत्रमा कर उठाउन काशी गुरौलाई दिएको आज्ञापत्र आदिबाट चितवनमा कुनै समय थारूहरूको प्रभाव र पकड उल्लेख्य रहेको मान्न सकिन्छ (कँडेल, २०६५, पृ. ६५-६६) ।

थारू आयोगले वि.सं. २०८० मा गरेको थारू समुदायको थर सूचीकरणमा नेपालमा ५३२ थर र अनेकौँ उपथरका थारूहरू रहेको जनाइएको छ । चितवनका कटहरिया/कठरिया, काजी, खवास, खाँ थारू, खोजवार, खौसिया, गुरौ, गोरथ, चौधरी, जोशी थारू, थनैत, थरवोट, थरकुमहार, थारू, दहित, पंजियार, पावे, फनैत, बछार, वैद्य, मर्दनिया, महतो, राना थारू, राउत, वाँतर र सिंह गरी थारू समुदायका २६ वटा थरहरू सूचीकरणमा परेका छन् (थारू समुदायको थर सूचीकरण प्रतिवेदन) । आदिवासी जनजातिको वर्गीकरणअनुसार थारू जाति सीमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ को जनगणनाले चितवनमा ब्राह्मण र क्षत्रीपछि थारूको जनसङ्ख्या ७२,६५८ रहेको र सातवटै पालिकाहरूमा बसोबास रहेको देखाएको छ । भरतपुर महानगरपालिकामा सबैभन्दा बढी २०,६५७ र इच्छाकामना गाउँपालिकामा सबैभन्दा कम ४० जनाको बसोबास रहेको छ ।

चितवनका थारूहरूमा थारू भाषाका साथै भोजपुरी र नेपाली भाषा प्रचलनमा छन् । यिनीहरू हिन्दु धर्मसाथै बहुदेवतावादमा विश्वास गर्छन् । कृषि र पशुपालन मुख्य पेसाका अतिरिक्त व्यापार-व्यवसाय, वैदेसिक रोजगारी, सरकारी र गैरसरकारी सेवा, परम्परागत सीप आदि यिनीहरूका जीवनयापनका आधार हुन् । शिक्षितको सङ्ख्या बढ्दै जानुले यिनीहरूको जीवनमा सुधार हुँदै गएको छ (महतो, २०८१, पृ. ४३) । जन्मदेखि मृत्युपर्यन्तसम्मका अनेकौँ संस्कारहरू चलाउनुका साथै आफ्नो संस्कृतिअनुसारका परम्परागत चाडपर्वहरू धुमधामले मनाउने गर्छन् ।

### मुख्य समस्याहरू

- चितवन राष्ट्रिय निकुञ्जको सीमा निर्धारण गर्दा विस्थापित भएका रैथाने थारूहरू बढी मात्रामा समस्याग्रस्त छन् । यिनीहरूका पुर्ख्यौली जमिनमाथिको अधिकार खोसिएको छ । संस्कृति, कलाकौशल लोप हुन लागेको अवस्थामा छन् । यिनीहरूमा परम्परागत जडिबुटीको ज्ञान र सीप हराउन थालेको छ ।
- राष्ट्रिय निकुञ्जका कारण युगौँदेखि चल्दै आएका पशुपालन एवम् दाउरा, जडिबुटी र सागसिस्नु सङ्कलनमा बाधा पुगेको छ ।
- कालिका नगरपालिकाको पदमपुर र माडीको बाँदरझुलामा बसोबास गर्दै आएका कतिपय थारूहरूले जग्गाधनी प्रमाणपूर्जा पाउन सकेका छैनन् ।
- नदी, खोलाहरूमा माछा मार्न रोक लगाएपछि स्वच्छ पानीको अभाव र प्रदुषण बढ्न थालेको छ ।
- विशेषतः राष्ट्रिय निकुञ्जका सेनाबाट पीडित

महिलाबाट जन्मेका सन्तानहरू नागरिकताविहीन अवस्थामा छन् ।

- थारू समाजमा चेतनाको स्तर कम भएकाले आफ्नो हकहित र अधिकार बुझ्न सक्दैनन् ।
- थारू जातिमा उच्चशिक्षाको महत्त्व र पहुँच बढ्न सकेको छैन ।
- समाजमा बहुविवाह प्रथा, अन्धविश्वास, रूढिवादी र कुरितीहरू विद्यमान छन् ।
- दलगत राजनीति हावी हुने हुँदा जातीय एकता र अन्तरसम्बन्धमा समस्या उत्पन्न हुने गर्छन् (ललित चौधरी) ।

## मुख्य मागमुद्दाहरू

**राजनीतिक सवाल**

- थारूलगायत सबै जातजाति, भाषाभाषी, दलित, अल्पसङ्ख्यक, मधेशी, महिलालगायतको अपनत्व र अधिकारका लागि विभिन्न समयमा भएको थरूहट आन्दोलनको माग र मुद्दाअनुसार संविधान संशोधन गरिनु पर्ने ।
- बागमती प्रदेशको विद्यमान समानुपातिक निर्वाचन प्रणालीअनुसार चितवनका थारूहरूको प्रतिनिधित्व हुन नसक्ने अवस्थालाई सुधार गरिनु पर्ने ।
- चितवनको थारू बाहुल्य क्षेत्रलाई समेटी अधिकारसहितको स्वायत्त संरक्षित वा विशेष क्षेत्र निर्माण गरिनु पर्ने । राज्यको मूलधारमा पहिचान, पहुँच र प्रतिनिधित्व कायम गरिनु पर्ने ।
- चितवनका सबै राजनीतिक दलहरूले स्थानीय तहको निर्वाचनमा रैथाने थारूहरूलाई प्रमुख, उपप्रमुख र वडाअध्यक्ष पदको उमेदवार बनाउनु पर्ने ।
- नेपाललाई समावेशी राज्यको रूपमा रूपान्तरण गर्न संविधान संशोधनको प्रक्रिया तत्काल थालनी गरिनु पर्ने ।

**सामाजिक सवाल**

- थारू जनताका विभिन्न ठाउँमा हड्पिएका, लुटिएका र खोसिएका जमिन फिर्ता गरिनु पर्ने र त्यस्ता क्रियाकलापलाई निरुत्साहित गर्न ठग, लुटेरा र भूमाफियाहरूको पहिचान गरी कडा कारबाही गरिनु पर्ने ।
- थारूसहित आदिवासी जनजातिहरूका प्रथाजन्य कानुनलाई कानुनी मान्यता दिनुपर्ने साथै पालिकास्तरमा हुने बैठक र छलफल कार्यक्रममा थारू समुदायका अगुवाहरूलाई पनि सहभागिता गराउनु पर्ने ।
- स्थानीय तहहरूमा थारू भाषालाई कामकाजको भाषाका रूपमा कायम गरिनु पर्ने ।
- थारू विकास कार्यक्रम लागु गरी थारू समुदायको आर्थिक, शैक्षिक, भाषिक, सांस्कृतिक र सामाजिक उत्थानका लागि सम्मानजनक बजेटको व्यवस्था मिलाइनु पर्ने ।

**सांस्कृतिक सवाल**

- थारू समुदायका चाडपर्वहरू, जस्तै : जितिया, यमोसा, फगुवा आदिमा सार्वजनिक बिदा दिनुपर्ने ।
- थारू समुदायको स्वीकृतिबिना थारू संस्कृतिलगायत भेषभूषा, कलाकौशलको दुरूपयोग हुन नहुने ।
- थारू सांस्कृतिक भौतिक पूर्वाधारहरूसहितको योजना कार्यान्वयन गर्दा जल, जङ्गल र जमिनको अग्राधिकारको लागि स्थानीय जनताको पूर्व स्वीकृति लिइनु पर्ने ।
- ऐतिहासिक धार्मिक स्थलहरू; विक्रमबाबा, चित्रसेनबाबा, सोमेश्वर गढीस्थित कालिकाथानको संरक्षण एवम् रैथाने थारू गुरौ, प्रगन्ना प्रमुखहरूबाट मात्रै पूजाआजा व्यवस्थापन गर्नुपर्ने (थारू कल्याणकारिणी सभा चितवनको विचारगोष्ठी, २०८१।०५।०६) ।

**चेपाङ (प्रजा जाति)**

चितवनका आदिवासीहरूमध्येको चेपाङ जाति विशेषतः महाभारत शृङ्खलाको उच्च पहाडी भिरालो पाखामा सदिऔँदेखि बसोबास गर्दै आएका हुन् । चेपाङहरू नेपालको भूभागमा बसोबास गर्दै आएका रैथाने आदिवासी हुन् भन्ने मान्यता रहेको छ । चेतना, आर्थिक स्थिति, सामाजिक हैसियत र राज्यमा पहुँचका दृष्टिले धेरै पिछडिएका यिनीहरू तुलनात्मक रूपमा सरल, सोझा र इमानदार हुन्छन् । आदिवासी जनजातिको वर्गीकरणअनुसार यिनीहरू अति सिमान्तकृत समूहमा पर्छन् । वि.सं. २०३४ मा यिनीहरूलाई प्रजा भनियो र यिनीहरूको उत्थानका लागि प्रजा विकास कार्यक्रम लागु गरियो । आफ्नो पुरातन पहिचानका लागि आजकल यिनीहरू आफूलाई चेपाङ नै

भन्न रुचाउँछन् । चेपाङ समुदायमा बसाइसराइ, कुनै भूमिबाट उत्पत्ति भएको, व्यवसाय र गैर चेपाङ जातिसँग भएको विवाहको आधारमा अनेकौँ थरहरू बनेका छन् । चितवनमा कल्बाङ्गी, जिम्लाङ्गी, तिपाङ्गी, थुम्काली, बाँङ्दुङ्गे, मज्बाङ्गी, माङ्पुङ्मई, माथोके, रामराई, सारलिङ्गे, गोथाले, रिङ्दुङे, वङ्ग्राङ्गे, लोवाङ्गी, धुवाकोते, रूपाकोटे, मिझार, रिम्बाङ्गे आदि थरहरू प्रचलित छन् (चेपाङ जीवनशैली ज्ञानकोष, २०७६, पृ. ९-१२; अधिकारी, २०४६, पृ. ३६) । वि.सं. २०७८ को जनगणनाअनुसार चितवनमा चेपाङ समुदायको जनसङ्ख्या ३५,६३७ रहेकोमा सबैभन्दा बढी राप्ती नगरपालिकामा ११,९१३ र त्यसपछि इच्छाकामना गाउँपालिकामा १०,३३८ छ ।

चितवनका चेपाङहरूमा आफ्नै चेपाङ भाषाका साथै नेपाली भाषा पनि प्रचलनमा छन् । यिनीहरू प्रकृति पूजक हुन्, जसले जल, जङ्गल र जमिनको पूजा गर्छन् । यिनीहरूका कतिपय रीतिरिवाज र चालचलन हिन्दु धर्म र संस्कृतिसँग मेल खान्छन् । आजकल यिनीहरूमा इसाई धर्मको प्रभाव बढ्दो रूपमा देखिन्छ । खेतीपाती, खोरिया खेती, पशुपालन, ज्याला-मजदुरी, नोकरी, परम्परागत घरेलु इलम र हस्तकला सीप आदि यिनीहरूका पेसा र जीवन निर्वाहका आधार हुन् । कमजोर आर्थिक स्थितिमा जकडिएका यिनीहरू शिक्षाको क्षेत्रमा पनि पिछडिएका छन् । बढ्दो चेतनाको प्रभावमा आजकल यिनीहरूमा छोराछोरी स्कुल र कलेज पठाउने जागरण आउन थालेको छ । यिनीहरू आफ्नो परम्परागत संस्कृति र रीतिरिवाजअनुसारका अनेकौँ संस्कारहरू चलाउँछन् र चाडपर्वहरू मनाउने गर्छन् ।

**मुख्य समस्याहरू**

- ८० प्रतिशत जसो चेपाङहरू खोरिया खेतीबाट जीविका चलाउँछन् । यसै अनुसारका चेपाङहरूको जग्गाधनी लालपूर्जा नभएको ।
- राजनीतिक र प्रशासनिक क्षेत्रमा पहुँच नभएको । सङ्घीय संसददेखि स्थानीय तहसम्म प्रायः प्रतिनिधित्व हुन नसकेकोले देशको नीति निर्माणमा सहभागिता हुन नसकेको ।
- साक्षरता दर ४० प्रतिशतको हाराहारीमा रहेको ।
- स्वास्थ्य सुविधा र प्राविधिक तथा उच्चशिक्षामा पहुँच नभएको ।
- सामुदायिक तथा कवुलियति वनसँग द्वन्द्व ।
- खाद्यवस्तुको अभाव । करिब ७० प्रतिशत चेपाङ बालबालिकाहरू कुपोषणको सिकार ।
- उच्च बालविवाह, बहुविवाह, धर्म परिवर्तन, अन्धविश्वास, रूढिवादी र कुरीति ग्रस्त समाज (भीम चेपाङ) ।

**मुख्य मागमुद्दाहरू**

- राज्यको नीतिनिर्माण तहमा चेपाङ समुदायको आत्मनिर्णय अधिकारसहितको प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्ने ।
- चेपाङ बसोबास क्षेत्रलाई विशेष संरक्षण क्षेत्र घोषणा गर्नुपर्ने ।
- राज्यको हरेक निकायमा रोजगारीका लागि अति सिमान्तकृत समुदायको लागि छुट्टै आरक्षणको व्यवस्था मिलाइनु पर्ने ।
- ILO महासन्धि १६९ र UNDRIP अनुसार चेपाङ क्षेत्रमा रहेका प्राकृतिक स्रोत साधनहरूमा पूर्ण अग्राधिकारसहितका अधिकार दिलाइनु पर्ने ।
- चेपाङ क्षेत्रहरूलाई प्राङ्गारिक क्षेत्र घोषणाको आधारमा अनुदानको व्यवस्था हुनुपर्ने ।
- चेपाङ क्षेत्रमा सञ्चालन गरिने विकास परियोजनाहरूका लागि नेपाल चेपाङ सङ्घको रोहवरमा वातावरणीय प्रभाव मूल्याङ्कन अग्रिम जानकारीसहितको मन्जुरी लिइनुपर्ने ।
- चेपाङ भूमिमाथि भइरहेको व्यापारीकरण रोक्नुपर्ने साथै वन, जमिन र पानीमाथिको अधिकार सुनिश्चित गर्नुपर्ने ।
- चेपाङ समुदायले भोगचलन गरिआएको जग्गा-जमिनको जग्गाधनी प्रमाणपूर्जा दिलाइनुपर्ने ।
- चेपाङ, चिउरी र चमेरो पकेट क्षेत्रको वा करिडोरको व्यवस्था मिलाइनुपर्ने ।
- राष्ट्रियस्तरको चेपाङ सङ्ग्रहालयको व्यवस्था हुनुपर्ने ।
- लघुवित्तले चेपाङ्का लागि लगानी गर्दा राष्ट्रबैङ्कले तोकेको ब्याजदरअनुसार लगानी गरिनुपर्ने ।
- चेपाङ समुदायभित्रका बहुमुल्य ज्ञान, सीपको उचित संरक्षण हुनुपर्ने ।
- चेपाङ समुदायमा सञ्चालित माध्यमिक विद्यालयहरूमा चेपाङ बालबालिकाहरूलाई आवासीय छात्रावास, उच्चशिक्षा तथा प्राविधिक शिक्षामा निःशुल्क अध्ययन र चेपाङ शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने ।
- चेपाङ समुदायलाई निःशुल्क स्वास्थ्य बिमा र निःशुल्क

औषधि उपचारको व्यवस्था हुनुपर्ने ।

- चेपाङहरूको परम्परागत भाषा, संस्कृति, कला र साहित्यको संरक्षण र प्रवर्द्धनको पहल गरिनु पर्ने ।
- चेपाङको महान् पर्व न्वागी(छोनाम) का दिनलाई राष्ट्रिय पर्व घोषणा गरिनु पर्ने (भीम चेपाङबाट प्राप्त लिखित कागजात) ।

**कुमाल जाति**

कुमाल जातिको प्राचीन थातथलो पूर्वमा सङ्खुवासभा र पश्चिममा पाल्पा मानिएको छ । नेपालको प्राचीन जातिमध्येको कुमाल जाति चितवनका प्रमुख आदिवासीहरूभित्र पर्छन् । यस जातिको अनुहार र रूपरङ्ग मङ्गोलियनहरूसँग मिल्दोजुल्दो देखिन्छ । कुमालहरू इमानदार, कर्मनिष्ठ, परिश्रमी र भला प्रवृत्तिका हुन्छन् । आदिवासी जनजातिको वर्गीकरणअनुसार यिनीहरू सिमान्तकृत समूहमा पर्छन् । कुमाल जातिभित्रका मुखिया, थिमथिम, पोस्थरे, बढघरे, हरदैली, राम्जे, हलिदे, गोरुङ्गे, सापकोटा, दुतपाउ, ढाले, पाठक, लामाघरे, अठमैया, ओझा र मसुके थरहरू आदिवासी जनजाति आयोगमा सूचीकरणका लागि प्राप्त भएका छन् । वि.सं. २०७८ को जनगणनाले चितवन जिल्लामा कुमाल जातिको जनसङ्ख्या ११,४०५ देखाएको छ । चितवनका विभिन्न ठाउँमा छरिएर रहेका कुमालहरूको सबैभन्दा बढी जनसङ्ख्या भरतपुर महानगरपालिकामा ८,१८६ रहेको छ ।

चितवनका कुमालहरू आफ्नै मातृभाषा कुमाल भाषाका साथै नेपाली भाषा बोल्छन् । यिनीहरू प्रकृतिपूजक हुन् र हिन्दु धर्म मान्छन् । कमजोर आर्थिक अवस्थाले गर्दा कुमालहरूमा धर्म परिवर्तन गरी इसाई धर्ममा लाग्ने प्रवृत्ति पनि बढ्न थालेको छ । यिनीहरूको मुख्य पेसा कृषि हो र पशुपालन, माटाका भाँडा बनाउने सीप, नोकरी, सैनिक सेवा, व्यापार व्यवसाय आदि पनि जीविकाका आधार हुन् । शिक्षा र स्वास्थ्यको क्षेत्रमा पछि परेको यस जातिमा आजकल छोरीलाई पनि पढाउनु पर्छ भन्ने जागरण बढ्न थालेको छ। समाजमा महिलाको स्थान राम्रो रहेको पाइन्छ। कुमाल समाजमा जन्मदेखि मृत्युपर्यन्तसम्मका अनेकौँ रीतिरिवाज र संस्कारहरू प्रचलनमा छन् । हिन्दु परम्परा र संस्कृतिअनुसारका साथै यिनीहरूका परम्पराविशेषका चाडपर्वहरू धुमधामसाथ मनाउने गर्छन् । परमात्मामाथि विश्वास, पापदेखि डर, पुण्यमा आशा र भरोसा, तन्त्रमन्त्र तथा धामी झाँक्रीमा विश्वासजस्ता प्रवृत्ति पनि यिनीहरूमा पाइन्छन् ।

**मुख्य समस्याहरू**

- माटोका भाँडा वर्तनहरू बनाउने कुमालहरूको पुर्ख्यौली पेसालाई आजकाल बजारमा पाइने प्लाष्टिक र धातुजन्य सामग्रीहरूले विस्थापित गर्दै गएकोले जीविकाको परम्परागत पेसा धरापमा परेको छ ।
- पदमपुरलगायतका क्षेत्रहरूमा बसोबास गर्दै आएका बाढीपीडित र भूमिहीन कुमालहरूलाई जमिन र जग्गाधनी प्रमाणपूर्जा प्राप्त नभएको ।
- चितवन राष्ट्रिय निकुञ्जभित्रका जीवजन्तुले त्यस नजिकका खेतीपाती र घरवासमा क्षति पुऱ्याउँदै आएका छन् ।
- आम्दानी र खर्चलाई सन्तुलन गर्न नसक्दा कतिपय कुमालहरू सामान्य घडेरीमा मात्र सीमित हुन पुगेका र कतिपय सुकुम्वासी हुन पुगेको अवस्था छ ।
- राष्ट्रिय राजनीति र नीति निर्माण तहमा पहुँचको कमी छ ।
- कुमाल समुदायमा आफ्नो पहिचान मेटिने हो कि भन्ने चिन्ता ।
- पछाडि परेको समुदायले राज्यबाट पाउनुपर्ने सुविधाबाट बञ्चित ।
- पुर्ख्यौली पेसाले जीवन धान्न मुस्किल र नयाँ पेसा व्यवसाय अपनाउन नसकिएको ।
- चेतनाको अभाव र गरिबीले गर्दा अधिकांश कुमाल जातिमा आफ्ना बालबालिकाको पठनपाठनमा खासै ध्यान नपुगेको । उच्चशिक्षा हासिल गर्नेको सङ्ख्या ज्यादै कम रहेको ।
- कुमाल समाजलाई बसाइँसराइ, वेरोजगारी, अन्धविश्वास, रूढिवाद, स्वास्थ्यसम्बन्धी चेतनाको कमी, मादक पदार्थ र सुर्तीजन्य वस्तुहरूको अत्यधिक सेवनजस्ता समस्याहरूले पिरोलेको छ (सोमबहादुर कुमाल) ।

**मुख्य मागमुद्दाहरू**

- सुकुम्बासी कुमालहरूलाई स्थायी बसोबासको व्यवस्था मिलाउन राज्यले पहल गर्नुपर्ने ।
- राज्यले दलित, उत्पीडित जातिलाई दिँदै आएको सेवा, सुविधा कुमाल जातिलाई पनि दिनुपर्ने । कुमाल समुदाय लक्षित विभिन्न आयमूलक कार्यक्रमका साथै शिक्षा र स्वास्थ्योपचारसम्वन्धी विशेष कार्यक्रम ल्याउनुपर्ने ।

- माटोका भाँडाबर्तन बनाउने कुमालेहरूको पुर्ख्यौली पेसाको संरक्षण र सम्बर्द्धनका लागि राज्यले नीतिगत रूपमा (खासगरी कच्चा पदार्थ र वजार व्यवस्थापन) पहल गरिदिनु पर्ने ।
- कुमाल जातिको राष्ट्रिय पर्वका रूपमा माघे सङ्क्रान्तिलाई नेपाल राजपत्रमा समावेस गरिनुपर्ने ।
- कुमाल जातिको भाषा, संस्कृति र कलाकौशलको संरक्षण हुनुपर्ने ।
- चितवनमा निर्माणाधीन कुमाल जातिका सङ्ग्रहालय र मन्दिरहरूको लागि स्थानीय तहहरूबाट आवश्यक बजेटको व्यवस्था हुनुपर्ने ।

**दराई जाति**

चितवनमा दराई जातिको ऐतिहासिकता ज्यादै पुरानो छ। थारू जातिपछि चितवनमा बस्ती विकास गर्ने दराई जाति थिए भन्ने मान्यता रहेको छ । यिनीहरूको पुर्ख्यौली थातथलो भनेको तनहुँ जिल्ला हो र सेन राजाहरूलाई सहयोग गर्ने क्रममा यिनीहरूले चितवन जिल्लामा उपहारका रूपमा बसोबास गर्न पाएका थिए भनिएको पनि पाइन्छ । आफूलाई भूमिपुत्र भन्न रुचाउने आदिवासी दराईहरू चितवनको विभिन्न क्षेत्रमा बसोबास गर्छन् ।

आदिवासी जनजातिको वर्गीकरणअनुसार दराई जाति सिमान्तकृत समूहमा पर्छन् । स्थान विशेषमा दराईहरूले आफ्नो नाम पछाडि 'दराई'वा 'दरै' लेख्ने गरेको पाइन्छ । राना, बुढाथोकी, गिन्देल, बनपाली, शिवकाशी, खजवार, बुढा, सँघेरो, कोकलसाही, बन्शी, सूर्यबन्शी, चन्द्रबन्शी, नरबन्शी, जहादेर आदि यिनीहरूका उपथरहरू हुन् । वि.सं. २०७८ को जनगणनाको प्रतिवेदनअनुसार चितवनमा दराईको कुल जनसङ्ख्या ८,८५० रहेकोमा भरतपुर महानगरपालिकामा सबैभन्दा बढी ३,४१३ र त्यसपछि खैरहनी नगरपालिकामा ३,२६० जनाको बसोबास देखिन्छ ।

दराईहरूको रूपरङ्ग र मुखाकृति सामान्यतया मङ्गोलियन अनुहारको जस्तो लाग्छ तर भाषा, संस्कृति भने खस-आर्यसँग मिल्दोजुल्दो पाइन्छ । यिनीहरू आपसमा आफ्नै भाषा (दराई कुरा) र नेपाली भाषा पनि बोल्ने गर्छन् । यिनीहरू प्रकृतिको पूजा गर्छन् । 'महाभारत' र 'रामायण'को चरित्रगान गर्ने भएकाले यिनीहरूमा हिन्दु धर्मको प्रभाव देखिन्छ । खेतीपाती, पशुपन्छीपालन, नोकरी, सैनिक सेवा, ज्याला-मजदुरी आदि यिनीहरूका मुख्य जीविकोपार्जनका आधार हुन् । यिनीहरू सरल, सिधासादा र लज्जालु स्वभावका हुन्छन् । यिनीहरूको सोझोपन र छिट्टै विश्वास गरिहाल्ने स्वभाव शोषण र उत्पीडन गर्नका लागि सजिलो बनेको छ भने कैयौँ आर्थिक प्रलोभनमा परेर इसाई धर्मप्रति आकर्षित हुन थालेका छन् (खनाल, २०८१, पृ. ५०) । दराई समाजले जन्मकर्म, पास्नी, विवाह र अन्त्येष्टि कर्मसम्मका संस्कारहरू परम्परागत रूपमा चलाउँछन् । यिनीहरूले मनाउने अधिकांश चाडपर्वहरू हिन्दु चाडपर्वहरूसँग मिल्दाजुल्दा छन् । अन्धविश्वासका कारण यिनीहरू भूतप्रेत, लागुभागु र धामीझाँक्रीमा विश्वास गर्छन् ।

**मुख्य समस्याहरू**

- दराई समाजमा अन्त्येष्टि कार्यका लागि अनिवार्य हुने सालको हाँगा र खोलाको माछा लिन जाँदा चितवन राष्ट्रिय निकुञ्जबाट पक्राउ र यातनाको पीडा ।
- काठ, दाउरा, घाँसपात सङ्कलन र गाईवस्तु चरनमा राष्ट्रिय निकुञ्जले पारेको समस्या ।
- दराई जातिको समस्याहरू नीतिनिर्माण तहमा पुऱ्याउने माध्यमको अभाव ।
- साक्षरता दर खासै बढ्न नसकेको र उच्चशिक्षा हासिल गर्नेको सङ्ख्या ज्यादै कम ।
- राज्यले प्रदान गर्ने छात्रवृत्तिबाट दराई छात्रछात्रा विमुख ।
- कतिपय परिवारमा तीन धुरमात्र जमिन, जमिनै नहुने १५ प्रतिशत जति र २५ प्रतिशत जसो दराईहरूलाई छ महिनामात्र खान पुग्छ ।
- दराई समाजमा स्वास्थ्यसम्बन्धी चेतनाको कमी र जाँडरक्सीको अधिक सेवन (रेशम दराई) ।

**मुख्य मागमुद्दाहरू**

- दराई समुदायको हकहितका लागि नेपाल सरकारबाट दराई आयोग गठन हुनुपर्ने ।
- प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिकतर्फ दराई जातिको कम्तिमा एक/एक जनाको प्रतिनिधित्वको व्यवस्था गरिनु पर्ने ।
- राजनीतिक दलहरूले केन्द्रीय समितिमा दराईहरूबाट कम्तिमा दुई जनाको प्रतिनिधित्व गराउनु पर्ने ।
- स्थानीय तहको निर्वाचनमा दराईहरूको जनसङ्ख्याको आधारमा हरेक पालिका र वडाहरूमा प्रतिनिधित्व गराउनु पर्ने ।
- दराई छात्रछात्रालाई डाक्टर, इन्जिनियर, बि.एन्, स्टाफनर्स, आई.टी. र अन्य प्राविधिक विषयमा कोटा र निःशुल्क अध्ययनको व्यवस्था मिलाइनु पर्ने ।

- दराई छात्रछात्राहरूलाई स्नातक तहसम्म निःशुल्क अध्ययन गर्ने व्यवस्था हुनुपर्ने ।
- सुकुम्वासीहरूको बसोबासको व्यवस्था मिलाइनु पर्ने ।
- निःशुल्क स्वास्थ्योपचार सुविधा उपलब्ध गरिनु पर्ने (रेशम दराईबाट प्राप्त लिखित कागजात) ।

**बोटे जाति**

चितवनका आदिवासीमध्येका बोटे जाति पहाडका खोला नदीनाला सेरोफेरोबाट चितवन आएका थिए । मङ्गोल-किराँत समूहको पुरानो शाखाअन्तर्गत मानिने बोटे जातिमा पाखे बोटे र पानी बोटे दुईवटा थर तथा कछारे, सुनधुने, थार, काला जिब्रे, चप्रानी, कुशहर, सेता जिब्रे आदि थर गोत्रहरू छन् (घिमिरे, २०६४, पृ. ९२) । आदिवासी जनजाति वर्गीकरणअनुसार बोटे जाति अति सिमान्तकृत समूहमा पर्छन् । वि.सं. २०७८ को जनगणनाअनुसार चितवनमा बोटेहरूको जनसङ्ख्या ३,१४४ रहेको छ । चितवनका अयोध्यापुरी, बछौली, बघौडा, गर्दी, जगत्पुर, पटिहानी, शुक्रनगर, कुमरोज र पदमपुर बोटेहरूका बसोबासका मुख्य क्षेत्रहरू हुन् । माडी नगरपालिकामा मात्र यिनीहरूको जनसङ्ख्या १,२५१ छ ।

चितवनका बोटेहरू आफ्नो बोटे भाषाका साथै नेपाली भाषा पनि बोल्ने गर्छन् । प्रकृतिपूजक यिनीहरूमा हिन्दु धर्मको प्रभाव परेको देखिन्छ । गरिबी, अशिक्षा र बेरोजगारीको समस्याले पिरोलिएका कतिपय बोटेहरूमा इसाई धर्मप्रति आकर्षण बढ्न थालेको छ । धेरैजसो बोटेहरूको आफ्नो जमिन नभएकाले ज्याला-मजदुरी गर्छन् । माछा मार्ने, डुङ्गा खियाउने, नदीको बालुवामा सुन छान्नेजस्ता परम्परागत कामबाट जीविका चलाउँदै आएका बोटेहरू आज आएर समस्यामा परेका छन् । चितवनका दस प्रतिशत बोटेहरूमात्र खेतीपातीमा संलग्न छन् ।

हिन्दुहरूले मनाउने दसैँ, तिहार र तीज बोटे समाजले पनि मनाउँछन् र यिनीहरूको मुख्य चाड साउने सङ्क्रान्ति हो । जन्मदेखि मृत्यु पर्यन्तसम्मका अनेकौँ संस्कारहरू चलाउने गर्छन् । अन्धविश्वास र रूढिवादीप्रथामा जकडिएका यिनीहरू झारफुक, तन्त्रमन्त्र र जडिबुटीमा विश्वास गर्छन् ।

**मुख्य समस्याहरू**

- बोटे समुदायका माछा मार्ने, डुङ्गा खियाउने, नदीको बालुवा चाल्नेजस्ता पेसाहरू सङ्कटमा पर्न थालेका छन् ।
- शिक्षा र चेतनाको स्तर नाजुक अवस्थामा छ ।
- राजनीति र नीति निर्माणमा पहुँचको अभाव छ ।
- चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र वरपर बोटेहरू बसोबास गर्दै आएको जमिनमा यिनीहरूको स्वामित्व कायम हुन नसकेको अवस्था छ ।
- आर्थिक रूपमा ज्यादै पिछडिएका कतिपय बोटेहरू खाने, लगाउने र बस्ने आधारभूत आवश्यकताबाट बञ्चित छन् ।
- आर्थिक कठिनाइले गर्दा बोटे बालबालिकाहरू स्कुल कलेज जान नसक्ने अवस्था छ ।
- बोटे समाज अन्धविश्वास, रूढिवादी, कुरीति तथा परम्परावादी सोच र शैलीबाट जकडिएकाले आर्थिक र सामाजिक परिवर्तनमा बाधा पुगेको छ ।
- बोटे भाषा, संस्कृति र कलाको उत्थान हुन सकेको छैन ।
- बोटे समाज बालविवाहजस्तो कुप्रथा र जाँडरक्सीको अत्यधिक सेवन गर्ने कुलतले ग्रस्त छ । धर्म परिवर्तन गर्ने प्रवृत्तिले समाजमा जटिलता ल्याउन थालेको छ ।

**मुख्य मागमुद्दाहरू**

- प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फ एक जाति, एक प्रतिनिधित्वको व्यवस्था गरिनु पर्ने ।
- बोटेहरू बसोबास गर्दै आएको क्षेत्रमा जग्गाधनी प्रमाणपूर्जा दिइनु पर्ने ।
- ILO महासन्धि १६९ बमोजिम आदिवासी जनजातिको जल, जमिन र जङ्गलमाथिको अधिकार सुनिश्चित हुनुपर्ने ।
- चितवन राष्ट्रिय निकुञ्जबाट अन्त्येष्टि संस्कारका लागि चाहिने खडै र भोर्लाको पात ल्याउन पाउनु पर्ने । निर्वाद रूपमा माछा मार्न र वनमा सागसिस्नु र जडिबुटी टिप्न पाउनु पर्ने ।
- बोटे बालबालिकालाई उच्चशिक्षाका लागि छात्रवृत्ति तथा माध्यमिक तहसम्म निःशुल्क अध्ययनको व्यवस्था हुनुपर्ने । मातृभाषामा पठनपाठनको व्यवस्था हुनुपर्ने ।
- साक्षरता कार्यक्रम र सीप अभिवृद्धि तालिम दिलाउनु पर्ने ।
- बोटे जातिको भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण सम्बर्द्धन हुनुपर्ने ।
- निःशुल्क स्वास्थ्य विमा र औषधोपचारको सुविधा हुनुपर्ने(राजकुमार बोटे) ।

**माझी जाति**

माझी जातिको प्राचीनतालाई हेर्दा यिनीहरू चितवनका आदिवासी मध्येकै मानिन्छन् । आदिवासी जनजाति आयोगमा सूचीकरणका लागि प्राप्त भएअनुसार माझी जातिभित्र कुसुवार, बोटे, दुध कुसुवार, कास कुसुवार, लोहरे कुसुवार, नेपाले कुसुवार, दनुवार, रजवंशी, सूर्यवंशी, ठोक्करे आदि थरहरू प्रचलित छन् । माझीलाई चितवनमा कुशदर, कुशहर वा कुशवार पनि भन्ने गरिएको पाइन्छ । आदिवासी जनजाति वर्गीकरणअनुसार माझी जाति अति सिमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाले चितवनमा माझी जातिको जनसङ्ख्या १,३२० रहेको देखाएको छ । चितवनका भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिकाका साथै अरू पालिकाका विभिन्न ठाउँहरूमा यिनीहरू छरिएर रहेका छन् । यिनीहरू आफ्नै भाषा 'माझी कुरा'का साथै नेपाली भाषा पनि बोल्छन् । यिनीहरू प्रकृतिपूजक हुन् र हिन्दु धर्ममा विश्वास राख्छन् ।

खोलानाला र नदी किनारमा बस्दै आएका माझीहरूको मुख्य पेसा माछा मार्ने र डुङ्गा चलाउने कामबाट प्रायः विस्थापित हुँदै छन् । यिनीहरू अर्काको जग्गा अधियाँ, ठेकमा कमाउने, ज्याला मजदुरी गर्ने, भारी बोक्नेजस्ता कामबाट गुजारा चलाउँछन् । नाजुक आर्थिक अवस्था, चेतनाको कमी, निम्न साक्षरता दर साथै अन्धविश्वास र रूढिवादीमा जकडिएका यिनीहरू अनेकौँ समस्याले पीडित छन् । राजनीति र प्रशासनमा पहुँचको कमीले गर्दा यिनीहरूले आफ्ना हकहित र अधिकारका मागमुद्दाहरू उठाउने माध्यम पाएका छैनन् । आदिवासी जनजातिका साझा मागहरूमा यिनीहरूका मागहरू पनि समेटिएको जस्तो देखिन्छ । चितवनमा माझी समुदायलाई लक्ष्यित गरी केही कार्यक्रमहरू ल्याइएको पाइन्छ । खासमा भरतपुर महानगरपालिकाको पहलमा खरमुक्त घर निर्माण गर्ने योजनाअनुसार भरतपुर-२७, साझापुरमा ५०० घरपरिवारलाई निःशुल्क जस्तापाता वितरण गरिएको थियो । माझी समुदायको जीर्ण पाँचवटा घरहरू तत्काल निर्माण गर्ने योजना बनाइएको थियो । जाडोबाट बचाउन कम्बल, ज्याकेटजस्ता न्याना कपडा र खाद्यान्न वितरण गरिएको थियो (एटुजेड समाचार, २ पुस २०७६) ।

**मुसहर जाति**

चितवनका आदिवासीहरूमा अत्यन्त पिछडिएको मुसहर जातिका मानिसहरू प्रायः खोलानाला र नदी किनारमा ससाना झुप्रामा जीवन निर्वाह गर्छन् । यस जातिभित्र बाँतर मुसहर, धाँगढ मुसहर, पावोइ मुसहर, बमौनिया मुसहर, हडखोड मुसहर, बगौछिया माझी मुसहर आदि थरहरूका मुसहर छन् (घिमिरे, ऐ., पृ. ११९) । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार चितवनमा मुसहर जातिको जनसङ्ख्या ३३६ रहेको छ । चितवनका बछौली, कठार र मेघौली मुसहर समुदायका मानिसहरूको मुख्य बसोबास क्षेत्रहरू हुन् । यिनीहरू आफ्नै मुसहर भाषाका साथै नेपाली भाषा पनि बोल्छन् । यिनीहरू प्रकृतिपूजक हुन् र हिन्दु धर्म मान्छन् ।

नदी, तलाउ र खेतमा माछा मार्ने र मुसा, घोंगी बटुल्ने मुसहरहरूको पुरानो पेसा हो । माछा मार्ने काम घट्दै गएकाले यिनीहरू ज्याला र कृषि मजदुरी साथै अर्काको घरमा काम गरेर जीवन धान्न बाध्य छन् । अधिकांश मुसहरहरू भूमिहीन छन् । साक्षरता दर ज्यादै न्यून रहेको छ । यिनीहरूमा चेतनाको कमी, स्वास्थ्यसम्बन्धी विकराल समस्या, अन्धविश्वास र रूढिवादी साथै खाने, लगाउने र बस्ने जटिल समस्या छन् । आफ्नो हकहित र अधिकार थाहा नभएको, सरकार र प्रशासनमा पहुँच नभएको तथा मागमुद्दा लैजाने माध्यम नभएको यिनीहरूको वास्तविक अवस्था छ । आदिवासी जनजातिका तर्फबाट राखिएका साझा मागमुद्दाहरूमा यिनीहरूलाई पनि समेटिएको मान्यता पाइन्छ । चितवनका माझी-मुसहर समुदायको हितमा स्थानीय स्तरमा केही प्रयासहरू भएका छन् । खासगरी रत्ननगर-७, सिसवारमा रोटरी क्लबहरू मिलेर 'रोटरी मुसहर नमुना गाउँ' कार्यक्रमअन्तर्गत यिनीहरूका लागि घर निर्माण गरिदिएका छन् । आवासका लागि सहयोग समूह लुमन्तीले यस समुदायको विकासका लागि सचेतनामूलकदेखि घर निर्माणका लागि प्राविधिक सहयोग गर्दै आएको छ (मकालु खवर, १४ पुस २०८१) । भरतपुर महानगरपालिकाले आवास कार्यक्रमअन्तर्गत २७ र २८ वडा मेघौली, दद्रेनीको मुसहर वस्तीमा सामूहिक आवास निर्माण गरेको छ ।

## सशक्तीकरणका प्रयासहरू

**केन्द्रीय स्तरका प्रयासहरू**

चितवनका आदिवासीहरू अरू जातजातिको तुलनामा न्यून चेतनाका साथै कमजोर आर्थिक र सामाजिक परिवेशमा जिउन बाध्य छन् । एउटै आदिवासी जनजातिभित्र पनि जीवनयापन प्रक्रियामा ठुलो विषमता रहेको देखिन्छ । युगौंदेखि पिछडिएका यी आदिवासीहरूको उत्थान एवम्

सशक्तीकरणका लागि खासमा नेपालको प्रचलित संविधान, राज्य संयन्त्र, राजनीतिक दलहरू साथै आदिवासीहरूका हकहितका संस्थाहरूबाट नीतिगत रूपमा प्रयास भएका छन् ।

- नेपालको संविधान २०७२ ले राज्यका निर्देशक सिद्धान्तहरूमा - "आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने, परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने" नीति लिएको छ । समानताको हकमा आदिवासी जनजातिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने भनिएको छ ।
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले आदिवासी जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी यिनको सर्वाङ्गिण विकास गर्ने उद्देश्य राखेको छ ।
- आदिवासी जनजाति आयोग ऐन २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा यस समुदायको सशक्तीकरण गर्ने जस्ता विषयहरू रहेका छन् ।
- राष्ट्रिय समावेशी आयोग ऐन २०७४ ले सिमान्तकृत समुदाय तथा पिछडिएको वर्गलगायतलाई सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने नीति स्पष्ट पारेको छ ।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठन (क्षिइ) महासन्धि १९८८ को नं. १६९ लाई नेपालले अनुमोदन गरिसकेको छ । यस महासन्धि बाध्यकारी कानुन हो । जसमा नेपालका आदिवासी जनजातिहरूको पहिचान तथा सामूहिक अधिकारको मान्यता, संरक्षण तथा सम्बर्द्धनका निम्ति आदिवासी जनजातिको अधिकार सुनिश्चित गरिएको छ ।
- नेपालले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रलाई १३ सेप्टेम्बर २००७ मा पारित गरेको छ ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा आदिवासी जनजातिको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व गराउने संवैधानिक व्यवस्था छ ।
- संविधानसभा निर्वाचन २०६४ र २०७० मा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादीलगायतका राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणापत्रमा आदिवासी जनजातिको समावेशी सहभागितालाई राज्यको कर्तव्य ठान्दै राज्यका सबै अङ्गमा समावेशी-समानुपातिक प्रतिनिधित्व तथा आर्थिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकार सुनिश्चित गरिने प्रतिबद्धता जाहेर गरेका थिए । त्यस अतिरिक्त नेकपा माओवादीको चुनावी घोषणापत्रमा भने जातीय आधारमा हुने सङ्घीय संरचनाको स्वरूप पनि प्रस्तावित गरिएको थियो । आदिवासी जनजाति बसोबास गर्ने क्षेत्रमा मूलवासीका नाताले अग्राधिकार हुनुपर्ने विषयमा पनि चर्को बहस भएका थिए । संविधानसभा २०६४ मा आदिवासी जनजाति सभासदहरूको प्रतिनिधित्व सङ्ख्या प्रत्यक्ष र समानुपातिक गरी २०० (३४.७८%) रहेको थियो ।
- आदिवासी जनजातिको छाता सङ्गठनका रूपमा रहेको नेपाल आदिवासी जनजाति महासङ्घले सबै खाले विभेदको अन्त गर्दै नेपालका आदिवासी जनजातिहरूको हकहित र अधिकारका लागि विश्वका आदिवासी सङ्घ-संस्थाहरूसँग सहकार्य गर्दै आएको छ । नेपाल आदिवासी जनजाति महिला महासङ्घ र नेपाल आदिवासी जनजाति युवा महासङ्घ आदिवासी जनजाति महिला र युवाहरूमा शिक्षा, सचेतना तथा सीप, रोजगारीबाट सशक्त बनाउने क्षेत्रमा क्रियाशील छन् । 'आदिवासी जनजाति जर्नल'ले यिनीहरूको इतिहास, संस्कृति, विविध गतिविधिहरूका साथै चेतना प्रवाह र सशक्तीकरणका उपायहरूबारे खोजपूर्ण पुस्तक र लेखहरू प्रकाशन गर्दै आएको छ । आदिवासी जनजाति पत्रकार महासङ्घले आदिवासी जनजातिका विविध गतिविधिबारे समाचार सम्प्रेषण गर्छ । केन्द्रीय स्तरमा आदिवासी जनजातिका हक अधिकारका पक्षमा आवाज उठाउने जातिगत संस्थाहरू क्रियाशील छन् ।

- स्व. डा. हर्क गुरुङ, डा. ओम गुरुङ साथै मल्ल के. सुन्दर, प्रतिमा गुरुङ, मुक्तसिंह लामा, इन्दु थारू, महेन्द्र लावती, पदम गुरुङलगायतले आदिवासी जनजातिका हकहित र अधिकारका सम्बन्धमा जोडदार पहल गरेको पाइन्छ।
- राजनीतिक दलहरूका विधान र चुनावी घोषणापत्रमा आदिवासी जनजातिका हकहित संरक्षण र उत्थानका पक्षमा तत्परता देखाउने खालका प्रतिबद्धताहरू पाइन्छन् । चितवनका राजनीतिक दलहरूले चुनावी घोषणापत्रहरूमा स्थानीय तहमै आदिवासी जनजाति उत्थानका लागि अनेकौं प्रतिबद्धताहरू जनाएको पाइन्छ । नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ र लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ नेपाललगायतका आदिवासी जनजातिहरूका संस्थाहरूको राजनीतिक दलहरूसँग पनि आबद्धता रहेको पाइन्छ।

**स्थानीय स्तरका प्रयासहरू**

- नेपालको संविधान २०७२ ले थारू समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरणका लागि थारू आयोगको व्यवस्था गरेको छ। संविधानले थारू समुदायलाई छुट्टै क्लष्टर प्रदान गरेको छ।
- चितवनका थारू जातिको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक सुधारका लागि क्रियाशील रहने उद्देश्य लिएर वि.सं. २०१८ देखि थारू कल्याणकारिणी सभा चितवन कार्यरत छ। यसअन्तर्गत जिल्लाभित्र दसवटा क्षेत्रीय एकाइहरू रहेका छन्।
- थारू कल्याणकारिणी सभा चितवनले सङ्गठन विस्तार, आर्थिक सङ्कलन योजना, सामाजिक-राजनीतिक योजना, अधिकारमुखी जनचेतना कार्यक्रम तथा जीविकोपार्जनका आयमूलक योजनाहरू अगाडि बढाएको छ।
- थारू कल्याणकारिणी सभालाई विशेषज्ञ सल्लाह सुझाव दिने, क्षमता अभिवृद्धि गर्नेजस्ता उद्देश्यले चितवन थारू बुद्धिजीवि सभा गठन भएको छ।
- थारू कल्याणकारिणी सभा चितवनले थरूहट थारूवान आन्दोलनमा सक्रिय सहभागिता जनाउँदै आएको तथा २०७५ साल साउन १५ गते तत्कालीन प्रधानमन्त्री समक्ष थरूहट थारूवान संयुक्त सङ्घर्ष समितिद्वारा राखिएका १३ बुँदे मागहरू पूरा गर्न जोडदार माग गरेको थियो । जसमा सङ्घीयता, समानुपातिक प्रतिनिधित्व, रोजगारी, भाषिक शैक्षिक अधिकार, आन्दोलनसम्बन्धी लगायतका मागहरू थिए।
- “थारूको मागमुद्दा र अबको बाटो”जस्ता विषयमा विचारगोष्ठीको आयोजना गरिनु तथा थारू भाषा, संस्कृति र पहिचान संरक्षणका लागि थारू लेखकहरूबिच कचहेरीको आयोजना एवम् थारू जातिको सांस्कृतिक संवाद कार्यक्रमजस्ता प्रयासले थारूहरूमा आफ्ना हक र अधिकारबारे सचेतना आउनुका साथै आफ्नो भाषा, संस्कृति र पहिचान संरक्षणमा बल पुगेको छ।
- वि.सं. २०७० देखि भरतपुरमा थारू कल्याणकारिणी सभाद्वारा सञ्चालित थारू छात्रावास र शिक्षा विकास अक्षयकोषले थारू बालबालिकाको शैक्षिक विकासमा सहयोग पुऱ्याएका छन्।
- चितवनका सम्पूर्ण थारूहरूलाई एकजुट गराउने अभिप्रायका साथ थारू समाज चितवन पनि कार्यरत छ।
- रत्ननगर बछौलीमा रहेको ‘थारू सांस्कृतिक सङ्ग्रहालय तथा अनुसन्धान केन्द्र’ले थारू समुदायको धनाढ्य संस्कृतिको संरक्षण र सम्बर्द्धनमात्र गरेको छैन, थारूहरूको पहिचान एवम् आय आर्जनमा समेत बल पुगेको छ। बघौडा, मेघौली, खैरहनीमा पनि थारू सङ्ग्रहालय निर्माण हुनुले चितवनका थारूहरूको आफ्नो पुरातन संस्कृतिप्रतिको अगाध आस्था झल्कन्छ।
- चितवनका विशेषगरी सौराहा र मेघौलीमा चलेका थारू लज, थारू सामुदायिक होमस्टे, थारू रेष्टुरेन्ट र थारू चुल्होले एकातर्फ थारूहरूको आयआर्जन बढाएको छ भने अर्कोतर्फ यिनीहरूलाई सीप र ज्ञानसहितको व्यावसायिकतातर्फ अगाडि बढाएको छ।
- प्रतियोगितात्मक कृषि उपज प्रदर्शनी र सीपमूलक तालिमको आयोजनाले थारूहरूलाई कृषि उत्पादन बढाउन र अनेकौं सामग्रीहरू तयार पार्न उत्साहित बनाउँदै गएको छ।
- थारू गुरौको विधि तथा जडिबुटीसम्बन्धी प्रशिक्षण कार्यक्रमले हराउन लागेका जडिबुटीको संरक्षण र तिनको प्रयोगमा सचेतता देखिन थालेको छ।
- थारू जातिको हकहित र सशक्तीकरणका लागि थारू महिला, युवा, विद्यार्थी, पत्रकारका साथै प्रवासमा

खुलेका थारू संस्थाहरूका भूमिका पनि उल्लेख्य छन् ।

- थारू जातिको इतिहास र वर्तमानबारे जानकारी दिने खालका प्रकाशनहरू साथै विभिन्न महोत्सव, मेला, प्रदर्शनी, सांस्कृतिक कार्यक्रम आदिको ठुलो महत्त्व रहेको छ ।
- नेपाल चेपाङ सङ्घ केन्द्रको स्थापना २०५५ सालमा भएको थियो । त्यसकै विधानअनुरूप नेपाल चेपाङ सङ्घ चितवनले यहाँका चेपाङ समुदायको हकहितका लागि काम गर्दै आएको छ । आ.व. २०३६-०३७ बाट चितवनमा लागु भएको प्रजा विकास कार्यक्रमअन्तर्गत प्रजा सहकारी, सङ्ग्रहालय र ठाउँठाउँमा चेपाङ छात्रछात्रा पठनपाठनका विद्यालयहरू खुलेका छन् । चेपाङ समुदायमा उत्पादित वस्तुहरू बिक्रीका लागि कालिका-९, शक्तिखोरमा प्रजा सहकारी चलेको छ । चेपाङ बालबालिकालाई निःशुल्क पुस्तक, शैक्षिक सामग्री, पोसाक, खाना, आवास र औषधोपचारसहितको पठनपाठनका लागि खैरहनीको करैयामा अन्तोदय जनजाति बोर्डिङ्ग स्कुल सञ्चालन हुँदै आएको छ । चेपाङ बस्तीहरू काउले, कोराक, दारेचोक, लोथर, सिद्धि, शक्तिखोर आदिका विद्यालयहरूमा पनि चेपाङ छात्रछात्राले पढ्ने गर्छन् । चितवनको शक्तिखोर, टाँडी र सिद्धिमा चेपाङ छात्रावास चलेका छन् । चेपाङ समुदायको संस्कृति र कलाको प्रवर्द्धन गर्ने उद्देश्यले चितवनको सौराहा र शक्तिखोरमा चेपाङ सङ्ग्रहालय खुलेका छन् । चितवनका पहाडी क्षेत्रहरू काउले, सिद्धि, कोराक र शक्तिखोरमा गरिबी निवारण कार्यक्रमअनुसार ल्याइएको पर्यटन कार्यक्रमले त्यहाँका चेपाङ समुदायको रीतिरिवाज र प्राचीन हस्तकलाको संरक्षण एवम् जातीय पहिचानमा पनि सहयोग पुगेको देखिन्छ । चितवनका सातवटै स्थानीय तहका एकाइ समितिका पदाधिकारीहरूलाई पाँच वर्षे रणनीतिक योजना तयार पार्नका लागि (जुलाई २०१९ मा) दिइएको तीन दिने तालिमको निकै महत्त्व रह्यो । डेक नेपालले महिला सशक्तीकरण तालिम, महिला कोष निर्माण र सञ्चयलगायत अन्य चेतनामूलक तालिम सञ्चालन गरेको छ ।
- आदिवासी जनजातिमध्येमा पनि अल्पसङ्ख्यक कुमाल जातिको बहुपक्षीय विकास गर्दै यिनीहरूको जीवनस्तर उच्च बनाउन प्रयत्नशील रहने मुख्य उद्देश्य लिएर वि.सं. २०६२ मा नेपाल कुमाल समाज सुधार समिति चितवनको स्थापना भएको हो (केन्द्रीय समितिले हालमा आएर नेपाल कुमाल समाज नामकरण गरेको छ ।) चितवनमा यस संस्थाले कुमाल जातिमा आफ्नो हकहित र अधिकारप्रति सचेत गराउनेदेखि पालिकाहरूमा कुमाल जातिको हितमा योजना बनाउन दबाब दिँदै आएको छ ।
- कुमालहरूको सीप अभिवृद्धि र आयआर्जनमा सहयोग पुऱ्याउन महिलाहरूलाई ब्युटिसियन र सिलाइबुनाइ तालिम दिँदै आइएको छ । भरतपुर महानगरपालिका-११ भोजाडमा सांस्कृतिक समूहअन्तर्गत दुई समूहबाट नौमती बाजा चलाएर केही आम्दानीको स्रोत बनेको छ ।
- सौराहा र मेघौलीमा कुमाल होमस्टे र होटल सञ्चालन हुन थालेकाले कुमालहरूमा नयाँ व्यवसायको खोज र आयआर्जनतर्फ चासो बढ्न थालेको देखिन्छ ।
- चितवन महोत्सवमा सहभागिता एवम् कालिका नगरपालिका-७, काठेपुल चोक, भोजाड र मेघौलीमा कुमाल सङ्ग्रहालय निर्माण गरिनुले कुमाल जातिको संस्कृति र कलाकौशलको संरक्षण र सम्बर्द्धनमा सहयोग पुगेको छ ।
- मर्दा पर्दाको अवस्थामा सहयोग पुऱ्याउने उद्देश्यले मेघौली र भोजाडमा कुमाल गुठी चलेका छन् ।
- कुमाल जातिका युवा, विद्यार्थी र महिलाका संस्थाहरू साथै कुमाल जातिसँग सम्बन्धित प्रकाशनहरूको पनि महत्त्व रहेको छ (रामलाल कुमाल) ।
- चितवनमा २०३७ सालदेखि क्रियाशील नेपाल दराई उत्थान समाज चितवनका दराई समुदायको साझा संस्था हो । चितवनका दराईहरूलाई अन्याय, अत्याचार, शोषण र दमन हुन नदिई यिनीहरूको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउनु यस संस्थाको मुख्य उद्देश्य रहेको छ । त्यसैअनुरूप यस संस्थाले दराई समुदायको संस्कार, संस्कृतिको संरक्षणका लागि पुस्तकहरू प्रकाशन गर्दै आएको छ । त्यसैगरी छात्रछात्रालाई छात्रवृत्ति वितरण, पशुपालन तालिम, सिलाइकटाइ तालिम, कम्प्युटर प्रशिक्षण, माइनुट लेखन तालिम, स्वास्थ्य सचेतना र सेवाजस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । जगत्पुरको खड्गौलीमा दराई समुदायको

सांस्कृतिक सङ्ग्रहालय निर्माणाधीन अवस्थामा छ। माडी नगरपालिकामा दराई सङ्ग्रहालय भवन बनेको छ। माडी र खैरहनी नगरपालिकामा दराई सामुदायिक होमस्टे सञ्चालनमा आएका छन्। यस्ता कार्यहरूबाट दराई जातिको संस्कृति र कलाको संरक्षण एवम् आयआर्जनमा सहयोग पुगेको छ।

- वि.सं.२०६१ देखि चितवन जिल्लामा क्रियाशील नेपाल बोटे समाज चितवनको मुख्य उद्देश्य चितवनका बोटे जातिमा जागरण ल्याउँदै यिनीहरूको आर्थिक र सामाजिक उत्थानका साथै भाषा, संस्कृतिको संरक्षण गर्नु रहेको छ। यस संस्थाले बोटे समुदायको हकहित संरक्षणका लागि विभिन्न कार्यहरू गर्दै आएको छ। बोटे समुदायको परम्परागत माछा मार्ने पेसा संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जसँग छलफल र ध्यानाकर्षण गराएको छ। त्यसैगरी बोटे भाषा कक्षा सञ्चालन, बोटे जातिको हकहित र अधिकारबारे जानकारी दिलाउने प्रशिक्षण, छोराछोरीलाई उच्चशिक्षा दिलाउन अभिभावक सचेतना कार्यक्रम, विभिन्न शैक्षिक संस्थाहरूसँग बोटे बालबालिकालाई निःशुल्क अध्ययनका लागि वातावरण निर्माण, छात्रवृत्ति वितरण आदि संस्थागत प्रयास भएका छन् (राजकुमार बोटे)। बोटे समुदायको कला, संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि चितवनको पटिहानीमा बोटे सङ्ग्रहालय भवन निर्माणाधीन अवस्थामा रहेको छ। चितवन राष्ट्रिय निकुञ्जले समस्या खडा गरेपछि बोटेहरू जीविकाका लागि माछापालन, पशुपालन र होमस्टेजस्ता आयआर्जनका काममा लागेका छन्। चितवनको माडी नगरपालिकाको वनकट्टामा होमस्टे सञ्चालन र सामुदायिक माछापोखरी निर्माण गरिएका छन्। चितवनका तेक्वान्दो खेलाडी जितेन्द्र बोटे र स्वस्तिका बोटेले अन्तर्राष्ट्रिय पदक विजय गरी चितवनका बोटे जातिको शीर उच्च पारेका छन्।

**निष्कर्ष र सुझावहरू**

- चितवनका आदिवासीहरू थारू, चेपाङ, कुमाल, दराई र बोटे जातिको चिनारीका साथै यिनीहरूका मुख्य समस्या, मागमुद्दाहरू र सशक्तीकरणका लागि भएका प्रयासहरूसम्बन्धमा केही अध्ययनका आधारमा यस कार्यपत्र तयार पारिएको हो। यस अध्ययनबाट माथि उल्लिखित आदिवासीहरू साथै माझी, मुसहर जातिलगायतको बहुपक्षीय विषयमा विस्तृत खोजपूर्ण अध्ययनको आवश्यकता महसुस भएको छ।
- प्रस्तुत अध्ययनमा परेका चितवनका आदिवासीहरूमध्ये तुलनात्मक रूपमा थारू जातिको चेतनाको स्तर एवम् आर्थिक, सामाजिक र शैक्षिक स्थिति सबैभन्दा उच्च रहेको देखिन्छ। थारू जातिभन्दा कमजोर हालतमा कुमाल र दराईको अवस्था देखिन्छ। चेपाङ र बोटेको अवस्था तुलनात्मक रूपमा सबैभन्दा निम्नकोटिको महसुस भएको छ। एउटै जातिभित्र पनि घोर विषमता रहने भए पनि औसत जातिगत अवस्थालाई आधार मानेर यस निष्कर्षमा पुग्नु परेको हो।
- चितवनका आदिवासीहरूका अधिकांश समस्याहरू मिल्दाजुल्दा रहेका छन्। रोजगारी र सुकुम्बासी समस्या, शिक्षामा पहुँचको अभाव, सामाजिक विभेद, सामाजिक कुरीति, भाषा, संस्कृति र कलाकौशल लोप हुने डर, परम्परागत पेसामा सङ्कट, चितवन राष्ट्रिय निकुञ्जसँगको सम्बन्ध आदि साझा समस्याहरू हुन्। चितवन राष्ट्रिय निकुञ्जभित्र चोरी सिकारीको आरोपमा जेल परेकाहरूका साथै जीवन गुजाराका निम्ति दाउरा, फलफूल, कन्दमूल, सागसिस्नु खोज्न र माछा मार्न छेउछाउ पुग्ने निमुखा आदिवासीहरूलाई चर्को दण्डसजायको भागी बनाउने गरिन्छ (मूलबाटो, ७ पुस २०८१)। त्यस्तै सबै आदिवासीहरूमा आफ्नो पहिचान र राज्यमा पहुँचको अहम् सवाल रहेको पाइन्छ। जातिगत समस्याका रूपमा चेपाङ, बोटे, माझी र मुसहर जातिको जीवनयापन प्रक्रिया कष्टप्रद र जटिल रहेको देखिन्छ।
- चितवनका आदिवासीहरूका मागमुद्दाहरूका सम्बन्धमा हेर्दा थारू जातिले राष्ट्रियस्तरमै आफ्ना मागहरू जोडदार रूपमा राखेको पाइन्छ। थरूहट थारूवान संयुक्त सङ्घर्ष जिल्ला आन्दोलन परिचालन समिति चितवनले वि.सं. २०७२ मा आफ्ना १३ बुँदे मागहरू पूरा गर्न प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पेस गरेको थियो। प्रस्तुत मागहरूका सम्बन्धमा थारू कल्याणकारिणी सभा चितवनले वि.सं. २०७५

साउन १५ गते चितवनका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको थियो । थारू कल्याणकारिणी सभा चितवनको वि.सं. २०७४ फागुनको बेलोध घोषणापत्र, वि.सं. २०८० असोज ९ गतेको भरतपुर घोषणापत्र, वि.सं. २०८१ भदौ ६ गतेको विचारगोष्ठी आदि पनि थारू जातिको अधिकारका लागि उल्लेख्य कदम हुन् । चितवनका कुमाल, दराई, चेपाङ, बोटे र अन्य आदिवासीहरूले राष्ट्रिय तहमा आफ्ना छुट्टाछुट्टै मागमुद्दाहरू खासै उठाउन नसकेको देखिन्छ । आदिवासी जनजातिका साझा मागहरूभित्रै यिनीहरूका मागहरू समेटिएका जस्ता देखिन्छन् । स्थानीय तहमा भने कुनै न कुनै प्रकारले सबै आदिवासीहरूका माग र मुद्दाहरू उठेका देखिन्छन् । राजनीतिक र प्रशासनिक क्षेत्रमा आफ्ना मागमुद्दाहरू लैजाने र सम्बोधन गर्ने सशक्त माध्यम नभएको भन्ने सबै जातिको बुझाइ रहेको पाइन्छ । आदिवासीहरूको हकहित र अधिकारको पक्षमा खासै कानुन बन्न नसकेका र बनेका कानुनहरू पनि कार्यान्वयन हुन नसकेका भन्ने ठहर रहेको पाइन्छ । थरूहट थारूवान आन्दोलनको क्रममा उठाइएका मुद्दाहरू र सरकारसँग भएको छबुँदे सहमति अहिलेसम्म कार्यान्वयन नभएकाले थारू समुदाय अझै पनि आन्दोलनको मनस्थितिमा रहेको स्पष्ट हुन्छ । थारू आयोग र यसको औचित्यमाथि थारू समुदायमै आशङ्का व्याप्त रहेको भन्ने बुझिन्छ । अति सिमान्तकृत र पिछडिएका जातिलाई स्थानीय तहहरूले दिने भनिएको सेवा सुविधालाई पनि गोलमालमा पारिएको भन्ने प्रतिक्रिया पाइन्छ ।

**आदिवासी सशक्तीकरणका लागि केही सुझावहरू**

- नेपालको २०.२७% जनसङ्ख्या गरिबीको रेखामुनी रहेको मानिएको छ । यस दृष्टिले हेर्दा चितवनका पहाडी भागमा कठोर जीवनयापन गर्ने अधिकांश चेपाङ समुदाय र खोला, नदीनाला आसपास जीवन जिउन बाध्य भएका बोटे, माझी र मुसहरहरू खाद्यान्न, आवास र लत्ताकपडाजस्ता आधारभूत आवश्यकताबाट पनि वञ्चित रहेका छन् । यस्ता सामान्य आवश्यकता प्राप्त गर्ने यिनीहरूको नैसर्गिक अधिकार हो र पूरा गर्ने दायित्वबाट राज्य पन्छन मिल्दैन । अतः राज्यले तत्कालीन कार्यक्रमअनुसार यसलाई सम्बोधन गर्नुपर्ने । भूमिहीन सुकुम्बासीहरूको पहिचान गरी भूस्वामित्व दिलाउनेतर्फ प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने ।
- चितवन जिल्लामा साक्षरता दर ८३.६८% रहेकोमा आदिवासीहरूको औसत साक्षरता ५०% भन्दा कम हुनुले यिनीहरूका लागि साक्षरता शिक्षाका साथै निःशुल्क माध्यमिक र उच्चशिक्षाका विशेष कार्यक्रम ल्याउनुपर्ने ।
- स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्र रहेका आदिवासीहरूको अवस्थासहितको यथार्थ विवरण तयार पार्नुपर्ने ।
- आदिवासीहरूका परम्परागत पेसाहरू सङ्कटमा पर्न थालेकाले तिनको संरक्षण एवम् अन्य आयमूलक पेसाहरू अपनाउन सीप, क्षमता अभिवृद्धि कार्यक्रम ल्याउनुपर्ने ।
- सरकारले आदिवासीहरूसँग बेलाबेलामा गरेका सहमति सम्झौता कार्यान्वयन गर्नुपर्ने साथै कानुनबमोजिमका उनीहरूका हकहित र अधिकारका सुविधा लागु गर्नुपर्ने ।
- आदिवासीहरूका लागि आयमूलक रोजगारीका कार्यक्रमहरू ल्याउनुपर्ने ।
- स्वास्थ्य सचेतना कार्यक्रम र निःशुल्क स्वास्थ्य सेवासुविधा सञ्चालन गरिनुपर्ने ।
- चितवन राष्ट्रिय निकुञ्जबाट बिनाकारण आदिवासीहरूमाथि हुँदै आएका थिचोमिचो बन्द गरी दुई पक्षबिच राम्रो सम्बन्ध बनाउन स्थानीय तहहरूले पहल गर्नुपर्ने ।
- आदिवासीहरूका उत्पादित सामग्रीहरू बिक्रीका लागि बजारको व्यवस्था हुनुपर्ने ।
- आदिवासीहरूका संस्कृति झल्काउने वस्तुहरू र पुराना कलाकौशलको संरक्षण हुनुपर्ने साथै तिनलाई मेघौली पर्यटन, सौराहा पर्यटन, चितवन हात्ती तथा पर्यटन महोत्सव, भ्रमण वर्ष, आदिवासी जनजाति सांस्कृतिक तथा व्यापारिक महोत्सव आदिसँग जोडेर आयआर्जनमा लगाउनुपर्ने ।

**सन्दर्भ सामग्री**

**स्रोत व्यक्तिहरू**

कुमाल, रामलाल, (नेपाल कुमाल समाज सुधार समिति चितवनका सचिव) ।

कुमाल, सोमबहादुर, (भरतपुर महानगरपालिका-११, भोजाड) ।

चेपाङ, भीम, (नेपाल चेपाङ सङ्घ चितवनका अध्यक्ष) ।

चौधरी, ललित, (थारू कल्याणकारिणी सभा चितवनका अध्यक्ष) ।

दराई, गोपाल, (ने.का.चितवनका सहसचिव) ।

दराई, रेशम, (नेपाल दराई उत्थान समाज चितवनका अध्यक्ष) ।

प्रजा, दीपक (नेपाल चेपाङ सङ्घका केन्द्रीय सदस्य) ।

बोटे, राजकुमार, (नेपाल बोटे समाजका केन्द्रीय अध्यक्ष) ।

महतो, लिलकुमार, (थारू कल्याणकारिणी सभा माडीका उपाध्यक्ष) ।

**पुस्तकहरू**

अधिकारी, सूर्यमणि (२०४६), चेपाङ र दराई, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

कँडेल, देवीप्रसाद (२०६५), चितवनको इतिहास (प्रथम भाग), चितवनः श्रीमती लक्ष्मी कँडेल ।

कानुनमा आदिवासी जनजातिको अधिकार (२०६८), ललितपुर : नेपाल आदिवासी जनजाति महासङ्घ ।

खनाल, केदारनाथ (२०८१), "चितवनका दरै जाति : सङ्क्षिप्त परिचय", महानगर साहित्य दर्पण, भरतपुर : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

घिमिरे, विष्णुप्रसाद (२०६४), चितवनका आदिवासी जनजातिको सामाजिक र सांस्कृतिक अध्ययन, चितवन : जिल्ला विकास समिति ।

चेपाङ जीवनशैली ज्ञानकोश (२०७६), ललितपुर : नेपाल चेपाङ सङ्घ ।

पौडेल, टङ्कमणि (२०७५), जात र वर्ग, काठमाडौँ : क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

महतो, भजुमनराम (२०८१), थारू जातिको सङ्क्षिप्त इतिहास र संस्कृति, चितवन : थारू कल्याणकारिणी सभा ।

मेघौली र पर्यटन (२०६२), चितवन : मेघौली पर्यटन विकास समिति ।

Jha, Hari Bansha (1993), *The Terai Community And National Integration In Nepal, CETS.*

*The Federalism Debate In Nepal,* (2014), Kathmandu : MUNDP.

**पत्रपत्रिका र अन्य**

आदिवासी जनजाति आयोगमा सूचीकरणका लागि प्राप्त भएका थरहरूको विवरण ।

एटुजेड समाचार, २ पुस २०७६ ।

मकालुखबर, १४ पुस २०८१ ।

मूलबाटो, ७ पुस २०८१ ।

थारू समुदायको थर सूचीकरण प्रतिवेदन (२०८०), काठमाडौँ : थारू आयोग ।

सङ्घीय नेपाल (मासिक), वर्ष १, अङ्क २, मार्च-अप्रिल, २०१० ।

संहाति (थारू कल्याणकारिणी सभा चितवनको मुखपत्र), वर्ष ३, अङ्क १, पूर्णाङ्क ३, भदौ-असोज २०७५ ।

(भरतपुर महानगरपालिका, महानगर प्रज्ञा-प्रतिष्ठानद्वारा मिति २०८१ फागुन १६ गते आयोजित कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र ।)

कविता

# चेतना मार्ग आफै पैलाऊ



✍ **किसान प्रेमी**

प्राज्ञ सभा सदस्य, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान

नरुनु आमा संझेर कैलै न दुखाऊ मन त्यो
देशको लागि मरेको मान्छे हो शहीद भएको
देशको माटो भन्दा यहाँ ठूलो, अरु क्यै भेटिन्न
यै देशमा जन्मे यै देशमा मर्छु पराइको टेकिन्न

बदल्नै पर्छ अब त यहाँ कुरीति कुसंस्कार
पुरानो रीति बदल्नु पर्छ पुरानो त्यो बिचार
हिमाल पहाड तराइ गाउँ अझै नि दुःखी छन्
छ जताततै अध्यारो अझै क्यै क्यै टुकी छन्

श्रमको भरमा बाँचेछन् कति हातमा ठेला छ
विभेद अझै देखिन्छ कतै मान्छेलाई हेला छ
श्रमको अझै उचित मूल्य बनेको छैन यहाँ
मान्छे हो सबै समान छ मान्छे भनेको छैन यहाँ

आँखामा आँसु मनमा पीडा भेटिन्छ गाउँमा
त्यो धारापानी चौतारी पाटी ती ठाउँठाउँमा
जन्मने सबको प्रकृया यौटै सबै यहाँ मर्दछन्
तै पनि किन मान्छेले यहाँ घमण्ड गर्दछन्

फरक छैन ठूलो र सानो के राख्यौ जातमा
कर्मले ठूलो हुन्छ यहाँ मान्छे नहेर हातमा
सुकर्म गर कर्म हो ठूलो चेतना फैलाऊ
कठिन छ बाटो चेतना मार्ग आफैले पैलाऊ

अन्तर्वार्ता

# भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका पदाधिकारीहरूलाई प्रश्न : के महानगर प्रज्ञा प्रज्ञाजस्तो छ त ?'



✍ **उदय अधिकारी**
*पूर्व उपाध्यक्ष, कविडाँडा साहित्य समाज*

संवाद मेरा लागि रुचिको विषय हो । सोध्नु र उत्तर पाउनुको आनन्द आफ्नै छ । किताब पढ्नु शोख भयो र कहिलेकाहीँ तिनै किताबका लेखकहरूको अगाडि पर्दा मनमा उठेका कुराहरूको बारेमा सोध्ने बानी बस्यो । उहाँहरूसँग सोध्दै गर्दा आफूलाई पनि लेखककै साथी बनेजस्तो अनुभूति हुने र आनन्दमा रम्न पाइने । आफूलाइ मन लागेको प्रश्न नघुमाइकन सोध्न पाइने कारणले पनि म यतातिर तानिएँ । पढ्दै जाँदा प्रशस्त प्रश्नहरू दिमागभरि सलबलाउने र यिनीहरूलाई शान्त बनाउन पनि उत्तर आउने ठाउँमा सोध्न मन लाग्ने । लेखकसँग सोध्ने क्रममा म अन्तरवार्ताकार बनिसकेको रहेछु । संवादले जोड्ने काम गर्दछ । नेपाल र नेपाल बाहिरका लेखकहरूलाई प्रश्न सोध्दासोध्दा मलाई सिमानाको ख्यालै हुन छाडेछ । कहिले त प्रश्न उत्तर लम्बिएर किताबै बन्ने र कहिलेकाहीँ पाँच सय शब्दजति मै थन्किने । यस्तैयस्तै हुँदाहुँदै पाँचवटा अन्तरवार्ताका किताब बनिसकेछन् र अरू एक-दुईवटा किताब बन्ने जम्मा भैसकेछन् । मलाई नेपाली, हिन्दी र अङ्ग्रेजी तीनवटा भाषाले यस्तो संवादमा साथ दिएका छन् ।

इन्टरनेट हुन्थेन भने म यो क्षेत्रमा हुने थिइनँ । एकपटक एउटा प्रश्न सोधेपछि अर्को फेरि दोहोराएर उस्तै खोजखन्तर गर्ने प्रश्न सोध्न जाँगर नलाग्ने एकप्रकारको अल्छी मानिस हुँ म । म सबैभन्दा बढी स्थानीय लेखकहरू पढ्छु । वरिपरिका पाठकहरूसँग आफ्ना भावना पोख्छु र मलाई थाहा छ, प्रत्येक पाठक एउटा सम्भावित लेखक हो । म कहिलेकाहीँ थाहै नपाई पाठकहरूसँग अन्तरवार्ता बन्ने खालका संवाद गरिरहेको हुन्छु । प्रत्येक ऊर्जाशील लेखकले मलाइ पाठकको रूपमा आफूतिर तानिरहेको हुन्छ । चितवनमा बुढा-पुराना लेखकदेखि भर्खरका लेखकहरूसँगको अविराम संवादमा मेरो अन्तरवार्ताकारको भूमिका सुखका साथ चलिरहेको छ । जसले आफ्ना समकालीन लेखकहरूको शक्ति र सीमालाई महसुस गर्न सक्दैन उसको लागि अन्तरवार्ता मात्र औपचारिक र गर्नुपर्ने काम हो । स्थानीयसँग संवादको आफ्नै मजा छ । धेरै कुरा पहिल्यै थाहा भैसकेको हुन्छ तर त्यही कुरा लेखकहरूकै शब्दमा पढ्दाको आनन्द अर्कै हुन्छ ।

यसपटक भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले मलाई अलि सजिलो बनाइदियो । मलाई पनि लाग्यो 'के महानगर प्रज्ञा प्रज्ञाजस्तो छ त ?' प्रश्नहरू मनमा आए र प्रज्ञाप्रतिष्ठानकै कार्यकारी परिषद्का प्राज्ञहरूलाई प्रश्न राखेँ । स्थानीय भरतपुर महानगर प्रज्ञाप्रष्ठिानमा गएका लेखकलाई लेखक बन्न कस्तो परिस्थितिबाट गुज्रनु परेको रहेछ, उनीहरू लेखनलाई कसरी हेर्दा रहेछन्, जिम्मेवारीलाई कसरी लिँदारहेछन्, कुनै ठाउँमा आबद्ध भएपछि लेखनमा के फरक आउँदो रहेछजस्ता साना देखिने तर महत्त्व राख्ने कुरा जान्नका लागि भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका कार्यकारी अंग मानिने प्रज्ञा परिषद्का पदाधिकारीहरूसित गरिएको अन्तरसंवाद ।

**इन्द्र रेग्मी, उपकुलपति**

**१, तपाइँ चितवन सानै उमेरमा आउनुभयो, तपाइँको बाल्यकाल कस्तो थियो ? तपाइँले पहिलो पटक देखेको चितवन कस्तो थियो ? के कुराले त्यतिबेलाको चितवनले प्रभाव पार्‍यो तपाइँलाई ?**

हो, म चितवनमा १४ वर्षको उमेरमा आएको हुँ, २०१९ सालमा । बाल्यकाल मेरो प्रायः दुःख र अभावमा बिताएको हुँ । बाल्यकाल कलकत्तामा बिताएको बालक भएकाले चितवन उजाड र उदास लाग्थ्यो, उति बेला । बिस्तारै म यसमा रम्दै गएँ, पछि त रमाइलो लाग्दै गयो । धेरै कालसम्म म यहाँ रमाउन सकिनँ । पछि नारायणी मा.वि. (रात्रि हाइस्कुल) मा पढ्न थालेपछि भने म रमाउँदै गएँ र यहाँको वातावरणसँग सम्झौता गर्दै गएँ र यहाँको शैक्षिक वातावरणको प्रभाव पर्‍यो मलाई पछि आएर ।

**२, तपाइँ वीरेन्द्र क्याम्पस पढ्दा प्रसिद्ध लेखक आनन्ददेव भट्ट क्याम्पस प्रमुख हुनुहुन्थ्यो । के तपाइँ त्यो बेलामा लेखकको रूपमा सक्रिय हुनुहुन्थ्यो ? कसरी सुरु भयो तपाइँको लेखन यात्रा ?**

क्याम्पसमा २०२७ सालबाट आनन्ददेव भट्ट (त्यतिबेलाका प्रिन्सिपल)को सङ्गत पाएको हुँ मैले । म २०२५ सालबाट कनिकुथि कथा, कविता लेख्न थालेको थिएँ । पछि क्याम्पसमा पुगेपछि लेखनयात्रा अलि बाक्लिँदै गयो । क्याम्पसमा साहित्य सिर्जनाको माहोल प्रचुर मात्रामा थियो । ममा त्यो प्रभाव स्वाभाविक रूपमा पर्न गयो ।

**३, तपाइँ विद्यार्थी समयदेखि नै वाम विचारमा प्रशिक्षित हुनुभयो । तपाइँको निबन्ध र कविताहरू अध्यन गर्दा यो कुरा अझ प्रस्ट रूपमा देखिन्छ । तपाइँका लागि लेखन के हो ? साहित्यले राजनितिको सेवा गर्ने हो कि साहित्यको आफ्नै ओज र अस्तित्व हुन्छ ? तपाइँ किन लेख्नुहुन्छ ?**

प्रशिक्षित त होइन, प्रशिक्षार्थी भने थिएँ विद्यार्थीकालमा । अहिले पनि म प्रशिक्षार्थी नै हुँ । खै, मेरो त्यतिबेला लेखनमा

वाम विचार कसरी मुखरित भएको हो, यो तपाईँहरूजस्ता समीक्षक तथा पाठकहरूको मूल्याङ्कनको कुरा हो । मेरो लागि लेखन सुरुका समयमा मात्र समय बिताउने एउटा मेलो थियो भने पछि अलि जिम्मेवारी बोध हुन थालेपछि यो जीवन र जगत्‌लाई उन्नतिको मार्गमा डोऱ्याउने एउटा कसिलो डोरी हो भन्ने विश्लेषणमा पुगेँ । कसैले कसैको सेवा गर्नेभन्दा पनि यी दुई साहित्य र राजनीतिका बिचमा अन्योन्याश्रित सम्बन्ध छ। एकले अर्काको सेवा गर्नेभन्दा पनि यी समानान्तर रेखामा दौडिरहेका छन् । दुइटैका आआफ्नै कला छन् । साहित्यमा राजनीति हुनुहुँदैन भन्नेहरू पनि आफै राजनीति खेलिरहेका छन् । मात्रै फरक के भने राजनीति सिधा र सपाट रूपमा बोलिन्छ, साहित्य कलाको चास्नीमा डुबाएर पस्किने गरिन्छ। मेरो लेखनीले समाजका सकारात्मक परिवर्तनको दिशामा थोरै मात्र भए पनि योगदान गर्न सकोस् भन्ने मेरो मूल उद्देश्य हो ।

**४ चितवन अहिले लेखन र पठनको हिसाबले उल्लेख गरिने ठाउँमध्ये गनिन्छ । तपाईँले साहित्य सृजना सुरु गर्दाका दिनहरूमा चितवनको साहित्यिक माहोल कस्तो थियो ? यो कुन बेलाको कुरा थियो ?**



चितवन, राजधानीपछि दोस्रो नम्बरमा पर्छ, लेखन र पठनको हिसाबले । म यो भनाइसँग सहमत छु। मैले २०२५ सालबाट कविता, कथा लेख्न सुरु गरेको हुँ। त्यतिबेला साहित्य सिर्जना तीन किसिमले गरिन्थ्योजस्तो लाग्छ मलाई । एक - रोमान्टिक प्रेमका कथा र कविता लेख्ने । रोमान्टिसिजम नै साहित्य हो भन्ने मान्यताबाट प्रभावित थिए मेरा समवयष्कहरू र त्यसरी नै सिर्जना गर्थे । अर्को थियो राजनीति । आफूले बुझेको राजनीतिलाई नाराको रूपमा उछालेर एकअर्कामाथि हिलो छ्याप्ने अर्थात् भनौँ गाली-गलोज गर्ने । यो पनि एउटा ट्रेन्ड नै थियो, त्यतिबेलाका युवाहरूको साहित्य सिर्जना गर्ने । अर्को समसामयिक चेतबाट दिक्षीत भएर साहित्यका माध्यमबाट त्यसमा सुधारका सम्भावनाहरूको गोरेटो कोर्दै राजमार्ग निर्माणमा दत्तचित्त रहेर निरन्तर लागिरहने ।

**५, तपाईँको धेरै समय पुस्तकहरूको बिचमा नै बित्यो । तपाईँले पुस्तकालय कर्मचारीको रूपमा जीवनको धेरै समय बिताउनुभयो । लेखकको रूपमा यो एउटा अतिरिक्त सुविधा थियो तपाईँका लागि । म अनुमान गर्दछु, तपाईँले निकै पढ्नुभयो होला । तपाईँलाई मन परेका र तपाईँको जीवनमा अत्यधिक प्रभाव पारेका केही किताबहरूको बारेमा बताइदिनुहोस् न । मन पर्नाको कारण पनि खुलाइदिनु होला ।**

हो, मैले २०२३ बाट २०६६ सालसम्म विभिन्न पाँचवटा क्याम्पसमा लाइब्रेरियनको रूपमा काम गरेँ । पुस्तक पढ्ने मेरो सोख त सुरु (अक्षर खार्ने भएपछि) देखि नै थियो । त्यसै भएर नै मैले शिक्षकको स्थायी जागिर छाडेर वीरेन्द्र क्याम्पस, भरतपुरमा पुस्तकालयको ज्यालादारी कर्मचारीको रूपमा काम गर्न गएँ । लेखकको रूपमा भन्दा पनि एउटा पाठकको रूपमा भने मलाई पुस्तकालयकर्मी हुँदा अतिरिक्त सुविधा प्राप्त भएको हो । तपाईँको अनुमान ठिकै हो, मैले निकै त होइन अलिक बढी नै पढ्ने अवसर प्राप्त गरेँ । लाइब्रेरियन हुँदा र त्योभन्दा अघि पनि मैले केही किताबहरू, जुन मैले पढेँ त्यसले मेरो जीवन र जगत्‌सम्बन्धी सोचमा केही परिवर्तन ल्यायो । जुन ढङ्गले मैले पहिले सोच्थेँ, त्यसरी सोच्न छोडिसकेको थिएँ । दुई-तीन वर्षको मेरो पहाडघर गोर्खाको बसाइँले मभित्र एक किसिमले कम्युनिस्ट विरोधी सोच पलाएको थियो । देशमा कम्युनिस्टहरू हावी भए भने नातागोताको सम्बन्ध हराउँछ । भात-भान्सामा होचा र अग्ला लोप हुन्छ । मान्छे-मान्छे सब बराबर हुन्छन्, सबै पशुजस्ता हुन्छन् । छुवाछुत, उचनिच सबै हराएपछि हामी बाहुनहरूको अस्तित्व मेटिन्छ भन्ने बालचिन्तनबाट ग्रसित थिएँ म । जब मैले मार्क्स, लेनिन, स्टालिन, माओका जीवनीहरू, राहुल सांस्कृत्यायन र यशपालजस्ता लेखकहरूका पुस्तकहरू, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, आनन्ददेव भट्टलगायतका नेपाली साहित्यकार हरूका पुस्तकहरू पढ्ने मौका पाएँ अनि त म मेरा पहिलाका बुझाइहरूबाट क्रमशः पछि हट्दै गएँ र म संसारमा सबैभन्दा उत्तम व्यवस्था कम्युनिजम हो र कम्युनिस्टहरूले मात्रै संसारलाई बराबरीको हैसियतमा ल्याउन सक्छन् भन्ने सोच राख्ने भएँ । हुँदाहुँदै २०३० सालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (चौ.म.) को सदस्य बन्न पुगेँ ।

पढ्न त धेरै नै पुस्तकहरू पढियो होला तर तपाईँले सङ्ख्या नै तोकेर नामसमेत लेख्नु भन्नुभएकाले म क्रमशः ती पुस्तकहरूको नाम दिँदै छु : (१) **तुम्हारी क्षय** - राहुल सांस्कृत्यायन, (२) **झुठा सच** - यशपाल, (३) **मेरो जुम्ला यात्रा**, (४) **लेनिनको जीवनी**, (५) **स्टालिनको जीवनी**, (६) **मार्क्सको जीवनी**, (७) **माओको जीवनी**, (८) **हो चि मिन्हको जीवनी**, (९) **लक्ष्मी निबन्धसङ्ग्रह** - लक्ष्मीप्रसाद देवकोटा, (१०) **आमाको सपना** - गोपालप्रसाद रिमाल, (११) **जयभुँडी** - भैरवप्रसाद अर्याल, (१२) **उल्टे फर्सँ** - फिक्र तौँसबी, (१३) **घुम्ने मेचमाथि अन्धो मान्छे** - भूपि शेरचन, (१४) **जनताको शत्रु** - हेनरिक इब्सेन र (१५) **फेरि उल्टै मिल्यो** - केशवराज पिँडाली ।

सोलोडोलोमा भन्दा म सामाजिक विकासमा राजनीतिको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने मान्यता राख्ने व्यक्ति हुँ । त्यसैले कम्युनिस्ट आन्दोलनका गुरुहरूको जीवनीलाई महत्त्वका साथ अध्ययन गरेको हुँ र म माथि उल्लेख गरिएका

सबै कम्युनिस्ट नेताहरूको जीवनीबाट प्रभावित भएको हुँ। त्यसपछि साहित्यका विधाहरूमध्ये मलाई मनपर्ने विधा हो - हाँस्यव्यङ्ग्य। मैले भैरव अर्याल, रामकुमार पाँडे, श्याम गोतामे, केशवराज पिँडालीका कृतिहरू पाएसम्म पढेको छु र ती सबै कृतिहरूबाट प्रभावित भएको छु। मैले लेख्दा पनि त्यो कविता होस् वा निबन्ध, व्यङ्ग्यमा नै बढी मेरो कलम चलेको हो। त्यस्तै राहुल साङ्कृत्यायनका कृतिहरू त्यतिबेला पाएसम्म पढेको हुँ। हरेक विकृतिका विरुद्ध कलम चलाउने साङ्कृत्यायनबाट पनि म प्रभावित छु। मैले पढेका उनका कृतिहरूमध्ये **तुम्हारी क्षय** मलाई अत्यधिक मनपरेको कृति हो। समाजका हरेक विकृतिका विरुद्ध साङ्कृत्यायनले कलम चलाएका छन्। त्यस्तै हिन्दी लेखक यशपाल लेखकमात्र नभएर भारतीय स्वतन्त्रता आन्दोलनका एक सेनानी पनि हुन्। उनको कथा '**हम सब चोर है**'बाट म अत्यधिक प्रभावित भएको हुँ। त्यस्तै **झुठा सच**, जो भारत-पाकिस्तानको विभाजनको पृष्ठभूमिमा लेखिएको उपन्यास हो। विभाजनका असङ्ख्य दर्दनाक कथाहरू त्यहाँ रहेका छन्। त्यसमा धर्मको नाममा भएको पागलपन र अन्ध राष्ट्रवादको खाडलमा मान्छेहरू त्यतिबेला कसरी खसेका थिए ? त्यो सबै त्यहाँ छ। त्यसरी नै फिक्र तौँसवी, काका हाथरसीलगायतका व्यङ्ग्य रचनाहरूले पनि मलाई प्रभावति तुल्याएको हो। यी र यस्तै प्रकृतिका कृतिहरूले मलाई कम्युनिस्टहरूप्रति आस्थावान् बनाएको हो। यी बाहेक मैले वीपी कोइराला, विजय मल्ल, गोविन्दबहादुर मल्ल 'गोठाले', पारिजात पछि आएर मोहन वैद्य, निनु चापागाईंलगायतका दर्शनसम्बन्धी कृतिहरूको प्रभाव पनि ममा परेको छ।

**६, तपाइँ चितवनमा पुरानोमध्ये मानिने साहित्यिक संस्था हाँकेर पनि आउनुभयो। अहिले भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको उपकुलपतिको कार्यभार सह्मालिरहनुभएको छ। साहित्यिक संस्था चलाउनु र प्रज्ञाप्रतिष्ठान चलाउनुको भिन्नता के रहेछ ?**

हो, म चितवनको सबैभन्दा पुरानो सङ्गठित साहित्यिक संस्था 'साहित्य सङ्गम चितवन'को स्थापना २०४४ सालमा भूमिगत रूपमा रामहरि श्रेष्ठको कमलनगर, नारायणगढमा भएको थियो। त्यहाँ म लगायत १६ जना थियौँ। त्यसको स्थापनापछि चितवनको प्रगतिशील साहित्यमा एक किसिमको गति पैदा भयो र त्यसका माध्यमबाट त्यतिबेला हामीले थुप्रै साहित्यिक कार्यक्रमहरू गर्‍यौँ। भानु जयन्ति, देवकोटा जयन्ति मनाउने काम पनि साहित्य सङ्गम चितवनको माध्यमबाट हामीले गरेका हौँ। एउटा उल्लेख गर्नैपर्ने घटना के छ भने - २०४५ सालतिर हुनुपर्छ नारायणगढको रेडक्रस भवनमा देवकोटा जयन्ति मनाइरहँदा तल लाठीधारी पुलिसहरूले पूरै भवन घेरेका थिए। २०४६ सालको बहुदल घोषणा नहुन्जेलसम्म स्थिति निकै असहज थियो। साहित्यिक कार्यक्रम पनि लुकेर गर्नुपर्थ्यो। २०२५ सालदेखि चितवनका वामपन्थी रुझान राख्ने केही युवाहरूले **नौलो राँको** साहित्यिक पत्रिकाको प्रकाशन गरे। त्यतिबेला अर्को ध्रुवका साथीहरूले **छहरो** नामका पत्रिका निकाले। भन्ने गरिन्थ्यो - **नौलो राँको** निभाउन **छहरो** जन्मेको हो। केही समय त्यो प्रतिस्पर्धा चल्यो। तर **छहरो** केही समयपछि आफै सुक्यो। 'राँको' चर्केर बल्न नसके पनि धिपधिपे रूपमा बलिरहेकै छ।

त्यस्तै केन्द्रीय रूपमा चलिरहेको 'प्रगतिशील लेखक सङ्घ'को जिल्ला शाखा स्थापना गरियो र कार्यसमितिमा नभए पनि त्यसको स्थापनामा पनि मेरो भूमिका थियो। प्रलेसको केन्द्रमा त लगभग १९ वर्षसम्म कहिले केन्द्रीय सदस्य त कहिले सल्लाहकारका रूपमा रहेँ। अहिले पदीय दायित्व नहुँदा पनि जिल्ला तथा केन्द्रकै पनि विभिन्न गतिविधिमा म संलग्न छु। त्यस्तै पारिजातको अध्यक्षतामा गठन भएको 'इन्द्रेणी सांस्कृतिक समाज चितवन'को अध्यक्षको रूपमा म रहेँ। पछि मसालको सांस्कृतिक सङ्गठन (रक्तिम) र इन्द्रेणीका बिचमा एकीकरण भयो र 'प्रगतिशील सांस्कृतिक सङ्गठन' बन्यो। प्रगतिशील सांस्कृतिक सङ्गठनको पनि म संस्थापक अध्यक्ष बनेँ। यिनीहरू त्यतिबेलाका मेरा महत्त्वपूर्ण काम थिए। यसका साथै 'घरदैलो साहित्यिक कार्यक्रम'को सञ्चालन। राज्य र विद्रोही माओवादी पक्षको हतियारबन्द युद्धले चितवनको साहित्यिक आन्दोलन सुस्ताएको समयमा 'प्रसास'ले 'घरदैलो साहित्यिक कार्यक्रम' सञ्चालन गर्‍यो। यसमा के थियो भने प्रत्येक महिना एक जना साहित्यकारको घर-आँगनमा कार्यक्रम हुन्थ्यो। पहिलो कार्यक्रम २०६० साल पुस १६ गते मेरो निवास भोजाडमा भएको थियो। यो बारेमा छुट्टै लेखौँला। पछि आएर यसको नाम 'शारदा घरदैलो साहित्यिक कार्यक्रम' राखिएको थियो। यो बाहेक पनि अन्य साहित्यिक तथा सांस्कृतिक सङ्गठनको नेतृत्व गरियो।

**७, 'लेखकलाई बिगार्नु छ भने प्रज्ञाप्रतिष्ठानमा नियुक्ति दिनू' भन्ने ठट्यौली खुब प्रचलनमा छ। तपाइँ आफ्नो पनि यता संलग्न भएपछि कुनै नयाँ सृजना बजारमा आएको छैन ? किन यो ठट्टासँग मिल्न गयो होला ? प्रज्ञाप्रतिष्ठानले लेखकको समय अलि धेरै नै खाइदिने हो ?**

जहाँसम्म यी सङ्गठनहरू र भरतपुर प्रज्ञाप्रतिष्ठानको कुरो छ, यसको गठन, सञ्चालनमा निश्चित रूपमा फरक प्रक्रियाहरू छन्। अघिल्ला सङ्गठनहरू व्यक्तिगत रूपमा एउटै धारणामा रहेका साहित्यकार साथीहरूको बिचको समझदारीमा बन्ने सङ्गठन हो भने प्रज्ञाप्रतिष्ठान स्थानीय सरकार मातहतको निकाय हो। त्यसमा पनि प्रतिष्ठान गठनको अभ्यास हामीहरूको पहिलो पनि हो। त्यसैले यसमा सबै किसिमका साहित्यिक, सांस्कृतिककर्मीहरूको समावेशिता त हुने नै भयो। यही अनुरूप नै भरतपुर प्रज्ञाप्रतिष्ठानको गठन भएको हो। यो स्थानीय निकायको ऐनअनुसार सञ्चालित छ। यसको प्रमुख (कुलपति) मेयर हुनुहुन्छ। सदस्य सचिव पनि कुलपतिले मनोनयन गरेका अधिकृत स्तरका कर्मचारी

हुन्छन् । यसका सबै प्रशासनिक कामहरूको व्यवस्थापन उनले नै गर्छन् । नीतिगत निर्णयहरू प्राज्ञसभा, जुन ३१ जनाको छ त्यसले बनाउँछ र दैनिक कामहरू गर्ने प्राज्ञपरिषद् उपकुलपति र सदस्य सचिवसहित पाँच जनाको हुन्छ । त्यसबाट विभिन्न कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन हुन्छ । खैर, सङ्गठन जुनसुकै होऊन्, सामूहिक निर्णय र सामूहिक जिम्मेवारी नै हुन्छ । यिनीहरूमा मात्र फरक के हुन्छ भने - गैरसरकारी सङ्गठन र सरकारी सङ्गठन सञ्चालन विधिमा त फरक हुने नै भयो । प्रज्ञाप्रतिष्ठान नेपाल सरकारको नीति, नियमअनुसार सञ्चालन गर्नुपर्छ । खास गरेर आर्थिक मामिलाहरूमा भने अन्य गैरसरकारी सङ्गठनहरू आफैले बनाएका नीति, नियममा रहेर सञ्चालन हुन्छन् । यसो भएकाले यिनीहरूको काम, कारबाहीमा पनि भिन्नता त आउने नै भए । परिणाममा पनि फरक हुन्छ यिनीहरूका कार्यहरू । कसैको धेरै हुन्छ त कसैका थोरै । निश्चित बजेटबाट सञ्चालित हुन्छ प्रज्ञा भने अरू सङ्गठनका बजेटहरू घटीबढी भइरहन्छ र त्यहीअनुसार कार्यहरू पनि घटबढ हुन्छ ।

यो मात्र ठट्यौली हो । नियुक्ति हुन नपाएका साथीहरूको असन्तुष्टि पनि हो कि ? खाने मुखलाई जुँगाले छेक्दैन । हो, कामको बोझचाहिँ सरकारी पदमा गएपछि केही बढ्छ नै । त्यो पनि साहित्यिक क्रियाकलापमा नै बढ्ने हो नि ! होइन र ? आफैले लेखेर आफ्ना रचनाहरू छपाइ हाल्नुपर्छ भन्ने मान्यता कतिपय अवस्थामा सही भए पनि त्यहीमात्र साहित्यिक सक्रियता हो भन्ने त पक्कै होइन होला ? तैपनि मेरै सन्दर्भमा कुरा गर्दा पनि २०२५ सालदेखि लेखनमा रहेको म २०६८ सालमा मात्र आएर किताब छपाउन पुगेँ । म त्यतिबेला कुनै प्रतिष्ठानमा त थिइनँ । यो मेरो व्यक्तिगत अनुकूलता र इच्छामा भर पर्ने कुरा हो जस्तो लाग्छ मलाई । यता दस वर्षमा मैले आठवटा किताब प्रकाशित गरेँ । यो पनि कुनै प्रतिष्ठानको नियुक्तिसँग सम्बिन्धित कुरो होइनजस्तो लाग्छ । हो, प्रतिष्ठानमा गइसकेपछि मेरो कुनै पुस्तक निस्केका छैनन् । तपाईँले यसैलाई औँल्याउन खोज्नुभएको हो भने म यहाँलाई विनम्रतापूर्वक के आग्रह गर्न चाहन्छु भने, मैले लेखन कार्य बन्द गरेको छैन । म निरन्तर लेखिरहेको छु । घटीबढी भइरहने त स्वाभाविकै कुरा हो । यथासमयमा मेरो आफ्नै अनुकूलतामा यी प्रकाशन हुने नै छन् ।

**केदारनाथ खनाल, परिषद् सदस्य**

१, **तपाई गोर्खामा जन्मनुभयो । तपाईँको परिवार तुलनात्मक रूपले शिक्षाप्रति अलि सचेत रहेछ । कस्तो थियो तपाईँको बाल्यकाल ? गुरुकुलीय परम्परामा पढ्नुभयो कि स्कुलको परम्परा सुरु भैसकेको थियो ?**

तपाईँमा आफ्नो क्षेत्रमा अनुकरणीय गुण छ । निदाएकालाई/सुस्ताएकालाई जगाइदिने, काममा क्रियाशील बनाइदिने, म आदर गर्छु । हो, म गोरखाको ताकलुङ गाउँमा जन्मेँ । अँ, हजुरबुबा हरिकृष्ण खनाल मुखिया हुनुहुन्थ्यो; वैदिक सनातन धर्मकर्ममा आस्था राख्नुहुन्थ्यो । दैनिक पूजापाठ र पुरोहित्याइँ पनि गर्नुहुन्थ्यो । प्रारम्भिक शिक्षा हजुरबुबाबाटै पाएँ । २००७ सालमा उहाँ बितेपछि गोरखा सदरमुकाम प्राथमिक पाठशालामा पढ्दै गर्दा २००८ सालमा आधार स्कुल खुल्यो, फुपाजु मा. फणीन्द्रमणि आचार्य त्यसैमा शिक्षक नियुक्त भएर आएपछि आधार स्कुलमा आधुनिक शिक्षा कक्षा १ देखि ३ सम्म कताइ-बुताइसमेत पढेँ । सगोल परिवारका आफ्नै छोराहरू र गाउँघरका अरू केटाहरू पनि पढ्ने/पढाउने गरी बुबाहरूले घरैमा पण्डित चोलानाथ भट्टराई राखेर पढाउनुभयो । तीन वर्षपछि उहाँ छोडेर जानुभयो अनि म दर्शनडाँडा, घ्याल्चोक पाठशालामा गएर संस्कृत, व्याकरण, साहित्य आदि पढेँ ।

२, **तपाई निकैअगाडि नै चितवन आउनेजाने गर्नुभएको रहेछ । कस्तो थियो तपाईंले पहिलो पटक देखेको चितवन ? तपाई बस्ने गरेर नै चितवन आउँदा यहाँको सहित्यको माहोल कस्तो थियो ? पहिले र अहिलेको साहित्यिक माहोलको तुलना कसरी गर्नुहुन्छ ?**

ऋण दिएको रकम नउठ्दा जग्गा खानु परेकाले सँगोल परिवारमा छँदै माहिला बुबा २०११ सालतिर चितवन आउनुभएकाले र उहाँका छोराछोरी नभएकाले उहाँसँगै बस्ने गरी २०१३ सालदेखि मेरो चितवन आनाजाना चलेको हो । हामी पहिले जयमङ्गला आवादी मौजामा बस्थ्यौँ । त्यसै बेलादेखि चितवनमा जग्गा बिक्री- वितरण सुरु भएको थियो । जङ्गल फँडानीको डँढेलोले आकाश कुइरीमण्डल हुन्थ्यो । हेटौँडा-नारायणगढ ग्राभेल बाटो बन्दै थियो । काठेपुलसहित ५२ माइलको ग्राभेल रोड २०१६ सालमा तयार भएको हो । त्यतिबेला अहिलेजस्तो मोटरसाइकल, साइकल, गाडी, पक्की घरहरू केही थिएनन् । सरकारीबाहेक यातायातको साधनमा घोडा र काठे गोरुगाडा नै थिए । म चितवन आए पनि खासखास पर्वमा बाहेक नारायणगढ, भरतपुर कमै आइन्थ्यो । २०१५ सालपछि मेरो पढाइ वनारस र २०१९ सालदेखि काठमाडौँतिर भएकाले झल्याकझुलुकबाहेक २०२८ सालअघिको चितवनको साहित्यिक गतिविधिसँग म त्यति परिचित छैन ।

३, **तपाई साहित्यमा कसरी आइपुग्नुभयो ? त्यस्तो कुनै प्रेरणा घर-परिवारमै पनि थियो कि ?**

पितामह पण्डित हुनुहुन्थ्यो । त्यसको प्रभाव पिताजीमा पनि थियो । मिठो स्वरमा घरमा **रामायण, महाभारत, उपदेश मञ्जरी, विश्वजीत लीला**का श्लोकहरू वाचन गर्नुहुन्थ्यो, म पनि पढ्थेँ, संस्कृतका स्तोत्र कण्ठै थिए । म आफैले कालिदासको **रघुवंश, कुमार सम्भव, अभिज्ञान शाकुन्तलम्** जस्ता साहित्यिक पुस्तकहरूबाट प्रभावित भएको थिएँ । पछि **गोरखापत्र**को प्रुफ रिडर, साझा प्रकाशनको जागिर र शिक्षण पेसाले पनि मलजल पुऱ्यायो कि ?

४, **तपाई साहित्यको कविता, निबन्ध, समालोचना र यात्रा**

**तथा संस्मरण बिधामा लगातार काम गरिरहनुभएको छ । विशेष गरी मलाई तपाइँका यात्रा र संस्मरणले तानेका छन् । तपाइँको मनपर्ने बिधाचाहिँ के हो ? अनि साहित्यचाहिँ के हो तपाइँका लागि ?**

म सुरुमा कविता, कथा, निबन्ध, संस्मरण पनि कोर्ने गर्थें, मेरा हितैषी मित्रहरूले नियात्रातिर लाग्ने सुझाव दिएका छन् । हेरौँ, उमेरले हो कि, हिजोआज संस्मरणमा साहित्य लेखन सहज लाग्छ । साहित्य आफ्नो स्वस्थ मनमस्तिष्कले देखेको समाजको विम्ब हो, हृदयको सहज उद्‌गार र व्यक्ति तथा समाजको हितमा अभिव्यक्तिका माध्यमबाट गरिने सेवा हो ।

५, **तपाईं पाँच दशकदेखि लगातार नेपालका स्वनामधन्य साहित्यकारहरूसँगको सम्बम्धमा हुनुहुन्छ । प्रसिद्ध लेखकहरूसँग घुम्ने, बस्ने, खाने मौका पाउनुभएको छ । केही आफूलाई मन परेका लेखकहरूसँगको सम्झना हाम्रा पाठकहरूसँग बाँडिदिनूस् न । (पाँच जना लेखकका तपाईँलाई मन परेका प्रसङ्ग ।)**

शिक्षामा आउनुभन्दा अघि म साझा प्रकाशनको जागिरे भएकाले नेपालका साहित्यकारहरूसँग चिनजान हुनु स्वाभाविकै हो । भरतपुर सदरमुकाम, नारायणी मा.वि.को प्र.अ. को नाताले पनि पञ्चायती कालका सार्वजनिक चाडपर्व, राजाको जन्मोत्सव, रानीको जन्मोत्सव, फागुन ७ गते आदिका अवसरमा कविता, निबन्ध, हाजिरी जवाफजस्ता कार्यक्रमको संयोजन गर्ने जिम्मेवारी निभाउनु पर्दा पनि कवि, साहित्यकारहरूसँग सहकार्य हुने अवसर जुट्यो । कथाकारमा - परशु प्रधान, समालोचनामा - कृष्णचन्द्रसिंह प्रधान, प्रा.डा. वासुदेव त्रिपाठी (दुवै मेरा गुरु पनि), कवितामा - राष्ट्रकवि माधवप्रसाद घिमिरे, भूपि शेरचन र गोविन्दराज विनोदीजी एउटा हातको औँलामा गनिए पनि अरू एक से एक थुप्रै हुनुहुन्छ ।



६, **चितवनको पुरानो साहित्यिक संस्था चितवन साहित्य परिषद्को स्थापनाकालदेखि तपाईं मुख्य हर्ताकर्ताको रूपमा काम गर्दै आइरहनुभएको छ । अहिले भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको प्राज्ञ परिषद् सदस्य हुनुहुन्छ । संस्था चलाउनु र प्रज्ञाप्रतिष्ठानमा बसेर काम गर्नु कति फरक रहेछ ? उमेरले सबैभन्दा पाको सदस्यकोरूपमा प्रतिष्ठानको परिषद् सदस्य भएर देखिएको केही सपना छ कि ?**

'चितवन साहित्य परिषद्' चितवन छापाखानाले जन्माएको हो भन्दा हुन्छ । छापाखानामा कवि, लेखक, साहित्यकारहरू आइरहने र माथि भनिएझैँ राष्ट्रिय पर्वको बेलाबेलामा साहित्यिक कार्यहरूको संयोजन पनि गर्नुपर्ने भएकाले साहित्यिक साथीहरूको परामर्शमा २०४५ सालमा चितवन साहित्य परिषद् दर्ता भएको हो । म संस्थापक सचिव भएँ । तीन जनापछि अध्यक्ष भएँ र २०७४ सालसम्म २९ वर्ष चितवन छापाखाना नै चिसापको कार्यालय बन्यो । २०७४ सालपछि मात्र आफ्नै भवनमा कार्यालय सञ्चालन भएको हो । मन मिल्ने साथीहरूसँग सहकार्य गरेर संस्थाको सर्वोपरि हितलाई केन्द्रमा राखेर चिसाप सञ्चालन गर्दा खासै समस्या भएन, सहजै भयो । अँ, प्रज्ञा प्रतिष्ठानमा आफ्नै विभाग र प्राप्त जिम्माप्रति मात्र सजग भएर कर्तव्य निर्वाह गर्दैछु । सोलोडोलो प्रतिष्ठानको जिम्मा ममाथि मात्रै छैन । भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान संस्थापनाकालको भएकाले तत्कालीन वाहवाहीभन्दा दीर्घकालीन सोचका साथ फराकिलो दृष्टिकोणका साथ पद्धति विकस गर्न सके हुन्थ्यो भन्ने लाग्छ । साथीहरूसमक्ष आफ्नो धारणा राख्ने गरेको छु ।

७, **बीसको दशकदेखि तपाईं अध्ययन, मनन र लेखनमा सक्रिय हुनुहुन्छ । सयौँ किताबहरूको अध्ययन गर्नुभएको छ । तपाईँलाइ मन परेका केही साहित्यका किताबहरू मन पर्नाका कारणहरूसहित उल्लेख गरिदिनु होस् न । मलाई नयाँ आइरहेका पाठक र लेखकहरूलाई एउटा अनुभवी स्रष्टाको अध्ययन अनुभवले प्रेरित गर्ने मौका नछुटाऊँजस्तो लागेको हुनाले यो कुरामा जोड गरेँ । (आफूलाई अत्यधिक मन परेका पन्ध्र किताबमाथि लेख्नुहोला ।)**

(प्रश्न जटिल भयो ... छोटो लेख्नुपर्ने बाध्यता छ) सङ्क्षेपमा भन्दा मैले पढेर मन परेका केही किताबहरूमा - महाकवि देवकोटाको **मुनामदन** र **लक्ष्मी निबन्धसङ्ग्रह**, माधवप्रसाद घिमिरेको **गौरी**, म्याक्सिम गोर्कीको **आमा**, संस्कृतमा महाकवि कालीदासको **अभिज्ञान शाकुन्तल** र **कुमार सम्भव**, बी.पी. कोइरालाको **तीनघुम्ती** र **मोदीआइन**, राजेश्वर देवकोटाको **डबली** र **द्वन्द्वको अवशान**, अङ्ग्रेजीमा वर्ल एस वर्कको **द गुड अर्थ** । उपर्युक्त प्रत्येक कृतिले आआफ्नो समाज, समय र सन्दर्भमा वस्तुस्थितिको चित्रण गर्दै नयाँ नेपालका लागि झिल्का दिएका छन् । मानव समाजको उन्नयनका लागि अग्रगामी मार्गनिर्देशन गरेका छन् ।

**प्रकाश चापागाइँ, परिषद् सदस्य**

१, **छत्तीस-सैतीस सालतिर सुनेको होला मैले तपाइँको नाम सायद । त्यसताका तपाईं निकै सक्रिय हुनुहुन्थ्यो विद्यार्थी राजनीतिमा । अहिले पनि तपाइँको औँला देख्योकी मलाई त्यो बेलाको आन्दोलनको झल्को आउँछ । तपाइँको बाल्यकाल कस्तो थियो ? यो जागरणको पृष्ठभूमि के थियो ? तपाइँको पहिलो कृतिको भावभूमि पनि त्यही राजनितिक उभार नै देखिन्छ । के तपाईं मोदनाथ प्रश्रितजस्तै साहित्य र राजनीतिको क्षेत्रमा एकैचोटि आउनुभएको हो ?**

मेरो बाल्यकालको पृष्ठभूमि भन्नाले जुनबेलादेखि एउटा

बच्चाले आफ्नो दायित्व पनि हुन्छ भन्ने कुरा सोच्न थाल्छ, सायद त्यही उमेरलाई भन्न खोज्नुभएको होला, तपाईंले । अर्थात् बाह्र-पन्ध्र वर्षदेखिको उमेर । यदि तपाईँको प्रश्नले यही उमेर अवस्थाको जानकारी खोजेको हो भने म तत्कालीन गीतानगर गाउँ पञ्चायतको वडा नं. ३ मा जन्मी, हुर्केको बालक थिएँ। त्यस बेला गीतानगरका मानिसहरू खासगरी दुई खेमामा विभाजित थिए । नहरमाथि र नहरमुनि । नहरमाथि केशरबाग गाउँ पनि पर्थ्यो। तर केशरबाग आफूलाई नहरमुनिको कित्तामा उभ्याउन चाहन्थ्यो । त्यस्तै देवनगर नहरमाथि र नहरमुनि दुवैतिर थियो र त्यहाँका मानिसहरू पनि केही नहरमाथिको कित्तामा उभिन्थे भने केही नहरमुनिको कित्तामा उभिन्थे । तर नहरमुनिको अमरबस्ती भने लगभग आफूलाई नहरमाथिकै कित्तामा उभ्याउन चाहन्थ्यो । नहरमुनि र नहरमाथिको भित्री कुरोचाहिँ काङ्ग्रेस र कम्युनिस्ट रहेछ। नहरमाथिको क्षेत्र मूलतः काङ्ग्रेसहरूको प्रभावक्षेत्र र नहरमुनिको क्षेत्र कम्युनिस्टहरूको प्रभावक्षेत्र रहेछ । नहरमाथिका मानिसहरूको तुलनामा नहर मुनिका मानिसहरूको शैक्षिकस्तर धेरैमाथि देखिन्थ्यो । त्यस्तै नहरमुनिका मानिसहरू बढी इमान्दार, सिर्जनशील र कर्मयोगी थिए भने तुलनात्मक रूपमा नहरमाथिका मानिसहरू माथि उल्लेख गरिएका पक्षमा कमजोर पाइन्थे । मेरो बालमानसिकतामा यी कुराहरूले प्रभाव पार्नु स्वाभाविक थियो । त्यसका साथै त्यसबेलाका नहरमुनिका अगुवाहरू कृष्णबहादुर मरहट्ठा, पुष्पराज जमरकट्टेल, डण्डपाणि न्यौपानेलगायतका व्यक्तिहरू (जो राजनीतिकरूपमा पनि निकै सक्रिय थिए) हामीजस्ता भर्खर सात-आठ कक्षातिर पढ्दै गरेका विद्यार्थीहरूलाई राजनीतिक प्रशिक्षण दिन, बाल सङ्गठनमा आबद्ध गराउने, अध्ययन सबैभन्दा ठूलो कुरा हो भन्दै अध्ययनका निम्ति प्रेरणा जगाउनेजस्ता कुराले अझ बढी प्रभाव पार्थ्यो। सायद त्यसैको परिणाम होला, म २०३४ सालमा कक्षा दशमा अध्ययन गर्दाकै समयमा अ.ने.रा.स्व.वि.यु. तेस्रो जिल्ला सम्मेलनबाट उपाध्यक्षको जिम्मेवारी वहन गर्ने भइसकेको थिएँ।



यसरी एकातिर सोह्र-सत्र वर्षकै उमेरमा म राजनीतिमा सक्रिय रूपमा होमिएँ भने बाह्र-तेह्र वर्षकै उमेरबाट खासगरी मेरा आफ्नै दाजु चेतकान्त चापागाईं, रविकिरण निर्जीव, पदमपाणि विरक्ति, गुरु केदारनाथ रेग्मी आदिको प्रभावले कविता लेख्ने र सुनाउने गर्दथेँ । त्यसबेला स्कुलमा प्रत्येक शुक्रबार साहित्यिक कार्यक्रम हुनेगर्थ्यो। म तीन-चार कक्षा पढ्दादेखि नै दाजुहरूले पढ्ने किताबका कविता सुनाउने गर्थें । सात कक्षामा पुगेपछि भने आफैले झ्याउरे छन्दका कविताहरू लेखेर सुनाउन थालेँ । यसरी हेर्दा यहाँले सोधेजस्तै म साहित्य र राजनीतितर्फ लगभग सँगैसँगै नै लागेँ तर सुरुमा राजनीति वेसी र साहित्य कम थियो भने अहिले झोले राजनीतिबाट पूर्ण रूपमैँ सन्न्यास लिएको छु भने साहित्यतर्फ अलिक बढी रुचि राख्छु नै । तर यसको मतलब यो पनि होइन कि म राजनीति नै गर्दिन । आस्था र विचारको राजनीति म आज पनि त्यत्तिकै गर्छु। मेरा अधिकांश सिर्जनामा राजनीतिक गन्ध हुन्छ । अथवा यसो भनौँ मेरा अधिकांश सिर्जना प्रतिपक्षी राजनीतिका दस्तावेज हुन् । जहाँसम्म मोदनाथ प्रश्रितजस्तै साहित्य र राजनीतिमा एकैचोटि आउनुभएको हो भन्ने सवाल छ, सायद यसको उत्तर यही आइसकेको छ। मेरो औँला देख्यो कि तपाईँलाई छत्तीस-सैँतीस सालको आन्दोलनको याद आउनु मेरो लागि गर्वको कुरा हो। गोली लागेर पनि हातको एउटा मात्र औँला जानु र आज इतिहास बोकेर इतिहासमाथि गद्धारी गर्नेहरूलाई कलमबाट खबरदारी गर्न पाउनु अरूका लागि पनि प्रेरणाकै विषय हो।

२, **साहित्य के हो ? यसको हामी बाँचिरहेको समाजसँगको सम्बन्ध के हो ? तपाईंचाहिँ किन लेख्नुहुन्छ ?**

साहित्य के हो भन्ने हकमा विभिन्न विद्वान्हरूका आआफ्नै मतहरू छन्। यहाँ म कुन विद्वान्ले साहित्य के हो भन्ने बारेमा कस्ता मत प्रकट गरे या भनौँ कसरी परिभाषित गरे भन्नेतर्फ जान चाहन्न। साहित्य यही हो भनेर कुनै विद्वान्का मतलाई हुबहु उतार्नु शोभनीय पनि हुँदैन । मेरो विचारमा साहित्य भनेको "जसरी समाज वर्गीय हुन्छ वा भनौँ वर्गविनाको समाज हुँदैन, ठीक त्यसैगरी साहित्य पनि वर्गीय हुन्छ।" कुन वर्गका मानिसहरूको पक्षमा साहित्य लेख्ने ? यो कुरा प्रधान हो। त्यसैले साहित्य जीवनको सुरक्षा, सुख, स्वतन्त्रता, सम्मान र स्वतन्त्रतासित जोडिएको हुन्छ । यिनै कुराको कलात्मक अभिव्यक्ति साहित्य हो । आजको साहित्य जीवनको अधिकतम गहिराइ र अधिकतम जीवनका संवेदनाहरूलाई आत्मसात् गरेर कलात्मक अभिव्यक्ति दिनु नै साहित्य हो।

३, **तपाईँको एउटा कृति छ 'बुलेट नं. पाँच'। बुलेटसँग जोडिएर सत्ता आउँछ । सत्तासँग जोडिएर शक्ति आउँछ । तपाईं साहित्यमा राजनैतिक विषयवस्तु उठाउन खप्पिस हुनुहुन्छ, विशेष गरेर अन्यायमा परेका मानिसहरूको कथा भन्न । राजनीति लगभग छाड्नुभयो र तपाईँको साहित्य पढ्दा झन् बढी राजनितिमा हुनुहुन्छ भन्ने लाग्दछ । के माध्यम मात्र परिवर्तन गर्नुभएको हो ? । एउटा लेखकको लागि राजनैतिक चेतना कत्तिको आवश्यक हो ? तपाईँले राजनीति र साहित्यको सम्बन्धलाई कसरी लिनुहुन्छ ?**

जहाँसम्म **बुलेट नं. पाँच** (खण्डकाव्य) को कुरा छ, यो राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको काव्य नै हो र तपाईँले भनेजस्तै म सत्ताप्राप्तिका लागि विचार, आदर्श र मान्यतालाई कुल्चिएर या लत्याएर राजनीतिक नेता बन्ने

राज्यनीतिबाट निकै पर बसेर स्वाभिमानको राजनीति गर्न रुचाउने साधारण मनुष्य हुँ । त्यसैले अहिलेको राजनीति, सिद्धान्त वा विचारको राजनीति रहेन भन्ने मेरो निष्कर्ष हो । जब सिद्धान्त वा विचारको राजनीति रहँदैन त्यो राजनीति, राजनीति नभएर फोहरी खेलमा परिणत हुन्छ । फोहरी खेलमा परिणत राजनीतिमा रमाउन नसक्नेहरू या त विद्रोह गरेर, स्वच्छ राजनीति निर्माणको प्रक्रियामा नयाँ सङ्गठन निर्माणमा सरिक हुन्छन् या त आफ्नो इच्छाअनुसार दुनियाँमा रहेका थुप्रै बाटाहरूमध्ये अरू कुनै बाटाहरू समाउन पुग्छन् । म त्यही फोहरी खेलमा अटाउन नसकेर साहित्यको माध्यमबाट फोहरी राजनीतिको अन्त्यका लागि लगातार अगाडि बढ्न खोज्ने एउटा पात्र हुँ । त्यसैले यहाँले भनेजस्तै मैले राजनीति छाडेको छैन । विकृत राजनीतिको अन्त्यका लागि स्वच्छ र सफा राजनीतिको पक्षमा कलम चलाउने अभियानमा जुटेको पृथक् राजनीतिक यात्री हुँ । जहाँसम्म राजनीति र साहित्यको सम्बन्धको कुरा छ, यसमा म किन लेख्छु ? र के का लागि लेख्छु ? भन्ने कुराले महत्त्व राख्दछ । राजनीतिसँग सरोकार नराख्ने लेखकहरू पनि साहित्यिक हुन्छन् तर त्यो साहित्यले समाजलाई के दिन्छ ? यसतर्फ ध्यान दिनुपर्छ भन्ने मेरो ठम्याई हो । आजको विश्वसाहित्यमा **महाभारत** र **रामायण**जस्ता कृतिहरू जसले जतिसुकै दावी गरे पनि लेखिएका छैनन् । तर तिनै कृतिलाई कसैले गैह्रराजनीतिक कृतिका रूपमा हेर्छन् या बुझ्छन् भने त्यो बुझाइ निरपेक्ष बुझाइ हो । **महाभारत** र **रामायण**का पात्रहरू मिथकीय हुन् वा यथार्थ हुन् यो बेग्लै बहसको विषय हो तर ती युद्धहरू राजनीतिक युद्ध नै हुन् । त्यसैले मेरो आफ्नो विचारमा साहित्य र राजनीतिको अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

**४, तपाईँको पछिल्लो कविता कृति 'कमिलाको प्वाँख' खुबै पढियो र पढिदै पनि छ । तपाईँको पहिलो कृति नाटक थियो, जुन गद्यमा थियो । तपाईँ अहिले छन्दमा व्यक्तिन मन पराउनुहुन्छ । चितवनका पाठकहरू जान्दछन् तपाईँको दाजु चेतकान्त छन्दमा लेख्नुहुन्थ्यो । केमा लेख्ने भन्ने आफ्नो स्वतन्त्रताको कुरा भै हाल्यो । तपाई यसरी अचानक पूरै छन्दमा लेख्ने भएर कसरी आउनुभयो ? छन्दमा के त्यस्तो कुरा थियो एउटा परापूर्वकालदेखि चलिआएको संरचनाले तपाईँलाई मोहित बनायो ?**

हो, मेरो पुस्तकाकार कृति **बदला** (नाटक, २०४०) नै थियो । त्यसभन्दा पहिला मैले नाटक, एकाङ्की, मनोवाद या संवाद केही लेखेको पनि थिइनँ । बरु कविता भने म कक्षा सातमा पढ्दादेखि नै लेख्ने प्रयास गर्थें, त्यो पनि छन्दमै । २०३३ सालमा त मैले जुनियर रेडक्रस सर्कलको बारेमा कविता लेखेर मा.वि.स्तरीय कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेको थिएँ । २०३७ देखि २०३९ सालको बिचमा त मैले कविताबाट नै धेरै ठाउँमा पुरस्कृत हुने अवसर पाएँ । तर त्यस बेलाका रचना त्यतिबेलै लेखिए, वाचन गरिए सकियो । सङ्कलन गरिएन । सङ्कलन गर्नुपर्छ भन्ने सोचको पनि अभाव भयो । नाटक घटनाक्रमले लेखेँ । चितवनमा धेरै ठाउँमा मञ्चन पनि भयो । तर नाटक लेख्नु जति सजिलो छ त्योभन्दा धेरै सजिलो कविता लेख्न भएर पनि होला र धेरै पाठकले तुलनात्मक रूपमा रुचाउने विधा कविता भएर पनि होला मैले सजिलो बाटो रोजेँ । यसको मतलब यो पनि होइन कि मैले नाटक लेख्नै छाडेँ । कहिलेकाहीँ आवश्यकता र मागअनुसार नाटक पनि लेख्ने गरेको छु । तर कृतिगत रूपमा ल्याउन सकेको छैन । जहाँसम्म परापूर्वकालदेखि चलिआएको छन्द कविताले किन मोहित बनायो भन्ने यहाँको सबाल छ, मलाई लाग्छ नाटकको इतिहास पनि छोटो छैन । कवितालाई नै बढी प्राथमिकता दिनुको अर्थ यो पढ्ने मात्र नभएर सुनाउने पनि विधा हो । यद्यपि नाटक अभिनयको क्षेत्र हो र यसले दर्शकलाई बलियो प्रभाव पार्छ तर यो एकल प्रयासबाट सम्भव छैन । कविता निश्चित समयमा लेखेर उही समयमै सुनाउन सकिने विधा भएर पनि बढी लेखियो कि !

**५, तपाई एउटा साहित्यिक संस्थाको माथिल्लो तहमा हुनुहुन्छ । धेरै किताबहरूमाथि छलफल चलाइरहनुहुन्छ । कृति मन परे राम्रो भन्नुहुन्छ मन नपरे मन परेन भन्नुहुन्छ र तपाइँ यो कुरा सार्वजनिक वृत्तमा नै राखिदिनुहुन्छ । मलाई साहित्यका तपाईँलाई मन परेका केही किताबहरूको बारेमा जान्ने इच्छा लागिरहेको र अहिले सोध्ने मौका परेकोले एउटा प्रश्न यो पनि बनाएँ । तपाईँलाइ मन परेका केही किताबहरूको बारेमा के कारणले मन परे भन्ने कारणसहित पाठकहरूलाई जाककारी दिइदिनुस् न ।**

तपाईँले भनेजस्तो कुनै कृति पढेर मन पर्‍यो, राम्रो लाग्यो भन्न जति सजिलो छ नि मन परेन, त्यति राम्रो लागेन भन्न ज्यादै गाह्रो हुन्छ । त्यो पनि सम्बन्धित लेखकसँग त झनै गाह्रो हुन्छ । कतिसम्म सत्य हो भने कसैले यो पुस्तक ज्यादै राम्रो छ पढ्नुस् है भनेका पुस्तक पढ्दाखेरि खासै राम्रा नलाग्न सक्छन् । त्यस्ताको हकमा कुरा गर्न सजिलो हुन्छ । अब मलाई मन परेका पुस्तकहरूको हकमा के कुरा सत्य हो भने म अङ्ग्रेजी साहित्यका पुस्तक पढ्न सक्दिन । तपाईँले बारबार मलाई अङ्ग्रेजी साहित्यका फलाना-फलाना पुस्तक ज्यादै राम्रा छन्, पढ्न गाह्रो पनि छैन, पढ्नुस् भनेर हौसला दिँदै गर्दा पनि मैले पढ्ने हिम्मत नै गर्न सकिनँ । अझै नढाँटी भन्ने हो भने म हिन्दी साहित्य पनि गहिरिएर बुझ्दिनँ । त्यसैले मैले पढ्ने भनेका पुस्तकहरू नेपाली साहित्यकै हुन् र मलाई के पनि लाग्छ भने हामीले पढ्नै पर्ने साहित्य पनि नेपाली साहित्य नै हो । जहाँ आफ्नै देशको भूगोल हुन्छ । यहीँका कथा-व्यथा हुन्छन् । यहीँको रहनसहन, यहीँको समाज, यहाँको कलासंस्कृति आदि हुन्छन् । त्यसका साथै यहाँको राजनीति र राजनीतिले प्रभाव पारेका दुःखद र सुखद पक्ष हुन्छ । मलाई के पनि लाग्छ भने मेक्सिम गोर्कीको **आमा**ले यहाँका सर्वसाधारण जनमानसलाई जति प्रभाव पार्छ नि त्यो भन्दा बढी प्रभाव यहाँको समाजलाई

भुवनहरि सिग्देलको **आमोइ**ले पार्छ। त्यस्तै विदेशी साहित्यको प्रभावमा परेर लेखिएको मोहन कोइरालाको **फर्सीको जरा**ले भन्दा यहाँको जनजीवनमा लेखिएको लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**ले पाठकलाई हजारौँ गुना प्रभाव पार्छ । फेरि मेरो भनाइको आसय यो पनि होइन कि विदेशी लेखकका पुस्तक पढ्नुको कुनै तुक छैन । पुस्तक जसको पनि पढिनुपर्छ । जसले पढ्न सक्छ, बुझ्न सक्छ संसार पढ्ने हो । तर विदेशी लेखकलाई पढ्न सकिन भनेर आत्मग्लानि गर्नुपर्ने कारण भने म देख्दिन । नेपाली भाषामा लेखिएका राम्राराम्रा पुस्तकहरू पढ्न सकियो भने हाम्रा लागि त्यो पनि कम उपलब्धि हुँदैन । तर हामी कति पढ्छौँ, त्यो प्रधान कुरा हो । अब तपाईँले सोध्नु भएको नेपाली साहित्यका पुस्तकहरूमा मनपर्ने पुस्तकहरू कुन कुन हुन् र किन ? भन्ने जुन प्रश्न छ, यसको कारण लेख्नका निम्ति सिङ्गो पुस्तक तयार गर्नुपर्ने हुन्छ । त्यसैले म यहाँ मलाई मन परेका केही पुस्तकहरूको नाम मात्र भन्न सक्छु : महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** र **लक्ष्मी निबन्धसङ्ग्रह**, राष्ट्रकवि माधवप्रसाद घिमिरेको **गौरी**, कविशिरोमणि लेखनाथ पौड्यालको **तरुणतपसी**, भूपि शेरचनको **घुम्ने मेचमाथि अन्धो मान्छे**, गोपालप्रसाद रिमालको **आमाको सपना**, गुरुप्रसाद मैनालीको **नासो**, अमर न्यौपानेको **सेतो धरती**, भुवनहरि सिग्देलको **आमोई** र **साँखेजुङको उकालो**, नारायण वाग्लेको **पल्पसा क्याफे**, नारायणप्रसाद पोखरेलको **गोबर्द्धन** (महाकाव्य), कवि त्रयोदशको **आरोहण** (महाकाव्य), मदनमणि दीक्षितको **भूमिसूक्त** र पारिजातको **शिरीषको फूल** रहेका छन् ।

६, **तपाईँको दुई लाइन यसरी कोट गरेँ :**

एउटा सैतान चिप्लेर सत्ताबाट झर्‍यो तल<br>अर्को सैतान सत्तामा जान गर्दैछ तर्खर ।

**सायद सैतान सरकारमा जाने र आउनेको कथा हो । अहिले तपाईँ भरतपुर महानगर प्रज्ञामा हुनुहुन्छ । यो पनि एउटा सरकार नै हो । प्रज्ञामा नरहेका कविहरूले यो लेखेको भए कस्तो लाग्थ्यो ? प्रज्ञामा हुँदा र नहुँदाको फरक सरकार र प्रतिपक्षमा हुँदाको जस्तै हुँदो रहेछ ? सत्ताले तपाईँको साहित्य लेखनमा कत्तिको प्रभाव पारेको छ ?**

पहिलो कुरा त सत्ता भन्नेबित्तिकै राजनीतिक सत्ता नै भनेर मात्र बुझ्न जरुरी छैन । सत्ता हर ठाउँमा हुन्छन् । जस्तो कि, अहिले हाम्रो देशमा कर्मचारीतन्त्रको कुरा गर्छौँ नि त्यहाँ पनि खतरनाक सत्ता हुन्छ । शिक्षामा शैक्षिक माफिया, उद्योग, व्यवसाय, अस्पताल जहाँ पनि एकप्रकारका मान्छेहरूले जबर्जस्त रूपमा सत्ता कब्जा गरिरहेका हुन्छन् । तर मैले माथिको टुक्रा भने दुनियाँले बुझ्ने राजनीतिक सत्तामाथि नै प्रहार गरेको हुँ । मैले यस्तो लेखिरहँदा म प्रज्ञाप्रतिष्ठानको परिषद्को सदस्य भएका कारणबाट मद्वारा यस्तो लेखिन हुन्न भन्ने पटक्कै छैन र मैले यस्तो लेखिरहँदा कुनै निकायबाट यस्तो किन लेखेको भनेर सोधिएको पनि छैन । यदि प्रज्ञामा रहेकै कारणले यस्तो नलेखिएको भए हुन्थ्यो भन्ने आयो भने मेरो दायित्व त्यहाँबाट राजीनामा दिने हो, जुन मलाई रत्तिभर गाह्रो छैन । त्यसो त मैले हिजो मैले **बुलेट नं. पाँच** (खण्डकाव्य) लेखेँ । धेरै मानिसबाट 'तेरो ज्यान जोखिममा छ, विचार गर्नु' पनि भनियो । अहिले म महानगर प्रज्ञामा छु । **कमिलाको प्वाँख** निकालेँ । यो मेरो स्वतन्त्रताको कुरा हो । यदि अरूले मैले लेखेजस्तै तपाईँले कोड गर्नुभएको कविता लेखे भने म दिल खोलेर प्रशंसा गर्छु । अहिले सबैभन्दा बढी साहित्य विद्रोहीचेतका त छन् नि । विद्रोह मान्छेको अधिकार हो । विद्रोही चेतका साहित्य नलेखिनका लागि राज्यले नागरिकका अधिकारको सुरक्षा गर्न सक्नुपर्‍यो । त्यसैले म प्रज्ञामा रहेर या नरहेर मेरो लेखनलाई कत्ति पनि प्रभाव पारेको छैन र कसैले प्रभाव पार्न पनि सक्ने छैन ।

**विष्णुदेवी तिवारी 'उषा', परिषद् सदस्य**

१, **तपाई भारततिरको यात्रा बडो आनन्दसँग गरिरहेको देख्छु । कसरी यति सहज यात्रा गर्नुहुन्छ भन्ने लागेको थियो तर अल्लि अस्ति भएको गफगाफबाट थाहा भयो कि तपाईँको बाल्यकाल नै भारतमा बितेको रहेछ । कस्तो थियो तपाईँको बाल्यकाल ?**

मेरो जन्म असार २९ गते (जुलाई १३) भारतको सिलोङ्गमा भएको थियो । मेरो बुवा पेसाले मेघालयको मिटर फ्याक्ट्रीस्थित इलेक्ट्रिसिटी बोर्डमा सरकारी कर्मचारी हुनुहुन्थ्यो । हाम्रो परिवारमा हजुरआमा, आमाबुवा, एक दिदी, दुई बहिनी र म गरी चार बहिनी थियौँ । त्यहाँ हामी सुविधासम्पन सरकारी आवासमा बस्ने गर्दथ्यौँ । हजुरआमाले यो संसारमा रहुञ्जेल नातिको मुख हेर्ने अवसर नदिएकी भन्दै आमालाई तथानाम गाली गलौजका भाला रोपिरहँदा मेरो बालमस्तिष्क छियाछिया हुने गर्दथ्यो । छोरा पाउन नसकेकोमा बाबाले पनि आमाको अपमान गर्नुहुन्थ्यो र आमा स्वयमूले आफूलाई धिक्कारेको सम्झना ताजा छ मेरो मानसपटलमा ।

बाल्यकालको समय भारतको बसाइँ निकै सुखमय नै बित्यो । किनकि आमाको दुःखले केही क्षण पोले तापनि बाल मन न हो एकै क्षणमा रमाउने पनि गर्दथ्यो । मलाई स्कुल पढ्न जान खुब आनन्द लाग्ने तर म सानो कक्षामा भएकाले हाफ समयसम्ममात्र पढाइ हुने हुँदा पूरा समय पढ्न नपाएकोमा घण्टौँ बन्द गेटबाहिर झुन्डिएर रुने गर्दथेँ । गुरुआमाहरूले फकाएर काखमा बोकी घरसम्म पुर्‍याइदिन्थे । अङ्ग्रेजी माध्यममा पढाइ हुने कन्या स्कुलमा पढाउने शिक्षकहरू पनि महिला नै थिए । केही समयपछि हजुरआमाको क्यान्सर रोगका कारण निधन भयो ।

छोरा नभएका कारण मलाई छोराको झल्को मेटाउने खालका पहिरन पहिराइन्थ्यो । मेरा हरेक चाहनाहरू तुरुन्तै पूरा पनि हुन्थे । म छ वर्षकी हुदाँ मामाघरकी हजुरआमाले घुम्न जाने

बहानामा नेपालको स्याङ्जा ल्याइपुऱ्याउनुभयो । पहाडको ढिँडो, गुन्द्रुक, मेलापात आमा, जिआमा र सानीआमालाई सहज भएन । हामी ढिँडो खान जान्दैनथ्यौँ । आमाले पहिले भात पकाएर मदुसमा लुकाउनु हुन्थ्यो र ढिँडो ओडालेर बाहिर माटोले पोतेको चुल्होमा राख्ने गर्नुहुन्थ्यो । साँझ परेपछि सधैँजसो पारिबाट ठूला हजुरबुवा घरमा आएर "चामलको भात खान हुँदैन है बुहारी, अनिकाल लाग्छ" भन्दै उर्दी जारी गर्दै फर्कनुहुन्थ्यो । हामीलाई नपुग्दो केही थिएन तथापि डराउनुपर्ने त्यस्तो संस्कार देखेर मलाई सानै भए पनि पच्दैनथ्यो । बारम्बार आमालाई प्रश्न गर्दथेँ "किन डराउने ? कसको खाइदिएको छ र डराउने ?" आमाले चुपचाप ढिँडो लगेर भैँसीको ताउलोमा फालेर मदुसमा लुकाएको भात झिकेर हामीलाई खुवाउनु हुन्थ्यो । मान्छेलाई विद्रोही परिवार, सामाजिक वातावरण र अन्याय सहन नसक्ने स्वभावले बनाउने रहेछ किनकि म सानैदेखि कुसंस्कारहरूको खुलेर विरोध गर्दथेँ ।

२०४० साल भाद्र २९ गते रातको १२ बजे हाम्रो घरमा ठूलो भाइ जन्मियो । परिवारमा खुशियाली छायो किनकि पितृसत्ता सम्हाल्ने छोरो आयो । हामी सबै भाइलाई देखेर निकै हर्षित भयौँ । त्यसपछि नौ महिनाको पहाडको बसाइलाई बिट मारेर हामी तराईको नवलपरासी झऱ्यौँ । हामीलाई श्री शिव माध्यमिक विद्यालयमा भर्ना गरियो । मलाई नेपाली लेख्न बोल्न त्यति राम्रो आउँदैनथ्यो । यो देखेर शिशु कक्षामा राखियो । मन परेन रोइकराइ गरेर कक्षा एकमा भर्ना गर्न लगाएँ । चिसो ठाउँमा जन्मिएर, खाइखेली हुर्कँदै गरेको हाम्रो शरीरलाई तराईको गर्मीले नराम्रोसँग डस्यो । घमौरा पाकेर शिरदेखि पाउसम्म कुहिँदा आमाले मेरो कपाल खुल्याएर व्रतबन्ध गर्न लागेको बटुकको जस्तै बनाइदिनु भएको थियो । साथीहरू 'मुडुली माउ माखा पोली खाऊ' भन्दै हाँसोको पात्र बनाउँथे म उनीहरूलाई कुट्न दौडन्थेँ । खरको छानोमुनि ईँटाको चकटीमा बसेर 'कपुरी क' सिकिरहँदा भारतको सुविधासम्पन्न स्कुलको खुब याद आउने गर्दथ्यो । घरमा पुगेर आमालाई "यो गन्धा नेपाल मैं नबसौं, हाम्रो शिलोङ्ग जाऊँ" भन्ने गर्दथेँ ।

पहिलो वर्षको परीक्षामा मैले गुरुहरूसँग मौखिक प्रश्न सोधेर आधा नेपाली आधा अङ्ग्रेजीमा उत्तर लेखेको याद छ । पछिल्ला वर्षहरूमा बल्ल सुधार हुँदै गयो । पछिपछि नेपाली भाषामा सबैभन्दा पहिलो नम्बरमा पास हुन थालेँ । कुनै दिन स्कुल जान नपाउँदा झगडा गरेर, भागेरै स्कुल पुग्ने बानीले पढ्न सहज बनायो । २०४६ सालमा देशमा पञ्चायती व्यवस्थाको विरुद्धमा विद्रोह मच्चिरहँदा म सानै भए पनि झन्डा बोकेर नारा लगाउँदै कुदेको याद छ । तराई छिरेपछिको बाल्यकाल केही कष्टकर पनि बन्यो । पानीको अभावले गाग्रीको घाँटीमा नाम्लो बाँधेर पाँच-छ किलोमिटर पर पर्धेँरोमा पुगेर पानी बोकेको, हिँड्दाहिँड्दै लडेर पानी पोखिएर रित्तो गाग्रो रुँदै घर पुगेका दुःखद यादहरू छापिएका छन् मनका भित्ताभरि ।

कावासोतीमा त्यतिबेला निकै सर्प लाग्ने गर्दथ्यो । दिनहुँजसो सर्पको टोकाइबाट मान्छे मरेको सुन्दा सारै पीर लागेर आउने । बाबाको भारतको जागिर जारी रहँदा घरमा ससाना भाइबहिनी सबैको सुरक्षाको जिम्मा एउटी आमामाथि थियो । यसैमाथि त्यतिबेलाको समाजले एउटी महिलालाई हेर्ने कुदृष्टि । यी सबै कुराको साक्षी थिएँ म, सके पनि नसके पनि भाइबहिनीहरूको रक्षाका लागि सर्प घरमा पसेपछि लौरो लिएर मार्न जान्थेँ र मार्थेँ पनि । मैले बालापनदेखि युवा अवस्थासम्म धेरै सर्प मारेकी छु । रातभर खेतमा पानी लगाउन कुदिरहने साहसिक आमाको चौकीदारी पनि गरेँ । घरमा पालेका भैँसी, बाख्रा र गोरु हेर्न कुदेकी पनि छु । यो सबै त्यतिबेलाको कथाले मागेका कार्य थिए । सातवटा आफ्ना छोराछोरी, दुई जेठाजुका र एउटी जन्म दिने बुढी आमा (हाम्री जियामा) सबैको रेखदेख आमाको जिम्मामा थियो । एउटा सहयोगी मामा गरेर १२ जनाको परिवार थियौँ । समय र परिवेशले निम्त्याएको सक्दो काम गरियो अन्यथा मध्यम वर्गीय परिवार भए तापनि बाबा भारतीय लाहुरे भएकाले अभावले घरमा चिहाउन सकेन । चाहेको सबै पुग्ने वातावरण पनि थियो । तराई झरेपछि थप दुई भाइ जन्मिए । तिनै भाइहरू साना, म माहिली छोरी दिदीको केही डरपोक स्वभाव र म निडर हुनाले आमाको दाहिने हात बनेर सघाउँथेँ । त्यो पनि समाजको अगाडि बोल्नुपर्ने र लड्नुपर्ने ठाउँमा मात्र काम गर्ने मामलाचाहिँ दिदी नै अगाडि हुनुहुन्थ्यो । मलाई भलिबल र कपर्दी खेल्न निकै मन पर्ने गर्दथ्यो तर घरबाट अनुमति नमिल्दा भागेरै भए पनि खेल्न जाने तर आमाले हातमा लौरो लिएर खोज्न दौडनुहुन्थ्यो । यतिसम्मकि देउसीभैलो खेल्न, फागुपूर्णिमा फागु खेल्न, कतै साथीको घरमा गएर बास बस्न र वल्लो-पल्लो टोलका साथी खेलेको ठाउँमा समेत गएर खेल्न नदिने । केवल स्कुल पढ्न जाने, बिदा भएपछि घर आइपुग्नु पर्ने यस्तो खालको साघुँरो परिवेश त्यतिबेलाको समाजले र बाबाको अनुपस्थितले पनि सृजना भएको हो भन्ने लाग्छ । यस्तै धेरै साँघुरो संस्कार र परिवेशमा सङ्घर्षमय तवरले बाल्यकाल व्यतीत भयो ।

२, **तपाई गीत, गजल लेख्नुहुन्छ, गाउनुहुन्छ । कविता लेख्नुहुन्छ । साहित्यको क्षेत्रमा कसरी आइपुग्नु भो ?**

हाम्रो परिवारमा बुवाहरू दुई भाइ, मेरो बाबाले घरमा **रामायण, महाभारत, देवीभागवत** साथै अन्य धार्मिक ग्रन्थहरू पढ्ने गर्नुहुन्थ्यो । सुन्दासुन्दै मलाई कतिपय श्लोकहरू कण्ठस्थ हुन्थे र गुनगुनाउँथेँ पनि । साथै मेरो ठूलो बुवा गुवाहाटीमा भारतीय रेलवे अफिसर हुनुका साथसाथै गीत र कविता लेखनमा सक्रिय हुनुहुन्थ्यो । उहाँका रचनाहरूले पनि मलाई लेख्न उक्सायो साथै बाबाले

आफू नेपाल छुट्टीमा आउँदा टेप रेकर्डर बजाएर हामीलाई नाच्न, गाउन र खाली क्यासेटहरूमा गीत गाएर रेकर्ड गर्न सिकाउनुहुन्थ्यो । एवम् रितले सानैदेखि नै नाच्ने गाउने र कविता लेख्ने रहर जाग्यो । म चार कक्षामा पढ्दा मेरी साथी मुना गुरुङसँग मुक्तकीय दोहोरी लेख्ने गरेको याद छ। पछि बिहे भएर चितवन प्रवेश गरेको पाँच वर्षपछिबाट समाजमा चिनिएर लेख्ने, सिक्ने र पढ्ने हुटहुटी सुरु भयो, जो अहिलेसम्म कायमै छ। चितवनको माहोलमा मलाई पहिलोपटक साक्षात्कार गराउने मेरा आदरणीय गुरुबुवा ऋषिप्रसाद लामिछाने 'गोर्खे साइँलो' हुनुहुन्छ । त्यसपछि चितवनका विभिन्न साहित्यिक कार्यक्रम, साहित्यिक किताबहरू, टि.भी. तथा रेडियोहरूबाट घन्किने गजल-गीतहरूले थप ऊर्जा र उत्साह थपिदिए । गीत तथा गजलहरू गुनगुनाएर सुनाउने बानीलाई धेरैले राम्रो भनेर प्रोत्साहित गरेपछि आस्था कला केन्द्र साविकको (श्रुति सङ्गीत विद्यालय)मा आदरणीय गुरु चन्द्र घलेसँग सङ्गीत प्रशिक्षणमा जान थाले र सङ्गीतमा डिप्लोमासम्मको अध्ययन गरेँ । हालसम्म पनि सङ्गीत साधना जारी छ।



चितवनलगायत अन्य क्षेत्रहरूमा साहित्यिक कार्यक्रमहरूमा उपस्थित हुने, विभिन्न साहित्यिक पुस्तकहरू पढ्ने क्रममा विशेष गरेर गज़लले मन खिच्यो। मलाई घरमा नै आएर छन्दमा कविता तथा गजल लेख्न र सिक्नको लागि प्रोत्साहित गरिरहने मेरा आदरणीय गुरुहरू निर्मोही व्यास, गोविन्दराज विनोदी, केशवराज आमोदी, मेरो रचनाहरूको पहिलो पाठक जीवनसाथी गोकुल शर्मा तिवारी, पुष्प अधिकारी 'अञ्जली', गुरु टेकनारायण रिमाल कौशिक हुनुहुन्छ । साथै साहित्यिक क्षेत्रमा चेली भनेर पहिलोपटक सम्बोधन गर्ने, कुनै पनि कार्यक्रममा 'उषाको एउटा गजल गायन सुन्नुपर्छ है' भनेर बारम्बार प्रोत्साहित गरिरहने भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मी र प्राज्ञ केदारनाथ खनाललगायत पढ्नको लागि हरेक भेटमा झकझकाउने हजुर (उदय अधिकारी) को नाम अग्रपङ्क्तिमा आउँछ।

अहिले साहित्यलाई सिक्दै र बुझ्दै जाँदा हिन्दी साहित्य लेखन पेसामा परिवर्तन भएको छ र नेपाली साहित्य समय खर्चिने माध्यम । हाल भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको परिषद् सदस्य तथा कलासंस्कृतिको संयोजकको भूमिकामा कार्यरत छु साथै साहित्य सङ्गम चितवनको सचिव र भरखरैमात्र प्रगतिशील लेखक सङ्घको अध्यक्षता सम्हालेकी छु। छोटकरीमा भन्नुपर्दा साहित्य र मेरो सम्बन्ध नङ र मासुको जस्तै बनेको छ, जसलाई कसैले छुट्याउन सक्दैन भन्ने भावना जागृत गराएको छ।

३, **हिन्दी पढ्ने र लेख्ने सन्दर्भमा तपाइँको र मेरो भेट भयो। तपाईं हिन्दी राम्रो लेख्नु हुँदोरहेछ, हिन्दी भाषाको प्रेममा कसरी पर्नुभयो ?**

मैले अगाडि नै भनिसकेँ । मेरो घरको माहोल साहित्यिक तथा साङ्गीतिक थियो। जन्मिएर पहिलोपटक सुनेको शब्द नै हिन्दी हो। यसैले होला हिन्दी भाषा प्रतिको प्रेम र लगाव निकै छ।

नेपाल प्रवेशपछि छोरी धेरै भएका र समाज पनि त्यस्तै भएकाले आफूले भनेजति पढ्न नपाई एस.एल.सी. परीक्षा सकिनेबित्तिकै मेरो विवाह गरियो । मेरो मनमा भने पढ्ने हुटहुटीले कोतरिरह्यो परिणामस्वरूप जीवनसाथीलाई फकाएर मैले १२ वर्षपछि पुनः सन् २००९ मा वीरेन्द्र बहुमुखी क्याम्पसबाट स्नातक उत्तीर्ण गरेँ। पढाइलाई अझै निरन्तरता दिने क्रममा हालैमात्र हिन्दी भाषामा स्नातकोत्तर गरिरहेकी छु । मेरो लेखन कार्यको सुरुवात नै हिन्दी भाषाबाट भएको हो र हालसम्म पनि लेख्ने सिक्ने क्रममा नै छु। यसै क्रममा हिन्दी भाषाको एउटा गज़लसङ्ग्रह महफिल अनुवादित कविता कृति **जवाहर टनल** र नेपाली भाषाका दुई गज़ल कृतिहरू प्रकाशित छन्। हाल अनुवाद लेखनमा तथा अध्ययनमा व्यस्त छु।

४, **मैले खगेन्द्र सङ्ग्रौलासँग गरेको सम्वादको किताब 'अविश्रान्त लखर लखर'माथि तपाईंले गर्नुभएको समीक्षामा आफ्नो साहित्यसम्बन्धी प्रगतिशील सोचलाई पनि तपाइँले उल्लेख गर्नुभएको थियो। साहित्यलाई कसरी परिभाषित गर्नुहुन्छ ? समाजको विकासमा साहित्यको के भूमिका हुन सक्छ ?**

साहित्य समाज परिवर्तनको संवाहक हो । 'कलमको महत्त्व र ताकत कति छ ?' भन्ने विषयको सार्थकता हालसम्म नेपालमा प्रकाशित पुस्तक तथा प्रदर्शित कला र तिनले जनमानसमा पारेको प्रभावले प्रस्ट्याउँछ। विशेष गरेर समकालीन नेपाली साहित्यमा प्रगतिवादी चेतनाले सामाजिक सरोकारका विषयहरू जस्तै : गरिबी, उत्पीडन, दमन, अत्याचारजस्ता विभेदहरूको अन्त्य तथा आमूल परिवर्तन गर्दै जनमानसमा भविष्यप्रतिको गहन आस्था र विश्वास, जीवन र परिवारप्रतिको असीमित प्रेम, समाज परिवर्तनको स्वप्न तथा एउटा नयाँ समाज निर्माणको दृढ आकाङ्क्षा बोकेर अहोरात्र कलम लिएर दौडिएको प्रगतिशील लेखन कलाले नै समाजको चौतर्फी विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

प्रजातन्त्रको स्थानपनापश्चात् पनि राज्यमा भैरहेको बेथिति, भ्रष्टाचार, पुँजिवाद, अमिल्दो राज्य व्यवस्था, थिचोमिचो तथा कुसंस्कारका विरुद्धमा भएको १० वर्षे

जनयुद्धमा जसरी गरिब, निमुखा, सर्वहारावर्गहरूले आफ्नो ज्यानको परवाह नगरी हतियारसहितको युद्ध लडे, त्यसरी नै लेखकहरूले परिवर्तनको पक्षमा रहेर बौद्धिक विचारको युद्ध लडे। फलस्वरूप आज देशमा गणतन्त्रको बलियो जग बसेको छ। हाल पनि जनतालाई जगाउने, राष्ट्रको नीति-नियमलाई सच्याउन खबरदारी गर्ने, आवश्यक कानुनको माग गर्ने, गाउँदेखि सहर बिउँझाउनेजस्ता काममा पनि कला र साहित्यको महत्त्वपूर्ण भूमिका रहेको कुरा जगजाहेर छ। त्यसैले साहित्य समाजको ऐनामात्र नभएर समाज विकासको बलियो कडी पनि हो।

५, **तपाईँले हिन्दीबाट नेपालीमा अनुवाद गर्नुभएको प्रसिद्ध हिन्दी कवि अग्नि सेखरको कवितासङ्ग्रह 'जवाहार टनल' माथि मलाइ आफ्नो विचार राख्ने मौका मिलेको थियो। कवि अग्निसेखर पनि आउनुभएको थियो। तपाईँलाई अनुवादको क्षेत्रमा केले तान्यो ? अनुवाद कत्तिको सजिलो हुँदोरहेछ ?**

हिन्दी भाषामा गज़ल, गीत, कविता, लेख र कथाहरू लेखेर फुटकर रूपमा प्रकाशन हुन थालेको २५ वर्ष पुगेछ। यसैक्रममा सन् २०१६ मा चेन्नईको एस.आर.एम. विश्वविद्यालयले आयोजना गरेको 'तीन दिवसीय शोधपत्र वाचन तथा काव्य-गोष्ठी'मा जम्मू कश्मिरका चर्चित कवि तथा अनुवादक अग्निशेखरसँग पहिलो पटक भेट भयो। उनी मेरो शोधपत्र वाचन र हिन्दी गजल गायनबाट प्रभावित भएछन् र आफ्नो किताब उपहार स्वरूप टक्र्याए। मैले पनि तत्काल नै "यो किताब अनुवाद गर्नेछु" भनेर प्रतिबद्धता जनाएँ। उनी हर्षित हुदै शुभकामना दिएर बिदा भए।

अनुवाद गर्छु भन्नु र गर्नुमा धेरै अन्तर रहेछ भन्ने कुरा भाषा अनुवाद गर्दैजाँदा थाहा लाग्यो। शुद्ध हिन्दी भाषा त म राम्रोसँग बुझ्छु तर त्यहाँ कस्मिरी स्थानीय भाषा मिश्रित थियो, जसले हम्मेहम्मे बनायो। बोलेको वचन पूर्ण त गर्नैपर्‍यो यही अठोटले उत्साहित पनि बनायो। नबुझेका शब्दहरू कतिपय गुगलमा भेटिए त कतिपय स्वयम् कविसँग छलफल गरेर दुई वर्षमा एउटा कविता कृति अनुवाद सकियो। अनुवाद फलामको चिउरा चपाउनु बराबरको काम हो भन्ने कुरा प्रमाणित पनि अनुभवले गरायो।

जति सजिलो आख्यान वा लेख अनुवादमा हुन्छ त्यति सहज कवितामा हुँदैन किनकि कवितामा कविको भावनालाई विशेष ध्यान दिनुपर्छ। यो मेरो अनुवाद कार्यको थालनी थियो। अहिले व्यावसायिक रूपमा अनुवादले एउटा स्थान बनाएको छ। मेरो मिहिनेत र लगनले मलाई चिनाएको छ।

६, **तपाईंसँग मैले क्षमा कौल को 'दर्दपुर' भन्ने उपन्यास लिएर पढेको थिएँ र केही किताब तपाईँले पनि लिएर पढ्नुभएको थियो। तपाई पढिरहनुहुन्छ, राम्रो लाग्छ। तपाईँले पढेका केही राम्रा किताबहरूको नाम बताइदिनुस् न। किन तपाईँलाई ती किताबहरू मन परेका कारणहरू पनि दिनु होला।**

सर्वप्रथम मैले पढेको उपन्यास मेक्सिम गोर्कीको **आमा** हो। उक्त उपन्यास हिन्दी भाषामा थियो। त्यसपछि मैले त्यसको अङ्ग्रेजी भाषामा पनि पढेँ र नेपालीमा पनि। डा. तसलिमा नसरीनको सन १९९३ मा प्रकाशित उपन्यास **लज्जा** मैले चार पटकसम्म पढेकी छु। यो किताब पढेपछि सारांशमा यति कुरा प्रस्ट हुन्छ कि ! **लज्जा**ले जहाँ कुनै पनि बहानामा जातीय सद्भाव खलबलिँदा जुन किसिमको द्वन्द्व उत्पन्न हुन्छ या भनौँ त्यसको परिणाम कति दर्दनाक हुन्छ भन्ने कुरालाई प्रस्ट्याएको छ। सन् १९९२ को डिसेम्बरमा भारतको अयोध्यामा घटित बाबरी मस्जिद काण्डपछि बङ्गलादेशका बहुसङ्ख्यक मुसलमानहरूद्वारा अल्पसङ्ख्यक हिन्दुहरूमाथि गरिएको अत्याचारको विषयलाई लिएर लेखिएको **लज्जा**लाई लेखिकाले बङ्गलादेशलाई माया गर्ने सबैको हारको दस्तावेज मानेकी छन्। लज्जा तसलिमाको मात्र नभई मानव सभ्यताकै 'लज्जाको दस्तावेज' हो। त्यसपछि ममा उनलाई अझै पढ्ने र जान्ने उत्सुकता जाग्यो र 'बिग्रेकी केटी' र 'देश निकाला' शीर्षकका आत्मकथा पनि पढेँ। आफू काव्यप्रेमी भएकाले गुलज़ारका धेरै किताबहरू पढेकी छु तीमध्ये नाम याद भएका '**कुछ तो कहिए**', **जीना यहाँ**' (कथासङ्ग्रह), 'किताबें' आदि। बशीर बद्रका **आसु**, **मुसाफिर**, **बशीर बद्र की गज़लें**, **धूप का चेहरा**......, जावेद अख्तरको **तरकश**, प्रेमचन्दका **कर्मभूमि र प्रेमचन्दकी श्रेष्ठ कहानियां**', अरुन्धती रायको अन्यायका विरुद्धमा कलात्मक तरिकाले प्रस्तुति गरिएको किताब **न्यायका गणित** साथै अङ्ग्रेजहरूको क्रूरताको विषयलाई लिएर लेखिएको **आजादी**, रजनी मोरवालको **नमकसार** कथाकृति, जसमा नूनखानीमा काम गर्ने बँधुवा मजदुरहरूको मार्मिक कथा प्रस्तुत गरिएको छ। ऐन्तोन चखेबको **Three Sisters** (**तीन बहने**) नाटक, जसलाई भारतका चर्चित कथाकार तथा अनुवादक राजेन्द्र यादवले हिन्दी भाषामा अनुवाद गरेका छन्।

इतिहासकै पहिलो प्रेमकथा भनेर चर्चित **नल और दमयन्ती** कथा जसलाई लेखेका थिए आनन्द नीलाकान्तनले यसमा **महाभारत** कथामा पाँच पाण्डवहरूले जुन किसिमको बनवास भोग्नु पर्‍यो, त्योभन्दा पनि ठूलो पीडित व्यक्ति अर्को पनि छ भनेर ढाडस दिनका लागि महर्षि बृहदश्वले युधिष्ठिरलाई यो कथा सुनाएको प्रसङ्ग कथामा छ। यो कथा पढेर प्रेम, विरह, वेदना, इमान्दारिता र देवताहरूको कुदृष्टि र चारित्रिक विशेषता पनि प्रस्ट जान्न सकिन्छ।

रविन्द्रनाथ ठाकुरको **गोरा** उपन्यास, जुन औपन्यासिक मात्र नभएर महाकाव्यात्मक कृति पनि हो। यसमा भारतीय इतिहासको साङ्केतिक चित्रण गरिनुका साथै देशको सामाजिक दुर्दशा र राजनीतिक नियतिलाई निकै साहसी ढङ्गले सङ्केत गरिएको छ। त्यस्तै तुलसीदासको **रामचरितमानस** महाकाव्य र महर्षि वाल्मीकिद्वारा लिखित

**रामायण**मा उनै मर्यादा पुरुषोत्तम रामको कथा छ । यी दुवै ग्रन्थहरूमा धेरै मतमतान्तरहरू देखिन्छन् वाल्मीकि **रामायण** रामको जीवनकालमा नै वाल्मीकिले लेखेका हुन् भने **रामचरितमानस** मध्यकालमा लेखिएको ग्रन्थ हो ।

नेपालीमा लक्ष्मीप्रसाद देवकोटाका **मुनामदन**, **लक्ष्मी निबन्धसङ्ग्रह**, **शाकुन्तल** महाकाव्य, पारिजातका **शिरीषको फूल**, **मैले नजन्माएको छोरो**, **तोरीबारी**, **बाटा र सपनाहरू**, **बैंसको मान्छे**, **अनिदो पहाडसँगै**लगायत सबै, लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्य, **पिंजराको सुगा**, **तरुण तपसी**, वीपी कोइरालाका **सुम्निमा**, **तीन घुम्ती र मोदिआइन**, माधवप्रसाद घिमिरेका **गौरी** (शोककाव्य), **राजेश्वरी**, **ऋतंभरा** महाकाव्य, राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान**, लैनसिंह वाङ्देलको **लङगडाको साथी**लगायत सबै, हृदयचन्द्रसिंह प्रधानको **एक चिहान**लगायत सबै, लीलाबहादुर क्षत्रीको **बसाइँ**, भूपि शेरचनको **घुम्ने मेचमाथि अन्धो मान्छे**, कृष्ण धारावासीका **राधा**, **शरणार्थी** र **झोला**, सिद्धिचरण श्रेष्ठको **पल्लो घरको झ्याल**, नयनराज पाण्डेको **उलार**, युग पाठकको **उर्गेनको घोडा**, राधा पौडेलको **खलङ्गामा हमला**, Frances Hodgson Burnett को **The Secret Garden** उपन्यासमा एउटी युवती Mary Lennox ले आफ्नो मामाको घरमा गएको बेला एउटा अदृश्य बगैंचा पत्ता लगाएको निकै रोचक तथा काल्पनिक कथावस्तु बुनिएको छ ।

त्यस्तै गरेर Jack London को **Call of the Wild** पढेकी छु, जसमा मानिस र कुकुर सहआश्रित हुन्छन् भन्ने कुरालाई प्रस्ट पार्दै दुवैबिचको सम्बन्धको महत्त्वपूर्ण विषय उठान गरिएको छ । **The Tale Retold** अङ्ग्रेजी भाषाको हाल पढिरहेको कथासङ्ग्रह हो यसका रचयिता अल्का सरोगी हुन भने यसको अङ्ग्रेजी अनुवाद वन्दना आर सिहंले गरेकी छन् । शीर्षकथामा एउटा आमा र अपाङ्गता भएकी छोरीको कथा छ । यसमा मानसिक रोग र महिलाप्रति गरिने उपेक्षाको साथै जीवनप्रतिको दृष्टिकोण तथा नारीवादी विचारले भरिएका निकै उत्कृष्ट १७ वटा कथाहरू छन् ।

माथि उल्लेखित सबै किताबहरू प्रतिनिधि किताबहरू हुन् । यी लगायतका नेपालभरका र विशेष गरेर चितवनका लेखकहरूका सबै किताबहरू पढेकी छु । समग्रमा पठन संस्कृतिले मेरो मनलाई र ज्ञानको सिमानालाई विस्तृत बनाउने दौडाहामा छ । अध्ययनमा घोत्लिरहँदा र लेखिरहँदा सारा पीर, वेदनाहरू, जीवनका बाधा-व्यवधानहरू थन्काएर नयाँ संसारमा सयर गरेको महसुस हुने गर्दछ । ज्ञानले हमेशा मस्तिष्क ताजा र उत्साहित बनाउने गर्दोरहेछ । मेरो बुझाइमा किताब पाठकको विश्वासिलो साथी तथा स्वस्थकर खुराक पनि हो ।

**बालकृष्ण थपलिया, सदस्य सचिव**

१, **हुर्कनु भो धादिङ्मा, सायद कलेजको पढाइ चितवनमा पूरा गर्नुभो । अहिले भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानसँग सम्बन्धित हुनुहुन्छ । कस्तो थियो तपाईंको बाल्यकाल ?**

सामान्य थियो । न्यून मध्यम वर्गीय परिवारमा जेठो छोराको रूपमा जन्मिएँ, अभाव, दबाव र प्रभावमा पढियो । प्रवेशिका परीक्षा गाउँकै रानीपौवा माविबाट गरेँ । अध्ययन मध्यम खालको थियो । बाहिरी खाता भएको किताब र पाठ्यपुस्तकभन्दा अन्य किताब पढ्ने मेसो खासै मिलेन । माध्यमिक तहमा शैक्षिक सत्र पूरा गर्ने शिक्षकहरू हुँदैनथे । बल्लबल्ल कोही शिक्षकहरू आउनुहुन्थ्यो । खै किन हो कसैले पनि वर्ष कटाएको थाहा भएन । तैपनि जसोतसो क्याम्पस पढ्न हुने भइयो ।

२, **साहित्य के हो ? साहित्यको क्षेत्रमा कसरी आइपुग्नुभो ? साहित्यकार हुनुको जिम्मेवार चाहिँ के रहेछ भन्ने लाग्छ ? साहित्यमा पक्षधरता हुन्छ कि हुँदैन ?**

कति गम्भीर र महत्त्वपूर्ण प्रश्न ! एउटै प्रश्नमा धेरै खोज्नुभयो । बुबा विश्वनाथ थपलिया कविको रूपमा परिचित हुनहुन्थ्यो । गाउँमा कसैको बिहे, मङ्गलकार्य आदि हुँदा अनिवार्य बोलाइनेमा पर्नुहुन्थ्यो बुबा । उहाले हालेको श्लोक सुन्न गाउँलेहरू लालायित हुन्थे । उहाँसित अलि टाढा जाँदा बुबालाई सम्मानपूर्ण व्यवहार गर्थे । यो देखेर ममा पनि बाउजस्तै इज्जत बढ्ने काम गर्न पर्छकी जस्तो लाग्थ्यो । क्याम्पस पढ्न चितवन झरेपछि भने पत्रकारिता र साहित्यमा रुचि बढ्दै गयो । यसैक्षेत्रका साथीहरूसित उठबस् हुँदै गयो । म साहित्यको सामान्य अनुरागी मात्र हुँ । मेरो लागि साहित्य सत्सङ्गत गर्ने उत्कृष्ट माध्यम हो । पछि अध्ययन गर्दै जाँदा यसका माध्यमबाट विचार निर्माणको सहायक, स्वान्तसुखाय र आत्मसन्तुष्टि लिने माध्यम हो भन्ने लाग्छ । जहाँसम्म पक्षधरताको कुरा छ असल साहित्यकारको पक्षधरता भनेको विचारलाई कलाका माध्यमबाट व्यक्त गर्नु हो, विचारलाई शिल्पले कुँध्नु हो । सर्वप्रिय र सर्वग्राह्य व्यवहार हो । अघिपछि जता लागे पनि साहित्य र सिर्जनाको बेला पक्षधरताका नाममा कुनै दलको दलदलमा भासिनु आत्मघाती हो । त्यो साहित्य नभएर भीडको नारामात्रै हो । मतदानको बेला गोप्य मतदान गर्नु कर्तव्य हो तर पक्षधरता नाममा दलकै कार्यकर्ता बन्ने कुरा साहित्यले अपेक्षा गर्दैन । सिर्जनामा कुनै विचार वा समूहको नारा लेख्नु र कसैको दास वा दलको भाट बन्नु मलाई राम्रो लाग्दैन । तर लोकतन्त्रका आधारभूत मान्यतामा सम्झौता गर्दिन म । समतामूलक समाजको अपेक्षा गर्दछु । साहित्य स-हित हो । समाजको हित चिताउने हो साहित्यले । कुनै बिचार लाद्न गरिने जबरजस्त नारा साहित्य होइन । निर इङ्कुशताका बिरुद्व ज्यानै जोखिममा राखेर **धारा एकसय सत्ताईस** प्रकाशन गर्दाको समय सम्झदा अहिले पनि आङ्ग सिरिङ्ग हुन्छ । मेरो पक्षधरता भनेको लोकतन्त्र

हो। स्वतन्त्रता हो। बहुलवादमा विश्वास हो। दाशता हैन स्वाभिमान र इमान्दारिता हो । ढोंगी र सिद्वान्तबादी हैन व्यवहारबादी हो। साहित्य त्यसैका अनुभूतिजन्य छिटफुट बाछिटा मात्र हुन्।

३, **'धारा एक सय सत्ताइस'को विमोचनको बेला एक जना साक्षी म पनि थिएँ। खगेन्द्र सङ्ग्रौला आउनुभएको थियो, सायद सप्तगण्डकी क्याम्पसको कुनै कोठा थियो। यो कृति विद्रोही कविको थियो ? आजकल शान्त प्राज्ञ बन्ने निर्णय त्यो कविले किन गऱ्यो होला, यो जिज्ञासा मनमा उठिरहेको छ ? के शान्त हुने समय आइसकेको हो ?**

होइन नि ! **धारा एकसय सत्ताईस** आफैमा व्यङ्ग्य र विद्रोहको प्रतीक थियो। जनआन्दोलन २०६२/०६३ को पृष्ठभूमिमा निरङ्कुशताका कलमका माध्यमबाट संयमित रूपमा गरिएको विद्रोह थियो। हत्या, हिंसा, निरङ्कुशताका विरुद्ध र राष्ट्रियता, शान्ति, समृद्धिको अपेक्षासहित आफ्नो सीमामा रहेर बोलिएको आवाज थियो। पुस्तकको विमोचन त रामेश्वर पुस्तकालयमा संविधान दिवसको दिन सुप्रसिद्ध गीतकार प्रेमविनोद नन्दनले रु. २७ मा किनेर गर्नुभएको हो। २०६० सालताका हुनुपर्छ सप्तगण्डकी क्याम्पसमा भएको कार्यक्रममा मैले त्यही शीर्ष गजल सुनाएको थिएँ, जुन गजल किताब छापिनुपूर्व जहाँ कुन्साङ काका अर्थात खगेन्द्र सङ्ग्रौला, स्नेह सायमी, तत्कालीन प्रजिअ कवि नरेन्द्रराज पौडेल, तपाईलगायत चितवनका थुप्रै मानक स्रष्टाहरूको उपस्थितिमा सुनाएको थिएँ। सायद त्यस गजललाई सबैले अनुमोदन गरे भन्ने लाग्यो मलाई पनि। प्रजिअ नै कवि भएपछि मलाई उक्त गजल सुनाउन, छपाउन पनि बल पुग्यो। पछि २०६१ साल कात्तिकमा त्यसैलाई शीर्षक बनाएर **धारा एकसय सत्ताईस** छापेँ। अहिले म शान्त देखिएको मात्रै हुँ। मैले जे अपेक्षा गरेर परिवर्तनको चाहना राखेको थिएँ। त्यसअनुसार नहुँदा बेलाबेलामा झोंक चल्छ र कड्किन्छु कहिलेकाँही। म सकेसम्म इमानदारपूर्वक आफूलाई ठेकिएको काम गर्नुपर्छ। जेका बिरुद्ध हिजो बोलियो, लेखियो त्यसले आफैलाई बिझाउन त भएन नि ! आफैमा जिम्मेवारी आउँदा इमान र निष्ठा पालना गर्नुपर्छ भनेर अहिले कर्ममा छु। अनुकूल समयमा लेखुँला नि ! अहिले फगत किनाराको साक्षी।

४, **'किनाराको साक्षी' भन्न मन पराउने कविले केन्द्रमा बसेर काम गर्दाको अनुभव कस्तो रह्यो ? अरू किनाराका साक्षीहरू कस्ता देखिँदा रहेछन यतातिरबाट ?**

हो, प्रश्न हामी सबैलाई यही हो। हिजो हामीले निरङ्कुशता, हत्या, हिंसा, राष्ट्रघात, बेइमानी र सामन्तीवादका विरुद्ध र सुशासन, पारदर्शी र जवाफदेहीका पक्षमा कलम चलायौँ। अहिले त म आफै उत्तर दिने ठाउँमा छु नि। जेका विरुद्ध हिजो बोल्यौँ। त्यही दोहोऱ्याउन त भएन नि। बरु हाम्रा कामकारबाहीमा अरूले प्रश्न उठाउँछन् कि भनेर सजक रहनुपऱ्यो। स्थानीयस्तरमा गठन भएको भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको गरिमा उठाउन जति सक्छु लागिपरेको छु। म एक्लैले त के नै गर्ने हो र तैपनि सामूहिक रूपमा जति सक्छौँ, गरिरहेका छौ भन्ने लाग्छ।

५, **एकदम सक्रिय देखिने सर्जकहरू प्रज्ञामा गएपछि निष्क्रिय देखिने स्वभाव यता पनि सरेको देखिन्छ ? तपाईंको आफ्नो अनुभवचाहिँ कस्तो रह्यो ?**

अरूको बारे म केही नबोलौँ। मेरो हकमा दिनरात खटेको छु। हो, मेरो सग्लो कृति भने आएको छैन, यो सत्य हो। तर म कहाँ निष्क्रिय छु र ? महानगरपालिकामा आफ्नो खास पदीय जिम्मेवारीका अलवा प्रज्ञाप्रतिष्ठान स्थापनाको जग खन्नदेखि अहा ! प्रज्ञा प्रतिष्ठान भन्नसम्म मेरो सम्पूर्ण ऊर्जा खर्चेको छु। व्यक्तिगत सिर्जना नभए पनि यसको संस्थागत विकास, स्थानीय स्रष्टाहरूलाई प्रोत्साहन दिन आफ्नो ठाउँबाट निरन्तर क्रियाशील छु र रहनेछु। अनुकूल समयमा नयाँ कृति पनि आउँछ, म विश्वास दिलाउन चाहन्छु।




६, **दुई दशकभन्दा बढी तपाइको लेखन भयो, यसैबिचमा नेपाली साहित्यको शिक्षणमा पनि लामो समय बिताउनुभयो। पक्कै पनि थुप्रै किताबहरूसँग जम्काभेट भयो होला। तपाईँलाई मनपर्ने केही किताबहरूको बारेमा मन पर्नाका कारणहरूसहित हाम्रा पाठकहरूलाई बताइदिनु न।**

सामान्य लाग्ने तर ज्यादै जटिल प्रश्न। मेरो सङ्गत पुस्तकसित भयो, लेखकहरूसित भयो, पढ्नेहरूसित भयो, पढाउनेहरूसित भयो, पुस्तकालयहरूसित भयो, पुस्तकालयकर्मीहरूसित भयो। केही किताब कहर लागेर पढियो, केही रहरमा। रहरलाग्दा कृतिको सङ्गत भने कमै भए। तैपनि ऐनमौकामा हात लागेका र रहर लागेका केही पुस्तकहरूको धरातलमा मेरो व्यक्तित्व बनेको हो। किताबको सूचीको भार म पाठकहरूलाई बोकाउन चाहन्न।

परिचय

# इच्छाकामना साहित्य प्रवाह : संक्षिप्त नालीबेली



✍ एकराज शर्मा
*अध्यक्ष- इच्छाकामना साहित्य प्रवाह*

**गठनको पृष्ठभूमिः**

भनिन्छ नि मरण पछि पनि मान्छेको स्मरण हुन जरुरी छ, तर त्यसका लागि उसले राम्रा कामहरू पनि त गरेको हुनु पर्‍यो नि । प्रश्न उठ्न सक्छ कस्ताकामहरू राम्रा कामहरू हुन् त नि ? मानिसहरूद्वारा गरिने थुप्रै राम्रा राम्रा कामहरू मध्ये साहित्य सिर्जना गर्नु पनि अर्को एउटा महत्त्वपूर्ण राम्रो काम हो भनेर किन नभन्ने ? जुनकामले उसलाई मरणोपरान्त पनि अमर बनाउन सकोस् । पृथ्वीमा फुल्ने हजारौं हजार फूलहरू मध्ये मान्छे स्वयम् पनि एक प्रकारको महत्त्वपूर्ण फूल हो भनेर किन न भन्ने ।

हरेक मान्छे पुस्तक लेखनको स्रोत बन्न सक्दछ । मानिसहरूका आत्मकथा र जीवनी संग्रहहरू यसैका उपज त हुन नि । हरेक मान्छेका जीवन भोगाइहरूलाई मसिनु गरि लेख्न सक्दा एउटा रोचक कथा बन्न सक्दछ । जीवन भोगाइका कथा व्यथा नलेखिएको मान्छेको जीवन त केवल जन्म मृत्युको निरन्तरता मात्र त न हो । म त भन्छु भुक्त भोगीहरूको कथा व्यथा लेखिनु पर्छ र ती लेखिएका कथा भित्रका तिनका व्यथाहरू पढिनु पर्छ, यसका लागि आवश्यक वातावरण मिलाउन साहित्यिक संस्थाहरूको आवश्यकता हुन्छ । यसै सन्दर्भहरूलाई ध्यानमा राखेर नै इच्छाकामना साहित्य प्रवाह नाम साहित्यिक संस्थाको जन्म हुन पुगेको हो । हुन त यस संस्थाको साहित्यिक कामहरूको त्यति लामो फेरिस्ता छैन तापनि २०७६ सालदेखि हालसम्म यस संस्थाले जे जस्ता साहित्यिक क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ त्यस कार्यप्रति संस्थासँग जे जस्ता साहित्यिक क्रियाकलापहरू भएका नै थिएनन् भन्ने होइन बरु यथार्थ यो हो कि २०६२ सालदेखि नै साविकको दारेचोक गाविसको वडा नं. ७ चुमलिङटार र ३ को कुरिनटार र यसका आसपासमा बसोबास गर्ने साहित्यप्रेमिहरूको संयुक्त प्रयासबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती तथा आदिकवि भानुभक्त आचार्यकको जन्मजयन्तीका अवसर पारेर साहित्यिक गोष्ठीहरूको आयोजना गरिदै आइरहेकै अवस्था हो ।

इच्छाकामना गाउँपालिका नेपाल सरकारद्वारा साविकको काउले, दारेचोक, चण्डिभञ्ज्याङ र दाहाखानी गा.वि.स.का सबै वडाहरूलाई समेटेर इच्छाकामना गाउँपालिका घोषणा गरिएको हो । उक्त घोषणाको समयमा इच्छाकामना गाउँपालिकाको प्रशासनिक काम हालको इच्छाकामना-६, चण्डिभञ्ज्याङबाट सञ्चालन हुनेछ भन्ने व्यहोरा उल्लेख भई आएको थियो तर २०७४ मा सम्पन्न निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको सर्वसम्मत निर्णयका आधारमा इच्छाकामना गाउँपालिकाको प्रशासनिक कामहरू अब उप्रान्त इच्छाकामना-४, कुरिनटारबाट सञ्चालन गर्ने भन्ने निर्णय गरेको हुनाले सोही अनुसार २०७४ वैशाखदेखि इच्छाकामना गाउँपालिकाको प्रशासनिक काम यहीँबाट सञ्चालन भइआएको छ । मुलुक संघीयतामा प्रवेश गरिसकेपश्चात भाषा, साहित्य र कला संस्कृतिको विकासका लागि स्थानीय संघ संस्थाहरू विगतमा भन्दा अझ तीब्र गतिमा क्रियाशील हुन थाले । जसका कारण पहाडतिर बस्ने मान्छेहरूका सिर्जनशील विचारहरू - प्रस्तुत गर्ने एउटा साझा साहित्यिक चौतारी चाहिन्छ भन्ने ध्येयका साथ २०७३ मा इच्छाकामना साविकको दारेचोक गा.वि.स. का स्कुलहरूमा पढाउने र नेपाली भाषा र साहित्यिक गतिविधिमा रुची राख्ने प्रवृति भएका शिक्षकहरूको भेलाले साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै जाने निर्णय गर्‍यो ।

......... नितान्त साहित्यिक गतिविधिहरू मात्र सञ्चालन गर्ने गरी स्थापना भएको यो एउटा गैर नाफामूलक साहित्यिक संस्था हो । यो साहित्यिक संस्था खोल्नमा इच्छाकामना गाउँपालिका भित्र बसोबास गर्ने मूलतः शिक्षण पेशामा संलग्न साहित्यिक मनहरूको विशेष भूमिका रहिआएको छ । जसको साथ र सहयोग पाएर नै यो साहित्यिक संस्था स्थापना भएको हो ती सबै सबै साहित्यप्रेमी सहृदयी साहित्यिक मनहरू श्रद्धा र सम्मान गर्न योग्य श्रद्धेय पात्रहरू हुन भन्ने हाम्रो ठम्याई रहेको छ ।

हामी प्रायः सबैले देखे भोगेका र सुने जानेको कुरा के हो भने समाजमा रहेभएका जति पनि सामाजिक संघ संस्थाहरू छन् ती सबैका मूल उद्देश्य भनेको आफू र आफू

बसेको समाज उन्नति र प्रगतिका लागि के सहयोग पुऱ्याउन सकिन्छ भन्नेमा नै केन्द्रित रहेको हुन्छ । भलै तिनका सामाजिक आवश्यकतामा आधारित कार्य शैलीमा भने फरक फरक हुन सक्छन् तर कुनै पनि संघ/संस्थाहरू उद्देश्यहीन भएर खोलिएका हुन्छन् भन्ने मान्यता राखिएको हुँदैन । सामाजिक संघ संस्थाहरू खोलिनुभन्दा त्यसलाई विधिसम्मत ढंगले निरन्तर सञ्चालन गरिरहनु वर्तमानको मुख्य चुनौती रहेको छ। हिजोआज प्रायः अधिकांश सामाजिक संघसंस्थाहरूले यिनै चुनौतीहरूको सामाना गर्नु परिरहेको देखिन्छ । कहिलेकाँहि मानिसहरू भावनामा बहकिएर ठूल्ठूला सपना बोकेका संघ संस्थाहरूको नामकरण गर्न पुग्दछन् र संस्थाद्वारा नियमित कार्य सम्पादन गर्न प्रायः असम्भव हुने खालका महत्त्वकांक्षी उद्देश्यहरूको भारी संस्थालाई बोकाउन पुग्दछन् । कालान्तरमा ती संस्थाहरू उद्देश्यअनुरुप संस्था सञ्चालन गर्न नसक्दा संस्थापक र सञ्चालकहरू स्वयम् विवादित हुने र अप्ठ्यारोमा पर्ने गर्दछन् । इच्छाकामना साहित्य प्रवाहले भने सौभाग्यबश आजसम्म यस्तो समस्याको सामना गर्नु परेको छैन । भविष्यमा के हुन्छ भन्नु भन्दा पनि राम्रै हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ। यसो भनिरहँदा सामाजिक संघ संस्थाहरू खोल्न दुरुत्साहित गर्न खोजिएको पटक्कै होइन । बरु भन्न यति मात्रै खोजिएको हो कि संघसंस्थाहरू नीति विधिमा आधारित भएर सञ्चालन भएन भने संस्था धरापमा पर्न सक्छ ।

समाजमा रहे भएका पाका पुस्ताहरूका कयौं कयौं पटकका गन्थन मन्थनहरूबाट निस्किएको निष्कर्षलाई आधार बनाएर खोलिएका सामाजिक संघ संस्थाहरूले निश्चय पनि निरन्तरता पाउनु पर्छ । पहाडतिर स्थापना भएको हाम्रो यस इच्छाकामना साहित्य प्रवाहको सन्दर्भमा पनि माथि उल्लेखित स्थिति परिस्थितिहरू देखा पर्दैनन् भनेर किटान गरिहाल्न सक्ने हिम्मत भने हामीमा पनि छैन, किनकी सामाजिक संघ संस्थाहरूको लोकप्रियता र उसको संस्थागत भविष्य कस्तो हुन्छ भन्ने कुरा संस्थाका प्रमुख सञ्चालकहरूको हातमा निर्भर रहन्छ ।

आज हामी यस्तो साहित्यिक संस्थाका बारेमा चर्चा गर्न गइरहेका छौं जसको विगत इतिहास त्यति धेरै लामो छैन तापनि वर्तमानमा भने यो आफ्नो उद्देश्यमा पुग्नका लागि निकै ताकतवर बनेर जुर्मुराउँदो अवस्थामा रहेको छ । जसको विगत नै त्यति लामो छैन उसको कसरी इतिहास लामो बन्न सकोस् र ? जे होस् इच्छाकामना साहित्य प्रवाह नामक यो साहित्यिक संस्था स्थापना भएदेखि हालसम्म यस संस्था मार्फत जे जस्ता साहित्यिक कार्यक्रमहरू प्रस्तुत भएका छन् संक्षिप्त विवरण प्रस्तुत गर्न खोजिएको मात्र हो । यो संस्थाले संस्थागत आधिकारिकता पाएको केबल ६/७ वर्ष मात्रै पूरा भएको छ । मान्छेको १० वर्षे उमेर अवधिसँग यस संस्थाको उमेर अवधिको तुलना गर्ने हो भने यो एउटा किशोरावस्थामा प्रवेश गर्दै गरेको बालक मात्र हो । सत्य यति हो कि बालकप्रति भविष्यको भरोसा भए जस्तै हामीले पनि यस संस्थाको आशा लाग्दो भविष्य देखेका छौं । हुनत संस्था होस् वा मान्छे, यिनीहरूले जीवन यात्राका पर्याप्त दिनहरू नगुजारीकन व्यक्ति होस वा संस्था कसैको पनि परिपक्वता आउन सम्भव नहुनु रहेछ । दिनहरू बित्दै जाँदा हाम्रो यो संस्था पनि कुनै न कुनै दिन दरिलो इतिहास बोकेको एक परिपक्व र भरोसा योग्य साहित्यिक संस्थाको पहिचान बोक्न सफल हुनेछ भन्ने हाम्रो विश्वस्त रहेको छ । नामकरणको वैधानिकता प्राप्त गरेपश्चात्का दिनहरूमा ताते ताते हिँड्न मात्र सुरु गरेको यो हाम्रो बच्कन्ना जस्तो अपरिपक्व साहित्यिक संस्थाको खासै त्यति धेरै चर्चा गर्न लायक वा चर्चा नगरी नहुने उल्लेख विवरण बोकेको त्यति लामो इतिहास छैन भन्ने कुरा दोहोऱ्याइ रहनु पर्दैन, जसको विगतका यात्रा नै लामो छैन कसरी उसको इतिहास लामो बन्न सकोस् र ? जुन संस्थाहरूको जति धेरै सामाजिक कामहरू गर्न भ्याएका हुन्छन् भविषयमा गएर तिनै सामाजिक संस्था र तिनका सञ्चालकहरूका न लेखिएका र लेख्न बाँकी इतिहासहरू लेखिने त होलान् नि ? जे होस् हामीले पनि हाम्रो ठाउँबाट एउटा भरोसा योग्य साहित्यिक संस्था भने अवश्य खोलेका छौँ र आज हामी उसैको छत्रछाया मुनि बसेर साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेका छौं । हुन त यसको नामकरणका विषयमा पनि हाम्रा सामु थुप्रै थुप्रै विकल्पहरू नआएका पनि होइनन् र पनि हामीले ती मध्ये उपयुक्त विकल्पको छनोट गऱ्यौं र संस्थाको नाम 'इच्छाकामना साहित्य प्रवाह' राख्यौं ।

यस संस्थाको नाम वा शीर्षक विभिन्न आशय युक्त शब्दहरूको समष्टि स्वरुपमा आधारित छ । इच्छाकामना, साहित्य र प्रवाह मिलेर बनेको यो साहित्यिक संस्था यहाँको ऐतिहासिक गौरव गाथा बोकेको इच्छाकामना गाउँपालिका र यसैको सेरोफेरोमा रहे भएका सिर्जनशील साहित्यप्रेमीहरूका माझ गरिने साहित्यिक गतिवधि र यिनै गतिविधिहरूमा संलग्न साहित्यिक प्रतिभाहरूका सिर्जनशील विचारहरू नदीहरूका तुफानी वेगहरू जस्तै प्रवाहमय छन् भन्ने आशयमा आधारित छ । साहित्यिक उर्वरता दृष्टिले यो इच्छाकामना गाउँपालिका त्यति अनुर्वर भूमि पनि होइन ।

जहाँ इच्छा त्यहाँ उपाय भने झैं इच्छाकामनाको

सेरोफेरोको भूमि/भूगोललाई साहित्यिक यात्राको पहिलो आधारभूमि बनाएर अविराम साहित्यिक यात्रामा निस्किइएका त्यहाँका साहित्यप्रेमी सर्जक/स्रष्टाहरूद्वारा प्रयत्नपूर्वक गरिने विभिन्न खालका साहित्यिक कार्यक्रमरुपी मलजलहरूका कारण २ वर्ष यता यो साहित्यिक संस्था धादिङ र तनहुँसँग सहकार्य गरेर अघि बढ्न सक्ने भरोसायोग्य संस्थाको रुपमा देखा परेको छ । इच्छाकामना साहित्य प्रवाहद्वारा लामो समयदेखि गरिँदै आएको साहित्य यात्राको बलियो जगमा उभिएर २०७९ पछिका वर्षहरूमा यस संस्थाले विगत वर्षहरूमा गरि आएका बाहेक केही नयाँ नौलो र सिर्जनात्मक कामहरू समेतसम्पन्न गरेको छ। ती मध्ये २०८० मा 'इच्छा दर्पण' अंक १ को प्रकाशन र सात लाखभन्दा अधिक निक्षेप रहेको अक्षयकोषहरूको स्थापना भएको कुरा माथि नै उल्लेख गरिएकै छ। २०७९ को निर्वाचनबाट निर्वाचित नेपाल राष्ट्रिय शिक्षक संगठन, चितवनका पूर्व जिल्ला अध्यक्ष, मेरा पूर्व जेहेन्दार विद्यार्थी दानबहादुर गुरुङ स्वयम् पनि साहित्य तथा शिक्षाप्रेमी व्यक्ति हुनुका नाताले इच्छाकामना साहित्य प्रवाहद्वारा गरिने हरेक कार्यहरूमा उहाँको सदैव सहयोग रहँदै आएको छ।

इच्छाकामना साहित्य प्रवाहका नाममा स्थापना गरिएको अक्षयकोषका लागि निम्नानुसारका चन्दाहरू प्राप्त भएका थिए । जसमध्ये रु. ५,१०० देखि ५१,००० सम्म चन्दा प्रदान गर्नुहुने सबै चन्दादाताहरूबाट संकलित एकमुष्ट रकम रु. ३,०१,१५१।- को महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रतिभा पुरस्कारका लागि अक्षयकोष स्थापना गरिएको छ । यसरी अक्षयकोषका लागि रकम प्रदान गर्नुहुने सबै सहयोगदाताहरू यस संस्थाको आजीवन सदस्यका रुपमा रहनु हुने व्यवस्था मिलाइएको छ।

**इच्छाकामना साहित्य प्रवाहको इतिहास**

मिति २०७३ आषाढ २९ गते सर्वशान्ति मा.वि. कुरिनटारमा कृष्णप्रसाद पोखरेलको अध्यक्षता तथा महाकाव्यकार भुषण हुमागाईको विशेष आतिथ्यतामा सम्पन्न २०३ औं भानुजयन्ती तथा साहित्य अनुरागीहरूको भेला सम्पन्न भएको थियो। सो भेलाबाट साहित्यिक संस्थाको नाम इच्छाकामना साहित्य प्रवाह राख्ने निर्णय सर्वसम्मत रुपमा पारित भएको थियो । सो भेलाले कृष्णप्रसाद पोखरेलको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति र एकराज शर्माको संयोजकत्वमा तेजविलास अधिकारी र रोहिणी त्रिपाठी रहेको ३ सदस्यीय सल्लाहकार समिति गठन गरेको थियो।

२०७६ आषाढ २९ गते कृष्णप्रसाद पोखरेलकै अध्यक्षतामा गाउँपालिका अध्यक्ष कीर्तिकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा २०६ औं भानुजयन्ति मनाइनुका साथै संस्थाको विधान निर्माण गरि काव्यगोष्ठी समेत सम्पन्न भएको थियो । संस्थाको विधानमा उल्लेखित बुँदाहरूमध्ये केही बुँदाहरू निम्नानुसार रहेका छन् ।

१. संस्थाको नाम इच्छाकामना साहित्य प्रवाह रहने।
२. संस्थाको ठेगाना चितवन जिल्ला इच्छाकामना गाउँपालिका वडा नं. ४ तथा संस्थाको कार्यालय इच्छाकामना गा.पा.भित्र जहाँकहिं रहन सक्ने व्यवस्था रहेको।
३. संस्थाको संरक्षक इच्छाकामना गाउँपालिकाको प्रमुख पदेन।
४. संस्थाको मूल उद्देश्य साहित्य र कलाको विकास र त्यसको प्रवर्द्धन गर्ने
५. साहित्य संस्थाको आयस्रोत सदस्यता, प्रायोजन, सौजन्यता, चन्दा इत्यादि

**इच्छाकामना साहित्य प्रवाहको संक्षिप्त परिचय**

प्रस्तुत लेखमा जुन संस्थाका बारेमा चर्चा गर्न खोजिएको छ त्यस संस्थाको जन्म २०७३ सालमा भएको हो। समाजमा जति पनि साहित्यिक संघ संस्थाहरू खुलेका वा स्थापना भएका छन् ती सबैको प्रमुख उद्देश्य भनेकै आ-आफ्ना भूगोल भित्र रहे/भएका साहित्यिक मनहरूका पवित्र विचारहरूलाई प्रस्फुटन हुने मौका प्रदान गर्न र त्यसैका माध्यमबाट नेपाली भाषा र नेपाली साहित्यको श्रीवृद्धिमा सहयोग पुऱ्याउनु नै हो। सोही उद्देश्य बोकेर स्थापना भएको यस साहित्य प्रवाह नामक साहित्यिक संस्थाले स्थापना कालदेखि हालसम्मको अवधिमा थुप्रै सिर्जनात्मक कामहरू सम्पन्न गरिएको छ भन्ने हाम्रो आत्ममूल्याङ्कन रहेको छ।

२०७३ सालमा स्थापना भएर २०७६ सालमा दर्ता हुन पुगेको यस संस्थाले संस्था स्थापना भएको ८/९ वर्षको छोटो अवधिभित्र आफूलाई एक अब्बल र स्थापित संस्थाको रुपमा चिनाउन सफल भएको छ। २०७३ साल आषाढ २९ गते सर्वशान्ति मा.वि. कुरिनटार चितवनमा आयोजित साहित्यप्रेमीहरूको भेलाले संस्थाको विधान पारित गर्नुका साथै कृष्णप्रसाद पोखरेलको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्य समिति र एकराज शर्माको नेतृत्वमा ३ सदस्यीय सल्लाहाकार समिति गठन गर्न सफल भएको हो। संस्थाले दर्ता प्रक्रिया सहितको आधिकारिकता प्राप्त गरेपश्चात् २०७६ सालको आषाढ २९ गते भानु जयन्तिको अवसरमा आयोजित साहित्यिक भेलाले पुनः कृष्णप्रसाद पोखरेल अध्यक्ष र एकराज

शर्मा उपाध्यक्ष रहने गरी १५ सदस्यीय नयाँ कार्यसमितिको घोषणा गरेको थियो भने तेजविलास अधिकारीको संयोजकत्वमा ११ सदस्यीय सल्लाहाकार समिति समेत गठन गरिएको थियो । उक्त सल्लाहाकार समितिका सदस्यहरूमा हाल बागमती प्रदेशका पूर्व वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, इच्छाकामना-५ मुग्लिङ निवासी समाजसेवी राम बहादुर लामा, शिक्षक ध्रुवप्रसाद अधिकारी, प्रगति पाठशाला कुरीनटारका प्रिन्सिपल टंक प्रसाद त्रिपाठी, सर्वशान्ति मा.वि.का प्र.अ लगायत साहित्यप्रेमी व्यक्तिहरू रहनु भएको थियो ।

२०७६ सालमा कृष्णप्रसाद पोखरेलको नेतृत्वमा रहेको कार्य समितिको कार्यकाल समाप्त भए पश्चात् २०७९ आषाढ १८ गतेका दिन आयोजित साहित्यिक भेलाले एकराज शर्मा पोखरेलेको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्य समिति र तेजविलास अधिकारीको नेतृत्वमा ९ सदस्यीय सल्लाहाकार समिति गठन गरेको थियो । भने यस संस्थाका संस्थापक अध्यक्ष कृष्णप्रसाद पोखरेललाई संस्थाको संरक्षकको जिम्मेवारी सुम्पने निर्णय समेत गरेको थियो ।

यिनै विभिन्न स्थिति/परिस्थितिहरूको सामना गर्दै निरन्तर क्रियाशील रही आएको यस साहित्यिक संस्थाले आफ्नो स्थापना कालदेखि हालसम्म निम्नअनुसारका सिर्जनशील तथा रचनात्मक साहित्य कार्यहरू गर्दै आइरहेको छ। जस्तैः

(क) भानु जयन्ती, लक्ष्मी जयन्ती लगायतका नेपाली साहित्यका धरोहर साहित्यकारहरूको जन्मजयन्ती मनाउने प्रक्रियालाई निरन्तरता दिँदै आएको ।

(ख) साहित्यप्रेमी व्यक्तिहरूका बिच साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै गराउँदै आएको ।

(ग) वार्षिक रुपमा साहित्यकारहरूलाई सम्मान र पुरस्कृत गर्दै गराउँदै आएको ।

(घ) साहित्यप्रेमीहरूलाई आख्यान लेखन तर्फ समेत सहयोग पुगोस भन्ने हेतुले आख्यानकार अमर न्यौपानेद्वारा आख्यान लेखन सम्बन्धी गोष्ठी सञ्चालन गरिएको/गराइएको ।

(ङ) ५० हजार देखि ३ लाखसम्मका अलग अलग नामका अक्षय कोषहरू स्थापना गरिएको ।

(च) २०८० देखि इच्छा दर्पण नामक साहित्यिक पत्रिकाको प्रकाशन शुरु गरिएको ।
(इच्छा दर्पण अङ्क १, २०८०, इच्छा दर्पण अङ्क २, २०८१)

(छ) २०७५ जेष्ठ २० गते संस्थागत विद्यालयहरूका आधारभूत तहमा नेपाली पढाउने गुरुहरूलाई सहयोग हुने गरी सर्वशान्ति मा.वि. कुरिनटारमा पाठ्यपुस्तकमा आधारित छन्द प्रशिक्षण तथा छन्द कविता वाचन एवम् लेखन प्रतियोगिता समेत सञ्चालन गरिएको थियो ।

(ज) २०७५ माघ ११ गते इच्छाकामना-३, चुम्लिङटारमा कृष्णप्रसाद पोखरेलको निजी निवासमा कृष्णप्रसाद पोखरेलबाट १ दर्जन भन्दा बढी कविता एकल वाचन तथा रेकर्डिङ गरिएको थियो ।

(झ) इच्छाकामना साहित्य प्रबाह वितरक भएर प्रकाशित भएका थुप्रै साहित्यिक कृतिहरू रहेका छन् ।

२०८० सालको लक्ष्मी जयन्तिका अवसरमा गाउँपालिकामा आयोजित एक कार्यक्रमका बिच निम्न अनुसारका अक्षयकोषहरूको स्थापना भएको घोषणा गरिनुका साथै इच्छाकामना गाउँपालिकाको आर्थिक सहयोगमा प्रकाशित यस संस्थाद्वारा प्रकाशित इच्छा दर्पण अङ्क १ को विमोचन भएको थियो भने सोही अवसरमा सहिद लखन गाउँपालिका गोरखा निवासी महाकाव्यकार नारायणप्रसाद पोखरेललाई नगद पुरस्कार सहित स्रष्टा सम्मान समेत गरिएको थियो ।

संस्था स्थापना गरिएको सुरुका वर्षहरूमा चरम आर्थिक अभाव झेल्दै आएको यस संस्थाले २०७४ को स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि आएपछिका दिनहरूमा भने वार्षिक रुपमा धेरथोर आर्थिक सहयोगहरू प्राप्त गर्दै आइरहेकै छ । इच्छाकामना गाउँपालिकाबाट विभिन्न मितिमा गरी करिव ३ लाख रुपैया बराबरको नगद तथा जिन्सी प्राप्त भएको छ ।

**अक्षय कोषहरूको विवरण**

१) **इसाप्र महाकवि लक्ष्मीप्रसाद देवकोटा स्मृति प्रतिभा पुरस्कार (अक्षयकोष)**

पुरस्कारकोषको राशी : ३,०१,१५१।- (तीन लाख एक हजार एक सय एकाउन्न)

ठेगाना : इच्छाकामना साहित्य प्रवाह, इच्छाकामना-४, चितवन

स्थापना मिति : २०८०/७/२६

यस अक्षयकोषका संस्थापकहरूमा : यस प्रयोजनका निमित्त ५१००।- (एकाउन्न सय) वा सोभन्दा बढी रकम प्रदान गर्नुहुने श्रद्धेय सहयोगदाताहरू रहनुहुने नीतिगत व्यवस्था मिलाइएको छ ।

कोषको संरक्षक : इच्छाकामना साहित्य प्रवाहका बहालवाला कार्यसमिति

कोषको उद्देश्य : महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म

जयन्तीका अवसर पारेर साहित्य स्रष्टा सम्मान र नगद पुरस्कार प्रदान गरिने

२) **इसाप्र ध्रुव घिमिरे/राधिका घिमिरे साहित्य पुरस्कार (अक्षयकोष)**

स्थापना मिति : २०८०/७/२६

संस्थापक/संरक्षक : ध्रुव घिमिरे

परिवार विवरण : मातापिता डोलबहादुर घिमिरे, गोमा घिमिरे, धर्मपत्नीः राधिका घिमिरे, छोरीहरू : ओसिन, ओस्मा घिमिरे

अक्षयकोष राशी : १,५१,१११।- (एक लाख एकाउन्न हजार एक सय एघार)

ठेगाना : इच्छाकामना-३, कुरिनघाट, हाल बोस्टन, अमेरिका

अक्षयकोषको उद्देश्य : वार्षिक रूपमा जम्मा हुन आउने ब्याज रकमबाट भानु जयन्ती वा लक्ष्मी जयन्तीका अवसरमा साहित्यिक कार्यक्रमका बिच नगद पुरस्कारसहित स्रष्टा सम्मान गरिने

३) **इसाप्र स्व. पिता शिवप्रसाद सिलवाल तथा स्व. बहिनी सरस्वती सिलवाल स्मृति पुरस्कार (अक्षयकोष)**

अक्षयकोषको राशी : १,०५,५५५।- (एक लाख पाँच हजार पाँच सय पचपन्न)

संरक्षक/संस्थापक : कृष्णप्रसाद सिलवाल/चेलीकुमारी सिलवाल

ठेगाना : इच्छाकामना-४, कुरिनटार, चितवन

परिवारिक विवरण : धर्मपत्नी चेली सिलवाल, छोरीहरू : दिपा सिलवाल, रुपा सिलवाल, निरञ्जना सिलवाल, आश्मा सिलवाल, निश्मा सिलवाल र छोरा सौरभ सिलवाल

कोष स्थापना मिति : २०८१/३ मा उक्त रकम इसाप्रको अक्षयकोष खातामा निक्षेप गने गरी कोष स्थापनाको घोषणा २०८०/७/२६ गते

कोष स्थापनाको उद्देश्य : वार्षिक रुपमा जम्मा हुन आउने ब्याजबापतको रकमबाट लेखनाथ जयन्ती वा लक्ष्मी जयन्तीका अवसरमा नगद पुरस्कारसहित स्रष्टा सम्मान ।

४) **इसाप्र स्व. पं. हरिलाल/हिमादेवी पोखरल स्मृति साहित्य पुरस्कार (अक्षयकोष)**

अक्षयकोषको राशी : १,०१,१२५।- (एक लाख एक हजार एक सय पच्चीस)

संस्थापक संरक्षक : कृष्णप्रसाद पोखरल/राधादेवी पोखरल

ठेगाना : इच्छाकामना-३, चुमलिङटार, चितवन

परिवारको विवरण : धर्मपत्नी राधादेवी पोखरल, छोरी सरिता पोखरल सुवेदी (काव्य शर्मा), छोराहरू : शरद, सन्तोष, सञ्जय पोखरल तथा बुहारीहरू संगिता, सविना, रञ्जु पोखरल र ६ नातिनातिनाहरू

स्थापना मिति : २०८०/७/२६ गते

सम्मान गर्ने समय : महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको अवसरमा छन्दो बद्ध कविता वा कविता विधातर्फका या अन्य विधातर्फका साहित्य स्रष्टा नगद पुरस्कारसहित सम्मान गरिने ।

५) **इसाप्र देशबहादुर थापा प्रेमकुमारी थापा साहित्य पुरस्कार (अक्षयकोष)**

अक्षयकोष राशी : १,०१,०००।- (एक लाख एक हजार)

संस्थापक : देशबहादुर थापा, प्रेमकुमारी थापा, छोरीहरू मञ्जु थापा, क्रान्ति थापा

ठेगाना : इच्छाकामना-३, कुरिनघाट, हाल अमेरिका (दुई छोरी)

प्रमुख संरक्षक : देशबहादुर थापा/प्रेमकुमारी थापा

पारिवारिक विवरण : धर्मपन्ती प्रेमकुमारी थापा, छोराहरू सुयोग, सुशील, सुधिर, सुजन, छोरीहरू विन्दु, मञ्जु, क्रान्ति, बुहारीहरू सुमिता, कुवि, आशिका (छोराछोरी अमेरिका, अष्ट्रेलिया र बहराइनमा)

कोष स्थापना मिति : २०८०/७/२६ गते

कोष स्थापनाको उद्देश्य : वार्षिक रूपमा जम्मा हुन आउने ब्याज रकमबाट लक्ष्मी जयन्ती वा लेखनाथ जयन्तीको अवसरमा नगद पुरस्कार सहित स्रष्टा सम्मान गरिने ।

६) **इसाप्र तुलसीप्रसाद खनाल साहित्य पुरस्कार (अक्षयकोष)**

अक्षयकोषको राशी : ५१,१११।- (एकाउन्न हजार एक सय एघार)

संस्थापक/संरक्षक : : तुलसीप्रसाद खनाल

ठेगाना : सहिद लखन थापा गाउँपालिका, ठेउवाटार, गोरखा

स्थापना मिति : २०८०/७/२६ गते

अक्षयकोषको उद्देश्य : वार्षिक वा द्वैवार्षिक रूपमा १ पटक नगद पुरस्कारसहित स्रष्टा सम्मान गरिने ।

पुरस्कार वितरण समय : मोती जयन्ती वा लक्ष्मी जयन्ती

**अक्षयकोषका लागि सहयोग गर्नुहुने थप चन्दादाताहरूको विवरणः**

इच्छाकामना साहित्य प्रवाह र विभिन्न व्यक्तिहरूका संयुक्त नाममा स्थापना गरिएकाबाहेक धुवराज त्रिपाठीबाट प्राप्त नगद रु २ लाख ५१ हजार १२५ समेत गरी विभिन्न सहयोगी मनहरूद्वारा प्राप्त रकमबाट इच्छाकामना साहित्य प्रवाहका नाममा कुल नगद रु ३ लाख ११ हजार १५१ धनराशी रहेको अक्षयकोषको स्थापना गरिएको छ ।

**आजीवन सदस्यहरू**

इच्छाकामना साहित्यप्रवाहको स्थापनाकाल देखि हालसम्म ८२ जना आजीवन सदस्यहरू रहेका छन् । आजीवन सदस्यता शुल्क रु १०००।०० कायम गरिएको छ ।

परिचय

# भरतपुर महानगरमा मधेसी समुदाय



✍एन.पि. परिहस्त
*भ.म.न.पा.-२, क्षेत्रपुर*

विश्वको सर्वोच्च शिखर रहेको सगरमाथा विश्व शान्तिदूत गौतम बुद्ध जन्मेको हिन्दू सनातन धर्मालम्बीको बाहुल्यता भएको विविध धार्मिक सहिष्णुता, सांस्कृतिक, हावापानी, भएको अनौठो प्रकृतिको उपहारको रुपमा रहेको सुन्दर शान्त सौन्दर्यले भरिपूर्ण हाम्रो देश नेपालको मध्यभागमा अवस्थित चितवन जिल्लाको केन्द्रीय भागमा रहेको नेपालको उत्कृष्ट महानगरपालिकाको रूप ख्याति प्राप्त महानगरपालिका भरतपुर हो । चितवन जिल्लाको मात्रै नभई नेपालकै शैक्षिक, भौगोलिक, ऐतिहासिक, सामाजिक, राजनैतिक हिसाबले अग्रणी महानगरपालिका विकासको पथमा तीव्र गतिमा अगाडि बढ्दै गइरहेको क्रममा यातायात, सञ्चार, उद्योग, व्यापार, कृषि पर्यटन, उर्वर खेतीयोग्य समथल भूमि, मानव जीवन अनुकुलित रमणीय स्वस्थकर हावापानी, स्वच्छ वातावरणले नेपालभरिकै जनमानसको बसाईसराईको रोजाइमा परेको भरतपुरमा विभिन्न पेशा, व्यापार, जागिर, श्रम आदि अवसर प्राप्ति क्रममा नेपालको दक्षिणी समतल भूभागमा बसोबास गर्ने तराईबासी मधेसीहरूको बाक्लो उपस्थिति रहेको पाइन्छ। नेपाल सरकारको तथ्याङ्क विभागले अभिलेखीकरण गरिएको मधेसी समुदायका जातहरू निम्नानुसार छ। ब्राह्मण, राजपूत, भूमिहार, कायस्थ, व्यास, सन्यासी, यादव, बनिया, रौनियार, कठबनिया, अग्रहरी, कसौधन, तेली, सुडी, कलवार, राजधोव, कानु, हलवाई, बडवाल, पोदार, कुर्मी, अमात, किऔत, कोइरी, कुम्हार, सोनार, बरै, लोहार, मल्लाह (निसाद), केबत, बिन, राजभर, हजाम, बर्ही, माली, कहार, नूनिया, लोध, धुनिया, खत्वे, तत्मा, भेडीहार, धोबी, दुसाद, चमार, मुसहर, बातर, डोम, हलखोर, पत्थरकट्टा, कलर, ककैहिया, पासी, खतिक, सर्वाङ्ग, खवास, धिमाल, गन्गाई, राजवंशी, ओरोन, किसान, कोचे, मेचे, ताजपुरिया, मुण्डा, सतार, दनुवार, माझी, खडिया, मकार, राजधामी, जोगिया आदि हुन् ।

**भरतपुर महानगरपालिका क्षेत्रमा बसोबास गर्ने मधेशी जातजातीहरूको स्थलगत सर्वेक्षण अनुसारः**

| जातजाती | जम्मा | घरधुरी | जातजाती | जम्मा | घरधुरी | जातजाती | जम्मा | घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| कलवार | ३०२ | ५५ | कुम्हार | ४० | ८ | हजाम | ७३ | १२ |
| वनिया | ५७ | १० | सुडी | १२० | २५ | कुर्मी | ३४ | ९ |
| तेली | १४९ | २४ | रौनियार | ११९ | ३६ | राजधोव | २६ | ४ |
| कोइरी | ५९ | १६ | कानू | ४३४ | ७३ | लोहार | २३ | ४ |
| यादव | १२५ | ३७ | सोनार | १०२ | १५ | मलाह | ३१ | ६ |

**जातिय थर र पेशाः**

| जात | थर | पेशा |
|---|---|---|
| ब्राह्मण | झा, मिश्र, चौधरी, ठाकुर, त्रिपाठी, शुक्ला, दुवेदी, चतुर्वेदी, दुबे, त्रिवेदी, चौबे, पाण्डेय, उपाध्याय, ओझा, पाठक, राय | पुजारी, पूजापाठ तथा कर्मकाण्ड गराउने शिक्षण |
| भूमिहार | ठाकुर, सिंह, चौधरी, सिन्हा, शर्मा, पाण्डे, मिश्र, राय, तिवारी, अधिकारी, शुक्ला | कृषि कार्य, शिक्षण |
| राजपूत | सिंह, चौहान, ठाकुर, राठौर, परमार | शासन, युद्ध |

| | | |
|---|---|---|
| कायस्थ | कर्ण, लाल, दास, निधि, श्रीवास्तव, मल्लिक, दत्त, कण्ठ, ठाकुर, चौधरी, लाभ, बर्मा, साहाय, बच्चन, शर्मा | प्रशासनिक कार्य (लेखापढी), शिक्षण |
| कोइरी | कुसुवाहा, महतो, मेहता, मौर्य, मुरौ, मुराई, बर्मा, शर्मा, सिंह, सिन्हा, कौसधन | तरकारी, फलफुल उब्जनी बेचबिखन |
| कुर्मी राउत | कुर्मी, राउत | खेतीपाती गर्ने |
| सुडी | शाह, माहासेठ, पन्जियार, मण्डल, गामी, गाई (गौ) नायक, पूर्वे, कपड, गुप्ता, हारी, महतो, चौधरी, प्रधान | खेतीपाती गर्ने, रक्सी बिक्री बेचबिखन |
| तेली | साहु, शाह, गुप्ता, तेली | तेल उत्पादन तथा बेचबिखन |
| यादव | यादव, अहिर, गोपाल, राय, मडर, मण्डल, राउत, चौधरी, गुरमैइता, मरबैइता, गोप, सिंह, भगत, दास, सठवार, बहरखेर, किसनौत, देशवार, घोषिन, बिसनौत | खेतीपाती, पशुपालन, दुध, दही, महि उत्पादन, वेचविखन |
| कानु/ हलवाई | कानु, साह, गुप्ता | मिठाई बनाउने बेचबिखन, खाजाको काम वेचविखन |
| कलवार | कलवार, चौधरी, शाह, गुप्ता, जयसवाल, जयकार, प्रसाद | व्यापार/मदिराजन्य पदार्थको वेचविखन |
| पोद्दार | पोद्दार, देव | खेतीपाती व्यापार गर्ने |
| सोनार | सोनार, सर्राफ, शाह, सोनी, प्रसाद, स्वर्णकार | गरगहना निर्माण तथा सुनचादीको व्यापार गर्ने |
| हजाम | ठाकुर, नाई | नङ केस काट्ने, सैलुन खोल्ने |
| राजधोव | राउत, अधिकारी, खड्का, परिहस्त, कापैर, दास, सन्त, पाईक, मण्डल, सन्त, इसर, पैकरा, सिंह, लौगी, माझी, गामी, पाँडे | खेतीपाती गर्ने |
| अमात | राय, मण्डल, विश्वास, राउत | खेतीपाती तथा श्रम |
| कुम्हार | पण्डित, शर्मा | माटोको भाँडाकुडा बनाउने बेचबिखन |
| कमार/वरही | ठाकुर, सुतिहार, शर्मा | काठको सामग्री बनाउने, बेचबिखन। |
| तुरहा | साह | माछा मार्ने र बेचबिखन। |

तराई मधेसमा स्थायी रुपले उत्पत्ति भई र बसोबास गर्ने मधेसी जातजातिको पेसाहरू निम्नानुसार रहेको पाइन्छ। तराई मधेशमा स्थायी बसोबास गर्ने जातहरूमध्ये हिन्दूशास्त्रानुसार ब्राह्मणहरूलाई उच्चकोटीको गुरुको दर्जा स्थापित छ। यिनीहरु शास्त्रको पुराणको अध्ययन, ज्योतिषीय तथा कर्मकाण्ड विधिहरूको विज्ञता हासिल गरेको पाइन्छ। अध्ययनमा कमी देखिएता पनि पैत्रिक जजवानहरू, पुरोहित्याइले पूजापाठ कर्मकाण्ड फलित ज्योतिषिय तथा वास्तुशास्त्रीय ज्ञान प्राप्त गरेका हुन्छन्। मधेसी ब्राह्मणलाई पाँच भागमा वर्गीकरण गरिएको छ।

**सरस्वत ब्राह्मण, कन्याकुब्जा ब्राह्मण, गौड ब्राह्मण, मैथिल ब्राह्मण, उत्कल ब्राह्मणः**

यिनीहरूको मागी विवाह फरक फरक गोत्रमा हुने गर्छन। यी ब्राह्मणहरू पूर्वेली मैथिली मध्य भागका भोजपुरी र पश्चिमेली अवधि भाषा बोल्ने गर्छन्। यी जात अन्तर्गतका डा. अञ्जनी झा, जय किशोर पाण्डे, राम सुफल राय, डा. विनय ठाकुर आदि व्यक्तित्वहरु भरतपुमा बसोबास गरेको पाइन्छ।

**राजपुतः** हिन्दू धर्मग्रन्थ रामायण र महाभारत अनुसार सूर्यवंशी तथा चन्द्रवंशी राजाहरूको वंशज राज पुत्र हो जो अप भ्रष्ट भई राजपुत भएको हो। यिनीहरुलाई अग्निवंश पनि भनिन्छ। यिनीहरुमा डा. लक्ष्मीनारायण सिंह, अवदेश कुमार सिंह आदि भरतपुमा बसोबास गरेको पाइन्छ।

**कायस्थः** कायस्थहरू ब्रह्माको शरीरबाट प्रकट हुने चित्रगुप्तको सन्तान मानिन्छ। कायस्थ शब्द चित्रगुप्त र कलमबाट बनेको हो। यिनीहरु चित्रगुप्त पूजा समितिमा आवद्ध छन्। यस जात अन्तर्गतका स्व. सत्यनारायण लाल दास, अरुण कुमार, राजेन्द्र श्रीवास्तव, डा. किरण कर्ण

विशिष्ट व्यक्तित्वहरु भरतपुमा बसोबास गरेको पाइन्छ ।

**तेली**ः तराई मधेशमा विशेषत तेलको उत्पादन गरी बेचबिखन गर्ने व्यापारी समुदाय नै तेली नामले प्रख्यात छ। यिनीहरूको गोत्र बरगुण्डतंवर वोराना वोडाना गलहोत दहिया सिकवारा पंवार वावा नायक तेली समुदायको जातीयदेवता मानिन्छ। यस जात अन्तर्गतका डा. सञ्जय साह, डा. जिवस साह आदि व्यक्तिहरुको भरतपुमा बसोबास गरेको पाइन्छ।

**सुडी**ः यी जातको मुख्य सगहयौत र विहयाउत दुई समूह छन् । सामाजिक अवस्था मध्यम रहेको व्यापार व्यवसाय र खेतीमा राम्रो सीप भएको मानिन्छ। यस जात अन्तर्गत डा. अशोक महासेठ, राज किशोर साह, श्याम सुन्दर साह आदि सुडी समाज भरतपुमा आवद्ध छन् जसको अध्यक्ष विजय प्रसाद शाह हुनुहुन्छ।

**कलवार**ः कलवार शब्द 'कलाल' शब्दबाट विकसित भएको हो । यिनीहरुले आफू वलभद्रको सन्तान मान्छन् । यिनीहरु कलवार सेवा समाज नारायणगढमा आवद्ध छन् जसका संस्थापक अध्यक्ष सोमेश्वर प्र. कलवार लगायत कन्हैया प्रसाद गुप्ता आदि भरतपुरमा बसोबास गर्दै आइरहेको पाइन्छ।

**रौनियार**ः रौनियार आफूलाई चन्द्रवंशी क्षेत्रीय वंशीय सन्तान मान्दछ। यिनीहरु नाराणगढमा रौनियार सेवा समाज चितवन आवद्ध छन्। जसको संस्थापक अध्यक्ष कृष्णराज गुप्ता रहनु भएको छ साथै डा. भोला रौनियार, मनोज रौनियार आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ।

**कानु हलुवाई**ः यी दुवै जात एउटै हो सिक्काका दुई पाटा झैं यिनीहरूले आफू भगवान गोविन्द र गणिनाथको सन्तान मान्दछन् । नारायणगढमा रहेको कानु समाजको चितवनमा आवद्ध रहेको पाइन्छ जसको संस्थापक अध्यक्ष राजकुमार कानु रहनु भएको छ भने राजकुमार साह, सञ्जय गुप्ता आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ।

**कुम्हार**ः तराई मधेसमा स्थायी बसोबास गर्दै आइरहेका माटोको कलात्मक सीप र ज्ञान भएको जाति मानिन्छ जस अन्तर्गत रामनाथ पण्डित, अनिल पण्डित आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ।

**हजाम/ठाकुर**ः तराई मधेसी समुदायको जन्म, विवाह, पूजन, मृत्यु, संस्कारमा महत्त्वपूर्ण भूमिका खेल्ने जात हजाम हो। भरतपुरमा सैलुन व्यवसाय धेरैले गरेता पनि कयौंले स्थायी बसोबास बनाइसकेका छन् ।

**राजधोब**ः भरतपुमा स्थायी बसोबास गर्दै आइरहेको अल्पसंख्यक जाति हो । यिनीहरूको जातीय देवता लखाए बाबा मानिन्छ। राजधोव जातको जन्म संस्कारमा कलम मसी तरवार, धनुष आदि राखी अखण्ड दीप प्रज्लन गर्ने प्रचलन रहेको देखिन्छ। यिनिहरुको बसोवास भरतपुरमा न्यून रहेको पाइन्छ । जस अन्तर्गतका वद्रि राउत, अजय सिंह, मेघराज मण्डल, विशाल वावु परिहस्त आदि रहेको पाइन्छ।

**कोइरी/कुशवाहा**ः यिनीहरु आफूलाई कुशको सन्तान मान्छन् कुश शब्दबाट यिनीहरुलाई कुशवाहा पनि भनिन्छ। यिनीहरू ९ समूहमा विभाजित छन् जस अन्तर्गत विन्देश्वर महतो, गृह नारायण महतो, रमन मेहता आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ।

**भूमिहार**ः भूमिहार भन्नाले भूमि (पृथ्वी) मा हलो जोत्ने व्यक्तिलाई भूमिहाल भनिन्छ । यही अपभ्रंश भएर भूमिहार भएको हो जस अन्तर्गत राजेश सिंह, रत्नाकर चौधरी आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ।

**यादव/अहिर**ः यिनीहरु यदु वंशी हो। कृष्णको सन्तान भन्न रुचाउँछन्। यिनीहरु ४ समूहमा विभाजित छन् जस अन्तर्गत डा. सञ्जय यादव, दानी यादव, कुलदेवी यादव आदि व्यक्तित्वहरु भरतपुरमा बसोबास गरेको पाइन्छ। तिनीहरु गोपाल सेवा समिति चितवनमा आवध्द छन्। जसको अध्यक्ष सोभितलाल यादव हुनुहुन्छ।

**सन्दर्भ सामग्री**


१) Tarai/Madhesh of Nepal – Deepak Chaudhary-Ratna Pustak Bhandar

२) चितवन जिल्लामा पिछडा वर्गको स्थिति र पहिचान २०६८ प्रकाशक, जिल्ला विकास समिति, भरतपुर, चितवन

३) राष्ट्रिय समावेशी आयोग-जात र थरहरुको विवरण सहितको चिठी

४) पिछडा वर्ग संघर्ष

५) १४ औं चितवन महोत्सव २०७९ प्रकाशक उद्योग वाणिज्य संघ नारायणगढ

६) विहार लोक संस्कृति मिथिला शब्दकोष - डा. लक्ष्मीनारायण श्रीवास्तव

७) भारशिवनाग एवं उनके वंशज - श्रीमती रिंकी नीरज भारशिव तुलसी पगारे सुगत प्रकाशन नागपुर-१७ महाराष्ट्र

समीक्षा

# चितवनका नियात्रा र नियात्राकार



✍प्रा. कपिल अज्ञात
अध्यक्ष-भैरव वाङ्मय प्रतिष्ठान

चितवनको भरतपुर नेपालका प्रमुख शहरहरूमध्ये एक हो । यो धार्मिक, पर्यटन र व्यापारिक दृष्टिले पनि महत्त्वपूर्ण देखिन्छ । उहिलेउहिले नारायणगढ वा नारायणघाटमात्र बजार थियो, अहिले बजार क्षेत्र विस्तार हुँदै पूरा भरतपुर शहरीकरण भएर भरतपुर शहर भन्नुपर्ने देखिन्छ । साहित्यिक, सांस्कृतिक र भौतिक दृष्टिले यसको विकास हुँदै गएको छ । बाटोघाटो, जलस्रोत र वेगशील नदी भएकाले पनि यसको विस्तारको सम्भावना प्रबल छ । पत्रपत्र जमिन सतह भएकाले पनि कहीँकतै पानी जमेर हिलोमैलो हुने स्थिति छैन । धार्मिक दृष्टिले हेर्दा देवघाटका प्राचीन मन्दिर, धर्मशाला, नदी वारि र पारि अवस्थित आश्रम, कुटी र संस्कृत पाठशालाहरू रहेका छन् । पौराणिक ग्रन्थहरूमा पनि देवघाटको महत्त्व पाइन्छ । नदीहरूको सङ्गमस्थल भएकाले यहाँ स्नानको पनि उत्तिकै महत्त्व छ । माघे सङ्क्रान्तिमा त यहाँ विशाल स्नानमेला नै लाग्छ । जीवनको अन्त्यकाल देवघाटमै बिताउन पाए मुक्ति मिल्थ्यो भन्ने कैयौँको चाहना रहेको पनि पाइन्छ । यही उद्देश्यले देवघाट वरपर कैयौँले घडेरी पनि लिएका छन् । कतिले कुटी, घर वा आश्रम बनाएर पनि बसेका छन् तर सबैको सन्न्यास आश्रमको प्राबधान भने देखिन्न । सांसारिक मोहमायामै रमाइरहेका छन् । देवघाटमा दाहसंस्कार भए सद्गति प्राप्त हुन्छ भन्ने जनविश्वास रहिआएको छ त्यसैले दूरदूरबाट लासहरू यहीँ ल्याएर जलाइन्छन् । देवघाटको महत्त्व र गरिमाका बारेमा अनेक ग्रन्थहरू प्रकाशित भएका छन् । कैयौँ कविले देवघाटका बारेमा कविताकाव्य पनि रचेका छन् । धार्मिक दृष्टिले मात्र होइन पर्यटनका दृष्टिले पनि देवघाटको सुन्दर परिवेश छ । वारपार मनोरम घाटहरू छन् । प्राकृतिक वृक्ष, वनस्पतिको हरियाली पनि छ, छाँगा-छहराको सौन्दर्य पनि छ, पहाडिया काखमा रहेको समथर भूमि आवागमनका विकल्पले गर्दा पर्यटकहरूका निम्ति पनि उत्तिकै आकर्षणका दृश्यहरू देखिन्छन् । आधुनिक संसाधनको जडान र विकास हुने हो भने अझ यसको सौन्दर्य र आकर्षण बढ्न सक्ने देखिन्छ । पहाडिया परिवेश हुनाले मौसम पनि समशीतोष्ण छ । त्यस्तै भरतपुरको व्यापारिक दृष्टिले पनि महत्त्व अधिक छ । तेल, मह, फलफूल, केरा, तरकारी, धान आदिको उत्पादन यहाँ अधिक हुने गर्छ किनकि यहाँको माटो निकै उर्वरा छ । आयातभन्दा अधिक निर्यात गर्ने क्षमता र स्रोत भएकाले राष्ट्रिय आयमा पनि यसको महत्त्वपूर्ण भूमिका देखिन्छ । यसका बाटाघाटा, पुलपुलेसा व्यवस्थित रूपले विकसित हुँदै जाने भौतिक संरचना पनि व्यवस्थित हुँदै जाने फोहोरमैलाको पनि राम्ररी व्यवस्थापन हुँदै जाने, मलखादको पनि निर्माण हुने, हरेक पक्षमा आत्मनिर्भरता, कृषिको आधुनिकीकरण हुने हो भने नेपालकै यो उत्कृष्ट शहर बन्ने कुरामा दुईमत छैन । प्राकृतिक स्रोतसाधनको अनुकूलताले पनि यसलाई भरपुर सघाएको छ । साहित्यिक क्षेत्रमा पनि राज्यका तहबाटै प्रतिष्ठान स्थापना भएको छ । पाण्डुलिपि प्रोत्साहन, पुरस्कार आयोजना, पत्रिका प्रकाशन, साहित्यिक गोष्ठी आदिले साहित्यको पनि श्रीवृद्धि हुँदै गएको पाइन्छ । शैक्षिक दृष्टिले पनि अनेक शिक्षण संस्थाहरू छन् । उपचारका क्षेत्रमा पनि यो अग्रस्थानमा रही आएको छ । सबै क्षेत्रमा यसको विकास हुँदै गइरहेको छ । कुशल नेतृत्व हुने हो भने यसको भविष्य उज्ज्वल देखिन्छ । हामी भरतपुरवासी हौँ भनेर गर्व गर्ने ठाउँ यो बन्न सक्दछ ।

चितवन भौतिक दृष्टिले मात्र होइन साहित्यिक र सांस्कृतिक दृष्टिले पनि समृद्ध हुँदै गएको छ । केन्द्रभन्दा किनारमा बसेर पनि यहाँबाट उच्चस्तरका रचना आइरहेका छन् । उत्कृष्ट रचना प्रकाशन गरेर यहीँबाट कतिले उच्चस्तरका राष्ट्रिय पुरस्कार पाएका छन् । केन्द्रमै बसेर लेख्नेहरू महान् हुन्छन्, किनारमा बसेर लेख्नेहरू मामुली हुन् भन्ने भ्रम तोडिएको छ । किनारमै रहेर उच्चस्तरको रचना गर्ने विनोदी, सत्याल र कृष्णशरणहरू यहीँ साधनारत छन् । तिनको नाम लिँदा पनि गर्वको अनुभूति हुन्छ । पहिलेपहिले रचनाकारका प्रमुख विधामा मात्र केन्द्रित हुन्थे, अब प्रविधामा पनि उनीहरूको कलम चल्न थालेको छ । नियात्रा पनि निबन्धकै प्रविधा हो । हुन त यसलाई स्वतन्त्र विधा मान्नेहरू पनि छन् तर निबन्धको

इयत्ताबाट यसलाई अलग्याउन मिल्दैन। नियात्राको खोजिनिती गर्दा चितवनमा चौबीसपच्चीस जनाका सिङ्गै कृति देखा परे, त्यो सामान्य कुरा होइन। यसै गरी अन्य प्रविधिको पनि विकास हुँदै गएको छ। शोधखोज र समीक्षा आवश्यकता छ। अहिलेसम्म नियात्रामा देखापरेका कृति र कृतिकारको विवरण एवम् तिनको सङ्क्षिप्त परिचयात्मक समीक्षा यसप्रकार छ।

खेमराज दवाडी - **अमेरिकाको यात्रा** (२०६३), नारायणदत्त शास्त्री - **अमेरिका यात्रा र अनुभूति** (२०६४), केदारनाथ खनाल - **यात्राका स्पन्दनहरू** (२०६५), **दुईधार एक लहर** (२०७०) **महादेशको यात्रा स्वदेशको माया** (२०७६), शशिकिरण रेग्मी - **पहाडको फेदीमा पाहुना घर** (२०६५), घनश्याम पौडेल - **मेरा नियात्राहरू** (२०६८), कृष्ण कँडेल - **पाताल वृत्तान्त** (२०७०), पूर्णबहादुर अधिकारी - **कङ्गारुको देशमा** (२०७१), **यात्राको कोसेली** (२०७२), **अनुभूतिका त्रिवेणी** (२०६५) र **बुद्धका पाइला पछ्याउँदै** (२०७२), हरिहर खनाल - **चीनको डायरी** (२०६६), **बेलायती दैनिकी** (२०६७), नारायणप्रसाद खनाल - **स्वप्न, यात्रा र चिठ्ठी** (२०६६), चन्द्रबहादुर बस्नेत - **यात्रासंस्मरण** (२०६६), डा. फणीन्द्रराज देवकोटा - **मनाङ नियात्रा** (२०६९), **काश्मिरतिर** (२०७०), जीवा लामिछाने - **सर्सर्ती संसार** (२०७२), **देशदेशावर** (२०७७), **अक्षर अन्टार्टिका** (२०८१), लकाश पौडेल - **हिमालयदेखि कन्याकुमारीसम्म** (२०७२), प्रभा बराल - **आत्महत्याको जङ्गल** (२०७२), गायत्री श्रेष्ठ - **सिगलको उडान र समुद्रको स्पर्श** (२०७३), टीकाराम रेग्मी - **अनुनाद** (२०७४), बाबुराम पाण्डे - **जीवनका पदचापहरू** (२०७५), कमल अर्याल - **उत्तरकी अप्सरा** (२०७५), देवीभक्त ढकाल - **धार्मिक पर्यटन** (२०७५), पूर्णप्रसाद अधिकारी - **अनुस्मृतिका तरङ्ग** (२०७७), **अविस्मृत अभिव्यञ्जना** (२०६६), **अनुभूति आफ्नै परिधि,** (२०८१), रामहरि श्रेष्ठ - **स्मृतिका नदीहरू** (२०७८), कपिल अज्ञात - **यात्राऽनुस्मृति** (२०७८), भगवती अर्याल - **इस्कोवको यात्रासंस्मरण** (२०७८), हिरालाल रेग्मी - **लाङटाङदेखि गोसाइँकुण्ड : पदयात्रा संस्मरण** (२०८०), केदार कुशल - **आरुदेखि अस्ट्रेलियासम्म** (२०८१), एल.बी. क्षत्री - **मेरिकोमा ४३ दिन** (२०८१, प्रेसमा)

सिङ्गै कृति नआए पनि कतिपय लेखकका निबन्ध र संस्मरणमा मिसिएर नियात्राहरू आएका छन्। तिनलाई आंशिकमा राखेर उल्लेख गर्न सकिन्छ। त्यस्ता लेखकहरू हुन् - इन्द्र रेग्मी, भूपिन व्याकुल, जगन्नाथ पण्डित, मणि काफ्ले, कृष्णमणि पहारी, विश्वनाथ खनाल (वागीश्वरी, भूकम्प विशेषाङ्क), रविकिरण निर्जीव (**भदौरे झरी**), रणेन्द्र बराली (**चीनको कोसेली**, २०६६), **समुद्रपारिको उपहार** (२०६८), सञ्जीव पौडल (**भ्रमण र अनुभूति : कर्णाली प्रदेश**) शान्त श्रेष्ठ (**मातृभूमिको वन्दना**, २०८०), रामहरि शर्मा।

**महादेशको यात्रा स्वदेशको माया** (२०७६) साहित्यकार केदारनाथ खनाल (२००१) चितवनका साहित्यिक वटवृक्ष मानिन्छन्। साहित्यकारहरूलाई छहारी दिन र अभिभावकत्व प्रदान गर्नमा उनको अग्रणी स्थान छ। जीवनको छ दशकसम्म उनका कुनै पनि पुस्तकाकार कृति निस्कन पाएनन्। त्यसपछि भने कविता, निबन्ध, लेख, संस्मरण र समीक्षाका दर्जनौं कृति एकपछि अर्को गर्दै धमाधम आउन थालेका छन्। उनले कविता, लेख, समीक्षा, निबन्ध आदि बहुविधामा कलम चलाए पनि सम्पादन, नियात्रा र संस्मरणमैं उनी चम्किएका छन्। नियात्रामा उनको पहिलो कृति **यात्राका स्पन्दनहरू** (२०६५) रहेको छ। यस कृतिले नै उनलाई नियात्राकारको रूपमा ख्याति बढाएको पाइन्छ। यसको वर्णित विषय धेरैका लागि रुचिकर र प्रियकर रहेकाले यो अङ्ग्रेजीमा समेत अनूदित भएको छ। उनको **स्मृतिका विम्बहरू** (२०६६) देखिन्छ, त्यसपछि उनको **दुई धार : एक लहर** भन्ने निस्कन्छ। यो संस्मरण र नियात्रा दुई विषय समेटेर निकालिएको कृति हो भन्ने त शीर्षकले पनि सङ्केत गरेको छ। यिनै कृतिक्रममा दशौं कृतिका रूपमा उनको **महादेशको यात्रा स्वदेशको माया** (२०७६) भन्ने नियात्राको कृति प्रकाशित हुन पुग्छ।

नियात्रा र संस्मरण त उनको स्वभाव र प्रवृत्तिले नै प्रदान गरेको विधा हो। उनी बौद्धिक छन्, अनुभवी छन्, जिज्ञासु छन्। उनमा भाषिक सचेतता र अभिव्यक्ति सामर्थ्यका साथै विधागत चेत पनि प्रबल छ, साथै सैद्धान्तिक सचेतता पनि छ, किनभने उनी सम्पादक पनि हुन्। त्यसले नियात्राको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। उनले आत्मकथ्यमा भनेका छन्, "मलाई बाल्यकालदेखि नै नयाँनयाँ ठाउँमा जान, घुम्न, हेर्न मन पर्थ्यो। त्यस्तै उनको दाहिने हातको साइँली औंलामा एउटा मात्र चक्र छ। एउटा चक्रमात्र हुने जोगी हुन्छ, भोगी हुन्छ कि घुमक्कड हुन्छ। त्यस्तो जोगीभोगी त म भएजस्तो लाग्दैन तर घुमक्कड हुन भने मन लाग्छ" भनेबाट उनको यात्राप्रति गहिरो रुचि रहेको दर्शाउँछ।

उनको यस्तै साहित्यिक यात्राका योजनामा म पनि परेँ। उनकै साथ लागेर म पनि यात्रामा निस्कैं। ठाउँठाउँका प्राकृतिक दृश्य र सौन्दर्यको अवलोकन र रसास्वादन गर्दै

चारपाँच दिनसम्मको यात्रा उनैसँग गरेको छु । नेपालका कैयौँ शहरभन्दा राम्रो शहर, एकै नजरमा सयौँ डाँडा देखिने अद्‌भुत दृश्यहरू उनीसँगै मैले पनि नियालेको छु । पश्चिमी नेपालको विकट स्थितिलाई मैले पनि प्रत्यक्ष भोगेको छु, शिलगढीको सांस्कृतिक बजार पनि निरीक्षण गर्ने अवसर पाएको छु तर मैले यस्ता घटना र दृश्यहरूको अवलोकन गरेर पनि नियात्रा लेख्नु पर्छ भन्ने शुद्धिबुद्धि आएन । केही कविता, गजल र मुक्तकसम्म त लेखेँ । आफ्नो सृजन क्षमतालाई तिनैमा सीमित तुल्याएँ । अहिले आएर भने निकै पछुतो लागेको छ । जब यसै विषयमा उनको नियात्रा देख्छु मलाई झस्का पर्छ । उनले त्यसको इतिवृत्त नियात्राका रूपमा तयार पारेका छन् र त्यो उनकै कृतिमा पनि समावेश भएको पाइन्छ । तसर्थ प्रत्यक्ष भेट हुँदा मैले उनलाई भन्ने गरेको पनि छु, तपाईँको सृजनात्मक मूलविधा भनेकै नियात्रा हो । त्यसलाई तपाईँको भावुक मन, जिज्ञासु स्वभाव र बौद्धिक क्षमताले पनि साथ दिएको छ । त्यसैले तपाईँ नियात्रा र संस्मरणमैँ केन्द्रित हुनुपर्छ । हुन पनि त्यही लेखनले उनलाई सिर्जनात्मक शिखरमा पुऱ्याएको छ ।

विषयगत रूपमा **महादेशको यात्रा स्वदेशको माया**भित्र अमेरिका, युरोप, भारत र स्वदेशका नियात्राहरू सङ्गृहीत छन् । अमेरिकाका आठवटा, युरोपका चारवटा, अस्ट्रेलियाका पाँचवटा, भारतको एकवटा र स्वदेशका आठवटा नियात्राहरू रहेका छन् । यसमा सबै गरी छब्बिसवटा नियात्रा सङ्गृहीत छन् । अमेरिका, युरोप र अस्ट्रेलिया भनेका महादेश हुन् । यिनको भौगोलिक स्वरूप र क्षेत्रफल नै विशाल छ । संसारका नदीहरू बगेर समुद्रमा मिसिएझैँ संसारभरका मानिस वैरिएर अमेरिकामा मिल्न पुग्छन् । लेखक पनि त्यहाँ पुग्छन् र त्यहाँको रहनसहन र संस्कृति प्रत्यक्ष अनुभूत गर्छन् । अस्ट्रेलिया पनि विशाल समुद्रवेष्टित देश हो । अहिले त्यो नेपाली युवाजगत्‌को आकर्षणको स्थल बनेको छ । नीतिनियम र व्यवस्थाले नै त्यो गराएको हो । लेखक पनि त्यहाँ पुगेका छन् । त्यस्तै बेलायत, साउदर्न सी आदि युरोपभित्रै पर्दछन् । आफ्नो बुद्धि, बल र शक्तिसामर्थ्यले कुनै समय बेलायतले संसारभर राज गर्न पुगेको थियो । संसारमा आधुनिकताको रूपरेखा तिनैले कोरेका हुन् । त्यहाँ पनि लेखकले पुग्ने सौभाग्य पाएका छन् । महादेशका क्रममा भारत पनि जनसङ्ख्या र क्षेत्रफलका दृष्टिले ठूलो देश हो । स्वदेशभित्रका चन्द्रागिरी, सिन्धुलीगढी, सिन्जा, दुल्लू ऐतिहासिक महत्त्वका र प्राकृतिक सौन्दर्यका ठाउँहरू हुन् । यी सबै विषयवस्तुका आधारमा **महादेशको यात्रा र स्वदेशको माया** भनी राखिएको शीर्षक सटीक र सार्थक भएको देखिन्छ ।

नियात्राकै स्वभाव र संरचनामा निबद्ध भए पनि केही निबन्धझैँ, केही प्रतिवेदनझैँ, केही लेखझैँ, केही टिप्पणीझैँ र केही समीक्षाझैँ नलाग्ने होइनन् । यात्रासंस्मरणका आधारभूत तत्त्व गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, चित्रात्मकता, इमान्दारिता आदि हुन् । यसमा यी सबै तत्त्व यथेष्ट मात्रामा देखापर्छन् । यसमा स्वदेशलाई सम्झेर तुलना गर्ने प्रवृत्ति पनि छ, कहीँ सामयिक यथार्थताप्रति पनि कटाक्ष गरेका छन् । उनका समग्र रचनामा स्वदेशको माया झल्किएको पाइन्छ । उनका रचनाको मूल प्रकृति सूचनात्मकता देखापर्छ । ऐतिहासिकता, शैक्षिक प्रसङ्ग, प्राकृतिक सौन्दर्य, सांस्कृतिक पक्ष, साहित्यिक सन्दर्भ आदि पनि उनका विषयवस्तुमा भेटिन्छन् । उनको अभिव्यक्ति वर्णनात्मक र विवरणात्मक प्रकृतिको रहे पनि तिनमा मानवीय अनुभूतिका गम्भीर तरङ्गहरू पनि भेटिन्छन् ।

**स्वप्न, यात्रा र चिठ्ठी** (२०६६) : प्रा.डा. नारायणप्रसाद खनालको नैबन्धिक कृति हो । डा. खनाल दर्जनौँ कृतिका प्रणेता, दर्जनौँ ग्रन्थका सम्पादक एवम् सयौँ कृतिका भूमिकाकार देखिन्छन् । उनमा कारयित्री र भावयित्री दुवै किसिमको प्रातिभ क्षमता छ । यस कृतिमा स्वप्न, यात्रा र चिठ्ठी तीन किसिमका विषयसामग्री समेटिएका छन् । सबै टिप्पणीपरक निबन्धका रूपमा देखिन्छन् । स्वप्नलाई स्वप्नालङ्कार र यात्रालाई यात्रालङ्कार भनिएको छ । यात्रा नै यहाँ सरोकारको विवेच्य विषय रहेकाले यसअन्तर्गत तेत्तीसवटा निबन्ध सङ्गृहीत छन् । यसमा अधिकांश एक पृष्ठका र केही दुई पृष्ठसम्मका छन् ।

यसमा यात्रा के हो भन्ने विषयमा महत्त्वपूर्ण सैद्धान्तिक चिन्तनहरू निहित छन् । यसले भ्रमणको महत्त्व दर्शाउँदै यसलाई तीन प्रकारमा विभाजन गरेको छ । धार्मिक, सामाजिक, राजनीतिक तथा भिक्षाटन । धार्मिकलाई तीर्थाटन, सामाजिक-राजनीतिकलाई देशाटन र भिक्षाको निम्ति भ्रमण गर्नेलाई भिक्षाटन भनेको छ । नारीलाई यात्रा वा भ्रमणको निम्ति निषेध गरिएको छ । निषेध गर्नुको आशय स्वेच्छाचारिता नहोस् भन्ने नै हो । नारी र पुरुष समान मानिएको सन्दर्भमा अहिले यो कुरा लागू हुन सक्दैन, जे होस् शास्त्रले भ्रमण गर्नु वा घुम्नुलाई स्वस्थकर र हितकर हुने प्रयोजनले पनि महत्त्वपूर्ण कार्य मानेको छ । चरैवेति चरैवेतिको शास्त्रीय प्रसङ\ग ल्याएर अझ यसको महत्त्वमाथि स्पष्ट पारेको छ । यात्रा र यात्रासिर्जनका निम्ति उनका यी निबन्धहरू मार्गदर्शक बन्ने देखिन्छन् । यात्राका विसङ्गति, व्यापार र उपयोगिताका बारेमा पनि यी निबन्धहरूले प्रकाश पारेका छन् ।

**देशदेशावर** (२०७७) का जीवा लामिछाने प्रख्यात नियात्राकार हुन् । लक्ष्मी र सरस्वती दुवैको आशीर्वाद पाएका उनी विश्वका अधिकांश देश भ्रमण गर्नेमध्ये एक हुन् । उनको नियात्राका क्षेत्रमा पहिलो कृति **सर्सर्ती संसार** (२०७२) हो भने दोस्रो **देशदेशावर** (२०७७) हो । दोस्रो पनि पहिलोअनुरूप नै छ । दुवै कृतिका शीर्षकले यी नियात्राका कृति हुन् भन्ने बुझिन्छ । **देशदेशावर**का पारिवेशिक चित्रणमा रुवान्डा, तान्जानिया, मोजाम्बिक, युगान्डा, क्रोयासिया, आइस्ल्यान्ड, फिनल्यान्ड, साइप्रस, श्रीलङ्का, क्यानडा, चीन, हङकङ, रुस, बेलायतजस्ता प्रसिद्ध देश र तिनका केही प्रमुख शहर र टापु पर्दछन् । यिनमा क्यानडाको एकता, चीनको चामत्कारिक विकास, आइस्ल्यान्डको पर्यटकीय आकर्षणले विशेष प्रभाव पार्दछन् । जुन देशमा पुग्यो त्यसको कला, साहित्य र संस्कृतिको राम्रो खोजिनिती गर्ने लेखकको प्रवृत्ति रहेको छ । उनका लेखनबाट महत्त्वपूर्ण सूचना प्राप्त गर्न सकिन्छ । उनको अभिव्यक्ति कला पनि सरल, सरस र मनोरम छ । उनका नियात्राले ज्ञान र अनुभव दुवै बढाउँछन् । सबैतिर सुमधुर सम्बन्ध र सद्भाव राख्ने उनी सबैका प्रेय र श्रेय पात्रका रूपमा प्रसिद्ध छन् । प्रकृति परमेश्वरको उनीमाथि असीम कृपा छ । समाजको भलो हुने, राष्ट्रको अभ्युन्नति हुने र साहित्यको श्रीवृद्धि हुने काममा उनी निरन्तर लागिपरेका छन् ।

**हिमालदेखि कन्याकुमारीसम्म** (२०७२) लकाश पौडेल (२००४) को यात्रासंस्मरणको बृहद्काय कृति हो । यसमा चित्रसहित खाँदिएर रहेका तेह्रवटा मूलशीर्षकका सत्तरीवटा उपशीर्षकका यात्राविषयक संस्मरण सङ्गृहीत छन् । अत्यन्त लघु र घनीभूत लिपिमा यो प्रकाशित छ । अलि फुकाएर प्रस्तुत गरेको भए यसबाट दुई-तीनवटा पुस्तकका सामग्री हुन सक्थे र पढेर रसास्वादन गर्नमा पनि सहज हुन्थ्यो । अभिलेखीकरणका दृष्टिले पनि विषयलाई खाँदेर प्रस्तुत गरिएको हुनसक्छ, जे होस्, यसका घटना र दृश्यहरूको बोधबाट पाठक लाभान्वित हुन सक्छन् । यसमा धार्मिक, सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक तथ्यका साथै सामाजिक मान्यताका दृष्टिकोणहरू छन् । लेखकले धार्मिकयात्रा नै अधिक गरेका छन् तर उनको दृष्टि र लेखन पर्यटकीय रहेको छ । विषयवस्तुलाई व्यास शैलीमा प्रस्तुत गरेको भए पनि कृति रोचक र सूचनामूलक छ । मनमोहक प्रसङ्गहरू समाविष्ट छन्, अभिव्यक्ति पनि प्रवाहपूर्ण छ । यसले कृति आस्वाद्य हुन पुगेको छ । नेपाली प्रतिनिधि नियात्रामा पनि उनको नियात्रा प्रकाशित भएको छ । गद्य र पद्यमा उनका एक दर्जन जति कृतिहरू प्रकाशित भइसकेका छन् । नेपाली नियात्रासाहित्यमै नियात्राकारका रूपमा उनको स्पष्ट पहिचान बन्न पुगेको छ । उनले धेरै देशहरूको भ्रमण गरिसकेका छन् । अनेसाससँग पनि उनी सम्बन्धित छन् । उनको अनुभवको क्षितिज बृहद् हुँदै गएकाले उनबाट अरू पनि नियात्राका कृतिहरू प्रकाशित हुने संभावना देखिन्छ ।

**स्मृतिका नदीहरू** (२०७८) यो रामहरि श्रेष्ठको अस्ट्रेलियालाई विषय बनाएर तयार पारिएको नियात्रा हो । २०१२ सालमा जन्मेका श्रेष्ठ यथार्थलाई अभिव्यक्त गर्ने प्रगतिवादी स्रष्टा हुन् । उनको साहित्यिक नेतृत्वमा महत्त्वपूर्ण योजनाहरू सम्पन्न भएका छन् । उनको **माडी घटना** (२०६२) संस्मरणसङ्ग्रह प्रकाशित छ । उनका फुटकर लेख-रचना पनि पत्रपत्रिकामा छरिएर रहेका छन् । **स्मृतिका नदीहरू**मा सङ्गृहीत आलेखहरू दैनिकी लेखनका रूपमा निहित छन् । सूचनात्मक पद्धतिबाट लेखनको आरम्भ र विश्लेषण भएको छ । यसले अस्ट्रेलियन रहनसहन र संस्कृतिलाई गहिराइका साथ नियालेको छ । यसमा अनेकौँ तुलना र दृष्टिकोणहरू छन् । आफ्नै पारिवारिक वर्णन र विवरणमा केन्द्रित भए पनि कथ्यलाई रोचकताले भरिएको छ । स्मृतिमयता नै यसमा पाइने खास विशेषता हो ।

**पहाडको फेदीमा पाहुना घर** (२०६५) कविता, लेख, उपन्यास, बालकविता, निबन्ध आदि दर्जनौँ कृतिका स्रष्टा रह शर्मा (२००९), प्रमाणपत्रीय नाम शशिकिरण रेग्मीको नियात्राको कृति हो - **पहाडको फेदीमा पाहुना घर ।** यो प्रथम पटक साझा प्रकाशनबाट प्रकाशित भएको हो । यसमा एक्काइसवटा शीर्षकमध्ये एक शीर्षक 'पहाडको फेदीको पाहुना घर' रहेको छ । यसै शीर्षकमा कृतिकै नामकरण गरिएको छ । पाहुनाघर यात्रुहरूका निम्ति निर्मित हुन्छन् । यात्रा विषयको सन्दर्भलाई पाहुना घरले पनि सङ्केत गरेको हुँदा शीर्षक विषयसम्बद्ध रहेको छ । फेदी भनिसकेपछि पहाडको विशेषण आवश्यक पर्दैन । त्यसैले फेदीको पाहुनाघर भने मात्रै पनि पुग्थ्यो होला । पाहुना घरले लोकसंस्कृतिको झर्रोपनलाई पनि दर्साउँछ । चर्को शुल्क लाग्ने होटलहरूलाई पाहुना घर भन्नु कति उपयुक्त वा युक्तिसङ्गत हुन्छ होला । जे होस् शीर्षकले सार्थकता वरण गरेको छ । यसमा लेखकले आफ्ना अनुभवलाई चिन्तन वा दृष्टिकोणसँग घोलेर प्रस्तुत गरेका छन् । एक्काइस निबन्धमध्ये अठार निबन्ध विदेश भ्रमणमैँ केन्द्रित छन् । अभिव्यक्ति सरल, तरल र सहज देखिन्छ । कहीँ आह्लादित तुल्याउने र कहीँ उद्वेलित बनाउने स्थिति देखिन्छ । सारमा कृति यथार्थ वस्तुस्थितिको चित्रणमा केन्द्रित

छ।

**अमेरिका यात्रा र अनुभूति** (२०६४) प्रतिभा, सीप र जाँगरका त्रिवेणी, दर्जनौँ कविता, काव्य र नाटकका प्रणेता नारायणदत्त शास्त्री (२००८) को गद्यपद्यमय भएको चम्पू शैलीमा लिखित यात्रा अनुभूति अर्थात् नियात्राको कृति हो। संसारकै सबैभन्दा विकसित र महाशक्तिशाली पाताल देश वा नागदेश मानिएको अमेरिकाको यात्रामा केन्द्रित छ। यसमा अनुभूतिशील शास्त्रीले छोरीज्वाइँको आमन्त्रणमा पत्नीसहित अमेरिका पुगी त्यहाँ देखे-भोगेका अनुभवलाई रोचक पाराले सरल र सुललित शैलीमा प्रकट गरेका छन्। यो उनको व्यक्ति वा परिवारकेन्द्री रचना हो तापनि अभिव्यक्त भावना सुस्वादुमय छ। परिवारकै वर्णन र विवरणमा केन्द्रित भए पनि रसमय भाव प्राचुर्यले साहित्य भई सर्वप्रिय रचना हुन पुगेको छ। पारिवारिक रचना भए पनि रमसय तुल्याउन सके साहित्य हुन सक्छ भन्ने तथ्यको यो उत्कृष्ट नमुना बनेको छ। यसमा शास्त्रीले अमेरिकन जीवनका सकारात्मक-नकारात्मक दुवै पक्षलाई कलात्मक ढङ्गबाट इमान्दारीपूर्वक प्रस्तुत गरेका छन्।

**अनुनाद** (२०७४) टीकाराम रेग्मी (२०१३) शिक्षा क्षेत्रमा सक्रिय र समर्पित व्यक्तित्व हुन्। नियात्राका क्षेत्रमा उनको **अनुनाद** अस्ट्रेलियाली यात्राको अनुभवमा आधारित छ। यसमा सूचनाप्रद र सन्देशप्रद लेखनिबन्ध रहेका छन्। यसमा उनका शिक्षासम्बन्धी धारणा र दृष्टिकोणहरू पनि मुखरित भएका छन्। यसले समाजलाई सकारात्मक दिशातर्फ अभिप्रेरित गर्ने ज्ञानात्मक पक्षलाई जोड दिएको छ। यात्राका क्रममा लेखकले जहाँ वैभव देख्छन्, त्यहाँ आफ्नो देश र प्रवृत्तिसँग तुलना गर्न पुग्छन्। विदेश रमाइलो लाग्नुका कारण पनि त्यहाँका महत्त्वपूर्ण तथ्य खोतल्न पुग्छन्। हामीले आफ्नो कर्तव्य र दायित्व बिर्सेका छौँ। हामीमा सांस्कृतिक जागरणको खाँचो छ। परजीवी र पराश्रित मनमा स्वाभिमान सुरक्षित हुन्न भन्ने उनको धारणा छ।

**सिगलको उडान र समुद्रको स्पर्श** (२०७३) छोटो-छरितो आयामको आकर्षक कृति हो। गायत्री श्रेष्ठको **सिगलको उडान र समुद्रको स्पर्श** (२०७३) मा दुई खण्ड छन् - (१) विदेश खण्ड र (२) स्वदेश खण्ड। विदेश खण्डमा पन्ध्रवटा शीर्षक रहेका छन् भने स्वदेश खण्डमा पाँचवटा शीर्षक रहेका छन्। जम्मा बीस निबन्धमध्ये अठारवटा नियात्रा र दुई संस्मरण रहेका छन्। जीवनलाई नीरस होइन सरस तुल्याउनुपर्छ भन्ने जीवनमूलक उपयोगी अनुभूतिहरू यसमा व्यक्तिएका छन्। यसमा गतिमय तत्त्व रहे पनि आत्मसंस्मरणात्मकताले यो अधिक भिजेको छ। यसबाट पश्चिमी संस्कृतिको बोध हुन आउँछ। प्राकृतिक परिवेशबाट बाँच्ने कला सिक्नुपर्छ भन्ने जीवनवादी विचार र दृष्टि यसमा व्यक्तिएका छन्। सामयिक राजनीतिप्रति यसले कटाक्ष गरेको छ। लेखिकाले पश्चिमको ब्राइटनदेखि लन्डनसम्म देखे-भोगेका अनुभूतिलाई लालित्यमय शैलीमा प्रस्तुत गरेकी छन्। व्यावहारिक जीवन सन्देशहरूले पनि कृति पठनीय हुन पुगेको छ।

**अनुस्मृतिका तरङ्ग** (२०७७) पूर्णप्रसाद अधिकारी (२०१५) पुस्तकप्रेमी र गुणाख्याताका रूपमा चिनिन्छन्। उनका हालसम्म एक दर्जन जति कृतिहरू प्रकाशित भइसकेका छन्। यात्रा संस्मरणका क्षेत्रमा उनको पहिलो कृति **अविस्मृत अभिव्यञ्जना** (२०६६) प्रकाशित भएको छ। त्यसपछि **अनुस्मृतिका तरङ्ग** (२०७७) प्रकाशित भएको छ। आफैले देखे-भोगेका कुरालाई आफ्नै दृष्टिकोण र धारणासहित जीवन्त रूपमा चित्रण गर्नु अधिकारीको विशेषता हो। कतिपय कथ्यलाई उखानटुक्का र दृष्टान्तले स्पष्ट पार्दै इतिवृत्त उतार्नु उनको प्रवृत्ति हो। भूमिकाकार खनालका दृष्टिमा विषयको जीवन्त प्रस्तुति, सत्याश्रयी कथन उक्ति, उखान आदिको सटीक प्रयोग उनको विशेषता हो। उनी समीक्षक समेत भएकाले उनका नियात्रामा समीक्षात्मक चेतको पनि प्रभाव परेको पाइन्छ। मानसिक प्रभाव र प्रतिक्रियाको विश्लेषणमा भन्दा वस्तुस्थितिको वस्तुगत चित्रण गर्नमा उनी प्रखर देखिन्छन्। कहीँ उनी आँखादेखा हालको रिपोर्टकर्ताझैँ देखिन्छन्। अधिकतर उनका नियात्रामा सूचनात्मकताको सटीकता र टिप्पणी सघनताका साथै वर्णन-विवरणको अधिकता पाइन्छ। महत्त्वपूर्ण सूचनाराशिको प्रस्तुतिले उनका नियात्राबाट ज्ञान र मनोरञ्जन दुवै पाउन सकिन्छ।

**यात्राको कोसेली** (२०७२) पूर्णबहादुर अधिकारी (२०१२) को यो कृति पाँचौँ कृति प्रकाशनपछिको छैटौँ कृति हो। यसअघि यात्राकै दुई कृति प्रकाशित भइसकेका छन्। ती हुन् - **अनुभूतिका त्रिवेणी** (२०६५), **कङ्गारुको देशमा** (२०७६) र यसपछि पनि **बुद्धका पाइला पछ्याउँदै** (२०७८) भन्ने भुँडीपुराण प्रकाशनबाट प्रकाशित भएको देखिन्छ। निबन्धको कृति प्रकाशनबाट साहित्यमा प्रवेश गरेका उनका कविता, कथाहरू पनि रहेका छन्। उनको मूल साधनाको क्षेत्र यात्रानिबन्ध नै हो। यस तथ्यलाई उनकै कृतिहरूले पुष्टि गरेका छन्। यसमा उनका एक्काइसवटा यात्रासंस्मरण सङ्गृहीत रहेका छन्। कृतिको शीर्षकले नै यो यात्राको कृति

हो भन्ने जनाएको छ। एकान्त साधनामा रमाउने अधिकारीको साहित्य सृजनाप्रति प्रबल निष्ठा र अनुराग देखिन्छ। उनमा हार्दिकता, विनम्रता र राष्ट्रिय भावनाका उद्‌गारहरू भेटिन्छन्। उनले अस्ट्रेलियाको पनि भ्रमण गर्ने अवसर पाएका छन्। आफ्ना भावना र विचारसँग खेलेर दिनचर्यामा रमाउने उनले दैनिकी शैलीको **कङ्गारुको देशमा** (२०७६) भन्ने नियात्राको कृति पनि प्रकाशित गरेका छन्।

**उत्तरकी अप्सरा** (२०७५) कमल अर्याल 'धादिङे'को नियात्रा कृति हो। गजलबाट साहित्यिक यात्रा आरम्भ गरेका उनको यो आठौँ कृति हो। यसमा हिमाली सौन्दर्यलाई उत्तरकी अप्सराका रूपमा मानवीकरण गरी लेखकले आफूले देखे-भोगेका विकट ठाउँको रहनसहन र परिवेशलाई चित्रण गरेका छन्। यो विकटता र सौन्दर्यको संयोजनको रूपमा देखिन्छ। हिमाली सौन्दर्यबाट विमोहित भई लेखिएको यस कृतिमा एक्काइसवटा शीर्षकहरू निबद्ध छन्। कृति परीक्षणका क्रममा यस कृतिका भूमिकाकार रामबाबु घिमिरेको कथन उल्लेखनीय छ। उनले यसलाई यात्रासंस्मरण नभनी नियात्रा भनेका छन्। उनका दृष्टिमा "नियात्रा लेखन त्यतिबेला प्रभावकारी बन्छ जब नियात्राकार द्रष्टामात्र नभई स्रष्टा पनि बन्छ। यस कृतिमा कमल अर्याल द्रष्टामात्र बनेका छैनन्, उनी एक संवेदनशील स्रष्टा पनि बनेका छन्।"

हिमाली यात्रा दुष्कर यात्रा हो। त्यसमा लेखक एक्लैले यात्रा गरेका छन्। उनका साथी भनेकै उनको मन र हातको मोबाइल हो। यो उनको साहसिक यात्रा हो। उनी हँसिला, रसिला र मिलनसार छन्। यसमा काव्यात्मक शैलीका छोटाछरिता योजनाको वक्रोक्ति भाषा प्रयोग गरेर लेखकले यसलाई निकै रोचक र आकर्षक तुल्याएका छन्। उनको गजलकारको पहिचानलाई यसले अझै उचाइ थपेको अनुभव हुन्छ। अभिव्यक्तिमा सुन्दर सीप भएको व्यक्तिले अब गजलमा मात्र सीमित हुने होइन, गद्यमा पनि आफ्नो उत्कृष्ट पहिचान बनाउनुपर्छ भन्ने कुराको दृष्टान्त बन्न पुगेको छ। बडा संवेदनशील भई मनका भावोद्‌वेग पक्रेर उनले यस कृतिको रचना गरेको देखिन्छ। बिहान सुन र दिउँसो चाँदी हुने हिमाललाई अप्सरासँग दाँजेर हिमाल जति हेरे पनि मनको प्यास नबुझ्ने अपूर्व सौन्दर्यको खानी भन्दै त्यसको महिमा गाएर आफ्नो कृति र हिमाल दुवैलाई निकै मनोरम र आकर्षक विषय बनाएका छन्। यसबाट लेखकले चितवनका उत्कृष्ट नियात्राकारमध्ये आफू एक भएको साबित गरेका छन्।

यसमा आइपरेका विविध प्रसङ्गहरूको वर्णन गरेर कृतिको गुरुत्व र गरिमा अभिवृद्धि गर्ने काम भएको छ। यसमा युवाभावनाका उन्मेष छन्। अण्डा व्यापारीका कुशलता छन्, व्यापार प्रबर्द्धनका चाँजोपाँजो पनि छन्। गजलकार र गजलगायक हुनुका पहिचान पनि छन्, साहित्यिक उन्नयनका भावना पनि छन्। नहिँड्नुपर्ने बाटो हिँडेका सङ्केत पनि छन्, यात्राका याथार्थिक जटिलता पनि छन्, पर्यटकीय योजनाका चिन्ता र राष्ट्रियताका भावना पनि छन्, नसुल्झिएका जिज्ञासा पनि छन्। समग्रमा कृतिका कथ्यात्मक वर्णनको स्तर उच्चकोटिको आकर्षक र लोभलाग्दो छ। उनी रत्ननगर वस्तीका हस्तीभन्दा पनि महत्त्वपूर्ण रत्न बनेका छन्।

उनको प्रकृतिदर्शन उनकै भनाइले यसरी स्पष्ट पारेका छन् - सगरमाथि उत्तरकी अप्सरा हुन्। उत्तरकी अप्सरालाई खुला आँखाले भोग गर्न कसको पो लालसा हुँदैन र! मैले भोगेँ ती अप्सरालाई केही दिन नाम्चे र चोमोलोङ्माका काखमा रहेका नाम्चे स्याङबोचे, खुम्जुङ, खुन्दे, क्वान्दे आदि सबै तिनै अप्सराका प्रतापले तेजिला भएका हुन् भन्ने मेरो बुझाइ छ। यसरी क्याङ्वेको दर्शन गरी यात्रा आरम्भबाट चालीस दिन पूरा गरेर उनले अन्तिम यात्राको निष्कर्षसहित यात्राको समापन गरेका छन्।

**धार्मिक पर्यटन** (२०७५) अर्थशास्त्र विषयका प्राध्यापक देवीभक्त ढकालको यो कृति धर्म, पर्यटन र स्वास्थ्यको त्रिवेणीको रूपमा रहेको छ। त्रिवेणी साहित्य परिषद् प्रकाशक रहेको यस कृतिको वितरण व्यवस्था मौलाकालिका मन्दिरले गरेको देखिन्छ। २८० पृष्ठमा फैलिएको यो बृहद् आकारको कृति हो। यसको परिशिष्ट खण्ड नै बहत्तर पृष्ठको रहेकाले यो धार्मिक शोधखोज र अध्ययनको कृति हो भन्ने बुझिन्छ। विषयगत रूपमा यसका तीन खण्ड रहेका छन्। पहिलो खण्ड धर्म र पर्यटनसित सम्बन्धित छ, जसमा तीर्थ महत्त्व र प्रभावदेखि शिक्षा, धर्म र नैतिकताका कुरा रहेका छन्। दोस्रो खण्ड मौलाकालिका मन्दिरसँग सम्बन्धित छ। यसमा मौलाकालिका मन्दिरको ऐतिहासिक पृष्ठभूमिका साथै धर्म, पर्यटन, स्वास्थ्य, सञ्चार आदि विषयको चर्चा छ। तेस्रो परिशिष्ट खण्डमा नेपालका प्रमुख मन्दिरहरूको विवरणसूची प्रस्तुत गर्नुका साथै स्तुति आदि र सन्दर्भस्रोत खुलाउने काम गरिएको छ। यसले धार्मिक यात्रा पुण्यलाभका निम्तिमात्र नभई स्वास्थ्यलाभका निम्ति पनि हो भन्ने सन्देश मुखरित गरेको छ। यति व्यापक रूपमा धार्मिक स्थलको अध्ययन र विवरणले लेखकको अथक मिहिनेत झल्किन्छ। यो धर्म, संस्कृति र इतिहासको गौरव बढाउने कृति हो। सांस्कृतिक

ज्ञानका निम्ति यो महत्त्वपूर्ण कृति रहेको छ।

**मनाङ नियात्रा** (२०६९) डा. फणीन्द्रराज देवकोटाको कृति हो । उनी काव्यकार पनि हुन् । उनको **हिमालपारि** महाकाव्य पनि प्रकाशित भएको छ । मुक्तिनाथ हिन्दूहरूको धार्मिक स्थल हो। भरतपुरदेखि लमजुङ-मनाङ हुँदै मुक्तिनाथ दर्शन गर्ने क्रममा देखे-भोगेका र अनुभव गरेका विषयवस्तु समेटेर लेखकले यस कृतिलाई तयार पारेका हुन् । यसमा तथ्यपरक विषयवस्तु समेटिएका छन् । हिमाली यात्रा गर्दा अपनाउनुपर्ने सावधानीका बारमा पनि लेखकले जानकारी दिएका छन्। यसमा बाह्र अध्याय रहेका छन्। मनाङ प्राकृतिक सौन्दर्यको खानी हो । यसमा पर्ने तिलिचो ताल, थोरङ्ला, पिसाङ्पिक आदि सम्पदाको मनोरम चित्रण गरेका छन् । मनाङमा मूल्यवान् जडिबुटीहरू पनि पाइन्छन्, मुस्ताङको स्याउ पनि उत्तिकै प्रसिद्ध छ । यसमा विशेष गरी मनाङ संस्कृति प्रकृति पर्यटन तथा कृषि व्यावसायिक विशेषता र सम्भाव्यतालाई समावेश गरिएको छ । हिमाली प्रकृतिको यात्रा गर्नेहरूलाई यसले मार्गदर्शन गर्नेछ। नियात्राकार भावुक कवि पनि हुन्। नियात्राका बीचबीचमा उनले समावेश गरेको कविता र आलङ्कारिक वर्णनले नियात्रामा रोचकता थपेको छ।

**अमेरिकाको यात्रा** (२०६३, यात्राकाव्य) खेमराज दवाडीको **अमेरिकाको यात्रा** शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको कोषकाव्य हो । यसमा शार्दूलविक्रीडित छन्दका पचासीवटा कविता सङ्गृहीत छन् । कवि दवाडी आर्थिक उपार्जन गर्ने ध्येयले विश्वकै धनी देश अमेरिका पुग्छन् र त्यहाँ हण्डर-ठक्कर खानु पर्दाका भावनाहरू कविताका माध्यमबाट व्यक्त गर्छन्। कविका सबै कविता वर्णनात्मक शैलीमा निबद्ध छन् । सबै तरल, सरल र हृदयस्पर्शी छन् । नेपाली गद्यमा निकै नियात्रा लेखिएका छन्। पद्यमा लेखिएका मध्ये यसको विशिष्ट स्थान रहने छ। भूमिकाकार लक्ष्मणप्रसाद गौतमका विचारमा यसमा कहीँ प्रेम, कहीँ वियोग, कहीँ मिलन, कहीँ बाध्यता र विवशता, कहीँ पारिवारिक स्नेह, कहीँ दायित्वबोध र कही बन्धुबान्धवका स्मृतिहरू यस सङ्ग्रहका कविताभरि पाइन्छन्।

**आत्महत्याको जङ्गल** (२०७२, यात्रानिबन्ध) कविता र निबन्ध क्षेत्रमा उदाएर पछिल्लो समय आख्यानकारको रूपमा ख्यातिप्राप्त गरेकी प्रभा बरालको यो नियात्राको कृति हो - **आत्महत्याको जङ्गल ।** प्रविधि र विकासमा अग्रणी समुद्रैसमुद्रबाट परिवेष्टित सानाठूला अनेक टापुहरूले निर्मित देश हो - जापान । यही जापानी जीवनका गतिविधिमा आधारित रहेर रचिएको कृति हो यो । यसमा एक्काइसवटा यात्रानिबन्धहरू सङ्गृहीत छन्। यो अनेक रसात्मक संवेदनाले भरिपूर्ण छ । यसमा कतै मनको गहिराइमा पुग्ने पीडाका संवेदना छन्, कतै बिर्सनै नसकिने वियोग र व्यथाका संवेदना छन् त कतै नाचूँनाचूँ र उडूँउडूँ लाग्ने उल्लास र उमङ्गका संवेदनाहरू छन्। एकै कृतिमा संवेदनाका अनेक परिकार छन्। यसमा बरालका सृजनात्मक शक्ति, सीप र सामर्थ्यको अद्‌भुत प्रस्तुति छ।

**जीवनका पदचापहरू** (२०७४) बाबुराम पाण्डेको यात्रा र संस्मरणको नैबन्धिक कृति हो। यस अघिका कविता, संस्मरण र थारु भाषाको **जितिया पावनी**को नेपालीमा अनुवाद प्रकाशित भइसकेका छन्। उनी चितवनका साहित्य, संस्कृतिका शोधखोज र उत्प्रेरक व्यक्तित्व हुन् । उनको यस कृतिमा सांस्कृतिक शोधखोजबाहेक रामेश्वर गढीको अध्ययन, भ्रमण, पूर्वोत्तर भारतको साहित्यिक सद्‌भाव यात्रा, भरतपुरदेखि बेनीपुरसम्मको यात्रा, सुर्खेतको साहित्यिक यात्रा, गोसाइँकुण्ड यात्रा शीर्षकमा यात्राविषयक संस्मरणात्मक निबन्ध रहेका छन् । ब्रह्मले देखेका कुरा निर्भीकतापूर्वक लेख्ने उनको प्रवृत्ति छ । उनका निबन्ध वर्णनमा आधारित रहे पनि प्राकृतिक रमणीयतालाई रोचकतापूर्वक प्रस्तुत गर्नुका साथै रोचक प्रसङ्गहरू समावेश गरी निबन्धलाई ज्ञानबर्द्धक तुल्याएका छन्।

**इस्कोवको यात्रासंस्मरण** (२०७८) मुक्तक, कविता, लघुकथा, समीक्षा आदिको रचना गर्ने साहित्यकार भगवती अर्यालको यात्रा संस्मरणको कृति हो । इस्कोव स्थानीय शैक्षिक सङ्गठनको नाम हो। पश्चिम चितवनका ४३ वटा विद्यालयका ४९ जना सञ्चालक र शिक्षक मिली पाँच दिने शैक्षिक भ्रमण गर्ने अवसर जुटेको रहेछ । त्यसैको शैक्षिक भ्रमण वृत्तान्त समेटेर यस कृतिको रचना गरिएको छ । कृति सूचनामूलक, ज्ञानप्रद र रोचक छ । यसलाई नियात्रा भनिए पनि यसमा संस्मरणात्मक पक्ष प्रबल देखिन्छ। यसमा पन्ध्रवटा यात्रासंस्मरण रहेका छन्। अन्तमा सन्दर्भसामग्रीलाई पनि प्रस्तुत गरिएको छ। शिक्षाको गुणस्तर कसरी अभिवृद्धि गर्ने भन्ने उद्देश्यले गरिएको अवलोकन भ्रमणले थाइलैन्डमा शिक्षाको केकस्तो स्थिति छ, यसमा त्यसको ज्ञान पाउन सकिन्छ।

**यात्राऽनुस्मृति** (२०७८) डेढ दर्जनभन्दा बढी कृतिका प्रणेता कपिल अज्ञात (२०१४ चैत्र, रामनवमी) को यो

नियात्राको कृति हो । यसमा उनका नौवटा नियात्रा र एक व्यक्तित्वको चर्चासहित दशवटा यात्रानिबन्धहरू रहेका छन् । यात्रानिबन्धमा आफ्नो निजात्मक अनुभूतिको भूमिका अधिक रहेकाले विधागत रूपमा यसलाई नियात्रा भनिएको हो । यसमा तीनथरीका नियात्रा छन् - (१) साहित्यिक नियात्रा, (२) सहकारी नियात्रा र (३) धार्मिक नियात्रा । कवि विनोदीका दृष्टिमा अध्यात्म दर्शन होस्, ज्योतिर्ज्ञानको सैद्धान्तिक चिन्तन होस् वा सामयिक जीवनका यथार्थहरूको अन्वेषणात्मक चिन्तन होस्, सबैको सारपूर्ण अभिव्यन्जना हृयस्पर्शी रूपमा चित्रण गर्ने कला अज्ञातमा छ । समालोचक नारायणप्रसाद खनालका दृष्टिमा उनका नियात्रा आनन्द प्रदायक रहेका छन् । त्यस्तै साहित्यकार केदारनाथ खनालका विचारमा अज्ञातका नियात्रा रोमाञ्चक चित्रणयुक्त र आस्वादनयोग्य रहेका छन् ।

**लाङटाङ गोसाइँकुण्ड : पदयात्रा संस्मरण** (२०८०) पदयात्रा संस्मरण शीर्षक रहेको लेख हिरालाल रेग्मीको **धौलागिरी ट्रेकर्स रिभ्यू** (२०८०) जर्नलमा प्रकाशित छ । यसलाई उनी आफैले सम्पादन गरेका छन् । बृहद् आकारको जर्नलमा छत्तीस पृष्ठको लामो लेख अनुसन्धान विधि प्रयोग गरेर लेखिएको छ । यसलाई छुट्टै प्रकाशन गरेको खण्डमा पुस्तककै आकार ग्रहण गर्नसक्ने देखिन्छ । लेखको शुरुमा लेखसार, पृष्ठभूमि, अध्ययन विधि र प्रक्रिया, शैक्षिक भ्रमणको गन्तव्यमा रहेका स्थानहरू - रसुवागढी नाका, लाङटाङ, गोसाइँकुण्ड रहेका छन् । दश-एघार दिने भ्रमण अवधिका प्रत्येक दिनको विवरणसमेत प्रस्तुत छ । अन्तमा उपसंहार र सन्दर्भसूचीसमेत दिइएको छ । हिमाली पदयात्राको स्थल अवलोकनका क्रममा लेखकले देखे-भोगेका त्यस क्षेत्रको सामाजिक, संस्कृति तथा आर्थिक अवस्था एवम् पर्यटकीय विकासको संभावनाका बारेमा प्रकाश पार्दै विशेषतः तामाङ समुदायको सांस्कृतिक परम्पराका बारेमा सूक्ष्म रूपले स्पष्ट पारेका छन् साथै नेपाल र चीनबीच रहेको रसुवागढी नाकाका बारेमा पनि जानकारी दिँदै लाङटाङ र गोसाइँकुण्डका पर्यटकीय परिवेशमाथि पनि प्रकाश पारेका छन् । लेखनशैली प्रतिवेदनात्मक ढाँचाको रहेको छ ।


**आरुदेखि अस्ट्रेलियासम्म** (२०८१) केदार कुशल (२००३) को यात्रासंस्मरणको कृति हो । उनको पूरा नाम केदारनाथ खनाल हो । उनले खनाललाई कुशलमा परिणत गरेका छन् । 'आरुदेखि' भन्नाले 'आरूपोखरी थोकदेखि' भन्ने हो । त्यसो त आरुदेखि आरुघाट भन्ने पनि हुन्छ । शीर्षकले नै यो यात्रासंस्मरणको कृति हो भन्ने जनाउँछ । यात्रासंस्मरणलाई नियात्राभित्र पनि राख्ने गरिन्छ तर नियात्रा र यात्रासंस्मरणमा सूक्ष्म भिन्नता छ । कुशलका अहिलेसम्म आठवटा कृतिहरू प्रकाशित भइसकेका छन् । उनको सर्वप्रथम प्रकाशित भएको कृति **तीन लास एक चिहान** (गीतमाला, २०२४) देखापर्छ । साहित्यिक यात्राका क्रममा उनी गीत, गजल हुँदै आत्मकथा, संस्मरण र यात्रासंस्मरणमा लागेका देखिन्छन् । यो उनको सबैभन्दा पछिल्लो तर सबैभन्दा उत्कृष्ट कृतिका रूपमा देखापर्छ । यसलाई यात्रासंस्मरण भनिए पनि व्यङ्ग्यपरक यात्रानिबन्ध भन्नु बढी उपयुक्त होला । किनभने यसमा संस्मरणात्मकताभन्दा पनि नैबन्धिक तत्त्वको निजात्मकताको स्वकथन प्रवृत्ति अधिक देखापर्छ । संस्मरण हुन स्मृतिमय तत्त्व अधिक हुनुपर्छ तर यसमा भावना र विचार तत्त्व अधिक छ साथै चिन्तन, धारणा वा दृष्टिकोणले पनि यथेष्ट भूमिका खेलेको पाइन्छ ।

यसमा उनका अपेक्षाकृत लघुआयामका एक्काइसवटा यात्रासंस्मरण सङ्गृहीत छन् । सबै संस्मरण टिप्पणीपरक प्रकृतिका छन् । यात्राको सन्दर्भ रहेको र संस्मरणका प्रसङ्गहरू पनि समावेश गरिएकाले यात्रासंस्मरण भनिएको हुनसक्छ । यात्रासंस्मरणलाई व्यङ्ग्यात्मक शैलीमा अनुप्रासको तुक र तारतम्य मिलाएर लेखेका छन् । वर्णनमा उखानटुक्काको पनि गतिलै उपयोग गरेका छन्, यो उनको शैलीगत विशेषता नै देखापर्छ । लेखकले जीवन भोगाइका अनेक आरोह-अवरोहहरूलाई यात्रासंस्मरणको विषय बनाएर तिनलाई सरल, सरस अभिव्यक्तिमा मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् । यात्रासंस्मरणमात्र संस्मरणात्मकता छ भने यात्राका अतिरिक्त निबन्धमा नैबन्धिकता छ । अस्ट्रेलिया नीतिनियम र भौतिक समृद्धिले वैभवशाली बनेको देश देखेर लेखक दङ्ग पर्दै मनमनै कतै नाचेका छन्, कतै उफ्रेका छन्, कतै फुरुङ्ग परेका छन् । त्यस्तै सन्तानको उन्नति र प्रगति देखेर गौरवको अनुभूति गरेका छन् ।

तुकको तारतम्य र अनुप्रासयोजना तथा कथनको धारिलो र छरितोपन नै यसको विशेषता देखिन्छ । सौन्दर्यको बखान गर्नुपर्नेमा उन्मुक्त रूपमा बखान गरेका छन्, तुलनात्मक रूपमा कमीकमजोरीको चित्रण गर्नुपर्दा तीव्र प्रहार पनि गरेका छन् । यसमा उखान र अनुप्रासको यति आकर्षक प्रस्तुति छ, त्यसको प्रयोगले वर्णित विषय सुरम्य बनेको छ । सारमा भन्नुपर्दा संस्मरणमा सजीवता, वर्णनको रम्यता, विचार र दृष्टिकोणको सघनता, तुकबन्दीयुक्त व्यङ्ग्यात्मकता, अव्यवस्था र अराजकताप्रतिको प्रहारात्मकता कृतिमा पाइने विशेषता देखा पर्छन् ।

कार्यपत्र

# चितवनमा बस्ने आदिवासी/जनजातिहरूका मातृभाषाको वर्तमान अवस्था : एक सुक्ष्म अध्ययन



✍ प्रा.डा. कर्णबहादुर बानिया

१. **अध्ययनको परिचय**

१.१ **उद्देश्य**

नेपालका विभिन्न स्थानमा अलग अलग किसिमका जाति तथा जनजातिहरूको बसोबास छ । चितवन नेपालको मध्यभागमा पर्ने हुनाले यहाँ अनेकौं किसिमका जाति र जनजातिहरूको बसोबास छ । विभिन्न किसिमका जाति र जनजातिहरूको बसोबास भएको हुनाले नै चितवन जातिगत विविधताको हिसाबले एक सुन्दर फूलवारी हो । यहाँ बसोबास गर्ने जाति तथा जनजातिहरूको मातृभाषाको अवस्था कस्तो छ भन्ने बारेमा चासो हुनु स्वभाविकै हो । त्यही जिज्ञासा मेटाउने उद्देश्यले यो अध्ययन गरिएको छ । अतः यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन्-

(१) चितवनमा बस्ने आदिवासी/जनजातिको पहिचान गर्ने

(२) चितवनमा बस्ने आदिवासी/जनजातिको मातृभाषाको वर्तमान अवस्था पहिलाउने

(३) चितवनमा बस्ने आदिवासी/जनजातिको मातृभाषा संरक्षणका लागि भइरहेका प्रयासहरू पत्ता लगाउने

(४) चितवनमा बस्ने आदिवासी/जनजातिको मातृभाषा संरक्षणका लागि गनुपर्ने कार्यको लागि सुझाव तयार गर्ने

१.२ **अध्ययनको क्षेत्र र सीमा**

यस अध्ययनको लागि भौगोलिक क्षेत्र चितवन जिल्ला मानिएको छ । आदिवासी/जनजाति भन्नाले 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' मा सूचीकृत भएका जनजातिहरूलाई मानिएको छ । उक्त ऐनमा उल्लेखित जनजातिहरूमध्ये 'राष्ट्रिय जनगणना २०७८' मा चितवन जिल्लाको जनसङ्ख्याको रूपमा उल्लेख भएका जनजातिलाई यस जिल्लामा बस्ने आदिवासी/जनजाति मानिएको छ । त्यसमध्ये 'आदिवासी/जनजाति महासंघ, जिल्ला समन्वय परिषद, चितवन'मा आवद्ध जनजातिहरूका मातृभाषाको वर्तमान अवस्थालाई मात्र यस अध्ययनको क्षेत्र र सीमा तोकिएको छ ।

१.३ **अध्ययन विधि**

यस अध्ययनका लागि प्राथमिक स्रोतलाई मुख्य आधार मानिएको छ । त्यसका लागि सम्बन्धित आदिवासी/जनजातिका अगुवाहरूसँग अन्तर्क्रिया गरिएको छ । हरेक जनजातिका वक्ता पहिचान गर्न 'नेपालको राष्ट्रिय जनगणना २०७८'को सहारा लिइएको छ । कतिपय विषयवस्तुको व्याख्या र विश्लेषण गर्नका लागि सहायक स्रोतको सहयोग लिइएको छ । उपलब्ध तथ्यलाई सङ्ख्यात्मक र गुणात्मक विधिद्वारा व्याख्या र विश्लेषण गरी प्राप्त हुन आएको संश्लेषणको आधारमा निष्कर्ष निकाली सुझावहरू दिइएको छ ।

२. **चितवनमा बस्ने आदिवासी/जनजातिहरू**

२.१ **जाति र आदिवासी/जनजाति**

**जाति**

विश्वमा विविध जातिका मानिसहरू बस्छन् । 'साझा भाषा, संस्कार, संस्कृति र रहनसहन भएका मानिसहरूको मनोविज्ञान पनि समान किसिमको हुने हुनाले त्यस्तो मानव समुदायलाई एउटा जाति भनिन्छ' भन्ने कुरा विश्वकोशमा उल्लेख गरिएको छ । साथै त्यसलाई हरेक मानव समुदायको पहिचान मानिएको छ । (द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका, १९७५, पृ.९८०) ।

**आदिवासी/जनजाति**

संयुक्त राष्ट्र संघ अन्तर्गतको 'अन्तर्राष्ट्रिय श्रम सङ्गठन'ले सन् १९८९ (वि.सं. २०४६) मा पारित गरेको महासन्धि १६९ मा आदिवासी र जनजातिलाई तल दिइए अनुसार व्याख्या गरेको छ ।

आदिवासी-"कुनै स्वतन्त्र देशका ती जनता, जो त्यो

भूभाग नियन्त्रमा जाँदा वा उपनिवेश कायम हुँदा वा हालको देशको सिमाना कायम हुँदा त्यो देश वा देशको भूभागमा बसोबास गरेका जनसङ्ख्याका सन्ताहरू हुन् जसले आफ्नो कानुनी हैसियत जस्तोसुकै रहेपनि आफ्नो केही वा सबै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संस्थाहरूलाई कायम राखेका छन् ।" (www.ilo.org.com) ।

जनजाति-"कुनै स्वतन्त्र देशमा राष्ट्रिय समाजका समुदायहरूभन्दा सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिहरूका कारण फरक रहेका र जसको अवस्था आंसिक वा पूर्ण रूपमा उनीहरूको आफ्नै प्रथाहरू वा परम्पराहरू वा विशेष कानुन वा नियमहरूले सञ्चालित जनता ।" (उही) ।

नेपालमा 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' अनुसार तल लेखिए अनुसारका प्रावधान पूरा भएका जातिलाई आदिवासी/जनजाति मानिएको छ।

(१) आफ्नो मातृभाषा भएको
(२) आफ्नो परम्परागत रीतिरिवाज भएको
(३) छुट्टै साँस्कृतिक पहिचान भएको
(४) छुट्टै सामाजिक संरचना भएको
(५) लिखित वा अलिखित इतिहास भएको

(नेपाल ऐन सङ्ग्रह, खण्ड १७, २०७०, पृ.१२५) ।

**२.२ चितवनमा बस्ने आदिवासी/जनजातिहरू**

नेपालमा आदिवासी/जनजाति भन्नाले ' आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' मा सूचीकृत भएका जनजातिहरूलाई मान्नुपर्ने हुन्छ। त्यस ऐनको दफा २ (क) अनुसारको अनुसूचीमा नेपालमा रहेका ५९ जातिलाई आदिवासी/जनजाति भनी उल्लेख गरिएको छ । (उही, पृ.१३५) । उक्त ऐनमा उल्लेख भएका आदिवासी/जनजातिमध्ये निम्न लिखित ३३ जनजातिको चितवनमा बसोबास छ भन्ने कुरा 'नेशनल पपुलेशन एण्ड हाउजिङ सेन्सस् २०२१'बाट ज्ञात हुन्छ।

(१) थारु (२) तामाङ (३) गुरुङ (४) मगर (५) चेपाङ (६) नेवाः (७) कुमाल (ड) दरै (९) घर्ति/भुजेल (१०) राई (११) बोटे (१२) सुनुवार (१३) माझी (१४) दुरा (१५) याकथुङ (लिम्बु) (१६) बराम (१७) धानुक (१८) थकाली (१९) ह्योल्मो (२०) सेर्पा (२१) राजवंशी (२२) दनुवार (२३) सन्थाल (२४) वनकरिया (२५) थामी (२६) पहारी (२७) छन्त्याल (२८) धिमाल (२९) जिरेल (३०) ताजपुरिया (३१) किसान (३२) भोटे र (३३) याख्खा (नेशनल पपुलेशन एण्ड हाउजिङ सेन्सस् २०२१, पृ.१२०-१२२) ।

यद्यपि जनगणनामा माथि उल्लेखित विवरण पाइएतापनि 'आदिवासी/जनजाति महासंघ, जिल्ला समन्वय परिषद चितवन'को अभिलेखमा भने निम्न लिखित १६ आदिवासी/जनजाति मात्र आवद्ध भएको कुरा उक्त महासंघका अध्यक्ष श्री महेन्द्र दुराले बताएका छन् ।

(१) थारु (२) तामाङ (३) गुरुङ (४) मगर (५) चेपाङ (६) नेवाः (७) कुमाल (ड) दरै (९) घर्ति/भुजेल (१०) राई (११) बोटे (१२) दुरा (१३) याकथुङ (लिम्बु) (१४) बराम (१५) थकाली र (१६) ह्योल्मो (महेन्द्र दुरा, २०८१/१०/०८) ।

**३. चितवनमा बस्ने आदिवासी/जनजातिहरूका मातृभाषाहरू**

कुनैपनि मानव समुदायको पहिचान उसको संस्कृतिबाट हुन्छ। मानव समुहको संस्कृति बारे जानकारी दिने मुख्य आधार भाषा हो । त्यसकारण कुनैपनि जातिको मुख्य पहिचान नै त्यो जातिको आफ्नै भाषा हुनु र सो भाषामा साहित्यको सिर्जना हुनु हो । नेपालमा बसोबास गर्ने विभिन्न जातिका मानिसहरूका अलग अलग किसिमका भाषा छन् । ती भाषाहरूलाई भारोपेली, भोटबर्मेली, आग्नेशियाली र द्रविड समुह भनी वर्गीकरण गरिएको छ। भारोपेली समुह अन्तर्गत अवधी, कुमाल, थारु, दराई, नेपाली, भोजपुरी, माझी, मैथीली र राजवंशी मातृभाषा पर्दछन् भने भोटबर्मेली समुहमा गुरुङ, छन्त्याल, तामाङ, थकाली, नेवार, मगर आदि मातृभाषा पर्दछन् । (बन्धु, २०५२ : पृ. १८०-२०३) ।

**३.१ मातृभाषाको वर्तमान अवस्था**

चितवन जिल्लामा बस्ने आदिवासी/जनजातिहरूका आ-आफ्नै मातृभाषा छन् । विभिन्न आदिवासी/जनजातिहरूका मातृभाषाको वर्तमान अवस्था कस्तो छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ।

तालिका नं.१

**चितवनमा बस्ने आदिवासी/जनजातिहरूका मातृभाषाको विवरण**

| क्र.सं. | आदिवासी/ जनजातिको नाम | जनसङ्ख्या | मातृभाषा | वक्ता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | थारु | ७२६५८ | थारु | ६८४९८ | ९४ % |
| २ | तामाङ | ५४१८३ | तामाङ | ३५५५५ | ६६ % |
| ३ | गुरुङ | ४९८२७ | गुरुङ | २३३३९ | ४७ % |
| ४ | मगर | ४१३०६ | मगर ढुट<br>मगर खाम | २३२०५<br>१०३ | ५८ % |
| ५ | चेपाङ | ३५६३७ | चेपाङ | २३९२६ | ६७ % |
| ६ | नेवाः (नेवार) | ३५४५२ | नेपाल भाषा (नेवारी) | १४६२३ | ४१ % |
| ७ | कुमाल | ११४०५ | कुमाल | १४७५ | १३ % |
| ८ | दरै | ८८५० | दरै | ७३२५ | ८३ % |
| ९ | राई | ५४३७ | राई | १२४५ | २३ % |
| १० | घर्ति/भुजेल | ५३०१ | भुजेल | ५३३ | १० % |
| ११ | बोटे | ३१४४ | बोटे | २१२० | ६७ % |
| १२ | दुरा | ७६० | दुरा | २७७ | ३६ % |
| १३ | लिम्बु (याकथुङ) | ४६३ | याकथुङ | २०७ | ४५ % |
| १४ | थकाली | २६९ | थकाली | १११ | ४१ % |
| १५ | बराम | २८८ | बाकुरा (बराम) | ५५ | १९ % |
| १६ | ह्योल्मो(योल्मो) | २२१ | ह्योल्मो (योल्मो) | १७६ | ८० % |

स्रोत : **नेशनल पपुलेशन एण्ड हाउजिङ सेन्सस्** २०२१, (नेशनल रिपोर्ट अन कास्ट/इथ्नीसीटी, ल्याङ्ग्वेज एण्ड रिलिजन), काठमाडू : नेशनल स्टाटिस्टिक्स अफिस, पृ. ।

### ३.२ तथ्याङ्कको विश्लेषण

प्रस्तुत तथ्याङ्कको अध्ययन र विश्लेषण गर्दा चितवनमा बस्ने आदिवासी/जनजातिहरूका मातृभाषाको वर्तमान अवस्थालाई १. राम्रो २. सन्तोषजनक र ३. अतिकम गरी तीन समुहमा बाँडेर हेर्न सकिन्छ। यसो गर्दा ५० प्रतिशतभन्दा बढी वक्ता भएको मातृभाषा समुहलाई राम्रो, २५ प्रतिशतभन्दा माथि वक्ता भएको मातृभाषा समुहलाई सन्तोषजनक र त्यसभन्दा कम वक्ता भएको मातृभाषा समुहलाई अतिकम समुहमा राखिएको छ।

चितवनमा बस्ने आदिवासी/जनजातिहरूमध्ये थारु, दरै र ह्योल्मो जातिका मातृभाषाका वक्ताको अवस्था अन्य आदिवासी/जनजातिहरूको तुलनामा धेरै राम्रो देखिन्छ। किनभने यहाँ थारु मातृभाषाका वक्ता ९४ प्रतिशत छन्। दरै मातृभाषाका वक्ता ८३ प्रतिशत छन् भने ह्योल्मो मातृभाषाका वक्ता ८० प्रतिशत छन्।

चितवनमा बस्ने आदिवासी/जनजातिहरूमध्ये चेपाङ, बोटे, तामाङ र मगर ढुट आदि मातृभाषाका वक्ताको अवस्था राम्रो देखिन्छ। किनभने चेपाङ मातृभाषाका वक्ता ६७ प्रतिशत छन् भने बोटे मातृभाषाका वक्ता पनि ६७ प्रतिशत छन्। त्यस्तै तामाङ मातृभाषाका वक्ता ६६ प्रतिशत र मगर ढुटका वक्ता ५६ प्रतिशत छन्।

चितवनमा बस्ने आदिवासी/जनजातिहरूमध्ये गुरुङ, नेवाः थकाली, दुरा र लिम्बु जातिका मातृभाषाका अवस्था सन्तोषजनक भएको देखिन्छ । किनभने गुरुङ मातृभाषाका वक्ता ४७ प्रतिशत छन् भने नेपाल भाषाका वक्ता पनि ४१ प्रतिशत छन्। त्यस्तै थकाली मातृभाषाका वक्ता ४१ प्रतिशत, दुरा मातृभाषाका वक्ता ३६ प्रतिशत र याकथुङ मातृभाषाका वक्ता २७ प्रतिशत छन्।

चितवनमा बस्ने आदिवासी/जनजातिहरूमध्ये राई, बराम, कुमाल र भुजेल जातिका मातृभाषाका वक्ताको अवस्था अन्य आदिवासी/जनजातिहरूको तुलनामा अतिकम देखिन्छ। किनभने राई मातृभाषाका वक्ता २३ प्रतिशत, बराम मातृभाषाका वक्ता १९ प्रतिशत, कुमाल मातृभाषाका वक्ता १३ प्रतिशत र भुजेल मातृभाषाका वक्ता १० प्रतिशत मात्र छन्।

### ३.३ मातृभाषाका वक्ता घट्नुका कारणहरू

माथि दिइएको तथ्याङ्कको विश्लेषण गर्दा चितवनमा

बस्ने सबैजसो आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम हुँदै गएको देखिन्छ । यहाँका थारु, दरै, ह्योल्मो, चेपाङ, बोटे, तामाङ र मगर गरी जम्मा सात वटा आदिवासी/जनजातिका मातृभाषा बाहेक अन्य नौ वटा आदिवासी/जनजातिका मातृभाषाका वक्ता ५० प्रतिशतभन्दा कम छन् । त्यसमा पनि राई, बराम, कुमाल र भुजेल जातिका मातृभाषाका वक्ता २५ प्रतिशत भन्दा कम छन् । यस बारेमा चितवनमा बस्ने आदिवासी/जनजातिका अगुवाहरूसँग अन्तर्क्रिया गरिएको थियो । त्यसलाई विश्लेषण र संश्लेषण गर्दा निस्किएको तथ्य यस प्रकार छ-

(१) **बसाइसराई** : आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम हुनुको मुख्य कारण बसाइसराइ मानिएको छ । अन्य स्थानबाट चितवनमा होस वा चितवनकै गाउँबाट सहरमा होस यहाँ बसाइसराइको क्रम अत्यधिक छ । विभिन्न स्थानबाट आएका एउटै प्रकारको मातृभाषाका वक्ताबिच पनि भाषिकामा अन्तर हुनाले आफ्नो मातृभाषा नै नबोली नेपाली भाषा बोल्ने परम्परा हुँदा आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम हुन गएको देखिन्छ । अन्तर्जातीय वा जातीय भएपनि अलगअलग स्थानका वर बधुबिच विवाह सम्बन्ध हुनाको कारणले माध्यम भाषाको रूपमा नेपाली भाषा बोल्दा पनि उनीहरूका सन्तानले मातृभाषा सिक्न नपाएको देखिन्छ। साथै चितवनकै कुनै गाउँबाट वा अन्यत्रबाट भरतपुर, नारायणगढ, रत्ननगर आदि सहरमा बसाइ सरेका आदिवासी/जनजातिले अन्य जातिसँगको सम्पर्कका कारण आफ्नो मातृभाषा बोल्न छाडेपछि उनीहरूका सन्तानले आफ्नो मातृभाषा सिक्ने अवसर नपाएर पनि मातृ भाषाका वक्ता कम हुन गएको पाइन्छ । बसाइसराइकै कारणले एउटा जाति विभिन्न स्थानमा छिरलिएर बसेको हुनाले र काम व्यवहारमा अन्य समुदायसँग हेलमेल हुन माध्यम भाषाको रूपमा नेपाली भाषा प्रयोग गर्नु पर्दा पनि आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम हुन गएको देखिन्छ।

(२) **मातृभाषामा पढाइ नहुनु** : कुनै पनि भाषाको उत्थान, विकास र संरक्षणका लागि त्यस भाषामा साहित्य सिर्जना हुन आवश्यक छ । साहित्यको विकास हुनका लागि तत् मातृभाषामा पढाई हुनु पर्दछ। चितवनमा बस्ने आदिवासी/जनजातिका मातृभाषामा पठनपाठनको व्यवस्था भइनसकेको हुनाले मातृभाषाका वक्ता कम हुन गएको पाइन्छ।

(३) **सरकारी कामकाजमा प्रयोग नहुनु** : कुनै पनि भाषा सरकारी कामकाजमा प्रयोग हुन्छ भने त्यो भाषा सिक्न र बोल्न अनिवार्य जस्तै हुन्छ । चितवनमा बस्ने आदिवासी/जनजातिका मातृभाषा सरकारी कामकाजमा प्रयोग गर्ने व्यवस्था भइनसकेको हुनाले पनि मातृभाषाका वक्ता कम हुन गएको देखिन्छ।

(४) **व्यवहारमा प्रयोग नहुनु** : भाषा व्यवहारमा प्रयोग हुने एउटा माध्यम हो । आर्थिक, सामाजिक वा राजनीतक क्रियाकलापमा एक अर्काबिच सम्पर्क गर्न, अरनखटन गर्न वा विचार सम्प्रेषण गर्न भाषाको आवश्यकता पर्दछ। एकै प्रकारको आर्थिक क्रियाकलाप गर्ने जातिबिच एकै प्रकारको भाषाको विकास भएको हुन्छ। जस्तै बोटे जातिका मानिसहरूको दिनचर्या नदी किनारमा हुने भएकोले उनीहरूको भाषा पनि त्यही अनुकुलको बनेको छ। तर उनीहरूको पेशा सङ्कटमा परेपछि उनीहरूले अर्को व्यवसाय अपनाउनु परेको छ। त्यसका लागि उनीहरूले आफ्नो मातृभाषा छाडेर अर्को भाषा सिक्नु पर्दा उनीहरूको मातृभाषा बोल्ने वक्त घट्दै गएका छन्।

(५) **देखासिकी** : मानिस अरूको अनुकरण गर्न रुचाउने प्राणी हो । चितवनमा बस्ने आदिवासी/जनजातिका मानिसहरूमा अरूको देखासिकी गरेर सहरमा बस्ने, छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाउने र युवाहरू विदेश पलायन हुने बानी लागेपछि उनीहरूमा अङ्ग्रेजी भाषाप्रतिको मोह बढ्दै गयो । विदेश जानका लागि जापानी, कोरियन, हिब्रु आदि अनेकौं भाषा सिक्ने तर आफ्नो मातृभाषा बोल्दा हिनताबोध गर्ने वातावरण सिर्जना हुन थाल्यो। त्यसको फलस्वरुप आदिवासी/जनजातिका मातृभाषा सङ्कटमा पर्दै गएको देखिन्छ।

(६) **अन्य** : मगर जातिमा बाह्र मगरातमा मगर ढुट, अठार मगरातमा खामपाङ र डोल्पा क्षेत्रमा काइके भाषा बोलिन्छ। चितवनमा तीनैथरी भाषा बोल्ने मानिसहरू भएकोले पनि मातृभाषा उल्लेख गर्दा अन्योल भएको पनि हुन सक्दछ। साथै अठार मगरात क्षेत्रको धवलागिरी भेकबाट चितवन बसाइ सरेका मगरहरूले

आफ्नो मातृभाषा नबोल्ने भएको हुनाले पनि मगर भाषाका वक्ता कम भएको हुन सक्दछ । चितवनमा ह्योल्मो जातिका मानिसहरूको बसोबास गुरुङ बाहुल्य क्षेत्रमा भएकोले गणकले उनीहरूलाई पनि गुरुङ भाषीमा गणना गरिदिएको हुन सक्ने तर्क पनि गरिएको छ ।

**३.४ मातृभाषा संरक्षणका लागि भएका प्रयासहरू**

**३.३.१ राज्यबाट भएका प्रयासहरू**

(**क**) **नितिगत कामहरू**

विश्वका लोपोन्मुख जातिको संरक्षण गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको 'अन्तर्राष्ट्रिय श्रम सङ्गठन' नामक संस्थाको सन् १९८९ (वि.सं.२०४६)मा भएको महाधिवेशनले आदिवासी/जनजाति बारे एक अभिसन्धि पारित गरेको छ जसलाई 'अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १६९औं महासन्धि' (ILO convention 169) भनिन्छ । (www.ilo.org.com) । त्यसको फलस्वरुप नेपालमा पनि 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' जारी गरिएको छ ।

**आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा भएको व्यवस्था**

नेपालमा 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' जारी गरिएको छ । त्यस ऐनले नेपालमा बसोबास गर्ने ५९ जातिलाई आदिवासी/जनजातिको सूचीमा राखेको छ । साथै ती आदिवासी/जनजातिको उत्थान, संरक्षण र सम्बर्द्धनका लागि विभिन्न कार्य गर्ने सन्दर्भमा 'आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने' उद्देश्य राखेको छ । (नेपाल ऐन सङ्ग्रह, खण्ड १७, २०७०, पृ.१२६) । यो उद्देश्य पूरा गर्नका लागि प्रतिष्ठानलाई निम्न लिखित काम, कर्तव्य र अधिकार दिइएको छ ।

(१) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, संस्कृति, परम्परागत सीप तथा प्रविधिको प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(२) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, परम्परागत र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परालाई विकास गर्ने,

(३) आदिवासी/जनजातिको इतिहास तथा साहित्य प्रकाशन गर्ने,

(४) भाषा साहितयसाग सम्बद्ध अन्य निकायहरूको सहयोग लिई आदिवासी/जनजातिको भाषाको शब्दकोश तयार गर्ने र प्रकाशन गर्ने गराउने,

(५) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, परम्परालाइ परिचय गराउने अधिलेखालय तथा संग्रहालय स्थापना गर्ने,

(६) कम्तीमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने,

(७) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, कला, परमपरागत प्रविधिको अध्ययन वा अनुसनधान गर्न चाहने विदेशी विद्वानलाइ नेपाल सरकारको स्वीकृति लिई प्रतिष्ठानसँग सम्बद्ध भइ अध्ययन वा अनुसन्धान गर्न दिने

(८) आदिवासी/जनजातिका मातृभाषमा सूचना, समाचार एवं विविध कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउने (उही, पृ.१२७-१२८) ।

**नेपालको संविधान २०७२ मा भएको व्यवस्था**

मौलिक हक र कर्तव्य भन्ने परिच्छेदको धारा ३१ (५) मा 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ' भनिएको छ । साथै धारा ३२ मा 'प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ' र 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ' भनिएको छ । (नेपालको संविधान, २०७२, पृ.१४) ।

त्यस्तै नेपालको संविधान अनुसार प्रदेश सरकारलाई दिइएको अधिकारमा 'भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग' भन्ने प्रावधान र स्थानीय सरकारलाई दिइएको अधिकारमा 'भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास' भनने प्रावधान

राखिएको छ। (उही, पृ.१७६ र १८०)।

(ख) **कार्यान्वयन पक्ष**

नेपालमा बसोबास गर्ने आदिवासी/जनजातिहरूको उत्थान र संरक्षणका लागि नेपाल सरकारबाट नीति निर्माण गनुकासाथै निम्न लिखित कार्यहरू कार्यान्वयन पनि गरेको पाइन्छ।

(१) नेपाल सरकारबाट वि.सं. २०५९ मा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन गरिएको छ।

(२) नेपाल सरकारबाट वि.सं. २०७५ मा आदिवासी/जनजाति आयोग गठन गरिएको छ।

(३) गोरखापत्रमा ४५ भाषामा समाचार छापिन्छ । त्यसमा चितवनमा क्रियाशील १२ आदिवासी/जनजातिहरूका मातृभाषा पनि पर्दछन् । (The Rising Nepal, 26 Dec. 2024) । केवल थकाली, दुरा, बोटे र भुजेल भाषामा मात्र सो पत्रिकामा समाचार छापिएको पाइएन।

(४) रेडियो नेपालबाट अङ्ग्रेजी र नेपाली भाषा बाहेक अन्य १८ भाषामा समाचार प्रसारण हुन्छ । त्यसमा चितवनमा क्रियाशील आदिवासी/जनजातिहरूका मातृभाषामध्ये गुरुङ भाषा, तामाङ भाषा, थारु भाषा, नेपाल भाषा र मगर भाषामा मात्र समाचार प्रसारण भएको पाइयो। (www.radionepal.gov.np)।

(५) नेपाल टेलिभिजनमा अङ्ग्रेजी भाषा, नेपाल भाषा, नेपाली भाषा र मैथिली भाषामा मात्र समाचार प्रसारण भएको पाइयो । (www.ntv.org.np)।

(६) बागमती प्रदेश सरकारद्वारा 'प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८०' जारी गरी तामाङरनेपालभाषालाईसरकारीकामकाजको भाषा घोषणा गरिएको छ । (प्रदेश राजपत्र, खण्ड ७, कार्तिक २३, २०८०, अतिरिक्ताङ्क १३) । बागमती प्रदेशमा बोलिने मातृभाषामा नेपाली भाषापछि सबैभन्दा बढी तामाङ भाषा १७.९९ प्रतिशतले बोल्छन् । त्यसपछि आदिवासी/जनजातिहरूका मातृभाषमध्ये नेपाल भाषाका वक्ताहरू धेरै छन् । यस प्रदेशमा नेपाल भाषा बोल्नेको सङ्ख्या ११.८१ प्रतिशत छ। (नेशनल पपुलेशन एण्ड हाउजिङ सेन्सस् २०२१, पृ.२२५-२२६)।

(७) गण्डकी प्रदेश सरकारबाट गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा घोषणा गर्ने तयारी (www.benionline.com.np, Feb. 2, 2025)।

(८) चितवनको राप्ती नगरपालिकाले नगरभित्रका सबै संस्थागत र सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ३ सम्म तामाङ भाषामा शिक्षा दिने व्यवस्था मिलाएको छ भने थारु भाषामा पनि सो कार्य गर्नका लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरिरहेको छ। (महानगर पोष्ट, माघ २०८१, पृ.२०)।

३.३.१ **जनस्तरबाट**

चितवनमा बस्ने आदिवासी/जनजातिहरूले आफ्नो मातृभाषाको विकास र संरक्षणका लागि विभिनन किसिमका कार्यक्रमहरू गरेको देखिन्छ । साथै यहााका स्थानीय संघसंस्थाहरूले पनि सो कार्यमा सहयोग पुऱ्याएको पाइन्छ।

(१) स्थानीय सञ्चार माध्यमहरू कालिका एफ.एम., सिनर्जी एफ.एम. र हाम्रो एफ.एम.ले आदिवासी/जनजातिका भाषामा समाचार प्रसारण गर्ने गरेको पाइन्छ।

(२) थारु कल्याणकारीणी सभाले 'हमार सनेस' र 'सङाती' नामक पत्रिका प्रकाशित गर्नुका साथै केही पुस्तकहरू पनि प्रकाशित गरेको छ।

(३) नेपाल तामाङ धेदुङले तामाङ भाषामा कक्षा १ देखि ३ सम्मको, थारु कल्याणकारीणी सभाले कक्षा १ को लागि थारु भाषामा पाठ्य पुस्तक तयार गरिसकेका छन् भने भुजेल समाज सेवा समितिले पनि कक्षा १ देखि ३ सम्मको पाठ्य पुस्तक तयार गरेको छ।

(४) आफ्नो मातृभाषाको विकास र संरक्षणका लागि गुरुङ, तामाङ, थारु, भुजेल र ह्योल्मो जातिले आफ्ना जातिका मानिसहरूलाई भाषा सम्बन्धी प्रशिक्षण दिने गरेको पाइन्छ।

४. **निष्कर्ष**

चितवन नेपालको मध्यभागमा पर्ने हुनाले यहाँ अनेकौं

किसिमका जाति र जनजातिहरूको बसोबास छ । विभिन्न किसिमका जाति र जनजातिहरूको बसोबास भएको हुनाले नै चितवन जातिगत विविधताको हिसाबले एक सुन्दर फूलवारी हो । त्यसैले यहाँ बसोबास गर्ने जाति तथा जनजातिहरूको मातृभाषाको अवस्था कस्तो छ भन्ने बारेमा चासो हुनु स्वभाविकै हो । चितवनमा बस्ने आदिवासी/जनजातिको पहिचान गरी तिनीहरूको मातृभाषाको वर्तमान अवस्था पहिलाउने तथा तिनीहरूका मातृभाषाको संरक्षणका लागि भइरहेका प्रयासहरू पत्ता लगाई त्यसका लागि गर्नुपर्ने थप कार्य बारे सुझाव दिने उद्देश्यले यो अध्ययन गरिएको थियो । यसमा 'आदिवासी/जनजाति महासंघ, जिल्ला समन्वय परिषद चितवन'मा आवद्ध जनजातिहरूका मातृभाषाको वर्तमान अवस्थालाई मात्र अध्ययनको क्षेत्र र सीमा तोकी सम्बन्धित आदिवासी/जनजातिका अगुवाहरूसँग अन्तर्क्रिया गरिएको थियो । हरेक जनजातिका वक्ता पहिचान गर्न 'नेपालको राष्ट्रिय जनगणना २०७८'को सहारा लिइएको थियो ।

कुनैपनि मानव समुदायको पहिचान उसको संस्कृतिबाट हुन्छ । मानव समुहको संस्कृति बारे जानकारी दिने मुख्य आधार भाषा हो । त्यसकारण कुनैपनि जातिको मुख्य पहिचान नै त्यो जातिको आफ्नै भाषा हुनु र सो भाषामा साहित्यको सिर्जना हुनु हो । नेपालमा बसोबास गर्ने विभिन्न जातिका मानिसहरूका अलग अलग किसिमका भाषा छन् । चितवनमा क्रियाशील थारु, तामाङ, गुरुङ, मगर, चेपाङ, नेवाः, कुमाल, दरै, घर्ति/भुजेल, राई, बोटे, दुरा, याकथुङ (लिम्बु), बराम, थकाली र ह्योल्मो जनजातिको पनि आ-आफ्नै मातृभाषा छन् । चितवनमा बस्ने सबैजसो आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम हुँदै गएको देखिन्छ । यहाँका थारु, दरै, ह्योल्मो, चेपाङ, बोटे, तामाङ र मगर गरी जम्मा सात वटा आदिवासी/जनजातिका मातृभाषा बाहेक अन्य नौ वटा आदिवासी/जनजातिका मातृभाषाका वक्ता ५० प्रतिशतभन्दा कम छन् । त्यसमा पनि राई, बराम, कुमाल र भुजेल जातिका मातृभाषाका वक्ता २५ प्रतिशत भन्दा कम छन् । यस बारेमा चितवनमा बस्ने आदिवासी/जनजातिका अगुवाहरूसँग अन्तर्क्रिया गरिएको थियो । त्यसबाट बसाईसराई, सरकारी कामकाजमा प्रयोग नहुनु, मातृभाषामा पढाई नहुनु, व्यवहारमा प्रयोग नहुनु, अरूको देखासिकी गर्नु र अन्य विविध कारणले चितवनमा बस्ने आदिवासी/जनजातिका मातृभाषाका वक्ता कम भएको निष्कर्ष निकालिएको छ ।

यद्यपि चितवनमा बस्ने आदिवासी/जनजातिका मातृभाषाको उत्थान र संरक्षणका लागि राज्यले नीति निर्माण गरेर कतिपय नीति कार्यान्वयन गर्ने काम गरेको पनि पाइयो । त्यस्तै जनस्तरबाट पनि थुप्रै काम भएको पाइयो । तर कतिपय आदिवासी/जनजातिका मातृभाषा सङ्कटमा परेको पाइएकोले तिनको संरक्षण र संवर्द्धनका लागि निम्न लिखित कदम चाल्नु पर्ने आवश्यकता देखिएको छ ।

**सुझावहरू**

(१) हरेक आदिवासी/जनजातिहरूले आफ्नो मातृभाषाको महत्व बोध गराउन आ-आफ्नो समुदायमा गोष्ठी र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने

(२) हरेक आदिवासी/जनजातिहरूले आफ्नो मातृभाषामा पठनपाठनको व्यवस्था मिलाउन पहल गर्ने र सरकारले जहाँ जुन जातिको घना बस्ती छ त्यस्तो ठाउँमा त्यो जातिको लागि आफ्नै मातृभाषामा पढ्न पाउने व्यवस्था मिलाउने । छिरलिएको बस्तीमा भएका हरेक आदिवासी/जनजातिहरूलाई आफ्नो मातृभाषा सिक्न पाउने अवसर दिनका लागि जहाँ जुन भाषाको पढाई हुन्छ त्यहाँ गएर पढ्न पाउने व्यवस्था मिलाउने ।

(३) जहाँ जुन जनजातिको बाहुल्य छ त्यस्तो प्रदेश वा स्थानीय तहमा त्यो जनजातिको भाषालाई सरकारी कामकाजमा प्रयोग गर्न पाउने व्यवस्था मिलाउने ।

(४) हरेक आदिवासी/जनजातिहरूले आफ्नो मातृभाषाको उत्थान र संरक्षणका लागि साहित्य सिर्जनालाई प्रोत्साहन दिने ।

(५) हरेक आदिवासी/जनजातिहरूले आफ्नो मातृभाषाको विकास र संरक्षणका लागि बेला बेलामा भाषा प्रशिक्षण कार्यक्रम राख्ने ।

**सन्दर्भ सामग्री**

**नेपाल ऐन सङ्ग्रह**, खण्ड १७, २०७०, काठमाडौं : नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

**नेपालको संविधान**, २०७२, काठमाडौं : नेपाल सरकार, कानून,

न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
**द इन्साइक्लोपेडिया ब्रिटानिका, भोलुम ३**, १९७५, सिकागो : इन्साइक्लोपेडिया ब्रिटानिका इन्क
**नेशनल पपुलेशन एण्ड हाउजिङ सेन्सस् २०२१**, (नेशनल रिपोर्ट अन कास्ट/इथ्नीसीटी, ल्याङ्ग्वेज एण्ड रिलिजन), काठमाडू : नेशनल स्टाटिस्टिक्स अफिस ।
**प्रदेश राजपत्र**, खण्ड ७, कार्तिक २३, २०८०, अतिरिक्ताङ्क १३ ।
बन्धु, चूडामणि, २०५२, **नेपाली भाषाको उत्पत्ति**, (पाँचौं संस्करण), काठमाडौं : साझा प्रकाशन ।
**महानगर पोष्ट**, माघ २०८१ ।
**The Rising Nepal**, 26 Dec. 2024
www.benionline.com.np, Feb. 2, 2025
www.ilo.org.com
www.ntv.org.np
www.radionepal.gov.np

## परिशिष्ट १

### अन्तर्वाता लिइएका आदिवासी/जनजातिका अगुवाहरूको विवरण

| मिति | नामथर | संस्थाको नाम | पद |
|---|---|---|---|
| २०८१.१०.०६ | ज्ञानदेवी गुरुङ | तमु घ्यूल छोंज धिं गु.रा.प. चितवन | कोषाध्यक्ष |
| २०८१.१०.०८ | पदम गुरुङ | ,, केन्द्रीय अनुगमन तथा निर्देशन समिति | सदस्य |
| २०८१.१०.०७ | ललित चौधरी | थारु कल्याणकारिणी सभा, चितवन जिल्ला | अध्यक्ष |
| २०८१.१०.०८ | महेन्द्र दुरा | नेपाल आदिवासी जनजाति महासंघ, जिसप | अध्यक्ष |
| २०८१.१०.०८ | हरिबहादुर राई | किराँत राई उत्थान समाज, जि.स.चितवन | उपाध्यक्ष |
| २०८१.१०.०९ | लालबहादुर रानामगर | नेपाल मगर संघ, जिल्ला समन्वय समिति | अध्यक्ष |
| २०८१.१०.०९ | मिलनकुमार श्रेष्ठ | नेवाः देय दवू, जिल्ला समन्वय समिति | ब.उपध्यक्ष |
| | रेशम श्रेष्ठ | ,, ,, | सचिव |
| | राजकुमार श्रेष्ठ | ,, ,, | कोषाध्यक्ष |
| २०८१.१०.०९ | रामबहादुर भुजेल | भुजेल समाज सेवा समिति, चितवन | अध्यक्ष |
| २०८१.१०.१० | खड्गबहादुर लिम्बु | याकथुङ चुम्लुङ, जि.स.स.चितवन | कोषाध्यक्ष |
| २०८१.१०.११ | नरबहादुर बराम | नेपाल बराम संघ, जि.स.स.चितवन | अध्यक्ष |
| २०८१.१०.१३ | सीता लामा ह्योल्मो | नेपाल आदिवासी जनजाति महासंघ, जिसप | उपाध्यक्ष |
| २०८१.१०.१३ | प्रदिप बोटे | नेपाल बोटे समाज, चितवन | अध्यक्ष |
| | विश्व बोटे | ,, ,, | उपाध्यक्ष |
| २०८१.१०.१४ | बाबुलाल थिङ | नेपाल तामाङ घेदुङ, जि.स. चितवन | अध्यक्ष |
| २०८१.१०.१४ | रेशम दरै | नेपाल दरै उत्थान समाज, जि.स.चितवन | अध्यक्ष |
| २०८१.१०.१५ | दुर्गा शेरचन | थकाली सेवा समाज, चितवन | स.सचिव |
| २०८१.१०.१८ | भीम चेपाङ | नेपाल चेपाङ संघ, चितवन | अध्यक्ष |
| २०८१.१०.१९ | ज्ञानु कुमाल | नेपाल कुमाल समाज, जि.स.स.चितवन | अध्यक्ष |

## परिशिष्ट २

### नमूना प्रश्नावली

नामथर : संस्था : पद : मिति :

१. तपाइँको जातिको आफ्नै मातृभाषा छ कि छैन ?
२. मातृभाषाका वक्ता कम हुनुका कारण के के हुन् ?
३. मातृभाषाको संरक्षणका लागि के गर्नुपर्ला ?
४. मातृभाषा संरक्षणका लागि राज्यबाट भएका प्रयासहरू के के हुन् ?
५. मातृभाषा संरक्षणका लागि जनस्तरबाट भएका प्रयासहरू के के हुन् ?

मिति २०८१ फागुन १६ गते महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

चिन्तन

# वातावरण संरक्षणमा साहित्य शिक्षा



✍डा. केशवराज चालिसे
*प्राज्ञ सभा सदस्य, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**परिचय**

वर्तमानमा मानव अस्तित्वका लागि वातावरण शंकट एउटा गम्भीर चुनौति बनेको छ। जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र प्राकृतिक स्रोतहरूको अत्यधिक दोहनको कारण पृथ्वीको पारिस्थितिक सन्तुलनलाई अस्थिर बनाइरहेको छ । यस्तो अवस्थामा वातावरण संरक्षणका लागि खाली वैज्ञानिक उपायहरूले मात्र काम गर्न सक्दैनन् । यो जटिल समस्यको समाधान मानव चेतनाको रूपान्तरण र जीवनशैलीमा परिवर्तनका आधारमा मात्र सम्भव छ। शिक्षा, साहित्य अनि कला यस्ता क्षेत्रहरू हुन् जसले मानवको संवेगनात्मक पक्षलाई तत्कालै स्पर्श गर्न सक्छन् र चेतनाको तहसम्म परिवर्तनको आधार निर्माण गर्न सक्छन् ।

प्रकृति र पर्यावरण संरक्षणका लागि विभिन्न उपायहरू अवलम्वन गर्न सकिन्छ तर यस आलेखमा शिक्षा र साहित्यमार्फत कसरी प्रकृति संरक्षण अभियानमा भूमिका खेल्न सकिन्छ होला भन्ने विषयमा केही विचारहरू प्रस्तुत गरिएका छन् । यो पूर्ण अनुसन्धानात्मक लेख त होइन, तर केही महत्त्वपूर्ण लेखहरूका अर्थपूर्ण विचाहरूलाई पनि समावेश गरिएको छ र प्रकृति संरक्षणका विषयमा यो लेखले शिक्षा र साहित्यका बारेमा प्रारम्भिक जानकारी दिनेछ भन्ने अपेक्षा गरिएको छ।

**साहित्य र प्रकृतिः परम्परा र अभ्यास**

नेपाली साहित्यको श्रोत संस्कृत साहित्य हो । वैदिक साहित्य र दर्शन नै संस्कृत साहित्यको पहिलो आधिकारिक अभिलेख हो । जसमा नेपाली साहित्य पनि कुनै न कुनै रूपमा जोडिएको छ। प्रकृति संरक्षणका विषयमा प्राचिन वैदिक साहित्यमा स्पष्ट उल्लेख भएको छ। ऋग्वेदमा अग्नि, वायु, वरुण, उषा, आदित्य, मरुत आदिको स्तुति रहेका छन् । यी स्तुतिले प्रकृतिलाई देवता र देवीको स्थान दिएको छ। ऋग्वेद दशौं मण्डलाको १८ औं सुक्तमा "माता भूमिः पत्रोम्हम् पृथिव्याः" (ऋग्वेद १०.१८.१०) भनेर पृथ्वीलाई आमा वा सम्पूर्ण सिर्जनाको आधारका रूपमा प्रस्तुत गरिएको छ। त्यसैका आधारमा वैदिक समयदेखि नै माता अथवा आमाका रूपमा पुज्दै र सम्मान गर्दै आयएको छ वैदिक सनातनी परम्परामा। यो विषय अन्य वेद, उपवेद र पुराणहरूमा पनि त्यसरी नै प्रस्तुत गरिएको छ। यस्ता वैदिक शुक्ताहरूले प्रकृतिसँगको मानवको सम्वन्धलाई आत्मीय आध्यात्मिक र उत्तरदायी बनाएको छ। यो शास्त्रीय विचार मात्र नभै यसले नेपाली र भारतीय लोक परम्परामा नदी, रुख, पहाड र पवित्र वृक्षलाई पूजा गर्ने परम्परा थालनी गर्नुका साथै अद्यावधी रूपमा एउटा जीवनशैलीकै रूपमा चलेको छ । यो परम्परा पिपल, वरवृक्ष, तुलसी, गाई, नाग जस्ता प्रकृति र प्राणी जगतको संरक्षणको धार्मिक संस्कारसँग जोडिएको छ (शर्मा २०१०) । यस अर्थमा ऋग्वेद नै पूर्वीय दर्शन र मान्यताको उपविज्य ग्रन्थ हो । यस पछि वैदिक र पौराणिक साहित्यमा यसको थप निरन्तरता, व्याख्या, कथन र उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

नेपाली साहित्यको भानुभक्तीय लेखनकालदेखि नै प्रकृति संरक्षणको चेतना साहित्यमा मिश्रित भएर आएको हो । भानुभक्त आचार्यको 'रामायण' (जसलाई वाल्मीकि रामायणको अनुवाद ग्रन्थ भनेर पनि चिनिन्छ)मा वनजङ्गलको जीवन र प्रकृतिसँगको सम्बन्धलाई सूक्ष्मरूपले प्रस्तुत गरिएको छ । राम, सीता र लक्ष्मणको वनवासमा वन र जङ्गलको भूमिका एवम् प्रकृतिले नै त्यो समयको मानव प्रकृति सम्बन्धलाई स्पष्ट पार्दछ। शास्त्रीय लेखनका हिसावले लेखक लेखनाथ पौड्यालका अधिकांश काव्य रचनामा प्रकृति चित्रण एउटा महत्त्वपूर्ण आयामका रूपमा प्रस्तुत भएको छ। एक वृक्ष र साधु चित्रका रूपमा लेखनाथले 'तरुण तपसी'मा प्रस्तुत गरेका छन्।

त्यसैगरी आधुनिकधारका लक्ष्मीप्रसाद देवकोटामा स्वच्छन्द प्रकृति चित्रणको कसिलो अभ्यास छ भने त्यस

पछिका काव्य सिर्जनामा प्रकृति र पर्यावरण एउटा महत्त्वपूर्ण विषयका रूपमा उठाइएका छन् ।

प्रतिनिधि उदाहरणका लागि नारायण वाग्लेको पल्पसा क्याफेमा बुद्धलाई प्रमुख विषय बनाइए पनि प्रकृतिको विनाश शहर, गाउँ र शहर विविधताप्रतिको संवेदनशीलता देखिन्छ भने रमेश विकलको 'नदी किन्दैछ' कथामा पहाडी जीवन र पर्यावरण सन्तुलनमा परेको असरको यथार्थ चित्रण पाइन्छ । पछिल्लो समयमा पर्यावरण संरक्षण अभियान र साहित्य सिर्जनासँग रोशन शेरचन, सरुभक्त, भूपिनलगायतका धेरै लेखकहरू जोडिएका छन् ।

नेपाली लोकसाहित्यमा पनि प्रकृति संरक्षणको मौलिक विचार प्रतिविम्वित भएको पाइन्छ । लोकगीतहरू मुख्य रूपमा झ्याउरे, टप्पा र भजन जस्ता मौलिक र लौकिक स्रोत नभएका गीतहरूमा नदी, वनस्पती र जनावरप्रति माया र संरक्षणका सन्देशहरू नीहित हुन्छन् । त्यसैगरी लोकथाहरू जसको लेखक र उत्पत्तिको आधार पहिचान भएको हुँदैन र पनि तिनीहरूमा मायावी तस्बिर, धार्मकी र पारिस्थितिक चेतनानीहित हुन्छन् ।

त्यसैगरी, बालसाहित्यको प्रमुख विषय प्रकृति, रुख, विरूवा, चराचुरुङ्गी, जनावर, वनजङ्गल हुन्छ भने रुख नकाटौँ, चरा नमारौँ, रुख रोपौँजस्ता बाल चेतनामा प्रकृति समान र संरक्षणका विषयहरू उठाइएका हुन्छन् ।

यसरी हेर्दा साहित्य सिर्जनाको एउटा प्रमुख विषय प्रकृति चित्रण र संरक्षण मुद्दा हो । तर पनि यी साहित्य रचनाको अर्थ र प्रयोगले हाम्रो चेतनामा कति प्रभाव पार्छ अनि जीवनशैली परिवर्तनमा कति भूमिका खेल्छ भन्ने कुरा महत्त्वपूर्ण हो । प्राचीन समयदेखि वर्तमानसम्म साहित्यमा प्रकृति कुनै न कुनै किसिमले उपस्थित नै छ । प्रकृति सुन्दरताका लागि, प्रकृति आनन्दका लागि, प्रकृति उपयोग र उपभोगका लागि जस्था अर्थमा साहित्यले प्रकृतिलाई चित्रित गरिरह्यो । संरक्षणका विषय उठे पनि ती विषयहरू नगण्य र गौण प्रभावमा रहिरहे । त्यसैले प्रकृति संरक्षणमा साहित्यको जति भूमिका खेल्नुपर्ने हो त्यो हुन नसकेको जस्तो देखिन्छ । तर पछिल्लो समयमा 'प्रकृति मानिसका लागि' कि 'प्रकृति प्रकृतिकै लागि' भन्ने वहसहरू विकसित भएका छन् । प्रकृतिको स्वतन्त्र अस्तित्वका लागि मानिस सहयोगीभन्दा असहयोगी र विनाशकारी भएको कुरा सत्य नै हो । यस परिवेशमा प्रकृति संरक्षणमा कला साहित्य र शिक्षाको माध्यमबाट मात्र मानवीय चेतना परिवर्तन गर्न सकिन्छ जस्तो लाग्छ ।

### साहित्य लेखन र पर्यावरण

पछिल्लो तथ्याङ्कअनुसार पृथ्वीको तापक्रम विगत सय वर्षमा औषतभन्दा १.१ डिग्री सेल्सियसले बढेको छ (IPCC 2023) । यसका दीर्घकालीन असरहरूमा जलवायु परिवर्तन, जैविक विविधताको नाश, भूमिस्खलन, बाढी, वन विनाश, मरुभूमिकरण र प्रदुषण र रोग व्याधि हुन सक्छन् । यस्तो भयावह स्थितिबाट बच्ने उपाय भनेको प्रकृति संरक्षण नै हो । यसका लागि साहित्यले यस्ता विषयलाई प्राथमिकता साथ उठान र्ग सक्नुपर्छ ।

कुनै समयमा साहित्यले कलाको सुन्दरपक्षलाई पक्षपोषण गऱ्यो । कुनै समयमा सामाजिक र राजनैतिक मुद्धाहरूलाई प्राथमिकतामा राख्यो । त्यसै गरी अधिकार र स्वतन्त्रताका मुद्धाहरू वर्तमानमा पनि साहित्य लेखनको प्रमुख विषय बन्दै आइरहेको छ । अब विस्तारै साहित्य र कलाले स्वतन्त्रताभन्दा पहिचानका विषयलाई केन्द्रियता दिइरहेको छ । प्रकृति संरक्षण पनि पहिचान र अस्तित्व खोजीसँग जोडिएको विषय हो । त्यसैले अबको लेखनले मानवको स्वअस्तित्व रक्षाका लागि प्रकृति रक्षा र पर्यावरण संरक्षणलाई उठाउनुपर्ने अवस्था आएको छ ।

### साहित्यिक अभियान र पर्यावरण

साहित्य साधनाका दुईवटा तरिका हुन्छन् । एउटा साहित्य सिर्जना हो भने अर्को साहित्य प्रवर्द्धन हेतु गरिने कार्यक्रमहरू तथा अभियानहरू । पर्यावरण संरक्षणका लागि पर्यावरण केन्द्रित साहित्य लेखन जति महत्त्वपूर्ण छ, यति नै महत्त्वपूर्ण साहित्यिक अभियान र साहित्यिक कार्यक्रमहरू रहन्छन् ।

सन् २०२४ लाई भरतपुर भिजिट भरतपुर-२०२४ का रूपमा भरतपुरको पर्यटन प्रवर्धनका लागि सञ्चालित अभियान अन्तर्गत भरतपुर महानगरपालिका र महानगर प्रज्ञाप्रतिष्ठानको आयोजनामा पर्या कविता प्रतियोगिता सञ्चालन भयो जसमा नेपालभरीबाट कविहरू सहभागी थिए । पर्यावरण र साहित्यिक अभियानको यो एउटा

उदाहरण हो । देशैभरि रहेका कला र साहित्यसँग सम्बन्धित संस्थाहरूले यो र यस्तै किसिमका कार्यक्रममार्फत प्रकृति संरक्षण अभियान सञ्चालन गर्न सक्छन् । त्यसैगरी सन् २०२२ मा पोखरामा हरित साहित्य उत्सव (Green Literary Festival-2022) आयोजना गरियो, जसमा पारिस्थितिक प्रणालीका बारेमा वृहत् वहस भको थियो । नवलपरासी पूर्वमा घडियाल महोत्सव वर्सेनिजसो आयोजना गरिन्छ । यस्ता कार्यक्रमले साहित्य, कला र पर्यावरणलाई जोड्नुका साथै पर्यावरण चेतना विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

वृक्षारोपण, सचेतना अभियान, गोष्ठी आदि माध्यमले कला, सिर्जना र पर्यावरण संरक्षण दुवै पक्षलाई समानरूपले अगाडि बढाउन मद्दत पुऱ्याउँछन् ।

**शिक्षामा संरक्षणः नीति र अभ्यास**

शिक्षामा पर्यावरण संरक्षण अवधारणा सन् १९७० को दशकबाट अन्तर्राष्ट्रिय रूपमा प्रवेश गरेको हो । संयुक्त राष्ट्र संघको सन् १९७२ मा स्टकहोम सम्मेलनले पहिलोपटक औपचारिक रूपमा वातावरणलाई संरक्षण शिक्षाको माध्यमबाट संवोधन गर्नुपर्ने उल्लेख गरेको हो । नेपालमा भने संरक्षण शिक्षाको औपचारिक प्रयास वि.सं. २०५० को दशकपछि मात्र थालनी भएको हो । यसपछि मात्र विद्यालय पाठ्यक्रममा वातावरण सम्बन्धी विषयवस्तु राख्न थालिएको हो र पनि यो विषय बढी सैद्धान्तिक र कम प्रायोगिक भइरहेको छ ।

विश्वका ३६ वटा जैविक विविधता हटस्पट मध्ये एक हिमालयन हटस्पट नेपालमा पर्छ । झण्डै ८४३ जातका चराहरू, १८१ जातका माछा, ६५० भन्दा बढी औषधीय वनस्पति र सयौ लोपोन्मुख प्रजातिहरू यहाँ पाइन्छन् । तर पनि विद्यालय शिक्षामा यो र यस्ता विषयको ज्ञान सतही र नगण्य जस्तै छ ।

जसरी कला र साहित्यमार्फत आएको चेतनाले व्यक्तिको भावनाको तहमा प्रभाव पार्छ, त्यसैगरी शिक्षाको माध्यमबाट प्राप्त गरेको ज्ञानले व्यक्तिलाई जीवनभर निर्देशित गरिरहन्छ । त्यसैले शिक्षा र पाठ्यक्रममा प्रकृति संरक्षण विषयको सैद्धान्तिक र प्रायोगिक दुवै अभ्यास जरुरी छ ।

नेपालको विद्यालय पाठ्यक्रममा वातावरण सम्बन्धी विषयहरू समावेश गरिएका छन् । तर ती विषय अध्ययन र अध्यापनका धेरै सिमितताहरू छन् । उक्त विषयको शिक्षण बढी सैद्धान्तिक र औपचारिक मात्र बनेको छ । उदाहरणका लागि बोटविरुवा काट्नु हुँदैन । त्यस्तै गरी अर्को समस्या दक्षताको अभाव हो । वातावरण शिक्षा र संरक्षण सम्बन्धी पाठ र रचनाहरू पढाउने शिक्षकहरूमा पार्यवरण, यसको महत्त्व र संरक्षणका विषयमा पर्याप्त दक्षता नभएर पनि यो विषय शास्वत हुन नसकेको हो ।

हाम्रो सामुहिक चेतना पनि अर्को कराण हो । समुदायका व्यक्तिहरूमा प्रकृति संरक्षण सम्बन्धी चेतनाको कमी छ । सामाजिक, राजनीतिले प्रकृतिलाई मानव जीवन जीउने साधनका रूपमा स्वीकारेको छ । साथमा शैक्षिक नीति कार्यान्वयनको पक्ष अत्यन्तै कमजोर रहेको छ । नीतिगत रूपमा नै प्रकृति संरक्षणलाई टप टु बटम र अभ्यासका रूपमा बटम टु टप मोडेलमा पर्यावरण संरक्षण शिक्षा लागू गर्नुपर्ने आवश्यकता छ । वातावरण संरक्षणलाई जीवनशैलीकै रूपमा स्थापना गर्न केही शैक्षिक र साहित्यिक गतिविधि र कर्म सञ्चालन गर्न सकिन्छ ।

१) Lawrence, Buell ले Environmental Imagination को धारणा राख्दै "Environmental texts help construct on ecological identity that shapes how people see their responsibilities toward nature" भनेका छन् । त्यसैले पारिस्थितिक चेतनामूलक साहित्य सिर्जना गरेर प्रकृति संरक्षणमा टेवा दिन सकिन्छ ।

२) हाम्रा आदिवासी जीवनशैलीका प्रकृति-मावनको निकट सम्बन्धका संकेत पष्ट देखिन्छन् । Vandana Shiva (1988) का अनुसार परम्परागत पर्यावरण सम्बन्धी ज्ञानले मान्छेलाई प्रकृतिसँग जीवन सिकाउँछ । त्यसैले Traditional Ecological Knowledge (TEK) लाई पुनर्जीवित गराई आधुनिक जीवनशैलीसँग समन्वय गराउन सके थप प्रभावकारी हुन सक्थ्यो होला ।

३) सन् २०१४ को UNESCO को Education for Sustainable Development

शीर्षकको दस्तावेजले बताए जस्तै साहित्यिक अभियान गोष्ठी र प्रतियोगिता सञ्चालन गरेर शैक्षिक एवम् साहित्यिक संस्थाले संरक्षण अभियानमा सहयोग पुऱ्याउन सक्छन् ।

४) साहित्य र पर्यावरण कुनै देश विशेषभित्र मात्र सिमित हुने विषय होइनन् । त्यसैले अन्तर्राष्ट्रिय रूपमा प्रकाशित पर्यावरण विषयक कृतिलाई अनुवाद र प्रचार गर्न सके पर्यावरणको वैश्विक महत्त्वलाई उजागर गर्न मद्दत पुग्दछ ।

५) वातावरण, प्रकृति र मानव सम्बन्धका विषयलाई विद्यालयदेखि विश्वविद्यालय तहका पाठ्यक्रममा समावेश गर्नु पनि अर्को महत्त्वपूर्ण काम हुन सक्छ । यसरी समावेश गरिएका Text हरूमा तथ्यपरक एवम् Eco-Literature लाई समावेश गर्नसके अझ प्रभावकारी हुन सक्छ ।

६) दक्षता अभिवृद्धि र वातावरण संरक्षणमा प्रविधिको प्रयोग पनि अर्को महत्त्वपूर्ण कार्य हुन सक्छ । Eco-literature, trainings आदि कार्यले दक्षता बढाउँछ ।

**निष्कर्ष:**

पर्यावरण वर्तमान विश्वको चासोको विषय हो । पर्यावरणीय समस्या आम मानव अस्तित्वसँग जोडिएको छ । यो कुनै भौगोलिकतामा सिमित रहने विषय पनि होइन । साहित्य लेखनको प्राचीन अभ्याससँगै प्रकृति चित्रण र पर्यावरण विषय केन्द्रमा रहेपनि विश्व वर्तमानमा पारिस्थितिक प्रणालीको अस्थिरताको समस्याले ग्रसित छ । यस अवस्थामा कला, साहित्य र शिक्षा नै पर्यावरण संरक्षणका लागि मानसिक र भावनात्मक परिवर्तनको मानक अभ्यास हुन सक्छन् । त्यसैले अब साहित्य पर्यावरण साहित्य, अबको अभियान पर्यावरणीय चेतना अभियान र आजको शिक्षा पर्यावरणीय चेतना र ज्ञानसहितको शिक्षा हुनु जरुरी छ ।

कविता

# भाषाप्रति !



✍ **होमनाथ घिमिरे**
*कोषाध्यक्ष-छन्दकाव्य प्रतिष्ठान नेपाल, चितवन*

बारीलाई मलजल गरे, उब्जनी बढ्छ धेर
बाढी - पैहो नहर कसरी, जान्छ पानी चुहेर
आफ्नै भाषातिर मन दिए, बढ्छ आफ्नै प्रतिष्ठा
आफ्नै माटोतिर तन दिए, पूर्ण हुन्छन् सदिच्छा ।

गर्छौं हामी फगत झगडा , देख्दछौं अन्य दोषी
ठान्छौं हामी गलत सब हुन्, शत्रु देशी विदेशी
भुल्छौं आफैं तर पनि कठै! गर्न कर्तव्य हाम्रो
सोच्दैनौं खै! न त छ पछुतो ,भोलि होला नराम्रो !

चर्चा भाषातिर जुन भए,जातका भित्रभित्र
हामी आफैं विविधथरिका,हौं बगैंचा विचित्र
छैनन् माली जति छ अगुवा, स्वार्थका छन् भकारी
चेष्टा चिन्ता न छ हृदयमा, व्यर्थमा फुल्छ दाही ।

बच्चालाई कति दिन सक्यौं, धर्म संस्कार हाम्रो ?
आफ्नै भाषा लवज अहिले, लाग्न थाल्यो नराम्रो
पुर्खालाई पनि अब भुल्यौं, स्वत्त्व अस्तित्वलाई
बिर्स्यौं आफैं गजबसितले, मार्ग उल्टो समाई !

आफ्नै भाषा अति छ गरिमा, गर्व आश्चर्य दङ्ग
बढ्छन् आफ्नै हृदयतलमा, हर्ष आशा उमङ्ग
भुल्दा भाषा विकल टुहुरो, व्यक्ति सिङ्गो समाज
छैनन् भाषा परिचय कता ! सर्मले झुक्छ ताज !

चाहे हामी समथर बसौं, उच्च अग्लो पहाड
होला सङ्ख्या घटबढ कतै , धर्म संस्कार चाड
पुर्खा नासो मुलुकहितमा , राख्न घोटेर हाड
लागौं हामी परिचय रहोस् , हैन यो खेलबाड !

परिचय

# भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानबाट सम्मानित र पुरस्कृत प्रतिभाहरूको सङ्क्षिप्त परिचय



✍ **केदारनाथ खनाल**
*परिषद् सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**परम्परित भाष्य** : सडक, पुल, घर निर्माणजस्ता भौतिक वस्तुको मात्र विकास हैन; अनेकतामा एकताको उदाहरणीय प्रतीकको रूपमा अघिबढिरहेको भरतपुर महानगरपालिकाभित्र कला, साहित्य, संस्कृति, इतिहास, समाज-दर्शनशास्त्र आदिको क्षेत्रमा पनि समुचित विकास हुनुपर्छ भन्ने लक्ष्यका साथ वर्तमान भरतपुर महानगरपालिका नेतृत्वले 'भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान-२०७८' स्थापना भएदेखि नै हरेक वर्ष वाङमयिक क्षेत्रका विशिष्ठ प्रतिभा र फरकफरक विधाका साहित्यकारलाई सम्मान एवम् पुरस्कृत गर्दै आएको छ । यसै क्रममा २०८१ सालमा सम्मानित हुनुभएका विशिष्ठ प्रतिभाहरू र पुरस्कृत स्रष्टा एवम् कृतिका बारेमा यथासम्भव सङ्क्षेपमा प्रस्तुत गर्न प्रयास गरेको छु । समारोहमा समुपस्थित सबैमा नववर्ष २०८२ को हार्दिक शुभकामनाका साथै स्वागत अभिवादन गर्दछु ।

**(क) प्रतिभा सम्मानतर्फ**

(१) **नारायणी प्रज्ञा सम्मान** (**रु. १ लाख ७८**)

प्रत्येक दुई वर्षमा प्रदान गरिने 'नारायणी प्रज्ञा सम्मान-२०८१' साहित्यकार कपिल अज्ञात/प्रा. कपिलमणि शर्मा रेग्मीज्यूलाई रु. १ लाख ७८ नगद राशिसहित अर्पण गरियो । चितवन, भरतपुर महानगरलाई कर्मक्षेत्र बनाई भाषा-साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनुभएका वाङ्मयसेवी प्रा. कपिल अज्ञातको जन्म (मिति सन् १५-३-१९५७ र स्थान ढाडेटारी, पौवैगौँडे, स्याङ्जा) मा आमा-बुबा चन्द्रकला रेग्मी/लीलाधर रेग्मीबाट भएको हो। शैक्षिक योग्यता स्नातकोत्तर (एम.ए.) नेपाली) हुनुहुन्छ। भरतपुर-१२ निवासी त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पसका निवृत्त प्राध्यापक कपिल अज्ञातज्यूले विगत साढे चार दशकदेखि अविच्छिन्न रूपमा नेपाली भाषा-साहित्यको उन्नयनमा पुऱ्याउनुभएको योगदानको कदर स्वरूप यो सम्मान गरिएको हो । नेपाली साहित्यका कविता, मुक्तक, गजल, समीक्षा-निबन्ध, नियात्रा, शोध आदि विभिन्न विधा-उपविधामा लेख्दै आउनुभएका अज्ञातजीले नाटकबाहेक नेपाली साहित्यको प्रायः सबै विधामा सशक्त कलम चलाउनु भएको छ तापनि बढी रुचिको विधाचाहिँ निबन्ध हो भन्नुहुन्छ । विषयवस्तुलाई विस्तारमाभन्दा सारमा सटिक रूपमा प्रस्तुत गर्न सक्षम कपिलजी "साहित्य दर्पणमात्र होइन, दर्शन पनि हो । यसले जीवनबोध र समाजलाई सही दिशा दिन्छ" भन्ने मान्यता राख्नुहुन्छ । साहित्यकार अज्ञातज्यूका प्रकाशित कृतिहरूमा अज्ञातका कविता (कवितासङ्ग्रह-२०४७), साहित्य सिर्जन-प्रक्रिया (खोजमूलक अनुशीलन-२०५५), समालोचनाको सन्दर्भ (समालोचनासङ्ग्रह-२०५५), पत्र-सन्देश (साहित्यिक पत्रसङ्ग्रह-२०६४), अनुभूतिका उमङ्ग (मुक्तकसङ्ग्रह-२०६४), समयसमयका स्वरहरू (गजलसङ्ग्रह-२०६४), भूलहरूका विरुद्ध (निबन्धसङ्ग्रह-२०६४), समीक्षा-सन्धान (विविध समीक्षासङ्ग्रह-२०६४), देवकोटा आयाम र प्रवृत्ति (समीक्षासङ्ग्रह-२०६५), ज्योतिष र साहित्य (खोजमूलक-२०६६), स्रष्टा बिम्ब : व्यक्तित्व आरेख (खोजमूलक समालोचना-२०६७), निर्वात स्वरहरू (कवितासङ्ग्रह-२०६७), लोकसाहित्य, प्रवृत्ति र अन्वेषण (समालोचना-२०६७), देवकोटा क्षितिज (समालोचना-२०७७), समयको सुगन्ध (निबन्धसङ्ग्रह-२०७७), यात्रा-अनुस्मृति (यात्रासंस्मरण-२०७७), चितवन-बिम्ब (गतिविधि र शोधखोज-२०८१), भुमरीको बतास (कवितासङ्ग्रह-२०८१), समय-



विम्ब (मुक्तकसङ्ग्रह-२०८१), गीति गुञ्जन (गीति-कवितासङ्ग्रह-२०८१), व्यासका तीन आयाम (समीक्षा-२०८१), गम्भीर मोडमा (निबन्धसङ्ग्रह-२०८१) आदि दुई दर्जनजति छन् । संविधान, शान्ति र स्थायित्व (सम्पा.) (विविध आलेख-२०६९), राजनीतिमा शान्ति र समाजमा सन्तुलन, चितवन शान्ति समाज (सम्पा.), विविध आलेख -२०७०) छन् भने सामूहिक सम्पादित कृतिहरूमा मृत्यु पराजित छ (विविध-२०७१),वागीश्वरी (विविध), विवेक (विविध, कार्यकारी सम्पादक) लगायत दुई दर्जनभन्दा बढी पुस्तक र पत्रपत्रिकाको एकल र सामूहिक रूपमा सम्पादन गर्नुभएको छ । चिसाप कृष्णकुमारी गुरुङ पुरस्कार (२०६४), सगर सम्मान, ज्योतिष दिवाकर-ज्योतिष मार्तण्ड आदि दुई दर्जन जति स्वदेशी र विदेशी संस्थाबाट सम्मानित र पुरस्कृत हुनुहुन्छ । नेपाल र भारतका प्रमुख स्थलहरूको भ्रमण गर्नुभएका उहाँको विशेष कार्य अनुभव चितवनका मानक स्रष्टा र मानक कृतिको शोधखोज र अध्ययन छ । ज्योतिष र साहित्यको अन्तर्सम्बन्धमा अनेक कार्यपत्र, निर्माण, मूल्याङ्कन, समीक्षामा सहभागिता छ । विशेष अभिरुचिको क्षेत्र साहित्य सिर्जन, सम्पादन, समसामयिक टिप्पणी, ज्योतिष शोधखोज छन् ।

(२) **कृष्णबम मल्ल सम्मान** (**रु. ५० हजार ७८**)

बहुमुखी प्रतिभाका धनी प्रो. कृष्णबम मल्ल (वि.सं. १९७८-२०४०) कुटनीतिज्ञ, कुशल प्रशासक, वरिष्ठ साहित्यकार पनि हुनुहुन्थ्यो । मल्ल गुरुजीको मलामी (२००९), देवता (२०१८), श्री ५ रामशाहको न्याय (२०४१) कथासङ्ग्रह र राप्ती उपत्यका (संयुक्त लेखन) का लेखक समेत हुनुहुन्थ्यो । 'राप्तीदून विकास परियोजना-२०१३' को प्रमुखको रूपमा चितवन आएका मल्लले योजनाबद्ध ढङ्गले दीर्घकालीन सोंचका साथ जङ्गल फँडानी, औलो उन्मूलन र यातायात विकासका साथ सुव्यवस्थित रूपमा पुनर्वास गराएकै जगमा आजको चितवनले काँचुली फेर्न सफल भएको हो । एउटा कर्मचारीको रूपमा आएर पनि निस्पृहभावले इमान्दार योगदानको सम्मान गर्दै भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले उहाँको पुण्य स्मृतिमा यो पुरस्कार राखेको हो । साहित्य, दर्शन, इतिहास, संस्कृति, अनुसन्धान, समाजशास्त्रको क्षेत्रमा योगदान दिने भरतपुर महानगर निवासी प्रतिभालाई प्रत्येक वर्ष नगद राशि रु. ५० हजार ७८ सहित सम्मान गर्ने नीतिअनुरूप भरतपुर-८ निवासी प्रा.डा. देवीप्रसाद कँडेलज्यूलाई यो सम्मान अर्पण गरिएको छ । इतिहासकार प्रा.डा. देवीप्रसाद कँडेलको जन्म मिति/स्थान : २०१३।०९।२६, बागलुङ, बिहुँ, दहपानी र आमा-बुबाको नाम  वसुन्धरा/देउपति कँडेल हो । इतिहास विषयमा स्नातकोत्तर, विद्यावारिधि गर्नुभएका प्रा.डा. कँडेल साढे सैँतीस वर्ष प्राध्यापन गरेर वीरेन्द्र बहुमुखी क्याम्पस त्रि.वि. बाट सेवानिवृत्त हुनुभएको हो । वहाँका प्रकाशित कृतिहरू आधुनिक नेपालको इतिहास (२०४७), नेपालको इतिहास (२०५५), आधुनिक चीन-जापानको इतिहास (२०५६), अप्रकाशित ऐतिहासिक सामग्रीहरूको एक सङ्गालो (२०५७), *Property Rights of Women in Nepal* (2058), नेपालको इतिहासमा एकल (विधवा) महिलाको अवस्था (२०६४), चितवनको इतिहास (२०५६), *Trade and Industry of Nepal During the Rana Period* (2066), *Pre-Rana Administration System* (2068), सुदूरपूर्वको इतिहास (२०६८), विश्वको सङ्क्षिप्त इतिहास (२०६८) आदि छन् । सामूहिक सम्पादित कृतिहरूमा वीरेन्द्र बहुमुखी क्याम्पसको मुखपत्र विवेक अङ्क ४ (२०६४) र अङ्क ६ (२०६०), गौरीगञ्ज दुग्ध सहकारी लि. को रजत स्मारिका (२०७०), श्री मा.वि. गौरीगञ्जको स्वर्ण स्मारिका (२०७०), भारद्वाज कँडेल कुलचन्द्र कौमदी भारद्वाज आश्रम, कुल मन्दिर वंशावली (२०७१), शरदपुर मा.वि. को शरदपुञ्ज स्मारिका (२०७१), वनदेवी बरण्डाभार, भरतपुर-८ र ९ को स्मारिका (२०७३), नेपाली काङ्ग्रेस चितवनका अग्रजहरूको सङ्क्षिप्त जीवनी (२०७५), प्रजातान्त्रिक विचार समाज चितवनको विचारपुञ्ज



अङ्क ९ (२०७६) र अङ्क १० (२०७९), प्रा.डा. सूर्यमणि अधिकारी व्यक्तित्व र कृतित्व (२०८१) आदि छन् । कँडेलजीको विशेष अभिरुचिको क्षेत्र अध्ययन, अनुसन्धान, लेखन, भ्रमण रहेको छ। मान, सम्मान र पुरस्कारहरूमा महेन्द्र विद्याभूषण (त्रि.वि.), शिक्षा पुरस्कार (नेपाल सरकार), दीर्घ सेवा पदक (त्रि.वि.) का साथै विभिन्न विद्यालय-महाविद्यालय तथा सङ्घसंस्थाबाट पुरस्कृत र सम्मानित छन् । कँडेल "साहित्य, कलाकृति देश, समाज र समुदायका दर्पण हुन् र समाजको यथार्थ चित्रण, मार्गदर्शन पनि हो । भाषाशैली र अभिव्यक्तिको रूपमा विविधता रहे तापनि सबैको उद्देश्य, अवस्था चित्रण, समस्या र समाधानसँग सम्बन्धित रहेको देखिन्छ" भन्नुहुन्छ।

(३) **भरतपुर प्रज्ञा सम्मान** (रु. ५० हजार ७८)

कलाको क्षेत्रमा उत्कृष्ट योगदान गर्ने प्रतिभालाई प्रतिवर्ष रु. ५० हजार ७८ नगदसहित 'भरतपुर प्रज्ञासम्मान-२०८१' अर्पण गरिने प्रावधानअनुरूप भरतपुर-९ निवासी कलाकार (मूर्तिकार) सूर्य मध्यरात श्री सूर्यबहादुर के.सी. हुनुहुन्छ। माडी अयोध्यापुरीमा २०३७ भदौ २२ गते जन्मनुभएका उहाँका प्रदर्शित



कलाहरूमा साधु समाधि (प्रस्तर मूर्ति), नारायणी कलामान्दिर (२०६१), जनयुद्धमा सहिद भएका सबै सहिदहरूको प्रतिबिम्ब निर्माण (२०६७), संरक्षणको उद्देश्यले चितवन महोत्सवको लागि बनाइएको एकसिङ्गे गैँडाको पूर्णकदको मूर्ति (२०६३), सहिद कामी बुढामगरको ढुङ्गाको मूर्ति निर्माण (खलङ्गाको शीतल पोखरीमा स्थापित, २०६८), दाङको तुल्सीपुर शान्तिवनस्थित १७ फुटे बुद्धको प्रतिमा (२०७९), जनयुद्धको भिडन्तमा भित्ते मूर्तिहरू (रुकुमको मइतमा, २०७९), थारु संस्कृति सङ्ग्रहालय, सौराहामा स्थापित मूर्तिहरू (२०६८) रहेका छन् । मान/सम्मान/पुरस्कार : वर्ष लायन्स पुरस्कार (लायन्स क्लब अफ बालकुमारी, २००७/०८), मूर्तिकलामा प्रथम पुरस्कार (चितवन महोत्सव, २०६१), मूर्तिकला प्रतियोगितामा प्रथम पुरस्कार, (रत्ननगर महोत्सव, २०६८) लगायत विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत। कलासम्बन्धी मान्यता : सत्य र सुन्दरताको लालित्यमय प्रस्तुति नै कला हो र कला चेतनाको आनन्दयमय प्रस्तुति हो । श्री सूर्य मध्यरात भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान, कला-संस्कृति समितिको सदस्य पनि हुनुहुन्छ। उहाँको पहिलो प्रदर्शित कला आगत मानव -२०५९, एकल) इटहरीमा भएको थियो।


(ख) **स्रष्टा पुरस्कारतर्फ**

विगत वर्षहरूमा जस्तो 'भरतपुर प्रज्ञा पुरस्कार-२०८१' का लागि भरतपुर महानगरपालिका निवासी स्रष्टाहरूबाट २०८० सालमा प्रकाशित प्रतिस्पर्धी पुस्तकहरू धेरै आएनन् । निकै कम उपलब्ध भए । नाटक विधातर्फ त सुरुदेखि शून्य हुँदै आएको छ। साहित्यको क्षेत्रमा लागेका हामी सबैको लागि यो चासो र चिन्ताको विषय हो।

(१) **चित्रवन प्रज्ञा पुरस्कार** (रु. ५० हजार ७८)


चितवनको पहिचान, विशेषता वा चितवनबारे कुनै क्षेत्रमा गहिरिएर खोज-अनुसन्धान गर्ने चितवनभित्र वा बाहिरका जो कोही स्रष्टा/अन्वेषकलाई प्रदान गरिने **चित्रवन प्रज्ञा पुरस्कार-२०८१** का लागि कसैको पनि कुनै कृति आएन । यसको मतलब भरतपुर प्रज्ञाप्रतिष्ठानले स्रष्टा सम्मानका लागि सङ्कल्प गरेको रु. ५० हजार ७८ चोखै बच्यो। नाटक विधातर्फको विगत दुई वर्षसमेत जोड्दा त रु. १ लाख २५ हजार ३१२ हुँदो रहेछ।

(२) **भरतपुर प्रज्ञा पुरस्कार - निबन्ध विधातर्फ** (२५ हजार ७८)




भरतपुर-१०, स्वस्तिकटोल निवासी साहित्यकाररमेशप्रभात/श्री रमेशकुमार श्रेष्ठको जन्म २०२९।०३।०६, पुर्कोट, खरीपानी गाउँ, तनहुँमा भएको हो र आमा-बुबाको नाम

पुनिमाया र हर्कबहादुर श्रेष्ठ हो र शैक्षिक योग्यता एम्.फिल्/एम्.ए./एम्.एड्. (नेपाली) । श्रेष्ठजी विगत तेह्र वर्षदेखि त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ । उहाँको अलिकति फरक कुरा (निसमालोचना, २०८०) कृतिका लागि निबन्ध विधातर्फ **भरतपुर प्रज्ञा पुरस्कार–२०८१, रु. २५ हजार** ७८ नगद राशिद्वारा पुरस्कृत गरियो । पुस्तकको शीर्षकले नै परम्परित समालोचनाभन्दा भिन्न दृष्टि र चिन्तनलाई सङ्केत गरेको छ । साहित्यिक कृतिको परम्परित समीक्षात्मक पद्धतिमा नवीनतम आयामका साथ देखापरेको निसमालोचना फरक ढङ्गले नियाल्ने/पर्गेल्ने र भिन्न शैलीमा अभिव्यक्त गर्ने मान्यतामा आधारित छ । निबन्धात्मक र निजात्मक शैलीमा व्यक्त गर्ने पद्धति अपनाइएको प्रयोगपरक यो कृति पुरस्कृत भयो । श्रेष्ठको पहिलो प्रकाशित रचना : 'शहीदको पत्र' कविता, सन् १९९१ जनवरी १ (मातृभूमि साप्ताहिक) थियो । प्रकाशित कृतिहरूमा प्रायश्चित्त (बालकथासङ्ग्रह, २०५२), सत्तालिप्सा (हाइकुसङ्ग्रह, २०५४), शब्दहरू अविराम यात्रामा (संयुक्त कवितासङ्ग्रह, २०५७), अलिकति फरक कुरा (निसमालोचना, २०८०) आदि छन् । सामूहिक सम्पादित कृतिहरूमा साप्ताहिक नारायणी, कुञ्जिनी, सुसेली, सौदामिनी, अभिव्यञ्जना, चरैवेति, वागीश्वरी, चितवनका कवि र कविता आदि, पुरस्कार/मान-सम्मान : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी सम्मान-२०७१, अभिव्यन्जना साहित्य सम्मान-२०७२, मोतीराम गजल प्रतिभा सम्मान-२०७७, डिल्लीराम-धनसरा राष्ट्रिय स्मृति सम्मान-२०८० आदि हुन् । रमेशजीको विशेष अभिरुचिको क्षेत्र कविता, गीत, गजल, मुक्तक, हाइकु, लघुकथा, समीक्षा हुन् भने साहित्यसम्बन्धी मान्यतामा 'साहित्य व्यक्तिका लागि मात्र होइन, समाजका लागि हो' भन्ने रहेको छ ।


(३) 


**भरतपुर प्रज्ञा पुरस्कार – कविता विधातर्फ** (**२५ हजार ७८**)

भरतपुर महानगरपालिका वडा नं. ५, रामबाग निवासी साहित्यकार गणेश श्रमण/श्री गणेशप्रसाद शर्मा पौडेलको जन्म आमा भीमकुमारी शर्माको पिताबाट २०३० भदौ १५ गते कुर्घा, पर्वतमा भएको हो । श्रमणको शैक्षिक योग्यता स्नातकोत्तर रहेको छ । आगो लिएर गाउँ गाउँ (कवितासङ्ग्रह, २०८०) का लागि कविता विधातर्फ **भरतपुर प्रज्ञा पुरस्कार–२०८१, रु. २५ हजार** ७८ प्रदान गरिएको छ । सरल, तरल, सरस र सहज, सम्प्रेष्य जीवनबोधी कविताहरूको सँगालो आगो लिएर गाउँ गाउँका विम्बात्मक, प्रतीकात्मक र कलात्मक कविताका माध्यमबाट मान्छे सहरमा बस्ने र अवसरको खोजीमा विदेशिने बढेकोमा गाउँ रित्तिँदै गएको हाम्रो वर्तमान समाजको सटीक चित्रणका साथै गाउँको विद्रुप अवस्थाप्रति सचेत गराएको छ यो कृतिले । उहाँको पहिलो 'कविता' नवकविता (२०४९) मा प्रकाशित भएको हो र प्रकाशित कृतिहरूमा शब्दहरू अविराम यात्रामा (सह-कविता २०५४), शब्दक्रान्ति (कवितासङ्ग्रह, २०६६), गुलियो काठमाडौँ (लघुकथासङ्ग्रह, २०७५) । सामूहिक सम्पादित कृतिहरू प्रेरणा (२०५३), प्रयास (२०५४) वागीश्वरी (२०५८), सौदामिनी (२०६०), अभिव्यञ्जना (२०७०), चरैवेति (२०७५), अक्षर युग (२०७७) का साथै विभिन्न पत्रपत्रिका तथा स्मारिकाहरू छन् । मान सम्मान तथा पुरस्कारमा कविता प्रतियोगितामा प्रथम पुरस्कार-२०५५, कविता प्रतियोगितामा प्रथम पुरस्कार-२०५७ का साथै विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गणेशजीको साहित्यसम्बन्धी मान्यता "जीवन भोगाइको कलात्मक अभिव्यक्ति कविता हो । कविताले वर्तमानसँग प्रश्न र संवाद गर्न सक्नुपर्छ" भन्ने रहेको छ .

(४) **भरतपुर प्रज्ञा पुरस्कार – आख्यान विधातर्फ** (**२५ हजार ७८**)

भरतपुर-७ निवासी साहित्यकार श्री टीकाराम रेग्मी (जन्म मिति/स्थान : २०१३।१२।०२, भिर्कोट नपा.-८, स्याङ्जा, आमा-बुबाको नाम : यमकुमारी/खेमलाल रेग्मी, शैक्षिक योग्यता : स्नातक (मानविकी एवम् शिक्षा) को आख्यान विधातर्फ बाँसुरीको धुन (कथासङ्ग्रह, २०८०) का लागि **भरतपुर प्रज्ञा पुरस्कार–२०८१' रु. २५ हजार** ७८ सहित




पुरस्कृत गरिएको छ। प्रस्तुत कथासङ्ग्रहमा समाविष्ट १६ वटा कथाहरूले नेपाली समाजको विविध पक्षलाई उजागर गरेको छ। सामाजिक मनोविज्ञान, महिलाको अवस्था, मातृवात्सल्य, यौनको शाश्वतता, सामाजिक यथार्थताका साथै स्वैरकल्पानाले पनि बाँसुरीको धुनलाई रोमाञ्चक बनाएको छ। लामो समय शिक्षण पेसामा रहेर नयाँनयाँ शिक्षण विधिको प्रयोग गरी कक्षाकोठालाई रोचक र प्रभावकारी बनाउन कुशल श्री टीकाराम रेग्मीको शैक्षणिक सीप र अनुभव साहित्यिक सिर्जनामा पनि प्रतिविम्बित भएको छ।

रेग्मीजीको पहिलो प्रकाशित रचना 'व्यङ्ग्य लेख' (पारदर्शी साप्ताहिक), प्रकाशित कृतिहरूमा जीवनको गोरेटो (वर्णमाला, २०६९), विपर्यास (लघुकथासङ्ग्रह, २०७१), अनुनाद (यात्रासंस्मरण, २०७४), आवरण (लघुकथासङ्ग्रह, २०७६), उज्यालोतिर (शैक्षिक उपन्यास, २०७८), सामूहिक र एकल सम्पादित कृतिहरू : एजुकेसनल फोरम (शैक्षिक पत्रिका, २०६३) छ। मान/सम्मान तथा पुरस्कारमा सहिद शिव पौडेल स्मृति सम्मान-२०७४ का साथै दर्जनौँ पटक उत्कृष्ट शिक्षकबाट सम्मानित भएका छन्। रेग्मीजीको साहित्यसम्बन्धी मान्यता "साहित्य, कला, कृति भनेका मानव जीवनका अभिन्न पक्ष हुन्। यिनको अभाव भन्नुको अर्थ मरुभूमितुल्य जीवन भोगाइ हो" भन्ने रहेको छ।

(५) **वागीश्वरी प्रज्ञा पुरस्कार – महिलातर्फ** (**२५ हजार ७८**)

'वागीश्वरी' नामैले सरस्वतीको प्रतीक महिला स्रष्टा भन्ने जनाउँछ। पुरुष स्रष्टाहरसँग वाङ्मयिक क्षेत्रमा समान रूपमा प्रतिस्पर्धी हुन र भरतपुर महानगरपालिका निवासी नारी स्रष्टाको बीचमा मात्र प्रत्येक वर्ष छुट्टै प्रतिस्पर्धा हुने **वागीश्वरी प्रज्ञा पुरस्कार-२०८१** साहित्यकार खिमा रिजालको अन्तर्मनका रङहरू (२०८०) का लागि **नगद रु. २५ हजार ७८** सहित पुरस्कृत गरिएको छ। श्री रिजालको जन्म बर्दघाट नगरपालिका-१ मा नन्दकली रिजाल र हिमाकान्त रिजालको कोखबाट २०३४ साल मङ्सिर ०२ गते भएको हो। भरतपुर महानगरपालिका वडा नं. १५ की खिमा रिजालजीको शैक्षिक योग्यता स्नातकोत्तर (मनोविज्ञान, समाजशास्त्र), स्नातक कानुन (अधिवक्ता), काउन्सिलिङ साइक्लोजी पोष्ट ग्र्याजुयट हुनुहुन्छ।




खिमाजीको अन्तर्मनका रङहरू (दोस्रो संस्करण, २०८०) पुस्तकलाई साहित्यिक दृष्टिकोणले भन्दा सैद्धान्तिक र व्यावहारिक दृष्टिले उपयोगी र व्यावहारिक महत्त्वपूर्ण कृतिका रूपमा लिन सकिन्छ। यो कृतिमा नेपाली समाजको मनोविज्ञान, मानसिक तनाव, लैङ्गिक धारणा, विभेद र तज्जन्य हिंसा, हत्या, आत्महत्यासम्मका मनोभाव/अवस्था मुखरित भएको छ। स्वास्थ्य भनेको शारीरिक मात्र हुँदैन, मानसिक स्वास्थ्य अझ बढी महत्त्वपूर्ण हुन्छ भन्ने मनोपरामर्श छ यस पुस्तकमा। रिजालको पहिलो प्रकाशित रचना कला संस्मरणसङ्ग्रह (२०७१) हो भने अन्य प्रकाशित कृतिहरूमा अविचलित यात्रा (संस्मरण, २०७१), कालजयी योद्धाहरू (आख्यान/संस्मरण, २०७३), उज्यालोको खोजीमा सङ्घर्षका पाइला (संस्मरण, २०७६), अन्तरमनका रङ्गहरू (आख्यान, २०८०) रहेका छन्।

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानबाट सम्मानित र पुरस्कृत हुनुहुने सबैलाई हार्दिक वधाईका साथ वाङ्मयिक उन्नयनका लागि शुभकामना !

॥ भवतु सब्ब मङ्गलम् ॥

निबन्ध

# शक्तिकी प्रतीक नारी



✍ **गायत्री श्रेष्ठ**
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

नारी प्रेमको प्रतिमूर्ति, नारी त्यागको प्रतिमूर्ति, नारी संवेदनाको प्रतिमूर्ति, शक्तिको प्रतिमूर्ति नारी तिमी अरु के के को प्रतिमूर्ति हौ भनुँ त्यसैले समग्रमा तिमी सगर हौ, सागर हौ अनि धरती हौ। मलाई लाग्छ, नारी भएर यस धरतीमा जन्मनु पाउनु नै अहोभाग्य हो। नारीमा व्याप्त गुणहरूको खोइ कसरी लेखाजोखा गरौं मलाई अग्रजहरूद्वारा भनिएको एउटा कथन साह्रै नै प्रभावकारी लाग्छ "जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बीडं।" जुनसुकै वस्तुमा पनि एउटा न एउटा गुण अवश्य हुन्छ तर त्यसलाई चिन्नु सक्नुपर्छ किनकि जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ भनेजस्तै हो। सही ठाउँमा सही सदुपयोग नगरे चुलेसीले पनि हत्या गर्न सक्छ। त्यसको लागि कुनै ठूलै हतियारको प्रयोग गर्नुपर्ने आवश्यकता हुँदैन। त्यसैले सबैले मानिसमा संयमताको खाँचो पर्दछ। संयमताबिना गरिएको काम सधैँ राम्रो हुन्छ भन्न सकिँदैन। यो संयमता पुरुषभन्दा नारीमा नै बढी हुन्छ। किनकि ऊसँग धैर्य शक्ति हुन्छ आत्मबल हुन्छ। त्यसैले त ऊ विखण्डित घरलाई संगठित बनाउन सक्छे भने परिआएको बेला संगठित घरलाई विखण्डित बनाउन पनि बाँकी राख्दैन। संस्कृतमा एउटा कथन छः-

"नदीनां शस्त्रपाणीनां नखिनां श्रृङ्गिणां तथा,
विश्वासो नैव कर्तव्य स्त्रीषु राजकुलेषु च"

वेगयुक्त नदी र शस्त्र बोकेको, नङ्ग्रा भएको, सिंग भएका जनावरको, राजकुलको र स्त्रीको सहजै विश्वास गर्नु हुँदैन। यसो भन्दैमा नारीलाई विश्वासै गर्नु हुँदैन भन्ने चाहि होइन। किनकि समाजमा नारी र पुरुष दुवैको उत्तिकै महत्व हुन्छ र छ। स्रष्टाले सृष्टिको निरन्तरताको लागि नारी र पुरुषको सृष्टि गरेको छ। नारी र पुरुष दुवैको सृजनाको निरन्तरतामा उत्तिकै महत्व छ। त्यसैले नै आज सृष्टिले निरन्तरता पाइरहेको छ अझ भनौं सृष्टि बाँझो भएको छैन। पहिला पहिला नारी र पुरुषमा ठुलै भेदभाव थियो। नारीले शिक्षाको न्यानो घाम ताप्न त परै जावस बोल्न पनि दोस्रो भाषा (प्राकृत) बोल्नु पर्थ्यो। पुरुषले संस्कृत भाषा बोल्थे नारीलाई यो देवभाषा भनेर बोल्न दिइन्नथ्यो। प्राचीन कालमा बरु नारीले पनि पुरुष सँगसँगै शास्त्रार्थ गर्थे। पछिपछि समय सँगसँगै सोचमा परिवर्तन आउन थाल्यो सायद। त्यसैले नारीहरू दोस्रो दर्जामा पर्दै गए। यस्तो व्यवहारको शिकार नारीहरूले लामो समयसम्म भोग्नु पर्‍यो। समय सँगसँगै मानिसको भन्नाले नारी र पुरुष दुवैको सोचमा परिवर्तन आउन थाल्यो। पुरुष सरह नारीहरू पनि शिक्षित बन्नथाले। समयलाई हाँक दिन समर्थ बन्न थाले। नारीहरूले केवल घरको उत्तरदायित्व मात्र नलिएर बाह्य उत्तरदायित्व लिन पनि आफूलाई सक्षम बनाउदै गए। त्यसैले आजकाल नारीहरू गृहस्थ, सामाजिक, राजनैतिक दायित्व समेत बहन गर्न सक्षम भएका छन्।

सामाजिक, आर्थिक, राजनैतिक अवस्थामा जति परिवर्तन हुँदै गयो उति मानिसको सोचमा चाहिनेभन्दा बढी परिवर्तन आउन थाल्यो। नारीहरू शिक्षित भएर आफ्नो खुट्टामा, उभिन सक्ने भए। आफ्नो आवश्यकता परिपूर्तिको लागि कसैसँग हात फैलाउन नपर्ने भयो। चाहे जागिर खाएर होस् वा अन्य व्यवसाय गरेर होस अब नारीहरू स्वावलम्बी भए। यो अत्यन्त खुशीको कुरा हो। यति हुँदा हुँदै पनि यसका राम्रा अनि नराम्रा दुवै पक्षहरू पनि देखा पर्न थाले। स्वावलम्बी बन्नु अत्यन्त सकारात्मक पक्ष हो। घर गृहस्य सम्हालेर, सन्तानको पालनपोषण गरेर पनि बाह्य काम गरी उच्च ओहदामा पुगी परिवार, समाज र दशको सेवा गर्नु राम्रो हो। तर यसरी सबै काम गर्नु सकें, मैले जे पनि गर्नु सक्छु, कसैको भरमा म किन बाँचु कसैसँग आश्रित म किन बनूँ भन्ने दम्भ लिनु भने राम्रो होइन। पहिला पहिला छोरीको भविष्यबारे अभिभावकहरू अत्यन्त चिन्तित हुन्थे। शिक्षित त बनाइयो, आफ्नो खुट्टामा उभिने पनि बनाइयो, अब राम्रो घरजम गरिदिनु पाए आनन्द हुने थियो भन्ने सोचमा पर्ने अभिभावकलाई अब त्यो चिन्ताबाट मुक्त गराएको छ किनकि

अबका छोरीहरू आफ्ना जीवनको बारेमा आफै सोच्न सक्षम भएका छन् । त्यसैले आमा बुबाले केही सल्लाह दिए "This is my life" भन्ने जवाब फर्किन्छ । उनीहरूले यो विर्सन्छन् "मेरा माता पिताले मेरै लागि भनेका हुन् ।" कस्तै पनि माता पिता अनुभवले खारिएका हुन्छन्, जीवनलाई भोगेका हुन्छन् विना शर्तको माया दिएका हुन्छन् । अग्रजहरूले हामीले भन्दा अनुभवका धेरै भोटो फटाएका हुन्छन्। त्यसैले जवाव दिनुभन्दा पहिला तीन चोटी सोच्नु या त मौन बस्नु उपयुक्त हुन्छ जस्तो लाग्छ । वर्तमानमा नारीहरू पुरुषहरूसरह भन्दा पनि Gold Medalist स्वर्ण पदक लिने नारीहरू नै बढी छन् । परिवार, समाज र देश विकासमा राम्रो ईटा थप्ने काम गरेका छन् । ठूला ठूला ओहदामा पुगेका कैयन नारीहरू छन् । टाढा किन जानु पर्‍यो हाम्रै देशलाई हाँक्ने राष्ट्रपति नारी थिइन्, प्रधान न्यायधीश नारी नै थिइन् सभामुख नारी नै थिइन् । यस्ता थुप्रै उदाहरण हामीसँगै छन्। कैयन नारीहरू देशको ठूला ठूला उत्तरदायित्व लिएर वसेका छन् । उनीहरू सफल पनि भएका छन् ।

दुःखको कुरा के हो भने आजकालका शिक्षित नारीहरू एवं पुरुषहरू हतारमा विहे गर्छन् अनि फुर्सदमा पछुताउँछन् । कोही उमेर नै नपुगी प्रेममा फँस्छन्, प्रेमलाई बढो हल्का रुपमा लिन्छन् । वास्तवमा प्रेम शब्द आफैमा महान हो । यसलाई अर्थ जसरी लगाए पनि हुन्छ । विवाह भनेको कुनै ख्याल ठट्टा होइन । वैदिक कालदेखि नै यसको महत्व बेग्लै छ । वर्तमान परिवशमा भने विवाहलाई अत्यन्त हल्का रुपमा लिएको देखिन्छ । पाश्चात्य मुलुकमा त यसको कुनै महत्व नै छैन जस्तो देखिन्छ। किनकि श्रीमान् त वर्ष दिन, दुई वर्ष, तीन वर्षमा परिवर्तन गरिरहन्छन् मैला कपडा फेरे जस्तै । तर हाम्रो संस्कारले त्यो दिँदैन । वैदिक नियमानुसार एउटासँग तील कुश समातेर कन्यादान दिएपछि आजीवन सफल दाम्पत्य जीवन बिताउनु पर्ने अनिवार्यता छ । हामीले आजसम्म त्यसैलाई मान्दै आएका छौ । तर आजकाल भने वैदिक नियमानुसार विवाह भए पनि विवाह गरेको ३/४ वर्षमा नै पारपाचुके गर्छन्, फेरि विवाह गर्छन् । अहिले त विवाह गर्छन् हतारमा, उमेरै नभइकन विवाह गर्छन् भागेर गर्छन्, त्यो सफल हुन्छ हुँदैन त्यो त शंकास्पद नै छ । यो चलनले चितवनलाई पनि नगाँजेको छैन । अदालतमा यस्ता पारपाचुकेका सम्बन्धविच्छेद केशहरू थुप्रै देखिन थालिएको छ । त्यतिमात्र नभएर विवाहरू गर्नु, केही वर्ष सँगै बस्नु अनि पारपाचुके गर्नु, आफूले चाहे जति सम्पत्तिको जिक्री गर्नु यो त व्यवसाय जस्तै भइसकेको पनि देखिन्छ । जसले गर्दा समाजमा विकृति फैलिएर कलिला नानीहरूको दिमागमा पनि त्यस्तै प्रभाव नपर्ला भन्न सकिदैन । नारीहरूले आँट्यो भने जस्तो सुकै कठिन काम पनि पूरा गर्न सक्तछन् । यदि सामाजिक, राजनैतिक नेतृत्व वहन गर्नु पर्‍यो भने ऊ पछि हट्दैन । किनभने उसमा सर्वप्रथम इमान्दारिता हुन्छ, नैतिकता हुन्छ, जिम्मेबारी बोध हुन्छ । दृष्टान्त लिन टाढा जानै पर्दैन भर्खरै बारएसोसिएन चितवनको नेतृत्व लिनुभएको उदाहरण भ.न.पाको मेयर पदको नेतृत्व लिनुभएको उदाहरण हाम्रो सामु नै छ । एउटी नारी भएर पनि सबैलाई सांगठनिक रुपमा एक गराएर जिल्लाको, काँचुली फेर्न, सफल देखिनु भएको छ भ.न. पाका मेयर । पुरुषप्रधान देशमा एउटी नारीले उच्च ओहदाको नेतृत्व बहन गर्दा कत्तिको अप्ठयाराहरू व्यहोर्नु पर्छ भन्ने कुरा "जुत्ताको काँटीले कहाँनेर घोच्छ ? भन्ने त जुत्ता लाउनेलाई थाहा हुन्छ ।"

चाहे सामाजिक क्षेत्र होस या राजनैतिक, शैक्षिक क्षेत्र होस या स्वास्थ्य । कहीं पनि जस्तो सुकै हाँक आए पनि स्वीकार्न सक्छु भन्ने हिम्मतका साथ अघि बढेकोबाट नै आज शैक्षिक र स्वास्थ्य क्षेत्रमा पनि नारीहरूको अग्रणी भूमिका रहेको देखिन्छ । खेलकुद क्षेत्रमा पनि कम देखिदैनन् नारीहरू केवल सोकेशमा सजाएर राखिने वस्तु होइनन् भन्ने कुराको उदाहरण आजका नारीहरूले कुनै न कुनै सृजनात्मक कार्य गरेर आफूलाई स्वावलम्बी बनाएर देखाएका छन् । चितवनको उदाहरण नै लिने हो भने पनि महिलाहरू घरेलु हिंसाद्वारा पीडित छन् भने त्यसको समाधान गर्न पछि पर्दैनन् । विभिन्न क्लवहरूमा भन्नाले जस्तै रोटरी, लायन्स, नारायणी सामुदायिक आदि विभिन्नमा संलग्न भएर काम गरिरहेका छन् । समाजका लागि केही न केही गरिरहेका छन् । यसरी कोही अचार बनाउनमा, कोही गुन्द्रक मस्यौरा बनाउनमा, केही सानोतिनो आफ्नै घरेलु उद्योग चलाएर परिवार सञ्चालनमा सहयोगी वनिरहेका छन् । पहिला पहिला पुरुषले मात्र कमाएर घर परिवारको पालन पोषण गर्नु, शिक्षादीक्षा आर्जन गर्नु पर्थ्यो भने अहिले दुवैले केही न केही गरेर पारिवारिक एंव सामाजिक दायित्व बहन गरेको देखिन्छ ।

चितवनका नारीहरू खास गरी अत्यन्त संवेदशील र सचेत छन् । उनमा हामीले पनि केही गर्न सक्छौं भन्ने भावना पाइन्छ । यो हामी सबैका लागि एउटा सकारात्मक पक्ष हो । मलाई सम्झना छ यहाँका नारीहरू साइकल चढेर दूध बेच्न बिहानै देखि हिँड्थे । गाई, भैंसी पाल्नु, खेतीपातीमा आफ्नो संलग्नता जुटाउनु, आफूलाई शिक्षित बनाउनमा अत्यन्त सचेत र सजग छन्। वि.सं. २०३८ को भाद्रमा म पद्मकन्या कलेजबाट वीरेन्द्र वहुमुखी क्याम्पस, भतरपुरमा सरुवा भएर आएकी थिएँ । पहिलो चोटी को एजुकेशन कलेजमा कक्षा लिन गएँ । कक्षाभित्र मैले केटाहरू केटीहरू, विवाहित अविवाहित सबै किसिमका विद्यार्थीहरू देखें । एकप्रकारले अचम्म लाग्यो अनि फेरि छात्राहरूलाई देख्दा माया पनि लाग्यो । किनभने केटी विद्यार्थीहरू कति बुहार्तन खेप्दै अध्ययन गर्न आएका छन् कति भारी ज्यानका पनि छन् घरका सम्पूर्ण थकावट कक्षामा बसेर आराम गरेको पनि देखें । कसैसँग त आफू उनीहरूसँग नजिक भएर सोधें पनि "किन यसरी कक्षामा निदाएको बहिनी ?" सोध्नु हुन्थ्यो हुँदैनथ्यो मलाई थाहा भएन तर मैले सोधें । मेरो प्रश्नको जबाबमा उनले भनिन् घरको सबै काम सकेर भन्नाले भैंसीको भकारो सोरेर, दूध दुहेर, घरको चुल्होचौकोको काम सकेर आउनु पर्छ म्याडम, अब गएर जुठोभाँडो सबै गर्नुपर्छ। म त एकछिन अवाक भएँ । तर मैले गर्नसक्ने नै के थियो र? मनमनै उनीहरूको इच्छा, आकांक्षा र साहसलाई सलाम गरें । कस्तो दृढ्ता, कस्तो धैर्यता, अनि कस्तो संयमता । मलाई हीनाताबोध भयो । किनकि मैले अध्ययन गर्दा जुन संघर्ष गरेको थिएँ । त्यो त यहाँको तुलनामा केही पनि होइन रहेछ जस्तो अनुभूत गरें । त्यो घर जसले बुहारीलाई पढन छुट दिएको छ उसलाई पनि मनैमन नमन गरें । कमसे कम पढन जान त दिइयो । दुःखसुख त आफूले भोग्ने, गर्ने कुरा न हो । त्यसैले नारीमा जुन शक्ति हुन्छ त्यो पुरुषमा पाउन सकिँदैन । यति सम्म कि परिआएको वखतमा शिवजीलाई पनि देवीको शक्तिको आवश्यकता परेको हाम्रो धर्मशास्त्रमा उल्लेख गरेको पाइन्छ । चाहे त्यो जुनसुकै रुपमा किन नहोस् । त्यसैले नै भन्ने गरिएको होला-

"यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता"

**कविता-कुमाल भाषा**

# नेपाली मोहडा



✍ गुरुप्रसाद कुमाल 'बुलबुल'
लमही-४, दाङ, देउखुरी

केइ मुन्छेहेरुले
नजिर लाल देख्नन्
जाँर खाला कहनन् ।

केइ मुन्छेहेरुले
ओठ कालो देख्नन्
सिकरेट तान्ला कहनन् ।

तर मइ जाँररौसी निखइनु
खानिके झिनखाउ कहनु
सिकरेट तान्निहेरुक पुन
रोग लाग्ला
झिनतान्नु है कहनु ।

गुरुङ दाजैले
गुरुङ जसन देख्ल
भाइ गुरुङ होकै ? सोध्लन् ।

मगर्नी दिदैले
मगर जसन देख्निन्
मगर स्याउ लिजे ? कहनिन् ।
थारू दाजैले पुन
थारू जसन देखनन्
थारू भाषामाज बात करैल
का बा भैयु हालचाल ?

कुमालहेरुले
कुमालज कहनन्
ज्यु ज्यु कराइल
मइ पुन ज्यु हुजुर कहइनु ।
केइबेर अघि
आफन मोहडा ऐनामा हेरइनु
एक्के मोहडा,
कसन करि गुरुङ जसन देख्खेला ?
कसन करि मगर जसन देख्खेला ?
कसन करि थारू जसन देख्खेला ?
कसन करि कुमाल जसन देख्खेला ?
फिर सोचइनु
नेपालीक मोहडा यसन् त देख्खेला हला ।

# प्रश्न चिन्तामणि

✍ पं. गीतादत्त अर्याल

लक्ष्मीका पति चक्रले सहित् छन् हैनन् ती कष्णै पनि,
गोरुमाथि सवार गर्छ दिनदिनै हैनन् ती शङ्कर पनि ।
भारी बोक्छ ठूलो सकी र नसकी हैनन् गदाहा पनि,
द्यौता हो कि मनुष्य वा असुर हो के जात हो त्यो कुनी ?

चारैमाई थिया एकै स्वरूपका गोडा दुवटा थिया,
मानिसले गहना लगि जफतले बाँधीलगाईं छ ।
घुम्थ्यो चक्रसरी कराई रिसले उल्टो र सुल्टो गरी,
जोख्यो मानिसलाई खुप जतनले धार्नी बिसौनी गरी ॥

भाइ दुई थिया एकै एकै स्वरूपका यौटै थियो मूख पनि,
जातो काँचो अन्न सिवाय खान्न कहिल्यै होला विसञ्चो भनी ।
यौटा सिङ् छ ठुटे घुमाई रिंगटा ख्वाई दिया तापनि,
रोई गाली गरिरहन्छ विचरा जाँदैन भागी. पनि ॥

भाइ तीन थिया एकै स्वरुपका यौटै थियो नाउँ पनि,
थाप्लो छेडी दिया गुथाई एकडी आफ्ना कुलैको भनी ।
तेस्को काम छ अग्निमा बसिबसी जे काम अराया पनि,
गारो अल्छी नमानी गर्छ विचरा बोल्दैन केही भनी ॥

अर्को जन्तु अचम्मको छ नरमा हात् पाउ केही नभै,
आँखा मात्र छ तेसका जियभरी जागा रहन्थ्यो सधैं ।
ठूलो मूख उभो गरेर बसन्या कैल्यै अधोमुख गरी,
काँही जानु परे त मानिस उपर चल्थ्यो सवारी गरी ।

हात पाउ शिर केही छैन तसका यती सरीमै घनी,
ब्रह्माको पनि सृष्टि छैन बुझियो छैनन् ती इन्द्रै पनि ।
भालेपोथी पनि हुँदैन कहिल्यै पार्दैन बच्चा पनि,
कङ्गालीहरूमा चढी दिन बित्यो के जात हो त्यो भनी ॥

सृष्टि मानिसको थियो अति ठूलो बस्थ्यो ऊ तेर्सो गरी,
काठे कोल ठूलो प्वाल छ तेसका हृदयमा गाड्यो मुढो बेसरी ।
यौटी गै बसी काखमा गरिटहल् यौटा घुम्थ्यो फन्फनी,
भाँडो थापी मुताई कायल गरी के जात हो त्यो पनि ॥

यौटा मानिसले विचारी मनमा सृष्टि गरेको थियो,
आफ्नै सृष्टि उठेर सोही जनको अर्घाङ्ग खाइदियो ।
बस्ती जानु गुदा र लिङ्ग जति हुन् सम्पूर्ण ढाकिदियो,
ठूलो काम भयो भनेर उसको के नाम राखी दियो ?

हात, पाउ, शिर मुख केही नभई मानिस जस्तो थियो,
ज्यूँदै मूर्ति सलक्क निल्छ तर्पनि जिउँदै उकेली दियो ।
राजादेखि लिएर क्वै गरिबतक साँचो हुन्या त्यो नभे,
प्राणी हैन तथापि यो. जगतभर् वस्मा गरायो सबै ॥

गोडाले अति कुल्ची खाँदी . पहिले- कायले गराईवरी,
माटाको भाडा डल्लो पारी पछारी हात दुईले चेप्दोभयो बेसरी ।
हाल्यो, फेरि भमारीमा अनि झिक्यो कुट्यो नराम्रोगरी,
आगोबाली जलाई रातभरमा के माल बन्यो तेसरी ॥

नाङ्गो ज्यू छ, सिवाय छैन अरू क्यै छैनन् ती गोडा पनि,
छैनन् हात पनि..गुदाहरू पनि, खाली थियो पेट् पनि ।
थोरैले नअघाउन्या भुँडी ठूलो माग्दैन के खाँ भनी,
धेरै खान दिए उकल्छ रिसले बोल्दैन केही पनि ॥

देख्दा सानु छ पातलो शरीरको शिरमूख आँखानभै,
रेडीयोवाणी प्रष्ट गरी बताउँछ कुरा तेस्मा भयाको सबै ।
छैनन् पाउ भने सबै मुलुकमा जहाँ पठाए पनि,
देशको बात पनि कहन्छ घरमा के जात हो त्यो कुनी ?

*(गोरखा बक्राङ पुराना गाउँ, मनकामना हाल शहिद लखन गा.पा. १ घर भई २०२० सालतिर चितवन भुनवबस्ती र पछि लक्ष्मीपुर ठेगाना उल्लेख भएका तथा स्थायी घरबास नभएको पाइएको अर्यालका चितवनमा हुँदा लेखिएका देवी प्रसादले सम्पादन गर्नुभएको गीता बाजेको बुढौली स्याङ्जा २०६८ भदौंबाट)*

# चितवनमा महायानी बौद्ध सम्प्रदायको विस्तार




✍ डी.आर.पोखरेल
सम्पादक-हाम्रो सिर्जना त्रैमासिक

**१. प्रारम्भिक**

चितवन जिल्ला प्राचीन कोलीय राज्यसँग जोडिएको जिल्ला हो । महामानव गौतम बुद्धको मावली कोलीय राज्य हो। रोहिणी नदीभन्दा पश्चिम शाक्य गणराज्य र पूर्वमा कोलीय गणराज्य थियो । अहिलेको नवलपरासी जिल्ला त्यतिखेरको कोलीय गणराज्य हो । हाल यो रोहिणी नदी रूपन्देहीको देवदह नगरपालिका र तिलोत्तमा नगरपालिकाको सीमानामा पर्दछ। अर्थात् रूपन्देही जिल्लाको देवदह नगरपालिका वडा नं. १० मा पर्दछ। गौतम बुद्ध मावली देवदह आउँदा आजको नवलपुर क्षेत्रमा प्रवेश गरे नगरेको कुनै प्रमाण फेला नपरे पनि र बुद्धकालमा यस क्षेत्रले आवाद हुने अवसर पाएको वा नपाएको जे भए पनि वर्तमानको बर्दघाट सुस्तापूर्वको नवलपरासी कोलीय राज्य अन्तर्गत नै थियो भन्न सकिन्छ र चितवन बुद्धको मावली राज्यसँग जोडिएको थियो भन्न सकिन्छ । तर कपिलवस्तुको तिलौराकोट र रूपन्देहीको लुम्बिनीजस्ता प्राचीन बौद्धस्थलहरू चितवनमा छैनन् । चितवनको ठोरी क्षेत्रबाट आवतजावत गर्ने प्राचीन मार्ग थियो । यहाँसम्म कि चिनियाँ यात्री फाहियान र ह्वेन साङ नेपालको यही बाटो भएर भारत पसेको कुराको उल्लेख भने भएको त छ तर प्रमाणिक हुन भने सकेको छैन । यति मात्र नभई कपिलवस्तुको शाक्य गणराज्यमाथि कौशलका राजकुमार विडुडवको हमला र वैशाली गणराज्यमाथि मगध सम्राट आजाद शत्रुको हमला हुँदा शाक्य गणतन्त्रबाट शाक्यहरू वा बुद्धका उपासकहरू भागाभाग गर्ने क्रममा कोही काष्ठमण्डपको कोलीग्राम र दक्षिण कोलीग्राममा पुगेका र कोही भागाभागमा त्रिवेणीबाट वाल्मीकि आश्रम हुँदै चितवनतर्फ पसेको अनुमान गर्न सकिन्छ।

**२. बौद्ध सम्प्रदाय**

सिद्धार्थ गौतमको जन्म इ.पू. ५६३ मा नेपालको लुम्बिनीमा भएको थियो। लुम्बिनी त्यतिखेर कपिलवस्तुको शाक्य गणतन्त्रअन्तर्गत थियो। राजधानी तिलौराकोटमा थियो। सिद्धार्थका पिता शुद्धोदन शाक्य गणतन्त्रका राजा थिए । मायादेवी उनकी रानी थिइन् । सिदार्थ जन्मेको सात दिनमै मायादेवीको देहान्त भयो । १५ वर्षको उमेरमा सिद्धार्थको विवाह कोलीय राजकन्या भद्राकापिलयनी (यशोधरा) सँग भएको थियो। सिद्धार्थ २९ वर्षको हुँदा पुत्रप्राप्ति भयो। तर राहुल जन्मेको सात दिनमै सिद्धार्थले २९ वर्षको उमेरमा गृह्यत्याग (महाभिनिष्क्रमण) गरे। अनोमा (नारायणी) नदी त्रिवेणीबाट तरेर कपाल मुण्डन गरे । त्यसपछि बोधगयामा निरञ्जना (फाल्गु) नदीको तटमा ६ वर्ष भीषण तपस्या गरे र इ.पू. ५२८ वैशाखी पूर्णिमा बुधबार राती पूर्ण बुधत्व प्राप्त गरे । यसपछि ४४ वर्षसम्म ज्ञानको प्रचार गर्दै इ.पू. ४८३ वैशाखी पूर्णिमा मङ्गलबार कुशिनगरमा निर्वाण प्राप्त गरे।

महामानव गौतम बुद्धको निर्वाण प्राप्तिको १०० वर्षपछि तृतीय सङ्गतिमा (तेस्रो बौद्ध सम्मेलन) आइपुग्दा बुद्धका विचारमाथि मतवाद सुरु भयो । प्रथम सङ्गतिमा 'स्थवीरवाद' मात्रै थियो भने दोस्रोमा स्थवीरवाद र महासाङ्घिक गरेर दुइवटा सम्प्रदाय निर्माण भयो। पछि यो नै थेरवाद एवम् हीनयान साथै महायान र वज्रयानी सम्प्रदायमा परिवर्तन भयो।

जतिखेर तिब्बतमा त्यहाँका ३२ औं महाराजा स्रोङ्चेन गम्पो थिए, उनले नेपाली राजकुमारी भृकुटीसँग वैवाहिक सम्बन्ध गाँसेका थिए। उनले तिब्बतमा बौद्धधर्म प्रचार गर्न नेपाली आचार्य शीलमञ्जु र भारतका आचार्य शान्तरक्षित र आचार्य पद्मसंभव लगायत १०८ जना बौद्ध विद्वान्हरू तिब्बत झिकाए। त्यहाँ पद्मसंभवले बौद्ध धर्ममा तन्त्र र स्थानीय धर्म (बोन) मिसाएर एउटा नयाँ धर्मको प्रतिवाद गरे। यो नै तिब्बती महायानको रूपमा उदायो। यसमा पनि ४ वटा सम्प्रदायहरू देखा परे ञिङ्मापा, काग्युङ्पा, सक्यपा र गेलुम्पा । 'पा' भनेको तिब्बती भाषामा 'अनुयायी' हो । ञिङ्मापा (निङ्–मा–पा) सम्प्रदाय तिब्बतको पहिलो बौद्ध सम्प्रदाय हो । यो सम्प्रदाय सन् ७५० तिर गुरु पद्मसंभवले चलाएको सम्प्रदाय हो । ञिङ्मा वा निङ्मा भनेको तिब्बती भाषामा 'पुरानो' वा पहिलेको भन्ने हो। दोस्रो सम्प्रदाय भनेको

'काग्युङ्पा' हो। 'काग्यु' भनेको गुरु–शिष्य परम्परा वा सन्त परम्परा हो । यसमा नैतिक विकासलाई महत्त्व दिइन्छ । यही सम्प्रदायमा कैलाश शिखरमा चढ्न सफल मानिएका विश्वप्रख्यात सन्त मिलारेपाको प्रादुर्भाव भएको थियो। तेस्रो सम्प्रदाय भनेको 'साक्यपा' सम्प्रदाय हो। 'स' वा 'सा' भनेको पृथ्वी वा माटो हो । यस सम्प्रदायमा राजसंस्थाको जस्तो उत्तराधिकारी परम्परा रहेको छ। चौथो सम्प्रदाय 'गेलुम्पा' सम्प्रदाय हो। 'गेलुम्' भनेको तिब्बती भाषामा 'सुधारिएको' हो। पुराना धर्ममा सुधार गर्ने क्रममा गेलुम्पाको जन्म भएको देखिन्छ। यसमा नै अवतारवाद (Tulku) को अवधारणा विकास भएको र दलाई लामा (ज्ञानको भण्डार) – १७औं शताब्दीपछि ल्हासाको पोतला दरबारमा बस्न थालेको पाइन्छ।

यसरी अंशुवर्मा (लिच्छवि राजा) की छोरी राजकुमारी भृकुटीमार्फत् नेपालबाट तिब्बत पुगेको बुद्धधर्म लामावादी बुद्धधर्म बन्न पुग्यो। चारवटा महायानी सम्प्रदायको रूपमा यसको विकास हुन पुग्यो। तन्त्र, जीववाद, बोनधर्म र बुद्ध धर्मको सम्मिश्रणको रूपमा तिब्बती महायानी मत वा सम्प्रदाय पैदा भयो। नेपालबाट तिब्बत पुगेको बुद्धधर्म तिब्बतबाट 'गुम्बा' को संस्कृति र विचार लिएर नेपाल फर्कियो।

**३. चितवनमा गुम्बाहरूको विस्तार**

माथि नै भनियो कि चितवन, गौतम बुद्धको मावली राज्य कोलीय राज्यसँग जोडिएको, स्थवीरवादीहरूको एउटा शाखा थारू जातिको रूपमा चितवनको जङ्गलमा बसोबास गर्दै आएको, चिनियाँ यात्री फाइहान र ह्वेन साङ चितवनकै ठोरी भएर उत्तरापथतिर प्रवेश गरेका, चितवनकै दक्षिणी भागमा शाक्यहरूको विस्तार भएको, चम्पारणको लौरियानन्दनगढमा अशोकले बुद्धको स्मृतिमा स्तम्भहरू राखेको, मौर्यहरूले त्यहीं नै गढ निर्माण गरेको, चाणक्य वा जानकीगढ नरकटियागञ्ज नजिकै भएको र ठोरीको दक्षिण १५ कि.मि. दूरीमा बुद्धको स्मृतिमा रामपुरवामा दुइवटा अशोकस्तम्भहरू भएको इत्यादि कुराहरूको उपस्थितिले गर्दा चितवनमा बुद्धकालमै पनि बौद्धधर्मको विस्तार भएको थियो भन्न सकिन्छ । आज चम्पारण जसरी भारतको भूगोलमा परेको छ, हिजो बुद्धको समयमा यो बौद्धमतको प्रचार क्षेत्र थियो । कपिलवस्तुको शाक्य गणतन्त्रकै विस्तार र विचरण क्षेत्र थियो । भारतको नामनिशान थिएन। यसरी नै लिच्छविकालमा लिच्छवि राजा अंशुवर्माले चितवनको सोमेश्वरबाट दक्षिणतर्फ जाने बाटो खोलेको, मानदेवले सोमेश्वर हुँदै मल्लपुरी हान्न त्रिवेणीबाट फौज तरेको इत्यादि कुराहरूको उल्लेख पाइन्छ । यसले पनि बौद्धधर्म अङ्गीकार गर्ने लिच्छवि राजाहरूको दृष्टि चितवनतर्फ थियो भन्न सकिन्छ । तर मध्यकालमा भने चितवनमा बुद्धधर्मको कुनै प्रचार भएको देखिँदैन । यद्यपि तनहुँका राजाहरूले चम्पारण रामनगरमा राज्य गरेको, त्यहाँ दरबार बनाएको मन्दिरहरू बनाएको, सोमेश्वर गढीको दक्षिणी पानी ढलोनेर रामनगरका सेन राजाले शिकार गर्नका लागि दरबार बनाएको तथ्य इतिहास पल्टाउँदा भने चितवन बौद्धधर्मको प्रचार क्षेत्र सधैं रहँदै आएको हो कि भन्ने देखिन्छ। तर मध्यकालीन बौद्ध संरचनाहरू विहार, गुम्बा, स्तुप आदि भने देखिँदैन। काठमाडौं उपत्यका बौद्धहरूको आदिभूमि जस्तै हो । कौशलका राजकुमार विडुडवका आक्रमणबाट भागदौडमा परेका शाक्यहरू कपिलवस्तुबाट उपत्यकामा पुगेर दक्षिणीकोलीग्राम नामक बस्ती बसाएका र तिनले विहार, स्तुप, स्तम्भहरूको निर्माण गरी उपत्यकालाई बौद्ध सभ्यताले भरेको देखिन्छ। यहाँ थेरवादी (हीनयानी), महायानी र वज्रयानी तीनै यानीहरू रहेका देखिन्छन् तर उपत्यकाभित्र गुम्बाहरू छैनन् । चितवनमा पनि पहिले गुम्बाहरू थिएनन्।

चितवनमा औलो उन्मूलन भएपछि (२०१०–११ सालतिर) पहाडतर्फका मानिसहरू चितवनमा बसाइँ झरे । यसरी झर्ने क्रममा पहाडी प्रदेशबाट गुरुङ, मगर, तामाङ, थकाली, शेर्पा आदि जनजाति पनि चितवन झरे। उनीहरूले आ–आफ्ना संस्कृति र सभ्यता पनि बोकेर झरे । यसपछि तिब्बत र नेपालको हिमाली क्षेत्रमा विकास भएको गुम्बा संस्कृतिबाट चितवनको धरती पनि सिञ्चित हुन थाल्यो । चितवनमा सर्वप्रथम २०२४ सालमा नारायणगढमा 'चित्रवन विहार' उपत्यकाबाट आएका शाक्यहरूले स्थापना गरे। यसपछि २०३३ सालमा क्षेत्रपुरमा ज्ञानसागर लामाको सक्रियतामा सानो स्तुप (छ्योर्तन) गुरुङ समुदायले निर्माण गरे। हुन त यसअघि नै २०२१ सालमा गुरुङ सुधार समिति बनेको भए पनि 'बौद्ध धर्म सेवा समिति' भने डम्बरध्वज गुरुङको अध्यक्षतामा २०३३ सालमा मात्र बन्यो। यसपछि २०४८ साल पुसमा तीनखोलेमा गुम्बाको शिलान्यास भयो र २०५२ सालमा त्यहाँ ३ बिगाहा १२ कट्ठा १० धुर जग्गा गुम्बाको लागि प्राप्त भएपछि गुम्बा निर्माण कार्य हुन थाल्यो र त्यस गुम्बालाई २०५८ सालमा 'महाबौद्ध गुम्बा' नामकरण गरियो। यसरी चितवनमा बौद्धधर्मको विस्तार हुन लागेको देखिन्छ।

चितवनमा बौद्ध धर्मलाई भित्र्याउनुमा शाक्य

र गुरुङ समुदायको हात रहेको देखिन्छ। यसपछि तामाङ, मगरहरू पनि सक्रिय हुन थालेको पाइन्छ। गुरुङ समुदायको कुरा गर्दा शारदानगरमा २०३५ सालमै 'महापञ्चम बुद्ध गुम्बा' स्थापना गर्न यो समुदाय सफल भएको देखिन्छ। यसपछि 'छोम्देन धछ्योम गुम्बा, वीरेन्द्रनगर (२०४२), त्रिरत्न बुद्धसदन गुम्बा दिव्यनगर (२०४५) ढोकी छोलिङ गुम्बा, मेघौली (२०४८) आदि स्थापना हुन थालेका देखिन्छन्। पूर्वी चितवन, जुटपानीले त झण्डै नारायणगढको चित्रवन विहारलाई पनि उछिन्न खोजेको देखिन्छ। स्याङगुक पाल्री गुम्बा, जुटपानी २०३४ सालमै स्थापना भएको पाइन्छ। दाह्रेचोकमा २०५४ सालमै 'नमबौद्ध बुद्ध गुम्बा' नामक गुम्बा स्थापना भएको थियो। दाह्रे चोकमै अर्को गुम्बा 'शान्तिसँग बुद्ध सेवा गुम्बा' पनि २०५६ मा स्थापना भएको देखिन्छ। यस्तै गरी कोराकमा पेमा छोई धार्गेलिङ बौद्ध गुम्बा (२०५८) पेमा थर्वेलिङ बौद्ध सेवा केन्द्र गुम्बा (२०६०), चन्द्रसूर्य बुद्ध गुम्बा, कविलास (२०६२), आर्ग्याङलिङ बौद्ध गुम्बा, दाहाखानी (२०७०) आदि पनि स्थापना हुँदै आएका छन्। चितवनको कुनै पनि ठाउँमा बौद्ध गुम्बा नभएको ठाउँ छैन। रत्ननगर, पदमपुर, जमुनापुर, कुमरोज, भण्डारा, बछ्यौली, पिप्ले, जुटपानी, कठार, लोथर, पिठुवा, वीरेन्द्रनगरदेखि शारदानगर, दिव्यनगर, मेघौली, पटिहानी, पार्वतीपुर, शिवनगर, फूलबारी, गुञ्जनगर, मङ्गलपुर, भरतपुर लगायतका ठाउँहरूमा गुम्बा स्थापना भएको देखिन्छ। माडी र ठोरीमा पनि गुम्बाहरू बनेका छन् भन्ने सूचना पाइएको छ।

**४. गुम्बा, विहार, स्तुप, स्तम्भ आदिको परिचय**

गुम्बा, विहार, स्तुप, स्तम्भ आदि बौद्ध सम्प्रदायमा शब्दहरू हुन्। 'गुम्बा' शब्द तिब्बती शब्द हो। यसको अर्थ ध्यान वा साधनाका लागि एकान्त स्थल हो। बौद्ध परम्परामा यो पछि थपिएको कुरो हो। तिब्बती महायानले केही आफ्नै खालको विशेषताको विकास गऱ्यो। यसमा थेरवादमा जस्तो मौलिक परम्परा नभएर तिब्बती भूमिकामा अवलम्बन हुँदै आएको बोन धर्मका केही कुरा र मुख्य गरी सातौं शताब्दी पछि बौद्ध धर्ममा प्रकट भएको 'तन्त्र' साधनाको प्रभाव यसमा परेको छ। आफ्ना गुरु शान्तरक्षित सफल नभएको स्थानमा पद्मसम्भव सफल हुनुमा यही तन्त्रले काम गरेको छ। तन्त्रको नाममा बौद्ध परम्परालाई हलुङ्गो, सजिलो र जे गरे पनि मान्य हुने जस्तो बनाइएको पाइन्छ। तिब्बती त्रिपिटक (कङगुर) मा त 'आत्मा' र 'परमात्मा'को अवधारणाले पनि प्रवेश गरेको पाइन्छ। बोधिसत्व अवलोकेश्वर, अवतारवाद, मूर्ति स्थापना, माने संस्कृति, ध्वजा पतका धूप, दीप, नैवेध्य, पूजा–आजा, बाजा–गाजा, मुकुण्डो–नृत्य आदि परम्परा भित्रिएको देखिन्छ। बुद्धका मौलिक विचार, दर्शन र ध्यान साधनाको ठाउँमा बुद्धको आराधना, पूजाआज आदि भित्रिएको देखिन्छ। यसरी 'गुम्बा' संस्कृति र यसको अवधारणा फैलिएको देखिन्छ। आफ्नो व्यवहारमा बसेर सजिलैसँग बुद्धको अनुयायी हुन पाइने र धेरै लौकिक मतका र मिश्रित कुराहरू भएकाले महायानीहरूको विस्तार भएको देखिन्छ। नेपालका 'गुम्बा' को विस्तारलाई यही परिप्रेक्षमा हेर्न सकिन्छ।

नेपालमा खास गरी चितवनका विस्तारित भएका गुम्बाहरू तिब्बती महायानीकै प्रभाव हो। यहाँका प्रत्येक गुम्बाको सम्बन्ध तिब्बतका ती ४ थरी सम्प्रदायसँग जोडिन पुगेको छ। यसमा पनि पद्म सम्भवले स्थापना गरेका ञिङ्मापा सम्प्रदायसँग जोडिएका गुम्बाहरूको सङ्ख्या नै बढी छ यहाँ। त्यसअघि साक्यपा सम्प्रदाय र गेलुम्पा सम्प्रदायको प्रभाव रहेको हुनुपर्छ। काग्युङपा सम्प्रदाय भने सन्त परम्परा भएकाले त्यसको कठिन आचरण शैली र कठोर नियमहरूका कारणले नेपालमा र चितवनमा पनि कमै फैलिएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ।

अब परिचयको पालो आयो विहारको। विहार नेपाल, भारत, श्रीलङ्का लगायत बौद्ध धर्म अवलम्बन गर्ने देशहरूमा पहिलेदेखि नै प्रयोग हुँदै आएको शब्द हो। यसको अर्थ बौद्ध विश्रामालय हो। हुनत विचरणको अर्थमा पनि विहार भन्ने गरिन्छ र राज्यको नाम 'बिहार' चाहिँ 'विहार' नभएर बाटुलो 'ब' को भएको विहार हो। अब 'विहार' र 'गुम्बा'को फरक के छ भने 'गुम्बा' तिब्बतीयन शब्द हो र यो पूजाआजा गर्ने स्थल हो। विहार चाहिँ संस्कृत शब्द हो र यसको अर्थ विश्राम गर्ने ठाउँ हो। बौद्ध भिक्षुहरू पहिले वर्षाको समयमा तीन महिना वर्षावास गर्दथे। हिँडडुल गर्न वर्षाको भेल पानीले सम्भव हुँदैनथ्यो। एक ठाउँमा बसेर ध्यान साधना, अध्ययन–अध्यापन गर्दथे। यस्तो ठाउँ विहार हुन्थ्यो। यस्तो विश्रामालयको निर्माण गरिएको हुन्थ्यो।

'स्तुप' चाहिँ संस्कृत शब्द हो। यसको अर्थ थुप्रो हो। हाम्रो माटाको ढिकुरो जस्तो हो। पहिले त स्तुपहरू माटाकै थुप्रो वा ढिकुरो हुन्थे। जस्तो आज पनि हामी नवलपरासी, बर्दघाट सुस्तापश्चिम, परासी बजार नजिकैको रामग्रामको स्तुप हेर्न सक्छौं। त्यो माटाकै थुप्रो छ। अहिले ईट्टाका वा सिमेन्टका स्तुपहरू बनेका भए पनि 'स्तुप'को विशेषता

भनेको त्यसभित्र बुद्धको अस्थी धातु वा बुद्धले प्रयोग गरेका कुनै सामान राखिएको पवित्र ठाउँ हो । 'स्तुप' भन्नासाथ त्यसभित्र बुद्धका कुनै चीज राखिएको भन्ने बुझिन्छ ।

'स्तम्भ' भनेको चाहिँ ढुङ्गाको वा सिमेन्टको वा काठको ठड्याइएको थाम हो । जसमा केही शिक्षाप्रद सूचनाहरू कुँदिएका, टाँसिएका वा अभिलेखन गरिएका हुन्छन् । जस्तो अशोक स्तम्भ । त्यसमा अशोकले आफ्ना उपदेश, सन्देश वा सूचना खोपाएर ठड्याएका छन् । नेपालमा अशोक स्तम्भ तीनवटा छन् – लुम्बिनीको अशोक स्तम्भ, कपिलवस्तु तिलौराकोटको दुइवटा स्तम्भहरू । यी स्तम्भहरू लुम्बिनीमा शाक्यमुनि बुद्धको स्मृतिमा, बुद्धको जन्मस्थल यही हो भनी जनाउन र कपिलवस्तुको दुइवटा स्तम्भहरूमा एउटा क्रकुछन्द बुद्धको स्मृतिमा गोटीहवामा र अर्को कनकमुनि बुद्धको स्मृतिमा निग्लीहवामा अशोक स्तम्भ राखिएको थियो र जुन आज पनि निग्लीहवामा भुइँमा लडेको अवस्थामा र गोटीहवामा आधि भाग मात्र जमिनमाथि निस्किएको अवस्थामा रहेको छ। लुम्बिनीको अशोक स्तम्भ त पूरा ठडिएको अवस्थामा छ र त्यसका ब्राह्मी लिपिमा पाली भाषामा ५ लहरको सूचना खोपाइएको छ।

**५. उपसंहार**

अन्तमा के भन्न सकिन्छ भने आजको चितवनको प्रसङ्गमा बौद्ध मार्गीहरूको प्राचीन इतिहास छैन र २०२० सालपछि तिब्बतीयन महायानी विभिन्न सम्प्रदायहरूको प्रभावमा यहाँ गुम्बाहरू स्थापना भएका छन् । चितवनको पहाडी र मैदानी दुवैतर्फ गुम्बाहरू स्थापना गरिएका छन्। तर काठमाडौं उपत्यकामा जस्तो विहारहरू भने छैनन्। स्तुपहरू पनि छैनन्। 'चित्रवन विहार' एउटा बनेको देखिन्छ तर त्यो पनि थेरवादी विहार भने होइन, महायानी विहार नै हो । यस्तै गरी क्षेत्रपुरमा एउटा स्तुप (छ्योर्तेन) – निर्माण भएको देखिन्छ, यो पनि सम्भवत : महायानी स्तुप नै हो। चितवनमा थेरवादी बौद्ध सम्प्रदायको उपस्थिति भनेको विपश्यना ध्यान केन्द्र मात्र हो जस्तो लाग्छ। विजयनगरमा साठीको दशकमा यो ध्यान केन्द्र बनेका थियो र अहिले पनि ध्यान शिविरहरू सञ्चालन भइरहेका छन्।

आश्चर्य के लाग्छ भने चितवनका आदिबासी (थारु, चेपाङ, कुमाल, दरै, बोटे (माझी) आदि भने गुम्बा संस्कृति, विहार संस्कृति वा स्तुप संस्कृतितर्फ लागेका छैनन्। थारु गाउँमा कतै पनि गुम्बा बनेको थाहा छैन। थारु लेखकहरूले आफूलाई बुद्धका वंशज भने पनि बुद्ध धर्म अवलम्बन गर्न सकेका छैनन्। पहाडतर्फबाट बसाइँ झरेका गुरुङ, मगर, तामाङ, थकाली, शेर्पा आदि गुम्बा संस्कृति बोकेर आएको देखिन्छ। तर यहाँको आदिबासी र उनीहरूको बीचमा सांस्कृतिक अन्तरघुलन भएको देखिँदैन। सांस्कृतिक रूपले हरेक जाति अलगअलग रहेको देखिन्छ। चितवनमा बसाइँ झरेका खस–आर्यहरू पनि आफ्नै हिन्दूधर्ममा लागिरहेको र बुद्धधर्मतर्फ आकर्षित नभएको देखिन्छ। निश्चित जातिहरूमा मात्र बुद्धधर्मको विस्तार भएको पाइन्छ। केही खस–आर्य विपश्यना ध्यानतर्फ आकर्षित भएको त पाइन्छ, विपश्यनाका गुरुहरू भएको पनि पाइन्छ। तर एकाधबाहेक प्रायः बौद्धधर्मावलम्बी बनेका खस–आर्य पाइँदैन। विपश्यनामा गुरु भइसकेका खस–आर्यहरूको प्रायः दोहोरो जीवन देखिन्छ। खास–आर्यका केही बुद्धिजीवी जता पनि कुद्ने गरेको, जे पनि खाने लाउने गरेको र आफ्नो परम्परालाई छोड्न पनि नसकेको र राम्ररी अपनाउन पनि नसकेको अवस्थामा छ। त्यस्तै अवस्थामा अरू जातिको पनि छ। को के हो ? कुन धर्मको अनुयायी हो ? थाहा हुन छोडेको छ। कतिपय त क्रिश्चियन भएर हिँडिरहेका छन्। आफ्नो र अर्काको सांस्कृतिक पहिचान के हो, त्यो नै थाहा हुन छोडेको छ। जहाँ वैयक्तिक फाइदा हुन्छ मान्छे त्यतै कुद्न थालेको छ।

**सन्दर्भ सामग्री**


पोखरेल, डी.आर., **पवित्र बौद्धस्थलहरू**, चितवन : बौद्धधर्म सेवा समिति, महाबौद्ध गुम्बा, तीनखोले, २०७४ ।

प्रणयपासा, **शाक्य गौतमबुद्ध भगवान् होइनन् दार्शनिक हुन्**, काठमाडौं : पैरवी प्रकाशन, २०५३ ।

प्रधान, भूवनलाल, **नेपालमा बुद्धधर्म** (दोस्रो संस्करण), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०७६ ।

वज्राचार्य, प्रकाश, **बौद्ध दर्पण** (दोस्रो संस्करण), काठमाडौं : बुद्ध जयन्ती समारोह समिति, धर्म कीर्ति प्रकाशन २०५३ ।

शेर्पा, आचार्य सार्की (सम्पा.), **गोन्पा/विहार सन्देश (स्मारिका)**, नेपालः नेपाल सरकार, गोन्पा/विहार व्यवस्थापन परिषद, नेपाल, २०७३ ।

श्रेष्ठ, दयाराम, "नेपालमा महायान बुद्धधर्मको विकास", **प्रज्ञा** (भोलम–२, नम्बर–२), लुम्बिनीः लुम्बिनी बौद्ध विश्वविद्यालय, सन् २०२१ ।

सांकृत्यायन, राहुल, **तिब्बतमा बुद्धधर्म** (दोस्रो संस्करण), इलाहावाद : किताब महल, सन् १९९६ ।

सुवेदी, विजय, **चितवनमा बौद्धधर्मको विकासमा महाबौद्ध गुम्बाको योगदान** विषयक २०७७ मा बौद्ध विश्वविद्यालयमा प्रस्तुत गरिएको स्नातकोत्तर **शोध–पत्र** ।

हास्य व्यङ्ग्य निबन्ध

# मनका कुरा



✍ तिलकराज शर्मा
*संस्थापक उपाध्यक्ष-वाल्मीकि साहित्य सदन*

आजकल मनमा धेरै कुरा खेलिरहन्छ । खेल्नु भनेको पनि एक प्रकारको योग हो भन्छन तर मेरो मन योगतिर छैन विगोगतर्फ लागेको छ। कतिपटक सम्झाएँ यो चन्चले मनलाई न यसको प्रतिबद्धता छ, न कुनै स्थिरता छ । बेला बेलामा चन्चले बन्छ, चर्तिकला गर्छ । मनको त न छेउ न पुच्छर न सुरूवात छ, न अन्त कसैलाई मनै नलाग्ने कसैलाई मन लागेपनि मनले चाहेजस्तो नहुने । मसंग आजकल मनै मनहरूको चाङ लागेको छ। एकलव्यको मन, द्रोणाचार्यको मन, गान्धीको मन, गोड्सेको मन, मार्क्सको मन, फ्रायडको मन, शंकराचार्यको मन, दुर्वासाको मन, आफ्नै घरेलु इष्टदेव शान्तिका पुजारी गौतम बुद्धको मन । मन मनै बिचार गर्छु म निष्पक्ष बन्नुपर्छ, यो मेरो कुलायनको दर्शन हो । अनि मेरो आदर्श तर यो आदर्शलाई यस्तो गठबन्धनको समयमा आजकलका हाम्रो छोरा नातिले दाह्री पालेझै पालेर राख्न सक्दिन ।

मेरा पनि जहान केटाकेटी छन् । ब्रह्माजीले सृष्टिको सुरूवातमा नै तुम्बोजस्तो चुहिने पेट बनाइदिएका छन् । मलाई देशको भन्दा पनि असाध्यै प्यारो पेटको माया लाग्छ । देशको माया आदर्श र स्वाभिमान हैन लोकचार बन्न पुग्छ भने पेटको माया बाध्यता र विवशता बन्न पुग्छ । यस्तै रहेछ हाम्रो नेताहरूको पनि मन । मन धाने धानिने, भाचेँ भाचिँने, मन पगाले पग्लने, जमाए मिश्री जस्तै कडा बन्ने मन थामे थामिने, अनि यसो विचार गर्छु हाम्रा ती पाँचतिर मन फर्केका नेताहरूले पनि मननै धान्न नसकेर गठबन्धन गरेका रहेछन् । यो अपवित्र गठबन्धन कसरी पवित्र बन्यो भनेर मेरो मनले मेरै मनलाई सोध्यो । आखिर मन मिलेपछि जे पनि हुँदो रहेछ । करोडौं मनहरू सडकमा छन् । तिनीहरूको मनले ठूलो मन भएकाहरूलाई जति मनमनै चिच्याए पनि एउटाको ठूलो मनले सानो मनलाई कति थिचोमिचो गर्दो रहेछ। ठूलो जाति र सानो जातिको बिचमा किन यति धेरै विभेद र पश्चाताप छ भनेर सोचेँ । आखिर मनले मनसँग आफ्नो मनका पीर व्यथाहरू बुझाउन सक्यो भने मन त नौनी जस्तै पग्लन के बेर लाग्छ र !

अब साच्चै मेरो मनले यतिखेर माथिल्लो घरे बाटुलीलाई सम्झेँ । साच्चै बाटुली कति राम्रि छे मोरी, यौवनको उर्लदौं भेलमा पनि मनैले गर्दा त होला नि, मन थामेर बसेकी छ । धन्य छ बाटुलीको मन के गर्नु र हाम्रा नेताहरूले बाटुलीले जस्तै मन थामिदिएको भए देश कहाँ पुग्थ्यो होला ? बुढो मन, केटाकेटीको मन, तन्देरीको मन, तरूनीको मन, कति फरक र बहुरूपि छ यो चन्चले मन । मनैले मन पराएपछि त नराम्रो पनि नहुने, अग्लो पनि नहुने, होचो पनि नहुने, कालो पनि नहुने अनि भ्रष्टाचारमा लिप्त छ भने पनि स्वःपार्टीका नेता रहेछ भने त्यसै त्यसै औधि मन पराउनु पर्ने, कति स्वार्थी छ यो पापी मन ?

मलाई यतिखेर हाम्रा जिजुहजुरबा कवि लेखनाथ पौडेलले लेखेको कविता याद आउँछ ।

"मै खाँऊ मै लाऊँ सुख शयल वा मोज म गरूँ
मै बाचूँ मै नाचूँ अरू सब मरून दुर्बलहरू "

यो मन कहिलै पनि स्थिर छैन । एक मन भन्छ दुई चार महिनामा नै मालामाल हुन त हाम्रा नेताहरूले काइदा उपाय सोचेर यो गठबन्धन गरेका रहेछन् । किनकि बनस्पती घिउमा सालको बोक्रा, खाने तेलमा खयरको छोक्रा, बेसारमा पिठो अदुवाको धुलोमा गिठाको पिठो, तरकारीमा मुला र पिडालु आलु र काउली मिसाउँदा मीठो हुन्छ भन्छन् । हाम्रा पूर्वजहरूले पनि मोक्ष्य प्राप्तिको लागि आत्मालाई प्रमात्मासँग मिलाउने अर्ति दिएका रहेछन् । त्यसैले आजकल मलाई हाम्रा नेताहरूले रुख, सूर्य, हसिँया हतौडालाई एउटै ठाउँमा मिसाएर मिठो "गठबन्धन चूर्ण" बनाएका रहेछन् । आजकल मेरो मनमा पनि गठबन्धन चूर्ण सेवन गर्न पाए यो खाली पेटको कारणबाट उब्जिएको ग्याष्ट्रिक बिमारी सन्चो हुन्छ कि जस्तो मेरो मनले ठानेको छ । त्यसैले मलाई मिश्रण मन पर्छ फलाम र काठको धुलोको मिश्रण छुट्याउन चुम्बकको आवश्यकता पर्छ, किनकी चुम्बकले फलामलाई मात्र तान्छ, धुलोलाई छोड्छ चुम्बक स्वार्थी छ, त्यसैले मेरो मनले पनि स्वार्थी बन भन्छ, म पनि चुम्बक बन्ने दाउमा छु। मेरा नाता पातालाई सुटुक्क माथि तान्ने सुरमा छु । हाइड्रोजन र कार्बोनडाइअक्साइडको मिसावटबाट यौगिक निस्कन्छ ।

नक्कली कुरामा मिसावट हुन्छ, मलाई 'नक्कली' मनपर्छ, बिचरी नक्कली कति राम्री थिई मोरीको रूपै मित्रु रूपै शत्रु

हुन पुग्यो । तिनको मनले बेलैमा बिचार पुऱ्याउन सकेको भए आज त्यो गत हुने थिएन होला । सुन्छु बम्बैबाट फर्केपछि कसैसँग बोल्दिन रे । एकोहोरो टोलाइ मात्र रहन्छे रे तिनको मनले के के सोचेको होला कठै बिचरा ! आफैले सिन्दुर हालेर मन पराएर ल्याएकी श्रीमतीलाई विदेश छोडेर आउन सक्ने त्यो पापी पुड्केको मन कसरी मान्यो होला ? कुन मनले बिक्री गर्न ल्याएको हुँ भन्यो होला । सबै मनका कुरा रहेछन् । बेरोजगार नेपालीहरूलाई भुटानी शरणार्थी बनाएर विदेश पठाए भन्छन् मलाई त विश्वास लाग्दैन तर यदि साच्चै हो भने उनिहरूको मनले यतिखेर के सोचेको होला ?

बेलामा सोझा साझा नेपालीहरूलाई बहकाएर मन पगाल्न सकेको भए आज किन यो गति हुन्थ्यो र ? सोल्टी सेराटन, माउन्ट एभरेष्ट, क्लियो पेट्रा, खुकुरी जोनबुल, जीवनमा नयाँ काचुली फेर्न पाइने रहेछ । भान्से बाहुनी, महिला थिए, हङ्कन बैंङकक नाइट क्लब बरालिँदा यो मन कति फुरूङ्ग हुन्थ्यो होला ? धिक्कार छ तँ पापी मन पनि कस्तो कल्पना गर्छस् । रूखमा भोट हाल्न परे हातै काटिदिन्छु, सूर्यमा भोट हाल्न परे हातै काटिदिन्छु, हसिँया हथौडामा भोट हाल्न परे हातै काटिदिन्छु भन्ने सोझा साझा जनताको मन भ्रान्ति बनाएर मन लागेको ठाउँमा हाल्न नपाउने बनाउने मनै परिर्वतन गराइदिने धन्य छ तिमी नेताहरूको मन ।

केही महिना भयो यो मन स्थिर छैन । यो गरिबीको रेखामुनि रहेको जनप्रतिनिधिहरूको रवाफ देख्दा चुनावमा उठौं उठौं जस्तो लाग्छ । जुँवा घर देख्दा जुँवा खेलौ खेलौं जस्तो लाग्छ । ठेकेदारहरू मालामाल भएको देख्दा ठेक्कापट्टा गरौं गरौं जस्तो लाग्छ भने तरुनी देख्दा ठ्टटा गरौं गरौं जस्तो लाग्छ । मन्दिर, मस्जिद देख्दा भक्ति जागेर आउँछ भने ठूलो भीड भएको ठाउँमा पुग्दा शक्ति जागेर आउँछ । दशैंमा चङ्गा उडाउन हुँदैन । चङ्गा उडेझै मन पनि उड्छ भन्थे । हो साच्चै आजकल मेरो मन चङ्गा जस्तै उडेको छ । वन डडैंलो लागेको पानीले निभाउन सक्छ तर मन डढैंलो लागेपछि पानीको त के कुरा बीस, एक्काईस वर्षे नानीले पनि निभाउन कठिन पर्दो रहेछ । वन डडैंलो लागेको सबैले देख्ने तर मन डढैंलो लागेको कसैंले देख्दो रहेनछ् । साच्चै नै जलबीरेकी छोरी चञ्चली मनै डढैंलो लागेर त होला काखकी सानी छोरी छोडेर पोइला गई रे ! कस्तो पापी होला त्यो पापीनीको मन सम्झेर ल्याउँदा रुन मन लाग्छ, हातखुट्टा भाच्नुजस्तो पनि लाग्छ । रोएर हात खुट्टा भाँचेर पनि आखिर के हुने रहेछ र जनप्रतिनिधि सांसदहरू संसद भवनमा गएर रोएर हात खुट्टा र कुर्ची टेबल भाचेर धुरू धुरू रूने मेरो देश । रोएर ज्यान सडाएर पनि आखिर के पाइने रहेछ र मन नै बुझाउने कुरा हो । आजकल म मन बुझाउने प्रयासमा छु । अस्तिको गणतन्त्र फाल्ने जुलुस हेर्न गएको छोरो आजसम्म फेला परेको छैन भन्छन् । हुन त गणतन्त्र ल्याउदा हराएकी छोरी आजसम्म फेला परेकी छैनन् भनेर माइती घर मण्डलामा जुलुस धर्ना भइरहेको छ तिनकी आमा 'मनमती' बिन्ती पत्र बोक्दै अड्डा अदालत धाइरहँदा 'मनमती' को मनले के सोचेको होला धन्न मनमती तिम्रो मन । म पनि आजकल जस्ले जे जे गरेपनि चित्त बुझाएर मनले मनसँग अत्याचार सहन गर्न सक्ने शक्ति प्राप्त होस भनेर समाजसेवी र धार्मिक संस्थाहरूद्वारा आयोजित योग शिविरतिर पुगेर मनको बह कसैलाई न कह भनेर योग ध्यान शिविरमा मन बहलाउँदै छु ।

■■■

**कविता** | **मित्र साहित्य**

# रसमै खुल्छ जीवन



✍ **बद्रीप्रसाद दाहाल**
*अध्यक्ष-नीलकण्ठ प्रज्ञा प्रतिष्ठान, धादिङ्ग*

रसमै सिर्जना खुल्छन्, फुल्छन् भावुक तिर्सना
स्रष्टा ढुकढुकी मानिन्छन्, रसघोली सिर्जना
नवधा भक्ति जस्तै हुन्, नव द्वार समानका
नवै रस सँधै सिच्छन्, सिर्जनाका जरा जरा ।

रसराजा छ श्रृङ्गार, योग वियोगमा घुमी
हास्यवीर तथा शान्त, बग्छन् नव रसै चुमी
श्रृङ्गार रसमा लेख्दा, झिल्के हुन्न कबै कवि
"पातिने मातिने" ठान्ने सङ्कीर्ण जीर्ण हुन् छवि ।

अलङ्कार नयाँ विम्ब, रसमा स्नान गर्दछन्
रस नै देह आत्माको, सेवा सुसार भर्दछन्
रस हुन् हातका औंला, उत्तिकै महनीय छन्
रस हुन् जीवन अस्तित्व, कवित्व गणनीय झन् ।

रसमै फुल्छन् माया उर्वरा, शस्यश्यामला
रस हुन् काव्यका शक्ति, पार्छन् काव्य हराभरा

■■■

कार्यपत्र

# नेपाली भाषा प्रयोगका त्रुटिक्षेत्र



✍सह प्रा. डा. धनेश्वर भट्टराई
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**विषयप्रवेश/परिचयख**

भाषा मानव जातिका लागि वरदान हो । भाषाकै माध्यमबाट मानव समुदायले व्यक्तिगत र सामाजिक व्यवहार सञ्चालन गर्दछ। भाषा कुनै व्यक्ति विशेषको सम्पत्ति नभई सिङ्गो मानव समुदायको साझा सम्पत्ति हो। भाषा सुरूमा जस्तो रूपमा भए पनि प्रयोगका क्रममा यो विकसित हुँदै जान्छ र क्रमशः मानकरूप प्राप्त गर्न पुग्छ। भाषाले मानकरूप प्राप्त गर्न लामो समय लाग्छ। भाषाको प्रयोगशाला भनेको त्यसका प्रयोगकर्ताहरू हुन् अर्थात् त्यो भाषाका वक्ताहरू हुन् । भाषाको प्राथमिक रूप उच्चार्य वा कथ्य हो । यस चरणमा रहँदा यो अस्थायी स्वरूपमा रहन्छ । कथ्य वा उच्चार्य तहमा रहँदा यसको स्वरूप श्रव्य हुन्छ । उच्चारण गर्नेले भन्नेको श्रोताले सुन्ने र बुझ्ने अवस्था रहन्छ। जब त्यही कथ्य भाषालाई अनेक लिपिचिह्न, प्रतीक वा वर्णद्वारा चिनाइन्छ, चिनिन्छ त्यसमै लेख्ने गरिन्छ तब भाषाले लेख्यरूप प्राप्त गर्छ। भाषाको लेख्यरूप स्थायी प्रकारको हुन्छ। यसमा प्रारम्भिक चरणका उच्चार्य ध्वनिलाई विभिन्न ध्वनिचिह्न, सङ्केतका रूपमा लिपि, वर्ण र मात्राहरूद्वारा चिनाइएको हुन्छ । प्रारम्भदेखि आजसम्म नेपाली भाषामा प्राप्त शिलालेख, ताम्रपत्र कनकपत्र आदि लेख्य नेपाली भाषाका प्रारम्भिक रूप हुन्। मानव समाज, सभ्यता संस्कृति, इतिहास, पुराण, धर्म, दर्शन, ज्ञान, विज्ञानका बहुमूल्य सम्पत्तिहरू, पूर्वजका अनुभव र जीवन भोगाइका समस्त अनुभूतिहरू साहित्य लेख्य भाषामै सुरक्षित रहेका छन् । समयक्रममा तिनको अध्ययन अवलोकन गर्न सकिन्छ। संसारमा अनेक भाषाहरू छन्। प्रत्येक राष्ट्र, त्यस राष्ट्रभित्रका प्रत्येक जाति वा लिपिचिह्नहरू छन्। तिनै भाषाहरूका लहरमा वर्तमानमा हाम्रो नेपाली भाषा पनि उभिएको छ। नेपाली भाषाको पनि आफ्नै भाषिक व्यवस्था, अवस्था र समस्या रहेको छ।

**भाषिक व्यवस्था, समस्या र वर्तमान अवस्था**

अरू भाषा जस्तै नेपाली भाषाको पनि आफ्नै भाषिक व्यवस्था छ । नेपालीमा वर्ण र मात्रा छन् । तिनै मात्रा र वर्ण मिलेर अक्षर र शब्द बनेका हुन्छन् । शब्दमा प्रयोग गरिने वर्णलाई मिलाएर राख्नु वर्णविन्यास हो अर्थात् कुन शब्दमा कुनकुन वर्ण वा अक्षर प्रयोग हुन्छन् भन्ने जानेर उचित र व्यवस्थित किसिमले प्रयोग गर्नु वर्णविन्यास हो।

नेपाली भाषाको शब्दभण्डारमा धेरै प्रकारका शब्दहरू छन्। ती शब्दहरूको स्रोत के हो ? अर्थात् ती शब्दहरू कहाँबाट आएका हुन् चिन्न आवश्यक हुन्छ। नेपाली भाषामा संस्कृत भाषाबाट करिब ७०% शब्दहरू आएका छन् । संस्कृतबाट नेपालीमा आउँदा कुनै कुनै उस्तै वा उही रूपमा आएका छन् भने कुनै फेरिएर/बदलिएर प्रयोग भएका छन् । उस्तै रूपमा प्रयोग हुने जस्तैः भूमि, चैत्र, मिष्ट, मत्स्य जस्ता संस्कृतका शब्दलाई नेपाली तत्सम शब्द भनिन्छ भने तिनै शब्द जब केही बद्लिएर भुइँ, चैत, मिठो, माछाका रूपमा नेपालीमा प्रयोग हुन्छन् तिनलाई तद्भव शब्द भनिन्छ भन्ने जानकारी हुनु आवश्यक छ। तत्सम र तद्भव दुवै प्रकारका शब्द नेपाली भाषाका मौलिक शब्द हुन् भन्ने ज्ञान हुनु पनि आवश्यक छ। शिक्षित पठित व्यक्तिले लेख्य वा कथ्यरूपमा नेपाली भाषा प्रयोग गर्दा सचेत नभइदिँदा भाषामा समस्या आएको मान्न सकिन्छ।

नेपाली भाषामा माथिका मौलिक शब्द (तत्सम र तद्भव) बाहेक नेपालीइतर राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषाका धेरै शब्दहरू पनि नेपालीमा प्रयोग हुन्छन् र अरू भाषाबाट (स्वेदेशी र विदेशी) आएका त्यस्ता शब्दलाई आगन्तुक (पाहुना) शब्द भनिन्छ। त्यस्ता शब्द उच्चारणमा भिन्नता नरहे पनि लेखनका क्रममा प्रशस्त भिन्नता (जस्तै : मास्टर, ओभरसियर, एसोसिएसन, रेस्टुरेन्ट) रहेकाले सोहीअनुरूप प्रयोग गर्नु उचित देखिन्छ। यसरी नेपाली भाषाको भाषिक व्यवस्थाअन्तर्गत वर्ण व्यवस्था, आर्थी व्यवस्था, व्याकरण व्यवस्था रहेकाले त्यतातिर हेर्दै नहेरी भाषिक प्रयोग गरिनुले समस्यापूर्ण अवस्था सिर्जना भएको मान्न सकिने अवस्था छ।

२०६० को दशकतिर राष्ट्रिय तहमा भाषाको सरलीकरणका नाममा, समयानुकूल भाषिक परिवर्तनका नाममा, पाठयक्रम परिवर्तन निर्माण र लेखनका नाममा,

शब्दकोश निर्माणका नाममा नेपाली भाषिक व्यवस्था माथि नै ठुलो खेलबाड गरियो । परम्परागत भाषिक प्रयोगलाई विकृत तुल्याइयो । वैयक्तिक स्वार्थलाभका कारण होस् वा उच्च पदासीन व्यक्तिहरूको अदूरदर्शी, स्वार्थी र अयोग्यतालाई ढाकछोप गर्न होस् भाषाको सहारा लिएर नेपाली भाषाको सिङ्गो भाषिक व्यवस्था ध्वस्त पारेर दिशाहीन र गन्तव्यहीन अवस्था सृजना गरी अलपत्र छाडियो। हो, त्यही अवस्थाबाट सृजित समस्या नै आजको समस्या हो।

आफ्नो मौलिक भाषाले आफूलाई चिनाउँछ र अङ्ग्रेजी भाषाले आफूलाई बेच्न सघाउँछ भन्ने तथ्य आजको नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग र परिणामले देखाउँछ। दुई अढाइ वर्षमै मन्टेश्वरीमा भर्ना गरेर पूर्व प्राथमिक तहदेखि उच्च मा.वि सम्म अङ्ग्रेजी नै प्राथमिकतामा पर्नु, अङ्ग्रेजीमा बोल्न सके अरू त्यसै जानिन्छ भन्ने ठान्नु, बोर्डिङ मात्र होइन घरमा पनि नेपाली भन्दा अङ्ग्रेजी उच्चारणलाई महत्त्व दिनु, अङ्ग्रेजीमा कुरा गर्न सके अरूभन्दा ठुलो भएको ठान्नुजस्ता कुराले नेपालमा नेपाली भाषा दोस्रो र बाध्यात्मक भाषा हुँदै छ । सामाजिक, राजनीतिक, प्रशासनिक वा सरकारकै तर्फबाट स्वदेशमै बसेर स्वरोजगारमै वा आत्मनिर्भर बनाउनुको सट्टा धेरै भन्दा धेरै देशसँग सम्बन्ध कायम गरी वैदेशिक रोजगारलाई प्राथमिकता दिई हजारौँ कन्सल्टेन्सी वा म्यानपावर कम्पनी खडा गरी योग्य युवालाई विदेसिन बाध्य पार्ने राष्ट्रिय परिस्थिति भाषिक क्षयीकरणमा जिम्मेवार छ। मेरा सन्तान यो देशमा छन् भनेर अहङ्कार गर्ने आमाबाबु र स्कुलभित्र नेपाली बोले विद्यार्थीलाई सजाय दिने बोर्डिङ स्कुलका शिक्षकहरू कम दोषी छैनन् । नढाँटी भन्दा ती भाषिक अपराधी जस्तै देखिन्छन् । यस्तै फेसबुकका वालमा आउने ट्रान्सलेट एपमा लेखिएको नेपाली भाषाको विकृत रूप पनि भाषा बिगार्ने तत्त्व मध्ये प्रमुख हो । यही र यस्तै भाषिक स्थितिबाट नै आजका विद्यार्थी शिक्षक, प्राध्यापक, सम्पादक, पत्रकार, संवाददाता, समाचारवाचक/प्रस्तोता, फ्लेक्स बोर्ड निर्मता, टाइपिस्ट, सामाजिक व्यक्ति दलका नेता, कार्यकर्ता, लेखनदास सबैले प्रयोग गर्ने नेपाली भाषा विकृत रूपमा प्रयोग भइरहेको छ । अझ सरकारी कार्यालयका सूचना बोर्ड, पत्र तथा शिक्षालय वा शैक्षिक प्रतिष्ठान, अस्पताल, सार्वजनिक सूचनाको भाषिक प्रयोग बिग्रिएको हुन्छ यही आजको भाषिक मूल समस्या हो । यसलाई जिम्मेवारीपूर्वक सपार्ने कसले?

**मानक नेपाली वर्णविन्यासका त्रुटिक्षेत्र**

मानकको सामान्य अर्थ सबैद्वारा मानिएको, निश्चित रूपको मान्य वा स्तरीय भन्ने हुन्छ। मानक नेपाली भाषा भन्नाले परम्परादेखि सबैले स्वीकार गरेको, कथ्य वा लेख्यरूपमा प्रयोग हुँदै आएको औपचारिक र स्तरीय भाषा हो । भाषा जब उच्चार्य तहभन्दा माथि उठेर लेख्य रूपमा देखापर्छ तब त्यसमा एकरूपताको आवश्यकता पर्दछ। भाषालाई विभिन्न साझा नियमअन्तर्गत व्याकरणले व्यवस्थित गरेको हुन्छ । नेपाली भाषाका क्षेत्रमा १९६५ सालमा राममणि आ.दी. बाट भाषाको मानकीकरणका लागि हलन्त बहिष्कार आन्दोलन सुरू भएको हो। त्यसपछि हेमराजको चन्द्रिका, सोमनाथ सिग्द्यालको मध्यचन्द्रिका (१९७६), हुँदै १९९१ को नेपाली कसरी शुध्द लेख्ने (नेकशु) सम्म आइपुग्दा नेपाली भाषा नियमित र व्यवस्थित हुँदै अघि बढेको देखिन्छ । त्यसपछिका झर्रो आन्दोलन (२०१३), शब्दकोश निर्माण, व्याकरण लेखन जस्ता सार्थक प्रयासले नेपाली भाषा वर्णविन्यासका दृष्टिले एकरूपता कायम गर्ने मार्गमा प्रयत्नशील रहेको पाइन्छ। २०६० को दशकदेखि विभिन्न बहानामा परम्परागत स्थापित र प्रचलित मानक नेपाली भाषामाथि एक प्रकारले षड्यन्त्र जस्तै भयो। आधुनिकता, सरलता, मुद्रणमा सरलता, प्रयोगशीलता आदिका नाममा मानक संरचना ध्वस्त र विकृत पारियो।

कथ्य भाषा स्वयंमा औपचारिक अनौपचारिक दुवै हुन सक्छ तर लिखित भाषा सधैं औपचारिक, स्वीकार्य, मानक र अर्थपूर्ण हुन्छ। चलनचल्तीमा आएका शब्दहरूलाई शब्दकोशमा व्यवस्थित रूपमा सङ्ग्रह गरिन्छ र ती शब्दसम्बन्धी यावत् जानकारी वा सूचना (स्रोत/वर्ण/अर्थ) दिइएको हुन्छ। त्यसलाई शब्द प्रविष्टि भनिन्छ। भाषाका कथ्य र लेख्य रूपमा भिन्नतालाई यसरी बझ्न सकिन्छ।

| कथ्यरूप | लेख्यरूप |
|---|---|
| १. ठाउँअनुसार अनेक भेद उपभेद वा भाषिका उपभाषिका र व्यक्ति बोली हुने। | १. एकरूपतामा स्थिर रहने। |
| २. स्थान र समयानुसार परिवर्तन हुने (धैरै भाषा लोप भइसकेका)। | २. जीवन्त रहिरहने, बोलचालमा नरहे पनि लेखन पठनमा उपयोग भइरहने (संस्कृत) |

यसरी भन्दा भाषालाई व्यवस्थित र जीवन्त राख्ने व्याकरण, शब्दकोश र साहित्यको अहम् भूमिका रहन्छ।

**वर्णविन्यासगत त्रुटि क्षेत्र**

क) संस्कृतबाट नेपालीमा आएर प्रयोग हुने शब्दलाई परम्परागत रूपकै वर्णविन्यासअनुरूप नै प्रयोग गर्ने ।

- ह्रस्व इकार-उकार, दीर्घ इकार-उकार
- श, ष, स प्रयोगलाई यथास्थानमा प्रयोग गर्ने (कोश/कोष/कोस )
- ब र व
- ब - बल, बालक, बन्धन, सम्बन्ध, शब्द, सम्बन्ध
- व - ईश्वर, यशस्वी, नश्वर, नेतृत्व
- य र ए
- ऋ - रि
- चन्द्रबिन्दु ( ँ ) शिरविन्दु ( ं )
- पञ्चमवर्ण प्रयोग (ङ, ञ, ण, न, म)
- पदयोग पदवियोग

  रामकुमार हो - राम कुमार हो ।

  हरिप्रसाद खाएर गयो - हरि प्रसाद खाएर गयो ।

  रामराज भण्डारी आयो - राम राजभण्डारी आयो ।

  इन्द्रबहादुर छ - इन्द्र बहादुर छ ।

ख) तत्सम बाहेकका तद्भव (संस्कृतबाट आउँदा फेरिएर आएका शब्द) र आगन्तुक (स्वदेशी तथा विदेशी) भाषाबाट नेपालीमा आएका शब्द) शब्दमा सकेसम्म एकरूपता कायम गर्ने प्रयास गर्ने । अहिलेको अवस्थामा संयुक्त व्यञ्जन वर्णलाई अलग गर्ने प्रचलनले मानक भाषामा विकृति र अन्योल छ जस्तै :

| प्रचलित रूप | बिग्रिएको रूप |
|---|---|
| द्वन्द्व | - द्वन्द्व |
| बुध्द | - बुद्ध |
| विद्या | - विद्या |
| विद्वान् | - विद्वान् |
| मातृ पितृ | - मात्री पित्री |
| हात्ती | - हात्ती |
| द्विविधा | - द्विविधा |
| द्वितीय | - द्वितीय |
| द्वय | - द्वय |

यस्तै श्रुतिसम भिन्नार्थक शब्दलाई जस्तै : दिन/दीन, तिर/तीर, चिर/चीर जस्तालाई अपवादकै रूपमा भए पनि यथावत प्रचलनमा राख्न सकिन्छ । सबैभन्दा बढी तत्समका संयुक्त वर्णलाई भत्काउने खेल भएको छ त्यस्तो हुनु हुँदैन । कारण भाषाको मौलिकपन मर्छ । अर्कोतिर आगन्तुक शब्दलाई जानी वा नजानी श ष स प्रयोगमा भिन्नता नबुझी शेक्सपियर, कम्युनिष्ट, रेष्टुरेण्ट, शहीद लेख्नु पनि भाषिक नियम र एकरूपतामा समस्या उत्पन्न हुन्छ। तसर्थ भाषक प्रयोगमा यसबारे ध्यान दिनैपर्छ।

**भाषा प्रयोगमा वर्तमान अवस्था**

वर्तमान अवस्थामा नेपाली भाषा प्रयोगमा व्यापक रूपमा बेथिति सुन्न, हेर्न-देख्न र पढ्न पाइन्छ । छोटोमा भन्नुपर्दा भाषिक भ्रष्टीकरण बढेको छ। आमसञ्चार क्षेत्रमा, समाचार वाचक/प्रस्तोता होस् वा सामाजिक-राजनीतिक सूचना हुन् वा अस्पतालका भित्तामा लेखेर झुन्डयाइएका बोर्डहरू हुन् । अझ भन्नुपर्दा शिक्षण संस्थाका प्रचारमुखी एउटै सूचना पाटीमा अशुध्द वा त्रुटिपूर्ण सामग्री प्रयोग गरिरहेको पढ्न सकिन्छ।

**शब्दको प्रयोगमा ध्यान नदिंदा पाइएका त्रुटिहरू**

अत्याधिक/अत्यधिक, विध्यार्थी/विद्यार्थी, अधक्ष/अध्यक्ष, दुरसञ्चार/दूरसञ्चार, स्नातकोत्तर/स्नातकोत्तर, व्याक्ति/व्यक्ति, प्रध्यापक/प्राध्यापक, विध्वान्/विद्वान्, द्वन्द/द्वन्द्व, उध्घेलित/उद्वेलित, पुर्निमा चोक/धुर्व/दोर्ण/ पूणिमा चोक/ ध्रुव/ द्रोर्ण, मर्माहित/मर्माहत, सौर्न्यता/सुन्दरता,

**वाक्य तहमा**

म अद्यापि पनि कार्यरत छु।

यहाँ शुध्द राँगाको मासु पाइन्छ।

वरिष्ठ यौनरोग विशेषज्ञ हुनुहुन्छ।

स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गरे।

उपचारका लागी/दुई वर्ष देखि पाँच वर्ष सम्म यदी कसैलाई उपचारमा/आँखा परिक्षण आँखा छुनुभन्दा अगाडी र आँखा छोएपछी आफू प्रयोग गरेको रूमाल अरूलाई नदिने /पाकेटमार देखि होसियार।

अस्पताल जवाफदेहि हुने छैन - म.आँ.अ. ।

नागरिकता प्रतिलिपी।

अनुसुचि अनुसार।

जिल्ला प्रशासन कार्यालय

**शैक्षिक परिवारको परिकल्पनामा आधातिर नेपालको एकमात्र सामाजिक स्वतन्त्र विद्यार्थी संगठन।**

प्राज्ञिक विद्यार्थी परिषद् चितवन

**निष्कर्ष**

भाषा मानवजगत्को अमूल्य प्राप्ति हो र मानवीय भावसंवेदनाको विनिमयको सर्वसुलभ माध्यम हो । प्रत्येक वक्ता भाषाको प्रयोक्ता र उपभोक्ता पनि हो । 'भाषामै बाँच्दछन् हाम्रा जीत वैभव संस्कृति' त्यसै भनिएको होइन । 'बुढा मरै भाषा सरै' भन्ने दिव्योपदेशको भनाइ समाजमा, संसारमा र सन्तान दरसन्तानमा सधैँ रहिरहने हुनाले आफ्नो भाषाप्रति उदासीन बन्नु भनेको आफूलाई नै बिर्सँदै जानु हो । आज असावधानीका कारणले, अज्ञानतका कारणले, अङ्ग्रेजी भाषाप्रतिको अत्यधिक मोहका कारणले, उदासीनताका कारणले, हेलचेक्रयाइँका कारणले वा अर्को कुनै भाषाको प्रभाव वा आकर्षणले अथवा कुनै प्रकारको स्वार्थ लाभका कारणले नेपाली भाषाप्रति भएको / गरिएको अन्यायको मूल्य भावी सन्ततिले चुकाउनुपर्ने निश्चित छ । आज पनि अफ्रिकी, दक्षिण अमेरिकी कतिपय राष्ट्रका बासिन्दाहरू लामो उपनिवेशबाट गुज्रिदै जाँदा आफ्नो भाषा नै हराइसकेको र परभाषालाई नै आफ्नो भाषा मान्नुपर्ने बाध्यात्मक सकसबाट कति विचलित र मर्माहत बनेका छन् भन्ने कुरा चिलीको राजधानी 'लिमा' बासीलाई सोधे पुग्छ । तसर्थ समयमै सचेत, सजग र चनाखो नबने हामी र हाम्रा दरसन्तानले पनि त्यस्तै पीडाको अनुभूति गर्नुपर्ने अवस्था आउन सक्छ । आफ्नो भाषालाई अवमून्यन नगरौँ । अङ्ग्रेजी पढौँ । जानौँ तर त्यसकै आडमा आफ्नो भाषा नेपालीलाई उपेक्षा र अनादर नगरौँ । प्रत्येक क्षेत्र, निकाय र स्थानबाट सकेसम्म शुध्द र मानक नेपाली भाषालाई लेख्य तहमा उपयोग गरौँ । यस कार्यक्रमका आयोजक महानगर प्रज्ञा प्रतिष्ठान, त्यसभित्रको प्रमुख निकाय 'प्राज्ञिक परिषद्' सहभागी र उपस्थित सम्पूर्णजनप्रति आभार तथा धन्यवाद !

**सन्दर्भस्रोत**


अधिकारी, हेमाङ्गराज (२०५३), नेपाली भाषा शिक्षण, केही परिप्रेक्ष्य तथा पध्दति, दोस्रो सं. विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, एकनारायण (२०७५), अनुसन्धानमा प्रयोग गरिने बिएमसी जर्नल भोलुम ४, पृ. ९१-९८, बालकुमारी कजेल (२०६२), नेपाली वर्णविन्यास र यसको मानकीकरण अवधारणा पत्र ।

रिजाल, दामोदर (२०८०), 'नेपाली भाषामा शब्द र पदको पहिचान', प्रज्ञाश्री, अङ्क ४, अनुसन्धान समिति, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस ।

लम्साल रामचन्द्र र अरू (२०६७), नेपाली भाषा शिक्षण, भुँडीपुराण प्रकाशन ।


लुइँटेल, खगेन्द्र (२०७३), नेपाली भाषामा बल्भाइएका समस्या र समाधानका उपाय - कार्यपत्र ।

सडौला, भवनाथ (२०६८), भाषिक प्रयोगका केही आयाम कार्यपत्र ।


*(प्रज्ञा प्रतिष्ठानद्वारा मिति २०८२/०२/०९ गते आयोजित सञ्चार माध्यममा प्रयोग गरिने भाषिक शुद्धताबारे प्रशिक्षणात्मक तालिममा प्रस्तुत कार्यपत्र)*

**गजल**

# खोज्न पर्दैन आज




✍ **लकाश पौडेल**

*अध्यक्ष, नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठान*


मलाई कतै खोज्न पर्दैन आज
यतै फर्कदै छौँ भरे मित्र माझ

झझल्को फलेको हुने रैछ चित्र
म आफै कतै छैन यो बुझ्न राज

जटाभित्र बासी गडीको स्वरूप
उसैमा जमेको रसास्वाद खास


म आएँ कसोरी दिलैभित्र लुक्न
बनायौ तिमीले किनै झट्ट साज

नबुझ्ने भएछौ स्वयं आत्म चित्र
सदा सम्झनामा मनैभित्र माझ

नभन्नु कतै भेद खुल्नेछ मेरो
म भित्रै छु 'कान्त' स्पृहा गर्न काज ।

चिन्तन

# चितवनमा पत्रसाहित्य लेखन : लघु चिन्तन



✍प्रा.डा. नारायणप्रसाद खनाल
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**१. पृष्ठभूमि**

पत्र भन्नाले पात, पाता, पाती, पातो, पत्ती, पत्रा, पत्री, पत्रु, पत्रवाल, पत्रेदारजस्ता नेपाली शब्दको पूर्वरूपलाई बुझाउँछ तर यी तद्भव शब्दका अर्थ परिस्थितिवश भिन्नभिन्न हुन्छन् । पत्र पात हो, जसमा चराले लेख्छ भन्ने लोकभनाइ छ । त्यसैका आधारमा लेख्य सामग्रीका रूपमा पत्र शब्द आएको हो, जस्तै : शिलापत्र, ताम्रपत्र, भूर्जपत्र, स्वर्णपत्र, कनकपत्र, ताडपत्र, कर्गजपत्र, काष्ठिका-पत्र लेखनका युगसापेक्ष सामग्री बन्न सके तर पत्र शब्दको अर्को एक अर्थ 'चिठी' मा गएर केन्द्रित भएको देखिन्छ । 'चिठी' टाढा बस्ने गरेको मान्छेलाई विभिन्न माध्यमबाट पठाइने लेखोट हो, जसमा हालखबर, सन्चो-बिसन्चो आदि जानकारी दिनेलिने गरिन्छ । यसैगरी दरखास्त, निवेदन, परिपत्र, सूचना आदि पनि हुन सक्छ । यही चिठी अर्थ दिने कलात्मक पत्रलाई नै वस्तुतः पत्रसाहित्यको नाम दिइएको छ, जो साहित्यिक ढङ्ग र ढाँचामा लेखिएको हुनुपर्छ । पत्र एक सन्देशवाहक साधन हो । यस्तो पत्र कुनै समय गाई, परेवा, कोइली, काग, कुकुरजस्ता पन्छी-जनावरले टुङ्गोसम्म पुऱ्याउँथे भन्ने चलन छ । लेख्य लिपिचिह्नको आविष्कार हुनुअघि त्यस्तो कुनै सन्देशबाहक वस्तु पठाएर दिइन्थ्यो । त्यसको अवशेषका रूपमा ख. कृष्णप्रसाद कोइरालाले नेपाली जनताको गरिबी प्रदर्शन गराउन महाराज चन्द्रशमशेरलाई एक पुलिन्दा उपहार पठाएका थिए, जसमा कुनै किसानका काती-कलैंटी परेका एकजोर लगौंटी राखिएका थिए । यही उपहार उनलाई देशनिकाला हुनुपर्ने कारण बनेको थियो । पत्रलेखन भन्दाबित्तिकै यसमा पञ्चपक्षीय अवस्था देखापर्छ । (१) प्रेषक - सन्देश पठाउने, (२) माध्यम - सन्देश पुऱ्याउने, (३) प्रापक - सन्देश पाउने र चौथो पत्रलेखक पनि आवश्यक पर्छ, पाँचौं साधन पनि नभई नहुने कुरा हो । कतिपय पौराणिक कहानी, धार्मिक मिथक, लोककथा, किंवदन्ती, काव्यनाटक आदिमा चिठीपत्र आदानप्रदान भएका कुरा देखिन्छन् ।

पत्र-लेखन प्राचीन-मध्यकालीन समयसम्म एक महत्त्वपूर्ण कला थियो, जसमा लिपिबद्ध गर्नुअघि केही खेस्रा तयार गरिन्थ्यो र सम्बद्ध राजा-महाराजा वा आधिकारिक सरोकारवाला व्यक्तिलाई सुनाइन्थ्यो । त्यसरी राजा, मन्त्री वा आधिकारिक व्यक्ति बेहोराबाट सन्तुष्ट भएपछि त्यसको अन्तिम लेखन गरिन्थ्यो । पत्रमा कुन तहको व्यक्तिलाई के कति 'श्री' निर्धारण गर्ने र के कस्तो प्रशस्तिबाट प्रारम्भ गर्ने भन्ने विधि-विधान वा शास्त्रीय पद्धति हुन्थ्यो । आचार्य वररुचिले पत्र-कौमुदी नामक ग्रन्थ नै तयार गरेका थिए भने कौटिल्यले लेखन-लिपिकरणबारे विशद व्याख्या गरेका छन् । अड्डा-अदालतमा लेखिने सबैप्रकारका पत्रहरूमा कागजको आयतन, कति मार्जिन सिरानमा, कति दाहिनेतिर छोड्ने, कति देब्रेपट्टि र कति तल छोड्नेजस्ता कुरा पनि विधानसम्मत थिए र छन् । सबैप्रकारका सरकारी पत्र, कागज-पत्र, अभिलेख, इस्तिहार, ऐन-कानुनलेखनकै प्रकार हुन् तर सन्देश सम्प्रेषण गर्न दूरदूरसम्म पुग्नुपर्ने जुन कुरा छ, त्यसमा कुशल दूत पठाउने प्रचलन थियो र यसैले पत्र प्रदान गर्थ्यो र आवश्यक परे पत्रवाचनसमेत गरेर आवश्यक भए उत्तर पनि लिएर फर्कन्थ्यो । यस्ता दूत मानव हुन्थे किन्तु भावुक कविहरूले मेघदूत, पिकदूत, पवनदूत, हंसदूत, कपिदूत, चन्द्रदूत, उद्धवदूत, मुक्तिदूत, सिद्धदूत, मनोदूत, भक्तिदूतजस्ता पत्रकाव्य रचना गरेका छन्, जसमा आफ्ना प्रियतम वा प्रियतमासमक्ष तत्तत् हिँड्न-उड्न सक्ने प्राणीलाई सन्देशवाहक बनाइएको छ । वास्तवमा यी प्रायः पद्यात्मक छन् तर पत्र साहित्यका प्रेरक पूर्वरूप हुन् । सभ्यताको विकास हुँदै जाँदा कागज-कलम-मसीको पर्याप्त उपलब्धि, शिक्षाभ्यासादिको विकासका साथसाथै सञ्चार माध्यममा हुलाकको विकास भएपछि पत्र-प्रेषण व्यापक हुन थाल्यो र लेखनमा पनि स्तरीयता आउन थाल्यो । मनको भाव पत्रका माध्यमबाट व्यक्त गरेर प्रेषण गर्ने प्रचलन बढ्यो । यता साहित्यिक विकास पनि हुन थालेपछि लेखकहरूले सन्देश-उपदेश वा आत्मकला प्रदर्शन गर्ने माध्यम पत्रलेखन हुन थाल्यो । सञ्चारमा वैज्ञानिकीकरण नहुँदासम्म पत्रलेखन

नै सन्देश आदान-प्रदानको भरपर्दो माध्यम रह्यो । यस्ता व्यक्तिगत पत्रहरूले तत्कालीन समाज, व्यवहार, संस्कृति, राजनीति, अर्थ, भाषा आदिको प्रतिविम्बन गर्दथे । पत्रलेखनमा पूर्णतया रचनात्मक क्षमता छ भने ती पत्र पढिर हूँ लाग्छन् किनकि तिनले साहित्यिक स्वरूप पाइसकेका हुन्छन् । यिनै चिठीपत्रको विकसित एवम् साहित्यिक रूप नै 'पत्र साहित्य' हो ।

सिद्धान्ततः पत्रसाहित्यलाई हेर्दा 'पत्र' र 'साहित्य'को योगलाई बुझ्नुपर्छ । पत्र भनेको चिठी, चिठीभित्रको बेहोरा, अर्थ अनि भाव र सौन्दर्य हो भने साहित्य भनेको विधात्मक संरचना हो अर्थात् कविता, आख्यान, नाटक र निबन्ध साहित्य हो तर पत्रसाहित्य पत्रजस्तै साहित्य वा पत्रात्मक साहित्य हो । यो कलात्मक हुनुपर्दछ । पत्रसाहित्यतिर पश्चिमा साहित्यमा एपिस्सल (Epistle) शब्दले सङ्केत गर्छ । यसको अर्थ हो - पत्रात्मक शैलीमा लेखिने साहित्य । क्राइस्टका चेलाहरूको इपिस्सलबाट नै त्यहाँ पत्रसाहित्य लेखन सुरु भएको मान्न सकिन्छ । यसपछि होसेस, ओमिडले यो कर्म आरम्भ गरेको जानकारी पाइन्छ । फ्रान्सेलीहरूले पनि प्रेमपत्रबाट यस्तो साहित्यलेखन आरम्भ भएको मान्छन् । पूर्वमा रामायण, महाभारत वा अन्य पुराणमा पत्रलेखन-चित्रलेखनका सन्देश पाइन्छन् भने दूतकाव्य लेखनबाट यसलाई स्तरीकरणको प्रयास गरेको पाइन्छ ।

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले छोरी प्रियदर्शनी इन्दिरालाई लेखेको अङ्ग्रेजी-पत्रको नेपाली अनुवाद इन्द्र सुन्दासले गरेका छन् - पिताको पत्र छोरीलाई (सन् १९५०) । यसैगरी नेपालीमा कृष्णप्रसाद सर्वहाराले पत्रकथा प्रेमको हत्या (२०१९), विद्रोही आँसु (२०२०), हृदयचन्द्रसिंह प्रधानले भूस्वर्ग (२००३), श्यामप्रसाद शर्माले बहिनीलाई चिठी भाग-१ र २ (२००८) र आएका केही चिठी (२०५४), लैनसिंह वाङ्देलले युरोपको चिठी (२०१४), उद्दीपसिंह थापाले बहिनीलाई दक्षिणा (१९९१), वासुदेव सत्याललले चिठीचपेटा (२०२२), केदार शर्माले पत्रैपत्र (२०२४), डिल्लीराम तिमसिनाले बनारसको चिठी (२०२४), हरिप्रसाद खदालले प्रेममा धोका अर्थात् प्रेमपत्र (२०३१), गोविन्दराज भट्टराईले उपन्यासात्मक पत्र, मणिपुरको चिठी (२०३४), पुष्कलप्रसाद रेग्मीले धार्मिक वनस्पतिमूलक पत्रम् पुष्पम् (२०३९), मुकुन्द न्यौपानेले छोरीलाई चिठी (कवितासङ्ग्रह, २०४७), नन्दनहरि उपाध्याय 'ओखलढुङ्गे'ले सम्पादकलाई चिठी (२०५४) र साहित्यिक पत्र सञ्चयन (२०६३), वनमाली निराकारले बहिनीको पत्र दाजुको नाम र वि.के. पाल्पालीले हाइकुमा चार्लीको चिठी (२०६०), रजनी ढकाल र सुस्मिता नेपालले निबन्धात्मक पत्र पत्रैपत्र (२०६७), गङ्गा लिगलले पत्र सङ्कलन पत्रमञ्जूषा (२०७०), देवीप्रसाद वनवासीले हातको शोभा पातको बेरी (१७ वटा पत्र, २०७३), गद्य-पद्यात्मक 'छोरीको चिठी' र 'दिदीलाई चिठी'समाविष्ट सरिता अधिकारीको सगरमाथा उचाल्ने हात (२०५७) र प्रकाश प्रधानाङ्गको आस्थालाई चिठी पनि उल्लेख छ, यस सन्दर्भमा डा. मतिप्रसाद ढकालको सम्पादकलाई लेखेको चिठीका सङ्कलन, टिप्पणीमूलक निबन्धसङ्ग्रह म किन चिठी लेख्छु ? -२०७३), प्रा. जयराज पन्तले फेसबुकमा पोस्ट गरेका पत्रात्मक लेखसङ्ग्रह प्रा. जयराज पन्तका वैचारिक विरासत (२०७४) र लोकनाथ पोखेलको ऐतिहासिक उपन्यास चिठी (२०७५) जस्ता अनेक कृतिहरू प्रकाशित छन् ।

पत्रलेखन गद्यमा हुन्छ र यो गद्य निराख्यानात्मक हुन्छ, तर भानुभक्त, मोतीरामजस्ता कविहरूले पद्यमा पनि पत्र लेखेको पाइन्छ ।

स्वस्ति श्री पखरा अदालत महाँ डिठ्ठा-विचारीहरू
पाऊमा परि बिन्ति गर्छु, अहिले वेरामि छू क्या गरू ।
मेरो म्याद रहोस् सकीन अहिले आऊन यो म्यादमा
गर्न्या छू बकपत्र येहि मितिले एक् मासका भित्रमा ॥

तर उनले आफ्ना छोरा रमाकान्तलाई लेखेको पत्र भने गद्यात्मक नै छ ।

**२. पत्र-साहित्य-लेखनका आधारभूत तत्त्व**

व्यक्तिगत पत्र-लेखन होस् कि सार्वजनिक अथवा अनौपचारिक-औपचारिक जे होस् तर, जब फरक लेखकका सृजनामा साहित्यिक सौन्दर्य तत्त्वको आधान हुन्छ, तबमात्र पत्र पत्र-साहित्यका कोटिमा आरोहण गर्छ । यस्तो साहित्य रच्न साधारणबाट उठेर विशेष रूपमा पुग्नु जरुरी छ । भन्नुको तात्पर्य पत्रमा उद्भाषित कलात्मक भाव, विचार, उद्देश्य, घटना-परिघटना, द्वन्द्व, देश-काल-परिस्थिति, परिणाम वा सन्देशमध्ये सबै, आधा वा केही त हुनैपर्छ, जसबाट पत्र साहित्यिक बन्न सकोस् ।

साधारणतय चिठी-पत्रमा झैं सम्बन्ध, शिष्टाचार, तिथिमिति, स्थान-समय, प्रसङ्ग आदि सङ्क्षेपमै सही यथास्थान निर्देशन आवश्यक हुन्छ । मूलतः प्रेषक-प्रापकबीचको सामीप्य-सम्बन्ध र विषय साङ्केतिक रूपमा आउन सके राम्रो हुन्छ । यद्यपि पत्र-लेखन व्यक्तिगत हुन्छ तर जब कुनै साहित्यकारले पत्र लेख्छ त्यहाँ वैचारिक

उच्चता, भावको स्पष्टता, वर्णनको माधुर्य, प्रस्तुतीकरणको सम्प्रेष्यता, विषयको रोचकता आदिको कारण पाठक लठ्ठिन्छन् र रङ्गमगाउँछन् । वास्तवमा यही त साहित्य हो, पत्रात्मक अभिव्यक्तिको र सुधासरोवरमा पस्नु हो । त्यसतर्फ साहित्यिक पत्र वा चिठी लेख्नेले बुझ्नु जरुरी हुन्छ । चिठी वा पत्रमा कोरा बयानको सट्टा सरस वर्णन आवश्यक हुन्छ । साहित्यिक पत्र अलङ्कारात्मक, व्यङ्ग्यमूलक र हास्यरसात्मक, वक्रोक्तिमूलक बनाई भावसौन्दर्य भर्नु आवश्यक हुन्छ, तबमात्र पत्रले साहित्यिक स्वरूप ग्रहण गर्छ । यसका निम्ति कतै कथा-उपन्यासजस्तो, कतै निबन्ध-समालोचनाजस्तो वा कतै नाट्यका सन्धि-सन्ध्यङ्ग प्रकट भएजस्तो बन्न सक्यो भने पत्रसाहित्यको उदात्तता झनै अग्लिने छ । पत्रसाहित्यकार निरुद्देश्यक हुनुहुँदैन । उसले जे देखाउन खोजेको छ, त्यो उद्देश्यानुरूप एक कलात्मक निष्कर्षमा पुग्नुपर्छ र त्यसको सन्देश सम्प्रेषित हुनुपर्छ । खासगरी जुन विधामा भए पनि शिष्ट, सभ्य, सरल भएर पनि गहन र गम्भीर भाषामा रचित सुमधुर शैलीयुक्त मौलिक रचनात्मक क्षमता प्रदर्शक यो साहित्य निबन्धाकार नै हुनुपर्दछ र शीर्षक, पृष्ठभूमि, प्राक्कल्पनात्मक वेग, उपसंहार वा निष्कर्षजस्ता आन्तरिक संरचना र तिथिमिति इत्यादि बाह्य संरचनामा पत्रसाहित्यको स्वरूप सृजना गर्न सकिन्छ । भनिसकियो स्रष्टाले गद्य वा पद्यमध्ये कुनै एक वा दुवैलाई आफ्ना पत्रात्मक अभिव्यक्तिका रूपमा ग्रहण गर्न सक्दछ । तर व्यवहारमा उपन्यास, महाकाव्य, खण्डकाव्य पनि पत्रात्मक संरचनामा सृजना मार्गमा उभ्याइएका छन्, तिनको स्रम्प्रेषणात्मक शक्तिसौन्दर्य र प्रविधात्मक सामर्थ्य के कति छ, त्यो नै महत्त्वपूर्ण हेराइको विषय हुन सक्छ ।

**३. चितवनमा पत्र-लेखन र पत्र-साहित्य लेखनको आरम्भ**

चितवन नारायणी-त्रिशूली र राप्ती नदीको काखमा अवस्थित भूभाग हो, जसलाई पहाडी वृत्तले राम्ररी जकडेर राखेको छ । जतिसुकै मानव बसोवास हुँदै गए पनि यो भूमि गैँडा, हात्ती, बाघ, बनेल, मृग तथा पन्छीहरू एवम् जलचर हरूको क्रीडा-निवास हो । मानवीय आक्रमण हुन थालेपछि यहाँको समतल भूमिमा बस्ती बसे । यिनले पशु-पन्छीसित उतिबेलादेखि कुस्ती खेल्दै आएका थिए । अहिले पनि त्यो अवस्था ज्युँदो-जाग्दो छ तर अत्यधिक मानव बसोवासले यो प्राकृतिक वन-वनस्पति र जन्तु-जनावरको अभिवृद्धिका साथै जतिसुकै व्यवस्थापकीय राजस्व खर्चिए पनि यिनीहरू साँघुरिएका छन् र मानवसँग परापूर्वदेखि गर्दै आएको अन्याय-अत्याचारको बदला लिइरहेका छन् - बफरजोन पनि नाघ्छन्, बस्ती-बस्तीमा पनि पस्छन् तर सभ्य हुँ भन्ने मानवले चितवनमा बस्दा यहाँको सरहदमा हुलाक र हुलाकी मार्ग सञ्चालन हुँदा के कस्ता र के कति पत्र लेखे, के तिनको अवशेष छ कतै प्रमाणका रूपमा भेटिन्छ ? यहाँ किल्ला-गढी आदि छन्, के त्यहाँ शिलापत्र सुरक्षित छन् ? प्राचीन अभिलेख सुव्यवस्थित र सुरक्षित छन् ? होलान् कतै कतै सरकारी विर्ता-वितरणका लालमोहर तर ती दुर्लभ छन् । राप्ती उपत्यका विकास परियोजना प्रारम्भ र जङ्गल फँडानी गरेर महेन्द्रले यहाँको मलिलो भूमिमा पुनर्बसोवास गराई आयस्रोत/राजस्व बढाउने योजनामुताबिक यहाँ जनघनत्व व्यापक रूपमा बढ्यो, जसमध्ये पत्र-लेखक र सृजनात्मक क्षमता भएका मान्छे यहाँ आए । राप्ती उपत्यका : एक परिचय -२०१४) जनकलाल शर्मा र कृष्णबम मल्लले राप्ती उपत्यकाको प्रोफाइल तयार गर्ने क्रममा लेखे तर त्यो साहित्य हुन सकेन । बरु पुनर्वासका लागि ठुलाठुला उम्मेद लिएर चितवन झरेका कवि पं. कलानाथ अधिकारीले आदिवासी थारु समाजको धर्मग्रन्थ-पौराणिक ग्रन्थका रूपमा जितिया पावनीको थारु भाषामा लेखन-सम्पादन गरेर प्रकाशन पनि गरे, जेसुकै भने पनि यही लोकसाहित्यिक भन्न मिल्ने ग्रन्थ प्रकाशन गरेर एक विशिष्ट उपलब्धि प्राप्त हुन सक्यो । यसबाट सकल पठित-लिखित बौद्धिक जमात लाभान्वित भए र चितवनमा लेखनको स्वर्ण वर्ष - २०१६-२०७१ मनाउने सुयोग मिल्यो । तर पत्रलेखन त यहाँबाट धेरैले लेखेर पठाए, यहाँका मान्छेलाई धेरैले लेखेर पठाए । तिनको जानकारी फाट्टफुट्टबाहेक विशेष रूपमा आउन सकेन । सरकारी राजपत्र, स्याहास्रेस्ता पनि इतिहासविद्हरूका अभियानको विषयमात्र रहे तर साहित्यिक भन्न मिल्ने पत्र खोई ? यद्यपि यहाँका पत्रपत्रिका प्रकाशनको इतिहास लम्बेतान छ, जो अद्यापि विविध वैचारिक धारमा बाधिएका सङ्गठन प्रस्तुत हुन सकेका छैनन् । तिनका पृष्ठभागमा 'सम्पादकलाई पत्र' स्तम्भ रह्यो कि रहेन, यो अनुसन्धेय विषय हो तर यो लेख म चितवनमा २०२७ सालमा पाइला टेकेपछि बयालिसको अर्धदशकदेखि नियमित बस्दै गर्दा त्रि.वि., कृषि र पशुविज्ञान अध्ययन संस्थान, रामपुर क्याम्पसमा दुई-तीन पटक विद्यार्थीहरूका साहित्यिक सङ्गठनले ' प्रेमपत्र लेखन प्रतियोगिता' गराएको थाहा छ । वास्तवमा पत्र-साहित्यको जन्म यस्तै कलात्मक पत्रहरूका बीजमा नै हुने गर्दछ तर यो बर्खे भेलजस्तै आयो-गायो र यी पत्र न कतै प्रकाशित भए, न साहित्य-समालोचना वा अध्येताबीच पुग्न सके । पत्र-पत्रिकाका अङ्कहरू निस्कँदा पत्र-रचना

कि निस्कँदै निस्केनन्, निस्के पनि ती अपवाद बने नत्र आजम्म कसैले हिम्मत गरेर त्यस्ता पत्र अन्वेषण-सङ्कलन गर्न सक्नुपर्थ्यो तर भएन । तेह्र पत्रहरूमध्ये आनन्ददेव भट्ट, वीरेन्द्र इन्टर कलेजको प्रिन्सिपल हुँदा श्यामप्रसाद शर्मालाई लेखेका दुई पत्र प्रकाशित भएका छन् - आएका केही पत्रहरूमा । यस्तै हरिहर खनाललाई लेखिएका पत्रहरूको सङ्कलन रामबाबु सुवेदीका सम्पादनमा चिठीपत्रमा हरिहर खनाल (२०७४) ग्रन्थ आएको छ, जसमा साहित्यिक, पारिवारिक र अनौपचारिक गरी दुई सयभन्दा बढी पत्र सङ्कलित छन् तर स्वतन्त्र रूपमा प्रकाशित फुटकर पत्र मदनमोहन जोशीको श्याम दाइलाई सम्बोधन गरिएको मेरो एउटा प्रेम-पत्र (२०२३) नै हो ।

**४. चितवनबाट प्रकाशित 'पल्लव' पत्रिका र पत्र-साहित्यका नमुना**

पल्लव पत्रिका (पूर्णाङ्क ४, २०६०) ले "चितवनमा पत्रसाहित्य विशेषाङ्क" प्रकाशन गरेर नौलो काम गरेको छ । लाग्छ, यही नै चितवनको पहिलो पत्रिका हो, जसले "पत्रसाहित्य विशेषाङ्क" प्रकाशन गरेको छ । यसमा श्यामप्रसाद शर्मा, भानुभक्त आचार्य, ब्रह्म शमशेर, मृगेन्द्र शमशेर, धर्मराज थापा, पारिजात, कमलमणि दीक्षित, ताम्रपत्र, स्याहा मोहोर, लालमोहोरका केही प्रतिलिपि पत्रहरू र शम्भुप्रसाद ढुङ्गेल, रमेश विकल, आनन्ददेव भट्ट, अशेष मल्ल, रमेश गोर्खाली, विजय चालिसे, शिव रेग्मी, गोविन्दराज विनोदी, तुलसीहरि कोइराला, के.एल. शर्मा, तीर्थराज कोइराला, सरस्वती रिजाल, केदारनाथ खनाल, प्रेमविनोद 'नन्दन', कपिल अज्ञात, सुरेन्द्र अस्तफल, भीमलाल लामिछाने, गणेशप्रसाद शर्मा, सिर्जन अविरल, ऋषिप्रसाद लामिछाने, कमल भण्डारी र मीना लामिछाने गरी झण्डै ७० भन्दा बढी पत्र, साहित्यिक पत्र प्रकाशित भएका छन् । यसैगरी घटराज भट्टराई, लक्ष्मणप्रसाद गौतम, कलानिधि दाहाल, नारायणप्रसाद खनाल र रमेश प्रभातका पत्रसाहित्य विषयक समीक्षा छापिएका छन् । यहाँ पत्रात्मक शैलीका निबन्ध, समालोचना, कथा, कवितासमेत प्रस्तुत भएका छन् । यसरी पत्रिकाले १९२ पृष्ठको आकार पाएको छ र चितवनमा पत्रसाहित्यको पहिलो पत्रिका बन्ने सौभाग्य पाएको छ ।

पल्लव (२०६१, वर्ष ८) ले 'पत्र-साहित्य एवम् प्रतिक्रिया' अङ्कमा निराजन पन्त, शराह, चेतकान्त र भुवनहरि सिग्देलका पद्यात्मक र चितवनका छब्बिस जति स्रष्टालाई बाहिरका स्रष्टाले तथा केही त चितवनकै स्रष्टाले चितवनकै स्रष्टालाई पत्र लेखेका छन् । २१ पत्र त स्क्यानिङ नै गरेर पाण्डुलिपिमैं राखिएका छन् भने एक सं. १८६० सालको समेत ६० वटा पत्रले प्रकाशनको घाम देखेका छन्, यीमध्ये केही पत्र चिठीपत्रमा हरिहर खनाल ग्रन्थमा प्रकाशित देखिन्छन् । यो "पल्लव पत्रसाहित्य अङ्क" निकाल्ने उद्देश्य भविष्यमा ती स्रष्टाहरूको उपस्थिति जनाउन सक्छ भन्ने हो । तर पल्लवले यसपछि पनि पत्रहरू प्रकाशन गर्दै रह्यो । १४औँ अङ्कसम्म पुग्दा पनि २८ वटा पत्र प्रकाशन गरेको पाइन्छ । १७औँ अङ्कमा 'तिमी मेरो हृदयमा पल्लवित भइरहने छौ' शीर्षकमा एक लामो पत्र पल्लवका नाममा पुष्प अधिकारी 'अञ्जली'ले लेखेका छन् (पृ. ११७-११८) भने अरू तीनवटा पत्र पनि समाविष्ट छन् । यी नमुना मात्र हुन् । पल्लवका अङ्क ८ पछि आजसम्मका अन्यान्य अङ्कमा पत्रहरू समाविष्ट छन्, अतः पत्रसाहित्यको नमुना छनोट गर्न यस पत्रिकाले गहकिलो कार्य सम्पादन गर्दै आइरहेको छ ।

यस्तै 'पत्र सञ्चयन'को सङ्कलक वनमाली निराकारले 'एउटा पत्र पाठकका नाममा' शीर्षक दिएर उल्लेखनीय अभिमत पत्रात्मक शैलीमा गरेका छन् भने यस कृतिमाथि भूमिका लेख्ने लक्ष्मणप्रसाद गौतमले ' यो भूमिका हैन है वनमाली सर !' शीर्षकमा पत्रात्मक ढाँचामा गतिलो भूमिका लेखेका छन् । चितवनका सबै पत्रपत्रिकाको प्रतिनिधि बनेको पत्रसाहित्य बारेको पल्लव यस प्रसङ्गमा पहिलो पत्रिका ठहर्छ । व्यक्तिगत पत्रहरू पत्रपत्रिकामा गायत्री श्रेष्ठ र सरस्वती रिजालले लेखेको देखिन्छ भने पल्लवकै अङ्क ८ मा 'एल.बी. क्षेत्रीको पत्र सिर्जनालाई' शीर्षकमा प्रकाशित भएको देखिन्छ । त्यसो त सिर्जन अविरल, खेमराज सेढाईं, विष्णु पुरी 'सन्न्यासी', पुष्प अधिकारी 'अञ्जली', ऋषिप्रसाद लामिछाने, केदारनाथ खनाल, दीपेन्द्रकुमार जोशी 'निक', विमलप्रकाश देवकोटा, सङ्गीत आयाम, सीताराम कोइराला, अनिल पौडेलजस्ता चितवनकै पत्रलेखकका फुटकर पत्र पनि समाविष्ट छन् । यो एक भरिलो पत्रसाहित्य बन्नसक्ने परियोजना नै हो ।

**५. चितवनका पत्रसाहित्यकार र पुस्तकाकार कृति**

चितवनमा विभिन्न पत्रपत्रिका र पुस्तकहरू विभिन्नताका धरातलमा खुलेका छापाखानाहरूमा छापिन थालेपछि यहाँ साहित्यिक प्रकाशन हुन थालेका हुन् । पत्रपत्रिकामा मुस्किलले प्रकाशकलाई पत्र वा चिठी छापिन्थे । फाट्टफुट्ट चिठी प्रकाशित हुने गरे तापनि कृतिगत रूपमा चिठी प्रकाशन गर्नेहरूको छोटो विवरण यहाँ प्रस्तुत गरिएको छ :

**५.१ मदनमोहन जोशी** (१९९३-२०६५)

बन्दीपुर (तनहुँ) मा गणेशमान जोशी र पुतलीमाया जोशीका सन्ततिका रूपमा जन्मेर गोरखपुरमा पढी चितवनमा बसी पुस्तक व्यवसाय गर्ने जोशीले अनेक मार्क्सवादी पुस्तकको अनुवाद गरेका छन् भने केही मौलिक सृजना पनि गरेका छन् । प्रस्तुत सन्दर्भमा उनले २०२४ साल वैशाख ९ गते 'प्रेमपत्र' शीर्षकमा लेखसङ्ग्रह तयार गरेको सूचना देखिन्छ । चितवनको माटोमा लेखिएको यही पत्र नै पत्रसाहित्यको प्रारम्भ मान्न सकिन्छ । यहीँ नै 'मेरो एउटा प्रेम-पत्र' शीर्षकमा पुनः प्रकाशन पल्लवको पत्रसाहित्य एवम् प्रतिक्रिया मानिएको आठौँ अङ्क पृ. ७९-८७ मा भएको छ ।

चितवनकै स्रष्टाले श्याम दाइ उर्फ श्यामप्रसाद शर्मालाई सम्बोधन गरेर लेखिएको यस पत्रमा दाइलाई गर्ने गरेको प्रेमबाट सुरु भई मातृप्रेम, पतिपत्नीको प्रेम, नेपाल आमाको प्रेम, मानव प्रेम, वास्तविक प्रेम, फ्रायडले उल्लेख गरेका वासनात्मक प्रेम, शिवको मृत सतीदेवीप्रतिको प्रेम, सुख-शान्ति र दुःख-सास्तीको कारक प्रेम, भयबाट उत्पन्न प्रेम, स्वार्थी प्रेम र निःस्वार्थ प्रेम, देशबाट गरिबी हटाउन गरिने वर्गप्रेम, क्षणिक र दीर्घ प्रेम, साम्प्रदायिक प्रेम, अन्धविश्वासमा लागेर गर्नुपर्ने पारस्परिक प्रेम र अन्ततः वर्गप्रेम गर्न सिकेर देशबाट शासक-सामन्त संस्कारलाई निमिट्यान्न पारी गरिबी हटाएर सुखी र शान्तपूर्ण जीवन बिताऔँ भन्ने निष्कर्षमा टुङ्गिएको छ । पत्रात्मक शैलीले लेखन पत्रसाहित्यमय बनेको छ ।

### ५.२ **कपिल अज्ञात** (२०१३)

स्याङ्जाको पौवेगौडै, ढाडेटारीमा लीलाधर र चन्द्रकलाका पुत्ररत्नका रूपमा जन्मेर एम.ए. पढी प्राध्यापन-लेखनमा रमाउने अज्ञातका झण्डै चौबिस पुस्तक प्रकाशित छन् । सृजना र समीक्षालाई सँगै दौडाउने र ज्योतिष विधाका समेत अध्येता अज्ञातको एक कृति पत्रसाहित्यपरक प्रकाशित भएको छ - पत्र-सन्देश (२०६४) । यो कृति साहित्यकार पुष्पलता आचार्यलाई विभिन्न मितिमा लेखिएका र प्रेषित उन्नाइसवटा प्रेमपत्रहरूको सङ्कलन हो र यसको सम्पादन माधव निर्दोषले गरेका छन् । 'शुभकामना' र 'भूमिका'समेत पत्रात्मक शैलीमा आएका पत्रहरूमा पद्य पनि समाविष्ट भएकाले 'चम्पू शैलीका चिठी' भन्ने टिप्पणीसमेत देखिएको छ । कपिलजीको धाराप्रवाह शैलीयुक्त यी चिठीभित्र चिठीका साहित्यिक गुण विद्यमान छन् । यसबाट लाग्छ, कपिलजीले धेरै अघिदेखि पत्र-प्रेमपत्र लेख्ने गरेको या यसकै माध्यमबाट गद्यको धुनमा वाग्गति खारेको अनुभूतिसमेत हुन्छ । पुष्पलता फाउण्डेसनको सञ्चालक 'आनन्ददीप यु.के.' प्रकाशक रहेको यस पुस्तकमा चिठीले एक पृष्ठदेखि दस पृष्ठसम्म विस्तार पाएका छन् भने अधिकांश पत्र तीन-चार पेजका छन् । यथार्थ कुरा के छ भने यी सबै पत्र होइनन्, शैली पत्रात्मक छ किनकि कतिपय पत्र त निबन्ध नै बनेका छन्, यद्यपि पत्रसाहित्य निबन्धात्मक नै हुन्छ । कारण न माथि मिति, सम्बन्ध, शिष्टाचार छ न तल समापन छ । केही चिठीमा एकथोक छैन, केहीमा सबै थोक छ । भन्नुको मतलब साहित्यिक पनमा कमी नरहे पनि संरचनापक्ष अलिकति कमजोर बनेको छ । किन्तु प्रत्येक पत्रलाई सुन्दर शीर्षक दिइएको हुनाले पनि पत्रसाहित्यका क्षेत्रमा यस पत्र-सन्देश को गहन भूमिका रहेको कुरालाई नकार्न सकिँदैन ।

यसैगरी समीक्षा-सन्धान (२०६४) उक्त फाउण्डेसनबाट प्रकाशित कपिलजीको समीक्षात्मक कृति हो । यसका पृ. १११-११७ मा 'पत्रसमीक्षा' उपशीर्षकअन्तर्गत दुईवटा पत्रात्मक समीक्षा प्रस्तुत भएका छन् - "सच्चा साहित्यकार" र "अभिनन्दनको सन्दर्भ" । रजस्थल-१२, स्याङ्जामा प्रकाशित भएको "सच्चा साहित्यकार" देवीप्रसाद वनवासीको साहित्य साधनालाई पूर्णतया पात्रात्मक ढाँचामा उनको देनलाई प्रकाशित गर्ने र उनलाई आफ्नो साहित्य साधनामा निस्पृह भएर लाग्ने सच्चा साधकका रूपमा स्थापित गरिएको छ । अर्को "अभिनन्दनको सन्दर्भ" लेख अनेक तर्क दिएर यथार्थ (पाक्षिक)लाई 'हरिहर खनाल अभिनन्दन अङ्क'बनाएर गरेको अभिनन्दन, सम्मान नभएर अपमान हो भन्ने जिकिरका साथ प्रस्तुत भएको र सम्पादक चूडामणि रेग्मीलाई लेखनाथ सदन, झापा पठाएको पत्र हो । यी दुवै पत्रमा पहिलो गुण प्रदर्शनात्मकता र दोस्रोमा दोष प्रदर्शनात्मकता जोडदार रूपमा व्यक्त भएको देखिन्छ ।

### ५.३ **हरिहर सविता** (२००९-२०७४)

लमजुङको अर्लैंचे खाल्टा गाउँमा हेमनाथ र सरस्वती रेग्मीका पुत्ररत्न भएर जन्मेका हरिहर पहिले विद्यालय शिक्षण र पछि त्रि.वि. सेवाबाट सेवानिवृत्त सहायक लेखा नियन्त्रक हुन् । यिनी मूलतः कवि र कथाकार हुन् भने मार्क्सवादी चिन्तन यिनको वैचारिकता हो । यिनले कथासङ्ग्रह, शोककाव्यहरू, दुई पत्रात्मक काव्य लेखेका छन् - खण्डकाव्य प्रचण्डलाई पत्र (२०६४) र महाकाव्य पुष्प-पत्र (२०६५) । यिनको प्रचण्डलाई पत्र पूर्णतया पत्रात्मक छ र यो प्रकाशित हुनुअघि मनकामनामा भएको साहित्यिक कार्यक्रममा पुगेको बेला सुन्ने मौका मिलेको हो तर यसको प्रकाशित प्रति हात पर्न सकेको छैन, प्रयास जारी छ तथापि यसमा २१ शीर्षकका पद्य-पत्रहरू रहेको

अवगत हुन्छ । यसमा जनयुद्ध गरेर आएको विद्रोही प्रचण्ड प्रधानमन्त्री बनेपछि पनि जनताले अमन-चयन नपाउनु, भ्रष्टाचार मौलाउनुजस्ता कुरा आएका छन् । अतः यो पत्रात्मक ढाँचामा गरिएको सम्बोधन कवितामात्र हो ।

प्रचण्डलाई पत्रमा के छ, त्यसबारे हरिहर सविता भन्छन् : सत्यको आँखा नफोरी न्याय र विवेकको कुरो गर्दा सङ्कटकालभित्रको कालखण्डको स्मृतिसँगै मेरो मन-मुटुका स्पन्दनभित्र जनयुद्धलाई आधार मानेर मानवीय संवेदनालाई स्पर्श गर्न मेरो वेदनामयी लयभित्र वक्षस्थलमा उफ्रिएको वीभत्स आतङ्कको पाषाण पीडामा जलेर मुक्तिमार्गमा सुनौला राज्यको स्वप्न पूरा गर्न नारकीय यातना-यन्त्रणा गृहमा सहेर देश र जनताप्रति अनि भावनाप्रति पूर्णविश्वास जगाएर जिजीविषाको घिडघिडो साँचेर हृदयविदारक यातनामयी घटनाहरूको स्मृतिको तरङ्गमा गुडिल्किएर मानव जागृति र चिन्तनतर्फ फर्किएर मनभित्र आएको बाढी, ज्वालामुखी, भूकम्प, आँधी, सर्वहारा जीवनदर्शनको अन्तर्वस्तुको प्रतिविम्बको रूपमा लखेंथेँ त्यो 'प्रचण्डलाई पत्र' काव्य ।

यिनको अर्को कृति हो - पुष्प-पत्र (२०६५) । यो लमजुङमा जन्मेर तनहुँमा विवाहित भई एक पुत्र प्राप्तिपछि वैधव्य बेहोर्नु परेकी पुष्पलता आचार्यलाई 'बहिनी' भनी सम्बोधन गर्दै लेखिएका गद्यकवितात्मक, लोकलयात्मक र छन्दोबद्ध लयात्मक महाकाव्य नाम दिइएको बृहद् रचना हो । यसमा 'पत्र-१' जस्तै 'पत्र-२७' सम्मका शीर्षक छन् तर यसमा 'पत्र' शीर्षक रहे तापनि पत्रकोजस्तो ठेगाना, मिति आदि छैनन्, न त अन्तमा सम्बोधनपरक नाम वा तत्समकक्षी सम्बन्ध नै उल्लिखित छ । वास्तवमा यी सबै पत्रहरू मार्क्सवादी जीवनदर्शन बहिनीलाई सिकाउने उद्देश्यका साथ लेखिएका हुन्, अर्थात् यो महाकाव्य मार्क्सवादी जीवनदर्शन, द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई उपस्थापन गर्न लेखिएको हो । यो पत्रसाहित्यको निबन्धात्मक चर्चा गर्दा स्वतः चर्चित हुन गएको हो, पत्रसाहित्य भन्न त मिल्दैन कि !

**५.४ नारायणप्रसाद खनाल** (२००९)

प्युठानको पूजा-बिर्नात (तत्कालीन बाग्लुङ), हाल गौमुखी-४ मा दामोदर र लीलादेवीका पुत्रका रूपमा जन्मेर स्वर्गद्वारीमा पढी साहित्य शास्त्री, नेपाली एम.ए. र साहित्याचार्य एवम् विद्यावारिधि गरेका खनाल समीक्षक र निबन्धकार हुन् । यिनका सानाठुला १५ पुस्तक प्रकाशित छन् भने केही अनूदित र झण्डै तीन दर्जन सम्पादित कृति रहेका छन् । यिनले केही पत्र समाविष्ट निबन्धसङ्ग्रह स्वप्न-यात्रा र चिठी (२०६६) त्रिवेणी साहित्य परिषद्बाट प्रकाशित गरेका छन् । यसका तीन खण्डमध्ये "स्वप्नालङ्कार"मा ३१ र दोस्रो "यात्रालङ्कार"मा ३२ क्रमशः २०५४ सालका असार र साउन महिनाभरि लेखेका दैनिकी निबन्ध समाविष्ट छन् भने तेस्रो खण्ड "चिठी" रहेको छ र यसमा २०५४ सालको जेठ महिनामा दिनहुँ आफ्नी प्रिया सन्तुलाई लेखेका ३२ वटा पत्र सङ्कलित छन् । यी प्रत्येक खण्डमाझैँ चिठी खण्डका अगाडि 'प्रेषकको अभिमत' रहेको छ, जसमा पत्रसाहित्यबारे छोटकरीमा धेरै भनिएको छ र बदरीनाथ भट्टराई (१९६५-२०५२) को गद्यात्मक 'चिठी' ले जति भाव सम्प्रेषण गरेको छ, पद्यात्मक चिठीले गर्न नसकेको चर्चा गरिएको छ ।

यसमा सङ्कलित निबन्धहरूमा शीर्षक दिइएको छैन, एक-दुई गरी सङ्ख्या मात्र दिइएको छ । यहाँ यथास्थान मिति र 'प्यारी सन्तु' सम्बोधन अनि अन्तमा 'उही तिम्रो सखा' भनेर अन्त्य गरिएको छ । यी सबैलाई तीन अनुच्छेदमा विभाजन गरिएको छ । चिठी पत्रात्मक र पत्रसाहित्यात्मक बनेको देख्न सकिन्छ यद्यपि कमीकमजोरी छैनन् भन्न सकिँदेन । खनालले सिङ्गो कृतिबाहेक हाम्रो पुरुषार्थको "पत्रकारिता विशेषाङ्क"मा एउटा र "बहुभाषिक साहित्यकार गोपाल अश्क : यात्रा र आयाम" अभिनन्दन ग्रन्थमा एक-एकवटा तथा साप्ताहिक चितवनमा अनेकौँ फुटकर पत्रात्मक अभिव्यक्ति भएका लेख छापिएको पनि देखिन्छ भने अप्रकाशित डायरीहरूमा यस्ता पत्र धेरै रहेका छन् । स्मरणीय छ, हरि सांस्कृतिक केन्द्र, गोरखाबाट प्रकाशित यिनको ' गोरखाको डायरी' (२०६१, पृ. ११६-११९) मा "त्यो एउटा चिठी पनि" शीर्षकमा २०५२।०४।१८ मा रारा बहुमुखी क्याम्पस, राजनीतिशास्त्र विभागका सहायक प्राध्यापक देवेन्दुकुमार झालाई लेखेको एक लामो पत्र छापिएको छ । यसमा उनलाई गोरखा क्याम्पसबाट आफू क्याम्पस प्रमुख हुँदा बिदाइ गर्नुपर्दाको पीडा प्रमुख विषयवस्तु पत्रमय बनेर अभिव्यक्त भएको छ ।

**५.५ तुलसी पण्डित** (२०१९)

आसाम, भारतको पाडीमडीमा बालकृष्ण र पार्वतीका पुत्ररत्न तुलसी पण्डितको मूल थलो तनहुँको रतनपुर भए पनि हाल गीतानगर-चम्पानगर, चितवनमा बस्दछन् । कृषि र शिक्षण पेसा गर्दछन् । यिनले लोकलय, शास्त्रीय लयका केही कविता कृति, उपन्यास र लघुकथा लेखेका छन् । यिनको एउटा कवितासङ्ग्रह तुलसी-पत्र (२०७१) रहेको छ । 'पत्र' नामले जोडिएकाले र यसमा श्लेषसमेत परेकाले कतै तुलसी पण्डितले पत्र नै लेखे छन्

कि भन्ने भ्रम हुन्छ तर यो पत्रसाहित्य नभएर शास्त्रीय छन्दमा विरचित ५२ वटा कविताको सङ्कलन मात्र हो ।

**५.६ हरिहर खनाल** (२००३)

कास्कीको फल्याङकोटमा कृष्णप्रसाद र राधाका पुत्ररत्न बनेर जन्मेका खनाल अङ्ग्रेजीमा एम.ए. हुन्, उनले लामो समयसम्म चितवनको भरतपुरमा रहेर अध्ययन-प्राध्यापन गरे तर उनी कवि, कथाकार, लघुकथाकार, उपन्यासकार, नियात्राकार, डायरी लेखक, अनुवादक, सम्पादक हुन् । साहित्यिक दृष्टिकोणले र प्रस्तुत सन्दर्भमा यिनको उल्लेखनीय एउटा कृति आएको छ, जसको नाम चिठी-पत्रमा हरिहर खनाल (२०७४) हो, जसको प्रकाशक जनसाहित्य प्रकाश हो र सम्पादन गर्ने रामबाबु सुवेदी हुन् । यसमा प्रा. राजेन्द्र सुवेदीको भूमिका, सम्पादकको ' चिठी आफैँ बोल्छन्' र हरिहर खनाल उर्फ पत्रसङ्कलक सुरक्षणकर्ताको 'उत्खनन'जस्ता अग्रलेख रहेका छन् भने हरिहर खनाललाई उनका अग्रज, समज, अनुज एवम् परिवारजनले लेखेका पत्रहरू रहेका छन्, त्यसैले जसले पत्र लेख्यो, यदि त्यो कलात्मक छ भने पत्रसाहित्य भयो, होइन भने समाचार सम्प्रेषण गरिएका चिठी हुन् यी । तर यी पत्रको रचनामा हरिहर खनालको कुनै योगदान छैन भन्ने होइन । उनी यी पत्रका विषय हुन्, प्रापक हुन् र सबभन्दा बढी त सङ्कलन-सुरक्षण गरेर सार्वजनिक गर्ने प्रकाशक हुन् । प्रस्तुत सङ्ग्रहमा चितवनका मदनमोहन जोशी, हरिहर सविता, ईश्वर पिया, शरद पराशर, गङ्गाप्रसाद सापकोटा, नारायणप्रसाद अधिकारी, पोषराज पौडेल, गणेशप्रसाद शर्मा, गोविन्द अधिकारी 'प्रतीक्षा', गोविन्दप्रसाद उप्रेती, धर्मराज भुर्तेल, ईश्वरीप्रसाद अधिकारी, पूर्णबहादुर अधिकारीका पत्रहरू समाविष्ट छन् । परिवारमध्येका केही पत्र पनि रहेका छन् । यसमा संलग्न केही पत्रहरू मात्र शिष्टाचार, मिति, सम्बन्ध इत्यादि र उपसंहारजस्ता खाकामा लेखिएका छन् तर कतिले ठेगाना राखेका छैनन्, कतिका पत्रमा मिति छैनन् । यी पत्रको सृजनप्रक्रिया, सृजनाधर्म इत्यादिमा हरिहरजीको मौलिक पन नभए पनि पत्र-प्रेषकका कुरा इतिहास, समाज, देश र व्यवस्था, साहित्यिक उन्नति-प्रगति आदि अनेक कुरा प्रस्ट्याउँछन् । हाल काठमाडौँ बस्न थाले पनि हरिहर खनालको नवनीत समान जवानीको लगानी चितवनमा नै खर्च भएको छ । यो पुस्तक पत्रसाहित्यका क्षेत्रमा एक गवेषणामूलक हुसक्ने देखिन्छ ।

**५.७ प्रेमविनोद 'नन्दन'** (१९९२)

बन्दीपुर, तनहुँमा मोतीलाल र नन्दकुमारीका नन्दन बनेर जन्मेका 'नन्दन' कवि, गीतकार, अभिनेता, नाट्य निर्देशक, गायक-सर्जक हुन् । चितवनमा बस्न थाल्नु अघिदेखि नै सृजनामा लागेका उनका कृति करिब एक दर्जन जति छन् । स्वाध्ययनबाट ज्ञान पाएका र निजी व्यवसाय तथा समाजसेवामा रमाउने नन्दन यतिबेला अस्वस्थ छन् । उनको शीघ्र स्वास्थ्य लाभको कामना ! उनको एक कवितासङ्ग्रहको उत्तरनाममा 'पुष्पम्'सँग 'पत्रम्' पनि आएकाले यहाँ उल्लेख गर्नुपरेको हो - 'पत्रम् पुष्पम्' (कवितासङ्ग्रह, २०७७) । यसको प्रकाशन चितवन साहित्य परिषद्ले गरेको छ । जम्मा ६१ र 'समर्पण' तथा 'उद्गार' थप्दा ६३ कविता यस सङ्ग्रहमा परेका छन् तर यहाँ कुनै किसिमको पत्रात्मक छनक भने देख्न सकिन्न, किन्तु उनी प्रेमपत्रका कुरा अन्यत्र कवितामै उल्लेख गर्न पछि भने परेका छैनन, जो गोविन्दराज विनोदीलिखित यस कृतिको भूमिकामा परेको छ :

किन सोध्छौ मेरो उमेर सत्तरी कि सत्र ?<br>
सक्छौ भने लेखे हुन्छ अझै प्रेम-पत्र ।

**६. पत्रसाहित्य लेखनका सीमा**

विधागत साहित्यको विकासका सन्दर्भमा पत्र-चिठीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । पत्र-लेखन त्यतिबेला उच्च स्थानमा थियो, जब मानिसमा पठन संस्कृति मौलाउन थालेको थियो, पुस्तकहरू, पत्रिकाहरू प्रकाशित हुन थालेका थिए तर विकासको क्रममा विद्युतीय सञ्जालका कारण हुलाकबाट पत्रप्रेषण गर्नैपर्ने भएन । इन्टरनेट, इमेल, वेभसाइट, फेसबुक आदिका कारण पनि पत्रप्रेषण या पत्रलेखन आवश्यक भएन किनकि सूचनाको मुख्य माध्यम पत्रलेखन नै थियो । पुराना पत्र अब इतिहास भइसके । यसक्रममा मुलकभरिबाट प्रकाशित हुने पत्रिकाहरुले अनेक राम्रा साहित्यिक पत्र छापेका हुन सक्छन्, चितवनबाट नै साप्ताहिक, मासिक, त्रैमासिक, वार्षिक पत्रिकाहरू धेरै प्रकाशित छन् । तिनमा वागीश्वरी, सम्प्रेषण, पल्लव, हाम्रो मझेरी, चरैवेति, नारायणी टुडे, मारुनी आदि र दैनिक पत्रिकाहरूमा देखिने सम्पादकलाई पत्र बहुल सङ्ख्यात्मक हुन सक्छन् तर तिनमा रहेका पत्रहरूको अध्ययन हुन सके अझ केही तथ्य फेला पर्न सक्थ्यो । जे भए पनि साहित्यिक चेतनाको विकास द्रुतगतिमा हुँदै गएकाले सीमित मात्रामा भए पनि प्रबन्धात्मक देखिने पत्रसाहित्य लेखनलाई उजागर गर्ने स्रष्टा अहिले छैनन्, भविष्यमा पनि जन्मनै सक्दैनन् भन्ने कुरा हुँदै होइन, समयले फेरि यो प्रविधा उकासिन सक्छ, किनकि यो खडेरी नै पर्ने क्षेत्र कदापि हुन सक्दैन । पत्र साक्षरले मात्र पनि लेख्न सक्छन् - खरच पठल न पढल, नपढ ल त भक मरल तर पद्यात्मक पत्र पठिन-शिक्षितले मात्र लेख्छन् । यसैले

यहाँ गद्यात्मक पत्रसाहित्यको मात्र चर्चा हुन सकेको छ।

**७. उपसंहार**

पुस्तकाकार पत्रसाहित्य अत्यन्त कम रहे पनि चितवनमा मदनमोहन जोशीदेखि प्रारम्भ भएको पत्रलेखन, पुस्तक प्रकाशन यतिबेलासम्म पनि अपेक्षित मात्रामा यस निबन्ध-प्रबन्धात्मक विधाअन्तर्गत गणनीय पत्रसाहित्यले कसिएर फड्को मार्न सकेको छैन । पत्रसाहित्य लेखनलाई फुटकर रचनाका दृष्टिले हेर्ने हो भने यसमा अधिकांश युवा साहित्यकारहरूको सहभागिता छ तर चितवनमा पत्रसाहित्यले राम्ररी फस्टिने-मौलिने र हाँगाबिँगा हाल्ने अवसर पाउन सकेको देखिँदैन । कृतिकारका रूपमा भन्ने हो भने मदनमोहन जोशी, कपिल अज्ञात सिङ्गा पत्रसाहित्यका कृतिका स्रष्टा हुन् भने नारायणप्रसाद खनाल आंशिक मात्र हुन् किनकि पत्रसाहित्य वर्तमानमा कविता होइन, निबन्ध सन्निकट विधा-उपविधा हो भने यस्तो पत्रसाहित्य प्रकाशनमा पल्लव पत्रिका नै चितवनमा अग्रभूमिका रूपमा विद्यमान छ।

**सन्दर्भसामग्री**


अज्ञात, कपिल (२०६४), समीक्षा सन्धान, यु.के. : पुष्पलता फाउण्डेसन ।

खनाल, नारायणप्रसाद (२०६३), समीक्षाका आकार, नवलपरासी : त्रिवेणी साहित्य परिषद ।

खनाल, नारायणप्रसाद (२०६६), स्वप्न-यात्रा र चिठी, नवलपरासी : त्रिवेणी साहित्य परिषद ।

जोशी, दिव्यश्वरी (सम्पा.) (२०७४), प्रा. जयराज पन्तका वैचारिक विरासत, काठमाडौँ : लोकवार्ता परिषद नेपाल ।

नन्दन, प्रेमविनोद (२०७७), पत्रम् पुष्पम्, चितवन : चितवन साहित्य परिषद ।

निराकार, वनमाली (२०६३), पत्र-सञ्चयन, पाल्पा : पाल्पा साहित्य समाज ।

निर्दोष, माधव (सम्पा.) (२०६४), पत्रहार, ले. कपिल अज्ञात, यु.के. : पुष्पलता फाउण्डेसन ।

प्रभात, विष्णु (२०७०), नेपाली लेखक-कलाकार कोश, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बराल, ईश्वर (अध्यक्ष) (२०६५), नेपाली साहित्य कोश, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

वनवासी, देवीप्रसाद (२०७३), हातको शोभा : पातको बेरी, स्याङ्जा : नेभाषा/अनुवादक/देवेन्द्रराज रेग्मी ।

श्यामप्रसाद (२०५४), आएका केही चिठी, काभ्रे : सुनगाभा साहित्य प्रतिष्ठान ।

श्रेष्ठ, गायत्री र सरस्वती रिजाल (२०६२), नारायणी अञ्चलका नारी हस्ताक्षर, चितवन : नारायणी कला मन्दिर ।

साहिँलो, गोर्खे (सम्पा.) (२०६० र २०६१), पल्लव-४, पल्लव-८, चितवन : पल्लव साहित्य प्रतिष्ठान ।

सुवेदी, रामबाबु (सम्पा.) (२०७४), चिठीपत्रमा हरिहर खनाल, जनसाहित्य प्रकाशन ।


कविता

# मेरो म




✍ **गणेश श्रमण**
*उपाध्यक्ष, चितवन साहित्य परिषद्*


मैले बर्सौंदेखि
भन्ने गरेको
मेरो म
मैले बर्सौंदेखि
आफैंसँग जतन गरेर
राख्ने गरेको
मेरो म
प्यारो म
आखिर मेरो रहेनछ
कसैले म रहेछ
मलाई उसले
राख्न दिएको रहेछ

एकदिन
ऊ आयो मसामु
र भन्यो - मैले राख्न दिएको
मेरो नासो म लिन आएको
मेरो म मै फिर्ता लान्छु

मैले हुन्छ भन्न पनि सकिन
मैले हुन्न भन्न पनि सकिन
किनकि म बोल्नै सकिन
मेरा हातखुट्टा पनि चलेनन्

सायद , मेरा नजिककाहरूले
मलाई घाट लगे होलान्
चितामा राखी जलाए होलान्
त्यसपछि के के भो , खै !
कसरी भनूँ ?
त्यसपछि मलाई
केही थाहा भएन

मलाई यत्ति था' भो
मैले बर्सौंदेखि
भन्ने गरेको
मेरो म
मेरो रहेनछ ।

# भरतपुर महानगरपालिका भित्रका सामुदायिक कलेजहरूको वस्तुस्थिति :



✍ पदम अर्याल
*कोषाध्यक्ष-चितवन साहित्य परिषद्*

**आमुख :**

चितवन जिल्ला नेपालका अन्य जिल्लाहरूभन्दा पृथक् पहिचान बोकेको जिल्ला हो । यस जिल्लाका ७ वटा पालिकामध्ये भरतपुर महानगरपालिका स्वभाविक रूपले शिक्षा, स्वास्थ्य, साहित्य, कला, संस्कृति, प्राकृतिक सम्पदा र भौतिक विकासका दृष्टिले निकै अगाडि बढिरहेको छ । यो आलेख मूलतः भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले प्रकाशन गर्दै आएको *महानगर साहित्य दर्पण अङ्क– ४*, मा समावेश गरी शिक्षा क्षेत्रअन्तर्गतका यस भरतपुर महानगरपालिकाभित्र सञ्चालित, नेपाल पब्लिक क्याम्पस सङ्घ चितवनमा आबद्ध र यस सङ्घले प्रकाशन गरेको क्यालेन्डरमा सूचीकृत ११ वटा सामुदायिक सम्पूर्ण कलेजहरूको एउटै लेखमा सामान्य परिचय दिई विद्यार्थी, अभिभावक, प्राध्यापक, शिक्षाप्रेमी, कलेज संस्थापक, चन्दादाता र जनप्रतिनिधिज्यू सबैलाई कलेजको विगत र वर्तमान अवस्थाको एकमुष्ठ जानकारी गराई दर्पणलेझैँ स्पष्ट देखाइदिने उद्देश्यले तयार पारिएको छ । यस आलेखमा भरतपुर महानगरबाहिरका कलेजहरूको परिचय नदिनु, परिचय गराइएका कलेजको आर्थिक पक्ष र विद्यार्थीको नतिजा विश्लेषणको विषय उल्लेख नगर्नु, कलेजहरूको स्थापनाको पृष्ठभूमि, संस्थापक अध्यक्ष, कलेज प्रमुख चन्दादाता, कलेजका वर्तमान अध्यक्ष, कलेज प्रमुख, प्राध्यापक तथा कर्मचारी सङ्ख्या, विद्यार्थी, सङ्ख्या, भौतिक /जगा जमिन र भवनसङ्ख्या, आदिको सामान्य वर्णन मात्र गर्नु यस लेखको सीमा रहेको छ ।

**१. अन्नपूर्ण कलेज**

अन्नपूर्ण कलेज भरतपुर महानगरपालिका वार्ड नं.२१ पार्वतीपुरमा अवस्थित छ । ५० को दशकपछि सामुदायिक कलेज खोल्ने तीव्र लहर चल्यो । यसै सन्दर्भमा पश्चिम चितवनबाट भरतपुरमा धाएर शिक्षा हासिल गर्न असहज भएकोले स्थानीय तहमा नै सर्वसुलभ रूपमा शिक्षा दिने उद्देश्यले स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी समाजसेवीहरूको पहलमा यस अन्नपूर्ण कलेजको स्थापना वि.सं.२०६८ मा भएको हो । यस कलेजले त्रि.वि.वि. बाट २०६८सालमा स्वीकृति लिई स्नातक तहको व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायका विषयका कक्षाहरू सञ्चालन गर्दै आएको छ । यस कलेजको व्यवस्थापन समितिका संस्थापक अध्यक्ष श्री बालकृष्ण सुवेदी र कलेज प्रमुखमा श्री मीनबहादुर अधिकारी हुनुहुन्थ्यो । वर्तमान अध्यक्ष श्री कृष्णकुमार गुरुङ (वडाध्यक्ष) श्री केदारनाथ अधिकारीले कलेज प्रमुखको भूमिका निर्वाह गरिरहनु भएको छ । यस कलेजमा हाल नियमित रूपमा विद्यार्थी भर्ना नभएकाले आवश्यकताअनुसार प्राध्यापकको व्यवस्था गरिएको छ । गत शैक्षिक सत्रमा ५० जना मात्र विद्यार्थीले परीक्षा फारम भरेको र यस वर्ष विद्यार्थी भर्ना नभएकोले आंशिक विद्यार्थीको मात्र परीक्षा फारम भरिएको कुरा कलेज प्रमुखबाट अवगत भएको छ । एक जना कार्यालय सहयोगीले कलेजको सेवा गरिरहका छन् । यस कलेजका बिना ढलानका २ वटा भवन र अन्नपूर्ण मा.वि.ले भोगाधिकार दिएको १ बिगाह जमिन रहेको छ । विद्यार्थी वर्गको शहर तथा विदेशमुखी मानसिकताले यस कलेजको शैक्षिक गतिविधि ठप्पप्राय : रहेको र कलेजको शैक्षिक अस्तित्व सङ्कटग्रस्त देखिन्छ ।

**२. अमर जनशक्ति बहुमुखी क्याम्पस**

चितवनमा सामुदायिक कलेज खुल्ने लहर चलेपछि हालको भरतपुर महानगारपालिका वार्ड नं.-२२, पटिहानीमा वि .सं.२०६० सालमा अमर जनशक्ति बहुमुखी कलेज पनि स्थापना भएको थियो । स्थानीय शिक्षाप्रेमी तथा बुद्धिजीवी एवं अभिभावकहरूको सामूहिक पहल र श्री पीताम्बर पौडेलको संयोजन वा संस्थापक अध्यक्षतामा कलेज स्थापना भएको थियो । यस कलेजका संस्थापक प्रचार्य श्री हरिबहादुर घर्ती हुनुहुन्थ्यो । यस कलेजका वर्तमान अध्यक्ष श्री गिरीधारी पौडेल हुनुहुन्छ भने वर्तमान कलेज प्रमुखको रूपमा श्री रामप्रसाद तिवारी रहनु भएको छ ।

यस कलेजमा हाल त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त गरी व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायका क्रमश

: बि.बि.एस. र बि.एड.का कक्षाहरू बिहानी सत्रमा मात्र सञ्चालित छन् । दुबै सङ्कायका गरी जम्मा विद्यार्थी सङ्ख्या १०१,जना अध्ययनरत छन् । शहर तथा विदेशमुखी मानसिकताले यस कलेजलाई पनि गम्भीर असर परेको देखिन्छ । हाल १० जना प्राध्यापक र दुई जना कर्मचारी प्राध्यापन तथा सेवारत हुनुहुन्छ । प्रशासनिक कामकाज र शिक्षण प्राध्यापनका लागि दुई तले दुई वटा भवन र दुई कठ्ठा जमिनसमेत कलेजकै स्वामित्वमा रहेको छ ।

३. **अरुणोदय कलेज :**

अरुणोदय कलेज भरतपुर महानगरपालिका वार्ड नं.-६, गीतानगरमा अवस्थित छ । यस कलेजको स्थापना पनि स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी महानुभावहरूको सक्रियतामा उच्च शिक्षाका लागि वि.स २०५८ सालमा धनधान्याचल महायज्ञ लगाई कक्षा ११ र १२ का कक्षाहरू अरुणोदय मा.वि.बाट सञ्चान गर्न सुरु गरिएको थियो । त्यसपछि क्रमश : २०५८ सालमा नै त्रि.वि बाट सम्बन्धन प्राप्त गरी स्नातक तहका चार वर्षे बि.बि.एस.र २०६१ सालमा बि.एड.सञ्चालनको स्वीकृति लिई सर्वसुलभ रूपमा शिक्षा प्रदान गर्दै आएको छ ।

यस अरुणोदय कलेजका संस्थापक अध्यक्ष श्री मणिराज श्रेष्ठ हुनुहुन्थ्यो भने कक्षा ११ र १२ तर्फका प्राचार्य केदारनाथ कोइराला र कलेज तर्फका कलेजप्रमुखमा नारायण चालिसे रहनु भएको थियो । वर्तमान अध्यक्षमा रमेशप्रसाद कोइराला हुनुहुन्छ भने कलेज प्रमुखमा श्री कुमार राउत र सहायक कलेज प्रमुखमा श्री रामजी सापकोटा हुनुहुन्छ ।

यस कलेजमा हाल बि.बि.एस. बी.एड. दुवैतर्फ गरी जम्मा विद्यार्थी सङ्ख्या १५२ जना अध्ययनरत छन् । त्यसै गरी १६ जना प्राध्यापक प्राध्यापनरत हुनुहुन्छ भने १ जना लेखापाल र १जना कार्यालय सहयोगीले सेवा प्रवाह गरिरहनु भएको छ । यस कलेजलाई खगेरी सिंचाईले भोगाधिकार प्रदान गरेको १४ कठ्ठा १० धुर जग्गाभित्र २ वटा २ तले पक्की भवन गरी शैक्षणिक र प्रशासनिक कामकाज सम्पन्न भइरहेका छन् ।

४. **उमाबडी आदर्श शेरचन कलेज**

उमाबडी आदर्श शेरचन कलेज महानगरपालिका वार्ड नं.-२६, दिव्यनगरमा अवस्थित छ । भरतपुर चौबीस कोठीबाट १८ कि.मि. पश्चिममा रहेको यस कलेजको स्थापना वि.सं.२०६१ सालमा भएको हो । धनधान्याचल महायज्ञ लगाई स्थापना भएको यो कलेजमा सुरुमा कक्षा ११ र १२ कक्षाहरू मात्र सञ्चालित थिए । वि.सं.२०६३ असोज ६ गते त्रि.वि.विबाट सम्बन्धन प्राप्त गरी स्नातक तहका बिएड र बिबिएसका कक्षा पनि सञ्चालन हुन थालेका हुन् । श्रीमद्भागवत महायमा दिव्यनगरका शेरचन परिवारका श्री चित्रलाल शेरचनको अग्रसरता र उहाँसहित दश भाइहरू अमिक शेरचन, चित्रलाल शेरचन, प्रान्ती शेरचन आदिले उदार मनका साथ चन्दा प्रदान गर्नुभएको र उत्तरोत्तर चन्दा थप्दै जाने क्रममा चित्रलाल शेरचनले तत्कालीन समयमा अधिकतम चन्दा प्रदान गर्नु भएको हुँदा उहाँका मातापिता स्व.बडीबहादुर शेरचन र उमादेवी शेरचनको नाम जोडेर कलेजको उमाबडी आदर्श शेरचन कलेज नामकरण गरिएको हो ।

उमाबडी कलेज शेरचन परिवारबाहेक अन्य सर्वसाधारण किसान,मजदुर, बुद्धिजीवी, शिक्षक, समाजसेवी जनप्रतिनिधि सबैको आर्थिक सहयोगमा कलेज स्थापना भई स्थानीय तहमा नै सर्वसुलभ रूपमा साधारण धारतर्फको गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । यस कलेजका संस्थापक तथा वर्तमानसमेत अध्यक्ष श्री चित्रलाल शेरचन हुनुहुन्छ भने,संस्थापक कलेज प्रमुख श्री सूर्यभक्त वाग्ले रहनु भएको थियो भने वर्तमान कलेज प्रमुख श्री सूर्यनारायण महतो रहनु भएको छ । यस कलेजमा स्नातक तहको चार वर्षे बिबिएस र बीएडतर्फ गरी जम्मा विद्यार्थी सङ्ख्या २५३ जना अध्ययनरत छन् । यस कलेजमा १५ जना प्राध्यापकले प्राध्यापन , ४ जना कर्मचारी सेवा गरिरहनु भएको छ । यस कलेजको मुख्य भवन एउटै मात्र रहेको छ । दिव्यनगर मा.वि.ले यस कलेजलाई डेढ विगाह जमिन भोगाधिकार दिएको छ ।

५. **प्रेमबस्ती बहुमुखी क्याम्पस**

प्रेमबस्ती बहुमुखी क्याम्पस भरतपुर महानगरपालिका वार्ड नं.-०७, प्रेमबस्ती मा.वि.को भवनमा वि.सं.२०६९ सालमा जनस्तरबाट स्थापना गरिएको एक सामुदायिक कलेज हो । स्थानीय क्षेत्रमा नै सरल र सर्वसुलभ किसिमले उच्च शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्नु यस कलेजको उद्देश्य रहेको छ । यस कलेजको स्थापना गर्न सुरुसुरुका दिनहरूमा बैठक बस्दा तत्कालीन ज्येष्ठ नागरिक श्री भक्तिप्रसाद तिमल्सिनाको अध्यक्षतामा बस्ने गरिएको र सम्बन्धन लिने समयमा श्री मुक्तिनाथ अधिकारी संस्थापकको रूपमा रहनु भएको कुरा अभिलेखबाट अवगत भएको छ । त्यसै गरी संस्थापक क्याम्पस प्रमुखमा श्री कृष्णप्रसाद सापकोटा रहनु भएको थियो ।

२०६८ सालमा नै कलेज स्थापना गर्ने उद्देश्यले स्थानीय, शिक्षाप्रेमी, बुद्धिजीवी, अभिभावक, चन्दादाता, स्थानीय सङ्घसंस्थाको सक्रियतामा श्रीमद्भागवत धनधान्याचल महायज्ञ लगाई सङ्कलित रकमको जगमा प्रेमबस्ती बहुमुखी क्याम्पसले २०६९, माघ २४ गते त्रि.वि.बि.बाट व्यवस्थापन सङ्कायतर्फ स्नातक तह BBS को सम्बन्धन प्राप्त गरी हाल ४ वर्षे बिबिएसको कार्यक्रम बिहानी सत्रमा पठनपाठन भइरहेको छ। यस क्याम्पसलाई प्रेमबस्ती मा.वि.ले भोगाधिकार दिएको जग्गामा एउटा पक्की भवन निर्माण गरी प्रशासनिक र शैक्षिक गतिविधि सञ्चालन भइरहेका छन्। साथै भरतपुर -७, टाइगर चोकमा प्रेमबस्ती मा.वि.ले यस प्रेमबस्ती क्याम्पसलाई थप ८ कठ्ठा ४ धुर जमिन भोगाधिकार प्रदान गरेको छ।

यस क्याम्पसको व्यवस्थापन समितिको वर्तमान अध्यक्ष पनि श्री मुक्तिनाथ अधिकारी नै रहनु भएको छ भने क्याम्पस प्रमुखमा श्री बुद्धिसागर कँडेल रहनु भएको छ। १० जना प्राध्यापकहरूले प्राध्यापन र सहायक लेखापाल एक जना र एक जना कार्यालय सहयोगीले सेवा प्रवाह गरिरहनु भएको छ। शैक्षिक सत्र २०८१/ ०८२को अभिलेखअनुसार जम्मा विद्यार्थी सङ्ख्या ११६ रहेको छ। कलेजको विद्यार्थी सङ्ख्या वृद्धि गर्न सञ्चालक समितिको ठुलो भूमिका हुने भएको हुँदा समितिले सक्रिय भएर अघि बढ्नुपर्ने देखिन्छ।

### ६. बालकुमारी कलेज

बालकुमारी कलेज, भरतपुर महानगरपालिका वार्ड नं-.०२, नारायणगढ चितवनमा अवस्थित नेपाल कै एक ख्यातिप्राप्त सामुदायिक कलेज हो। यो कलेज वि.सं. २०४३ सालमा चितवनका शिक्षाप्रेमी, बुद्धिजीवीको पहलमा उच्च शिक्षाको तत्कालीन आवश्यकतालाई सहज र सर्वसुलभ रूपमा पूरा गर्ने उद्देश्यले खोलिएको यो कलेज प्रारम्भमा बालकुमारी माविको भवनबाट पठनपाठन सुरु भएको थियो। बालकुमारी मा.वि.ले यस कलेजलाई १५ कठ्ठा जमिन प्रदान गरेपछि यसले छुट्टै भवन निर्माण गरी कक्षा सञ्चालन गर्न थालेको इतिहास रहेको छ। तत्कालीन व्यवस्थाअनुसार अञ्चालाधीश पदेन अध्यक्ष रहने भएकोले संस्थापक अध्यक्ष अञ्चलाधीश डा.दुर्गाप्रसाद रिजाल हुनुभयो भने उपाध्यक्षमा श्री जवाहरलाल प्रधान रहनु भएको थियो। संस्थापक कलेज प्रमुख श्री जगन्नाथ पौडेल, प्रा.चिरञ्जीवी श्रेष्ठ नियुक्त हुनु भई उहाँको शैक्षिक प्रशासनिक नेतृत्वमा कलेजले द्रुतगतिमा प्रगति गरेको जगजाहेर नै छ। आइ.एल. (कानूनमा प्रमाण-पत्र तहबाट सुरु भएको यस कलेजको उन्नयनमा स्व.डा.सूर्यमणि अधिकारी, श्री केदारनाथ खनाल र श्रीमती गायत्री श्रेष्ठवर्तमान अध्यक्षमा श्री प्रमोदकुमार श्रेष्ठ र उपाध्यक्षमा श्री केशवराज कँडेल हुनुहुन्छ। त्यसै गरी वर्तमान कलेज प्रमुखमा सह प्राध्यापक श्री जगदीश्वर खनाल हुनुहुन्छ भने सहायक कलेज प्रमुखमा डा. गुणराज क्षेत्री, सह प्राध्यापक श्री बाबुराम पन्थी र उप प्राध्यापक श्री अनन्त ढुंगाना गरी तिन जना रहनु भएको छ।

यस कलेजमा हाल त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालित शैक्षिक कार्यक्रमहरू यस प्रकार रहेका छन् :

१. **स्नातकोत्तरतर्फ ४ सेमेस्टर प्रणालीका कार्यक्रम**:
   क. MBA in Financial Mangement [MBA-F.M.] [Autonomous program]
   ख. Master of Business Studies [MBS]
   ग. Master in Education [ M.Ed.]

२. **स्नातक तहका ८ सेमेस्टर प्रणालीका कार्यक्रम**
   BBA, BHM, BIM, BICTE

२. **स्नातक तहका ४ वर्षे प्रणालीका कार्यक्रम**
   - BBS , B.ed, BSc Micro-biology, BSc Environmental seience.

   यस कलेजमा कक्षा ११ र १२ का कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको र कलेज स्वायत्त मानीत विश्वविद्यालयको दिशामा अगाडि बढिरहेको परिप्रेक्ष्यमा आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ का कक्षाहरू सञ्चालन नगर्ने निर्णयसमेत भइसकेको कुरा प्रशासन स्रोतबाट अवगत भएको छ।

उक्त शैक्षिक कार्यक्रममा जम्मा हाल 2199 विद्यार्थीहरू (**कक्षा ११ र १२ को बाहेक**) **स्नातक र स्नातकोत्तरमा** अध्ययनरत भएको कुरा कलेजको प्रतिवेदनबाट अवगत भएको छ । त्यसै गरी स्थायी, करार र कोर्स करार गरी जम्मा ९० प्राध्यापकहरू प्राध्यापनरत हुनुहुन्छ। एवं स्थायी करार सेवामा ४९ जना कर्मचारी चौकीदारसहित सेवारत हुनुहुन्छ । बालकुमारी कलेजले वि.सं.२०६६ सालमा नै नेपालमा नै पहिलो पटक विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणपत्र प्राप्त गरेको हो। दोस्रो पटक वि.सं.२०७५ सालमा QAA प्राप्त गरी तेस्रो पटक प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडि

बढिरहेको छ । IS09001-2015 प्राप्त गर्न सफल भएको छ । यस कलेजको अत्याधुनिक सुविधासम्पन्न कलेज भवन रहेको छ । भरतपुर वार्ड नं.-४ कल्याणपुरमा यसको स्वामित्वमा ४ विघा जमिन रहेकोले यो शैक्षिक मात्र होइन भौतिक सम्पत्तिका दृष्टिले निकै सबल रहेको देखिन्छ । प्राज्ञिक स्वायत्तताको दिशातर्फ लम्कदै क्रमश : मानीत विश्वविद्यालय बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको अवस्था छ ।

७. **भरतपुर भ्याली कलेज :**

भरतपुर भ्याली कलेज हाल भरतपर महानगरपालिका वार्ड नं.-११, मा सञ्चालित छ । यो कलेज सुरुमा प्रज्ञा चितवन क्याम्पसको नामले चितवन मा.वि.को भवनमा वि.सं.२०६९ साल मंसिर १० गते त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी बि.बि.एस.का कक्षाहरू सञ्चालन गर्दै आएकोमा वि.सं.२०७५ सालमा ठाउँसारी र नामसमेत परिवर्तन गरी हाल भरतपुर भ्याली कलेजको नामले नारायाणी पब्लिक इंग्लिस स्कुल भरतपुर -११ को भवनमा बिहानी सत्रमा ४वर्षे बिबिएस पठनपाठन भइरहेको छ ।

यस कलेजका संस्थापक अध्यक्ष श्री राजेश्वर खनाल र संस्थापक कलेज प्रमुखमा श्रीमती रामप्यारी शर्मा रहनु भएको थियो । वर्तमान अध्यक्षमा पनि श्री राजेश्वर खानाल नै हुनुहुन्छ भने वर्तमान कलेज प्रमुखको भूमिका श्री अच्युतप्रसाद पौडेलले निर्वाह गरिहनु भएको छ ।

४ वर्षे बिबिएसका कक्षाहरू बिहानी सत्रमा चलिरहेको यस कलेजमा हाल १५० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । १४ जन प्राध्यापक र लेखापालसहित ४ जना कर्मचारीहरू यस कलेजमा कार्यरत हुनुहुन्छ । यस कलेजको नाममा इच्छाकामना गाउँपालिकामा १३ कठ्ठा जग्गासमेत रहेको छ ।

८. **मैयाँदेवी .कन्या कलेज :**

मैयाँदेवी कन्या कलेज भरतपुरमहानगरको केन्द्रभाग वार्ड नं.-१० मा अवस्थित छ । यो कलेज महान् समाजसेवी तथा दानवीर सुश्री मैयाँदेवीको मुख्य दानदातव्यमा स्थापना भएको चितवनको एक मात्र ऐतिहासिक कन्या कलेज हो । त्रि.वि.वि.बाट सम्बन्धन लिई वि.सं.२०५७ सालमा स्थापित र सञ्चालित कलेज हो । वि.सं २०७९ असार १२ गते यस कलेजले QAA प्राप्त गरेको छ । यस कलेजले चर्चेको जमिन कलेजको स्वामित्वमा रहेको छ । पछिल्लो समयमा विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, नगरपालिका र वार्डबाट समय समायमा प्राप्त केही रकमबाहेक मूल रूपमा सुश्री स्वर्गीय मैयाँदेवी श्रेष्ठले दान दिनुभएको रकमबाट भौतिक संरचना निर्माण भएकोले उहाँको नामबाट कलेजको नामकरण गरिएको हो । यस कलेजको संस्थापक अध्यक्ष श्री रामकृष्ण घिमिरे र संस्थापक प्राचार्यमा श्री चन्द्रविलास अधिकारी रहनु भएको थियो । वर्तमान अध्यक्ष टङ्कनाथ पौडेल र वर्तमान कलेज प्रमुखमा श्री भोजराज न्यौपाने रहनु भएको छ । त्यसै गरी सहाक कलेज प्रमुखमा तेजप्रसाद पौडेल र बलराम पौडेल नियुक्त हुनुहुन्छ ।

यस कलेजमा त्रि.वि.बाट स्वीकृति लिई व्यवस्थापन विषयमा बिबिएस र एमबिएस तथा शिक्षाशास्त्रतर्फ एम.एड.र बि.एड,मा अङ्ग्रेजी, नेपाली र स्वास्थ्यशिक्षाजस्ता साधारण धारका विषय एवं कक्षा ११ र १२ मा कम्प्युटर विज्ञान विषयसहित अंग्रेजी र नेपाली माध्यममा बिहानी तथा दिवा सत्रमा पठनपाठन भइरहेका छन् । कक्षा ११ र १२समेत गरी उक्त सबै कार्यक्रममा जम्मा १२५० विद्यार्थी अध्ययनरत रहेका छन् । प्रशासनिक खर्चका लागि यस कलेजको पनि विद्यार्थीको मासिक शुल्क र सटर भाडाबाट केही रकम आम्दानीको स्रोत हो । सहरको केन्द्र भागमा रहेको कन्या मात्र अध्ययन गर्ने यस कलेजको विद्यार्थी सङ्ख्या चाहिँ देशको वर्तमान परिप्रेक्ष्यलाई मध्यनजर गर्दा निकै राम्रो मान्न सकिन्छ । यस कलेमा स्थायी, अस्थायी र करार सेवामा ४१ जना प्राध्यापक र ११ जना कर्मचारी सेवारत हुनुहुन्छ । २ वटा सुविधासम्पन्न पक्की भवनबाट प्रशासनिक र प्रविधिमैत्री तबरबाट शैक्षणिक सेवा प्रवाह भइरहेको छ ।

९. **शहीद स्मारक बहुमुखी कलेज**

भरतपुर महानगरपालिका-१९,बखानपुर शारदानगरमा अवस्थित शहिद स्मारक कलेज वि.सं २०५१ सालमा स्थापना गरिएको जनस्तरमा सञ्चालित पश्चिम चितवनको सामुदायिक पुरानो कलेज हो । तत्कालीन अवस्थामा यातायातको असुविधा भई भरतपुरमसम्म गाडीमा झुन्डिएर पढ्न आउनु पर्ने बाध्यतालाई मध्यनजर गरी समाजसेवी आशबहादुर लामाको अग्रसरतामा स्थानीय समाजसेवी, बुद्धिजीवी, अभिभावकको एकता, सक्रियतामा यो कलेजको स्थापना भएको हो । यस कलेजको संस्थापक अध्यक्ष श्री आशबहादुर गुरुङ हुनुहुन्थ्यो भने संस्थापक प्राचार्य श्री नारायणप्रसाद खनाल हुनुभएको हो । हाल श्री बेलबहादुर गुरुङ कलेज व्यवस्थापनको अध्यक्ष र कलेज

प्रमुखको रूपमा श्री वसन्तकुमार पौडेल रहनु भएको छ।

शहिद स्मारक बहुमुखी कलेजमा त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त गरी स्नातक तहका ४ वर्षे बि..बि..एस.र बि.एड.,मानविकीमा बिसिए तथा स्नाकोत्तर तहमा दुई वर्षे एम..बि..एस.का कार्यक्रमहरू सञ्चालन छन्। नेपाल राष्ट्रिय परीक्ष बोर्डअन्तर्गत कक्षा ११ र १२ कक्षाहरू पनि सञ्चन भइरहेका छन्। यस कलेजमा हाल जम्मा ११ र १२ सहित जम्मा ५१७ जना विद्यार्थीहरू अध्ययनरत छन् भने स्थायी, अस्थायी, करार र पार्ट टाइम गरी ४० जना प्राध्यापकहरू प्राध्यापन गरिहरहनु भएको छ। त्यसै गरी ८ जना कर्मचारी सेवारत हुनुहुन्छ भने यस कलेजका ३ वटा पक्की भवनबाट सेवा प्रवाह भइरहेको छ भने शारदानगर मा.वि.को जग्गा भोगाधिकार प्राप्त गरी उपयोग गरिरहेको छ।

१० **सप्तगण्डकी कलेज** :

सप्तगण्डकी कलेज भरतपुर -१० मा २०४५ मंसिर महिनादेखि नारायणी मा.वि.को भवनबाट शुभारम्भ भई २०४६ सालदेखि त्रि.वि.वि.बाट क्रमश : विभिन्न सङ्कायको सञ्चालनको स्वीकृति प्राप्त गरी आज साधारण धार र प्राविधिक धारका कक्षा ११ र १२ देखि स्नातकोत्तर तहसम्मका विभिन्न विषयहरू अध्यापन भइरहेका छन्। यस कलेजका संस्थापक अध्यक्ष तत्कालीन अञ्चलाधीश डा.दुर्गाप्रसाद रिजाल उपाध्यक्षमा केशवराज पौडेल र संस्थापक कलेज प्रमुखमा भीमराज अधिकारी रहनु भएको थियो। वर्तमान अध्यक्ष श्री टेकबहादुर थापा उपाध्यक्षमा श्री रमाकान्त सापकोटा र बालकृष्ण पौडेल दुई जना हुनुहुन्छ। कलेज प्रमुखमा श्री खिमलाल दाहाल कार्यभार सम्हालीरहनु भएको छ। कलेजको स्वामित्वमा १ विघा जमिन छ भने नारायणी मा.वि.को स्वामित्वमा रहेको र भोगाधिकार प्रदान गरेको १० कठ्ठा जमिनमा शैक्षणिक, प्रशासनिक र पुस्तकालय भवन गरी जम्म ५ वटा पक्की भवन निर्मित छन्। यस कलेजमा त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालित शैक्षिक कार्यक्रमहरू यस प्रकार रहेका छन् :

१. **व्यवस्थापन सत्तायतर्फ** : MBS, BBS, BBA, BIM यी कार्यक्रममध्ये MBS, BBS, वार्षिक प्रणालीमा आधारित क्रमश : दुई बर्से र चार वर्षे हुन्। त्यसै गरी B.B.A., BIM सेमेस्टर प्रणालीमा आधारित ८ सेमेस्टरका हुन्।

२. **शिक्षाशास्त्रतर्फ** : M.ED., B.ED., B.ED. science, चार वर्से हुन् भने, BICTE ८ सेमेस्टरको कार्यक्रम हो।

३. **मानविकी र सामाजिक विज्ञानतर्फ**: M.A.[R.D.], ४ सेमेस्टर, B.A., ४ वर्ष, B.S.W. र B.C.A. ८ समेस्टर।

४. **विज्ञान र प्राविधिक धारतर्फ** : B.sc, [Env. Seience] B.sc, [Gen.Seience] ८ सेमेस्टर।

५. **प्रस्तावित कार्यक्रम** : B.sc.[CSIT]. BIT ८ समेस्टर, MA [MA [MSS COM.] ४ सेमेस्टर।

६. नेपाल राष्ट्रिय परीक्षा बोर्ड कक्षा ११ र १२ का शैक्षिक कार्यक्रमसमेत सञ्चालनमा रहेका छन्।

वि.सं.२०७४ सालमा **युजिसी**बाट **क्युएए** प्राप्त गर्न सफल यो कलेज आज प्राज्ञिक स्वायत्तताको दिशातर्फ लम्कँदै क्रमश : मानित विश्वविद्यालय बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको अवस्था छ। यस सप्तगण्डकी कलेजमा हाल सम्पूर्ण कार्यक्रममा २८७५ विद्यार्थी रहेका छन् भने स्थायी, अस्थायी र करार गरी ६२ जना प्राध्यापक प्राध्यापनरत हुनुहुन्छ। त्यसै गरी कार्यालय सहयोगीसहित २२ जना कर्मचारहरू सेवारत हुनुहुन्छ।

११. **हरिकुमार स्मारक कलेज**

हरिकुमार स्मारक कलेज भरतपुर महानगरपालिका वार्ड नं.-१५ मा रहेको छ। यसको विधिवत स्थापना वि.सं.२०६१ सालमा भएको हो। २०६० सालमा स्थानीय शिक्षाप्रेमी, बुद्धिजीवी र चन्दादाताहरूले श्रमद्भागवत महापुराण र धनधान्याचल महायज्ञ सम्पन्न गर्दा दानवीर हरि कुमार श्रेष्ठले सबैभन्दा बढी चन्दादान दिनुभएकोले उहाँकै नाममा कलेजको नामकरण गरिएको हो। यस कलेजमा २०६१ सालदेखि नै स्नातक तहका बि.बि.एस.का कक्षाहरू सञ्चान हुन थालेका हुन्। यस कलेजले वि.सं.२०६४ साल असोज २३ गते त्रि.वि.वि.बाट बि.बि.एसका कक्षा सञ्चालन गर्ने अनुमति पत्र प्राप्त गरी आज पनि व्यवस्थापनतर्फ चार बर्षे बि.बि.एस.का कक्षा सञ्चालन भइरहेका छन्।

यस कलेजका संस्थापक व्यवस्थापन अध्यक्ष र कलेज प्रमुखमा क्रमश : स्व.हर्कबहादुर पोखेल र श्री हरिप्रसाद न्यौपाने.हुनुहुन्थ्यो। वर्तमान केलेज व्यवस्थापन अध्यक्ष तथा कलेज प्रमुखमा क्रमशः श्री विजयराज शर्मा नवीन न्यौपाने हुनुहुन्छ। यस कलेजमा हाल जम्मा विद्यार्थी २०२ जना अध्ययनरत रहेको छन् भने ११ जना प्राध्यापकहरू प्राध्यापनरत हुनुहुन्छ । एक जना सहाकय लेखापाल र १

कार्यालय सहयोगीले सेवा प्रदान गरिरहनु भएको छ। यस कलेजका २ भवन रहेका छन् भने विश्वप्रकाश मा.वि.ले ७ कठ्ठा २ धुर जग्गा भोगाधिकार दिएको छ।

**निष्कर्ष :**

भरतपुर महानगरपालिकामा सञ्चालित सामुदायिक कलेजको मात्र सामान्य परिचय दिनु यस लेखको सीमा रहेकोले भरतपुर महानगरमा स्थापित र सञ्चालित जम्मा ११ वटा सामुदायिक कलेजको वस्तुस्थितिलाई यस आलेखमा प्रस्तुत गरिएको छ। आलेख तयार पार्न सम्बन्धित कलेजमा गई कलेज प्रशासनका आधिकारिक व्यक्तिबाट, फोन, सम्पर्कबाट कलेजले प्रकाशन गरेका स्मारिका, वार्षिक प्रतिवेदन बुलेटिन र विवरणिकाका आधारमा लेख तयार पारिएको हो। यथाशक्य तथ्यमा त्रुटि नहोस् भन्ने कुरामा सावधानी अपनाइएको छ। माथि वर्णन गरिएका कलेजमा यस समाजका मानिसको धेरै ठूलो आर्थिक, भौतिक, वैचारिक, बौद्धिक र श्रमको लगानी रहेको छ। २०४३ सालदेखि आजसम्म हजारौ विद्यार्थीले शिक्षा हासिल गरी जीवनलाई सार्थक बनाइसकेका छन् र आज पनि भविष्य निर्माणका लागि उच्च शिक्षा हासिल गरिरहेका छन्। त्यसै गरी सयौं प्राध्यापक र कर्मचारीले रोजगार प्राप्त गरी जीविकोपार्जन गरी सेवानिवृत्त भइसकेका छन्। आज पनि रोजगार प्राप्त भइरहेको छ तर आज नेपालमा बेरोजगारी बढिरहेको, पढ्दै कमाउँदै र रमाउँदैको अवस्था र अवसर नभएको पढेपछि पनि रोजगारको सुनिश्चितता नभएको उद्योगधन्दा कलकारखाना बन्द हुँदै गएका युवावर्ग आशावादी बन्न नसकेकोले कक्षा १२ सकिनासाथ सबै विद्यार्थी अध्ययनका नाममा होस् वा रोजगारका लागि विदेश पलायन भइरहेको डरलाग्दो अवस्था छ। केन्द्रका केही सामुदायिक कलेजबाहेक अन्य परिधिका सामुदायिक कलेजको भविष्य मात्र होइन वर्तमानसमेत चिन्ताग्रस्त छ।

विगतमा यी कलेजमा गरिएको व्यक्ति र समाजको लगानी सङ्कटमा पर्ने देखिन्छ। सामुदायिक कलेज सामाजिक,राजनैतिक र संस्थागत समस्याले कम र बढी राष्ट्रिय अदूरदर्शी चिन्तन र समस्याका कारण शिक्षा क्षेत्रका सामुदायिक कलेज धराशायी बन्ने अवस्था सिर्जना भएको छ। यस विषयमा अब स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारले गम्भीर भएर सोचेर तत्काल ठोस कदम चाल्नुपर्ने देखिन्छ। भौगोलिक रूपमा निकट भएका कलेजहरूलाई एकीकृत गरी त्रि.वि.को आङ्गिक बन्न चाहनेलाई त्रि.वि.को आङ्गिक र प्रादेशिक विश्वविद्यालयको आङ्गिक बन्न चाहनेलाई प्रादेशिक आङ्गिक बनाई भौतिक सम्पत्ति सामुदायिक कलेजमा पूर्णकालीन भई लामो समयदेखि सेवा प्रदान गर्दै आएका प्राध्यापक तथा कर्मचारीको आजसम्मको श्रम, पसिना र योगदानको सुरक्षा, संरक्षण गर्न सरकार पछि हट्नु हुँदैन। सामुदायिक कलेज मात्र होइन नेपालका सरकारी आङ्गिक कलेजहरू नै अस्तव्यस्त अवस्थामा रहेका छन्। शिक्षाक्षेत्र ध्वस्त भए राष्ट्र नै ध्वस्त वा समाप्त हुन्छ। अत : राज्य गम्भीर ढङ्गले अघि बढ्न निकै ढिला भइसकेको छ।

**कविता (संस्कृत भाषा)**

# नरविमर्शः

**(छन्द मन्दाक्रान्ता)**



✍ **गोविन्द गोपाल खतिवडा**
*उप-प्राध्यापक-हरिहर सन्यास आश्रम*

स्वान्तं स्वान्तःस्थमपि न हि भो दृश्यते केनचिद्धि
सर्वान् यद् दर्शयति तदपि प्रेक्षणीयं न विद्धि।
प्राणो यश्चेतयति सकलान् सोऽपि जीवैरदृश्यः
प्रेक्ष्यो देहः किमिह सततं सन्तुभिर्हा विमृश्यः ॥१॥

स्वप्राशस्त्यं प्रकटयति यो नैव साधुस्स उक्तः
सर्वान् दोषान् वदति स निजान् यश्च दोषैर्विमुक्तः।
एतादृक्षा मनुजनिवहेऽदृश्यतां यान्ति सिद्धा
दृश्यन्तेऽस्मिन् जगति बहुधा मत्सरोन्मत्तक्रुद्धाः ॥२॥

कर्ता तूष्णीं भवति यतते कार्यसम्पादनार्थम्
राद्धिं प्राप्यापि च न कुरुतेऽहङ्कृतिं संस्तदर्थाम्।
नान्यान् प्रज्ञो ज्ञपयति निजं लक्ष्यमेकञ्च कांश्चित्
वादं वादं न खलु कुरुते कर्म मूर्खस्तु किञ्चित् ॥३॥

ना योऽन्येषामविरतमिहोद्यम्य शं संविधत्ते
नान्यस्तस्मै परुषवचनाद् भिन्नमेकं प्रदत्ते।
सोढुं शक्ता तहि परगुणान् विष्टपे सन्ति केऽपि
श्वेतं त्यक्त्वेक्षणमसितमेत्येव शुभ्रैडुकेऽपि ॥४॥

भद्रं कार्यं महदपि परे नैव पश्यन्ति तस्य
भ्रष्टङ्कर्माविपुलमपि दूराद्धि पश्यन्ति तस्य।
स्वीयान् दोषान् मरणनिकटस्थाश्च स्वीकुर्वते न
जल्पं जल्पं स्वगुणविषयांश्चिन्वते सर्व एनः ॥५॥

# समालोचनामा चितवन



✍ पूर्णप्रसाद अधिकारी
*अध्यक्ष-बलराम वाङ्मय प्रतिष्ठान*

१. **समालोचनाको तात्पर्य**

समालोचना के हो ? यसलाई कसरी परिभाषित गर्ने भन्ने कुनै लक्ष्मणरेखा छैन, तथापि स्रष्टाको सिर्जनापछि उसका कृतिमाथिको पाठकीय प्रतिक्रियास्वरूप समालोचनाको आरम्भ हुन्छ । सिर्जना ठुलो र प्रथम कुरा हो भने समालोचना दोस्रो कुरा हो । समालोचनाका बारेमा पूर्वीय र पाश्चात्य साहित्यिक सभ्यतामा आआफ्नै खाले परिभाषाहरू छन् । कवि वा स्रष्टालाई प्राथमिकतामा राखेर *कविमर्निषी परिभू स्वयंभू । अपारे काव्य संसारे कवि रेक प्रजापति*जस्ता शास्त्रोक्त उद्गारले सिर्जनालाई ठुलो महत्त्व दिइएको थियो, दिइन्छ र दिइरहने अवस्था विद्यमान छ । कृति आएपछिमात्र उसका शक्ति र सीमाहरूलाई केलाउने काम हुन्छ । स्रष्टाको वैयक्तिक प्रतिभा र उसका सिर्जनामा देखिएको जीवन र जगत्प्रतिको दृष्टिकोण, कृतिको गरिमा र महिमा, स्रष्टाको चेतनाले देखेको भौतिक, भावात्मक र आध्यात्मिक दृष्टिकोण इत्यादि कुरा वा सामग्रीहरू स्रष्टाले रचना गरेको कृतिमा स्वाभाविक रूपले आएका हुन्छन् । समालोचकले नवीन सोच, दृष्टिकोण, शैली र अभिव्यक्तिका साथ आफ्नो दृष्टिकोणलाई प्रक्षेपित गर्दछ । सिर्जनामा जे कुराहरू आएका हुन्छन्, आलोचकले त्यसको गम्भीरता भित्र पसेर सूक्ष्म रूपले अध्ययन गर्दै जाँदा त्यो समीक्षा, विवेचना, दृष्टिकोणलगायत विभिन्न खाले अभिव्यक्ति बनेर आएको हुन्छ ।

**समालोचनाको व्युत्पत्ति र अर्थ**

'अवलोकन'को अर्थ वहन गर्ने 'लुच्' धातुमा 'णिच्', 'लोच्' बनेपछि यस 'लोच्' शब्दमा 'यु' प्रत्यय थपिएर 'अर्न' आदेश हुँदा 'लोचन' शब्द व्युत्पादन हुन्छ । 'लोचन' शब्दमा समग्रबोधी 'आ' उपसर्ग र स्त्रीत्वबोधी 'आ' प्रत्यय लागेपछि 'आलोचना' शब्द व्याकरणसम्मत र सार्थक रूपमा तयार हुन्छ । व्युत्पादन प्रक्रियाको अन्त्यमा सम्यक्, सन्तुलित, समचीन अर्थ सम्मिश्रण भएको आकाङ्क्षा राखेर आउने द्वितीय उपसर्ग 'सम' पनि थपिएपछि 'समालोचना' शब्द निर्माण हुने एउटा समग्र यात्रा पार भएर बनेको प्रस्तुत शब्दको अर्थ विभिन्न शब्दकोशहरूमा दिइएको पाइन्छ ।

परिभाषाकै सन्दर्भमा पूर्वीय र पाश्चात्य साहित्यशास्त्र र समालोचनामा आआफ्नै मूल्य र मान्यतासम्बद्ध परिभाषाहरू छन् । आचार्य भरतमुनिदेखि १७औँ शताब्दी ईश्वीसम्म पूर्वमा समालोचना विधा झर्झराउँदो रूपमा विकसित भएको अवस्था छ । पूर्वीयहरूले भरतलाई आदिगुरु मानिने साहित्यको परिभाषा, भरतका रससूत्रहरूको पुनर्व्याख्या गर्ने प्रक्रियासँगै विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । रस, रीति, अलङ्कार, ध्वनि, वक्रोक्ति, औचित्यका तत्त्वलाई बौद्धिक अन्तर्क्रियाका रूपमा कल्पनाभाव र बुद्धिको बढी प्रयोग गरेका छन्, जसमा प्रखर आचार्यहरूमध्ये भरत, दण्डी, विश्वनाथ, आनन्दवर्द्धन, कुन्तक, क्षेमेन्द्र प्रमुख छन् भने साहित्यलाई परिभाषित गर्ने र सकेसम्म सर्वस्वीकार्य बनाउने सन्दर्भमा भामहदेखि जगन्नाथसम्म एघार सय वर्षको लामो अभ्यास छ । साहित्यको सिर्जनात्मक पक्ष नै समालोचनाको पूर्वाधार हो भन्नेमा सबैजसो एक छन् । पूर्वीय आचार्यहरूको समीक्षा वा समालोचना नाटक र काव्यकेन्द्रित देखिन्छ । उनीहरूले साहित्यक अन्य विधालाई समेटेका छैनन् । यस सन्दर्भमा दुईवटा मात्र शब्दकोशमा परिभाषा उद्धरण गरिएको छ ।

*अक्सफोर्ड इङ्ग्लिस डिक्सनरी*मा कलात्मक कार्यको गुणस्तर निर्धारण गर्दै त्यस कृतिमा प्रयुक्त पात्र, चरित्रहरूको महत्त्व र प्राप्तिलाई निर्णय दिने कार्य आलोचना (Criticism) हो ।

*नेपाली बृहत् शब्दकोश*मा कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुण र दोषको वस्तुगत विवेचना गर्ने काम कुनै ग्रन्थ रचना, स्रष्टा आदिको सम्यक रूपमा विवेचना गरिएको रचना पनि समालोचना हो भनिएको छ ।

यी दुई परिभाषाहरूले सम्भव भएसम्म कृतिभित्रका सबै पक्ष र स्रष्टाको सिर्जनशील चरित्रलाई समेत प्रतिनिधित्व

गरिएको पाइन्छ । पश्चिमी सभ्यताको उदय र विकास ग्रिक सभ्यताबाट भएको छ । ई.पू. ३०० वर्षअगाडिका सोक्रेटस, प्लेटो र अरिस्टोटल त्रिमूर्ति दार्शनिकहरूले साहित्यको सौन्दर्य मीमांसालाई राम्रोसँग पचाएका छन् । सोक्रेटस मूलतः दार्शनिक हुन् तथापि साहित्यमा पनि उनको दर्शनका बाछिटाहरू आएका छन् । प्लेटो र अरिस्टोटल त साहित्य चिन्तक नै हुन् । यी ग्रिक त्रिमूर्ति परम्पराले समग्र साहित्य सभ्यतालाई निर्देशन गरेको अवस्था छ । पूर्वमा *वेद*का ऋचा, *यमयमी, उपनिषदका नाशदीयसूक्त, ब्राह्मण ग्रन्थ, रामायण* र *महाभारत* साहित्यको स्रोत भएजस्तै ग्रिसमा होमरका महाकाव्य *इलियट र ओडिसी* सन्दर्भ, मिथकलाई लिएर साहित्यलाई जीवनको रूपान्तरण गर्ने मार्गचित्र बताइएको छ । पश्चिमको प्राचीन र मध्यकाल उग्रधार्मिक चिन्तन र ईश्वरवादी प्रवृत्ति केन्द्रित भयो भने पुनर्जागरणकालपछि औद्योगिक क्रान्तिसँगै साहित्य र समालोचनामा आमूल परिवर्तन आयो । युरोप र अमेरिकामा पाश्चात्य समालोचनाको व्यापक विकास भयो । अनेकौँ सिद्धान्त, वाद र प्रणालीहरू विकसित भए ।

बिसौँ शताब्दी लागेपछि समालोचना विधामा अत्याधुनिक चिन्तनको विकास भयो । कला र साहित्यलाई आधार बनाएर बिसौँ शताब्दीमा मनोवैज्ञानिक मार्क्सवादी, शैलीवैज्ञानिक समाजवादी पाठक प्रतिक्रियापरक र उत्तर आधुनिक चिन्तनले विश्व समालोचना नै प्रभावित भयो । मैथ्यु अर्नोल्ड, हडसन, आइ.ए. रिचर्डस, टी.एस. इलियट, क्रिष्टोफ कडवेलहरूका समालोचनात्मक चिन्तनहरूले नेपाली समालोचना पद्धतिमा पनि प्रभाव पारेको छ । नेपाली साहित्यमा समालोचनाको यात्रा १३५ वर्षको आसपासमा छ । कविता रीति, वि.सं. १९६५ मा भानुभक्तको जीवनचरित्र, वि.सं. १९४८ मा मोतीराम नै नेपाली समालोचनाको कोसेढुङ्गा हुन् । त्यो समयदेखि आजसम्म देशभर र प्रवासमा समेत गरी १,५०० को आसपासमा समालोचकहरूको सङ्ख्या छ । सैद्धान्तिक तहमा मात्रै भन्ने हो भने समीक्षाको सौन्दर्य, समीक्षाको दर्शन, समीक्षाका वाद, सिद्धान्त र प्रणाली, समीक्षाको आधार, समीक्षाका प्रकारमात्रै पनि सयौँको सङ्ख्यामा आउन सक्छन् । समीक्षकहरूले यथासम्भव ती सबैलाई साहित्यिक कर्मशीलतामा रूपान्तरण पनि गरेका छन् ।

जहाँसम्म चितवनको कुरा हो, यो २०१० को दशकबाट बीजारोपण भएको स्थिति विद्यमान छ । २०१६ सालदेखि *जितिया पावनी* कृति प्रकाशित हुनु, २०२२ सालमा वीरेन्द्र इन्टर कलेजको स्थापना, २०२४ सालमा जिल्लाव्यापी साहित्यिक गोष्ठी हुनु, २०२६ सालमा *नौलो राँको* पत्रिका प्रकाशित हुनु र यसपछि *छहरो* (२०२७), *मारुनी* (२०२९), *विवेक* (२०४६), *वागीश्वरी* (२०४७), *सम्प्रेषण* (२०४७), *जनसाहित्य* (२०४८), *पल्लव* (२०५२), *प्रज्ञाश्री* (२०७०), *शिखरिणी* (२०७२) आदि साहित्यिक पत्रिकाहरूले चितवनको समालोचना विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । २०६० को दशकपछि नेपाली विषयका प्राध्यापक र अन्य स्रष्टाले पनि समालोचना विधामा सशक्त रूपले कलम चलाएका छन् । यस सन्दर्भमा कृतिमा पनि एउटा समालोचना कृति प्रकाशित भएको तथ्यलाई आधार मानेर सम्बन्धित समालोचकको व्यक्तिगत र कृतिगत विवरण यस आलेखमा दिइने छ । चितवनको समालोचनात्मक विकासमा शिक्षण संस्थाहरूको स्मारिका, साहित्यिक सङ्घ-संस्थाहरूको मुखपत्र, व्यक्तिगत साधना र समर्पण, सञ्चार माध्यम र पत्रकारिताको पनि महत्त्वपूर्ण योगदान रहेको छ ।

**चितवनका प्रमुख समालोचकहरू र तिनका कृति विवरण**

१. **अनिल सिग्देल (२०१५, स्याङ्जा)** : पश्चिम नेपालमा स्थित स्याङ्जा जिल्लाको आरुचौरमा उनको जन्म भएको हो । बी.ए.सम्मको अध्ययन गरी शिक्षण पेसामा आबद्ध सिग्देल कविका रूपमा पनि परिचित हुनु, सम्पादन र समीक्षामा पनि सक्रिय रहनु, १८ वर्षको उमेरमा *मुनामदन*को समालोचना लेखेर चर्चा कमाउनुलगायत *समालोचनात्मक रेखाङ्कनहरू* (२०३३) समालोचनाको कृति पनि प्रकाशित छ । विषयको सूक्ष्म विश्लेषण गर्नु र प्रभाववादी प्रवृत्ति केन्द्रित समालोचना लेख्नु उनको मुख्य समालोचनात्मक पहिचान हो ।

२. **उदय अधिकारी** (२०२५, **चितवन**) : अङ्ग्रेजी साहित्यमा उच्चशिक्षा प्राप्त अधिकारी लामो समय अङ्ग्रेजी विषयको प्राध्यापनपश्चात् निवृत्त जीवन बिताइरहँदा पनि अत्यन्तै बौद्धिक व्यक्तित्वका रूपमा उनको पहिचान भएको छ । बजारमा कुनै उच्चस्तरीय पुस्तक आयो भने सर्वप्रथम उनी नै पहिलो पाठक बन्ने गरेका छन् । यस मानेमा उनी पाठक प्रतिक्रियापरक समालोचनाका प्रतिनिधि पात्रसँगै चितवन र अन्यत्रका साहित्यिक कार्यक्रमहरूमा पनि उनको व्यक्तित्व सबैका लागि प्रेरणाप्रद बन्दछ । धेरै समयसम्म बोलाई सीमित

रहेका अधिकारी विगत पाँच वर्षदेखि लेखनमा पनि सक्रिय छन् । अन्तर्वार्ता शैलीका वार्तालापीय शैलीमा उनको व्यक्तित्व मुखरित भएको छ । अधिकारी उत्तम कुँवरको स्रष्टा र साहित्यको मार्गचित्रलाई अवलम्बन गर्ने लेखक हुन् । उनका मुख्य कृतिहरूमा *प्रश्न* (२०७८), *अविश्रान्त लखर लखर* (२०८१, खगेन्द्र सङ्ग्रौलाको जीवनीपरक इतिहास), *साकार समय* (२०८१), *प्रश्नको घेरामा* (२०८१, १० जना महिलाहरूको आख्यान सिर्जना केन्द्रित), *फेसिङ अ लिटिल भोलकानो* (२०८१, महेश पौडेल र उदयद्वारा लिइएको एकल वार्ता वा अन्तर्वार्ता) रहेका छन् । यी कृतिहरू नै उनको समालोचकीय पहिचान हो ।

३. **ऋषिप्रसाद लामिछाने** (**२००८, नुवाकोट**) : आन्तरिक बसाइँसराइका क्रममा २०२० सालपछि उनको बसाइँ चितवनमा भयो । आफ्नो स्वाध्यायनबाट साहित्यमा लागेर पहिचान बनाएका ऋषिको 'गोर्खे साइँलो' नामबाट साहित्यमा ख्याति कमाएको अवस्था छ । हरेक वर्ष साहित्यिक कुम्भमेला गरी मेची-महाकाली र भारतका समेत स्रष्टाहरू भित्र्याएर साहित्यिक महाकुम्भ आयोजना गर्नु, *पल्लव* साहित्यिक वार्षिक पत्रिका प्रकाशन गर्नु, पल्लवकै नामबाट विभिन्न पुरस्कार तथा सम्मान अर्पण गर्नु उनको साहित्यिक यज्ञ भएको छ। गजललाई पुष्पित र पल्लवित गराउनु उनको कर्मशील चरित्र हो । गजलसँगै शास्त्रीय वार्णिक छन्दमा पनि उनको साहित्य सिर्जना सक्रिय छ । नेपालमा प्रयोग हुने पिङ्गला (वर्णमात्रिक) छन्द र हिन्दी, उर्दू र फारसीमा प्रयोग हुने बहरका अनेकौं परिचय र उदाहरण *पल्लव* पत्रिकामार्फत् सार्वजनिक गरेका छन् । गजलसम्बन्धी शास्त्रीय ग्रन्थ लेखेर नेपाली समालोचनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको स्थिति विद्यमान छ । उनका मुख्य कृतिहरूमा *कादम्बरी* (२०६३, शास्त्रीय वार्णिक छन्दको कवितासङ्ग्रह), *सम्मोहन* (२०६२, गजलसङ्ग्रह), *मुस्कान* (२०६२, शास्त्रीय सूत्रमा आधारित गजलसङ्ग्रह), *सूत्रमाला* (२०६३), *गजल दर्शन* (२०६९) रहेका छन् । साहित्यमा लागेर विशिष्ट योगदान पुऱ्याएका कारण नेपाल र भारतका विभिन्न स्थानबाट अनेकौं सम्मान र पुरस्कार पनि उनले पाएका छन् ।

४. **एकनारायण पौड्याल** (**२०२३, स्याङ्जा**) : नेपाली साहित्यमा एम.ए. र विद्यावारिधिसम्म गरेका पौड्याल चितवनको समालोचनाको क्षेत्रमा बौद्धिक व्यक्तित्वभित्र पर्दछन् । वीरेन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापनरत रहनु, नेपाली साहित्यमा कविता, निबन्ध र समालोचकका साथै सम्पादन कार्यमा सक्रिय रहनु उनको साहित्यिक पहिचान हो । यिनका मुख्य कृतिहरूमा *समालोचनाको स्वरूप र पद्धति* (२०७०), *आधुनिक नेपाली समालोचनाको इतिहास* (२०७०), *वी.पी. कोइरालाका वैचारिक आयाम* (सम्पा., २०७२), *निसमालोचना सिद्धान्त र प्रयोग* (२०७८), *नेपाली निबन्धको इतिहास, अनुसन्धान प्रतिवेदन* (२०७९), *नेपाली निबन्धको इतहिास* (२०७९), *नेपाली कथामा आञ्चलिकता सिद्धान्त र प्रयोग* (२०८०) आदि प्रमुख छन् । नेपाली समालोचनामा नै विद्यावारिधि गरेका पौड्याल समालोचनाको इतिहास र परम्परालाई गम्भीर रूपबाट अध्ययन गर्ने बौद्धिक व्यक्तित्व हुन् । उनको समालोचकीय प्रवृत्ति इतिहाससापेक्ष र निरपेक्ष दुवै प्रकारको छ । समग्रमा भन्नुपर्दा नेपाली समालोचना परम्परामा पौड्यालले छुट्टै पहिचान र योगदान स्थापित भएको छ ।

५. **कपिल मणि शर्मा रेग्मी** (**२०१४, स्याङ्जा**) : नेपाली साहित्यमा एम.ए. गरेपछि ३७ वर्ष प्राध्यापन गरी सेवानिवृत्त रेग्मी 'अज्ञात' नामबाट स्थापित र परिचित छन् । सैद्धान्तिक र व्यावहारिक समालोचना लेख्ने व्यक्ति र कृति केन्द्रित प्रवृत्तिमा रमाउने समालोचना हुन् । भाषिक क्षमतामा आनुप्रासिक वर्णविन्याससँग खेल्न सक्ने साहित्यिक खेलाडी हुनु, ज्योतिष र साहित्यका बारेमा नयाँ चिन्तनको अन्वेषण गर्नु, साहित्यको सिर्जनामा सैद्धान्तिक चेतना प्रदान गर्नु, शङ्कर लामिछानेको बिम्ब र प्रतिबिम्बको मार्गचित्रमा व्यक्तित्व आरेख तयार गर्नु, सैद्धान्तिक र व्यावहारिक समालोचनासँगै लोकसाहित्यको पनि अन्वेषणमा रुचि राख्नु अज्ञातको समालोचकीय पहिचान हो र २०४७ देखि हालसम्म *अज्ञातका कविता* (कवितासङ्ग्रह-२०४७), *स ा ि ह त य सिर्जन-प्रक्रिया* (खोजमूलक अनुशीलन-२०५५),

*समालोचनाको सन्दर्भ* (समालोचनासङ्ग्रह-२०५५), *पत्र-सन्देश* (साहित्यिक पत्रसङ्ग्रह-२०६४), *अनुभूतिका उमङ्ग* (मुक्तकसङ्ग्रह-२०६४), *समयसमयका स्वरहरू* (गजलसङ्ग्रह-२०६४), *भूलहरूका विरुद्ध* (निबन्धसङ्ग्रह-२०६४), *समीक्षा-सन्धान* (विविध समीक्षासङ्ग्रह-२०६४), *देवकोटा आयाम र प्रवृत्ति* (समीक्षासङ्ग्रह-२०६५), *ज्योतिष र साहित्य* (खोजमूलक-२०६६), *स्रष्टा बिम्ब : व्यक्तित्व आरेख* (खोजमूलक समालोचना-२०६७), *निर्वात स्वरहरू* (कवितासङ्ग्रह-२०६७), *लोकसाहित्य, प्रवृत्ति र अन्वेषण* (समालोचना-२०६७), *देवकोटा क्षितिज* (समालोचना-२०७७), *समयको सुगन्ध* (निबन्धसङ्ग्रह-२०७७), *विवित्सा वृत्त* (निबन्धसङ्ग्रह-२०७७), यात्रा-अनुस्मृति (*यात्रासंस्मरण*-२०७७), *चितवन-विम्ब* (गतिविधि र शोधखोज-२०८१), *भुमरीको बतास* (कवितासङ्ग्रह-२०८१), *अनु-विम्ब* (मुक्तकसङ्ग्रह-२०८१), *गीति गुञ्जन* (गीति-कवितासङ्ग्रह-२०८१), *व्यासका तीन आयाम* (समीक्षा-२०८१), *गम्भीर मोडमा* (निबन्धसङ्ग्रह-२०८१), *संविधान, शान्ति र स्थायित्व* (सम्पा.) (विविध आलेख-२०६९), *राजनीतिमा शान्ति र समाजमा सन्तुलन,* चितवन शान्ति समाज (सम्पा.) विविध आलेख-२०७०) गरी २४ वटा कृतिहरू प्रकाशित छन् । चितवनमा रहेका विविध विधामा क्रियाशील हुने सिद्धहस्त लेखकका रूपमा उनको नाम अग्रपङ्क्तिमा आउँछ ।

६. **कृष्णप्रसाद सापकोटा** (२०२१, **स्याङ्जा**) : नेपाली साहित्यमा एम.ए., एम.फिल र विद्यावारिधि गरेका स्याङ्जाली माटोमा जन्मेर चितवनमा रमाएका सापकोटा मूलतः समालोचक हुन् । फुटकर रूपले तीन दर्जन लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने *समालोचनाका आयाम* (२०७४) र *नेपाली उपन्यासमा आञ्चलिकता* (२०७७) रहेका छन् । उनको आञ्चलिकता कथा र उपन्यासमा केन्द्रित छ। आञ्चलिक सिद्धान्तका आडमा कृतिको वस्तुपरक विश्लेषण गर्नु उनको समालोचकीय पहिचान हो ।

७. **कुलप्रसाद ढुङ्गाना** (२०११, **लमजुङ**) : लमजुङमा जन्मेर चितवनलाई कर्मथलो बनाउँदै लामो समयसम्म प्राध्यापनरत रही हाल सेवानिवृत्त ढुङ्गाना समालोचकका रूपमा परिचित छन् । साहित्यका विभिन्न विधामा कलम चलाए पनि राष्ट्रकवि माधवप्रसाद घिमिरेका कृतिमाथि विद्यावारिधि गर्नु, पूर्वीय काव्यशास्त्रलाई विवेचनाको आधार बनाउनु, प्रभाववादिताभन्दा सिद्धान्तनिष्ठ भई साहित्यको मूल्याङ्कन गर्नु, नेपाली समालोचना परम्परामा उल्लेख्य स्थान हुनु, मुख्य समालोचनात्मक कृतिहरूमा *शोध र समीक्षा* (२०६६), *पूर्वीय साहित्य सिद्धान्त* (२०६६), *लोकसाहित्य सिद्धान्त र प्रयोग* (२०६८), *खण्डकाव्य सिद्धान्त र केही खण्डकाव्य* (२०६८) उल्लेख्य योग समालोचनात्मक कृतिहरू हुन् ।

८. **केदारनाथ खनाल** (२००१, **गोरखा**) : अन्तरिक बसाइँसराइका क्रममा २०१३ सालदेखि चितवनमा बसेका एम.एड.सम्म शिक्षाप्राप्त खनाल शिक्षाविद्, भाषाविद्, कवि, नियात्राकार र समालोचक पनि हुन् । लामो समयसम्म शिक्षण संस्था र साहित्यिक संस्थाको नेतृत्व गर्दै आएका खनाल हाल चितवन साहित्य प्रतिष्ठानका अध्यक्ष छन् । प्राध्यापन र साहित्यिक पत्रकारितालाई एकसाथ अगाडि बढाउँदै हाल प्राध्यापन सेवानिवृत्त भए पनि साहित्यिक यात्रा र सिर्जना जारी रहनु, एकासी वर्षीय उमेरमा पनि साहित्यमा कर्मशील रहनु उनको पहिचान बनेको छ । दशभन्दा बढी देशको भ्रमण गर्नु, दुई दर्जनको आसपासमा सम्मान र पुरस्कार प्राप्त हुनु, साहित्यिक कर्मशीलतालाई प्राथमिकता दिनु उनको चिनारी बनेको छ । समालोचनामा प्रभाववादी प्रवृत्तिसँगै कृतिमा निहित शक्ति र सीमाको विश्लेषण गर्नु पनि समालोचकीय धर्म बनेको उनका विभिन्न विधामा प्रकाशित कृतिहरूमा अनुभूतिका शब्द तरङ्ग (कवितासङ्ग्रह, २०६१), शिक्षा : केही गन्थन केही मन्थन (शैक्षिक निबन्धसङ्ग्रह, २०६२), यात्राका स्पन्दनहरू (नियात्रासङ्ग्रह, २०६५), स्मृतिका बिम्बहरू (संस्मरणात्मक निबन्धसङ्ग्रह, २०६६), दुईधार एक लहर (नियात्रा र संस्मरणात्मक निबन्धसङ्ग्रह, २०७०), *Heart Beats of My Travels (Travel Essays,* २०७१), उज्यालोको खोजी (कवितासङ्ग्रह, २०७४),

नेपाली संस्कृतिका केही आयाम (सांस्कृतिक निबन्धसङ्ग्रह, २०७६), केही समीक्षात्मक अभिरेखाङ्कन (समालोचनासङ्ग्रह, २०७६), महादेशीय यात्रा र स्वदेशको माया (नियात्रासङ्ग्रह, २०७६), ताकलुङको गरिमा (काव्य, २०७७), केदारनाथ व्यक्ति-कृति (२०७७) र फुटकर लेख तथा कविताहरू रहेका छन् । केदारनाथ खनालको दोस्रो समालोचनात्मक पुस्तक व्यक्ति-कृतिमाथि दृष्टि (२०८१) पनि प्रकाशित भएको छ । विभिन्न क्षेत्र, विधा र विषयका महत्त्वपूर्ण कृतिहरू र विशिष्ट व्यक्तित्वहरूमाथि परम्परित पद्धतिभन्दा भिन्न शैली, शिल्प र ढाँचामा विमर्श गरिएको सत्रवटा आलेखहरूको सङ्गालो यो कृतिलाई ' निसमालोचना' भनिएको छ ।

९. **केशवराज आमोदी भट्टराई** (२०१३, **तनहुँ**) : शास्त्रीय छन्दमा कविता लेख्नु, फुटकर रूपबाट सबै विधामा कलम चलाए पनि निबन्ध र समीक्षामा पनि सङ्ग्रहको प्रकाशन भएको छ । उनका मुख्य साहित्यिक कृतिहरूमा *हिमाल रुन्छ* (२०४७, उपन्यास, सहलेखन), *अरण्यरोदन* (२०५४, खण्डकाव्य), *कर्मभूमि* (२०६०, मुक्तकसङ्ग्रह), *जलतरङ्ग* (२०६०, गजलसङ्ग्रह), *दिपिका* (२०६०, गजल-काव्य), *प्लिज अहिले म टेन्सनमा छु* (२०७१, निबन्धसङ्ग्रह), *अवलोकन र अनुभूति* (२०७६, समालोचना सङ्ग्रह) प्रकाशित छन् ।

१०. **केशवराज चालिसे** (२०३३, **बागलुङ**) हाल चितवनमा बस्नुहुने चालिसे नेपाल संस्कृत विश्वविद्यालयमा अङ्ग्रेजी विषयका सहप्राध्यापक हुन् । सिर्जनाका दृष्टिले कविता, लघुकथा र समालोचना हो तथापि अङ्ग्रेजी भाषामा राम्रो दख्खल भएका युवापुस्ताका जल्दा-बल्दा प्रतिभाशाली, बौद्धिक विद्वान्का रूपमा आफ्नो पहिचान बनाएका छन् । समालोचनाको क्षेत्रमा उनको कलम प्रखर रूपबाट अगाडि बढेको छ । तीन दर्जनभन्दा बढी समालोचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् । विशेषतः उनको लेखन हिन्दु, वैदिक तथा पौराणिक साहित्यमा लैङ्गिक चेतना र लैङ्गिक समालोचना सङ्ग्रह *रामायण* र *महाभारत*का नारी पात्रहरूको स्थान कसरी निर्धारित गरिएको छ र प्राचीन हिन्दु ग्रन्थहरूले नारी र पुरुष चेतनालाई कुन रूपमा स्थापित गरेका छन् । वैदिक तथा पौराणिक ग्रन्थहरूमा लैङ्गिक विभेद र समानता विषयमा व्यापक चर्चा भएको छ । चालिसेका मुख्य कृतिहरू यसप्रकार छन् । अङ्ग्रेजी भाषामा *डिस्कोर्स अन् वी.पी. कोइरालाज नोवेल्स* वी.पी. कोइराला मेमोरियल ट्रस्टद्वारा प्रकाशित यस पुस्तकभित्र अङ्ग्रेजी भाषामा वी.पी.का छवटै उपन्यासहरूको व्यापक र विशद विश्लेषण गरिएको छ । विशेषगरी राजनीतिक प्रभाव, किनारीकृतको आवाजका बारेमा नयाँ विश्लेषण छ । *जेण्डर मेथोमिडिया, जेण्डर डी.भी. नीति हिन्दु मिथ स्टडिज एण्ड द रिगुवाइड द रामायण, हिन्दु पौराणिक साहित्यमा लैङ्गिक चेतना* (समालोचनासङ्ग्रह) प्रमुख छन् । सममग्रमा उनको लेखन अनुसन्धानात्मक र विवेचनापरक छ ।

११. **खुमनारायण पौडेल** (२०२१, **पर्वत**) : भूगर्वशास्त्रमा उच्चशिक्षा प्राप्त खुमनारायण मुलतः कवि हुन् । पेसाले त्रि.वि. को भूगर्भ केन्द्रीय शिक्षण विभागमा कार्यरत पौडेलका कृतिहरूमा *अत्तिमेत्थम* (२०४९), *नरमेध* (२०६३) कवितासङ्ग्रह हुन् भने समालोचनातर्फ *आख्यान पुरुष ध्रुवचन्द्र गौतम* (२०६०, सहसम्पादन), *नोबेल पुरस्कार विजेता साहित्यकार* (२०६२, सहलेखन) बाहेक भूमिका र जीवनीमूलक नेपाली समालोचनामा पनि यिनका समीक्षात्मक कृतिहरू प्रकाशित भएका छन् ।

१२. **गायत्री श्रेठ** (२००७, **इलाम**) : प्राध्यापन सेवाबाट निवृत्त गायत्री सर्जक र समालोचक हुन् । गीत, नियात्रा, संस्मरणसँगै समालोचनामा पनि उनको कलम चलेको छ । *देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण* (२०४६), *नारायणी अञ्चलका नारी हस्ताक्षरहरू* (२०६२), *केही कृति आफ्नै दृर्षि* (२०६५) आदि मुख्य रहेका छन् ।

१३. **गोविन्दराज विनोदी** (**कास्की**, २०१०) : नेपाली साहित्यका छन्द कवितामा असाधारण क्षमता राख्ने विनोदी माधव घिमिरेका उत्तराधिकारी हुन् । उनका खण्डकाव्य, महाकाव्य र कवितासङ्ग्रह गरी डेढ दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् । प्रत्येक कृतिको आग्रह र अनुरोधका बिच आवरण कविता लेखनमा उनको विशेष पहिचान र योगदान रहेको

छ । विनोदीका केही समालोचनात्मक कृतिहरूमा *सृष्टिमाथिका दृष्टि* (२०२६) व्यक्ति र कृतिकेन्द्रित प्रभावपरक कृतिकेन्द्रित समालोचना सङ्ग्रह हो । कुनै पनि कृतिको भूमिका लेखन, शुभेच्छा र सम्मतिका कोणबाट कृतिलाई विवेचना गर्नु उनको समालोचकीय पहिचान हो ।

१४. **ज्ञानु अधिकारी** (२०३५, **चितवन**) : नेपाली साहित्य र समालोचनामा नारी लेखिकाको पहिचान बनाएकी ज्ञानु अधिकारी सिर्जनात्मक रूपले कविता र निबन्धमा ख्याति कमाएकी छिन् । *बौद्धिक विमर्श* ग्रन्थ लेखनका रूपमा प्राध्यापकीय चरित्रमात्र होइन विशिष्ट अध्ययनको झलक पनि उनको समालोचनामा पाइन्छ । उनका मुख्य कृतिहरूमा *प्रायोगिक समालोचनाका केही प्रतिरूप* (२०६७), *नेपाली नारी समालोचना परम्परा, प्रवृत्ति र विश्लेषण* (२०६८), *सृजन विधाका परिधिमा सनत रेग्मी* (२०७०), *विश्व नारी नेपाली साहित्य परम्परा र प्रवृत्ति* (२०७१, सहलेखन), *पाश्चात्य साहित्य इतिहास प्रतिभा र प्रवृत्ति* (२०७१), *वर्ष साहित्य इतिहास* (२०७१), *भीमनिधि तिवारीको गजलकारिता र भजनकारिताको विश्लेषण* (२०७२), *नेपाल प्रज्ञाप्रतिष्ठानका गौरवमय साठी वर्ष* (२०७४, सहलेखन), *संवेदनाको समायोग* (२०८०, आत्मपरक निबन्धसङ्ग्रह) उल्लेख्य छन् । नेपाली साहित्य र समालोचनामा भर्भराउँदो नारी हस्ताक्षरका रूपमा उनको उदय भएको छ । उनको समालोचकीय प्रवृत्ति र विधातात्त्विक, साहित्यिक इतिहास, नारीकेन्द्रित शोधमूलक र विश्लेषणात्मक पनि छ । नेपाली समालोचनामा उनको यही गति रहेमा समालोचकीय योगदानको उल्लेख्य भूमिका हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

१५. **डी.आर. पोखरेल** (२०११, **ओखलढुङ्गा**) : २०३० सालदेखि नै साहित्य सिर्जनामा सक्रिय रहेका पोखरेल प्रगतिवादी नेपाली साहित्य र समालोचनामा छुट्टै महत्त्व राख्दछन् । २०४२ सालपछि चितवन आएर परिचित भएका छन् । *हाम्रो सिर्जना* नामको पत्रिकामार्फत् साहित्यका विविध पक्ष र वाङमयको सेवामा समर्पित छन् । अध्ययनशील, पुस्तकप्रेमी व्यक्तिका रूपमा उनको पहिचान छ । हालसम्मका उनका साहित्यिक कृतिहरूमा *राजकृष्ण कँडेलको जीवनी र विचार* (२०६५), *यथार्थवादी समालोचनाको गोरेटोमा* (२०५४), *पारिजातको साहित्यिक मूल्याङ्कन* (२०६२), *समालोचनाको रूपरेखा* (२०६५), *प्रतिभा र प्रवृत्ति* (२०७२), *नेपाली उपन्यासमा गणतान्त्रिक चेत* (२०६३), *साहित्य सङ्गम चितवनको सङ्क्षिप्त इतिहास* (२०६३), *खुला आकाशतर्फ* (संस्मरण/नियात्रा, २०६३), *संस्कृतिको सेरोफेरो* (संस्मरण/नियात्रा, २०६४), *हायु जातिको लोकजीवन* (२०७०), *हिँड्न नपर्ने गोरेटो* (संस्मरण/नियात्रा, २०७२), *हाम्रो सिर्जना* (आनन्ददेव भट्ट अभिनन्दन ग्रन्थ, सम्पादक, २०६८), *पवित्र बौद्ध स्थलहरू* (२०७४), *जय गोविन्द शाह एक सङ्घर्षशील व्यक्तित्व* (२०७५), बसाई उपन्यासका लेखक लीलबहादुर क्षेत्रीका भूमिकाहरको सम्पादन (२०७८), *अग्रजहरूको जीवन सङ्घर्ष* (२०७८), *समवेद संस्कृति* (२०७५), *शब्दचित्रमा डी.आर. पोखरेल* (२०७९) मा ६२ जना लेखकहरूले डी.आर. को व्यक्तित्व र कृतित्व केन्द्रित ३०७ पृष्ठको अभिनन्दन ग्रन्थ मुख्य छन् । समग्रमा डी.आर. आलोचनात्मक यथार्थवादी, समाजवादी समालोचनाका आधारमा आफ्नो समालोचकीय कर्मक्षेत्र बनाउँछन् । नेपाली साहित्यको प्रगतिवादी समालोचनाको क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान रहेको छ ।

१६. **दयानिधि घिमिरे** (२०१८, **लमजुङ**) : नेपाली भाषा र साहित्य शिक्षातर्फ प्राध्यापन सेवानिवृत्त घिमिरेका डेढ दर्जन भन्दा बढी साहित्य र शिक्षण पद्धतिसँग सम्बन्धित लेख, रचनाहरू प्रकाशित छन् । नेपाली भाषा शिक्षणमा विशेष अभिरुचि राख्ने गरेका यी व्यक्तिका मुख्य समालोचनात्मक कृतिहरू भने यसप्रकार छन् : *परिचयात्मक नेपाली भाषाशिक्षण* (२०६७), *नेपाली भाषा शिक्षण* (२०६९), *भाषा पाठ्यक्रम पाठ्य शिक्षण विधि* (२०७०) मुख्य छन् । घिमिरेका समीक्षकीय पद्धति शिक्षाशास्त्र र शिक्षण विधि केन्द्रित रहेको पाइन्छ ।

१७. **दीनानाथ शर्मा पण्डित** (२०२३, **तनहुँ**) : प्राध्यापन पेसाबाट निवृत्त यी व्यक्तिको नियात्रा र समालोचनामा कलम चलेको छ । नेपाली साहित्यमा उनको *गोर्खा*

(२०५४) एकमात्र समालोचनात्मक कृति हो । नेपाली साहित्यको विकासमा गोर्खा जिल्लाले पुऱ्याएको योगदानको चर्चा र विमर्श यस पुस्तकमा भएको छ । समग्रमा नेपाली साहित्यको विकासमा त्यस जिल्लाको साहित्यिक इतिहास लेखेर नेपाली साहित्यिक इतिहास लेखन परम्परामा एउटा इँटा थप्ने काम शर्माबाट भएको छ ।

१८. **दीपक गौतम** (२०२८, **चितवन**) : नेपाली साहित्यमा गजल, छन्द कविता र समीक्षामा सशक्त रूपमा लागेर कलम चलाएका व्यक्तित्व दीपक गौतम हुन् । विभिन्न साहित्यिक पत्रपत्रिका, स्मारिका, *पल्लव, वागीश्वरी, सम्प्रेषण*लगायतमा दुई दर्जनजति समीक्षात्मक लेख, रचनाहरू प्रकाशित छन् । मुख्य कृतिमा *शब्दहरू अविराम यात्रामा* (२०५७, संयुक्त कवितासङ्ग्रह), *अमर त्यागीका कवितामा वस्तुविधान* (२०८०) प्रकाशित छन् । उनको लेखन बौद्धिक र वस्तुपरक विवेचनामा आधारित छ ।

१९. **धनेश्वर भट्टराई** (२०१९, **तनहुँ**) : 'मुक्तिमानव' उपनामबाट पनि साहित्यको सिर्जना गर्ने भट्टराई वंशदर्पणका उपज हुन् । उनी कवि, खण्डकाव्यकारका साथै समालोचक पनि हुन् । महाकवि देवकोटाका महाकाव्यहरूमाथि विद्यावारिधि गरेका भट्टराईको समालोचनात्मक लेखन वस्तुवादी र बौद्धिक खालको छ । उनका मुख्य साहित्यिक कृतिहरूमा : *गोर्खागाथा* (२०६१, खण्डकाव्य), *कृति र दृष्टि* (२०६५, सहलेखन), *देवकोटाका जीवनी, कविता र महाकाव्य यात्रा* (२०७२, समालोचना), *समीक्षा अनुशीलन* (२०७२), *पारिजात चिन्तन र प्रवृत्ति* (२०७२), *देवकोटाका महाकाव्यमा सामाजिक चेतना* (२०७३), *अवलोकन* (२०७०) सँगै विभिन्न पत्रपत्रिका, जर्नलहरूमा समीक्षा, इतिहाससापेक्ष, व्यावहारिक व्यक्ति र कृतिकेन्द्रित प्रगतिवादी, प्रभाववादी र विश्लेषणात्मक देखिन्छन् । माथि उल्लेखित समीक्षात्मक अनुशीलनबाट प्रगतिवादी नेपाली समालोचनामा भट्टराईको महत्त्वपूर्ण योगदान रहेको छ ।

२०. **नारायणप्रसाद खनाल** (२००९, **प्युठान**) : नेपाली र संस्कृत भाषामा समान रूपले कलम चलाउने खनाल त्रि.वि. सेवा निवृत्त प्राध्यापक हुन् । यिनी सिर्जनामा कविता र निबन्धमा रमाएका छन् भने अनुवादक, सम्पादक, समालोचकका रूपमा आफ्नो ख्याति कमाएका छन् । उनका मुख्य कृतिहरूमा *केही रहर केही ठहर* (२०४९), *समीक्षा प्रहर प्रहरका* (२०६१), *गोर्खाको डायरी* (२०६१), *समीक्षाका आकारहरू* (२०६५), *प्रज्ञा द्योनित संस्कृत मनीषी प्रा.डा वेणिमाधव ढकाल* (२०७३) आदि उल्लेख्य छन् । उनका असङ्ख्य फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन्, जसको सङ्ख्या सयौँमा आकलन गर्न सकिन्छ । हरोहरिर्हिरणगर्भ, नाप्रख नाधिके आीद उपनामबाट पनि उनका समीक्षा प्रकाशित छन् । खनाल नेपाली समालोचनाका लब्धप्रतिष्ठित विद्वान् हुन् । अनुसन्धानात्मक, सामान्य, व्यावहारिक, सैद्धान्तिक, व्यक्ति र कृति केन्द्रित, विधापरक, प्रभाववादी समालोचना पद्धति अवलम्वन यी पात्रको नेपाली समालोचनाको उल्लेख्य योगदान हो ।

२१. **नारायणदत्त शास्त्री** (१९८९, **तनहु**) : लामो समयसम्म जिल्ला शिक्षा अधिकारी भई देशको सेवा गरेका शास्त्रीको थर आचार्य हो । भानुभक्तकै वंशवृक्षका साहित्यिक व्यक्तित्व हुन् उनी । नाटक, निबन्ध, कविता र नियात्रामा समेत कलम चलाएका शर्माको *साहित्यिक ऐना* (२०१६) नामक पुस्तक प्रकाशित छ । यसमा सैद्धान्तिक, व्यावहारिक र प्रभाववादी समालोचना प्रवृत्ति र पद्धति कायम रहेको छ ।

२२. **पूर्णप्रसाद अधिकारी** (२०१६, **कास्की**) : यिनको जन्म कास्कीमा भए पनि जागिरका सिलसिलामा चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसमा लामो समयसम्म प्राध्यापन सेवा गरी हाल सेवा निवृत्त रहेका छन् । मूलतः संस्मरण र नियात्रापरक निबन्ध लेखनसँगै समीक्षकको रूपमा उनले आफ्नो पहिचान बनाएका छन् । नेपाली समिक्षाको क्षेत्रमा आफ्नो पहिचान बनाएका छन् । व्यावहारिक, प्रभाववादी कृति विधाकेन्द्रित भन्नु भन्दा पनि सबै स्रष्टाका व्यक्तित्व र कृतित्वमा आधारित भई समीक्षा लेख्ने क्रममा ऐतिहासिक, तुलनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी मूल्याङ्कन गर्ने अधिकारीले व्यावहारिक नेपाली समालोचनामा उल्लेख्य कर्म गरेको पाइन्छ । उनका २०८० सालसम्म

प्रकाशित समीक्षात्मक कृतिहरूको विवरण यसप्रकार छ : *महाकवि देवकोटा केही आयाम* (२०६२), *नेपाली नाटकको अध्ययन* (२०६३), *नेपाली नाटकमाथि विहङ्गम दृष्टि* (२०७२), *मूल्याङ्कनका वृत्तमा देवकोटा* (२०७२), *बिम्बदृष्टिमा केही स्रष्टा* (२०७२), *नेपाली साहित्य आयामिक निरूपण* (२०७२), *सिर्जनधर्मितामा चितवनका स्रष्टा* (२०७३), *नाटककार बालकृष्ण समका नाटकमा बालपात्रको प्रयोग* (लघुअनुसन्धान, २०७५), *अभिवीक्षणका विविध आयाम* (२०७७), *अनुरञ्जन आफैभित्र* (यात्रासंस्मरण, २०८०), *अविस्मृत अभिव्यञ्जना* (संस्मरण/नियात्रासङ्ग्रह, २०६६), *अनुस्मृतिका तरङ्गहरू* (यात्रा संस्मरण/लेखहरूको सङ्ग्रह, २०७७), *समालोचकका दृष्टिमा पूर्णप्रसाद अधिकारी* (रजस्थल विशेषाङ्क-२०८०) । यसका साथै २०० को आसपासमा विविध विधाकेन्द्रित लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । सबै स्रष्टाका रचनाहरूप्रति समान दृष्टिकोणका साथ समीक्षा गर्नु अधिकारीको समालोचकीय धर्म हो ।

२३. **बलराम अधिकारी** (**२०३४, गोर्खा**) : उनको अनुवाद सिद्धान्त र ज्ञानप्रति विशिष्ट योगदान छ । त्रि.वि. का बी.एड., एम.एड. को पाठ्यक्रममा आधारित अन्तर्राष्ट्रिय अनुवादसँगको उनको गहन अध्ययन छ । नेपाली साहित्यमा अनुवाद सिद्धान्तको खडेरी परेको समय (२०७१ साल) मा ऐतिहासिक एवम् समसामयिक विश्लेषणयुक्त *अनुवाद सिद्धान्त र प्रयोग* नामक पुस्तक बजारमा आयो । यसलाई प्रा.डा. गोविन्दराज भट्टराईले उच्चप्राथमिकता दिएका छन् । त्यसो त *इरेजर* नामक चिन्तनपरक निबन्धसङ्ग्रह पनि प्रकाशित छ । यसबाहेक छवटा अङ्ग्रेजी भाषामा व्याकरण, कविता, भाषा, लोकसाहित्य, जीवनीसँग समीक्षात्मक कृतिहरू पनि प्रकाशित छन् । उनी अनुवाद समाज नेपालका उपाध्यक्ष पनि हुन् ।

२४. **बाबुराम पाण्डे** (**२००३, तनहुँ**) : चितवन जिल्लाका ज्येष्ठ पत्रकार, संस्कृतिविद्, अनुसन्धाता र कविका रूपमा उनको पहिचान बनेको छ । उनका मुख्य कृतिहरूमा *बाबुराम पाण्डे व्यक्ति र कृति,* यो अभिनन्दन ग्रन्थ हो । पचपन्नवटा लेख र रचनाबाट उनको मूल्याङ्कन गरिएको छ । *अनुवाद कला* (२०७३), *चितवन समसामयिक कलानाथ अधिकारी विशेषाङ्क* (सम्पादन), *मेरो आस्थाका धरोहर* (२०५७), *जितिया पावनी* (२०६०, थारु भाषाबाट नेपालीमा अनुवाद), *चितवनको चिनो* (२०६०-०७३), *जीवनको आधारहरू* (२०७४), *समयको आवाज* (२०६०, कवितासङ्ग्रह) आदि उल्लेख्य छन् । थारु संस्कृति, सभ्यता र भाषाविज्ञका रूपमा चितवनमा उनको आफ्नै पहिचान र विशिष्ट योगदान रहेको छ । उनी विचारमा साम्यवादी र निष्ठामा गान्धीवादी दर्शनका हिमायती भनेर चिनिन्छन् ।

२५. **बालिका गिरी** (**चितवन**) : सौराहा, चितवनमा जन्मेर काठमाडौँमा बसोवास गरेकी गिरी नेपाली साहित्यको श्रीवृद्धि र समुन्नतिमा समर्पित साधिका हुन् । साहित्यका विभिन्न विधामा कलम चलाएको अवस्थामा उनको चितवन केन्द्रित समालोचना ग्रन्थ प्रकाशित गर्ने क्रममा यसको सम्पादन र प्रकाशन पनि उनकै नेतृत्वमा भएको हो । *चितवनको साहित्य र स्रष्टा : दोभान प्रकाशन* (२०५९) प्रकाशित छ, जसले चितवनका स्रष्टा र साहित्यको उच्च मूल्याङ्कन गरेकी छन् ।

२६. **भगवती पाण्डे अर्याल** (**२०२८, तनहुँ**) : आन्तरिक बसाइँसराइका क्रममा चितवनमा बसोबास गरेकी पाण्डे मुख्य रूपमा सर्जक र समालोचक हुन् । उनका *तीजको चट्नी* (तीजगीत सङ्ग्रह, २०५१), *नवलपरासीको साहित्यिक गतिविधि* (समीक्षात्मक जिल्ला सर्वेक्षण २०६३) समीक्षात्मक कृति हुन् भने सम्पादित कृतिहरूमा *संदृष्टि* (कुमारवर्ती बहमुखी क्याम्पसबाट प्रकाशित पत्रिका, २०६५), *गाउँ सहरका तीज* (२०६७), *साहित्यिक यात्रामा लीला* (२०६७), *मञ्जरी* (गजलसङ्ग्रह, २०७१), *हिमवतखण्ड* (प्रादेशिक साहित्यिक गतिविधि, २०६७), *हैसियत* (संयुक्त गजलसङ्ग्रह, २०७६), *अर्चना* (शोककाव्य, २०६७), *अर्चना* (शोककाव्य, २०७६), *स्कोबको यात्रासंस्मरण* (नियात्रा, २०७७), सहलेखन कृतिहरूमा *हैसियत-५* (गजलसङ्ग्रह, २०७६), *हिमवत् खण्ड प्रदेशीय साहित्यिक गतिविधि* (२०७६) । यसका साथै विभिन्न पत्रपत्रिका, स्मारिकामा निरन्तर गजल,

मुक्तक, छन्द कविता, समीक्षात्मक लेख, लघुकथा प्रकाशित छन् । चितवनका नारी स्रष्टाहरूप्रति खोज र अनुसन्धानमा सक्रियतापूर्वक लाग्नु, प्रभाववादी समालोचनाको पद्धति र प्रवृत्ति अवलम्वन गर्नु अर्यालको समीक्षात्मक पहिचान हो ।

२७. **मणिराम शर्मा काफ्ले** (**सन् १९५४, स्याङ्जा**) : त्रि.वि. सेवामा लामो समयसम्म कार्यरत रही हाल सेवा निवृत्त शर्मा कवि, निबन्धकार तथा समालोचकका रूपमा आफ्नो पहिचान बनाएका छन् । गुरुङ भाषाको व्याकरण निर्माण गरी तमु भाषामा छुट्टै पहिचान बनाउनु, *अन्वेषण र विश्लेषण* (२०७७, समालोचनासङ्ग्रह), *मुक्त चेतना* (२०७९), *हामीहरू* (निबन्धसङ्ग्रह, छापाखानामा) जस्ता कृतिहरू प्रकाशित छन् । यसबाहेक समालोचना, नियात्रा, संस्मरणजस्ता पुस्तकहरूको समीक्षासमेत प्रकाशित छन् ।

२८. **रणेन्द्र बराली** (२००८, **तनहुँ**) : नेपालको दलित उत्थान र मुक्तिको आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिका रूपमा उनको नाम आउँछ । हाल राष्ट्रिय सभामा सांसद रहेका बराली साहित्य लेखन र सिर्जनामा पनि उत्तिकै सक्रिय छन् । उनका मुख्य कृतिहरूमा *भगत दलित सङ्घर्ष र केही योद्धाहरूको परिचय* (२०३८), *आफ्नै व्यथा* (२०..., नाटक), *सर्वजीत विश्वकर्माको जीवनी* (२०६४), *इतिहासको एक पैका* (२०६५, उपन्यास), *चीनको कोसेली* (२०६६, संस्मरण), *दलितको दैलो* (२०६८, कथासङ्ग्रह), *समुद्र पारीको उपहार* (२०६८, संस्करण), *फूल र काँडा* (२०७९) आदि मुख्य छन् ।

२९. **रमेश प्रभात** (**वास्तविक नाम : रमेशकुमार श्रेष्ठ, २०२९, तनहुँ**) : चितवनलाई कर्मथलो बनाई प्राध्यापन पेसामा समर्पित प्रभातका गद्यकविता, गजल र समालोचनामा समेत कलम चलेको छ । उनको लेखन २०७० को दशकमा समालोचनातर्फ उन्मुख उनी प्रविधिमैत्री समालोचक हुन् । असङ्ख्य लेख, रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पुस्तकाकार कृति भने *अलिकति फरक कुरा* (निसमालोचना, २०८०) प्रकाशित छ । कृतिहरूप्रति मुलाहिजाको भाषा प्रयोग नगरी सटिक र सारगर्भित टिप्पणी गर्नु उनको समीक्षात्मक पहिचान बनेको छ । अरूको भन्दा आफ्नो लेखन भिन्न हुनुपर्दछ भन्ने मान्यता सापेक्ष यस कृतिको प्रकाशन भएको हो । जसले लेखकको छुट्टै छवि बनाएको छ । विभिन्न साहित्यिक मञ्च र संस्थासँग सम्बद्ध प्रभातका अन्य कृतिहरूमा *प्रायश्चित* (बालचित्रकथा, २०५२), *शब्दहरू अविराम यात्रामा* (संयुक्त कविता, २०५७) मुख्य छन् । ऊर्जाशील प्रभातको लेखन अरूको भन्दा भिन्न छ ।

३०. **रह शर्मा** (**वास्तविक नाम : शशिकिरण रेग्मी, २००९, लमजुङ**) : लामो समयसम्म त्रि.वि. को कर्मचारी प्रशासनमा सेवा गरी निवृत्त भएका रह शर्मा मूलतः कवि, बालसहित्य लेखक नियात्रा, संस्मरण, उपन्यास, निबन्ध लेखनमा केन्द्रि हुनु, २०८० सालमा आएर उनको समालेचना पनि प्रकाशित शर्माको *मीमांसाको सोपानमा रह* (विवेचित लिखत सङ्गालो), २०८०) भएको छ भने अन्य साहित्यिक कृतिहरू यसप्रकार छन् : *भ्रम* (लघुकाव्य, २०५५, *वचन* (गीतसङ्ग्रह, २०५६), *विसङ्गति* (गीत तथा कवितासङ्ग्रह, २०५७), *अब के हुन्छ ?* (लेखसङ्ग्रह, २०६१), *रहका कविता* (कवितासङ्ग्रह, २०६१), *सेलरोटी* (बाल कवितासङ्ग्रह, २०६३), *दौरा सुरुवाल* (लेखसङ्ग्रह, २०६५), *पहाडको फेदीको पाहुनाघर* (नियात्रा, २०६५), *परेवाको खेल* (बालकवितासङ्ग्रह, २०६९), *दृष्टि बिम्ब* (निबन्धसङ्ग्रह, २०६९), *ईप्सान्त* ( उपन्यास, २०७५), *विभावना* (निबन्धसङ्ग्रह, २०७८), *म* (बालकवितासङ्ग्रह, २०७९) । समग्रमा विभिन्न विधामा कलम चले पनि दृष्टिपक्षको आधारमा *मीमांसाको सोपानमा रह* प्रथम कृति हो ।

३१. **राजेन्द्र गिरी** (२०३४, **चितवन**) : *समीक्षाको आयाम* (२०७५) र *नेपाली साहित्य परिचय* (२०७५) समालोचनासङ्ग्रह र विभिन्न पत्रपत्रिका तथा जर्नलहरूमा अनेकौँ फुटकर लेख, रचना प्रकाशित गरी आफ्नो लेखकीय पहिचान बनाउने, विद्यावारिधि अध्ययनरत गिरी ऊर्जाशील, प्रविधिमैत्री समालोचक हुन् । 'महेशविक्रम शाहका कथामा जाति, क्षण र पर्यावरण' शीर्षकमा शोधकार्यका साथ विद्यावारिधि गर्दै गरेका गिरीको समालोचकीय क्षितिज उदियमान

रूपबाट हुँदै गएको छ। *रजस्थल, प्रज्ञाश्री, वी.एम.सी. जर्नल*हरूमा अनुसन्धानात्मक लेख तथा रचना प्रकाशित गरी आफ्नो बौद्धिक क्षेत्रलाई अगाडि बढाएका छन् ।

३२. **रामचन्द्र सुवेदी** (२०२८, **कास्की**) : लामो समयसम्म मकवानपुर बहुमुखी क्याम्पसमा नेपाली विषयमा प्राध्यापनरत सुवेदीका विभिन्न पत्रपत्रिकामा अनेकौँ लेख, रचना तथा समीक्षाहरू प्रकाशित छन् तथापि पुस्तकाकार कृति भने *कृति र दुष्टि* (२०६५) मुख्य हो। यो रामचन्द्र सुवेदी र डा. धनेश्वर भट्टराईद्वयको संयुक्त समालोचना हो । एकल कृति भने उनका अनेकौँ पत्रपत्रिकामा प्रकाशित समीक्षाका सामग्री विद्यमान छन् ।

३३. **लक्ष्मण गौतम** (२०२०, **बागलुङ**) : नेपाली साहित्यमा उच्चशिक्षाप्राप्त गौतम समालोचना, लघुकथा/कथा सिर्जनामा रमाउने व्यक्ति हुन् । *उत्तरआधुनिक प्रेम र अहापोह* कथासङ्ग्रह प्रकाशित छन् भने समालोचनामा मौलिक, संयुक्त र सम्पादन गरी डेढ दर्जनको आसपासमा उनका कृतिहरू प्रकाशित छन् । समकालीन समालोचनाका चर्चित प्रतिभा हुनु, साहित्यिक, ऐतिहासिक, सैद्धान्तिक, व्यावहारिक, शोधमूलक, विधाकेन्द्रित, व्यक्तिपरक, अन्तर्वार्तात्मक, संरचनावादी, उत्तर संरचनावादी, आधुनिक र उत्तर आधुनिक इतिहाससापेक्ष-निरपेक्ष विवेचना तथा विश्लेषण गरी नेपाली समालोचनाको क्षेत्रमा आफ्नो भिन्न पहिचान बनाएका छन्। गौतमका मुख्य समालोचनात्मक कृतिहरूमा *नन्दनको काव्यिक परिवेश* (२०५२), *चितवनको साहित्यिक सर्वेक्षण र विश्लेषण* (२०५२), *सान्दर्भिक समालोचना* (२०५७), *समकालीन नेपाली कविताको बिम्वपरक विश्लेषण* (२०६२), *नोबेल पुरस्कार विजेता साहित्यकारहरू* (२०६२, सहलेखन), *समकालीन नेपाली द्वन्द्वकथा* (२०६३, सम्पादन), *अन्तर्संवाद* (२०६५, अन्तर्वार्तासङ्ग्रह), *सनत रेग्मी सिर्जना संवाद* (२०६६, अन्तर्वार्तासङ्ग्रह), *समकालीन नेपाली कविताको प्रवृत्ति* (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* (२०६७), *उत्तरवर्ती समालोचनाका केही प्रतिरूप* (२०६८), *राजनैतिक आन्दोलन र समकालीन नेपाली कविता* (२०६८), *नेपाली कथाको इतिहास* (२०६९, इतिहास), *रत्न बृहद् नेपाली समालोचना : सैद्धान्तिक र प्रायोगिक खण्ड* (२०६९, सहसम्पादन), *नेपाली यौनकथा भाग २* (२०..., सम्पादन), *लघुकथाको रचनाविधान* (२०७२), *चितवनको साहित्यिक रूपरेखा* (२०७२) आदि मुख्य छन् ।

३४. **विष्णुप्रसाद पौडेल** (२०२१, **स्याङ्जा**) : नेपालीमा विद्यावारिधि पदधारी विष्णुप्रसाद पौडेल पाठ्यपुस्तक लेखक र समालोचकका रूपमा आफ्नो परिचय बनाएका छन् । यिनका मुख्य समालोचनात्मक कृतिहरूमा *संस्कृत काव्यशास्त्र* (२०५७), *जगदीश घिमिरेका कृतिहरूको अनुशीलन* (२०६८), *उपन्यास समालोचना* (२०६८), *नारीवादी सिद्धान्त र पोखरेली मुक्तकका मूलप्रवृत्ति* (२०६८), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप* (२०६९), *आख्यानकार होमनाथ सुवेदी* (२०६९), *समकालीन साहित्य चिन्तन र उपन्यास समालोचना* (२०६९), *नेपाली उपन्यासमा सामाजिक यथार्थवाद* (२०६९)। सिर्जनारहित समकालीन नेपाली लेखकको पुस्ताका व्यक्तिका रूपमा उनको परिचय रहेको छ। सैद्धान्तिक, व्यावहारिक व्यक्तिकेन्द्रित विधापरक तथा शोधमूलक लेखनमा पनि पौडेलको सक्रियता छ। इतिहासको सापेक्ष तथा निरपेक्ष विश्लेषणमा रुचि राख्नु र समकालीन पुस्ताको प्रतिनिधि पात्र रहनु विष्णुको समालोचकीय पहिचान हो।

३५. **विष्णुप्रसाद सापकोटा** (२०२०, **कास्की**) : लामो समयसम्म नेपाली विषयको प्राध्यापन कार्यमा समर्पित रही हाल सेवानिवृत्त सापकोटा कवि भूपी शेरचनप्रति विशेष अभिरुचिका साथ अध्ययन गर्ने अध्ययनशील व्यक्ति हुन्। मुख्य रूपले प्रभाववादी समालोचनालाई विशेष महत्त्व दिने सापकोटाका फुटकर रचनाहरू अनेकौँ प्रकाशित छन् भने पुस्तकाकार कृतिहरूमा केन्द्रित पुस्तकहरूमा - *साधारण नेपाली* (२०६१, सहलेखन), *पश्चिमका पचपन्न प्रतिभा भाग १* (२०६४), *कृतिदेखि कृतिसम्म* (२०६८) मुख्य छन्। सापकोटाका कृतिहरू वस्तुवादी, समालोचकीय मूल्य र कृति मूल्याङ्कनमा केन्द्रित छन्।

३६. **सरस्वती रिजाल** (२०११, **चितवन**) : लामो समयसम्म शिक्षण सेवा गरिसकेकी सेवानिवृत्त

रिजाल ऊर्जाशील स्रष्टाभित्र पर्दछिन् । कथा, कविता, संस्मरण र समीक्षामा उनको कलम चलेको छ । *प्रसङ्ग, भ्रम र पात्रहरू* (लघुकथासङ्ग्रह, २०६५), *साहित्यमा नारायणी अञ्चलका नारी स्रष्टाहरू* (समालोचना/सहलेखन, २०६२), *उपेन्द्र रिजाल स्मृतिग्रन्थ* (२०....) उल्लेख्य छन् । अन्ततः कवयित्री, समीक्षक तथा लघुकथाकार, संस्मरणकारका रूपमा पनि आफ्नो स्थान वा नारीहरूको योगदानलाई मूल्याङ्कनमा समीक्षकीय चेतना निहित छ ।

३७. **सिर्जन अविरल** (२०३३, **चितवन**) : चितवनको स्रष्टा र सञ्चारकर्मीसमेत रहेका अविरलको थर अधिकारी हो । उनी कवि, आख्यानकार, निबन्धकार, समालोचकको रूपमा आफ्नो पहिचान बनाएर काम गर्ने व्यक्ति हुन् । पछिल्लो समयमा द्वन्द्वको विषय बनाएर आख्यानका कोणबाट नेपाली समाजको विश्लेषण गर्ने क्रममा उनलाई राम्रो सफलता भएको *मोक्ष* (उपन्यास, २०७८) मा सशस्त्र द्वन्द्वको जीवन्त चित्रण गर्ने कृतिका रूपमा आउँछ । अविरलका मुख्य साहित्यिक कृतिहरूमा *म आकास हेरिरहेछु* (कवितासङ्ग्रह, २०६०), *आदिगायक सेतुरामदेखि दिलमाया खातीसम्म* (जीवनी/समालोचना सङ्ग्रह, २०६१), *क्यान्टोनमेन्ट र अरू कविताहरू* (कवितासङ्ग्रह, २०७०) उल्लेख्य छन् । उनको साहित्यिक लेखनमा सिर्जनशील चरित्रसँगै सञ्चार क्षेत्रको भाषिक प्रभाव कायम छ । प्रतिष्ठित गायक-गायिकाहरूको जीवनी र व्यक्तित्व चित्रणमा सिर्जन अविरलको समालोचना केन्द्रित छ ।

३८. **सीताराम कोइराला** (२०२८, **चितवन**) : २०५२ सालमा *पल्लव* पत्रिका स्थापनाकर्ताको रूपमा भूमिका खेल्नु, २०५० को दशकदेखि चितवनको साहित्य र सिर्जनामा कर्मशील रहनु, कथा, कविता, निबन्ध र समालोचनामा रुचिका साथ अघि बढ्नु, संवादमा स्रष्टाहरूलाई आधार बनाउने क्रममा उत्तम कुँवरको शैली लिन खोजे पनि उक्त उचाइमा पुग्न असमर्थ हुनु, अन्तर्वार्ता लिने कला र सचेतनामा उच्चतातर्फ अग्रसर हुनु कोइरालाको साहित्यिक पहिचान हो । उनका मुख्य कृतिहरूमा *संवादका स्रष्टाहरू* (अन्तर्वार्तासङ्ग्रह, २०६४), *सम्झनाको कोलाज* (२०७२, काव्य), *जेम्स बहुलाएको दिन* (कथासङ्ग्रह, २०७९) आदि प्रमुख छन् । उनी साहित्यिक व्यक्तित्व र कृतित्वको विश्लेषणमा पनि अभिरुचिपूर्वक लागेको पाइन्छ ।

३९. **सूर्यमणि अधिकारी** (२००१, **तनहुँ**) : इतिहासविद्, कथाकार, पूर्व क्याम्प प्रमुखलगायत विभिन्न पदमा रहेर पनि वाङ्मय, भाषा, साहित्य र समालोचनाको क्षेत्रमा उनको योगदान अद्वितीय रहेको छ । उनका मुख्य कृतिहरूमा *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण* (२०४३), *द खस किङडम* (सन् १९८८), *चितवनका चेपाङ र दराइ* (२०४५), *पश्चिम नेपालको खस अधिराज्य* (२०५३), *नेपालमा प्रजातान्त्रिक आन्दालनको इतिहास* (२०५५), *जुम्ला राज्यको इतिहास* (२०५५), *तनहुँ राज्यको इतिहास* (२०५५), *नेपाली भाषाको इतिहास* (२०५६), *आत्मावतार* (कथा, २०५६), *विश्व इतिहासको रूपरेखा* (२०५७), *नेपालको इतिहास र समाज अध्ययन* (२०५८), नेपाली काङ्ग्रेसको इतिहास (२०५९), *कश्यप गोत्रीय अधिकारी वंशजको इतिहास* (२०५७), *बाइसे राज्यको इतिहास* (२०६०), *खस साम्राज्यको इतिहास* (२०६१), *भगवद्गीता ज्ञान* (२०६२) र *आधुनिक विश्वको सरल इतिहास* (२०५७) आदि उल्लेख्य छन् । वाङ्मय, साहित्य र समाजको विश्लेषण गर्ने क्रममा ऐतिहासिक दृष्टिकोणका साथ समीक्षकीय शैली अवलम्बन गर्नु उनको समालोचकीय पहिचान मानिएको छ ।

४०. **हरिहर खनाल** (२००३, **कास्की**) : नेपाली र अङ्ग्रेजी भाषामा कलम चलेका खनाल सम्पादक, अनुवादक, प्राध्यापन सेवाबाट निवृत्त व्यक्तित्व हुन् । उनी कवि, कथाकार, उपन्यासकार, निबन्धकारका साथ समालोचक पनि हुन् । यिनी प्रगतिवादी समालोचक हुन् । सैद्धान्तिक, व्यावहारिक, इतिहाससापेक्ष प्रभाववादी व्यक्तित्व, जीवनीपरक तथा विश्लेषणपरक समीक्षामा उनको लगाव छ । खनालका साहित्यिक कृतिहरूमा कथा, कविता, निबन्ध, नियात्रा, संस्मरण, टिप्पणी, उपन्यास, दैनिकी, समालोचना विधामा गरी दुई दर्जन आसपास पुस्तकहरू प्रकाशित छन् । उनका पुस्तकहरू पनि अङ्ग्रेजी भाषामा पनि प्रकाशित छन् । अनुवादित कृति *मेक्सिम गोर्कीको जीवनी* (२०६७) सबैभन्दा बढी संस्मरणमा प्रकाशित भएको

छ। विभिन्न साहित्यिक सङ्घ-संस्थासँग सम्बद्ध दुई दर्जनभन्दा बढी सम्मान तथा पुरस्कार पाएका छन्। उनका समीक्षात्मक कृतिहरूमा *मेक्सिम गोर्कीको जीवनी* (अनुवाद, २०६७), *जनसाहित्य* (२०४८), *युगका पदचापहरू* (२०४९) आदि मुख्य छन्।

४१. **हरिहर पौडेल** (२०२५, **स्याङ्जा**) : पौडेल भौतिक शास्त्रका प्राध्यापक हुन् तथापि उनको साहित्य खासगरी कथामा केन्द्रित छ। उनका कथासङ्ग्रहहरूमा *इतिवृत्त* (२०५१), *कालो उज्यालो* (लघुकथासङ्ग्रह, २०६२), *अनुभ्रम प्रतिभ्रम* (२०६६), *भौतिक शास्त्रका नोबेल पुरस्कार विजेता* (जीवनी, २०५८), *विज्ञान शब्दकोश* (सहलेखन, २०६०) आदि मुख्य छन्।

४२. **होमनाथ सापकोटा** (२०१४, **गुल्मी**) : प्राध्यापन पेसाबाट निवृत्त सापकोटाले लोकसाहित्यको अध्ययन, अनुसन्धान र समालोचकका रूपमा आफ्नो परिचय बनाएका छन्। गद्यकविता लेखनमा पनि राम्रो क्षमता भएका कविको रूपमा पनि उनको परिचय पाइन्छ तथापि उनका समीक्षात्मक कृतिहरूमा *लोककथाको रचना प्रक्रिया* (२०६४), *गुल्मी-बागलुङ क्षेत्रका लोककथा र लोकगीतको अध्ययन* (२०६५), *समालोचनाका कोण र सन्दर्भ* (२०६६), *प्रतिनिधि कथाकारका कथाहरू* (२०६७) आदि मुख्य छन्। समग्रमा सापकोटा लोकसाहित्यको उल्लेख्य अन्वेषक, अध्येता, प्रभाववादी व्यक्ति र कृतिकेन्द्रित व्यावहारिक एवम् विधापरक विशेषमा केन्द्रित भई समालोचना गर्ने प्रतिनिधि पात्र हुन्।

**निष्कर्ष**

यस लेखभित्र समालोचना गर्ने क्रममा कुनै प्रकारको आग्रह र विभेद गरिएको छैन। सकेसम्म पारदर्शी सोच राखिएको छ। समालोचनामा कम्तीमा पनि एक कृति यो विधामा प्रकाशित भएको हुनुपर्‍यो भन्ने मान्यताले काम गरेको छ। खोज्दै जाँदा जे जति सामग्री प्राप्त भए, त्यसकै आधारमा व्यक्तित्व र कृतित्वको निरूपण गरिएको अवस्थामा लेख लामो भए पनि पूर्णताको अपेक्षा गर्दा त्यसो भएको हो। पछि समालोचक र तिनका कृतिहरू थपिँदै जाँदा भविष्यमा प्रकाशित हुने समालोचना ग्रन्थमा थप गर्न सकिने छ। पुस्तकाकार रूपमा नभई फुटकर समीक्षा गर्ने भूमिका लेखेर कृतिको मूल्याङ्कन गर्ने अनेकौँ लेखकहरू प्राप्त भएसम्मका ती नामहरू पनि निम्नानुसार छन् :

घनश्याम शर्मा पौडेल, भवनाथ सडौला, देवराज पौडेल, द्वारिका नेपाल, रघुनाथ घिमिरे, जगन्नाथ पण्डित, होमनाथ सापकोटा 'सिद्धार्थ', पदम अर्याल, टेकनारायण भुसाल, पूर्णबहादुर अधिकारी, रेशम विरही घिमिरे, प्रभा बराल, लकाश पौडेल, लक्ष्मण भण्डारी, भागवतशरण न्यौपाने, गणेश खराल, शान्ति शर्मा, बालकृष्ण थपलिया, सरिता तिवारी, मुरलीधर घिमिरे, दामोदर रिजाल, भीष्मराज पौडेल, प्रभा मरहट्टा कोइराला, अर्जुन सापकोटा, एल.बी. क्षेत्र, सरोज दवाडी, लक्ष्मी ढकाल, सुरेन्द्र अस्तफल, प्रकाश चापागाईं, रामबाबु घिमिरे, राजेन्द्र घायल, घनश्याम भण्डारी, कृष्णप्रसाद पोखरेल, तेजविलास अधिकारी, रमाकान्त सापकोटा, रामहरि श्रेष्ठ, विष्णु तिवारी 'उषा', इन्द्र रेग्मी, पोषराज पौडेल, एन.पी. परिहस्त, सूर्यप्रकाश कँडेल, श्यामजी अतिथि, भूपिन खड्का, महेन्द्र पौडेल, मुक्तिनाथ घिमिरे, माधवप्रसाद चालिसे, लक्ष्मीकान्त चालिसे, साध्यबहादुर भण्डारी, रामशरण गैह्रे, गायत्री अधिकारी, विश्वराज सुवेदी, प्रभातकुमार जोशी, प्रेमविनोद नन्दन, होमर श्रेष्ठ, सी.एम. अपिल, दीपक ढकाल, रविकिरण निर्जीव, मधुसुदन दवाडी, महेश न्यौपाने, मीना घिरि, मोदनाथ मरहट्टा, हरिप्रसाद गजुरेल, मदनमोहन जोशी, जगत् श्रेष्ठ, लक्ष्मण अर्याल, टङ्क ढकाल 'तितेपाती', धर्मबहादुर थापा, शारदा पौडेल, लीलानाथ रेग्मी, कृष्णप्रसाद सुवेदी, मोहनमणि ढकाल, महेन्द्र पौडेल आदि उल्लेख्य नाम हुन्।

**सन्दर्भसामग्री**


कोइराला, कुमारप्रसाद (२०७५), *प्रज्ञा नेपाली समालोचक कोश,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

खनाल, नारायणप्रसाद (सम्पा.), (२०७०), *प्रज्ञाश्री २,* चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग।

गौतम, लक्ष्मणप्रसाद (२०७२), *चितवनको साहित्यिक रुपरेखा,* काठमाडौँ : दोभान प्रकाशन।

चतुर्वेदी, सीताराम (सन् १९८३), *समीक्षाशास्त्र,* वाराणसी : कृष्णदास अकादमी।


भट्टराई, घटराज (२०५६), *लेखक कोश,* विष्णु प्रभात (सम्पा.), काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा साहित्य, प्रतिष्ठान।

भट्टराई, धनेश्वर (२०७८), 'भरतपुर महानगरका समालोचना', *भरतपुर महानगरका साहित्य दर्पण,* चितवन : भरतपुर महानगरपालिका।

*साहित्यकार, कलाकार परिचय कोश,* (२०७०), काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन।

# जनयुद्धकालीन चितवनको सांस्कृतिक यात्रा



✍ पोषराज पौडेल
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान*

१. **पृष्ठभूमिः**

युद्ध कसैको पनि रुचि र चाहनाको विषय होइन। मानव जातिले नचाहँदा नचाहँदै युद्ध हुन्छ। युद्ध चाहनाको विषय नभएर पनि युद्ध किन हुन्छ ? यो प्रश्न जटिल छ। संसारमा अनादिकालदेखि युद्ध हुँदै आएका छन्। उदाहरणको लागि हामी महाभारतकालीन युद्ध, रामायणकालीन युद्धलाई लिन सक्छौं। युद्धकै कारण कतिपय राज्यहरू बन्ने र भत्कने गरेका छन्। सिन्धुघाँटीको सभ्यता युद्धकै कारण नष्ट भएको थियो। शाक्य गणराज्य, वैशाली गणतन्त्र र तिरहुतको कर्नाटक गणराज्य युद्धकै कारण नष्ट भएका हुन्। पृथ्वीनारायण शाहले युद्ध गरेरै नेपाललाई एकीकरण गरे। युद्धकै कारण नेपालले अङ्ग्रेजसँग सुगौली सन्धि गर्दा नेपालको एक तिहाई भूभाग गुमाउनु परेको थियो। संसारमा अहिले पनि कतै न कतै युद्ध भएकै छ। उदाहरणको लागि हामी रसिया र युक्रेनको युद्धलाई लिन सक्छौं। युद्ध आन्तरिक र बाह्य हुने गर्दछन्। देशभित्रै हुने युद्धलाई गृहयुद्ध भनिन्छ।

आन्तरिक युद्ध सत्तासीन पक्षलाई परास्त गरी प्रतिपक्षले सत्ता हत्याउन गरिन्छ भने बाह्य युद्ध सीमा विवादका कारण अथवा बलियो देशले कमजोर देशमाथि युद्धगरी देश कब्जा गर्न गरिन्छ। यसै कारण देश बन्ने र भत्कने गर्दछन्। उदाहरणको निम्ति हामी भारतलाई लिन सक्छौं। भारत अङ्ग्रेजले छोड्ने बेलामा एउटै विशाल देश थियो तर अङ्गेजले भारत र पाकिस्तानलाई गरी दुई मुलुकमा टुक्र्याएर छाडिदियो। सिक्किम पहिला स्वतन्त्र राज्य थियो तर पछि भारतले भारतमै गाभ्यो। सिक्किमको अस्तित्व समाप्त भयो। चीन र जापानको युद्ध, भारत पाकिस्तानको युद्ध, रूस र अमेरिका युद्ध, प्रथम विश्वयुद्ध र द्वितीय विश्व युद्ध, धार्मिक युद्धहरुका त्रासदी विश्वले भोगिसकेको छ। युद्ध न्यायपूर्ण पनि हुन्छ र अन्यायपूर्ण पनि। राज्यसत्ताले जब जनतामाथि अन्यायपूर्ण युद्ध थोपर्छ। जनताका मौलिक अधिकारहरु कुण्ठित हुन्छन् र तब जनताले न्यायपूर्ण युद्ध लड्छन्। लड्न बाध्य हुन्छन्। नेपालमा जहाँनिया निरङ्कुश राणा शासनले नेपालीहरुलाई १०४ वर्ष अन्यायको जाँतोमुनि पिसिरह्यो तब जनता जागृत भएर राणाको अत्याचार विरुद्ध लडे। लखन थापा मगर, गंगालाल धर्मभक्त लगायतका वीर सहीदहरूले वीरगति प्राप्त गरे। कैयौं ज्यूधनको क्षति भयो र २००७ आयो। त्यो प्रजातन्त्रलाई राजा महेन्द्रले खाएर र ३० वर्ष पञ्चायती निरङ्कुशता लादियो। पञ्चायति निरङ्कुशताबाट मुक्ति पाउन नेपाली जनताले पुनः लड्नु पर्‍यो। २०४६ सालमा जनताले आन्दोलन गरेर बहुदल ल्याए तर राजाको निरङकुशता हटेन। त्यसलाई हटाउन नेपाली जनताले महान् जनयुद्ध दश वर्ष लड़े। नेपाल आमाका कैयौं छोराछोरीले वीरगति प्राप्त गरे। देशव्यापि रुपमा १९ दिने जनआन्दोलन भयो। दस बर्से जनयुद्ध र १९ दिने जनआन्दोलको धक्काले २४० वर्ष देशलाई निरङ्कुशताको पहाडले थिच्दै आएको राजतन्त्र धरहरा ढल्दाझैं ढल्यो र नेपाली जनताले लोकतान्त्रिक गणतन्त्र पाप्त गरे।

हरेक युद्धमा त्यो युद्ध रूपी वग्गीका नटबल्टु बनेर कस्नलाई त्यसको पछाडि एउटा संस्कृति रहेको हुन्छ जसलाई हामी साहित्य, कला भन्दछौं। न्यायपूर्ण युद्धको पक्षलाई बलियो बनाउन निर्माण गरिने साहित्य, कला र संस्कृतिलाई हामी जनवादी साहित्य, कला सस्कृति भन्दछौं। त्यस्तै अन्यायपूर्ण युद्धलाई बल प्रदान गर्न निर्माण गरिने साहित्य, कला संस्कृतिलाई हामी जन विरोधी, पश्चगामी या यथास्थितिवादी साहित्य, कला, संस्कृति भन्दछौं। राज्यसत्ता वर्गीय हुन्छ। कुनै राज्य जनकल्याणकारी, न्यायी हुन्छ। कुनै राज्य जन विरोधी। राज्य वर्गीय भएझैं साहित्य, कला र संस्कृति पनि वर्गीय हुन्छ।

२. **चितवनमा जनयुद्धकालीन साहित्य कला, संस्कृतिः**

(क) **जनवादी, कला, साहित्यको पृष्ठभूमि :**

जब जर्मनका महान् दार्शनिक कार्ल मार्कसले संसारको भौतिक अवस्थाको गहिरो अध्ययन गरी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद विज्ञान सम्मत दर्शनको प्रतिपादन गर्नुहुँदै समाजलाई शोषक वर्ग र शोषित

वर्ग गरी दुई वर्गमा विभाजन गर्नु भयो । शोषित वर्गलाई शोषक वर्गसँग लडेर आफ्नो वर्गीय अधिकार लिन एउटा विचार (दर्शन) दिनुभयो, त्यही विचारबाट नै जनवर्गी वा सर्वहारा वर्गीय साहित्य, कला, र संस्कृतिको उदय भएको हो । कार्ल मार्क्सले आफ्नो दर्शनमा साहित्य, कला र संस्कृतिको छुट्टै व्याख्या नगरेता पनि पछि यसको व्याख्या रसियाका क्रान्तिकारी नेता लेनिनले गर्नु भएको छ। त्यसपछि संसार भरि साहित्य, कला र संस्कृति दुई ध्रुवमा बाँडिएको मान्न सकिन्छ। जन विरोधी साहित्य, कला र संस्कृति "म" मा आधारित हुन्छ भने जनबादी साहित्य, कला र संस्कृति "हामी" मा आधारित हुन्छ।

नेपालमा परम्परागत सामन्ती राज्य व्यवस्थाले नेपाली जनतामाथि अन्याय अत्याचारको पहाड थोपरिरहेको बेला २००६ सालमा पुष्पलाल श्रेष्ठको संयोजवत्वमा भारतको कलकत्तामा नेपाल कम्युनिस्ट पार्टीको गठन भयो। यो भन्दा अघि कम्युनिस्ट पार्टीको नेतृत्वमा रूस, चीन, भियतनाम आदि देशमा भएका क्रान्ति र परिवर्तनले सम्पूर्ण विश्वलाई प्रभाव पऱ्यो । त्यसको प्रभाव नेपालमा पनि पऱ्यो । त्यही समयदेखि नेपालका मार्क्सवादका पक्षधर कलाकर्मीहरूले जनवादी कला, साहित्य र संस्कृतिमा ध्यान दिदै त्यसको उन्नयनमा आफ्ना कला कर्मलाई उजागर गर्न थाले । ती साहित्य, कला र संस्कृतिलाई विस्तार गर्ने क्रममा उनीहरूले जीवन उत्सर्ग गरे । कतिले छद्‌म नाममा लेखेर बचे भने कतिले जेलको कठोर यातना पछि ज्यान गुमाए। मार्क्सवादी कलाको उद्देश्य संसार बदल्नु हो । मानव जातिले सिर्जना गरेका सबै कुरा कला हुन् तर ती श्रमका प्रतिफललाई शोषक वर्गले कब्जा गऱ्यो र ती श्रमका पुजारी वेतनभोगी भएर उनीहरूका कब्जामा परे। ती शोषक वर्गका कब्जामा परेका कला र श्रमलाई कब्जाबाट छुटकारा दिलाउनु र संसारलाई रूपान्तरण गर्नु मार्क्सवादी कलाको प्रमुख घेय हो।

**(ख) चितवनको जनवादी कला, साहित्य र संस्कृतिः**

जतिवेला नेकपा (माओवादी) ले २०५२ सालमा देशैभरि जनयुद्ध सुरु गऱ्यो, त्यसको जवर्जस्त प्रभाव पऱ्यो। त्यो युद्धलाई पछाडिबाट शक्ति दिन त्यसको भातृ सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको अगुवाइमा देशै भरि सङ्गठनहरू विस्तार भए। तिनले जनवादी कला, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्धन, विकास र विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरे। त्यसको केन्द्रीय अध्यक्ष चर्चित जनादेश साप्ताहिक पत्रिकाका सम्पादक जनताका कवि, महान् विचारक कृष्ण सेन इच्छुक हुनुहुन्थ्यो । स्मरण रहोस् उहाँलाई जनयुद्धकै प्रकृयामा २०५८ सालमा निरङ्कुश राजतन्त्रले गिरफ्तार गरी निर्मम हत्या गऱ्यो र लास लमेत बेपत्ता पाऱ्यो । जसको जानकारी आस्था द्वन्द्वपत्रिकाले दियो। जीवन द्वन्द्वमय छ। कृष्णासेन इच्छुक सुन्दरको पक्ष र कुरुपताको विरुद्ध सङ्घर्ष गर्दा महान् सहिद बन्नुभयो।

चितवनमा जनयुद्धका पक्षधर जनवादी कलाकार कवि साहित्यकारहरूको नाम लिनुपर्दा हामीले जन कलाकार खुशीराम पाखिन, महान् सहिद शारदा श्रेष्ठ, कवि चेतकान्त चापागाईं, रविकिरण निर्जीव, गुणराज लोहनी, पोषराज पौडेल, वर्षा गजमेर, कल्पना पौडेल, माया क्षेत्री, आदिको नाम लिन सकिन्छ । खुशीराम पाखिन २०१४ सालमा गीतार र मादल लिएर चितवन झरेपछि उहाँको जनवादी कला यात्रा सुरू भएको हो। सर्वप्रथम उहाँले रामपुर आफ्नै निवासबाट जनवादी कलाको शंखघोष गर्नुभयो । उहाँ कै अगुवाइमा हिमाली क्लब गठन गरेर कला यात्रामा निस्कनु भयो । त्यो हिमाली क्लवले श्रमजीवी किसान, मजदूर, गोठाला, खेतालामा "आफ्नो श्रम कस्ले र कसरी लुटिरहेछ र त्यसबाट मुक्त हुन हामी किन सचेत हुनुपर्छ" भन्ने सन्देश उत्पीडित जनतामाझ प्रवाह गऱ्यो।

२०४७ सालमा केन्द्रीय अध्यक्ष कृष्णसेन इस्छुकको उपस्थितिमा नेकपा (माओवादी) को भातृसङ्गठन अखिल नेपाल जनसास्कृतिक महासंघ चितवनको केशरबागको एउटा घरमा पोषराज पौडेलको अध्यक्षमा गठन भयो । त्यसका सदस्यहरुमा खुशीराम पखिन, रविकिरण निर्जीव, शारदा श्रेष्ठ, गुणराज लोहनी, वर्षा गजमेर, चेतकान्त चापागाई आदि थिए। यो साँस्कृतिक संगठनले पछि वर्षा गजमेरको नेतृत्वमा साहस परिवार नामक सांस्कृतिक सङ्गठन गठन गऱ्यो। यो संगठनले पनि श्रमजीवी जनताबीच आफ्ना घोषित जनवादी कला, गीत, कविता प्रस्तुत गऱ्यो र जनताका बिच अति लोकप्रियता कायम गर्यो । खुशी राम पाखिनको नेतृत्वमा सामना परिवार क्रियाशील भयो । यो सामना परिवार स्वदेश विदेश सबैतिर क्रियाशील भयो। सामना परिवार, अ.ने.ज.सा महासङ्घ र सहास परिवार यी सबैमा खुशीराम पाखिनको प्रभाव उत्तिकै हुन्थ्यो। खुशीराम पाखिनकै नेतृत्वमा चितवनका हरेक गाउँ वस्तीहरू र देशका विभिन्न क्षेत्रमा आफ्ना जनवादी गीत, नृत्य प्रस्तुत गऱ्यो । यी जनवादी कलाले नेकपा (माओवादी) को जनयुद्धलाई अगाडि बढाउन ठुलो आड भरोसा प्रदान गऱ्यो। युद्धरूपी

रथका नटबोल्टु कसेर रथलाई सक्षम बनायो ।

**(ग) जनयुद्ध कालमा प्रस्तुत केही गीत कविताहरूः**

त्यति बेलाका जनवादी साहित्य, कला र गीतहरुले वर्गीय पक्षधरता अँगालेका थिए । शोषक वर्गको भण्डाफोर र श्रमजीवी, उत्पीडित भए खाने वर्गको पक्ष पोषण गरेर लेखिएका र गाइएका गीतहरूमा खुशीराम पाख्रिनको केही गीत हेरौं -

(१) "पूँजीवादी चरित्रले घरै बनाएर
नैतिकताले चिप्लिए पनि चालै नपाएर
लेनिन अनि माओ जस्तै आफूलाई ठान्छन्
द्वन्द्ववादलाई मिल्काएर आफ्नै बाटो हिँड्छन्
झुक्याउछन् जनतालाई विश्वासघाती व्यक्तिवादीले
त्यस्तो शक्ति चिन्नै पर्छ क्रान्तिका हिमाइतले"

(२) हरेक कुरा वर्गीय भएझैं प्रेम पनि वर्गीय हुन्छ । चाहे देशका उत्पीडित वर्ग होऊन् चाहे विदशीन वाध्य नेपालका युवा युवती होऊन् उत्पीडनको शिकार भएकाहरूप्रति वर्गीय प्रेम दर्शाउँदै पाख्रिन भन्छन् -

हामी माथि मोज गर्ने त्यही सामन्त जाली
शोषक सामन्ती जाली जति हुँदैन नफाली

३) सामन्तहरूले जनताको रगत पिएको देखेर पाख्रिन यसरी आक्रोश पोख्छन् -

सुक्दैन यहाँ गरिबको रगत दुष्टले पिएर
छाड्नेछ यहाँ जनताले अब बदला लिएर

४) देशका सामन्तहरु, हत्या, हिंसा, बलात्कार र जुवामा तल्लिन देखेर भण्डाफोर गर्दै पाख्रिन यस्तो गीत लेख्छन् -

पञ्चहरू जुवाखालमा भाषण गर्दै फन्किरहेको
मन्त्री भा'को भोलिपल्ट आफ्नै महल बनाइरहेको

यस्ता जनवादी गीत गाउँदै पाख्रिनको कलाकार टोली पूर्वी चितवन, लोथर, पीपले, काउले, दाहाखानी, चण्डीभञ्ज्याङ्, कविलास आदि पहाडी भूभाग र पश्चिम चितवन, माडी, ठोरी तथा बाँदरझुला सम्म पुग्दथ्यो । पाखिनको कलाकार टोली भने पछि जुन ठाउँमा पनि जनसागर उर्लिन्थ्यो । त्यस प्रकारको जनचेतना बढाउने गायन र नृत्यमा कुनै पार्टी वा समूहको विचारको सीमाले अवरोध गर्दैनथ्यो । त्यस कलाकार टोलीमा शारदा श्रेष्ठले "आँखैमा राख्छु मेरो देश, मुटुमा राख्छु मेरो देश" बोलको गीतमा नाँच्दा जन समूह लठ्ठिन्थ्यो । मन्त्रमुग्ध हुन्थ्यो (त्यस्ता गीतमा देश प्रेम, श्रमको सम्मान, जाली फटाहाहरुप्रति घृणा, सर्वहारा वर्गप्रति प्रेम, जन दुष्यनप्रति निषेधका स्वर हुन्थे । सामन्तवाद, विस्तारवाद र साम्राज्यवादप्रति घृणा ओकलिन्थ्यो । ती देशभक्त कलाकारहरु परिवर्तनका निम्ति मर्न तयार हुन्थे ।

त्यसरी नै नेकपा (माओवादी) का भातृसङ्गठन का वैधानिक कार्यक्रमहरूमा अ.ने.जनसांस्कृतिक महासङ्घका कार्यकर्ता सहभागी भई गीत, कविता नृत्य प्रस्तुत गर्दथे । पार्टी भूमिगत भए पनि भातृ सङ्गठनहरू खुला थिए तर पनि चुनौतीहरू पहाडझैं ठिङ्ग उभिएका हुन्थे । यस्ता कार्यक्रमहरूमा कविता गाउँनेहरूमा कवि चेतकान्त चापागाईं, प्रेम पाण्डित, पोषराज पौडेल, रविकिरण निर्जीव, जगत श्रेष्ठका स्वरहरू प्रायशः सुनिन्थे । जनजातिहरुले पनि आफ्ना भाषामा जनवादी गीतहरु गाँउथे । शारदा घरदैलो प्रतिभा प्रवाह कार्यक्रम पनि निकै प्रभावकारी भयो । जनताको घरघरमा पुगेर जनवादी कार्यक्रम गऱ्यो ।

प्रतिकृयावादी दुस्मनका विरुद्ध घृणा ओकल्दै कवि चेतकान्त चापागाईले गाउने गरेको एउरा लोक प्रिय कविता हो "डामेर जर्शी फुने" यस कवितामा सामन्तवादलाई एउरा दुर्से गाईको रुपमा चित्रण गर्दै त्यस दुर्से गाईलाई डाँमेरे छोड्ने भाव व्यक्त गरिएको छ । हेरौं एउटा कविता-

(१) गाई लोकलमै छ जात रसिलो संयुक्त पहाडको
पानी मिल्दछ भन्दछन् र गुनिलो रातो नयाँ खालको
हो त्यै ल्याउनुपर्छ यो जमिनमा गाँमै उज्यालो हुने
पुग्छन् निर्णयमा जहान घरका "डामेर जर्सी फुने"

जनयुद्धको समयमा निहत्था चेलीमाथि तत्कालीन शाही सेनाका कुरूप बन्दुकबाट हत्या गरिएकी नेपाल आमाकी होनहार छोरी भोर्लेटारको हरिमाया पौडेलको स्मरण गर्दै गैरन्यायिक हत्याको विरुद्ध गाईएको चेतकान्त चापागाईं कै अर्को कविता - "बदला रगतको" हेरौं -

(२) गऱ्यौं चेली हत्या तर अब कहाँ भुल्छ दुनियाँ
हिमाली काखै छन् गहन धन सन्तान बलिया
लुछेको देखौलाँ कुकुरहरु हो मासु हरिको
कहाँ त्यस्सै छोड्छन् नलिइ "बदला त्यो रगतको"

त्यस्तै २०५८ सालमा लेखिएको पोषराज पौडेलको "हान्ने भैंसी" शीर्षकको कविता पनि निकै चर्चित भयो । यसमा कविले तत्कालीन राजतन्त्रलाई हान्ने भैंसीको प्रतीकात्मक रूप दिएका थिए । हेरौं एउटा श्लोक -

यो डाम्नाले घर डुबिसक्यो हुन्न हाम्रो भलाई
आमा भन्छिन् नगर न ढिलो खोरमा थुन्नलाई

फुक्कै छोडे अब त यसले मास्छ लौ जिन्दगानी
छोप्नै गाहो अब नहुनि भो बन्दुकै नहानी

(घ) **चितवनको पहाडी यात्रा :**

यसरी हाम्रो कलाकार टिम जनताका बिचमा कविता गाउँदै, गीत नृत्य प्रस्तुत गर्दै हिँड्ने क्रममा २०६३ चैत्र १६ गतेबाट पार्टीको नेतृत्वमा जनसङ्गठन सुवृद गर्न र जनचेतना अभिबृद्धि गर्ने उद्देश्यका साथ चितवनका पहाडी भूभाग र समथरका गाउँवस्तीको यात्रामा निस्क्यो। ३५ जना कलाकारको नेतृत्व कमिसार पोषराज पौडेलले गरेका थिए भने सहास परिबारको नेतृत्व रोशन वाइवाले गरेका थिए।

चैत्र महिनाको गर्मीले पृथ्वी तातेको थियो । हाम्रो टोली बस चढेर पूर्व लाग्यो । त्यो दिन हाम्रो टोली भण्डारा पुग्यो र जन दिशा लागु गरी जनताका घर बास बसियो । हामीलाई नेतृत्वको निर्देशन थियो- "हाम्रा बोली, व्यवहार, चाल चलन शिष्टता, अनुशासन नै जनताले हाम्रो मूल्याङ्कन गर्ने आधार हुन्। हामी शिष्ट र अनुशासित हुनुपर्छ।"

भोलिपल्ट हामीले भण्डारा बजारमा सांस्कृतिक कार्यक्रम सम्पन्न गर्यौं। उक्त कार्यक्रममा जनताको उलेख्य सहभागिता रह्यो। हाम्रा गीत र नृत्यमा जनताका पीडा, मर्म, वेदना उत्पीडन आदिका स्वर हुन्थे। परिवर्तनका आकाङ्क्षा हुन्छन् । बेलुका हामी पिप्ले गा.वि.स पुगेर जनताका घर बाँडिएर बास बसियो । बेलुका कोरियन बोर्डिङ स्कुलमा सांस्कृतिक कार्यक्रम भव्य भयो । जनपक्षीय कार्यक्रम भनेपछि जनता त्यत्तिकै लालायित हुन्थे। हामी उज्यालोको पक्ष र अँध्यारोको विरुद्ध लड्दै आएका मान्छे। हामी त घरबार त्यागेर हिँडेका थियौँ। जनता पनि न्यायको उज्यालो चाहन्थे। उत्पीडनबाट मुक्ति चाहन्थे। पिप्ले गाउँमा जनताले हामीलाई धेरै माया गरे । सधैँभैँ भोलिपल्ट बिहान भाले बास्यो । पूर्वमा लाली छायो "लाली" क्रान्तिको सङ्केत हो । परिवर्तनको द्योतक हो । हामी मार्क्सवादी नैतिकता, शिष्टता पूर्ण पालन गर्नुपर्छ भन्ने पक्षमा थियौं । अन्यथा हामी जनताको नजरबाट गिर्न सक्थ्यौँ। हाम्रा कलाकारका प्रशिक्षक साथी थिए युहन्ना दोङ। उनले बिहान कलाकार टिमलाई प्रशिक्षण गरे। विहानको हाम्रो खाना त्यहीं भयो। बिलुका चार बजे त्यहीँबाट प्रस्थान गरी हामी पिप्ले गा.बि.स को दुबीचौर पुग्यौं । हामीलाई यहाँका जनताले न्यानो माया दिएर स्वागत गरे। दुवीचौरमा चैते धान वएली खेलेको थियो । जनताको घरमा बाँडिएर खाना खाएपछि बेलुका ८ बजे दुवीचौर चोकमा हाम्रो साँस्कृतिक कार्यक्रम भव्य सम्पन्न भयो। जनताका गीत गाइए। मैले "सहिदकी आमा नरोऊ तिमी" शीर्षकको कविता गाँए- जसका केही श्लोक यस्ता छन् -

तिम्रो सार्थक कोख भो सहिदकी आमा नरोऊ तिमी
तिम्रो जीवन धन्य हो जगतमा हौ वीर माता तिमी
तिम्रो जन्म हदैनथ्यो त कसरी सन्तान जन्माउँथ्यौ
तिमै जन्म विना यहाँ सहिदकी आमा कहाँ बन्दथ्यौ

जन्मन्छन् कति मर्दछन् जगतमा भिन्नैछ अस्तित्व त्यो
जस्को मृत्यु पहाड तुल्य छ भने त्यै हुन्छ नामी बडो
जस्को मृत्य कपास तुल्य हलुको हो तुच्छ त्यो मृत्युमा
जो मर्छन् जनता र देश हितमा हुन् ती भला लोकमा

हाम्रा ती अधिकारमाथि जसले एक्लै रजाई गऱ्यो
कैले मिल्छ निगाहबाट हक त्यो यै बात ऊ भन्दथ्यो
आँधीतुल्य भएर दानवहरूको होश उस्ले लियो
सारा शोषित यी गरीव जनको त्यै मुक्तिमा होमियो

ए आमा ! रणकी बनेर बजुली कुर्लेर आऊ तिमी
जन्माऊ सव वीर सन्तति भनी सन्देश देऊ तिमी
रुन्चेलाई सधैँ रुवाउँछ यहाँ वैरी छ हाम्रो ठुलो
रोई मुक्ति अपार मिल्दछ कहाँ छामी सधैँ पुपुरो

हाम्रा वीर शहीदका रगतले देशै भिजेको छ है
त्यै माटो बिटुल्याउने कति यहाँ दाऊ जलेको छ है
होली खेल्न शहीदका रगतमा सम्लग्न जो तत्व छ
त्यो सारा अवरोधका उपर हाम्रो खबरदार छ

मैले कविता पढिरहेको बेला एक जना बृद्ध बुवा मेरो आडैमा बसेर सुँक्क सुँक्क रोइरहनु भएको थियो । पछि हिँड्ने बेलामा उहाँले भन्नु भो- "बाबु तपाईले त मलाई रुवाइदिनु भो ।" बुझ्दै जाँदा उहाँ त महान् सहिद-पिता असी वर्षीय टेङ्कप्रसाद घिमिरे हुनु हुँदो रहेछ। उहाँको सपूत प्रकाश धिमिरे जनयुद्धको क्रममा सहिद बन्नु भएको जानकारी भयो । मैले भनेँ- "बुबा, तपाईं महान् सहिद जन्माउने पिता, तपाईं पनि महान् हुनुहुन्छ। देशको निम्ति सहिद हुनु बडो गौरबको कुरा हो।" उहाँका आँखाभरि आँसु भरिए। कार्यक्रम समापन पछि हामी जनताका घरमा बाँडिएर सुत्यौँ । मसहित ३ जना महान् सहिद पत्नी देवी घिमिरेका घरमा सुत्यौँ । त्यो २०६३ चैत्र १८ गतेको दिन ने.क.पा

(माओवादी) १० वर्षको जनयुद्धपछि वार्ताको माध्यमबाट सरकारमा गएको एउटा ऐतिहासिक दिन थियो । १९ गते बेलुका हाम्रो सास्कृतिक कार्यक्रम लोथर खोलामा भयो । बेलुका हामीले महान् सहिद जयन्ती कँडेलकी आमा पार्वती कँडेलको घरमा खायौँ । त्यतिबेला दुवीचौरमा चैतेधान बहेली खेलेको थियो । २० गते हामी वीरेन्द्रनगर फर्क्यौ र २१ गते हामी कोराक गा.वि.स. समीटार पुग्यौँ । हामी थाकेर लखतरान थियौं । जनताका घरमा खाना खाई बेलुका त्यहाँ साँस्कृतिक कार्यक्रम गरेर त्यहीँ रात बितायौँ । भोलिपल्ट कामीटार, खिराटार हुदै तास भञ्ज्याङ पुग्यौँ । जहाँ जनयुद्ध कालमा ८ जना नेपाली आमाका महान् छोराछोरीहरूले सहादत प्राप्त गरेका थिए र उनीहरूको स्मृतिमा सहिद स्तम्भ निर्माण गरिएको थियो । त्यो स्तम्भ २०६३/११/१४ मा सम्पन्न भएको रहेछ । ८ जना सहिदहरुको नामावली यस प्रकार छ-

(१) जीतबहादुर तिलुङ थिङ (क.गुराँस) (२) मणिकला मोङतान (क. हिमाल) (३) गमबहादुर मोक्तान (क.पहाड) (४) देउ कुमार मोक्तान (क.पहाड) ५) रिता लामिछाने (क.रुपा) (६) सुमित्रा मोक्तान (क.दीपा) (७) राजकुमार रुम्बा (क. राजु) (८) बाबुराम दोङ (क. सोनाम)

हामीले ती महान् सहिदप्रति लालसलाम गर्‍यौं र श्रद्धा सुमन चढायौं । त्यसपछि हिँड्यौँ गन्तब्य तिर । पहाडी उकालो ओरालो हिँड्दा हामी भोक र थकाइले गलित भएका थियौँ । तथापि देश र जनताको मुक्ति, परिवर्तन र जनतालाई बिउँझाउन हिँडेका हामी हार मान्ने वाला थिएनौँ । साँझमा हामी डुम्रेखाडी पुग्यौं । थाकेका भए पनि लाइट बालेर सांस्कृतिक कार्यक्रम गरियो । त्यहाँ महिलाहरुको उल्लेख्य सहभागिता भएको थियो । त्यो तामाङ बस्ती रहेछ । कार्यक्रम समापनपछि जनताकै धरमा खाना खायौँ । जनताले हामीलाई धेरै माया गरे । भोलिपल्ट अर्थात् चैत्र २२ गते बिहान सवेरै पूर्वतिर लाग्यौँ । अनेक उकाली, ओराली, वन, जङ्गल, भीर पहरा छिचोल्दै बेलुका चार बजेतिर च्युरीटार हुँदै आँपपानी पुग्यौँ । भोक र थकाइले हामी गलित थियौँ । त्यहाँ पनि तामाङ बस्ती रहेछ । उनीहरूले हामीलाई 'लास्सो !' भनेर स्वागत गरे । जनताले नै हाम्रो खाली पेटमा चारो हाले । आप पानीमा साँस्कृतिक कार्यक्रम गरियो । पार्टी नेताहरूले राजनैतिक प्रवचन दिए । मैले सर्वहारा संस्कृति विषयमा विचार राखें । कार्यक्रममा महिलाहरुकै उपस्थिति उल्लेख्य थियो । त्यसपछि हाम्रो टोली त्यहाँबाट प्रस्थान गर्‍यो । कोराङ गाउँ हुँदै चौथलीको लामो उकालो चढेर हामी चिसापानी पुग्यौँ । त्यहाँका जनताले भोगेको जिन्दगी के जिन्दगी भन्नु ? बडो टिठ लाग्यो । बेलुका जनताकै घरमा बाडिँएर विश्राम गरियो । जनताले माया गरेर दिएको सिस्नोको तरकारी र मकैको च्याँख्ला अमृतभन्दा मीठो भयो । माद्रो ओध्याएर सुतियो । विचरा जनताहनरु नाङ्गा र भोका भएर पनि हामी प्रति दर्शाएको प्रेम बिर्सिनसक्नु थियो ।

चैत्र २३ गते बिहान कुखुरा बासे । धर्तीमा उज्यालो झर्‍यो । सबेरै हामी बाटो लाग्यौँ र १० बजेतिर हामी छाकलटार पुग्यौँ । त्यहाँ हाम्रो पेटको पूजा जनताले नै गरे । त्यहाँ पनि जनसभा र सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । त्यो रात हामीले त्यहीँ बितायौँ र भोलिपल्ट २४ गते हामी लोथर खोलाको अप्ठेरो बाटो हिँडेर हाइवेको लोथर पुलमा निस्क्यौ । लोथर खोलाको बाटो अत्यन्त अप्ठोरो थियो तैपनि भरियाहरू ज्यानको बाजी राखेर पसिना बगाउदै गरुङ्गा भारी बोकेर आऊ जाऊ गर्दै थिए । साँच्चै पवित्र हुन्छन् ज्यामी, भरियाका पसिना । हामीले त्यहाँ बजारमा खाजा खाएर १२ बजे बस चढेर नारायणगढ बजार निस्कियौँ । त्यो दिन चेपाङ मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलन चितवनमा थियो । हामीले जुलुसमा भाग लियौं । २५ गतेको बन्द सत्रमा मैले पहाडी यात्रा गर्दा लेखेको कविता सुनाएँ- "माथि मथि पहाडमा"

माथिमाथि पहाडमा गरिबको गाउँ
नेपालको चित्र हेर्न त्यो ठाउँमा जाऊँ
खान नपाई बालबच्चा रोइरहने ठाउँ
बालाधिकार भन्नेहरू त्यो ठाउँमा जाऊँ

पहाडको पखेरीमा गरिबको वस्ती
दुखियाले भारी बोक्दा उकालोमा सास्ती
दिनभरि भारी बोक्दा पसिनाका धारा
छानो भत्की झोपडीका देखिँदै छन् तारा

गिठा, भ्याकुर नपाएर आमा थला पर्ने
दुध चुस्न नपाएर नानी त्यसै मर्ने
कमाउन भनी बाबु घर छाडी गा'को
धेरै दिन बिते अझै छैन फर्की आको

हाम्रो भाग्य लुटी खाने शोसकको खेल
त्यो खेललाई तोड्नु पर्छ हाम्ले राख्दै मेल
उठ किसान, मजदूर भरिया र ज्यामी

गरिबको राज ल्याउन कम्बर कसौं हामी

चैत्र २६, २७, गते तिन दिन हामीले आ-आफ्नै ढङ्गले विश्राम गर्‍यौं र २८ गते हामी पुनः सांस्कृतिक अभियानमा जोडिएर बस चढी वीरेन्द्रनगर हुँदै मायाटार पुगियो । त्यहाँ बाँडिएर जनताका घर बसियो । जनता माओवादीप्रति अत्यन्त विश्वस्त भएको हामीले महसुस गर्‍यौँ । ती दुःखी, गरिव, भोका नाङ्गा, पीडित, उत्पीडित जनता परिवर्तनको पर्खाइमा थिए । चैत्र २९ गते दिनको उज्यालो भुँइमा झर्‍यो। बिहान उठेर हामीले निर्देशनअनुसार जनतालाई सघायौँ। जनताको घरको आँटो, पिठो जे मिल्छ खाएर हामी सांस्कृतिक कार्यक्रममा जुट्यौँ। मायाटार रा.प्रा.विमा भव्य सांस्कतिक कार्यक्रम सम्पन्न भयो । हाम्रा कविता गीत, नृत्य जनताले औधि मनपराए । पार्टी नेता क. अमर (रमेश रेग्मी), ले पार्टीको नीतिअनुसार जनसमुदायलाई वर्तमान परिस्थितिको बारेमा सूचित गर्नुभयो । त्यही कार्यक्रममा क. ध्रुव र क. सिर्जनाको जनवादी विवाह सम्पन्न भयो ।

त्यो बेलुका हाम्रो टोली काउले गा.वि.स वडा नं ७ हपनी, वर्ल्याङ् देवीटारको स्कुलतिर लाग्यो । धेरै उकाली ओराली पार गर्दै बेलुका गोधुली साँझमा हामी देवीटार पुग्यौँ । देवीटारमा रिग्दी खोला र आशाखोलालाई जोड्न झोलुङ्गे पुल हालिएको रहेछ । पूर्व गुछेवाङ, पश्चिम हेप्चे, उत्तर कोलाङको र दक्षिण दुम्किमगाउँ पर्दा रहेछन् । चारैतिर अग्ला पहाडले घेरिएको त्यो ठाउँ अत्यन्त विकट रहेछ । वन पाखाको हरियालीले प्राकृतिक सुन्दरता झल्किरहेको थियो । त्यो बेलुका हाम्रो टोली ३/४ वटा घरमा बाँडिएर बस्यो । हामीले भोका नाङ्गा जनताका पीर व्यथा सुन्यौँ । उनीहरुमा परिवर्तन हुनुपर्ने र मानव भएर बाँच्च पाउनु पर्ने उत्कृष्ट चाहना भएको पायौँ ।

बिहान चराहरूको चिरबिरसँगै हामी उठ्यौं । नित्य कर्म गरियो । दुई खोलीको कनकल ध्वनि, हरियाली पाखा पखेरा, टोपी खस्ने पहाड त्यहाँको प्राकृतिक वातावरण ज्यादै मनमोहक थियो । परन्तु त्यहाँको जनजीवन डढेलोले खाएको वन जस्तै लाग्दथ्यो । मैले मनमनै सोचें-" यस्तो पनि चितवन रहेछ ।" मैले त्यही बिहान एउटा कविता लेखे -

**गाउँले बास बस्ती**

आऊ साथी चितवन तिमी हेर्न अग्ला पहाड
टोपी झर्ने शिखर शिरका काउले देवीटार
बर्खा खोला गडगड गरी चल्छ त्यो भेलबाढ
झन् झोलुङ्गे पुल पनि त्यहाँ गर्न ती वार पार

खोलाका ती ध्वनि कलकली स्वच्छ हावा बहेको
वासन्तीको महक वनमा पालुवा टल्किएको
अग्ला अग्ला सिखर र चुली गाउँले बास बस्ती
मर्का झेल्दै प्रतिदिन कठैः चल्छ तिन्को गृहस्थी

साना सुर्का अलि अलि सके फल्छ कोदो करैले
खान्छन् खोले जिन तिन गरी चार मैना त्यसैले
छैनन् बाटा न त छ विजुली क्या अंध्यारो पहाड
सामन्तीको अझ पनि निकै चल्छ लौ खेलबाड

खोजी गिठा तरुल वनका साग सिस्नो जुटाई
ढिडो फाडोसँग कठिनको जिन्दगी धान्नलाई
भारी बोक्दै हर दिन, त्यहाँ बाँच्छ चेपाङ बस्ती
सालै पिच्छे रिन पिठिममा थप्छ साँढे अगस्ती

आए नेता अति नरम मै भोट खाई हराए
आफ्नै स्वार्थी महल जिनले भव्य अग्ला ठड्याए
भोका नाङ्गा गरिब जनका ओठमा छन् कालेठी
ठोक्नै पर्ने निरिह जनले लौ भयो एकचाटी

ल्याए मात्रै सब सम हुने उच्च नौलो व्यवस्था
यो अन्यायी चलन दबिए उद्छ हाम्रो अवस्था
वैरीलाई सब जन मिली पार्न एकै चिहान
एकै ढिक्का सबजन बनौँ झर्छ नौलो बिहान

भोलिपल्ट चैत्र तिस गते हाम्रो कार्यक्रम त्यही देवीरारको प्रा. वि.मा सम्पन्न भयो । हाम्रो कार्यक्रम हेर्न जनताहरु गाउँ गाउँबाट तँछाड र मछाड गर्दै आएका थिए । त्यहाँ कलाकार टोलीले जनताका महान गायक खुशीराम पाख्रिनको गीत गाए । खुसीराम पाख्रिन, शारदा श्रेष्ठ र चेतकान्त चापगाई अब यो संसारमा छैनन् । पाख्रिनको गीतको बोल थियो- " **गैंची बेल्चा उचालेर** "

(१) गैंची बेल्चा उचालेर
पहरोलाई छिचोलेर
कुल्ली दाइले बाटो बनायो
के पायो नि कुल्ली दाइले
के पायो नि कुल्ली भाइले

अर्कैले टेक्सी कुदायो !

(२) सामन्तीको जालैले छेकेको

छेके पनि छर्लङ्गै देखेको

यस्ता गीत गाउँदा जनता मग्न मस्त भएर सुन्थे। त्यहाँ सिरसिर हावा चलेको मात्र सुनिन्थ्यो। जनताका गहभरि आँसु टल्पलाउँथे। "अब केही गरे माओवादीले गर्छ। अरुलाई त भोगी सकियो। सब झुक्याउने मात्र हुन्" जनता यसो भन्थे। त्यो बेलुका हाम्रो टोली उकालो चढ्दै वन पाखा छिचोल्दै बेलुका काउले मा. वि. कल्याणटार पुगियो। कल्याणटारको एउटा घरमा खाना खाई जनताको घरमा बाँडिएर सुतियो। हाम्रा सुत्ने विस्तारा चित्रा र मान्द्रा हुन्थे। ओड्ने पाखीमा भट्ट जत्रा सेता जुम्रा रगरगाउँथे। बिहान उठ्दा चितवनको सबभन्दा अग्लो पहाड 'सेराइचुली' मुस्कुराइरहेको थियो।

उमेरको हिसाबले म त्रिसठ्ठी बर्षमा हिड्दै थिएँ। तर मेरो जोश जनताको मुक्ति र परिवर्तनको निम्ति युवाको जस्तै थियो र इच्छाशक्ति प्रबल थियो। शाही सेनाको कुटाइ र जेलको यातनाले मेरो शरीर थङ्थिलो भएको भए पनि मेरो मन स्पात भएको थियो। काउलेबाट हामी रिग्दी खोला तरेर घादिङको जोगीमारा पुग्यौं। त्यहाँ हाम्रो टोलीले खाना पकायो। त्यहाँ कोइरालो निकै फुलेको रहेछ। साथीहरूले कोइरालाको फूल टिपेर मिठो अचार बनाए। परिश्रमको फल मिठो हुन्छ भनेझैं हामी पनि हिँडाइले थाकेकै थियौं। खाना असाध्य मिठो भयो। हाम्रा दुईजना कलाकार बहिनीहरुलाई पेट दुख्ने विमार लाग्यो। पार्टी नेतृत्वले ती बहिनीहरुलाई उपचार गर्ने जिम्मा मलाई दियो। म ती बहिनीहरूलाई लिएर धादिङबाट तल हुग्दी खोला हाइवेमा झरियो र बस चढेर नारायणगढ आई ती बहिनीहरुलाई हस्पिटलमा जचाई म घर गए। ती बहिनीहरू पार्टीको सम्पर्कमा गए। दुई दिनपछि म पुनः टोलीमा जोडिन निस्के हाम्रो टिम कार्यक्रम गर्दै चण्डीभञ्ज्याङ पुगेको रहेछ। म चण्डीभञ्ज्याङ जान नारायणगढबाट, बस चढेर जुगेडी हुँदै जलविरे पुगे र त्यहीँ भरी जलबिरेबाट उकालो लागेँ। म एक्लै छु। घनघोर जङ्गल, उकालो बाटो, कतै कतै पातला बस्ती देखिन्छन्। चैत्र महिना बाटाको दाया बाया ऐसेलु पाकेर पहेलपुर देखें। ऐसेलु टिप्दै खादै हिंडें। कतै कतै बाटो फाटेर अलमल पर्दा बटुवासँग सोद्दथे। चार घण्टाको उकालो चढेर चण्डीभञ्ज्याङ पुगें। बेलुका भइसकेको थियो। हाम्रो टोली कार्यक्रम सकेर हिँड्न तर्खर गर्दै रहेछ। म पुग्ने पनि हावाहुरी र पानी एकैसाथ खनियो। दगुर्दा दगुर्दै पानीले पिटीहाल्यो। निथुक्क रुज्दै हामी तल गुरुङ गाउँ आएर त्यहीँ बास बसियो। हरका लुगा हरैमा सुके। भोलिपल्ट हाम्रो टोली गुएँलघारी पुग्यो। त्यो भन्दा पहिले बिचमा एउटा सांस्कृतिक कार्यक्रम भए जस्तो लाग्छ। किन कि हामी गुएँलघारी पुग्दा रात छिप्पिइसकेको थियो। राती अँध्यारोमा हातले छामेर हिँड्नु परेको थियो। कतै ठेस लाग्थ्यो। कतै घुँडा ठोकिन्थे। पहाडको साङ्ग्रो बाटो मुस्किलले हामी त्यहाँ पुगेका थियौं। सबै जना त्यहाँ बाँडिएर बस्यौं। मलाई एउटा घर लिएर गए साथीले। त्यहाँ त सुतिसकेका रहेछन्। साथीले घरका मान्छेलाई उठाए। घरकी आमासँग कुरा गरेर साथी अन्तै गए। म भोक र थकाइले लखतरान परेको थिएँ। त्यो घरको आमाले मलाई मकै भुटेर खान दिइन्। मलाई त्यो मकै असाध्यै मिठो भयो। ती आमाले म माओवादी कार्यकर्ता भनेपछि खुब माया गरिन्। उनले मसँग प्रश्न गरिन् - "तपाई यस्तो वृद्ध भएर पनि किन यसरी हिँडेको यो उमेरमा?" मैले उनलाई सम्झाउने हेतुले भने- आमै, हामी देशमा जनताको शासन व्यवस्था ल्याउन भनेर हिँडेको।

जनता सचेत भए भने सबै एक भएर जनताको राज ल्याउन सकिन्छ। हामीलाई जनताको सेवा गर्न पाएकोमा खुसी लाग्छ। ती आमाले "हुन त हो बाजे तर खै हामीले सुख पाउला र ?" " हो आमा हाम्रा सुखका दिन आउछन्।" एक छिन कुरा गरेर ती आमा सुत्न गइन् मलाई पिढीमा एउटा गुन्द्री र ओड्ने पाखी दिइन्। तल नारायणी सुसाएर बगिरहेको थियो। मलाई त्यो रात त्यति निद्रा परेन। भोलिपल्ट हामीले कविलासको डाँडोमा सांस्कृतिक कार्यक्रम गरेर तल जुगेडी गाउँमा झरियो। त्यहाँ जनदिशा लागुगरी खाना खाएर बेलुकी पख त्यहाँ कार्यक्रम गरी हाम्रो यात्रा समापन भयो। हामी मनमा अनन्त आशा बोकेर जुगेडीबाट बस चढेर नारायणगढ हुदैँ आ-आफ्नो आश्रय तिर लागियो।

कथा

# तिलकरामको भूत



✍ **प्रकाश चापागाई**
*परिषद् सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

"दाइ, दाइ ! आज मैले भूतलाई अगुल्टाले हिर्काएर मुर्छा पारेँ नि ।" तिलकरामले स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै आफ्नो दाइ शिवरामलाई सुनायो ।

"खुब हानिस् भूतलाई र मुर्छा पारिस् तैँले ! फिस्टेका खुट्टा देखेरै चाल पाएँ ।" शिवरामको भनाइमा भाइको उपहास र हाँसो थियो ।

"कस्तो नपत्याउनुभएको ? मैले साँच्चिकै हानेको हो क्या, भूतको पुर्पुरोमै ठोकेको । एकछिनसम्म त त्यो भूत मुर्छै पऱ्यो तर ... ।"

"के तर नि, अनि के भयो ?" शिवरामले फेरि पनि उस्तै उपहास गऱ्यो ।

"तर त्यो भूत शक्तिशाली रैछ । मैले त्यसको पुर्पुरोमै हिर्काए पनि फेरि एकछिनपछि उसरी नै कराउन थाल्यो । मसँग आगोको अगुल्टो नभएको भए सायद मलाई आज भूतले ... !" बोल्दाबोल्दै तिलकरामले आफ्नो वाक्य नै पूरा गर्न सकेन ।

"के आज भूत, कहाँ हुन्छ भूत ? छाड्दे यस्ता नचाहिने कुरा भाइ । दिमागमा भूत राखेर हिँडेपछि आफ्नै छायाले पनि तर्साउँछ ।" शिवरामले भूतका बारेमा आफ्नो अभिमत राख्यो ।

"भूत हुन्छ भनेर त म पनि कहाँ मान्थेँ र दाइ ! म पनि त यो भूतसुत केही हुँदैन नै भन्थेँ नि, तर भनेर मात्र के गर्नु 'नमरी स्वर्ग देखिन्न' भनेझैँ आफैलाई परेपछि मात्रै सबै कुरा थाहा हुने रैछ ।" तिलकरामको स्वाँस्वाँ र फ्वाँफ्वाँ अझै घटेको थिएन ।

"ल, ल भैगो । मरेपछि मात्रै स्वर्ग देखिने रैछ, मरेपछि देख्लास् । अहिलेलाई हातगोडा धोएर खाना खान जा ।" शिवरामले भाइलाई खाना खानका लागि सुझायो ।

"हैन के दाइ, तपाईंले किन नपत्याउनुभएको ? त्यो नहरको कल्भर्ड छ नि त्यही कल्भर्डको तल्लो भागमा बसेको थियो भूत र लगातार कराइरहेको थियो । मैले आगोको अगुल्टो हल्लाएर हेरेको त जिङ्ग्रिङ्ग परेको कपालले छोपिएको अनुहारसम्म नदेखिने गरी ढसमस्स बसिरहेको, मैले त्यसको टाउकोलाई निसाना बनाएर हिर्काएँ, त्यसको पुर्पुरोमा लाग्यो । त्यसपछि म त्योसँग नडराएको अभिनय गर्दै बिस्तारै पर गएँ । तर एकछिनपछि त त्यो झनै जोडले कराउन थाल्यो । म आत्तिएर एकसासमा घर आइपुगेँ । हिँड्नु न नपत्याए हेर्न जाऊँ ।" तिलकरामले अझै कामेकै स्वरमा भन्यो ।

"कल्भर्डको पर्खालमा हान्यो होला । पुर्पुरोमा हानेँ भन्छ ।" शिवरामले रत्ति पत्याएन तिलकरामको कुरा ।

"हैन के पुर्पुरोमै हानेको हो, एकचोटि त जाऊँ त्यहाँसम्म ।" दुवै दाजुभाइ लालटिन लिएर कल्भर्डसम्म पुगे । तिलकरामले भनेको ठाउँमा उसले भनेजस्तै एउटा आगोको अगुल्टो अझै थियो र निभेको पनि थिएन । शिवराम पनि एकछिन तिर्मिरायो । उसले सोचेजस्तो कल्भर्डको पर्खालमा थिएन आगोको अगुल्टो । बरु तिलकरामले भनेजस्तै केही चिजमा ठक्कर खाएर अगुल्टोका सानासाना टुक्रा चोइटिएर खसेका थिए । अगुल्टोबाट धुवाँ अझैसम्म उडिरहेको थियो । दुवैले यताउता चारैतिर हेरेँ, अहँ कहीँकतै केही देखिएन । एउटा रहस्यमयी आगोको अगुल्टो र उडिरहेको धुवाँबाहेक !

हरिप्रसाद भट्ट चार छोरा, दुई छोरी र श्रीमतीसमेतलाई लिएर चितवन झरेका थिए दुई हजार सत्र सालमा । पहाडको चिसो हावापानीमा रमाएका छोराछोरी चितवनको उखर्माउलो गर्मीले आत्तिनुसम्म आत्तिए सुरुमा । त्यसो त हरिप्रसाद र श्रीमती पनि आत्तिएकै थिए होलान् । पारिवारिक जिम्मेवारीको बोझले थिचिएका हरिप्रसाद दम्पतीले आत्तिएको गन्ध कतै चुहिन दिएनन् । कृषि पेसाबाट जीवनको आधा उमेर कटाएका उनीहरूले माटो, पानी र वनजङ्गलको सुविधा हेर्दै जाँदा गीतानगरको पृथ्वीनगरमा छाप्रो बनाउने निधो गरे । उर्वर माटो, मिलेको खेत, नजिकको वनजङ्गलले गर्दा उनीहरूलाई मिठो-मसिनो खाएर घरधन्दा चलाउन त्यति असहज भएन । समयको गतिसँगै हरिप्रसाद दम्पतीका छोराछोरी हुर्किँदै गए । छोरीहरूलाई पढाउनुपर्छ भन्ने मान्यता विकास नभइसकेको अवस्थामा उनीहरूले पनि छोरीहरूलाई पढाएर विद्रोहको ज्वाला दन्काउन सकेनन् । चौध-पन्ध्र वर्षकै उमेरमा पराइघरतिर धकेलिलिए छोरीहरूलाई । छोराहरूको पालन, पोषण, शिक्षा, दीक्षा राम्रैसँग चल्दै गयो ।

सिञ्चाइको सुविधा राम्रै भएकाले हरिप्रसादको खेतमा साउन पन्ध्रभित्रै रोपाईंको काम सकिन्थ्यो । गोठभरि गाईभैंसी

पालेका हरिप्रसादलाई रोपाईंको काम सकिएपछि गाईभैंसी पाल्न निकै समस्या पर्थ्यो । हुन त टौवामा परालको कमी थिएन । दुहुना गाईभैंसीलाई घाँस खुवाउन पाए दूध पनि बढ्ने र परालको तुलनामा गाईभैंसी घाँसमा नै रमाउने भएकाले उनीहरू गीतानगरको टाँडी खेत, इन्द्रपुरी, तोरीखेततिर गोठ सार्ने गर्दथे । एक दिनको कुरा हो - तिलकरामलाई गोठबाट फर्किँदा निकै अबेला भयो । आहाल खेलाउन लगेका भैंसीहरू पोखरीबाट निस्किँदै निस्किएनन् । तिलकरामले भैंसीलाई पोखरीबाट निकाल्न गर्नुसम्म सबै प्रयास गऱ्यो । अहँ, भैंसी निस्कनै मानेनन् । ऊ आजित भयो । लगभग आठ बजेतिर मात्र भैंसी निस्किए पोखरीबाट । भैंसीलाई गोठमा पुऱ्याएर बाँध्दै गर्दा त्यहीँ नै नौ बज्यो ।

तोरीखेतबाट पृथ्वीनगर जान एक-डेढ घण्टाको बाटो थियो । यातायातको साधन पाउने अवस्था थिएन त्यस बेला । तिलकराम आत्तिदै हिँड्यो घर जान । अन्धकार रात, बाटाभरि कुकुरको भुकाइ, ऊ डराउँदै हिँडिरह्यो । बाटोमा ठुलो पानी पऱ्यो । ऊ निथ्रुक्क भिज्यो । भिज्दैभिज्दै अघि बढ्यो । बाटोमा कहीँकहीँ दुगुर्थ्यो पनि । लगभग डेढ घण्टाको बाटो उसले एक घण्टामै पार गऱ्यो । घर पुग्ने बेलामा जब नहर पार गरेर जानुपर्ने कुरा सम्झ्यो, तिलकरामका पाइला टक्क रोकिए । ऊ डरायो । उसले गाउँका बुढाहरूले गरेका कुरा सम्झियो, "यो नहरमा त राति नौ बजेपछि घोडामा चढेर भूत हिँड्छ । कहिले भैंसीमाथि चढेर हिँड्छ । रातभरि यता र उता डुल्ने भूत चार बजेतिर पोखरीमा जान्छ र दिनभर पोखरीभित्रै बस्छ । परार साल यही पोखरीमा सल्यानी बुढाको छोरालाई दिउँसै तानेर लगेको आजसम्म पनि अत्तोपत्तो छैन ।" तिलकरामको अर्को मनले भन्यो, "यो सब भ्रम हो । भूत भन्ने चिज छँदै छैन । हुँदै हुन्न । तर सल्यानी बुढाको छोरा ?" ऊ फेरि डरायो र नहरको डिलमा घर भएको काजीलाई बोलायो, "काजी दाइ, काजी दाइ, सुत्नुभयो कि के हो ?"

"ओहो ! सानुबाबु हैन, कताबाट हो यो आधारातमा ? ल आइसियो भित्र ।" काजीले भित्रबाट ढोका खोले ।

"हेर्नू न काजी दाइ, आज गोठबाट आउँदाआउँदै यस्तो भयो । अँ साँच्चि मलाई एउटा आगोको अगुल्टो बनाइदिनू न ।"

"किन चाहियो आगाको अगुल्टो हजुरलाई ? ओहो ! निथ्रुक्कै भिज्नु पनि भएको रैछ । कपडा खोलिसियो । म गम्छा दिन्छु ।" काजीले लालटिनको उज्यालोमा गम्छा खोज्न थाले र आफ्नी श्रीमतीलाई बोलाए, "ओई कालेकी आमा, उठ् त, सानुबाबु आइसिएको छ । आगो फुकेर चामल ठिक्क पार्दै त ।"

"भो, भो पर्दैन । के को चामल ठिक्क पार्नु यहाँ । घरमैं गइहाल्छु नि बरु । यो नहरमा सर्पको अलि बढी डर हुन्छ, मलाई एउटा आगोको अगुल्टो दिनू, म गइहाल्छु ।" तिलकरामले मनभित्रको भूतलाई सर्पसँग जोडेर अगुल्टोकै कुरा गऱ्यो ।

"ओ हो ! कहाँ घर जाने कुरा गरिसेको ? अब त यो नहरमा भूत नाच्ने बेला पो भयो त !"

"हा, काजी दाइ पनि के को भूत नाच्ने कुरा गर्नुभाको ? यो भूतको कुराले तपाईँहरूको दिमाग राम्रैसँग खायो है ?"

"ओहो ! के भन्नुभाको सानुबाबु ! हिजो यो झ्यालमा आएर मलाई कम सतायो भूतले, धन्न मसँग लाइट थियो र बालेँ । लाइट बाल्नेबित्तिकै त गायब भयो ।"

"भो भो काजी दाइ, यो भूतको कुरा अरूसँग जति गरे पनि गर्नू तर मसँग कहिल्यै नगर्नू । म यस्ता कुराको पछिलाग्ने खालको केटा हैन ।" तिलकरामले आफूलाई निक्कै शूरवीर देखाउने प्रयास गऱ्यो । एकछिनको कुराकानीपछि तिलकराम नहरको बाटो हुँदै घरतिर लाग्यो, भूत हुन्न भन्दाभन्दै भूतकै डरमा सर्पको बहानाको अगुल्टो लिएर ।

शिवराम र घनश्याम ज्यादै मिल्ने साथी थिए । दुवै जना एस.एल.सी. परीक्षा दिएर नतिजाको प्रतीक्षामा थिए । घर पनि नजिकै थियो । फुर्सद हुनेबित्तिकै दुई जना सँगै हुन्थे, सँगै डुल्थे । प्रायः रातिको समय पनि सँगै बिताउँथे । गए राति यी दुईको भेट हुन सकेन । बिहान हुनेबित्तिकै हातमुख धोइवरी शिवराम घनश्यामलाई भेट्न गयो । ऊ उठेकै थिएन । शिवराम घनश्यामकै कोठामा पुग्यो र बोलायो । घनश्याम उठ्नै चाहेन । अझै मुख छोपेर सुत्यो । शिवरामले सिरक फालेर घनश्यामलाई हेर्दा त उसको आँखामाथिको भाग पूरै डढेर कालो न कालो भएको थियो । आँखी भौँ र आँखीभौँमाथिको निधारको केही भाग र पुर्पुराको कपालसमेत डढेर बिजोग भएको देख्यो । अनुहार हेर्नै नसकिनेजस्तो थियो । शिवरामले सिरक फाल्नेबित्तिकै घनश्यामका आँखाबाट आँसुका भल बग्न थाले । साथीको यस्तो हालत देखेर शिवरामले सोध्यो, "के भएको यस्तो, कहाँ के भएर हो ?"

घनश्यामले स्वर लुकाउँदै भन्यो, "गए राति तिलकरामले .... !"

शिवरामले फेरि भन्यो, "मेरी बास्सै, ए उसो भने हिजो रातिको भूत तँ पो थिइस् ?"

घनश्यामले पश्चात्तापको टाउको हल्लायो ।

आलेख

# भरतपुरमा कला सङ्ग्रहालय आवश्यकता र सम्भावना



✍ **प्रकाश थापा 'प्रथा'**
*उपाध्यक्ष-हामी कलाकार*

व्यक्तिमा प्रतिभा भएर मात्र पुग्दैन । आफैंमा रमाउन सके पनि समाजमा देखिन बेग्लै परिचय बनाउन उसमा निहित प्रतिभालाई निखार ल्याउन र त्यसलाई व्यक्त गर्न वा प्रदर्शन गर्न उपयुक्त वातावरणको आवश्यकता पर्दछ । जसरी एउटा फल फलाउन पहिले गतिलो बीउ, त्यसलाई रोप्ने उपयुक्त माटो र बिरुवा भैसकेपछि मलजल गर्ने मानिस चाहिन्छ । कलाकारलाई त्यसरी नै आफ्नो प्रतिभा निखार्न प्रशिक्षण केन्द्र र प्रदर्शन गर्न एउटा राम्रो मञ्च वा प्रदर्शनी कक्षको आवश्यकता पर्दछ ।

म त्यसैको बारेमा हामीले भोगेका अनुभवहरू यहाँ राख्न चाहन्छु । चितवनमा कला प्रदर्शनी पहिले हुँदैन थिए । प्रयासै नभएका होइनन् तर राम्रोसँग हुन सकिरहेका थिएनन् । २०५३ सालबाट सुरू भएको चितवन महोत्सवमा झण्डै १०० जना कलाकारका सामूहिक चित्रकला प्रदर्शनी उत्साहका साथ गरिए पनि वास्तविक कला प्रदर्शनी भीडमा होइन, शान्त वातावरणमै हुनुपर्छ भन्ने चेतना केही कलाप्रेमीहरू बिच विकास भयो । २०५४ सालमा म आफैंले एउटा एकल कला प्रदर्शनी गरैं । बी.पी. कोइरालाका खासगरी साहित्यिक व्यक्तित्वलाई विषय बनाएर, रेडक्रस भवन नारायणगढमा । मलाई चित्रकलामा डोऱ्याउने आदरणीय हरि न्यौपाने सर रेडक्रस चितवनका जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । वहाँलाई अनुरोध गरेर दुईदिन कला प्रदर्शनी भयो त्यो पनि नि:शुल्क । हजारौंको सङ्ख्याले अवलोकन गरे । पहिलो पटक भएर होला सायद यस्ता पनि चित्र हुन्छन् ? हामीले त चित्र भनेको व्यक्तिको तस्विर र दृश्य चित्रलाई मात्र मान्दथ्यौ । प्रदर्शित चित्रहरू सबै शीर्षकमा सिर्जना गरिएका थिए । कलेज पढ्नेदेखि स्कुल पढ्ने विद्यार्थी मात्र नभई कलेज पढाउने प्राध्यापकदेखि स्कुलका शिक्षकसम्म उपस्थित थिए । अझ बी.पी. कोइरालाका नाममा सिर्जना गरिएका चित्र भएकाले राजनैतिक व्यक्तित्वहरूको पनि बाक्लै उपस्थिति थियो । त्यस कार्यक्रमले मलाई एउटा चित्रकारका रूपमा परिचित गरायो र मसङ्ग नयाँ नयाँ साथीहरूलाई सम्पर्क गरायो ।

म यसै फुरूङ्ग थिएँ तर एउटा प्रश्न मेरो अगाडि आएर उभियो । यो प्रदर्शनी त रेडक्रसको भवनमा भनसुन गरेर गरियो अब अरू प्रदर्शनी कहाँ गर्ने ? फेरि चित्रकारितामा म मात्रै एक्लै छैन म जस्तै अरू पनि छन् । यस क्षेत्रमा रूचि राख्ने नयाँ अरू पनि हुन्छन् उनीहरूले कहाँ सिक्ने कहाँ प्रदर्शनी गर्ने ? यो विषयले मलाई सोच्न बाध्य बनायो । मेरो त्यस प्रदर्शनीले नजिक बनाएका साथीहरू शारदानगरका तमबहादुर पुन र पोखरा बसपार्कका सुरेन्द्र श्रेष्ठहरू मसङ्ग यस विषयमा छलफलमा आए । त्यसै वर्ष नारायणगढ जेसिजको जेसिज सप्ताहमा कला प्रदर्शनी गराउने कुरो उठायौ र हामीले कार्यक्रम गर्यौं । प्रमुख अतिथिका रूपमा प्रमुख जिल्ला अधिकारी (सिडियो) थिए । हामीले एउटा अनुरोध प्रमुख अतिथिसँग गऱ्यौं कि हामी सर्जकहरू हौं हामीले सिर्जना गरेका कलाहरू प्रदर्शनी गर्ने स्थायी ठाउँ पाइरहेका छैनौं, त्यसको उपाय खोजिदिनु पर्यो जहाँ हामीजस्ता सर्जकहरूले सिर्जनाका गतिविधिहरू त्यस ठाउँमा बसेर गर्न चाहन्छौं । सिडियो सा'बले म कोसिस गर्छु भन्नु भो तर वहाँ अर्को महिना सरूवा भएर अर्कै जिल्ला जानुभो ।

हामी निरन्तर सिर्जनामा लाग्दै गर्दा हामीले नारायणी कला मन्दिरमा जोडिने प्रयास गर्यौं २०५५-०५६ सालमा । नारायणी कला मन्दिरका व्यवस्थापन समितिका पदाधिकारीहरूले साथ दिने कुरा भयो । हामी दङ्ग पऱ्यौं । कला मन्दिरको भवन मात्र नाट्य तथा सङ्गीत विधाको प्राथमिकतामा बनेको थियो । त्यसकारण हामीले जेनतेन काम चलाउने हिसाबले कला मन्दिरको गल्लीमा कलामन्दिरकै सहयोगमा प्रदर्शनी गर्ने व्यवस्था मिलायौ र दुई पटक प्रदर्शनी गर्यौं पनि । त्यहाँ हामीलाई निरन्तरता दिने वातावरण भएन र हामीले हात झिक्यौ । अब यसरी भएन एउटा प्रशिक्षण केन्द्र खोलौ भन्ने विचार आयो र शहिदचोकमा रहेको पिया मार्केटको तेश्रो तल्लामा एउटा कोठा भाडामा लिएर हामी तीन

जनाले संयुक्त रूपमा सञ्चालन गर्ने उद्देश्य राखेर "रिदम आर्ट ग्यालरी" नाम राखेर प्रशिक्षण केन्द्रको स्थापना गर्यौं । हामी तीनैजना आ-आफ्नो व्यवसायमा व्यस्त हुने भएकाले समय दिन नसकिने देख्यौ र एकवर्ष नबित्दै त्यो बन्द गर्न बाध्य भयौं ।

सिर्जनाका कर्महरू निरन्तर चलिरहेकै थिए । मेलामहोत्सवहरूमा गरिने कलाप्रदर्शनीले हाम्रो उत्साह बढ्नुको साटो घटाउदै गैरहेको थियो । त्यसो हुनुमा कलाकारहरूको अवमूल्यन नै हो । कैयौं वर्षको मिहिनेतबाट प्राप्त ज्ञान र सिपलाई कैयौं दिन श्रम गरेर तयार गरेको सिर्जनालाई सजिल्यै बिना मूल्य हप्तौं दिन धुलाम्य चौरमा झुण्ड्याउन चाहनेहरूबाट हामी आजित भैरहेका थियौं । कहिले शारदानगर स्कुलको धान्याचल पूजामा कहिले मेघौलीको चौरमा हामीले कला प्रदर्शनीहरू गर्यौं । हाम्रो भेट जहिले हुन्थ्यो हामी त्यही विषयमा केन्द्रित भएर छलफल गर्थ्यौं । जिल्ला विकास समिति, नगरपालिकाहरूमा कला संस्कृति प्रवर्द्धनका लागि सरकारले बजेट छुट्ट्याएको हुन्छ भनेर हामीलाई भनिदिने कोही थिएनन् । जिल्ला विकासका हाकिमसम्म कुरा राखिदिने पनि कोही भएनन् । हाकिमहरू जो पायो तीसँग बोल्न पनि चाहँदैनथे । नगरपालिकामा त्यस्तै थियो ।

एकपटक एकजना कला मनपराउने दाइले मसँग एउटा प्रस्ताव राख्नु भो । वहाँ एउटा अन्तर्राष्ट्रिय क्लबमा आबद्ध हुनुहुन्थ्यो । प्रस्ताव यस्तो थियो - "भाइहरूको लागि म एउटा प्रस्ताव लिएर आएको छु ।" ! भन्नुस् दाइ!" मैले भने । दाइले "तपाईहरू कला सिर्जना गर्ने मान्छे हुनुहुन्छ तर तपाईहरूको कला गतिविधि गर्ने ठाउँ नभएको मैले थाहा पाएँ । मेरो विचारमा हाम्रो क्लब घरमा उचित होला तपाईंहरू तयार हुनुहुन्छ ? " मेरो मनमा एककिसिमको खुसीको बाढी उर्लेर आयो । मैले भने भाडा के कति पर्छ दाइ ? दाइले "भाडासाडा केही पर्दैन तपाईहरू मात्र आफ्नो खुसीले आफ्नो गतिविधि गर्नुस् । बरू हाम्रो क्लब मार्फत् गर्नुभयो भने राम्रो होला ।" म दङ्ग भए । मैले सबै कुरा बिर्सिएर हुन्छ दाइ हामी गर्छौं भनैं । मैले आफैले दाइलाई भने " दाइ बरू हामी त्यहाँ बसेर गर्ने कामबाट जति आम्दानी हुन्छ त्यसको केही प्रतिशत क्लबलाई दिन्छौ ।" दाइले "ल भाइ तपाईहरूले के के गर्ने हो भरे भोलि नै सुरू गर्न सक्नुहुन्छ" भनेर जानुभो । मेरो खुसीको सीमा रहेन । तुरून्तै तम दाईलाई र सुरेन्द्रलाई फोन गरेँ । उनीहरू पनि म जस्तै खुसी भए । भोलिपल्ट नै हामी जम्मा भएर त्यो क्लब घरमा गएर कोठा हेर्यौं । अलि सानै भए पनि गजब लाग्यो । पहिले कोठा सफा गर्यौ भित्तामा रङ्ग लगायौं । सबैको पेन्टिङ जम्मा पारेर फ्रेम हालेर चिटिक्क पार्यौं । तम दाइको काठका, जराका अमूर्त मूर्तिहरू भएकाले मूर्ती राख्ने स्ट्याण्ड फर्निचरमा गएर तयार गर्यौं । ती काठका स्ट्याण्डलाई सिल्क कपडाले छोपेर आकर्षक बनायौं । कोठा सानो र पेन्टिङहरू धैरै हुने भएकाले पाँच वटा ६×४ का बाक्ला प्लाइका स्ट्याण्ड बोर्डहरू बनायौ, जसमा दुबै साइडमा पेण्टिङ झुड्याउन मिल्थ्यो । प्रदर्शनी गर्दा साँघुरो ठाउँमा पनि धेरै चित्र अवलोकन गर्न मिल्थ्यो । मूर्तिहरू पनि सजायौ । हाम्रो तन, मन र धन सबै त्यहीँ समर्पित भयो । हाम्रो कामको रफ्तार तुफानी थियो । अब हाम्रो आर्ट ग्यालरी तयार भयो । तयार गर्न लाग्ने सम्पूर्ण खर्च हामी तीनजनाले नै बराबर हुने हिसाबले गर्यौं ।

हामीले हाम्रो तयारी गरेको देखेर क्लबका एकदुईजनाले अब यसको उद्घाटन राम्रैसँग गर्नुपर्छ भनेर छलफल चलाए । उनीहरूले तत्कालीन महारानी कोमल राज्यलक्ष्मीको दियालो बङ्गलामा सवारी हुनेकुरा थाहा पाएका रहेछन्, त्यसै अवसरमा यहाँ ल्याएर ग्यालरीको उद्घाटन गराउने निर्णय गरे । त्यसपछि त हाम्रो खुसीले सगरमाथा नै उक्लियो । खबर के आयो भने पर्सि महारानीको सवारी हुने पक्का भयो र यहाँ पनि पर्सि नै ल्याउने तयारी गर्ने । हाम्रो काम त सकिएको नै थियो अन्तिम तयारी भनेको रिबन काट्ने रह्यो । हामीले रिबन पनि ढोकामा काँटी ठोकेर तयारी अवस्थामा राख्यौ । यो कला केन्द्र चितवन जिल्लाकै प्रतिनिधि संस्था बन्नेमा हामी ढुक्क भयौ । सिक्ने, सिकाउने र देखाउने काम एकै ठाउँमा हुने भएपछि हामीले हाम्रो सपना साकार हुँदै गरेको महसुस गरेर पर्सिको दिनको पर्खाइमा आ-आफ्नो घरतिर लाग्यौं । अघिपछि चिन्ताले निद्रा लाग्दैन थियो त्यो दिन खुसीले निदाउन सकिएन ।

भोलिपल्ट बिहान मैले खाना खाएर आएर आफ्नो पसलको सटर खोलेको मात्र के थिएँ , फोनको घण्टी बज्यो । मैले फोन उठाएर कानमा पुर्याएर हेल्लो भन्न नपाउदै उताबाट एउटा कर्कस आवाजले सोध्यो - "को हो ? प्रकाश हो ?"

मलाई आवाज र सोधाई दुबै मन नपरे पनि भने "हो, भन्नुस् के थियो" ? उताबाट ठाडो आदेशमा भन्यो -" तुरून्त क्लब घरमा आउनू ।" जति नै मन नपरेको भए पनि क्लब घरमा बोलाएपछि मनमा लाग्यो, अब भोलि महारानीको सवारी हुने भएको छ तयारी के कस्तो छ कसरी उद्घाटन गर्ने भन्ने छलफलको लागि होला । म पसलको सटर झारेर दौडेर क्लब घरमा पुगेँ । भऱ्याङ्ग चढ्दै माथि पुगेर सबैलाई नमस्कार गरेँ । त्यहाँ क्लबका ८-१० जना पदाधिकारीहरू थिए । मलाई देख्ने बित्तिकै फोनमा सुनेको आवाजले सोध्यो -" प्रकाश हो ?" कस्तो ठाडो सोधाइ हो छक्क पर्दै मैले भने- हो म प्रकाश हो । भन्नुस् के थियो ? उसले कड्केर भन्यो - "ल त्यो कोठामा बस्ने भए पाँच हजार भाडा दिने होइन भने कोठा खाली गर्ने । " मैले कुरो बुझिनँ । मैले व्यक्तिगत पेसा व्यवसाय गर्न लागेको होइन, हामीले सबैलाई हुने कामको लागि क्लबकै दाइ आफैले प्रस्ताव राख्नुभएकोले हामी त्यहाँ पुगेका थियौं । मैले त्यो मान्छेलाई हामी त्यहाँसम्म पुग्न गरेका दौडधुपको सबै कथा सुनाएँ । तर उसले ठाडो स्वरमा कड्कैरै भन्यो - "अरू मलाई थाहा छैन बस्ने भए पाँच हजार भाडा दिने, होइन भने भोलि कोठा खाली गर्ने ।" मैले सम्झाउने निकै कोसिस गरे, उसले सुनेन । अचम्म त के लाग्यो भने त्यहाँ भएका क्लबका बाँकी कसैले एक शब्द बोलेनन् । हाम्रो अघि भर्खरसम्मको खुसीको सगरमाथा ढलेर सतहमा आइपुग्यो । मेरा हात खुट्टा काम्न थाले । शरीरमा पसिना आउन थाल्यो । मेरो मनमा अकस्मात धोकाको आँधिबेहेरी आयो । मलाई लाग्यो यत्तिको ठुलो अन्तर्राष्ट्रिय संस्थाको अध्यक्षजस्तो पदमा बसेर आफ्नै मातहतमा गरिने एउटा सिर्जनात्मक काम गर्ने कलाकारहरूमा पलाएको आशाको टुसा पलाउन नपाउदै कसरी निमोठ्न सकेको ? अन्य पदाधिकारीहरू किन बोल्न नसकेका ? किन त्यत्रो संस्थाले पाँच हजार भाडाको लागि हत्ते गरेको ? कुरो बुझ्न सकिनँ । मलाई कत्ति चित्त बुझेन । मैले सहनै सकिनँ र मैले तल ओर्लेर तमु दाइलाई फोन गरेर सबै वृतान्त बताएँ । दाइ पनि अचम्ममा पर्नु भो, सुरेन्द्रसँग सम्पर्क भएन । मैले त्यो मान्छेको कर्कस बोली अनि त्यहाँ भएका क्लबका पदाधिकारीहरूको मौनताले आफू एकदम कमजोर भएको महसुस गरे । उत्तिनैखेर एउटा ठेलावालालाई बोलाएर तयारी अवस्थामा रहेका सबै पेण्टिङ मूर्ति र स्ट्याण्ड बोर्ड उठाएर मेरो पसलमा लगेर राखेँ ।

आजसम्म पनि त्यो घाउ निको भएको छैन । हाम्रो त्यतिखेर विचलित मनोदशा आज पनि विचलित नै छ । हरेक वर्ष राजधानीमा हुने राष्ट्रिय कला प्रदर्शनीहरूमा सहभागी हुँदै गर्दा लाग्थ्यो चितवनमा पनि एउटा कला प्रदर्शनी गर्ने भवन भैदिए कस्तो हुन्थ्यो होला ? ०७१ सालमा मैले एउटा एकल कला प्रदर्शनी योजना बनाएँ । त्यसअनुसार चित्र तयार हुँदै गर्दा गैंडाकोटका आदरणीय भीम शर्मा दाइले आफ्नै घरमा ग्यालरी खोल्ने योजनानुसार तयारी गर्दै हुनु हुँदोरहेछ । मैले मेरो योजना सुनाउँदा ग्यालरीको उद्घाटन तिम्रै प्रदर्शनीबाट गर्ने निधो दाइले गर्नुभो र त्यो दाइको आफ्नै घरमा तयार गरिएको व्यक्तिगत सम्पत्ति कलावती आर्ट काउन्सिलमा प्रदर्शनी भव्यरूपमा सफल पनि भयो । मिडियाहरूले महत्त्वका साथ स्थान दिएका थिए । मलाई त्यतिबेला पनि लागेको थियो चितवनमा एउटा कला सङ्ग्रहालय आवश्यक छ । समस्या उहीँ हो न ठाउँमा कोही थियो न कुरा पुग्थ्यो हामी अलपत्र नै थियौं ।

मैले ०७३ सालमा अर्को एउटा प्रदर्शनी गरेँ । म आफू साहित्यमा रूचि राख्ने भएकोले साहित्यकारहरूसङ्ग राम्रै थियो । चितवनमा साहित्यकारहरूको सहयोगबाट बनेको साहित्यिक संस्था चितवन साहित्य परिषद्को भवनमा जोडिन पुगेकोले मेरो तेस्रो एकल प्रदर्शनी गर्न सफल भएँ ।

एउटा आशा पलाएको छ । भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान गठन भएर तेस्रो वर्षमा चलिरहदा त्यहाँ कलाकारहरु पनि समेटिन थालेका छन् । कलाकारहरु सम्मानित हुने क्रमले निरन्तरता पाएको छ । यसैबिच केही कलाकार र साहित्यकारहरूले छलफल गरि चितवन जिल्लामा सांस्कृतिक ग्राम बनाउने जसमा कला साहित्य नाट्य रङ्गशाला मात्र नभएर नेपाल भरिकै जातजाति भाषा संस्कृति झल्किने एउटा देशै भरिको लागि नमुना स्थल बनाउने सपना देखेको कुरा महानगरमा पुगेको पनि छ । यसबारे समिति गठन भएर छलफल अघि बढेको छ । ठूलो काम सजिलै हुन्न भन्ने ज्ञान हामीमा छ । लक्ष्मीप्रसाद देवकोटाले लेख्नु भएको थियो "उद्देश्य के लिनु उडि छुनू चन्द्र एक " चन्द्रमा छुन्छु भनेर उफ्रिइयो भने कम्तीमा एकदुई हात भए पनि जमिन छोडिन्छ । केही त अवश्य बन्ने छ भन्ने विश्वास लिइएको छ ।

परिचर्चा

# नीलकण्ठ प्रज्ञा प्रतिष्ठान: विगतका प्रयास र आगामी योजना



✍ **प्रकाश पौडेल**
*सदस्य सचिव-नीलकण्ठ प्रज्ञा प्रतिष्ठान, धादिङ*

**प्रज्ञा : अवधारणा र स्थापना**

सभ्य र समुन्नत समाजको निर्माण केवल आर्थिक पूर्वाधार, प्रविधि र भौतिक विकासबाट मात्र सम्भव हुँदैन; त्यो समग्र मानव चेतना, संस्कृति, मूल्य र सोचको प्रगतिबाट सम्भव हुन्छ । भाषा, साहित्य, कला, सङ्गीत, संस्कार र संस्कृतिको संरक्षण, संवर्द्धन र उपयोग नै सभ्य समाजका मेरुदण्ड हुन् । यिनै आधारभूत पक्षको समुचित सम्बोधनका लागि प्रज्ञाको अवधारणा विकास भएको हो । 'प्रज्ञा' भन्ने शब्द स्वयंमा चिन्तनशीलता, सिर्जनशीलता, समालोचनात्मक क्षमता र विवेकशीलताको प्रतीक हो, जसले कुनै समाज वा राष्ट्रलाई वैचारिक, सांस्कृतिक र शैक्षिक रूपमा समृद्ध बनाउने अभिप्राय राख्दछ।

नेपालको संविधान २०७२ ले विविधतामा एकता कायम राख्दै सामाजिक न्याय र समावेशी लोकतन्त्रको मार्गचित्र प्रस्तुत गर्दा मौलिक सम्पदाहरूको संरक्षण र प्रवर्धनलाई उच्च प्राथमिकता दिएको छ । विशेषगरी संविधानको धारा ५१ (ग) अन्तर्गतका राज्यका नीति तथा कार्यसूचीहरूले भाषा, साहित्य, कला, सङ्गीत र संस्कृति जस्ता विषयलाई केवल मौलिक अधिकारका रूपमा मात्र नभई राष्ट्रनिर्माणको बौद्धिक आधारका रूपमा समेत स्वीकार गरेको पाइन्छ। संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारलाई यी क्षेत्रमा कार्य गर्न स्पष्ट मार्गनिर्देशन गरिएको छ । यसै सन्दर्भमा नीलकण्ठ नगरपालिका, धादिङले नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन २०७९ जारी गरी नीलकण्ठ प्रज्ञा प्रतिष्ठान गठन गरेको छ जसले स्थानीय सांस्कृतिक चेतना र सिर्जनात्मक क्षमताको विकास गर्न एक महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा छ। खासमा यसको आवश्यकता र विशिष्टिकृतका लागि वि.सं. २०६८ सालदेखि धादिङ जिल्लाभर भाषा, साहित्य, सङ्गीत, कला र संस्कृतिको क्षेत्रमा अनवरत कार्य गर्दै आइरहेको धादिङ सिर्जना प्रतिष्ठानले पहलकदमी लिएको हो । यसले कार्यसमिति बैठकबाटै एजेण्डाको रूपमा स्थानीय सरकारहरूलाई स्थानीय सरकार ऐन २०७४ ले मार्ग प्रशस्त मात्रै होइन वैधानिक व्यवस्था नै गरेर स्थानीय भाषा, कला, संस्कृतिको जगेर्ना र संवर्द्धन गर्न निर्देश गरेको विषय आफ्ना आठ बुँदे धारणासहित स्थानीय सरकारसँग विमर्श चलाएको थियो। यसकै जगमा नीलकण्ठ नगरपालिकाले एक प्राज्ञिक अभ्यास सुरुवात गरेको हो नीतिगत र वैधानिक रूपमा प्रज्ञा प्रतिष्ठानको स्थापना कुनै नयाँ अभ्यास नभई राज्यका नीति अनुरूपको समयसापेक्ष अभ्यास हो। नेपाल सरकार अन्तर्गत संघ, प्रदेश र स्थानीय तहका विभिन्न प्रज्ञा प्रतिष्ठानहरूले स्थानीय कला, भाषा, संस्कृति र बौद्धिक सम्पदालाई संरक्षण गर्दै आएका छन् । नीलकण्ठ प्रज्ञा प्रतिष्ठानको स्थापना पनि यसै श्रृङ्खलाको एक प्रेरणादायी अभ्यास हो। यसमा थप गाँठी कुरा भनेको यसभन्दा अघिदेखि नै प्राज्ञिक कर्म गरिआएको भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान र विशेषतः यसका सदस्य सचिव श्री बालकृष्ण थपलियाको सल्लाह र प्रेरणा उल्लेखनीय छ। प्रष्ट स्वभावका साहित्यकार थपलिया धादिङ जिल्लावासी समेत हुनुहुन्छ। साहित्यकार भस्मासुर बद्रीप्रसाद दाहालको अध्यक्षतामा गठित ७ सदस्यीय कार्यसमितिले सिर्जना समाजको मेरुदण्ड हो र हाम्रा वैभवहरूको अनुसन्धान, दस्तावेजीकरण र विस्तार पहिचान र अस्तित्वसहितको मौलिकतालाई अपरिहार्य छ भन्ने मान्यतालाई आत्मसात् गर्दै बहुआयामिक प्रयास सुरु गरिसकेको छ।

प्रज्ञा प्रतिष्ठानको स्थापनासँगै स्थानीय तहको बौद्धिक विकास, साहित्यिक र सांस्कृतिक योगदानको अभिलेखीकरण, मौलिक सिर्जनाको प्रवर्द्धन, अनुसन्धानमूलक कार्यको समन्वय र प्रकाशन, सम्मान र पुरस्कार कार्यक्रम, प्रतिस्पर्धात्मक सिर्जनात्मकता प्रवर्द्धन, प्रशिक्षण र साहित्यिक सम्मेलनजस्ता बहुआयामिक कार्यक्रम सञ्चालन गर्न सहज भएको छ र सफलीभूत पनि गराएको छ । विशेषतः प्रज्ञा प्रतिष्ठानले नीतिगत रूपमा कार्यक्रम विकास गर्न, सार्वजनिक कोषमार्फत स्रष्टालाई प्रोत्साहन गर्न, शैक्षिक र सामाजिक अनुसन्धानलाई सशक्त

आधार दिन महत्वपूर्ण योगदान पुऱ्याएको छ। साहित्यकार, भाषाविद्, संस्कृतिविद्, कलाकार, सामाजिक अभियन्ता र नव स्रष्टाहरूलाई संगठित गर्दै नीति निर्माणमा सहभागी बनाउने प्लेटफर्मको रूपमा प्रतिष्ठानले कार्य गरिरहेको छ। विभिन्न सम्मान, पुरस्कार र साहित्यिक प्रकाशनहरू, शालिक निर्माण, सांस्कृतिक प्रतिवेदन तथा अनुसन्धान र पुस्तकालय सञ्चालनको कार्य यसकै प्रमाण हुन्।

अर्कोतर्फ, यस संस्थाले नीतिगत सुझाव दिन, सांस्कृतिक सम्पदाको अनुसन्धान गर्न, अभिलेख तयार गर्न, ललितकला प्रवर्धनका कार्यक्रम सञ्चालन गर्न, नव स्रष्टालाई अवसर दिन र स्रष्टाका कृति तथा जीवन दर्शनलाई दस्तावेजीकरण गर्न अग्रसरता देखाएको छ। बागमती साहित्य महोत्सव २०८१, प्रज्ञा प्रतिष्ठानको परिषद्का बैठकहरू, प्रज्ञा प्रवाह प्रकाशन र स्थानीय मौलिकताको उजागरमा प्रतिष्ठानले अग्रणी उपस्थिति प्रस्तुत गरेको छ।

अतः, प्रज्ञा केवल एक अवधारणा मात्र नभई, स्थानीय जनजीवन, मूल्य र चेतनाको उत्थान गर्ने सामाजिक अभियान हो। यसको संस्थागत रूप "प्रज्ञा प्रतिष्ठान" सामाजिक समावेशिता, सिर्जनात्मकता र सांस्कृतिक विवेकको मूर्तरूप हो। यदि नीतिगत समर्थन, आर्थिक सहजीकरण र संस्थागत समन्वय कायम गरियो भने, नीलकण्ठ प्रज्ञा प्रतिष्ठान भविष्यमा स्थानीय मौलिक ज्ञान, चेतना र सिर्जनाको राष्ट्रिय केन्द्रको रूपमा उभिन सक्छ।

**प्रतिष्ठानका उद्देश्य र संरचना**

नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन–२०७९ ले नीलकण्ठ नगरपालिकाभित्र भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञानविज्ञान र प्रविधिको समग्र संरक्षण, संवर्द्धन र प्रवर्द्धनलाई संस्थागत रूपमा सुनिश्चित गर्न उद्देश्य राखेको छ। ऐनले क्षेत्रीय बौद्धिक सम्पदाहरू जगेर्ना गर्दै तिनलाई संग्रहालय, ग्यालेरी, बौद्धिक बैंक र प्रकाशनका माध्यमबाट उपलब्ध गराउने नीति तय गरेको छ। त्यसैगरी स्थानीय तहमा सिर्जित अनुसन्धानपत्र, प्रतिवेदन, कला-सङ्गीत सम्बन्धी दस्तावेज र विद्वान् व्यक्तिहरूका कृतिहरूको दर्ता तथा अभिलेखीकरण प्रक्रियालाई व्यवस्थित गरी सार्वजनिक र शैक्षिक प्रयोगका लागि सुरक्षित गर्ने व्यवस्था मिलाइयो। स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव र प्रतियोगिताहरू आयोजना गरी सामाजिक संलग्नता र अन्तरक्रिया प्रवर्द्धन गर्न ऐनले विशेष जोड दिएको छ, जसले प्रतिभाशाली सिर्जनाकर्मीलाई उच्च स्तरका मञ्चमा प्रस्तुत गर्ने अवसर प्रदान गर्छ। स्थानीय तहका साहित्यकार, सङ्गीतकार, कलाकार, भाषाविद्, अभियन्ता, संस्कृतिविद्, समाजशास्त्री, दार्शनिक र प्रविधि विज्ञहरूमध्ये विशिष्ट योगदान गर्ने व्यक्तिहरू र संस्थाहरूलाई सम्मान, पुरस्कार तथा विद्वत्वृत्तिद्वारा निरन्तर प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ। बौद्धिक बैंक, ग्यालेरी र संग्रहालय स्थापना तथा सञ्चालन गर्ने कानूनी अधिकार प्रदान गरी सङ्गृहीत कृतिहरूलाई आधिकारिक मान्यता र कानुनी सुरक्षा दिलाउने व्यवस्था ऐनमा परिकल्पना गरिएको छ। नीलकण्ठ प्रज्ञा पुस्तकालय सञ्चालनमा ल्याइने, भाषा-साहित्य-संस्कृति-प्रविधि सम्बन्धी अध्ययन अनुसन्धानका लागि विद्वत्वृत्ति व्यवस्था गर्ने र बहुभाषिक कृतिहरूको अनुवादमार्फत पहुँच विस्तार गर्ने प्रावधानले नगरपालिकाको बौद्धिक र सांस्कृतिक पहुँचलाई दिगो बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ। यी र यिनले उब्जाएका विषयहरूमा केन्द्रित रही कार्यान्वयनको पक्षमा जान ऐनले महत्वपूर्ण विषय व्यवस्थित गरेको छ। ऐनले नीलकण्ठ प्रज्ञा परिषद् र नीलकण्ठ प्रज्ञा कार्यसमिति गरी दुई संरचनाको प्रावधान राखेको छ।

प्रज्ञा परिषद् ऐनको सर्वोच्च निकाय हो। यस परिषद्को गठन ऐनको धारा ७ अनुसार गरिन्छ। नगरपालिकाभित्र दर्ता भई भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, दर्शनशास्त्र र समाजशास्त्र क्षेत्रका काममा कम्तीमा पाँच वर्षदेखि निरन्तर क्रियाशील संस्था र व्यक्तिहरू परिषद्का पदेन सदस्य हुन सक्नेछन्। यसबाहेक प्रतिष्ठानले कार्यसमितिको सिफारिसमा आवेदनद्वारा मनोनयन गरिएका साधारण र मानार्थ सदस्यहरू समेत परिषद्मा रहनेछन्। परिषद्मा सदस्यताका लागि शुल्क निर्धारण र नविकरण प्रक्रिया कार्यसमितिले तय गरे अनुसार हुनेछ। परिषद्ले नीति, योजना, बजेट, पुरस्कार, सम्मान, लेखनवृत्ति तथा अन्य महत्वपूर्ण विषयहरूमा अन्तिम निर्णय गर्ने, कार्यसमितिलाई सल्लाह र आवश्यक सहयोग गर्ने तथा प्रतिष्ठानका हितमा आवश्यक समन्वय गराउने अधिकार राख्दछ। हाल परिषद्मा ४९ सदस्यहरू हुनुहुन्छ। नगर प्रमुख यस प्रतिष्ठानको संरक्षक रहने व्यवस्था रहेको छ।

प्रज्ञा कार्यसमिति ऐनको धारा १० अनुसार गठन हुन्छ र यसलाई नगर प्रमुखको सिफारिस तथा परिषद्को अनुमोदनमा अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, कोषाध्यक्ष र तीन सदस्य गरी सात सदस्यीय समावेशी टोलीको रूपमा

निर्माण गरिन्छ । कार्यसमितिले प्रतिवर्षको नीति तथा कार्यक्रम तयार गर्ने, परिषद्को सिफारिसअनुसार कार्यक्रम सञ्चालन गर्ने, कोष व्यवस्थापन गर्ने, प्रतिष्ठानको दैनिक व्यवस्थापन तथा कार्यालय सञ्चालन गर्ने जस्ता मुख्य कामहरू हेर्छ । कार्यसमितिले आफैंमा आन्तरिक नियम, निर्देशिका र कार्यविधि निर्माण गर्न सक्छ जसमा ऐनले तोकेका अधिकार एवं कर्तव्य समाहित गरिन्छ । नीलकण्ठ प्रज्ञा प्रतिष्ठानले स्रष्टा सम्मान, पुरस्कार र प्रोत्साहन तथा अनुसन्धानवृत्ति २०८० निर्माण गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ भने कर्मचारी व्यवस्थापन तथा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन निर्देशिका प्रयोगमा ल्याएको छ। अन्य निर्देशिका तथा विनियम बनाउन प्रतिष्ठान स्वायत्त रहेको छ । यसरी, प्रतिष्ठानले ऐनमा निर्धारित उद्देश्यहरू प्राप्त गर्न नीति-कार्य-अनुसन्धान-समर्थन-अभिलेखीकरण-प्रकाशन-सम्मानजस्ता विविध कामलाई उत्कृष्ट संरचनामा बाँधेर सञ्चालन गरेको छ।

**अढाइ वर्षे प्रतिष्ठानका शिशु प्रयासहरू**

नीलकण्ठ प्रज्ञा प्रतिष्ठान वि.सं. २०७९ पौष २५ गते स्थापना भएसँगै स्थानीय तहमा सिर्जनात्मक बौद्धिक अभ्यासलाई संस्थागत रूप दिन उत्प्रेरणा बनेको छ। प्राज्ञको परिभाषाले उच्च स्तरको मानसिक शक्ति, गहिरो चिन्तन क्षमता र बुद्धि-विवेकको यथोचित प्रयोगलाई समेटेझैं यस प्रतिष्ठानले नौ वटा क्षेत्र–भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञानविज्ञान र प्रविधिमा समग्र संरक्षण, संवर्धन र सिर्जनशील सम्पदाको उत्थान गर्ने लक्ष्य अघि सारेको छ। स्थापना प्रस्तावनाको प्रारम्भिक चरणमै नगर प्रमुख संरक्षक, नगरसभाको निर्णय र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम जारी ऐनले कानूनी अधिकार प्रदान गऱ्यो । सात सदस्यीय प्रज्ञा कार्यसमितिले प्रारम्भमै विद्वान्, सामाजिक अभियन्ता र सिर्जनाकर्मीहरूबाट सुझाव-परामर्श सङ्कलन गरी त्यस्ता विचारहरूलाई नीति, योजना र कार्यक्रममा समाहित गर्ने प्रक्रिया अगाडि बढायो, जसले स्थानीय विशेषता र आवश्यकतालाई समग्र रूपमै चित्रित गऱ्यो । फागुन ११ गते आयोजित परामर्श कार्यक्रममा विविध पृष्ठभूमिका ११ जना हस्तीहरूले आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा भाषा संरक्षण, मौलिक शब्दकोष निर्माण, व्याकरण अध्ययन, पाठ्यक्रममा स्थानीय साहित्य समावेशीकरण, सांस्कृतिक पृष्ठभूमिलाई चलचित्र र पत्रपत्रिकामा उजागर गर्ने जस्ता बुँदाहरू प्रभावकारी रुपमा टिपिए । यसै अभ्यासमार्फत प्रज्ञा परिषद् सदस्यताको लागि सार्वजनिक आव्हान गर्दा विधिवद्ध आवेदकहरू र मनोनयन प्रक्रियाले पारदर्शिता सुनिश्चित गऱ्यो।

स्तरीय अनुसन्धान र विद्वता प्रवर्धनका लागि प्रतिष्ठानले स्नातकोत्तर तहका थेसिस र अनुसन्धान कार्यलाई अनुदान प्रदान गर्ने प्रक्रिया अघि बढायो। गरेको आवेदनबाट छनोट भएका थिममा ३ वटासम्म थेसिसलाई आर्थिक तथा प्राविधिक सहयोग दिएर अनुसन्धान अनुदानको व्यवस्था हुँदा स्थानीय विद्वान् र शोधकर्तालाई उत्साह प्राप्त भयो । यसले ग्रामीण र शहरी विद्यार्थी तथा शिक्षाविद्‌बीच समन्वय र साझेदारीको मार्ग प्रशस्त गऱ्यो । अनुसन्धान संयोजन र बौद्धिक अभिलेखीकरणका लागि **प्रज्ञा प्रवाह** शीर्षकमा पुस्तक प्रकाशन, विमोचन र वितरण कार्य सम्पन्न भयो । पुस्तकमा स्थानीय अनुसन्धानपत्र, कथा, कविता, संगीत, विश्लेषण र सांस्कृतिक दस्तावेजहरू संग्रह गरिदिँदा मौलिक कृतिहरूलाई विस्तृत पाठकसमूहमा पुऱ्याउने अवस्था बन्यो। यस प्रकाशनले स्थानीय सिर्जनाकर्मी र अनुसन्धानकर्तालाई लेखन र प्रकाशनको महत्वपूर्ण अवसर प्रदान गर्दै विद्वत् विमर्श प्रवाहमा ऐक्यबद्धता जागृत गऱ्यो र हाम्रो बस्तुगत अवस्थाको पनि जानकारी दिलायो।

आज आम सर्बसाधारण लगायत नीति निर्माताहरूमा खड्केको विषय भनेको अध्ययन संस्कृतिमा आएको विचलन तथा स्वस्थ विमर्शमा चुकेको अवस्था नै हो। यसै गम्भीरतालाई आत्मबोध गरी प्रज्ञा प्रतिष्ठानले सबैको खुल्ला पहुँच सुनिश्चित गराउँदै आफ्नै कार्यालयमा नीलकण्ठ प्रज्ञा पुस्तकालय सुरुवात गरेको छ । प्रत्येक दिन दिउँसो १ बजे देखि ५ बजे पुस्तकालय खुल्ला रहने गरेको छ जसबाट विद्यार्थी, शिक्षक, पत्रकार, अनुसन्धानकर्ता र सर्वसाधारणले यसको भरपुर उपयोग गर्न पाइरहेका छन् । केही समयमा कार्यालय नीलकण्ठ नगरपालिकाकै भवनको फराकिलो संरचनामा सर्दैछ जहाँ सुविधा सम्पन्न भौतिक पूर्वाधार रहनेछ भने पुस्तकालयलाई फैलावट गर्ने र एक सानो सङ्ग्रहालय समेत व्यवस्थापन गर्ने योजनाले एक रूप प्राप्त गर्नेछ।

भाषा हाम्रो सभ्यता र सम्बृद्धिको मूल आधार हो र यसको सही प्रयोगलाई सहजीकरण गराउने हेतुले भाषाविद् डा. बलदेव गाउँलेको प्रशिक्षणमा वर्णोच्चारण र वर्णविन्यासको अहम् भूमिका विषयक दुईदिने बृहत् गोष्ठी आयोजना गऱ्यो जसमा नगरपालिकाभित्रका नेपाली शिक्षक,

पत्रकार र सरकारी कर्मचारीहरू सहभागी बनेर लाभान्वित भए। अग्रज स्रष्टा, सर्जक एवं अनुसन्धाताहरूको कदर, सम्मान गर्नु र उहाँहरूका वन्दनीय योगदान तथा महनीय दृष्टिकोणहरू नयाँ पुस्तालाई बोधगम्य रूपले प्रस्तुत गराउनु प्रतिष्ठानको लक्ष्य नै हो। सो विषयलाई मध्यनजर गरी नगद, प्रमाणपत्र तथा दोसल्लासहित न्यायधीश इन्द्रबहादुर श्रेष्ठ, प्रा. डा. रामचन्द्र लम्साल, मदन पुरस्कार विजेता डा. नवराज लम्साल र लोकगीत प्रतिष्ठान अध्यक्ष रिता थापा मगर, भाषाविद् डा. बलदेव अधिकारी गाउँलेलाई सम्मान अर्पण गरियो भने संस्थातर्फ शंखादेवी ज्यामरुङ पञ्चेबाजा र भिँगु नेवाः समाज सम्मानित भए। कार्यविधिभित्र रही आगामी दिनमा समेत यसले पुरस्कार तथा सम्मानका कार्यक्रम अघि बनाउनेछ। अभिनन्दन कार्यक्रमले अग्रज-नवजवान स्रष्टा बीचको अन्तरसार्थक दूरी घटाउँदै सामूहिक प्रेरणा बढाएको छ। अनुभव आदानप्रदान र सहकार्य सञ्जाललाई विस्तार गर्न प्रतिष्ठानले भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान र गैंडाकोट प्रज्ञाप्रतिष्ठान भ्रमण आयोजना गऱ्यो र आगामी दिनमा समेत भ्रमणको निरन्तरताको योजना बनाएको छ। विद्यालयस्तरीय उमेर समूहका बालबालिकालाई केन्द्रित गरी चित्रकला, कविता, निबन्ध, नाटक, कथा प्रतियोगितामात्रै होइन प्रशिक्षणसमेत गराएर आधारभूत रूपमा सिर्जनशील र रचनात्मकताको बृद्धिमा काम गरिरहेको छ। गोष्ठी, कार्यशाला र प्रकाशनले स्थानीय भाषा, साहित्य र संस्कृतिलाई व्यापक मञ्च प्रदान गर्दै समकालीन विमर्शमा सामेल गराएको छ। यसरी, प्रतिष्ठानका अढाइ वर्षे शिशु प्रयासहरूले नीलकण्ठ नगरपालिकालाई सांस्कृतिक र बौद्धिक चेतनाको केन्द्रविन्दु बनाउने दिशामा ठोस आधार तयार पारेका छन्। विविधतालाई सँगाल्दै भविष्यमुखी दृष्टिकोणले मात्र नीलकण्ठ प्रज्ञाप्रतिष्ठानले आफूलाई साँस्कृतिक र ज्ञान-प्रविधि सञ्जालमा अवश्य स्थापित गर्नेछ, र स्थानीय स्तरमै मात्र नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा पनि यसको महत्वपूर्ण योगदान र प्रतिफल देख्न पाइने निश्चित छ। प्रतिष्ठानले आफ्ना सबै गतिविधिहरू आधिकारिक वेबसाइट www.neelakanthaacademy@gmail.com बाट पस्किरहेको छ।

**आगामी लक्ष्य र जिम्मेवारी**

स्थापनाको जम्मा एक वर्षको समयमा यस प्रतिष्ठानले सम्पन्न गरेका कार्यक्रम र गतिविधिहरूलाई प्रस्तुत गरिरहँदा एक प्रकारको सुखद अनुभूति भैरहको छ। साथै अबका दिनमा विगतबाट थप सिक्दै, अध्ययन गर्दै, अनुभवबाट खारिंदै र विचार विमर्श गर्दै आवश्यक विषयबस्तु सङ्कलन गरी कार्ययोजना व्यवस्थित गर्नुपर्ने महसुस गरेको छु। पक्कै पनि सुरुका दिनहरूमा कार्यालय व्यवस्थापन गर्ने, आवश्यक कागजपत्रहरू तयारी गर्ने, कार्यविधि निर्माण गर्ने, अन्तरक्रिया गर्ने र सरोकारवाला पक्षहरूसँग कुराकानी चलाउने जस्ता आधारभूत सन्दर्भहरूमा समय, शक्ति प्रयोग हुनु स्वभाविकै थियो र भयो पनि त्यस्तै। जेहोस् स्थानीय सरकारबाट स्वायत्तता र आर्थिक जोहो प्रदान गरेपछि संस्थालाई अघि बढाउन निकै सहज भएको छ। देशको राजधानी काठमाण्डौं नजिक भएर साथै अवसर र सम्भावनाको खोजी गर्दै जिल्ला छाडी अन्यत्र जाने प्रवृति बढ्नाले जिल्ला पछि पर्ने गरेको सबैलाई जगजाहेरै छ जसको कारण प्रतिष्ठानलाई विचार र समय दिन सक्ने जनशक्ति पाउन र विभिन्न क्षेत्रका व्यक्तित्वहरूको योगदानलाई व्यवस्थित गराउन कठिन भैरहेको छ। त्यसैगरी प्रतिष्ठानका उद्देश्य अनुरूप तथ्याङ्क सरकारी निकायबाट आधारभूत रूपमा समेत नपाउनु र त्यसको जोहोका लागि बेग्लै प्रयास गर्नुपर्नाले समेत काममा केही कठिनाइ आइपरेको छ। जेहोस् विगतबाट सिक्दै अबको बाटो तय गर्दा भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, ज्ञानविज्ञान, प्रविधि, समाजशास्त्र र दर्शनशास्त्रका क्षेत्रहरूको अध्ययन, अनुसन्धान, प्रकाशन र प्रशिक्षणका माध्यमबाट संरक्षण, सम्वर्द्धन र अन्वेषण गर्ने, स्रष्टा, सर्जकहरूको जन्मजयन्तीका अवसरमा सांस्कृतिक रूपान्तरणका कार्यक्रमहरू सञ्चालन गर्ने, शैक्षिक संस्थाहरूँग प्राज्ञिक बहस गर्ने, पठन संस्कृतिको विकास गर्न पुस्तकालय स्थापना र सञ्चालनमा ध्यान दिने, उल्लेखित विधागतका क्षेत्रमा प्रतियोगिता, प्रशिक्षण, कार्यशाला र सम्मेलन आयोजनाको गर्ने, स्थानीय सीप, कला र प्रविधिको संरक्षण र प्रवर्द्धन गरी रैथाने ज्ञान र सीप उत्पादन गर्ने जस्ता नीतिहरू अङ्गीकार गरी अघि बढ्नु पर्दछ। साथै उत्कृष्ट सर्जकहरूलाई पुरस्कृत र सम्मान गर्ने, उत्साही स्रष्टाहरूका सिर्जनालाई प्रोत्साहनार्थ सहयोग उपलब्ध गराउने, मौलिक र पुराना गीत, भजन, सेलो, नृत्य आदिको जगेर्ना गर्ने र परम्परागत बाजा, पोशाक जस्ता स्थानीय कला, संस्कृति, परम्परा, प्रविधि आदि झल्किने सामग्रीहरूको संरक्षण र सम्वर्द्धन गर्ने नीति समेत थप स्पष्टताका साथ लिनु पर्नेछ। ज्ञानका अथाह भण्डार हाम्रा अग्रजहरू हुन्। उनीहरूसँग भएको त्यो खानीलाई उत्खनन गरी दस्ताबेजीकरण पनि

गराउनु पर्नेछ । केन्द्र, प्रदेश र अन्य स्थानीय सरकारहरूद्वारा सञ्चालित प्रतिष्ठानसँग सहकार्यमा काम गर्नु पर्ने छ । नगरपालिका भित्रका स्रष्टाहरूको सिर्जनालाई सङ्कलन गरी सङ्ग्राहलय समेत बनाई अघि बढ्नुपर्ने कार्यक्रम तर्जुमा गनुपर्ने छ । समग्रमा नीलकण्ठ नगरपालिका क्षेत्रका भाषा, साहित्य, कला, विज्ञान, दर्शन, संस्कार, संस्कृति आदि सबै सामाजिक पक्षमा प्रतिष्ठाले ध्यान दिनुपर्ने देखिन्छ ।

**अन्त्यमा,**

नीलकण्ठ नगरपालिकाले भौतिक, आर्थिक र सामाजिक विकासका साथसाथै यहाँका भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, ज्ञानविज्ञान, प्रविधि, समाजशास्त्र र दर्शनशास्त्रको संरक्षण र प्रवर्धनमा योगदान पुऱ्याउने उद्देश्यले नीलकण्ठ प्रज्ञा प्रतिष्ठान स्थापना गरेको हो । प्रतिष्ठानले यस उद्देश्यलाई साकार पार्न ऐनअनुसार सम्मान, पुरस्कार र सहायता कार्यविधि पारित गरिसकेको छ भने अन्य आन्तरिक नियमावली निर्माणको काम जारी छ । तर सम्पूर्ण कार्यक्रम-प्रक्रियामा संघ-संस्था, पेशागत समूह र सरोकारवाला साझेदार हरूको सहयोग, समन्वय र सद्भाव अनिवार्य छ, किनकि सीमित स्रोतबाट सबै आकांक्षा पूरा गर्न संस्था एक्लैले सक्षम हुँदैन । यद्यपि दुई वर्षमा सम्पन्न गतिविधिले आत्मविश्लेषण र उत्साह दुवै मिलाएको छ, र अब विगतको अनुभवबाट सिक्दै थप व्यवस्थित योजना बनाउनुपर्ने अनुभूति भइरहेको छ । प्रारम्भिक दिनहरूमा कार्यालय व्यवस्थापन, कागजात तयार पार्ने, नियमावली लेख्ने र सरोकारवालासँग अन्तरक्रिया गर्नेमा समय र स्रोत खर्च हुनु स्वाभाविक थियो, तर स्थानीय सरकारको स्वायत्तता र वित्तीय सहयोगले काम अगाडि बढाउन सहज भएको छ । तथ्याङ्क नपाए पनि भाषा-साहित्य, सङ्गीत-कला, संस्कृति, विज्ञान-प्रविधि र दर्शन-समाजशास्त्रका क्षेत्रहरूको अध्ययन, अनुसन्धान, प्रकाशन र प्रशिक्षण गरी संरक्षण, संवर्धन र नवप्रवर्तन जारी राख्नुपर्नेछ । स्रष्टाहरूको जन्मजयन्तीमा सांस्कृतिक कार्यक्रम, शैक्षिक संस्था संगै प्राज्ञिक विमर्श, पठन-पाठनका नयाँ उपागम र अग्रजहरूको ज्ञान दस्तावेजीकरण अवलम्बन गरिनुपर्छ । आफ्ना लक्ष्य अनुकूल केन्द्र, प्रदेश र स्थानीय सरकारका प्रतिष्ठान तथा अन्य शैक्षिक, सामाजिक र सांस्कृतिक संस्थासँग सहकार्य, निधि सङ्कलन र सङ्ग्रहालय स्थापना गरी नीलकण्ठको समग्र सांस्कृतिक धरोहरको संरक्षण र संवर्धन गर्न सम्पूर्ण ध्यान दिनुपर्ने देखिन्छ ।

जय सिर्जना ! जय प्रज्ञा प्रतिष्ठान !!

**कविता**

# सम्यक् बोध



✍ **प्रा.डा. होमनाथ सापकोटा**
*पूर्व नेपाली विभाग प्रमुख-वीरेन्द्र बहुमुखी क्याम्पस*

सुखको कल्पना बोकी दुःख खप्नु सधैँ कति,
दुःख नै खप्नु हो भन्छन् मान्छेले ज्युनु हो जति ।
कल्पना-जल्पनामा त्यो घुमिरन्छ सधैँ किन,
अघिल्तिर थपेकै छ शून्यमा त्यो यहाँ किन ? १।

अर्थयुक्त हवोस् शून्य अङ्कका पछि शून्य होस्,
शून्यमाथि पनि शून्य पछि होस् अघि त्यो नहोस् ।
हातलाग्यो जहाँ शून्य जसको अर्थ क्यै नहोस् ,
त्यसको पछि लाग्नु के, त्यो सधैँ शून्यमै रहोस् ।२।

परंब्रह्म निराकार भनिन्छ शून्य, शून्य छ,
महाकाश यसै शून्य विस्तार र विशाल छ ।
वायु शून्य, दिशा शून्य, मनको तह शून्य छ,
मृत्युशेष झनै शून्य, शून्य यो भिन्न भिन्न छ ।३।

भावना छ निराकार, निराकार छ चेतना,
स्नेहको स्निग्ध त्यो भाव, निराकार छ वेदना ।
बल, बुध्दि र उत्साह निराकार विवेक छ,
दया, उत्सर्ग वा प्रेम निराकार विचार छ ।४।

परंतत्व कहाँ के छ ? परंब्रह्म कहाँ भनूँ,
तत्वका पनि छन् तत्व, तत्वहीन कहाँ हुनु ।
भावका पनि छन् तत्व, तत्वकै म समष्टि हुँ,
निरस्तित्व कुनै तत्व हुन्छ त्यो कसरी भनूँ ? ५।

अहो, युध्द लडेजस्तै मैले लड्नु छ युध्द यो,
नलडूँ युध्द यो मैले कसरी बन्छ शुध्द यो ?
अहो, सम्बुध्द यो मेरो चेतना गर्छ झर्झर,
म बन्धूँ लाग्छ यी सारा दुर्गन्धमाथि बर्बर ।६।

म अझै पनि दुर्गन्ध फ्याँक्न काँतर रे किन ?
म अझै पनि दुःस्वप्न छल्न काँतर रे किन ?
ममा त्यो भयको कुण्ठा जमिराख्नु कहाँतक,
ममा के आँटको ऊर्जा निभेक हो त्यहाँतक ।७।

जन्मदेखि म के मृत्युसम्म मृत्य जिईरहूँ,
बाँचेको भ्रम हो खाली मृत्युलाई पिईरहूँ
म तुच्छ स्वार्थका निम्ति सधैँ थर्थर, काँतर
तर उम्लिरहेको छ ऊर्जा मैभित्र झर्झर ।८।

म आफै चिद् भनूँ यद्वा परंचैतन्य जे भनूँ,
चिति, सच्चेत वा ब्रह्म, परंब्रह्म स्वयं भनूँ ।
म छैन, छैन त्यो ब्रह्म, मविना छैन ब्रह्म त्यो,
कल्पना बिम्ब हाम्रै हो, भिन्न भिन्न छ ब्रह्म त्यो ।९।

परिचर्चा

# वर्ष २०८१-०८२ मा महानगर प्रज्ञाका गतिविधिलाई नजिकबाट नियाल्दा



✍ **बालकृष्ण थपलिया**
*सदस्य सचिव-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**विषयप्रवेश :**

महानगर साहित्य दर्पण २०७८ प्रकाशनपूर्व महानगरपालिकामा जमघट भएका चितवनका मानक साहित्यिक स्रष्टाहरू र सक्रिय साहित्यिक संस्थाका प्रतिनिधिहरूको मागबमोजिम भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान गठन भएको हो । २०७८ माघ ८ गते सम्पन्न भरतपुर महागरपालिकाको दशौं नगरसभाले पारित गरेको भरतपुर महानगरपालिका प्रज्ञा–प्रतिष्ठान ऐन–२०७८ र मिति २०७९ असोज १५ गते बसेको कार्यपालिकाको बैठकको भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानका मान–सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि–२०७९ पारित गरेसंगै प्रतिष्ठानका क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । प्रतिष्ठानले २०७९।३।५ गते पहिलो , २०८० जेठ १७ गते दोस्रो, २०८१ असार २ गते तेस्रो र २०८२ जेठ २५ गते चौथो प्राज्ञसभा समेत सम्पन्न भइ वर्षभरिका कामका समीक्षा र आगामी कार्यदिशाबारे मार्ग निर्देश गरेको छ । यस लेखमा आर्थिक वर्ष २०८१/०८२ मा प्रज्ञाप्रतिष्ठानले लिएको नीति, यसलाई छुट्याइएको सीमित बजेट र जनशक्तिमार्फत भाषा, कला, साहित्य, संस्कृतिको उन्नयन र प्रतिभा प्रोत्साहनका क्षेत्रमा जेजति कार्यक्रम गर्न सकियो, तिनैलाई अभिलेखीकरण गर्ने अनुमति चाहन्छु ।

**पाण्डुलिपि प्रोत्साहन :**

भरतपुर महानगरवासी स्रष्टाहरूले आफ्ना सिर्जना, खोज अनुसन्धान गरेको मौलिक साहित्यक रचनाहरूको पाण्डुलिपि र त्यसको पीडीएफ फाइलसहित आर्थिक सहयोगको लागि निवेदन दिएका स्रष्टाहरूलाई प्रज्ञा प्रतिष्ठानले आर्थिक सहयोग प्रदान गर्नेगरेको छ । प्रतिष्ठानले प्राप्त पाण्डुलिपिको स्तरीयता, गुणात्मकता, स्रष्टाका व्यक्तित्व आदिलाई मूल्याङ्कन गरेर रकम उपलब्ध गराउन महानगरलाई सिफारिस गरेको छ ।यस कार्यक्रमबाट कृति रचना गरेर प्रकाशनको उज्यालो नभेटेका, गाउँ वस्तीमा रहेका लुकेका प्रतिभाहरूलाई थोरै नै भए पनि सहयोग गर्न खोजिएको छ । आ.व. २०७९/०८० मा २० जना स्रष्टालाई रू ३ लाख ७० हजार रूपैया, २०८०/०८१ मा १६ जना स्रष्टालाई रू ३ लाख र चालु आ.व. २०८१/०८२ मा १५ जना स्रष्टालाई रू २ लाख २७ हजार रूपैया भुक्तानी गर्न महानगरसमक्ष सिफारिस गरिएको छ ।

यस कार्यक्रमबाट भरतपुर २ का वसन्त पराजुलीको **थलो** उपन्यासलाई रु २० हजार, सरला जोशीको **सपनाको देश** कथासङ्ग्रह, गायत्री श्रेष्ठको **स्मृतिका सोपानहरू** संस्मरणका लागि जनही १५/१५ हजार, अमृता रामदाम बिकको **काव्यकलश** छन्द कवितासङ्ग्रहलाई रु १० हजार, वडा नं. ४ का प्रा.डा.नारायणप्रसाद खनालको **सामयिक अन्तरवार्ता** अन्तरवार्ता सङ्ग्रहका लागि १७ हजार, गोविन्दगोपाल खतिवडाको **वासना कि उपासना ?** कविता सङ्ग्रह, वडा नं ५ का सामना पहाडको घामको **सिमाना** कवितासङ्ग्रह, मीना रिमालको **मातृस्वप्न** कवितासङ्ग्रह, रामकृष्ण अनायासको **अनायासै** गजलसङ्ग्रह र सरस्वती पौडेलको **प्रत्यूष** गजलसङ्ग्रह प्रकाशनार्थ जनही १५/१५ हजार रुपैया उपलब्ध गराउन सिफारिस गरिएको छ । यसैगरी वडा नं. ७ का अक्कलध्वज गुरूङको **बुद्ध देशना** लेखसङ्कलनलाई रु २० हजार, वडा नं. ९ का हीरामणि शर्माको **मनबीरेका सपनाहरू** कथासङ्ग्रह र वडा नं. ११ की गायत्री पौडेल अधिकारीको वर्तमान उपन्यासको पाण्डुलिपिलाई जनही रु १५ हजार उपलब्ध गराइएको छ । यसैगरी वडा नं. १३ का लीलाधर पौडेलको **मेरो गाउँ** कथासङ्ग्रहलाई रु १५ हजार र केदारप्रसाद घिमिरेको **स्मृतिमा दुई दशक** संस्मरण सङ्ग्रह प्रकाशन गर्न रु १० हजार उपलब्ध गराइने निर्णय भएको छ । पुस्तक प्रकाशन गरेर बुझाएपछि मात्रै रकम भुक्तानी हुने भएकाले केही स्रष्टाहरूलाई भने रकम भुक्तानी गरिएको छैन ।

**कथा चौतारी एकदेशमा I Have A story to tell ...**

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको आयोजना तथा कर्मी चौतारीको सहकार्यमा मिति २०८१ माघ २० गते भरतपुर २२ स्थित अमर मा.वि. पटिहानी र भरतपुर १४ स्थित नारायणी मा.वि. शिवनगरमा कथा चौतारी एकदेशमा I Have A story to tell ... नाटक प्रदर्शन भयो । नाटकको महानगरका उपप्रमुख चित्रसेन अधिकारीले उद्घाटन गर्नुभएको थियो ।प्रज्ञा प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रम कार्यक्रम संयोजक विष्णुदेवी तिवारी उषाले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोमबहादुर गुरूङ, वडाका जनप्रतिनिधिहरु सूर्यबहादुर गुरुङ, मैना देवी आचार्य बराल, प्राज्ञ परिषद्का सदस्य प्रकाश चापागाई, सदस्य सचिव बालकृष्ण थपलिया, प्राज्ञसभा सदस्य प्रा.डा. कर्णबहादुर बानिया, विद्यालयका सहायक प्रधानअध्यापक तिलक प्रसाद पाण्डे, साहित्यकार रञ्जना भण्डारी लगायत शिक्षक, विद्यार्थी, नाट्य अनुरागी गरी १२८ जनाको सहभागिता रहेको थियो । नाट्य कार्यक्रममा उपस्थित भएकाहरूले बताएका अनुभव, अनुभूति वा कुनै घटनाक्रमलाई कलाकारहरूले तत्कालै कविता रचना तथा हाउभाउका साथ अभिनय गरी देखाइएको थियो ।

यसैगरी शिवनगरमा आयोजित नाटक प्रदर्शनमा पनि सहभागीहरूले बताएका कथावस्तुलाई नाटकमा उतारिएको थियो । नाटकको महानगरका कार्यपालिका सदस्य बिष्णु बहादुर भुजेलले उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा वडा नं १४ का वडा अध्यक्ष राजेन्द्र साँखी, विद्यालय

व्यवस्थापन समितिका अध्यक्ष शिवबहादुर क्षेत्री, प्रधान अध्यापक खगराज कंडेल लगायत १६६ जनाको सहभागिता रहेको थियो। नाटककार प्रदीप अञ्जामको निर्देशनमा दुबै स्थानमा मञ्चित नाटकमा शर्मिला बि.क, प्रवेश प्याकुरेल, राहुल कुमार सिंह, कृष्णप्रसाद घिमिरे, देवकुमार श्रेष्ठ,आरती गौतम, राहुल रसाइली र सुनील शर्माले अभिनय गरेका थिए।

**चितवनको समाजशास्त्रीय अध्ययन सम्बन्धी अन्तरक्रिया**

प्रज्ञा प्रतिष्ठानको आयोजनामा चितवनको समाजशास्त्रीय अध्ययन सम्बन्धी अन्तरक्रिया तथा बहुभाषी कवि गोष्ठी गत २०८१ फागुन १६ गते भरतपुर महानगरपालिकाको सभाहलामा सम्पन्न भएको छ। कार्यक्रममा प्रा. डा. कर्णबहादुर बानिया र डा. ईश्वरीराज लौडारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। प्रा.डा. बानियाले " चितवनमा बस्ने आदिवासी /जनजातिहरूका मातृभाषाको वर्तमान अवस्था : एक सूक्ष्म अध्ययन" र डा. लौडारीले " चितवनका आदिवासीहरू: समस्या, माग मुद्दा र सशक्तीकरणका प्रयासहरू " बारे कार्यपत्र पेश गर्नु भएको थियो। बानियाँको कार्यपत्रमा अधिवक्ता किरण गुरूङले र लौडारीको कार्यपत्रमा अधिवक्ता नन्दलाल महतोले टिप्पणी गर्नुभएको थियो। प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाको सहजीकरणमा सम्पन्न कार्यक्रम प्रज्ञाप्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षता सम्पन्न भएको थियो।

महानगर प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य तथा समाजशास्त्र विभागका संयोजक केदारनाथ खनालले स्वागत मन्तव्य राख्दै चितवन बहुभाषी, बहु सांस्कृतिक जिल्ला भएको र मूल रूपमा यहाँका आदिवासीका खास मुद्धा र उठाउनु पर्ने सबालमा यस्ता कार्यक्रम सहायक हुने विश्वास व्यक्त गर्नु भयो। सोही कार्यक्रममा बहुभाषी कविताहरू वाचन गरिएका थिए। प्रतिष्ठानका परिषद्की सदस्य विष्णुदेवी तिवारी उषाले संयोजन गर्नु भएको अन्तरक्रिया कार्यक्रममा गोविन्द गोपाल खतिवडाले संस्कृत, राजेश रूम्बा तामाङ र कुमार बहादुर तामाङले तामाङ भाषामा , अनु दुराले दुरा भाषामा , किसन चेपाङ र एकराज शर्माले चेपाङ भाषामा ,चन्द्रमान गुरूङ, गणेश बहादुर गुरूङ, माया कोन्य तम्सुले गुरूङ भाषामा , प्रदीप बोटेले बोटे, उषा तिवारीले भोजपुरी , नारद परिहस्तले मैथिली, ओम उपाध्यायले हिन्दी भाषामा, राजेन्द्र घायल, इन्दिरा पोखरेल र रामलाल कुमालले नेपाली भाषामा कविता वाचन गर्नुभएको थियो।

चितवन बहुजाति, बहुभाषी, बहु सम्प्रदायहरूको बसोवास गर्नेहरूको अठहत्तरौं जिल्ला भएकाले यहाँको समाजशास्त्रीय अध्ययन गर्नु र बहस तथा अन्तरक्रियाका माध्यमबाट सबै भाषा, कला, साहित्य तथा संस्कृतिको उत्थानमा टेवा पुग्ने विश्वास गरिएको छ। कार्यक्रममा १३ जना महिला सहित ७२ जनाको उपस्थिति थियो।

**अनुसन्धानमूलक लेख लेखन गोष्ठी**

प्रज्ञाप्रतिष्ठानको आयोजनामा मिति २०८१ चैत्र १ गते महानगरपालिकाको सभाहलमा अनुसन्धानमूलक लेख लेखन सम्बन्धी एक दिने गोष्ठी सम्पन्न भएको छ। जर्नलमा लेखिने लेख बढी अनुसन्धनात्मक र बैज्ञानिक ढाँचामा प्रस्तुत गरिने भएकाले योग्य लेखकहरू तयार गर्नु कार्यक्रमको मूल उद्देश्य रहेको थियो। गोष्ठीमा डा. केशवराज चालिसे र डा. एकनारायण पौडेलले सहजीकरण गर्नुभएको थियो। चालिसेले रिसर्च पेपर राइटिङबारे २ वटा र र पौडेलले अनुसन्धानात्मक लेख लेखनमा देखिने समस्याहरूबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। दुबै गोष्ठीपत्र माथि शिक्षाविद् रमाकान्त सापकोटाले टिप्पणी गर्नुभएको थियो।

प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्ष्यतामा सम्पन कार्यक्रम महानगरका उपप्रमुख चित्रसेन अधिकारीको प्रमुख आतिथ्यमा सम्पन भएको थियो। कार्यक्रम संयोजक केदारनाथ खनालले स्वागत मन्तव्य राख्नु भएको गोष्ठीमा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, विश्वविद्यालयका विभिन्न क्याम्पसहरूमा प्राध्यापनरत प्राध्यापक, जर्नल लेख लेखनमा रूचि राख्ने ७ जना महिला सहित ४६ जनाको सहभागिता रहेको थियो। प्रतिष्ठानका सदस्य सचिव तथा भरतपुर प्रज्ञा जर्नलका कार्यकारी सम्पादक बालकृष्ण थपलियाले सहजीकरण गर्नुभएको थियो। गोष्ठीमा जर्नलको तीन अङ्क प्रकाशन भइसकेको सन्दर्भमा हालसम्मको अनुभवबाट सिक्दै जर्नलमा समावेश गरिने विषयवस्तुको छनौट, लेखन ढाँचा आदिको बारेमा कार्यक्रम फलदायी भएको सहभागीहरूले महसुस गरेको अपेक्षा गरिएको छ।

**भरतपुर प्रज्ञा जर्नल ३ प्रकाशन**

प्रज्ञा-प्रतिष्ठानमार्फत विविध साहित्यिक सांस्कृतिक विषयवस्तुलाई अन्तराष्ट्रियस्तरमा पुर्याउन भरतपुर प्रज्ञा जर्नल अङ्क ३ प्रकाशमा ल्याएका छौं। जर्नलको गत २०८१ चैत्र २६ गते महानगरपालिको सभाहलमा बिमोचनसमेत गरियो। प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहाल प्रमुख अतिथि तथा प्रज्ञा प्रतिष्ठान प्राज्ञसभा सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल विशिष्ट अतिथि रहनु भएको कार्यक्रममा मञ्चासीन व्यक्तित्वहरूले जर्नलको लोकार्पण गर्नुभएको थियो। प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाले सञ्चालन गर्नु भएको कार्यक्रम प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षता सम्पन्न भएको हो। प्रज्ञा परिषद तथा प्राज्ञसभा सदस्य केदारनाथ खनालले स्वागत मन्तव्य राख्नु भएको लोकार्पण समारोहमा का.पा.सदस्य तथा प्राज्ञसभा सदस्य सिर्जना अधिकारी, भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान प्राज्ञसभा सदस्य तथा शिक्षा निर्देशक सुवासचन्द्र आचार्य ,महानगरपालिकाका महाशाखा तथा शाखा प्रमुखहरू, प्रज्ञा परिषद सदस्य श्री प्रकाश चापागाईं, विष्णुदेवी तिवारी उषा, प्राज्ञसभाका सदस्यज्यूहरू, सञ्चारकर्मी साथीहरू ,आमन्त्रित पाहुना, टिप्पणीकर्तालगायत ४५ जनाको सहभागिता रहेको थियो।

जर्नलमा शिक्षा, साहित्य, व्याकरण, समालोचना, वातावरण आदि विषयका ११ वटा समावेश भएका छन्। विमोचित जर्नल माथि प्रा. डा कर्णबहादुर बानियाले टिप्पणी गर्नु भएको थियो भने जर्नलका प्रधान सम्पादक डा.केशवराज चालिसेले टिप्पणीका क्रममा उठेका जिज्ञासालाई समाधान गर्नु भएको थियो।

जर्नलमा रहेका हरेक लेखको व्यक्तिगतरूपमा डिओएन समेत उपलब्ध गराइएको भरतपुर प्रज्ञा जर्नल अङ्क ३ उपकुलपति इन्द्रप्रसाद रेग्मीको संयोजन र प्राज्ञसभा सदस्य तथा जर्नलका प्रधान सम्पादक डा. केशवराज चालिसे, सम्पादकहरू डा. एक नारायण पौड्याल, रमाकान्त सापकोटा, धनेश्वर भट्टराई र कार्यकारी सम्पादक बालकृष्ण थपलियाको विशेष सक्रियतामा जर्नल प्रकाशन भएको हो।

स्रष्टाहरूलाई सम्मान र पुरस्कार प्रदान : प्रतिष्ठानले गत २०८२ वैशाख ५ गते भरतपुर महानगरपालिकाको सभाहलमा ७ जना स्रष्टाहरूलाई विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरेको छ ।प्रतिष्ठानले रू १ लाख ७८ रूपैयाको नारायणी प्रज्ञा सम्मान भरतपुर १२ निवासी प्राध्यापक कपिल अज्ञातलाई प्रदान गरेको छ । त्रिभुवन विश्वविद्यालय नेपाली विभागमा प्राध्यापन गर्नुहुने अज्ञात विगत ४० वर्ष अघिदेखि नेपाली भाषा, साहित्य, समालोचना र अनुसन्धानमा क्रियाशील हुनुहुन्छ । यसैगरी भरतपुर ९ का प्रा.डा. देवीप्रसाद कंडेललाई ५० हजार ७८ रूपैया राशिको कृष्ण बम मल्ल प्रज्ञा सम्मान प्रदान गरिएको छ । त्रिभुवन विश्वविद्यालयबाटै निवृत्त प्रा.डा. कडेल इतिहास, संस्कृति तथा समाजशास्त्रका अन्वेषक हुन् । यसैगरी मूर्तिकलामा विशेष योगदान दिनुहुने भरतपुर ९ निवासी सूर्य मध्यरातलाई रू ५० हजार ७८ रूपैया राशि सहित भरतपुर प्रज्ञा सम्मान प्रदान गरिएको छ । सोही समारोहमा रमेश प्रभातको "अलिकति फरक कुरा" निसमालोचना सङ्ग्रह, गणेश श्रमणको "आगो लिएर गाउँ गाउँमा" कवितासङ्ग्रह र टीकाराम रेग्मीको "बाँसुरीको धून" कथा सङ्ग्रहलाई भरतपुर प्रज्ञा पुरस्कार प्रदान गरिएको छ । यसैगरी खिमा रिजालको "अन्तर्मनका रङ्गहरू" निबन्धसङ्ग्रह वागीश्वरी प्रज्ञा पुरस्कार प्रदान गरिएको छ । यी सबै पुरस्कारका राशि जनही २५ हजार ७८ रहेको छ ।

प्रज्ञाप्रतिष्ठान कुलपति रेनु दाहालको प्रमुख आतिथ्य तथा उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल लगायत सम्मानित स्रष्टाहरू, जिल्लाका विभिन्न साहित्यिक संस्थाहरूका प्रमुख तथा प्रतिनिधिहरू, प्रज्ञा प्रतिष्ठान आवद्ध प्राज्ञहरू, साहित्यनुरागीहरू गरी ७० जनाको सहभागिता रहेको थियो ।प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाले सहजीकरण गर्नु भएको कार्यक्रममा प्रज्ञा परिषद सदस्य विष्णुदेवी तिवारी उषाले स्वागत मनतव्य, केदारनाथ खनालले सम्मानित स्रष्टाबारे प्रकाश पार्नु भएको थियो ।

**सञ्चार माध्यममा प्रयोग गरिने भाषिक शुद्धता**

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको आयोजना तथा नेपाल पत्रकार महासंघ चितवनको सहकार्यमा 'सञ्चार माध्यममा प्रयोग गरिने भाषिक शुद्धता सम्बन्धी" एक दिने प्रशिक्षणत्मक तालिम सम्पन्न भएको छ । गत २०८२ जेठ ९ गते कृषि विकास कार्यालय भरतपुरमा प्रशिक्षणत्मक तालिम सम्पन्न भएको थियो । नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष वसन्त पराजुलीको अध्यक्षता एवम् भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन समारोह सम्पन्न भएको थियो । महासंघका सचिव राजेश घिमिरेले सहजीकरण गर्नुभएको कार्यक्रममा महासंघका उपाध्यक्ष दीपेन्द्र अधिकारीले स्वागत गर्नुभएको थियो । कार्यक्रममा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका परिषद् सदस्य एवम् भाषा तथा दर्शन शास्त्र विभागका संयोजक केदारनाथ खनालले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो ।

प्रशिक्षणत्मक तालिममा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका प्राज्ञसभा सदस्य तथा नेपाली भाषाका विज्ञ प्रा.डा.धनेश्वर भट्टराईले ' नेपाली भाषा प्रयोगका त्रुटिक्षेत्र ' र ईकान्तिपुर डटकमका सम्पादक जनकराज सापकोटले समाचारमा भाषाको अर्थ र समाचारको यात्रा अनि भाषा र प्रस्तुति शैलीको यात्रा विषयमा छुट्टाछुट्टै कार्यपत्रसहित तालिममा प्रशिक्षण दिनुभएको थियो । प्रा.डा.धनेश्वर भट्टराईको कार्यपत्र र प्रस्तुतिप्रति पत्रकार प्रतिमा सिलवालले टिप्पणी गर्नुभएको थियो । यसैगरी जनकराज सापकोटाको कार्यपत्र र प्रस्तुतिप्रति पत्रकार सूर्यप्रकाश कंडेल र ईश्वर जोशीले टिप्पणी गर्नुभएको थियो ।

तालिममा प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य प्रकाश चापागाई, विष्णु देवी तिवारी उषा, सदस्य सचिव बालकृष्ण थपलिया, महासंघका केन्द्रीय सदस्य नारायणप्रसाद अधिकारी लगायत चितवनका विभिन्न सञ्चार संस्थामा आवद्ध १५ जना महिला सहित ५० जनाको सहभागिता रहेको थियो ।

**महानगर वाङ्मय कोश प्रकाशन**

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान गठनभएपश्चात बसेको परिषद्को पहिलो बैठकले गरेको सङ्कल्पबमोजिम साहित्यकार कलाकारहरूको वैयक्तिक विवरण समावेश गरी महानगर वाङ्मय कोश प्रकाशनमा आएको छ । कोश प्रकाशन समितिका संयोजक एवम् प्रधानसम्पादक केदारनाथ खनाल, सदस्यहरू विष्णुबहादुर भुजेल, विष्णु देवी तिवारी 'उषा', प्रकाश थापा 'प्रथा' र प्रतिष्ठानका सदस्य सचिव तथा कार्यकारी सम्पादक बालकृष्ण थपलियाको सक्रियतामा कोश प्रकाशन भएको हो । कोशमा कम्तिमा एउटा पुस्तक प्रकाशन गरेका साहित्यकार, लेखक र कलाको क्षेत्रमा विशिष्टता हासिल गरेका चितवनका ५१३ ( पुरुष ४१९ र महिला ९४ ) जनाको संक्षिप्त विवरण समावेश गरिएको छ । यसमा भरतपुर महानगरवासी ३९७ जना, रत्ननगर नगरपालिकाका ५८ जना, खैरहनीका १७ जना, कालिकाका १३ जना, राप्तीका ९ जना, माडीका ८ जना र ईच्छाकामनाका ११ जना वाङ्मयसेवीका परिचयात्मक विवरण समावेश गरिएका छन् । कोश प्रकाशन कार्य देख्दा सामान्य लाग्ने तर आधिकारिक र तथ्यपरक विवरण संकलन, भण्डारण, लेखन तथा सम्पादन गर्न ज्यादै समस्या भएको महसुस भएको छ । जे होस् हाम्रो पहिलो प्रयास केही कमीकमजोरीका बापजुद् पनि ऐतिहासिक जस्तावेजका रूपमा चितवनका स्रष्टाहरूको परिचयात्मक विवरण अभिलेखीकरण हुनु गौरवको विषय हो भन्ने लागेको छ ।

**शारदा-खुसीराम स्मृति सांगितिक तथा सांस्कृतिक कार्यक्रम**

भरतपुर महानगरपालिका भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानको आयोजनामा विश्व संगीत दिवस (२१ जुन ) को अवसरमा २०८२ असार ०५ गते नारायणी कला मन्दिर नारायणगढमा शारदा-खुसीराम स्मृति सांगितिक तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रज्ञा प्रतिष्ठान प्राज्ञसभा सदस्य तथा भरतपुर महापालिकाका का.पा.सदस्य विष्णुबहादुर भुजेल, प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभाका सदस्यहरु, नारायणी कला मन्दिरका अध्यक्ष रोहित श्रेष्ठ लगायत पदाधिकारीहरु, महानगरपालिकाका कर्मचारीहरु, सञ्चारकर्मी साथीहरू ,आमन्त्रित पाहुना-दर्शक गरी करिव १५० जना जतिको सहभागिता रहेको थियो ।

प्रज्ञा-प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा परिषद्

सदस्य विष्णुदेवी तिवारी उषाले सञ्चालन गर्नु भएको कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाले स्वागत मन्तव्य तथा प्राज्ञसभा सदस्य रामहरि श्रेष्ठले दिवंगत शहीद शारदा श्रेष्ठ र कलाकार खुसीराम पाख्रिनको कृतित्व तथा व्यक्तित्वमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय कलाकारहरू सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा प्रगति, जन सांस्कृतिक महासंघ, नेपालका अध्यक्ष भीम कुमाखी, सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका गायक तथा प्राज्ञ मोहित श्रेष्ठ, जन सांस्कृतिक महासंघ, नेपालका सचिव केशरी घर्ती मगरले खुसीराम पाख्रिनको विभिन्न रचनाका विभिन्न गीतहरूमा सांगीतिक प्रस्तुति दिएका थिए । कलाकारहरुले पाख्रिनको गैची बेल्चा उचालेर............, प्रदेशिएका दाजु भाइ.............., लाल झुपडीका मान्छेहरू,शहीदहरु बोलीरहेको..............., युवाहरू हो ...............जित्नै पर्छ .......आदि बोलका गीतमा आवाज दिएका थिए।

लगायत नारायणी कला मनदिरका कलाकाहरू सुमित लामा, सिर्जना पौडेल,मोनिका भुजेल,समिता बराली ,सुरक्षा शाही ,रेजिना तामाङ, शर्मिला थापा मगर ,सुजु गुरुङ,बिना तामाङ, अस्मिता तामाङ, आयुष राना मगर, समिर तामाङको सांगितिक तथा सांस्कृतिक प्रस्तुति रहेको थियो ।

**एक हप्ते आधारभूत मूर्तिकला तालिम सम्पन्न**

प्रज्ञा–प्रतिष्ठानको आयोजनामा मिति २०८२ जेठ २६ गतेबाट असार १ गतेसम्म भरतपुर ९ स्थित मध्यरात मूर्तिकला स्टुडियोमा एक हप्ते आधारभूत मूर्तिकला तालिम सम्पन्न भएको छ। तालिमको गत २०८१ जेठ २६ गते भरतपुर म.न.पा.९ का वडा अध्यक्ष यमलाल कंडेलले उद्घाटन गर्नुभएको थियो । प्रमुख अतिथि कंडेलले प्रशिक्षार्थी सहभागी सुवाष घर्तीमगरलाई मूर्ति बनाउने औजार प्रदान गरेर तालिमको उद्घाटन गर्नु भएको थियो। प्रतिष्ठानका सदस्यसचिव बालकृष्ण थपलियाले सहजीकरण गर्नुभएको उद्घाटन कार्यक्रम भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा सञ्चालन भएको थियो । उद्घाटन समारोहमा सहजकर्ता सूर्य मध्यरात, कार्यक्रम संयोजक विष्णुदेवी तिवारी उषा, प्राज्ञसभा सदस्य रामहरि श्रेष्ठले मन्तव्य राख्नु भएको थियो।

तालिमको शुरूमा २५ जना प्रशिक्षार्थी सहभागी भए पनि तालिम समापनसम्म आइपुग्दा जम्मा २० जनाले मात्र सफलताका साथ तालिम लिएका थिए । ५ महिला सहित २० जना प्रशिक्षार्थीहरु मध्य १२ जना भरतपुर महानगरवासी थिए भने अन्य प्रशिक्षार्थीहरु महानगर बाहिरका थिए। तालिममा चितवनकै माडीबाट १ जना, ओखलढुङ्गाका १ जना, गुल्मीका १ जना, गोरखाका २ जना, सुर्खेतका १ जना, तनहुँका १ जना, पर्वतका १ जना रहका थिए।

सहभागीहरुले शुरूमा वर्गाकार, फलफूल हुँदै क्रमशः मुठ्ठी, हात्तीको मुहार, हाँस, अर्ध कदको सालिक, शिव लिङ्ग, शेषनाग आदिको मूर्ति बनाउन सफल भएका थिए । महानगर प्रज्ञा सम्मानबाट समेत सम्मानित कलाकार सूर्य मध्यरातको प्रमुख सहजीकरणमा सम्पन्न तालिम कला संयोजक विष्णुदेवी तिवारी उषाको संयोजनमा सम्पन्न भएको हो।

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान प्राज्ञ सभा सदस्य तथा नगर शिक्षा निर्देशक सुवासचन्द्र आचार्यको प्रमुख आतिथ्यमा आयोजित तालिमको तालिमको मिति २०८२ असार १ गते समापन गरियो।

**विद्यालमा प्रज्ञा प्रतिष्ठान**

प्रज्ञा प्रतिष्ठानको आयोजनामा महानगरका २ वटा सामुदायिक विद्यालयमा एक दिने विद्यालमा प्रज्ञा प्रतिष्ठान: कविता सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। परिषद् सदस्य एवम् कार्यक्रम संयोजक प्रकाश चापागाईको संयोजकत्त्वमा सम्पन्न कार्यक्रम प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाको सहजीकरण र उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न भएको थियो । दुबै कार्यक्रममा कविता साहित्यका विषयविज्ञ पदमप्रसाद अर्याल र विदुर अधिकारीले प्रशिक्षण दिनुभएको थियो । मिति २०८२ असार ११ गते विश्वप्रकाश मा.वि. मङ्गलपुरमा र १२ गते नारायणी मा.वि. भरतपुरमा कार्यक्रम सम्पन्न भएको हो । विश्वप्रकाश मा.वि.मा परिषद् सदस्य केदारनाथ खनाल, विद्यालयका प्रधानाध्यापक जयकृष्ण रिजाल, कवि एवम् शिक्षक विपिन पाठक, रामकला कोइराला, राजेन्द्र पौडेल लगायत सोही विद्यालय र अन्य छिमेकी विद्यालयका गरी ६७ जनाको उपस्थिति रहेको थियो। यसैगरी नारायणी मा.वि. भरतपुरमा आयोजित प्रशिक्षण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर थापा, प्रधानअध्यापक रामशरण दुवाडी, आयोजक र सोही विद्यालय र अन्य छिमेकी विद्यालयका गरी ८८ जनाको सहभागिता रहेको थियो।

**सहकार्य**

प्रज्ञा-प्रतिष्ठानले विभिन्न साहित्यिक/सांस्कृतिक संस्थाहरूसित सहकार्य गर्दै विभिध साहित्यिक कार्यक्रमहरूमा आफ्नो सहभागिता जनाउँदै आएको छ। ती यस प्रकार छन् :

१. गजल मञ्च चितवनद्वारा १५९औंमोती जयन्ती मनाउने क्रममा वृहद् गजल वाचन कार्यक्रम सञ्चालन गर्न रू १२ हजार उपलब्ध गराइएको छ । कार्क्रममा प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाले सम्पादन गर्नु भएका धादिङ्गका गजलकार ठान प्रसाद बसौलाको **रहर अनेक अनेक** गजल सङ्ग्रह लोकार्पण समेत गरिएको थियो।

२. नारायणी कला मन्दिर नारायणगढले सञ्चालन गरेको “प्रतिभा मञ्च २०८१” मा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान प्रवर्द्धक रही पुरस्कार स्वरूप रू ६५ हजार उपलब्ध गराइएको छ।पूर्वी चितवनको

३. साहित्य संगम चितवनले आयोजना गरेको ‘नेपाली कवितामा प्रगतिशील साहित्यको अवस्था र दायित्व‘ विषयक विचार गोष्ठीका लागि रू १५ हजार मात्र उपलब्ध गराइएको छ।

४. तरङ्ग नाट्य समूहद्वारा गत २०८० चैत्र १० देखि १२ सम्म नारायणगढको नारायणी कला मन्दिरमा आयोजित प्रथम चितवन अन्तराष्ट्रिय नाट्य महोत्सवमा प्रवर्धक रही रू ५० हजार उपलब्ध गराइएको छ।

५. २०८२ असार १४ गते सम्पन्न सम्पूर्ण किताब उत्सव २०८२ मा सहकार्य गरिएको।

तेस्रो प्राज्ञसभाले गरेका महानगर भित्र रहेका साहित्यक संस्थाहरूको सूचीकरण गरी नियामक गर्ने , महानगर पुस्तकालय व्यवस्थापन, दीर्घ साधनामा रहनुभएका कला, साहित्य, संस्कृतिको क्षेत्रमा लागेर विशिष्ट

पहिचान बनाउनु भएका स्रष्टाहरूलाई मानार्थ, विशिष्ट, आजीवन सदस्यता प्रदान गर्नेजस्ता निर्णयहरू कार्यान्वयनमा आउन सकेका छैनन् । नीतिगत अस्पष्टता, सीमित साधन स्रोत (रू २८ लाख) तथा जनशक्ति अभावका कारण पनि कतिपय कार्यक्रम हुन सकेनन् । आगामी दिनमा सम्मानित सभाका विद्वत प्राज्ञज्यूहरूको सल्लाह, सुझाव, र विनियोजित बजेट सीमा भित्र रहेर अपेक्षित कार्यक्रमहरू सञ्चालन गर्नेछौं भन्नेमा हामी विश्वस्त छौं ।

**चौथौ प्राज्ञसभाका निर्णय र महानगरसितका अपेक्षाहरू**

प्रज्ञा-प्रतिष्ठानको गत २०८२ जेठ २५ गते सम्पन्न चौथौ प्राज्ञसभा सम्पन्न भएको छ । प्रतिष्ठानका कुलपति रेनु दाहालको अध्यक्षतामा सम्पन्न प्राज्ञसभाले प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाद्वारा प्रस्तुत प्रतिवेदनउपर छलफल सधन्यवाद अनुमोदन गरेको छ । सभाले आगामी वर्ष देहायबमोजिम कार्यक्रम सञ्चालन गरिनु पर्ने निर्णय गर्दै महानगरसमक्ष पेश गरेको छ ।

१. भाषा, साहित्य, कला र संस्कृतिको उत्थानको लागि महानगर प्रज्ञा प्रतिष्ठानलाई थप प्रभावकारी बनाइनु पर्ने ।

२. भरतपुर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण प्रकाशन कार्यलाई निरन्तरता दिदै स्रष्टाहरूको टेलिफोन डायरी प्रकाशन, कला दर्पण, पुस्तक प्रकाशन गरिनुपर्ने ।

३. पाण्डुलिपि प्रोत्साहनलाई निरन्तरता दिदै साहित्यिक कृतिका पाण्डुलिपिलाई प्रकाशन व्यवस्था मिलाउनु पर्ने ।

४. राष्ट्रिय तथा प्रदेश स्तरीय प्रतियोगिता / सम्मेलन गरिनुपर्ने ।

५. प्रतिष्ठानको संगठानात्मक संरचनालाई समयानुकूल परिमार्जन गर्दै यसले स्थापना गरेका मान-सम्मान तथा पुरस्कारहरूलाई निरन्तरता दिनुपर्ने ।

६. स्थानीय साहित्यिक / सांस्कृतिक / सांगीतिक / कला सम्बन्धी संस्थाहरूसितको सहकार्यमा राष्ट्रिय विभूति तथा प्रतिभाहरूको जन्म-जयन्ती तथा महत्वपूर्ण दिवसहरूमा विविध साहित्यिक / सांस्कृतिक / सांगीतिक / कला सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।

७. शारदा श्रेष्ठ, खुसीराम पाख्रिनको स्मृतिमा गरिने सांगीतिक कार्यक्रमलाई निरन्तरता दिंदै चितवनका प्रथम साहित्यिक अनुवादक तथा समाजसुधारक कलानाथ अधिकारीको सम्मानमा पनि पुरस्कार स्थापना तथा कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

८. पाण्डुलिपि प्रोत्साहनलाई निरन्तरता दिदै साहित्यिक कृतिका पाण्डुलिपिलाई प्रकाशन व्यवस्था मिलाउनु पर्ने ।

९. विद्यालय तहबाटै साहित्य तथा कलाको विकासका लागि प्रतिभा प्रस्फुटन, पहिचान र प्रोत्साहन गर्न कला स्वयम् सेवक शिक्षक परिचालन गरिनुपर्ने ।

१०. सामुदायिक पुस्तकालय तथा वाचनालयहरूलाई प्रबर्धन गरिनुपर्ने।

११. महानगरबासी साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद, स्नातकोत्तर तहका विद्यार्थीहरूलाई महानगर भित्रका लोपोन्मुख, स्थानीय भाषा, कला, साहित्य, संस्कृतिसंग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गरिनु पर्ने ।

१२. भाषा, साहित्य, कला संस्कृति, सामाजिक शास्त्र, दर्शन शास्त्र, अनुवाद, स्थानीय कला संगीत, लोक साहित्य, बाल साहित्य, लोपोन्मुख भाषा, आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण, संरक्षण गर्न प्रोत्साहन गर्न विषयगत समिति गठन गरी सक्रिय गराइनु पर्ने ।

१३. प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठान लगायत सरोकारवाला संस्थाहरूसित समन्वय र सहकार्य गरिनुपर्ने ।

१४. साहित्यिक भ्रमण तथा अवलोकन गर्ने व्यवस्था मिलाइनुपर्ने ।

१५. महानगर भित्र रहेका साहित्यक संस्थाहरूको सूचिकरण गरिनुपर्ने ।

१६. संघ /प्रदेश सरकारसित समन्वय गरी महानगरका बहुउद्देश्यीय महत्त्व बोक्ने विभिन्न जात,जाति,धर्म,सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलयसमेत रहने गरी महानगरस्तरीय कला गृह (आर्ट ग्यालरी) स्थापना र ललितकला क्याम्पस सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनुपर्ने ।

१६. महानगरवासी साहित्यकार/कलाकारका साहित्यिक, सिर्जनात्मक कला कृतिहरूलाई स्थानीय पाठ्य सामाग्रीमा समावेश गराइनुपर्ने ।

१७. महानगरपालिकामा प्रज्ञा-प्रतिष्ठानको स्थान, पहिचान, मर्यादाक्रम, प्रज्ञा-प्रतिष्ठानको संगठनात्मक संरचना परिवर्तन, सेवा-सुविधा, जनशक्ति र सचिवालयको व्यवस्था गराइनुपर्ने ।

१८. महानगर पुस्तकालय स्थापना र सञ्चालन तथा महानगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई स्तरोन्नति गराइनुपर्ने ।

१९. महानगरभित्र निर्माण गरिने संरचनाहरूमा नेपालीपनका कला, संस्कृति झल्कने खालका संरचना बनाउनेहरूलाई प्रोत्साहन गरिनुपर्ने ।

२०. नगरसभाले पारित गरेका भाषा-साहित्य, कला-संस्कृति सम्बन्धित अन्य कार्य गर्ने ।

**टुङ्ग्याउनी**

भरतपुर महानगरपालिकाले भाषा- साहित्य, कला-संस्कृतिको उत्थानको लागि छुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरी हामीहरूलाई समेटेकोमा गौरव गर्दै समयानुकूल हाम्रा कार्यक्रमहरूलाई अझै मर्यादित बनाउनु हाम्रा लागि विभिन्न चुनौतीहरू रहेका छन् । सीमित साधन स्रोतका बाबजुद हामीले स्वयमसेवी रूपमै भए पनि पक्कै केही राम्रै गरेका छौं । तर यसैमा मखख पर्ने अवस्था भने छैन ।नीतिगत अस्पष्टता र प्रक्रियागत झन्झटका कारण कतिपय कार्यहरू सोचेजस्तो सजिलो तरिकाले गर्न सकिदोरहेनछ । तर जेजति गर्न सक्यौं त्यसमा गौरव गर्दै भरतपुर महानगरको गरिमा बढाउन लागिरहेकै छौं । यस कार्यमा प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुर्याउनु हुने सबैप्रति हृदयत: आभार प्रकट गर्दछु । अन्य स्थानीय पालिकाले पनि प्रज्ञा प्रतिष्ठानको अभ्यास गरिरहेका छन् । हामीसित प्राज्ञ, बुद्धिजीवी तथा वौद्धिक बर्गले धरै कुराको आकांक्षा राखेका छन् ।प्रज्ञाले केही गर्दे हुन्थ्यो भन्ने अपेक्षा साँचेका छन् ।हामीले महानगर प्रज्ञाप्रतिष्ठानलाई यस क्षेत्रमा लागेका प्रतिभाहरूको आड र भरोसाको केन्द्र बनाउन अझ धेरै मिहिनेत गर्नु जरूरी छ। यसका निम्ति सबैको साथ, सहयोग र समन्वयको अपेक्षा गर्दछु ।

चरैवेति !

# दुरा जातिको परिचय, बासस्थान, तथ्याङ्क र संस्कार



मुक्तिनाथ घिमिरे
*विज्ञ सल्लाहकार-भाषा आयोग*

१. **परिचयः**

नेपाल बहुजाति, बहुभाषा, बहु धर्म र बहु संस्कृतिको देश हो। एकतामा अनेकता र अनेकतामा एकता यसै ठाउँमा पाइन्छ। जाति, भाषा, धर्म र संस्कृति फरक फरक भए पनि एक आपसमा सहिष्णुताको भावना सबैमा छ । सबैका बिच समन्वय छ । त्यस्तै लमजुङ जिल्ला पनि विभिन्न जाति, भाषा, धर्म र संस्कृतिले सुशोभित जिल्ला हो। यस जिल्लामा बसोबास गर्दै आएका धेरै जाति छन्। तीमध्ये दुरा जातिको बारेमा यस अध्ययनमा चर्चा गरिएको छ।

अन्नपूर्ण, मनासलु र लमजुङ हिमालको काखमा बसेको लमजुङ जिललाको दक्षिणी भेकमा दराहरुले बसोबास गरेको पाइन्छ (गुरुङः २०४१, पृ.४)। नेपालका अल्पसङ्ख्याक आदिवासी दुरा जातिको मूल पुर्ख्यौली स्थल लमजुङ हो। यो जाति लमजुङमा कहाँबाट आयो र कहिलेदेखि बसोवास गर्न थालेको हो यस बारेमा गहनतम् अध्ययन गर्न जरुरी छ। दुरा जातिको उत्पत्ति बारेमा र उनीहरुको लमजुङमा आगमन भएको बारेमा विभिन्न विद्वान्हरुका विभिन्न मत छन्। तिनै मतको यहाँ विश्लेषण गरिन्छ।

१. योगी नरहरिनाथले - "हिमालयन देवो देश" नामक पुस्तकमा दुरा जातिको बारेमा यसरी पुष्ट्याइँ गरेका छन्-

   - भूता भूटा भुटा भोटे भूतोऽमी देवयोनमः
   लम्बा लामा इति प्रोक्ता रुद्रा हि रुदरा दुरा.........।६८
   मनाङ र मुस्ताङको बीचमा पर्ने रुद्रा भोटबाट नेपालमा प्रवेश गरेको जातिलाई रुद्रा भोटबाट आएको रुद्रा भन्दा भन्दै रुदुरा, "दुरा" भन्न थालिएको हो।

२. पथिक कवि लक्ष्मी आचार्यले देवताका सन्तान नेपाली नामक पुस्तकको पृ.१७ मा यो कुरा उल्लेख गरेका छन् - देवयोनि विशेषमा जेठो हाँगोलाई जेष्ठ भनिन्थ्यो र जेष्ठको जेठो भयो । जेठोबाट जाड भयो, जाडबाट जाड जाडे संज्ञाले तिनलाई चिनाउँछ । भगवान् शिवलाई रुद्र पनि भनिन्छ । रुद्रका कतिपय गणका मानिसको संज्ञा रुदुरा भयो र हाल दुरा संज्ञाले तिनलाई बुझाउँछ।

३. नेपाली बृहत् शाब्दकोश (पृ. ६५७) ले दुरा जातिलाई यसरी चिनाएको छ - दुरा (ना.) नेपाल लमजुङ जिल्लाको दुराडाँडामा बसोबास गर्ने आफ्नै भाषासंस्कृति भएको नेपालको अल्पसङ्ख्यक एक जाति

४. "मेचीदेखि महाकाली" भाग ३ (पश्चिमाञ्चल विकास क्षेत्र) भन्ने पुस्तकमा दुरा जातिको बारेमा यसरी पुष्ट्याइँ गरिएको छ -
   दुराका पुर्खाहरु भारतीय राजपुतको दरबारमा नोकरी गर्थे । मुसलमानको आक्रमणले तहस नहस हुँदा राजपुत महिलाहरु आफ्ना नोकरहरुसँग भागेर लमजुङमा आई बसोबास गरे । उनकै सन्तानहरु "दुरा" हुन् भन्ने स्थानीय किं वदन्ति छ । सोही पुस्तकमा यो कुरा पनि उल्लेख भएको पाइन्छः दुराडाँडाः पहिले दुरा जातिका मानिसहरुले बढी मात्रामा बसोबास गरेको डाँडा भएकोले यसलाई दुराडाँडा भनिएको भन्ने जनश्रुति छ। यही डाँडाका मानिसहरुले राजा यशोब्रह्म शाहलाई कास्कीका राजा कुलमण्डनसँग मागेर ल्याई लमजुङमा राजा बनाएको कुरा इतिहासकारहरुले उल्लेख गरेका छन् (२०३१ः पृ.१८९)।

५. पं.ज्वालाप्रसाद मिश्रले आफ्नो जाति भाष्कर भन्ने पुस्तकमा बौद्धमार्गीको चिनारी गराउँदै दुरा जातिको बारेमा छोटो टिप्पणी दिएका छन्।

ऋग्वेद, यजुर्वेद र अथर्ववेदमा वैश्यवर्णनको प्रमाण मिल्दछ । ऋ. १०/९०/१२ यजु. अ. ३१.मं.११ -उरु तदस्य यद्वैश्यः) वैश्य उसको जंघाबाट उत्पन्न भए। अथर्व वेद-मध्यस्तदस्य यद्वैश्य :) अथर्व वेदमा मध्यभागबाट उत्पत्ति भएका। शतपथ ब्राह्मणले लेखे अनुसार -भूरिति वै प्रजापति ब्रह्म अजनयत्)

(भुव इति क्षेत्र स्वरिति विशम् एतावद्वै इदं सर्व

यद्ब्रह्म क्षेत्र विट्) अर्थात् भू यह शब्द उच्चारण करके प्रजापति ने ब्राह्मणको, भुव इस शब्दले क्षेत्रियको, और स्वः यहशब्द उच्चारण करके वैश्यको उत्पन्न किया ।

इस वैश्य जाति से ही शैव और जैन और बौद्ध धर्मकी विशेष पुष्टि आइथी, बौद्ध धर्म इनके कारण दूर दूर तक फैल गयाथा बहुतसे शैव और जैन मतके मन्दिर भारत मे ही नहि चीन, काबुल, यमद्वीप, सुमात्रा आदि भारतके महासागरके दीपो और उपद्वीपोमे सुशोभित हुए थे ...(मिश्र, सन् १९८३ः पृ.२२१)

फेरि यसैमा "अथ बौद्ध भेदा शीर्षकमा १६ किसिमका बौद्ध मार्गी भित्र "दुरा"लाई राखिएको छ ।

माथि उल्लेख गरिएका प्रमाणहरुलाई केलाउँदा योगी नरहरिनाथको भनाइअनुसार रुद्रा भोटबाट छिरेर नेपाल पसेको जाति रुद्र शब्दबाट दुरा हुन आइपुगेको भन्ने प्रमाणित हुन्छ। त्यस्तै लक्ष्मी आचार्यले देवयोनिसँग जोडेर रुद्रगणलाई मानिसको संज्ञा दिएर ती मानिस दुरा हुन् भनी तसर्थ वर्णका दृष्टिले वैश्य, धर्मका दृष्टिले बौद्धमार्गी, बसोबासका दृष्टिले हिमालको नजिक र जातिका दृष्टिले दुरा यी सबै कुरा एक आपसमा मिल्दा जुल्दा छन् । मेचीदेखिमहाकाली नामक पुस्तकमा दिएको राजपुत महिला र तिनका नोकरबाट दुराका सन्तान उत्पत्ति भएका हुन् भन्ने कुरामा ती नोकरहरु के जात हुन् , के खालका हुन्, यथार्थता के हो त्यसबारे अध्ययन भएको छैन । तसर्थ यसमा सत्यता देखिदैन ।

"स्कन्द पुराणको माघमा हात्म्यमा उल्लेख भएअनुसार शिवजी किराँत भएका , पार्बती किराँतिनी भएर आ-आफ्ना ढङ्गले दुवै जना मर्त्यमण्डलमा घुमफिर गरेका, पार्वती किराँतिनी भएर तपस्या गरिरहँदा एक्लै भए पनि आफूलाई डर नलाग्ने कुरा उनले शिवजीलाई बताएकी छन्। शिवजीलाई आफ्नो नजिक आउन दिएकी छैनन्। पार्वतीतर्फ शिवजीको दृष्टि पर्दा उनै किराँतरुपी शिवजीका काल्पनिक योगबलले एक मानस पुत्र उत्पत्ति भयो। त्यसलाई रुद्रगणमा सामेल गरियो । त्यसैका सन्ततिले मानवको रुप लिए । त्यो ठाउँ भनेको मङ्गोलिया हो । मङ्गोलियाबाट मङ्गोलियन भयो । उसका सन्तान त्यहीँ फैलिए । पछि उनीहरु रुद्रा भोटको बाटो हुँदै नेपाल छिरे । अनि नेपालका विभिन्न ठाउँ घुम्दै बसोबास गर्न थाले यसरी शिवजीको दूरदृष्टिबाट आगम भएर दूर् आगम, दुरागम हुँदै दुरा बन्न पुगे । अनि त्यसैबाट दुरा जातिको मानव विकास र समाज विकास हुँदै आयो " (स्रोत : दुरा स्मारिका पृ. ७४) । पछि तिनैका सन्तान दुरा जातिको रुपमा स्थापित भए । राष्ट्रिय तथा अन्तराष्ट्रिय कलमवीरहरुका नजरबाट अलिकति ओझेलमा परेको, कमै चर्चामा आउने जाति भएको हुँदा यस जातिको बारेमा समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट पनि अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिन्छ । दुल्लुदैलेख,पर्वतको दुरानकोट,कास्कीको आर्कुम जस्ता ठाउँहरुमा उनीहरुको बसोबास भएको , फेरि बसाइँ सर्दै लमजुङ आइपुगेका हुन् भन्ने बारेमा धेरै चर्चा भइसकेका छन् । अन्य विभिन्न जातिका मानिसहरुले आफूहरु बसाइँ सर्दा आफ्ना इष्टदेवका प्रतीक वस्तुलाई सन्दुसमा अथवा झोलामा राखेर साथैमा लगी आफ्नो बासस्थानको नजिक राखेर यथाशक्ति पूजा आराधना गरेका प्रशस्त उदाहरणहरु छन्। दुरा जातिमा पनि यस्तो बलियो प्रमाण छ। त्यो के भने लमजुङमा दुरा जातिले सबैभन्दा पहिले व्यवस्थित बसोबास गरेको ठाउँ तुर्लुङ हो । त्यस गाउँको शिरोभाग तुर्लुङकोटमा परापूर्व कालमा नै नार्खु नाउँ गरेको इष्टदेव स्थापना गरेका थिए। लमजुङमा दुरा जातिको बसोबास जहिलेदेखि सुरु भयो त्यसै बेलादेखि नार्खुको पूजा गर्न थालिएको हो । अहिले पनि तिनको पूजा आराधना आफ्ना विधिविधानअनुसार कायमै छ । दुरा भाषामा शिवजीलाई नार्खु भनिन्छ। नार्खु दुरा जातिका इष्टदेव हुन्। यसका साथै दुरा जातिमा गोत्रको चर्चा पनि प्रशस्त मात्रामा चल्दछ। आत्रेय गोत्र हुनेहरु अत्रि ऋषिका सन्तान हुन् । श्रीधुम गोत्र हुनेहरु धौम्य ऋषिका सन्तान हुन् । कश्यप गोत्र हुनेहरु कश्यप ऋषिका सन्तान हुन्। यी कुरा दुरा समाजमा भन्ने गरेको पाइन्छ।

*त्यसैगरी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान कार्यदलले यसरी पुष्ट्याइँ गरेको छः आफ्नो मातृभाषा र परम्परागत रीति रिवाज भएको तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरु जनजाति अन्तर्गत पर्दछन् (नेपालका आदिवासी जनजातिहरु पृ.३ ) ।*

यसरी विश्लेषण गरेर हेर्दा दुरा जातिलाई अनार्य वर्गका, मङ्गोल समुदायका जनजातिका रुपमा लिन सकिन्छ। हिन्दु वर्णाश्रम धर्म भन्दा भिन्न, आफ्नै संस्कार, संस्कृति, रहन-सहन र मातृभाषा भएको जाति दुरा जाति हो। आफ्नो संस्कार, भाषा र संस्कृतिलाई जोगाइराख्नु पर्दछ भन्ने मान्यताका साथ कार्यन्वयन गर्नु उसको दायित्व हो । धर्मका दृष्टिले यो जाति बौद्ध धर्मावलम्वी हो ।

आफ्नो संस्कार, संस्कृति, रहन-सहनलाई जोगाउन सकियो भने आफ्नो पहिचान जीवित र सशक्त रहन्छ भन्ने कुरा दुरा जातिले बुझिराख्न जरुरी देखिन्छ । जनसङ्ख्या थोरै हुनु, बसाइँ सरेर विभिन्न जिल्लामा पुग्नु, त्यहाँ पनि

ज्यादै कम सङ्ख्यामा रहनुका कारण आफ्नो पहिचानलाई यथावत् राख्न नसकेको कुरा पनि अध्ययनले बताएको छ। मूलथलो नछोड्नेहरुका सामुन्ने पनि सांस्कृतिक दुर्घटना हुनै आँटेको छ। त्यसो भयो भने राष्ट्रिय सम्पत्तिको हिनामिना हुने कुरामा दुई मत छैन। किनभने कुनै पनि संस्कृति राष्ट्रको अमूल्य सम्पत्ति हो।

### १.१. दुरा जातिको बासस्थान एवम् तथ्याक्त

नेपाल राज्य भरीमा स्पष्ट खुलाइएका जाति ११७, दलित अन्य, जनजाति अन्य तथा तराई अन्य समेत ३ र नखुलेका अन्य ५ समेत जम्मा १२५ जाति छन् भनेर केन्द्रीय तथ्याङ्क विभागले प्रतिवेदन अघि सारेको छ। ती मध्ये दुरा जाति पनि एक हो।

राष्ट्रिय जनगणना २०६८ बमोजिम नेपालमा दुरा जातिको तथ्याङ्क निम्नानुसार छ :

| नेपालमा | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| | ५३९४ | २९८४ | २४१० |
| सहरिया | १०९२ | ५७१ | ५२१ |
| ग्रामिण | ४१९२ | २४१३ | १७७९ |

तालिका नं.: १

यसमा महिला र पुरुष गरी ११०जनाको अभिलेख देखिएको छैन।

विभिन्न जिल्लाको तथ्याङ्क निम्नानुसार छ :

| जिल्ला | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| सप्तरी | १५ | ५ | १० |
| ललितपुर | ७६ | ३८ | ३८ |
| काठमाण्डौं | २१९ | १०६ | ११३ |
| चितवन | ५४९ | ३०३ | २४६ |
| लमजुङ | ३१५९ | १८०५ | १३५४ |
| तनहुँ | ८२२ | ४४९ | ३७३ |
| स्याङजा | २७ | १५ | १२ |
| कास्की | ३९८ | २२० | १७८ |
| रुपन्देही | १५ | ४ | ११ |
| डोटी | १४ | ६ | ८ |

तालिका नं.: २

अहिले सम्मको दुरा सेवा समाजको प्रतिवेदन तथा दुरा भाषाको वर्ण निर्धारण पुस्तिकामा पनि दुरा जातिको बसोवास भएका जिल्लाहरु निम्नानुसार छन् -

लमजुङ, तनहुँ, कास्की, चितवन, रौतहट, ओखलढुङ्गा , रामेछाप, कैलाली, डोटी, नवलपरासी, काठमाडौं र ललितपुर (दुराभाषाको वर्ण निर्धारण-२०६८)। दुरा जातिको बसोबास भएका जिल्लाहरुको सङ्ख्या १२ देखिन्छ। राष्ट्रिय जनगणना २०६८ ले रौतहट, कैलाली, रामेछाप, ओखलढुङ्गा चार जिल्लालाई कटौती गरी स्याङ्जा र सप्तरी दुई जिल्लालाई थप गरी १० वटा जिल्लामा दुरा जातिको बसोवास भएको व्यहोरा प्रमाणित गरेको छ। डोटी जिल्लाबाट कैलाली जिल्लाको धनगढीमा बसाइँ सरी गएका दुरा परिवारको अभिलेख भेटिएन। रामेछाप जिल्लाका साबिक गाविसहरु मध्ये कुनै एउटा गाविसलाई दुरागाउँ गा.वि.स भन्दछन् तर त्यस गाविसमा दुरा छैनन्। रामेछाप र ओखलढुङ्गा दुबै जिल्लामा दुरा जातिका मानिसहरुको बसोबास छ तर उनीहरु आफ्नो परिचय दिँदा दुरा मगर भनेर दिने गरेका, कुरा बुझ्ने (श्रोताहरुले) पनि दुरा मगर भनेर बुझेका, दुरा शब्दबाट अलमलिएर पछिल्लो शब्द मगरसँग मात्र परिचित भएर दुरा छोड्ने क्रमशः मगरतर्फ उन्मुख वा विलय हुँदै गएको कुरा जानकारीमा आएको छ (स्रोतः ओमबहादुर गुरुङ, रामेछाप)। निष्कर्षमा भन्नु पर्दा यिनीहरु धेरै ठाउँमा त्यसरी नै विलय भएका छन्।

सहर, गाउँ, पहाड तथा तराईमा हुनेहरुको अभिलेख यस्तो छः

| | |
|---|---|
| शहरमा | १०९२ |
| गाउँमा | ४२०२ |
| जम्मा | ५३९४ |
| यसमा | ११० जनाको अभिलेख छैन। |
| पहाडमा | ४७५९ |
| तराई | ६३५ |

तालिका नं.: ३

कूल जनसङ्ख्या ५३९४

विभिन्न अञ्चलको अभिलेख यस्तो छः

| | |
|---|---|
| पूर्वाञ्चलमा | ३४ |
| मध्यमाञ्चलमा | ८८० |
| पश्चिमाञ्चलमा | ४४४६ |
| मध्यपश्चिमाञ्चल | १७ |
| सुदुरपश्चिमाञ्चल | १७ |
| जम्मा | ५३९४ |

The Indigenous Languages of Nepal

(ILN) नामक पुस्तकमा नेपालका ५९ जातिको चिनारी दिइएको छ। तिनमा दुरा जातिलाई पनि सामेल गरिएको छ। तथ्याङ्क दिने क्रममा त्यस पुस्तकमा दुरा जातिको कूल जनसङ्ख्या ५,१६९ देखाइएको छ। तथ्याङ्क फरक प्रकृतिको देखिन्छ। तसर्थ यस जातिको यथार्थ तथ्याङ्क निकाल्ने काम अझै बाँकी छ।

**सङ्घीय नेपालको सात प्रदेशमा दुरा जातिको बस्ती निम्नानुसार रहेको छः**

| क्र.सं. | प्रदेश नं. | जिल्ला |
|---|---|---|
| १ | १ | ओखलढुङ्गा |
| २ | २ | रौतहट |
| ३ | ३ | रामेछाप, चितवन, काठमाडौँ,ललितपुर |
| ४ | ४ | लमजुङ, तनहुँ, कास्की, नवलपरासी |
| ५ | ७ | डोटी, कैलाली |

**तथ्याङ्क विभागले दुरा जातिको तथ्याङ्क यसरी प्रकाशित गरेको छ :**

**Census**

**Table 1: Classification of 125 Social Groups in the 2011 Census**

| 3 Broad Category | 5 Social Groups | Disaaggregated Social Sub-Groups | 125 Cast/ Ethinicity/ nationality (marked groups appeared in 2011 census |
|---|---|---|---|
| Adibasi janajati | Adibasi janajati | Hiljanajati | Dura Ghale |

**Table 2: Female Headed Households and singlewomen Population by Ethnicity/ Caste**

| SN | Ethnicity / Caste | Female Headed Household | Single Women Population |
|---|---|---|---|
| 36 | Dura | 46.47 | 4.17 |

**Table 3: Education Status by Ethnicity / Caste**

| SN | Caste / Ethnicty | Literacy Rate | Basic Level Educated Population (Class 1 to 8) % | Secondary Level Educated Population Class 9 to 12 % | Higher Level Educated Population Bechelor above degree % |
|---|---|---|---|---|---|
| 36 | Dura | 76.91 | 68.18 | 29.77 | 2.02 |

**Table 4: Status of Health Related Indicators by Ethnic / Caste Groupes**

| S N | Caste/ Ethnicity | Age of first Marriage of Female below 15 years | Age of first Marriage of Female below 18 years | Disabled Person % | Household having Access to safe Drinking Water % | Household having Modern Toilet % |
|---|---|---|---|---|---|---|
| 36 | Dura | 10.02 | 34.47 | 2.26 | 88.98 | 62.34 |

Source: SOCIAL INCLUSION ATLAS OF NEPAL DEMOGRAPHY, HEALTH AND EDUCATION (VOLUME III) 2014

२. **प्रमुख सामाजिक संस्कारहरु**

जन्मदेखि मृत्युसम्मका हरेक रीति-रिवाज, सामाजिक प्रचलनहरुलाई सामाजिक संस्कार भनिन्छ। दुरा समाजमा प्रचलित सामाजिक संस्कारहरु निम्नानुसार छन्-

जन्म, छैटी, न्वारान, पास्नी, क्षौर, पुटपुटे, गुन्यूचोलो, विवाह, मृत्यु

२.१ **जन्म :**

दुरा समुदायमा कुनै बच्चा जन्मेपछि उसको सालनाल बेढाइन्छ। नजिकैको चोखो ठाउँमा लगेर साल गाडिन्छ। अनि बच्चालाई नुहाइन्छ र तेल लगाइन्छ। छोरो जन्मेमा भाले कुखुरो र छोरी जन्मेमा पोथी कुखुरो काटिन्छ। सुत्केरीलाई सोही कुखुराको मासु र भात खान दिइन्छ। न्वारान गर्नुभन्दा अगाडि बच्चालाई बाहिर निकालिदैन। सो अवधिसम्म आमालाई छुवाछुत गर्न दिइदैन। मूल, जेष्ठा, अश्लेषा जस्ता अरिष्ट नक्षत्र जन्म समयमा परेका रहेछन् भने भने बच्चाको न्वारान गर्दाका दिन शान्ति गरिन्छ।

२.२ **न्वारान**

दुरा समाजका बच्चा बच्ची जन्मेपछि ३ दिनदेखि ११ दिनसम्म बिजोर पारेर कुनै दिन न्वारान गर्ने गरेको पाइएको छ। न्वारान सकेपछि शिशुलाई बाहिर निकालिन्छ। त्यति बेला छोरो भए साथमा धनुकाँड र छोरी भएमा रक्सीको पुङ साथमा लिएर बाहिर निकालिन्छ। कुखुराको मासु एक भाग र भात एक भाग गरी साथमा राखिएको हुन्छ। त्योबाहेक एउटा पातको सोलीभित्र एक माना चामल र अरु खाने चिज पनि राखिएको हुन्छ। त्यति गरिसकेपछि एउटा ढुङ्गो पनि साथीको रुपमा राखिन्छ र बच्चालाई नचाउँदै बाहिर निकालिन्छ। आमाहरुमध्ये ज्येष्ठ उमेरकी महिलाले शिशुलाई नचाउँदै बाहिर निकाल्ने चलन छ। अनि बच्चालाई नुहाइन्छ। गुरुपुरोहितबाट न्वारान गराइन्छ र नवजातशिशुको नामकरण गरिन्छ। गहुँत छर्केर घर चोख्याइन्छ। न्वारान गर्दा पाठ पूजा, होम आहुती गरिन्छ। कन्याहरुलाई टीका लगाएर दक्षिणा दिइन्छ। माथि भने

जस्तो ज्येष्ठा, मूल जस्ता दोष लाग्ने नक्षत्रको जन्म भएको खण्डमा न्वारानकै दिनमा त्यसको विधि पुऱ्याएर शान्ति गरिन्छ । सो शान्तिकर्मका लागि एउटा माटाको भुड्को कलशको रुपमा स्थापना गरिन्छ । त्यसमा जौ, तिल, गहुँत मिसाइन्छ । काठको हलो, जुवा र गोरु बनाइन्छ । ती सामग्री बाँसका चाल्नामा राखिन्छ । अघि तयार गरेको माटाको कलश पनि चाल्नामै राखिन्छ । त्यसपछि धर्म गुरुले मन्त्र पढ्छन् । चन्द्रमालाई अगाडि अथवा दाहिने र राहु ग्रहलाई पछाडि या देब्रे पारेर त्यही कलशको पानी चाल्नाबाट तल झारिन्छ । सोही जलले बच्चालाई नुहाइदिने चलन छ । यति गरेपछि शान्ति हुन्छ भन्ने विश्वास लिएको पाइनछ । भुड्को र चाल्नो घरमा राख्ने र बाँकी सामान दोबाटोमा लगेर गर्दछन् । त्यस घरमा महिलाहरु जुटेका हुन्छन् । अनि एक जना आमा त्यो बच्चालाई बोकेर अलि पर जान्छिन् । नजवात शिशु छोरी हो भने *"आइज नानी ! फर्केर आइज ! ठुली भए पछि तँलाई लाहुरेसँग विवाह गरिदिउँला भनी अरुले रमाइलो गर्छन् । छोरो हो भने आइज बाबु, फर्केर आइज! ठुलो भएपछि तलाई लाहुरे बनाइदिउँला, तेरो विवाह गरिदिउँला" (दुरा.....)* भनी ठट्टा मस्करी गर्दै घरमा बोलाउँछन् त्यसपछि आफ्नो क्षमताअनुसार खसी या कुखुरा काटेर भोज खान्छन् । त्यस कर्ममा छरछिमेकका महिलामात्र जुटेका हुन्छन् । सुत्केरीलाई पन्ध्र दिनमा पानी छुन लगाइन्छ ।

२.३ **छैटी** :

दुरा समुदायमा बच्चा जन्मेको छैटौँ दिनको रातमा भावी आएर त्यस बच्चाको निधारमा भाग्यरेखा कोर्छ भन्ने विश्वास छ । तसर्थ बच्चालाई निदाउन नदिने भन्ने कथन पनि छ । बच्चा जन्मिदाको साइतमा जस्तो भाग्य ल्याएको छ त्यसैमा निर्भर गराउनका लागि त्यस रातमा जाग्राम बस्नेगरेको पाइन्छ । त्यसरी जाग्राम बस्दा भावी आउन पाउँदैन भन्ने विश्वास लिइन्छ । यस कर्मलाई छैटी छैटी भनिन्छ । छैटौँ दिनको रातमा षष्टिकादेवीको पूजा गर्ने चलन पनि छ । त्यसपछि नाच, गान गर्ने, मादल बजाउले गर्दछन् । उनको औकातअनुसार खसी अथवा कुखुरा काट्छन् । मासु र भात पकाउँछन् ।, रोटी पकाउने चलन पनि छ । मासु, भात, रोटी, रक्सी खाएर नाचगानका साथ रातभर जाग्राम बस्तछन् । छैटीमा इष्टमित्र तथा छिमेकीलाई निम्ता गरिन्छ । त्यहाँ आएका निम्तालुहरुले बच्चालाई दीर्घायु र सुस्वास्थ्यको आशीर्वाद दिने चलन छ । त्यहाँ सहभागी हुनेहरु पनि रातभर नाचगान गरी जागै रहन्छन् । भोलिपल्ट बिहान घरपरिवारले नाचगान गर्ने टोलीलाई टीका लगाइदिन्छन् । अनि त्यहाँ चामल, फूल र यथाशक्य रुपियाँ राखेर बत्ती बालेर बिदाइ गर्दछन् ।

२.४ **पास्नी (भात खुवाइ)** :

दुरा जातिमा छोराको ६ महिनामा र छोरीको ५ महिनामा भात खुवाने चलन छ । गुरुपुरोहितले उचित दिन ठम्याउँछन् । भात खुवाइमा मावली पक्षको उपस्थिति अनिवार्य रहन्छ । साथै अन्य इष्टमित्रहरुलाई पनि बोलाइन्छ । भात खुवाउने निर्धारित समयमा पुरोहितको सल्लाहबमोजिम शुक्र ग्रहलाई देब्रे अथवा पछाडि र चन्द्रमालाई दाहिने अथवा अगाडि पारेर बच्चालाई बसाल्नुपर्दछ । त्यसपछि सुन घोटेको चाँदीको डबल (सिक्का) र भद्राई चराको चुच्चाले तीन वटी कन्याले क्रमशः सुरुमा भात खुवाउँछन् । त्यसपछि आमाबुवा, बन्धुहरु र मावली लगायतका इष्टमित्रहरुले सोही क्रमले बच्चालाई भात खुवाउँछन् । सम्भव भएसम्म गाई वर्गको कन्याबाट पहिलो पटक भात खुवाउन लगाउने परम्परा पनि छ ।

**बालक जन्मिएपछि ११ दिनमा न्वारान हुन्छ । नाम बाह**

२.५ **क्षौरकर्म** :

यस जातिका छोराको ५ वर्ष, ७ वर्ष या ९ वर्षमा क्षौरकर्म गरिन्छ । मामाबाट क्षौर कर्म हुन्छ । मामाले भान्जाका लागि टोपी र चाँदीका बाला ल्याइदिन्छन् । १ पाथी धान, १ माना चामल, भेटी स्वरुप यथाशक्य रुपियाँ राखिन्छ । नैवेदका लागि रोटी पकाउने चलन छ । पूजासामग्री गाईको गोठमा लगिन्छ । बच्चालाई पनि उहीँ लगिन्छ । अनि बत्ती बालिन्छ । दियो,कलशको पूजा हुन्छ । त्यसपछि बच्चालाई गाईको दाम्लाले बाँधिन्छ । मामाले दूबो र पाती मुखमा चपाएर कपाल काट्छन् । यसैलाई क्षौरकर्म भनिन्छ । अनि मामाले भान्जालाई टोपी, बाला र टीका लगाइदिने चलन छ । मामाले उनकै घरबाट नैवेदका रुपमा रोटी र फलफूल ल्याएका हुन्छन् । त्यो नैवेद र सोही घरमा पकाएको रोटी समेत मामाका हातबाट भान्जालाई खान दिने चलन छ । भान्जाको तर्फबाट पनि मामालाई मानितो राख्ने चलन छ । त्यहाँ टक्र्याइराखेको चीज मामाको हुन्छ ।

दुरा समुदाय र गुरुङ समुदायमा मिल्दाजुल्दा चलन हुन्छन् । तिनीहरुले छोरो ३,५,७,९ बिजोर वर्षको हुँदा उसको क्षौर कर्म गर्दछन् । वर्गबाट हेर्दा जुर्ने व्यक्ति मामा अथवा अन्य व्यक्तिका हातबाट क्षौरकर्म गराउने चलन हुन्छ । आँगनमा गाईवस्तुलाई घाँस दिने जस्तो टाट्नो बनाएर उखु गाडी सम्बन्धित बच्चालाई त्यहीँ डोरीले बाँधिन्छ । कपाल काट्ने व्यक्तिले मुखमा दूबो राखी कपाल काट्ने चलन छ । माथि

उल्लेखित संस्कार दुरा जाति र गुरुङ जातिका उस्तै उस्तै हुन् । फरक देखिएका चलन आ-आफ्नै परम्परामा आधारित हुन् ।

२.६ **पुटपुटे** :

मावलीले भान्जाको भलाइका निम्ति मारुनी, सोरठी, कृष्णचरित्र आदि नाच नचाई गीतका माध्यमबाट आशीर्वाद दिने कार्यलाई पुटपुटे भनिन्छ । दुरा समुदायमा जेठा छोराको पुटपुटे झार्ने चलन हुन्छ । त्यसका लागि उचित दिन ठहराउनुपर्दछ । मावलीबाट सो कर्म गराइन्छ । भानिजको सुस्वास्थ्य, सुख, समृद्धि एवम् दीर्घायुका लागि यो कर्म गरिने मान्यता छ । भानिजको घरमा गाईवस्तु, बालीनाली, सुनचाँदी, हीरामोतीलगायत सबै चीजले भरिपूर्ण होस्, साथै ईश्वरले सधैँ मनोकांक्षा पूरा गरिदिऊन् र लाख वर्ष आयु होस् भन्ने शुभकामनालाई साङ्गीतिक रुपमा प्रस्तुत गर्दछन् ।

छोरो ७ वर्षदेखि १३ वर्षको हुँदा यो कर्म गरिन्छ । यस कर्मका लागि मामलीकहाँ नाच लगाएको मौकामा उहीँ लगेर गराए पनि हुन्छ । त्यसो नभए मावलीलाई पुटपुटे झार्न निम्ता दिन पनि मिल्छ । मावलीले निम्ता स्वीकृति गर्छन् । त्यसपछि भान्जाको तर्फबाट रोटी, रक्सी र नगद रु.८००।- (यो पुरानो चलन हो, समयअनुसार बढ्दैजान्छ) का साथ भान्जालाई मावलीकहाँ लगेर पुटपुटे झार्ने कर्म गरिन्छ । यदि मावली कहाँ लगिएन भने मावलीलाई आफ्नै घरमा बोलाइन्छ । उताबाट नाचगान गर्ने टोली आउँछ । आफ्ना गाउँले छरछिमेकी जम्मा हुन्छन् । पुटपुटे झार्ने कर्म पनि धर्म गुरुले जुराएर शुभ साइत ठहऱ्याएका दिनमा मात्र हुन्छ । धर्म गुरु पनि सो कार्यक्रममा साथै हुनुपर्छ । उनले सिकाएअनुसार त्यो कर्म गरिन्छ । फूल, अक्षता, रुपियाँ, नाङलामा धान र दस्तुर राख्नुपर्दछ । विधिवत् रुपमा पुटपुटे कर्म गर्दा कर्म गरिने कुमारका परिवारका सदस्यहरु पंक्तिबद्ध भएर बस्छन् । मावलीको तर्फबाट गाउँले सबैलाई टीका लगाइदिन्छन् । त्यस दिनको प्रमुख व्यक्ति त्यो कुमार भएको हुँदा पहिले उसैलाई टीका लगाइदिन्छन् । गुरुबाउ र गर्ालेले पहिले आमालाई टीका लगाई दक्षिणा दिने काम गर्छन् । त्यसपछि मावलीले टीका लगाइदिन्छन् । अनि इष्ट मित्रले क्रमैसँग टीका लगाइदिने काम गर्छन् । पुटपुटे झार्दा मुख्य रुपमा सोरठी नाचलाई महत्त्व दिइएको हुन्छ । त्यसका अतिरिक्त अन्य स्थानीय नाचगान पनि नचाइन्छ । त्यति भइसकेपछि मावलीले थाल नचाउँछन् । थाल नचाउने भनेको सिपमूलक मनोरञ्जनात्मक क्रियाकलाप हो । यस क्रियाकलापमा रित्तो थाललाई कहिले सुल्टो पारेर कहिले उल्टो पारेर तलमाथि खेलाउने तथा घुमाउने गर्दछन् । जसरी खेलाए पनि थाल फुत्कदैन । फेरि सोही थालमा केही चीज राखेर पनि नचाउने र घुमाउने गर्दछन् । सो पटक पनि थालमा भएको चीज भुइँमा खस्दैन । यसबाट एकातिर मनोरञ्जन हुन्छ भने अर्कातिर थाल नचाउने व्यक्तिको सिपको प्रदर्शन पनि हेर्न पाइन्छ । तसर्थ पुटपुटेमा थाल नचाउने कार्यलाई महत्त्वकासाथ हेरिन्छ । अनि खाजा खुवाउने काम आउँछ । मावलीको तर्फबाट आमालाई मुजेत्रो, बाबुलाई साफा, बच्चालाई टोपी र चाँदीको बालो दिन्छन् । कुमारका मावलीको टोलीबाट रोलक्रमअनुसार बच्चाको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै साफा, पगरी, नोटका फूल लगाइदिएर आशीर्वाद दिन्छन् । धर्मगुरुको तर्फबाट पनि त्यसैगरी आशीर्वाद दिने चलन हुन्छ । त्यहाँ उपस्थित सबैले कुमारलाई आशीर्वाद दिन्छन् । रातभर नाच गान, र वाद्यवादनको काम हुन्छ । सो कर्म गराएवापत मावलीलाई आफ्नै घरमा बोलाइएको अवस्था भएकोले यथाशक्य रुपियाँ दान दिए हुन्छ । खसी, राँगो काटेर ठुलो भोज दिन्छन् । मासुभात र रक्सी खुवाएर मावलीलाई सम्मान गरिन्छ । आफूहरुले पनि सोही भोज खान्छन् । पुटपुटे झारेको कुमारको गलामा रक्षासूत्र (धागो) लगाइदिन्छन् ।

गाउँका युवायुवतीहरु पनि त्यहाँ जुट्छन् । तिनीहरुबाट पनि कुमारलाई यथाशक्य रुपियाँ दिने परम्परा छ । गाउँका गुरुबाउ, रोदीघर आमा, मुखिया, इष्टमित्र सबैले बेग्लाबेग्लै रूपले रुपियाँ दिन्छन् । त्यहाँको नगद तथा मामलीले दिएका साफा पगरी समेत सबै कुमारका हुन्छन् । कुमारका घरतर्फबाट गुरुबाउलाई साफा र नोटका फूल लगाइदिने चलन छ । नाचगान सकेर मावली पक्षका सबैजना विदा हुन्छन् । पछि घाटुनाच नचाउँदा मावली पक्षबाट खोई (भोज) खाँदा रुपियाँ चढाउने जति भान्जा पक्षका सबैलाई निम्ता गर्छन् । पुटपुटेमा विवाहमा भन्दा पनि ठुलो हाँचो हुन्छ । यो कर्म जेठा छोराको मात्र गरिन्छ । अरुको गरिदैन । एकमात्र छोरो भएपनि पुटपुटे झारिन्छ ।



छोराको पुटपुटे झार्दा सोरठी नाचको एक झलक

२.७ **गुन्युचोली दिनेः**

दुरा जातिमा छोरी ३ वर्षदेखि ११ वर्षकी हुँदासम्ममा विजोर वर्ष पारेर गुन्यु चोलो दिने परम्परा छ । छोरीको मासिक धर्म सुरु नहुँदै यो कर्म गरिन्छ । यस अघि लगाएको कपडा गन्जी, फ्रक जे हुन्छ त्यसलाई फेरबदल गराइन्छ । अनि नयाँ गुन्यु र चोलो लगाउन दिने चलन छ । यसलाई कर्म चलाउने पनि भनिन्छ । जुनसुकै छोरीको पनि गुन्युचोली दिने कर्म यस्तै हुन्छ ।



पुटपुटे भारिएको छोरो र गुन्युचोली दिइएकी छोरी तत्कालको अवस्थामा



पुटपुटे भार्ने र गुन्युचोली दिने कार्यक्रममा सहभागी भएको दुरा आमा समूह

२.८ **विवाह :**

दुरा जातिमा युवायुवतीको विवाह गर्ने सन्दर्भमा सबैभन्दा पहिले वर्गचक्र हेर्ने चलन छ । यो वर्गचक्र तिब्बती वर्षमा भरपर्दछ । वर्ग १२ वटा हुन्छन् । ती यस प्रकार छन्- १. मुसा २. गाई ३. बाघ ४. बिरालो ५. गरुड ६. नाग ७. घोडा ८. भेडा ९. बानर १०. चरा ११. कुकुर १२. बनेला । मृग । मानिसको उमेर गणना गर्दा पनि यसैलाई आधार मानिन्छ । एक वर्गको अवधि एक वर्षको हुन्छ । तसर्थ वर्गचक्र पूरा हुन १२ वर्ष लाग्छ । बाह्र वर्ष पछि वर्गचक्र दोहोरिन्छ । प्रत्येक वर्ष पुस १५ गतेदेखि नयाँ वर्ग सुरु हुन्छ । यसलाई ल्होसार भन्छन् । विवाह गर्नुभन्दा पहिले थर, गोत्रलाई पनि आधार मानिन्छ । तल लेखिएका थर गोत्रको आधारमा विवाहको कार्यक्रम अगाडि बढाइन्छ ।

| क्र.सं. | जाति/थर | गोत्र |
|---|---|---|
| १. | पाचे | आत्रेय |
| २. | दोर्दे | कौशिला |
| ३. | धिङ्गाल | कौशिला |
| ४. | पुइँ | श्रीधुम |
| ५. | क्याउसा | कश्यप |

तालिका नं. १

दुरा समाजमा विवाह गर्दा गोत्रलाई होइन थरलाई मान्यता दिइन्छ । जातिगत रूपबाट क्याउसा र पुइँ भाइखलक हुन् । दोर्दे, धिङ्गाल र पाचे भाइखलक हुन् । पुइँ र क्याउसासँग धिङ्गाल दोर्दे र पाचेको एकआपसमा लेनदेन मिल्छ । अर्को तर्फबाट हेर्दा दुरा समाजमा तीन किसिमका विवाह संस्कार भएको पाइन्छ । ती हुन् मागी विवाह, चोरी विवाह र प्रेम विवाह । आजकाल प्रायः चोरी विवाह हुँदैन (दुरा जातिको संस्कृति पृ ९) । छोराको विवाह गर्ने सन्दर्भमा दुई जनालाई कलिया (लमी) बनाएर केटी माग्न पठाइन्छ । केटीका पक्षबाट आमाबाबुको छोरी दिने मनसाय पछि अर्को कुनै दिन साइपाटा लगाउन जाने व्यवस्था मिलाइन्छ । तिनै कलिया दुई जना दुलहीको घरमा जान्छन् । त्यसै दिन विवाहको तिथि मिति तोकिन्छ । विवाहमा ल्याउने सामग्रीबारे त्यसै दिन सल्लाह हुन्छ ।

२.८.१ **साइपाटा :**

विवाह छिन्ने दिनलाई "वाक्दन्त" बोल्ने दिन पनि भनिन्छ । त्यस दिन दुलहा पक्षबाट दुलहीकहाँ लगिने सामग्रीलाई साइपाटा (माङ्गलिक द्रव्य) भनिन्छ । निम्नानुसारका सामग्री त्यहाँ लगिएको हुन्छ ।

दुलहा पक्षबाट ८/१० वटा धाप्रे (ढोसा रोटी) पेरुङ्गामा राखेर लगिएको हुन्छ । एउटा नयाँ ठेकीमा दही, एउटा पोथी कुखुरो, एक पुङ रक्सी, चाँदीको डबल, सालको पात, रायोको साग र सिन्का पनि साथै लगिएको हुन्छ । यति सामग्री दुलहीको घरमा जम्मा पारिन्छ । दैलामा गाईको गोबरले पोतेर ठाउँ शुद्ध गरी दीप कलश पूजा गरेर वाक्दन्त बोलिन्छ । केटीका घरको दैलाको भित्रपट्टि केटीको बाबु र बाहिरपट्टि केटाको बाबु बस्छन् । केटाका बाबुले आफूले ल्याएको सामग्री केटीका बाबुलाई बुझाइदिन्छन् । केटीका बाबुले पनि ती सामान आफ्ना हातमा लिन्छन् । केटीको बाबुले केटाको बाबुसँगः *"मेरी छोरी...तपाइँको छोरो...लाई दिएँ, शुभ लग्न ठहऱ्याई लिन आउनुहोला"* भनेर वाक्दन्त बोल्छन् । ती सबै सामग्री भित्र लगेर राखिन्छ । ठेकीको दही

र पुङको रक्सी थोरै थोरै झिकेर फैंसोमा चढाउने परम्परा छ। फैंसो भनेको चोखो ठाउँ, पवित्र चौकी, पूजा गर्ने ठाउँ हो।



विवाहमा साइपाटा गर्दा जुटाइएका सामग्री

२.८.२ **मागी विवाह :**

मागी विवाह भनेको कलियाले मागेर आमाबाबुले खुसीसाथ गरिदिने विवाह हो। यसमा वर्ग मिलाएर विवाह गरिन्छ। वर्ग १२ वटा हुन्छन्। ती यस प्रकार छन्ः १. मुसा २. गाई ३. बाघ ४. बिरालो ५. गरुड ६. नाग ७. घोडा ८. भेडा ९. बानर १०. चरा ११. कुकुर १२. वनेल। मानिसको उमेर गणना गर्दा पनि बर्गबाट नै गरिन्छ। पुस महिनाको १५ गतेदेखि वर्ग फेरिन्छ। यो बर्गचक्र तिब्बती पार्खमा भर पर्दछ। शत्रु बर्ग नपारी केटा र केटी बिच विवाह गरिन्छ। केटा पक्षबाट केटीका आमा बाबुले सल्लाह दिएअनुसारका सामग्री ल्याइन्छन्। गहना र कपडा यसै ल्याउँछन्। दुलहीका घरका भाइको लागि, मावलीका लागि, दुलहीका लागि, मुखियाका लागि, रक्सियाँका लागि धाप्रे (ढोसारोटी) ल्याउनुपर्छ। धाप्रेका साथमा रक्सी पनि ल्याउने चलन छ। ती सामान सम्बन्धित व्यक्तिहरुलाई बुझाइन्छ। ती ढोसा उनै उनैले उपभोग गर्छन्। दुलहाको घरबाट जन्तीका साथमा जाँड ल्याउने चलन पनि छ। त्यसलाई अमाखु (आमाखु)को जाँड भनिन्छ। त्यो जाँड सगुनका रुपमा ल्याइएको हुन्छ। पहिले पहिले विवाहको खजाना निकै ठुलो हुन्थ्यो। आजकाल भने विवाहको खजानालाई घटाएर दुवै पक्षको समझदारीमा खर्चको आकार सानो बनाउन थालिएको छ।

दुरा जातिको विवाहमा जगिया लगाइँदैन। आवश्यक सामग्री तयार पारिसकेपछि दुलहा अन्माइन्छ। दुलहाका साथ जन्ती अघि पछि लागेर दुलहीका घरतर्फ जान्छन्। जन्ती दुलहीको घर पुग्ने बेलामा घरपट्टिका चेलीबेटी गोदरगानो, केराका गाना र रङ लिएर तयारी अवस्थामा बसेका हुन्छन्। जन्ती दुलहीका घर नजिकै पुगेपछि अघि तयार गरिराखेका सामग्रीको वर्षा गराउँछन्। जन्ती रङ्गीविरङ्गी हुन्छन्। दुलहालाई ती चीजले नलागोस्, कपडा पनि नरङ्गिऊन् भन्ने हेतुले बीच बाटामा सासुदिदीले दुलहालाई कम्बल ओडाइदिन्छिन्। तसर्थ दुलहालाई केही असर पर्दैन। त्यतिखेर रमाइलो पनि हुन्छ। मनोरञ्जनका लागि नै त्यो काम गरिएको हो। दुलहीको घर नजिकै पुगेर जन्ती उभिन्छन्।

घरपट्टिका तर्फबाट त्यहाँ पाँच वटा चिराख बालिन्छ। त्यसपछि जन्ती पर्सिने काम हुन्छ। त्यसै ठाउँमा गाईको गोबरले लिपिन्छ। दुलहालाई सोही ठाउँमा उभ्याइन्छ। रोटीसहितको पेरुङ्गो र रक्सीसहितको भाँडो उखुको टुप्पामा झुन्ड्याई दुलहीको भानिजदाइ उभिएका हुन्छन्। दुलहीका बाबु करुवामा पानी लिएर त्यसै ठाउँमा तयार भइराखेका हुन्छन्। ती दुवै जनाले ३ पटक दुलहाको परिक्रमा गर्छन्। अनि दुलहीको बाबुले पानीको धारो लगाउँछन्। भान्जाले पनि हातमा लिएको सामग्री घुमाउँछन्। त्यसलाई भार नचाउने भनिन्छ। दुलहीको बाबुले जुवाइँलाई लगाइन्छ। अनि घरभित्र विवाहको कर्म गरिन्छ। दुध, दही,अदुवा र रक्सी नैवेद्यका रुपमा थोरै थोरै राखिन्छ। त्यसै बेला पितृ जुधाउने र गोत्र पढाउने काम हुन्छ। विवाहकै सन्दर्भमा दुलहीको बाबुले दुलहा तर्फ फर्केर *"मेरी...नामकी छोरी तपाईंलाई शिर पाउ धोई सुम्पिएँ, मारे पाप पाले पुण्य हुने गरी दिएँ"* भन्छन्। त्यसपछि दुलहाले पनि *"पाल्छु पाल्छु"* भन्छन्।

यतिन्जेलसम्म दुलहीले माइत तर्फकै कपडा लगाएकी हुन्छिन्। अब दुलहाले ल्याएका गहना र कपडा पहिराइन्छ। अनि सिँदुर हाल्ने काम हुन्छ। सिँदुर हाल्दा माइती पक्षले हेर्दैनन्। यति गरिसकेपछि विवाहको कर्म सकिन्छ। अन्माइन्छ। जन्ती दुलही लिएर फिर्ता हुन्छन्।

दुलहाका घरमा गाउँ घरका महिला जुटेर रत्यौली खेलेका हुन्छन्। दुलही लिएर जन्ती घर आउँछन्। त्यतिबेला जन्ती पर्सिने काम हुन्छ। दुलही भित्र्याउँदा ५ वटा अथवा ७ वटा धानका थुप्रामा पिठो राखी बत्ती बालिन्छ। दुलहाका दिदीबहिनी अघि सरेर दुलहीको बाटो छेक्छन्। बाटो खुलाउनका लागि दस्तुर बुझाउनुपर्दछ। अनि बल्ल प्रवेश गर्नुपर्छ।

**घरभित्र दुलहीको मुख हेर्ने काम सुरु हुन्छ। दुलहीलाई टीका लगाउँदै रुपियाँ दिने काम हुन्छ। महिलाहरु त्यसैमा भुलेका हुछन्। दुलही भित्र्याइसकेपछि छोरामान्छेहरु भेला भएर नव दम्पत्तिको भाग्यरेखा हेर्ने चलन छ। त्यसका लागि ढोकामा कुखुरो काटेर आँगनमा फ्याँकिन्छ। कुखुराको दाहिने भाग माथि उठ्यो भने दुलहा शक्तिशाली हुन्छ र देब्रे भाग माथि उठेमा दुलही शक्तिशाली हुन्छे भन्ने कुराको परीक्षण हुन्छ भन्ने विस्वास लिन्छन्। कुखुराको बाहिरी शरीरको**

**परीक्षण गरिसकी पेटभित्र कलेजो हेर्ने चलन हुन्छ । यसलाई चिङ हेने (चियाँ हेर्ने) भनिन्छ ।** *"कुखुराको चिङ (कलेजो) तन्दुरुस्त भएमा नव दम्पत्तिको भाग्यरेखा अत्यन्त राम्रो हुन्छ भनिन्छ । कलेजाको टुप्पो लुलो भएर लत्र्यो भने दाहिनेतर्फ लत्रेमा दुलहाको भाग्य कमजोर हुनाले घरवार हुन कठिन हुन्छ भन्ने विश्वास छ । त्यसैगरी देब्रेतर्फ लत्रेको भएमा दुलहीको भाग्य कमजोर हुनाले घरवार हुन कठिन हुन्छ भन्ने कुरामा पनि विश्वास राख्छन् । दुलही पोइलाजान सक्ने सम्भावनाको कुरा पनि यसैमा जोडिएको हुन्छ"***(स्रोतः दुराभाषाको व्याकरणात्मक स्वरुप)** ।

विवाहमा बाजा (पञ्चेबाजा) बजाउने कुरा रमाइलाका लागि मात्र हो । तसर्थ विवाहमा बाजा हुन पनि सक्छ र नहुन पनि सक्छ।

**२.८.३ प्रेम विवाह :**

दुरा समाजमा प्रेम विवाहको प्रचलन पनि पाइन्छ । विद्यालयमा तथा क्याम्पसमा पठन पाठन गर्दा, रोदीघरमा हास खेल गर्दा, हाटबजार जाँदा, चाडपर्वमा भेटघाट हुँदा, मेलापात जाँदा एक आपसमा माया प्रीति बसी गरिने विवाह नै प्रेम विवाह हो । यसरी विवाह गर्दा निश्चित ठाउँमा केटाले केटीलाई भेट गरी आफ्नो घरमा ल्याउँछ । त्यस्ती कन्या कुटुम्बकी छोरी हुनुपर्छ । यसमा केटीको पनि पूर्ण रुपले मन्जुर भएको हुन्छ । त्यो कुरा आमाबाबुले स्वीकार गरी घरमा भित्र्याउँछन् । सो कुरा थाहा पाएपछि गाउँको आमा समूह भेला भएर रत्यौली खेल्ने चलन पनि छ । त्यसपछि अन्य कुनै दिनमा रत्यौली टोली, भाइखलक छरछिमेकी र अन्य इष्टमित्रलाई बोलाएर भोज खुवाउने चलन छ । आजकाल जुनसुकै विवाह गरिएको भए पनि दुलही भित्र्याएपछि बिहेघरमा गाउँघरका आमासमूह जुटेर रातभर नाचगान गरी रुपैयाँ सङ्कलन गरेर कोषमा जम्मा गर्ने

नोटः विवाह नहुने महिना साउन भदौ, असोज, कार्तिक, पुष र चैत्र हुन् ।

दुरा जातिको विवाहमा देखिएको परम्पराः

विवाहमा दुलहीको गोडा धुँदा कुटुम्बले पानी दिनुपर्दछ।

**उदाहरणः**

पुइँकी छोरी दुलही छ भने बाबुले उसका गोडा धुँदा धिङ्गाल कलिया (मामा थरको)

ले पानी हालिदिनु पर्दछ । धिङ्गालले गोडा धुँदा पुइँ थरको कलियाले पानी हालिदिनुपर्दछ । अन्य थरमा पनि सोही क्रमले पानी दिने परम्परा छ ।

**लगनको पात टिप्न जाँदाः**

विवाहमा लगनको पात टिप्न भनी कुटुम्ब खालका दुई जना कन्याकेटी जान्छन् । दुई वटा सालका पोथ्रा जोडेर चन्दन, अक्षता, फूलपाती चढाएर पूजा गर्छन् । भेट्नासमेत लाछेर ७ वटा पात टिप्नु पर्दछ । त्यसलाई लगनको पात भन्दछन् । त्यसपछि अरु धेरै जनाले पात टिप्न मिल्दछ । पात लिएर विवाहघरमा आए पछि त्यस घरका आमाहरुले पातैसमेत उभिएको अवस्थाम उनीहरुलाई अक्षताले पर्सिन्छन् । त्यसपछि मात्र पात घरभित्र लगिन्छ (घिमिरे) ।

**सम्बन्ध विच्छेद :**

विवाह भइसकेपछि केटाकेटीका बिचमा अनमेल भयो भने सम्बन्ध विच्छेद गर्न सकिने चलन पनि छ । केटीबाट छोडपत्र गर्ने चाहना भएमा रु ३००।- र केटाबाट छोडपत्र गर्न चाहेमा रु.५००।- त्यसको औपचारिकता पूरा गर्नु पर्दछ । सो कार्यक्रममा गाउँका भद्रभलाद्मी र दुवै तर्फका प्रतिनिधि जुटाई छोडपत्र (पारपाचुके) गरेको कुरा सार्वजनिक गराइन्छ । त्यसपछि ती दुईजना दाजु र बहिनी सरह हुन्छन् । एक आपसमा सम्बन्ध केही पनि हुँदैन । यो पुरानो चलन हो । आजकल कानुनी रुपमा परिवर्तन भयो । पारपाचुके नगरिएकी दुलही सम्बन्धित दुलहालाई छोडी अर्कोसँग पोइल गएमा जसले लगेको हो उसले अघिल्लो श्रीमान्लाई समाजमा प्रचलित नियम बमोजिमको जारी १२ बिस रुपैयाँ र उसको धनमाल बुझाउनु पर्दछ । अघिल्लो लोग्नेलाई साधु र पछिल्लो लोग्नेलाई जार भन्ने चलन छ (दुरा भाषाको व्याकरणात्मक स्वरुप) । जारी तिर्ने कुरा समय अनुकूल बृद्धि हुनसक्छ । आजकल केटी पोइल गएर जारीको प्रसङ्ग ल्याउनुभन्दा एक आपसमा केटा र केटी बिच कानुनी रूपमा सम्बन्ध विच्छेदको प्रचलन आएको छ ।

**२.८.४ मृत्यु**

दुरा जातिको कुनै व्यक्तिको मृत्यु भएपछि सबभन्दा पहिले धर्मगुरुलाई  बोलाएर ल्याइन्छ । उनैको निर्देशनअनुसार कर्म गर्ने चलन छ । पहिले निम्न खालका सामग्री तयार गरिन्छ । १०८ पालामा बत्ती राखेर ती पालालाई लहरै मिलाइन्छ ।

पालाका आडमा एउटा कलश राखिएको हुन्छ । कलशको मुखमा फूल राखिएको हुन्छ । कलशको आडमा मेन्डल राखिन्छ । मेन्डल भनेको भगवान् बुद्धको प्रतीक हो । ती सामानको नजिकै गिलासको चामलमाथि धातुको साधनमा फुर्वा राखिन्छ । पुर्वा भनेको ध्वजा हो । त्यस्तो ध्वजा पाँच रङ्गको हुन्छ । त्यसलाई धत्तर भनिन्छ । त्यसलाई शान्तिको प्रतीक मानिन्छ । पाँच रङको ध्वजाको सबैभन्दा तल पहेलो रङ हुन्छ । त्यो भनेको भूमण्डलको प्रतीक हो । त्यो भन्दा माथि हरियो रङ हुन्छ । त्यो जलमण्डलको प्रतीक हो । माझमा रातो

रङ हुन्छ । त्यो भनेको सौर्यमण्डलको प्रतीक हो । त्योभन्दा माथि सेतो रङ हुन्छ। त्यसलाई वायु मण्डलको प्रतीक मानिन्छ। सबैभन्दा माथि निलो रङ हुन्छ। त्यसलाई आकास मण्डलको प्रतीक मानिन्छ । यसरी संसारको संरचना, प्राणीको संरचना भएका चीज पञ्चतत्व (पृथ्वी, जल, तेज, वायु र आकाश) को प्रतीकका रुपमा पाँच रङको ध्वजालाई मान्यता दिइएको शास्त्रीय प्रमाण छ। यस ध्वजालाई "लुङ्दो" भनिन्छ। अनेकौं नैवेद्य, बत्ती, फूल पानी आदि सामान पनि राखिएका हुन्छन्। ती सामान उही मृतकका लागि भनेर राखिएका हुन्छन्। त्यहाँ बुद्धका दुई वटा मूर्ति राखिएका हुन्छन्। भगवान बुद्धका विभिन्न अवतारको सङ्केत हो। मृतक बुद्धमा गएर मिलोस् भन्ने त्यसको आशय हो। त्यहाँ कर्म गराउने लामा गुरुपुरोहित हुन्छन्।

लामाले किताब पढ्छन् । त्यहाँ रहने सहयोगीहरुले झ्याली तथा ढ्याङ्ग्रो बजाउँछन् । मरेको मानिसको टाउकोमा मावलीले पिउरी, लुगा, धागो, एकमाना चामल, पैसा राखेपछिमात्र घरबाट लास चलाइन्छ (अधिकारीः २०४२, पृ.१०) अघि अघि सेतो ध्वजा र पछि लास लिएर च्यान्डाँडामा लैजान्छन्। उहीँ नै मृतकको अन्त्येष्टि गरिन्छ।

जो कोही व्यक्तिको स्वर्गारोहण भएपछि कसैले लगत्तै अर्घौ थाल्छन् भने कसैले पछि अर्घौं गर्छन्।



अर्घौं गर्ने तयारीमा सामग्री जुटाउँदै धर्मगुरु (लामाहरु) को समूह

अर्घौं थालिएको छैन भने कपाल काटेर तीन दिनसम्म चोखोनितो गरेर छोराहरु एकान्तबासका रूपमा बस्छन्। छोरी तथा बुहारीहरु पनि चोखोनितो गरेर बस्छन् । तत्काल अर्घौं थालेको खण्डमा अर्घौंकै प्रक्रियामा जान्छन्। अर्घौं गर्ने भनेको पितृलाई स्वर्ग तार्ने कार्य हो । धर्मगुरुबाट यो कर्म गराइन्छ। अर्घौं गर्न तिन दिनको समय लाग्दछ। तत्काल अर्घौं गरे पनि हुन्छ र पछि अनुकूल मिलाएर गर्दा पनि हुन्छ।



अर्घौं गर्दा लामा नाचेको एक दृश्य

**सन्दर्भ सामग्रीः**


१. अधिकारी, ऋषिकान्तः २०४२, ऋषिकान्त अधिकारी

२. गुरुङ, गणेशमानः २०४१, दुरा जातिको सामाजिक अध्ययन, लमजुङ,सुरेशबहादुर शाही तथा दुरा परिवार

३. घिमिरे, मुक्तिनाथः (२०४९), दुराभाषाको व्याकरणात्मक स्वरुप, शोधपत्र त्रि.वि.वि. कीर्तिपुर

४. घिमिरे, मुक्तिनाथ (२०७५), नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन, नेपाल संसकृत वि.वि., राष्ट्रिय सांसकृतिक अध्ययन केन्द्र, काठमाडौं

५. घिमिरे, मुक्तिनाथ (२०८०), लमजुङे ठाडोभाका, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, काठमाडौं

६. थापा, धर्मराजः (२०४१), लोकसंस्कृतिको घेरामा लमजुङ, सा.प्र. ललितपुर

७. दुरा, गोकुलप्रसाद (२०५६), दुरा जातिको परिचय, गोकुलप्रसाद दुरा, काठमाडौं

८. दुरा सेवा समाजः (२०५०), दुरा जातिको भाषा, परम्परा र संस्कृति, दुरा सेवा समाज, काठमाडौं

९. २०७१ः दुरा स्मारिका, दुरा सेवा समाज, काठमाडौं

१०. प्रज्ञा नेपाली शब्दकोश ( ), नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं

११. मेचीदेखि महाकाली (२०३१), भागः ३, पश्चिमाञ्चल विकास क्षेत्र, सूचना विभाग, काठमाडौं

**हिन्दीतर्फ**

१. मिश्र, ज्वालाप्रसादः (सं.१९८३), जाति भास्कर, बेङ्कटेश्वर स्टीम मुद्रणालय, बम्बई

**अङ्ग्रेजीतर्फः**

Census: (2011), तथ्याङ्क विभाग, थापाथली, काठमाडौं।

# दलित आन्दोलनप्रति चितवनको धर्ती

✍ मा. रणेन्द्र बराली
*प्रतिनिधि सभा सदस्य*



**पृष्ठभूमिः**

२०१७ सालमा प्रजातान्त्रिक सरकार कु गरी राजा महेन्द्रले २०१९ पुस १ गते जारी गरेको नेपालको संविधानले निर्दिष्ट गरेअनुसार 'भाग ३ "मौलिक हक" अन्तर्गत धारा ११ समानताको हक (१) मा कानुनको दृष्टिमा सबै नागरिक समान हुने छन् र (३) मा कुनै पनि नागरिकबिच धर्म, जात, जाति लिङ्गको आधारमा भेदभाव गर्न पाइने छैन, कुनै पनि व्यक्तिलाई छुवाछुतको आधारमा सार्वजनिक स्थानमा भेदभाव गरिने छैन, सार्वजनिक उपभोगका कुराहरूमा वञ्चित गरिने छैन भन्ने उल्लेख भएको थियो। यसलाई २०२० साल भाद्र १ गते लागु हुने गरी मुलुकी ऐनसम्म बन्यो। तर किन अहिलेसम्म यो कुरा लागु हुन सकेन र जसका लागि यो कानुन बनेको हो; आम नेपाली दलितलाई यो कुरा जानकारीसम्म नहुनुको कारण बुझ्न जरुरी छ। भन्दै- '**संविधानलाई व्यवहारमा लागु गर**' भन्ने नारा अघि सारेर नेपालका दलितहरूले देशव्यापी रूपमा साङ्गठनिक सङ्घर्ष थालनि गरेका थिए।

हुन त नेपालको दलित आन्दोलनमा प्रथम संगठित सङ्घर्ष गर्ने योध्दा बाग्लुङका भगत सर्वजित विश्वकर्मा हुन। उनीको नेतृत्वमा विश्व सर्वजन सङ्घ २००३ घोषणा भयो। पूर्वमा धरानबाट जदुवीर विश्वकर्माहरूले २००४ सालमा समाज सुधार सङ्घ गठन गरे। बन्दीपुरबाट चन्द्रलाल विश्वकर्माले नेपाल हरिजन सङ्घ गठन गरे र काठमाडौँमा सहर्षनाथ कपालीको नेतृत्वमा गठनभएको जाततोड मण्डल २००७ हुँदै नेपाल परिवणित सङ्घ २०१२ गठन गरेका थिए। यिनै देशभरि छरिएका सङ्गठनलाई एकीकृत गरी २०२४ साल जेष्ठ २७ गते काठमाडौँको टुँडिखेलमा भएको एक समारोहका बिच सहर्ष नाथ कपालीको नेतृत्वमा नेपाल राष्ट्रिय दलित जन विकास परिषद् गठन भएको थियो। त्यस सङ्गठनको महामन्त्री हीरालाल विश्वकर्मा र चितवनबाट केन्द्रीय प्रचार सचिव रूपलाल विश्वकर्मा र केन्द्रीय सदस्य गंगाबहादुर परियार चुनिनुभएको थियो। उहाँहरूको सक्रियतामा चितवनको शारदानगरमा जिल्ला भेला गरी २०२४ सालकै फागुन १६ गते नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को पहिलो जिल्ला सङ्गठन गठन भयो। जसको अध्यक्षमा लेप्टन लालबहादुर परियार, उपाध्यक्ष मकान सिंह विश्वकर्मा, सचिव प्रेमकुमार विश्वकर्मा, कोषाध्यक्षमा खड्कबहादुर विश्वकर्माका साथै पूर्वी चितवन पश्चिमी चितवन र माडी चितवन समेतबाट प्रतिनिधित्व हुने गरी अन्य सदस्यहरू चयन गरिएको थियो। त्यतिबेलाका चितवन जिल्लामा सक्रिय दलित नेतृत्वहरूमा अमरबहादुर विश्वकर्मा पूर्वी चितवन, भक्तबहादुर परियार नारायणगढ, खड्कबहादुर विश्वकर्मा नारायणगढ, खड्कलाल विश्वकर्मा नारायणगढ, अम्बिका परियार मङ्गलपुर, धनबहादुर विश्वकर्मा शिवनगर, पूर्णलाल विश्वकर्मा शिवनगर, पहल सिंह विश्वकर्मा जगतपुर, कुबेर सार्की चनौली, बुध्दिबहादुर विश्कर्मा दिब्यनगर, बलबहादुर परियार मेघौली, शक्तिराम विश्वकर्मा माडी लगायत हुनुहुन्थ्यो।

**दलित आन्दोलनको सूत्रपातः**

नेपाली समाजमा भएका जातीय छुवाछुत तथा विभेद विरुद्धको आन्दोलनमा चितवन जिल्लाको अत्यन्तै ठुलो भूमिका रहेको छ। रूपलाल विश्वकर्मा औपचारिक रूपमा नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को केन्द्रीय प्रचार सचिव देखिए तापनि आन्तरिक रूपमा नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय जिम्मेवार नेतृत्व बनिसक्नुभएको थियो। त्यसैले रूपलाल विश्वकर्माकै योजना र समितिको सक्रियतामा छुवाछुत तथा जातीय विभेद विरुद्धको सङ्घर्षहरू सञ्चालन गर्ने योजना बन्यो। होटल, पसल, मन्दिर, स्कुल, अस्पताल, पानीका धारा कुवा इनार, तथा चाड पर्व विवाह, मृत्यु, कर्मकाण्ड आदिमा जातीयताको कारण हुने भेदभावको

विरुद्ध डटेर सङ्घर्ष गर्ने कार्यको थालनी भयो। प्रथम त चिया पसलहरू त्यसका निशानामा परे। औंसी र पूर्णिमाका दिनमा किसानहरूको हलो कोदालो नचल्ने भएको हुनाले त्यो दिन भेला गरेर प्रत्येक एक ठाउँमा जातीय विभेदको विरुद्ध आन्दोलन गर्ने कार्यक्रम बन्यो। दलित समुदायका जमात हातमा मुलुकी ऐन लिएर होटल पसलमा चिया पिएपछि भाडा नमाज्ने भन्दै डुक्रिन थाले। धेरै ठाउँमा मुठभेड भयो। कतिका होटल पसलहरू भत्किए। कति ठाउँमा चियाको गिलास फोराफोर र हात हालाहाल कुटाकुट पनि भए। कुनै घटनामा मुद्दा चलाएर पुनरावेदनसम्म पुग्ने काम पनि भयो।

**केही नमुना आन्दोलनहरू:**

**रौतेनी खोला रगतले राताम्मेः**

केन्द्रीय सदस्य गंगाबहादुर परियारको अगुवाइमा शक्तिराम विश्वकर्माको नेतृत्वमा २०२५ सालको सुरूमा नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को माडी शाखा गठन भएको थियो। होटल, पसल इनारलगायत जुनसुकै ठाउँमा पनि जातीय विभेद भएमा सशक्त सङ्घर्ष गर्ने निर्णय त्यो समितिले गर्यो। बराबरी पैसा तिरेर होटलमा चिया खाजा खाएपछि दलितले मात्र किन भाँडा माज्नुपर्ने? अब ज्यानको बाजी लगाएर कानुनी सङ्घर्ष गरिन्छ, विभेद सहन सकिन्छ भन्ने वथबाजी भएको थियो। त्यसको केही दिनपछि माडीको वर्मपुरबाट खर्कट्टामा एकजना विश्वकर्माको विवाहको बरियाँत गएको थियो। जन्तीले खर्कट्टा बजारमा चिया खाजा खाएपछि भाँडा माझ्न इन्कार गरेर गएका थिए। ठुलो भीडको अगाडि चिया पसले केही बोल्न सकेनन्। जब एक कान दुई कान मैदान हुँदै कामीका जन्तीले खाजा खाएर भाँडा नमाजी गए भन्ने हल्ला व्याप्त भयो। फर्किएका जन्तीलाई ठिक पार्ने भनी गाउँले जमातले लाठी र घोँजा लिएर बसेका रहेछन्। साँझपख सेता फेता बाँधेका बेउलालाई घोडा चढाएर ब्याउलीलाई डोलीमा चढार नाच्दै फर्केका जन्ती जब देखिए तब जन्ती र दुलहा दुलैलाई समेत घोडाबाट थुत्दै पछार्दै भोचाले चुट्न थाले। सबै जन्तीको टाउकामा लाठी वर्षन थाले। अचानक परेको कुटाइबाट घाइते भएका जन्तीहरू मध्ये शक्तिराम विश्वकर्मा र खड्गलाल विश्वकर्मा दुई भाइलगायतका केही जोदाहाहरूले नजिकै रहेको काठ चिरानी मिलभित्र पसी हातमा तरबार जस्तो बाकल समातेर प्रतिआक्रमण गर्न थाले। घाइते बाघजस्ता भएका शूरवीरहरू रणभूमिमा यसरी उत्रिएकी खोरियाको पोथ्रा फाँडेजसरी एकचोटी हान्दा एक मान्छे ढाल्ने गरी अगाडि परेका सबैलाई सोत्र्यान पारे। खर्कट्टाको सानो बजार कुरुक्षेत्र बन्यो। सारा भागाभाग भए। नजिकैको रौतेनी खोला रगतले राताम्मे बन्यो। कसैको ज्यानको खति नभए पनि जन्तीका प्रत्याक्रमणले मरणासन्न भएका गाउँलेले उजुरबाजुर गरे। पञ्चायती सरकारको धरपकडले दलितका पुरै बस्तीमा हाहाकार मिच्च्यो। त्यस काण्डमा भएका धरपकड र मुद्दा मामेलामा रुपलाल विश्वकर्मा र गंगाबहादुर परिवारले जिम्मा लिएर लामो समयपछि समाधान भयो।

**दलित सङ्घर्षमा पहिलो प्राणाहुति दिने रजमान परियारः**

चितवनको चनौलीमा पनि २०२५ सालमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को पश्चिम चितवन क्षेत्रीय समति गठन भएको थियो। उक्त समितिको अध्यक्षमा २१ वर्षे युवा **रजमान** (विन्जे) **परियार** र सचिवमा १७ बर्से रणेन्द्र बराली चुनिए। जो कोही दलित जनताप्रति जातीयताको आधारमा छुतभेद र पक्षपातपूर्ण व्यवहार भएमा सिङ्गो चितवनबासी दलितहरू कालो अरिँङ्गालको गोलो खनिए जसरी जाइलाग्ने नीति तत्कालीन दलित परिषद्ले लिएको थियो। उक्त उद्घोष रजमानको भित्रीआत्मा र सामाजिक समस्यासँग मेल खाएको हुँदा उनलाई औधी घत लाग्यो। उनले आन्दोलनको नेतृत्व गर्ने प्रण गरे।

२०२५ साल जेठको महिना थियो। रजमान सङ्गठित भएको करिबएक महिनापछि आफ्नो सिलाइ दोकान छेउको चिया पसलमा केही साथीहरूका साथमा चिया खाजा खानको लागि प्रवेश गरे। "सधैँ बाहिर बसेर चिया माग्ने बिन्जे दमाई आज भित्रै पसेर कड्केर कुरा गर्छ? निको चाल छैन" भन्ने सौँचेर दोकानदारले भन्यो "दुध सकियो चिया छैन।"

बिन्जेको टोली "हामीलाई फिक्का चिया र तरकारी भए पनि दिनु पर्‍यो, पैसा तिरेपछि होटलमा भोक मार्न पाउन पर्‍यो नि ?" भन्दै अघि सरे। साहुले दलितहरूको सङ्घर्षका कुरा घोइरोघोइरो सुनेका हुनाले छनक बुझेर आलटाल गर्दै भन्यो "यहाँ बाजे बराजु बस्ने

ठाउँमा बस्ने होइन, बाहिर बस अनि मात्र दिन्छु।”

विन्जे पनि कड्केर बोले “हामी न त बाहिर बस्छौ न त खाएको भाँडा माज्छौँ, जमाना कहाँ पुग्यो संविधान र ऐनले के भन्छ थाहा छैन ? चिया तरकारी दिने, पैसा लिने काम तपाईंको अरू कुरा हामी जान्दैनौँ।” दगलफसल चर्को भयो “तिमीहरू नछुने जात भएर सरावरी गर्न खोज्ने ?” भन्दै दोकानदार च्याठिए “मेरो दोकान लुट्न आउने दमैकामीहरू” भनेर मुख छाड्न थाले। छिमेकीहरू आएर होटलवालालाई साथ दिए। ‘कुन कानुनमा छ दलितले होटेलमा भाडा माज्नुपर्ने देखाऊ’ भनेर सबै सामु दलितहरू कुर्लिए, तर बजारका सबै जसो मान्छेले बिन्जे र बिन्जेका साथीहरूलाई कुट्न थाले, उनीहरूले पनि ईटाको जवाफ पत्थरले दिए। तानातान र हानाहानको छुत्तिले होटलको छाप्रो समेत भत्किएर लथालिङ्ग भयो। भौतिक आक्रमणमा तत्काल जित हुने नदेखेपछि रजमानले पर ढिस्कोमा उभिएर “तिमीहरूलाई भरतपुरदेखि मेघौलीसम्मका दलित परिषद्का साथीहरू ल्याएर ठिक पार्छु” भनेर हाँक दिँदै हिँडे। रजमान तुरुन्तै सङ्गठनका साथीहरू जुटाउन निस्केका थिए। आफूलाई जातीय छुवाछुतको व्यवहार गरी कुट्नसम्म जाइलाग्नेहरूसँग बदला लिन दलित सङ्गठनका जिल्ला सभापति लप्टन लालबहादुर समेतका साथीहरूसँग छलफल गरेर त्यसको विरुद्ध भोलिपल्टै आन्दोलन गर्ने निर्णय सकेर साँझ अबेला घरतिर फर्केका थिए उनी।

यता सामन्ती रुढिवादी कुसंस्कारले ग्रस्त त्यो बजारका नेवार, बाहुन र अन्य ब्राह्मणबादीरूले आफ्ना जमात जुटाएर षडयन्त्र गरेछन्। यो ‘विन्जे दमाई दलितको सभापति भाको रहेछ! ऊ र उसका जमात छुवाछुत भेदभाव गर्न पाइन्न भन्दै जहाँसुकै आतङ्क मचाउँदै आका रहेछन्, अब दलितका जुलुसले सोशी बजार घेर्ने रे, सबैको घरभित्र पसेर चुल्हा चौका छोइदिने रे! मोतो गर्न रजमान हिडेको छ रे! यसलाई ठेगान नलगाई हाम्रो जात धर्म सबै सत्यानाश हुने भयो’ भन्ने षडन्त्रकारी छलफल चलेछ। त्यसपछि के के जाल प्रपञ्च रचे, कसैलाई थाहा भएन। तर रजमान परियारले भोलिपल्ट उदाएको घाम देख्नै पाएनन्। शोसीबजारबाट शुक्रनगर जाने ठाँउमा एउटा काठको कच्ची पुल थियो। भोलिपल्टको भुकभुकेमा त्यही पुलमुनि बिन्जेको लास भेटियो। गाउँलेले बिन्जे दमाई जाँड खाएर लडेर मरेछ भनेर हल्ला गरे। रजमानको मृत सरिर हेर्दा खप्पर फुटेको, हातखुट्टा भाँतिएको रहेछ अन्तमा एउटा मानवीय न्यायको आन्दोलनमा होमिएका बिन्जे अपराधीको हातबाट मारिन पुगे। ओस्सिएको काठमा भरखरै झिल्का छुटेर सल्किन लागेको आगाको फिलुङ्गो राँको बन्न नपाउँदै भुतक्कै निभ्यो। रजमान चितवन जिल्लाको दलित आन्दोलनको अघोषित पहिलो सहिद बन्न पुगे।

**जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोड्नेः**

२०२६ सालबाट रूपलाल विश्वकर्मा भूमिगत हुनुभयो। पार्टीको योजनामा जिल्लाको दलित आन्दोलन हाँक्ने जिम्मामा रणेन्द्र बराली, बुदमबहादुर विश्वकर्मा, लप्टन लालबहादुर परियार र कुबेर सार्की लगायतका सथीहरू रहने आन्तरिक निर्णय भयो। जसअनुसार नेपाली कांग्रेस र राजावादी धारका नेतृत्वहरूलाई समेत समेटेर दलित आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोडेर लानको लागि नेपाल राष्ट्रिय दलित जन विकास परिषद्को जिल्ला समिति पूनः गठन गरी अध्यक्ष- लप्टन लालबहादुर परियार उपाध्यक्ष, कुबेर सार्की र सचिवमा रणेन्द्र बराली रहने गरी जिल्ला सम्मेलनले नयाँ नेतृत्व चयन गऱ्यो। त्यस पछि जातीय भेदभाव विरुद्धको आन्दोलनसँगै किसान, मजदुर, सुकुम्वासी सङ्घर्ष र व्याजखोरी, घुसखोरीलगायत जालीफटाहा विरोधी आन्दोलन परिचालन गर्ने रणनीति बन्यो।

**सुकुम्बासी सङ्घर्षमा हात्तीसमेत रोयो**

‘आखिरी बैसाखको बेला थियो। तिलकाने, झनझने, बरण्डाभार, अमृतनगरलगायतका सुकुम्वासी बस्तीमा आधा-आधी झुप्रा छाप्राहरू आँधीले उडाइदिएको थियो। हावाहुरीसित लुछेर राखेका मान्द्रो, गुन्द्रीको फरिकाले छेकेर जहान-बच्चालाई ओत लगाएर बसेका सुकुम्वासीहरूलाई उठिबास पारी खेद्ने सरकारी आदेश थियो। हात्ती लगाएर झुप्रा भत्काउने, आगो लगाएर घर डढाउने कामको जिम्मा लिएर भालुभुत्ते मेजर

चितवन आउने रे भन्ने हल्ला व्याप्त भयो ।

"पूर्वीतिर तामागढी, भीमान, सुखानी, लालभ्रोडा आदि ठाउँबाट सुकुम्वासी बस्ती उठाँउदा घरभित्रका बिमारी, सुत्केरी, बालबच्चाहरूलाई जिउँदै जलाएर सखाप पार्ने खुङ्खार मैमत्ता मेजर भालुभुत्ते चितवन आउदै छ रे ! भन्ने हल्लाको हुरी पूर्वीतिरबाट र प्रकृतिको विनाशकारी हुरी पश्चिमबाट सुकुम्बासीको वस्तीमा सँगसँगै बज्रिने भयो ।

शशीनगर गाउँमा कुबेर सार्कीको ठुलै घर थियो । त्यही घरमा किसान सङ्गठन, विद्यार्थी सङ्गठन, दलित, महिला, मजदुर, शिक्षक, सुकुम्बासी सबै सङ्गठनका प्रतिनिधिहरूको भेला भयो । पार्टीका अगुवा नेता रूपलाल घरको कौसीमा बसेका रहेछन् । सुकुम्बासी प्रतिनिधि नरबहादुर गुरुङले विभिन्न बस्तीको दर्दनाक अवस्थाको पूरै प्रतिवेदन सुनाए । हल्का घाँटी बजाएर सानो खोकी खोक्दै गलो सफा गरेर रूपलालले मुख खोले । "साथीहरू आज सबै समस्या सिर्जना गर्ने सामन्तवादका नाइके र तिनका पञ्चे भरौटेहरू नै हुन् । आज हामीले यो फैसला गर्नु छ कि भोलि बिहान हाम्रो घर बस्ती धुलोपिठो पारेर सुकुम्बासीको बास खेदेको टुलुटुलु हेर्ने; या त हामी पनि मान्छे हौँ, हाम्रो पनि यस धर्तीमा बस्न र बाँच्न पाउने अधिकार छ भनेर शिर उठाउने ? एउटा टुङ्गोमा पुग्नै पऱ्यो ।"

रातभरि छलफल भयो। सारा जनता एकमासै उठाएर शाही वनपाले र मेजर भालुभुत्तेका सेनासँग लाठी, मुग्रा, घौँचा,भाटा लिएर मुकाविला गर्ने निर्णय पनि भयो। त्यस आन्दोलनको प्रत्यक्ष अगुवाई गर्नेमा लप्टन, लालबहादुर, कुबेर सार्की र नरबहादुर गुरुङलगायत हुनुहुन्थ्यो ।

दस हात्तीमा तीस राइफलधारी सैनिक लिएर मेजर भालुभुत्तेको टोली ध्रुव चौकीबाट र कप्तान कटकबहादुरको टोली स्याउली बजारबाट पस्दैछन् र घेरा दिएर आगजनी गर्ने सरकारी योजना जब थाहा भयो । तब लालबहादुर, कुबेर नरबहादुरको अगुवाईमा तिनैतिरबाट पाँच-पाँच सय जतिको जनशक्ति लाठीढुङ्गा लिएर मोर्चा कसेर बसिसकेका थिए। कप्तान कटकबहादुरको हात्तीलाई ढुङ्गामुढा गर्दै अघि बढ्न दिएनन् त्यो टोलीले । जनताले एकछिन पछि घेरिहाले । हात्ती आत्तिएर चारखुट्टा र सुँड एकै ठाउँमा जोरेर कुँ-कुँ गरी रुन थाल्यो । आदेश नभएर होला गोली ठोक्ने हिम्मत गरेनन् सेनाले । जनशक्ति ठुलो देखेर पनि होला गैँडा गस्ती र शाही सैनिकहरूको नौनारी बहत्तर सूके । इखले उम्लिएका युवाहरूले कप्तान कटकेलाई हात्तिबाट थुतेर भुइँमा पछारे ।

यता ध्रुव चौकीको बाटो आएको मेजर भालुभुत्तेको टोलीलाई छेक्न बसेका टोली र सेनाको भिडन्त भएछ। त्यहाँ शुक्रनगरका घर्ती हल्दार घाइते भए भन्ने खबर आयो। जनताको ढुङ्गा, लाठी र सरकारी बन्दुकको घमसान युद्ध भइसकेको हुन्छ। हवाइफायर गर्दा नभागेका महिला बालक समेत गरी दुई सय जना जति लाठी चार्जमा परेछन्। टोली त्यहाँपुग्दा जबर्जस्त आगजनी सुरु भइसकेको थियो। रगताम्य ज्यान भएका घर्ती हल्दारलाई कुबेरले अगाडिबाट काँधमा राखेर दौडाउँदै अस्पताल लगे । लालबहादुरले ठुलो स्वरले-अब हाम्रो घर यिनीले जलाएपछि यिनका चौकी पनि हामीले जलाउनु पर्छ भन्ने उर्दी गरे । ध्रुव चौकीतर्फ भिड कुद्यो । त्यो थाहा पाएर भालुभुत्तेले त्यहाँ वाकीटकीबाट थप सैनिक मगायो । चौकी घेरेर बसेकाहरूबाट हवाइ फायरिङ चलिसक्यो। गाडीबाट आउँदै गरेक थप शक्तिलाई पटिहानी र पार्वतीपुरमा बाटोभरिको खाल्टो खनेर र मुढा तेर्स्याएर साथीहरूले रोकिसकेका रहेछन् ।

चितवनको गर्मी, वैशाखको घाम, सुकुम्बासीका घर जलेर निस्केको धुवाँको मुस्लो। आगाको लप्का, घाइतेका घाउ, बुढाबुढी केटाकेटीको रुवाबासी, ती चारगाउँले सुकुम्बासी क्षेत्र त्यो दिन महाभारतको युद्धक्षेत्र जस्तै बनेको थियो। जनशक्ति समेटिँदा ५ हजार जति एकै ठाउँमा भेला भएर "भालुभुत्ते चोर चितवन छोड" भनेर मुखको तितो फाल्दै थिए जनता। अमृतनगरदेखि स्याउली बजारसम्मको करिब १५ सय धुरी झुपडी भस्म खरानी हुँदै गए। बिमारी, अपाङ्ग सुत्केरी, बालक, बृद्धा, अशक्त मानिसहरूबाट लतारिँदै, घिसारिँदै कसैले रगत, कसैले पसिना बगाउँदै "ए भालुभुत्ते हामीलाई गोली हान् मार् किन छाडिस्, हाम्रो प्राण लैजा" भन्दै दर्दनाक, रोदन,

क्रन्दनको लहर छुटिरहेको थियो।

दिनको १२ बजिसक्यो त्यहाँ भन्दा अगाडि बढ्न भालुभुत्तेलाई पनि आँट आएन। अझै अगाडि बढ्ने बाटोमा पाँच हजारभन्दा बढी मान्छेको बाँध बनेर तगारो लागेको हुनाले त्यो भन्दा क्रुर आततायी बन्ने ठाउँ पनि भालुभुत्तेले पाएन। अथवा अझै अघि बढेको भए प्राणको आस मारेर होमिएका जनता र सेनाको भिडन्तमा धेरैको ज्यान जाने पक्का थियो। सम्पूर्ण बस्ती खरानी बनाउने भालुभुत्तेको योजना सफल भएन। करिब ३ हजार झुप्रालाई जनताले जोगाए।

आन्दोलनका नेतृत्व गरेका नरबहादुर गुरुङ, थामबहादुर पुन, प्रमोद बराल, रणेन्द्र बराली, लालबहादुर परियार र कुबेर सार्कीलगायत रूपलालसमेत बसेर साँझ विशेष बैठक भयो। बैठकले जिल्ला भरका सुकुम्बासीलाई भेला गरेर जिल्ला प्रशासन घेराउ गर्ने निर्णय भयो। दसौँ हजारको सङ्ख्यामा उपस्थित सि.डि.ओ. कार्यालय घेराउको यो आन्दोलनले वैकल्पिक व्यवस्था नगरेसम्म सुकुम्बासीलाई यथास्थानमा बस्ने घोषणा गर्न बाध्य पाऱ्यो। सङ्घर्षले उग्ररूप लिने देखेपछि सरकारी दमन मत्थर भयो। यसरी जातीय सङ्घर्षलाई वर्ग सङ्घर्षसँग जोडेर लाने पार्टीको नीतिअनुसार लप्टन लालबहादुर, कुबेर सार्की तथा रणेन्द्र बरालीलगायनका दलित नेतृत्व अगाडि बढिरहे।

**चितवन भरतपुरको मन्दिर प्रवेश आन्दोलनः**

चितवन भरतपुर स्थित लङ्कुको मन्दिर प्रवेश आन्दोलन बारे लेखक मधुसूदन पाण्डेजीले आफ्नो 'नेपालका दलितहरू' नामको कृतिमा "दलितहरूद्वारा गरिएको ज्यादती" शीर्षक दिएर आन्दोलनप्रतिको अपाच्य पीडा पोख्नुभएको छ। "दलितहरूले पनि कहीलेकाही सङ्गठित भएको नाउँमा उपद्रो गर्न पछि पर्दा रहेनछन् भन्ने उदाहरण ०६१ साल मङ्सीर ११ गते देखाए।" ' मन्दिर प्रवेश मात्रै गरेका भए के हुन्थ्यो र उनीहरूले मन्दिरका घडा, कलस फुटाए, वेदका पुस्तकच्यातचुत पारेर थुके, मन्दिरको गजुर फुटाए, हत्केमा टुप्पी बेरेर एक पुजारीको टाउकोले अर्का पण्डितका टाउकामा हानेर माथा फुटाए। गजुर फुटाए, मन्दिरको शिरमा दलितको झन्डा गाडे, हाम्रो आन्दोलन सफल भयो भनेर नारा लगाए। गजुरको टुप्पोलाई दलितले सगरमाथाको टुप्पो ठाने। धार्मिक पुस्तक च्याते, लात्तीले कुल्चिएर दलितहरू त्यस दिन मुस्लिम आक्रमणकारी समसुद्धिन बन्न पुगे। भनिन्छ, नवलपरासी, बुटवल, हेटौडाबाट पनि दलितहरू आएको थिए। वितन्डा मच्चाउने दलितहरूले मादक पदार्थ सेवन गरेका थिए। यस भनाइमा शङ्का गर्ने ठाउँ छैन किन कि मदिरा र दलित एक सिक्काका दुईपाटा हुन्। लेखक, नेता, मानवअधिकारवादी भनाउँदाहरू त्यहाँबाट नाक जोगाउन सुइकुच्चा ठोक्नुपऱ्यो" आदि। (नेपालका दलितहरूपृ.८२)

युगौदेखि जातीय विभेदमा परेका दलित समुदायले भेदभावको विरुद्ध गरेको सङ्घर्ष र समानताका पक्षधर न्यायप्रेमी शक्तिलाई अर्घेलो देखाएर लेखिएको उक्त पूर्वाग्रही लेखलाई मैले दलितलाई हेर्ने दृष्टिमा फूल र काँडा भन्ने पुस्तकमा वृतान्त समीक्षा गरी सकेको छु।

कतिपय कुरा त पाण्डेजीले लेख्नु भएको भन्दा बढी पनि भएका थिए। अदालतको फैसला मान्ने र मन्दिरमा जातीय विभेद नभएको पुष्टि गर्ने भनेर शान्तिपूर्ण किसिमले मन्दिरप्रवेश गर्ने कार्यक्रम थियो। उक्त दिनको कार्यक्रममा जिल्ला प्रशासन समेतको सहभगितामा भएको सर्वदलीय सहमतिअनुसार हातमा फूल र प्रसादीको थाली लिएर मन्दिरप्रवेश गर्न गएका दलित चेलीहरूलाई लठैतहरू लगाएर लात्तोघिच्चो गर्दै जगल्ट्याएर फूल-अक्षताका थाली प्रसादी लथालिङ्गपारी मन्दिरको मूलढोका थुनेर र आफ्ना दिदीबैनीहरूलाई कुटेको देखेपछि दस फिटभन्दा अग्लो फलामे रडको काँडे जन्जिरमाथि चढेर दलित युवाहरूले पण्डितहरूको टाउको टेक्ने गरी हाम फालेकै हो। गजबार तोडेर मन्दिर प्रवेश गरेकै हो। मन्दिर परिसरमा भएका जातीय पक्षपात हटाउन आठ महिनासम्म शान्तिपूर्ण तरिकाको विधिवत प्रयास नकाम भएपछि घटनाले आन्दोलनको रूप लिन पुगेर पुजारीको टाउकामा नरिबल फोरिएकै हो। छातीमा घडा फोरिएकै हो। 'मदिरा सेवन गरी आएका र नाक जोगाउन सुइँकुच्चा ठोकेका' भन्ने फतुर बाहेक अन्य कतिपय उल्लेखनीय कुरा झुटो नहोला। लेखकको दलितलाई हेर्ने दृष्टिमा दोष

नभएको भए मुख्य कुरा तथा त्यसभित्रको सत्य तथ्य सबै खुलासा गर्नुपर्थ्यो र मात्र दलित समुदायको ज्यादती हो कि ब्राह्मणवादीहरूको निकृष्टता हो, प्रस्ट हुन्थ्यो ।

**घटनाको सङ्क्षिप्त चर्चा:**

सर्वप्रथम त वैष्णव र गैह्र वैष्णव भनेर ब्राह्मणहरूबिच नै एकापसमा छुवाछुत गर्ने, त्यस ठाउँको लक्ष्मी बैङ्कटेस मन्दिरमा सन्चालित एक वर्से अखण्ड हरिनामा किर्तनको नाचगानमा सुन्न, हेर्न, जाने स्थानीय दलितहरूलाई घिच्याउने, कुटपिट लछारपछार गर्ने आदि काम भएछन्। दलितलाई किर्तनमा प्रवेश नदिने मात्र होइन छोइन्छ भनेर जगमहन (आँगन) टेक्न समेत बन्देज गरिएछ। त्यस कार्यको विरोधमा स्थानीय दलितहरूले दलित मुक्ति सङ्गठनमा जानकारी गरेपछि सङ्गठनले सुरुमा मन्दिर व्यवस्थापन समितिलाई नेपालको संविधान र कानुन मुताविक व्यवहार गर्न लिखित अनुरोध गऱ्यो। छलफल गऱ्यो। उक्त कुराहरू अमान्य भएपछि जिल्ला तहको दलित मुक्ति सङ्गठनले सबै राजनीतिक पार्टी, मानव अधिकारवादी, कानुनविद, पत्रकारहरूसँग जिल्ला तहमा समस्या हल गर्ने गरी परामर्श गऱ्यो। मन्दिर व्यवस्थापन समितिसँग ५ पटकसम्म वार्तामा बस्दा पनि सामाजिक न्याय र कानुनी समानताको हैसियतले समाधान हुन सकेन। जिल्ला प्रशासनमा सम्बन्धित पक्षलाई झिकाई छलफल गर्दा जातीय भेदभाव गर्न नहुने ठहर भयो, त्यो निर्णयलाई पनि टेरिएन। मुद्दा पुनरावेदन अदालत हेटौँडासम्म पुगेपछि त्यहाँबाट 'बिना भेदभाव सबै जातजातिले मन्दिर प्रवेश गर्न पाउने' फैसला भयो। हिन्दु महासङ्घका तत्कालीन अध्यक्ष पं.नारायण पोखरेलले समेत एक हिन्दु धर्मीले अर्का स्वयम् धर्मीलाई पक्षपात गर्न नहुने, तुरुन्त मन्दिर प्रवेश गराउनुपर्छ भनेर बोले, त्यो पनि सुनिएन। सात-आठ महिनादेखिको अनवरत प्रयासमा कुनै पनि किसिमले ब्राह्मणवादी हठ त्याग्न मन्दिरपक्ष तयार भएनन्। अनि मात्र १६ ओटा दलित सङ्घ सङ्गठनहरूको संयुक्त आयोजनामा ०६१ माघ १९ गते मन्दिरप्रवेश गर्ने घोषणा भयो। दुई दिनअघि १७ गते सिडिओ कार्यालयमा सम्मानजनक ढङ्गले मन्दिरप्रवेश गर्ने कार्यक्रम बनाउन प्रमुख जिल्ला अधिकारी, प्रहरीबाट एस.पी. शाही सेनाबाट कर्नेल, सरकारी वकिल, सबै राजनीतिक दलका नेताहरू, दलित सङ्गठन र मन्दिर व्यवस्थापन समितिका प्रतिनिधिहरू समेतको बैठक बसेर शान्तिपूर्ण र सम्मानजनक ढङ्गले मन्दिर प्रवेश गर्ने गराउने निर्णय भयो। सिडिओले पनि धार्मिक स्थलमा सुरक्षाकर्मी तैनाथ नगर्ने वाचा गरे। तत्काल न्यायिक निदान भएको अनुभूत गरे सबैले। १९ गते दसौँ हजारको दलित जनसमुदायको जुलुस झण्डा व्यानर बोकेर बैङ्कटेस मन्दिर पुगे, तर त्यहाँ भने सशस्त्र सुरक्षाकर्मी, ५-एम्बुलेन्स गाडी, सयौं लाठीधारी भिजिलान्ते तैनाथ थिए। मन्दिर अगाडि सभा स्थल थियो। त्यहाँबाट घोषणा गर्दै आयोजकले मन्दिर प्रवेश गरेर कार्यक्रमको उद्घाटन गर्ने निर्णय सुनाए। मानव अधिकारवादी नेता कृष्ण पहाडी, साहित्यकार खगेन्द्र सङ्ग्रौला, संयुक्तजनमोर्चाका महासचिव घनश्याम शर्मा पौड्याल, एमालेका नेता जे.पी भेटवाल र दलित सङ्गठनका केन्दीय नेताहरू समेतका समूह फूल-अक्षताको थाली बोकेका महिलाहरूलाई अघि लगाएर मन्दिर गेटमा पुग्दा भुसतिघ्रे लठैतहरूले बाहिरबाटै छेक्न थाले। प्रवेशद्वारमा भित्र पस्न अवरोध गर्ने उद्देश्यले पचासौं पण्डितहरू पूजापाठ गरिरहेका थिए। मानव अधिकारवादी (गेरु वस्त्रधारी) कृष्ण पहाडीले हात जोडेर चार बित्ता मन्दिरको छेउ टेकेर फूल-अक्षता अर्पण गरी जातीय विभेदको अन्त्य भएको घोषण गरौँ, अन्य धार्मिक कार्य जारी रहोस् भन्ने आग्रह गर्दा आधा घन्टा बहस चल्यो। छलफल चल्दाचल्दै मन्दिर पक्षका उद्दण्डकारी लठैतहरूले दलित महिलाहरूलाई छातीमा लात्तीले हाने, लछारपछार पारेर फूल-धजा अक्षेता क्षतविक्षत पारे। शान्तिपूर्ण प्रवेश गर्न गएका दलितलाई मिलेसम्मको अपशब्दले गालीगलौज गरियो। दलित नेताले हातपात नगर्न आफ्ना पक्षलाई अनुरोध गरिरहेको बेला मन्दिर नजिकको घरको छतमा नियोजित ढङ्गले थुप्र्याइएको ढुङ्गा र लाठी दलितहरूमाथि बर्साएर कैयौंका टाउका फुटाए। पुलिस र भिजिलान्तेले जथाभावी लाठी चार्ज गरेर २८ जना घाइते बनाए, उता मञ्च भत्काइदिए जुलुसमा प्रयोग गरेको टेम्पोमा आगजनी र तोडफोड गरे, नियम, कानुन, अदालतको फैसला, जिल्ला प्रशासन बसेर गरेको सर्वपक्षीय सहमति आदि सबै समझदारी वा सर्तलाई कुल्चेर गरेको ज्यादतीपूर्ण कार्यबाट अखप भएका

युवाहरू आक्रोशित भए। सम्मानजनक ढङ्गले प्रवेश गर्न र आस्था हुनेले बैंङ्कटेस बाबालाई पुज्न-ढोग्न नपाएपछि विभेद तोड्न मन्दिरमा जवरजस्ती प्रवेश गर्नुभन्दा उपाय केही देखेन मासले। त्यसपछि हो पण्डित-पुजारीहरू र मन्दिर व्यवस्थापन समितिको दम्भ तोड्न जोधाहाहरूले जबरजस्ती मन्दिर पसेरै छाडे। तिमीले पनि त हामीप्रति विभेद गर्नेहरूलाई के गर्न सक्यौ र भन्दै भित्री भागमा सिंगारिएर बसेका बैंङ्कटेस बाबालाई "यी तिम्रो न्याय" भनेर लोप्पा ख्वाए। धैरैलाई मन्दिर पुजेर मुक्ति हुने आशा थिएन। सामाजिक असमानता र विभेदपर्खाल भत्काउनु थियो, भत्काइदिए, गजुरको टुप्पोमा दलित सङ्गठनको झण्डा गाडिदिए र अन्त्यमा झन्डा व्यानर समातेको विरोध जुलुसले मन्दिरप्रवेश सफल भएको घोषणा गरी सोही गाउँ परिक्रमा गरेर स्थानीय धर्म चोकमा सभा विर्सजन भएको थियो।

**निष्कर्षः**

जातीय, लिङ्गीय, क्षेत्रीय र धार्मिक विभेद सामन्तवादका चार आधारभूत स्तम्भ हुन्। यिनै चार किसिमका पक्षपात र विभेदका अस्त्र फिजाएर सामन्तवादले आफ्नो वर्गीय स्वार्थ रक्षा गरिरहेको हुन्छ। जनतामा विभिन्न किसिमको अन्तरविरोध सिर्जना गरेर फुट गराउने र लुट मचाउने शासक वर्गको अभीष्ट नै हो।

दलित समुदायभित्र अहिले ३ किसिमको नयाँ अन्तर्विरोध रोपिएका छन्। ती हुन्

(१) "दलित मुक्ति चाहने दलितहरूले आफैंभित्रका एक जातिले छोएको पानी अर्को जातिले नखाने गरी आपसमा विभेद गर्छन्।" त्यसो भन्नेलाई प्रश्न गर्न जरुरी हुन्छ कि सानो र ठुलो भन्ने जात व्यवस्था सामन्तवादी धार्मिक संरचनाले दलितको माथामा जबरजस्ती थोपरेको हो कि दलितले आफैं सिर्जना गरेको ?

(२) "प्रगतिशील भन्ने दलितहरू पनि मन्दिर पसेर मुक्ति हुन चाहन्छन्।" यसो भनिरहनेहरूले के कुरा बुझेका हुँदैनन् भने कसैले कुनै धर्ममा आस्था राख्छन् भने त्यो उसको स्वतन्त्रताको कुरा हो। जातीयताको आधारमा हुने विभेद जुनसुकै स्थानमा भए पनि कानुन विपरीत हो मानव अधिकार विपरीत हो। जहाँ जातीय विभेद छ, त्यहाँ जातीय समानताको आन्दोलन हुन्छ नै। तथापि जातीय मुक्ति आन्दोलन कुनै जाति विशेषको मात्र नभईकन सिँगो राष्ट्रिय मुक्तिकै आन्दोलनको रूपमा स्थापित भएर आएको छ।

(३) "दलितले आफ्नै निधारमा दलित शब्दको टीका लगाएका छन्। दलित शब्द झिकेपछि त्यसै समानता भइहाल्छ।" यसरी शब्दजाल छर्नेलाई बुझाउन जरुरी छ कि नेपालमा दलित शब्दको प्रचलन २०२४ सालबाट सुरु भएको हो। के त्योभन्दा अगाडि जातीय समानता थियो त ? अहिले थुप्रै दलित समुदायका मानिसहरूले आफ्नो थर फेरेर शर्मा र बर्मा लेख्न थालेका छन्। के तिनीहरू ब्रह्माण भए त ? दलित शब्द भनेको सम्पूर्ण दलित समुदायलाई एकै सूत्रमा बाँध्न आन्दोलनले सिर्जनाको शब्द हो। शब्द परिवर्तन होइन समाज परिवर्तन जरुरी छ भन्ने बुझ्न र बुझाउन आवश्यक छ।

■■■

गीत/नेपाल भाषा

# थःगुःम्या



✍ **प्रभातकुमार जोशी**
*भरतपुर-१, नारायणगढ*

कोइली नं थःगु भाषं न्वयायगु त्वमतनी
जुरेली नं पपु फ्‌यना प्याखं न्हुङ्गु लमतनी
जिं धाःसा थ त थमं लोमंकथे त्वयाच्वना
थगु बोली स्यंगु तायका थः गु मे हाले मफयकेच्वना
थःगु लाखे प्याखें ल्हुइत बँ मामथंगु खनाच्वना

ख्वया ख्वया आकाश थिवनी गजुनं
योगया त्वानलाय ज्यावलख्वया चुनी
ओलुइ न्हयों घण्टी सन्यना प्याखं ल्हुइम्ह
राजमती मालेत अ गन वने ?
थ त थमं मालेतन मेंपि मालें मागुँ खना
मछला- पुसे च्वना वै जित सिना म्वाय् मागु खना

■■■

परिचर्चा

# चितवन-भरतपुर विकासका सत्तरी वर्ष



✍ रमाकान्त सापकोटा
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**१. ऐतिहासिक रुप रेखा :** "अस्ति गण्डकीतीरे चित्रवनं नाम नगरम्"भनी केही संस्कृत साहित्यमा उल्लेख भएको तथा "तदस्माकं मित्रम् हिरण्यकोनाम मूषकराजो गण्डकीतीरे चित्रवने निवसति" भनी पञ्चतन्त्रमा उल्लेख भएकोबाट चितवनको प्राचीन नाम चित्रवन थियो भन्ने मान्यता सबैतिर स्थापित भैसकेको छ | जनकलाल शर्मा र कृष्णबम मल्लद्वारा लिखित " रापती उपत्यका ( वि.स.२०१४ )"नामको कृति नै चितवनको पहिलो कृति हो भन्ने पनि स्थापित भइसकेको छ | लेखक द्वयको खोज अनुसन्धान र विद्वतापूर्ण वर्णनबाट चितवनको प्राग ऐतिहासिक कालदेखि मध्यकाल सम्मको विवरण थाहा हुन्छ | चितपावन, सितावन, चितुवावन, चित्तलवनलगायत थुप्रै नामबाट भाषिक परिवर्तन हुँदै चितवन नामकरण भएको अनुमानमा आधारित भएर थुप्रै लेखकहरू, इतिहासविदहरूले लेखिनै रहेकाछन् | चितवन जिल्ला पार्श्वचित्रमा समेत उल्लेख हुँदै आएको छ र सूचना प्रविधिको विकासले गर्दा चितवनको इतिहास खोज्न चाहने सबैको पहुँचमा छ | रामायण तथा महाभारतकालीन सभ्यता, राजर्षी जनक र गौतम बुद्धको दर्शन र सिद्धान्तबाट प्रेरित नारायणी, राप्ती सभ्यतासँगै विकसित प्राचीन चित्रवन नै वर्तमानको चितवन हो भन्ने मान्यता स्थापित भैसकेको छ।

लिच्छवीकालीन अंशुवर्माको पालामा काठमाडौं-चितवन -सोमेश्वर नाकाबाट भारततर्फ व्यापार हुँदा चितवनको मार्ग प्रयोग भएको, लिच्छवी शासन पछि खस राज्य र तराईको तिरहुत (डोय )राज्य अन्तर्गत रहन गएको कुरा चितवन दर्पणमा (पृष्ठ :२२-२३ ) डा.देबीप्रसाद कंडेलद्वारा उद्धृत छ | प्राचीन कालमा राजा मानदेवले गण्डकी पारी आक्रमण गर्दा कविलासपुरको बाटो प्रयोग गरेको पाल्पाली राजाले कविलासमा शीतकालीन दरबार राखेको पनि इतिहास पाइन्छ । डा. हर्क गुरुङका अनुसार वि.स. १८३५ सालसम्म चितवन पाल्पाली सेन राज्यअन्तर्गत थियो | तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनको राज्य (१८२७–१८३६ सालसम्म) थियो। उनले चितवनको मालपोत समेत उठाएका थिए। राजेन्द्रलक्ष्मी र बहादुर शाहले नायवी राज्य चलाएको बेला अभिमान सिंह बस्नेतको कमाण्डमा गोर्खाली फौजले गरेको आक्रमण र विजयपछि १८३६ साल वैशाख १२ गते सायं कालमा चितवनको उपरदाङगढी नेपाल राज्यमा गाभिएको थियो | भरतपुरलगायतको मैदानी भाग जङ्गल झाडीले ढाकेकाले चितवनको सदरमुकाम उपरदाङगढीमा थियो (चितवन दर्पण २०७८:३०) | नेपाल अङ्ग्रेज युद्ध (१८७१-७२) का बेला पृथ्वीनारायण शाहका नाति शत्रुभन्जनले यहीं किल्ला जमाएर बस्नु परेको उल्लेख छ (उही ) | वीर शमशेरको पालामा वि.सं.१९५२ मा नेपाल अधिराज्यलाई ३५ जिल्लामा विभाजन गर्दा चितवन (मर्ज्यादपुर)पनि एक प्रशासनिक इकाइ बनेको थियो जसको सदरमुकाम उपरदाङगढी नै कायम भएको थियो | त्यहाँ मालपोत अड्डा, शेरबासमा अदालत, झुवानीमा पुलिस ठाना र हिउँदे सदरमुकाम, टिकौलीमा सेनाको क्याम्प रहेको थियो (चितवन दर्पण २०७८:८६९) | बि.स.१९६३ मा चितवनमा थारु जातिको सङ्घ बनेको उल्लेख भएकोले (शैक्षिक दर्पण २०६३ जिशिका चितवन) त्यति बेला नै थारु जातिमा जागरण सुरु भएको बुझ्न सकिन्छ |

**२. सिकारीबाट सुरु भएको पर्यटन र चितवन:-** चितवनलाई राजधानी काठमाडौंसँग तथा बाहिरी जगतसँग जोड्ने र शासकहरूको ध्यान खिच्ने प्रमुख सम्पदा भनेको जङ्गल, जनावर, जमिन र जल नै रहेको कुरा पनि इतिहासबाट प्रमाणित छ | हाँगा विगाँ नभएका ४०० वर्ष पुराना विश्वविख्यात सखुवाका साथै विजय साल, सिसौ, सतीसाल, कुसुम, खयर, जङ्गली जुट, लाहा, सुनाखरी, गुद, बेट बाँस, सतावरी, रिठ्ठो लगायत थुप्रै वन्यसम्पदा चितवनको जङ्गलभित्र रहेको कुरा "रापती उपत्यका "पुस्तकमा (पृष्ठ: ६) उल्लेख छ जङ्गली बैभवको वर्णन गर्ने क्रममा यो जङ्गलमा मात्र पाइने एक सिंगे गैडा बाघ, बनेल, घोरल, मिर्ग, हात्ती, अर्ना, मयुर, न्याउल, कालिज,

कर्रा आदि उत्तम सिकारले राणाहरू, ददबारियाहरू, विदेशी महानुभावहरूलाई आकर्षित पारेर यस भूमिमा आउन बाध्य पारेको कुरा पनि पुस्तकमा उल्लेख छ (उही :पृष्ठ ६ | राणाकाल देखि सरकार तथा सरकारबाट आमन्त्रित पाहुनालाई गैँडा र बाघको सिकार खेल्न दिने प्रचलन थियो | सिकारका सौखिन राणा प्रधानमन्त्रीहरू सालसालै तथा विदेशी महानुभावहरू केही वर्षको अन्तरालमा तराईमा सवारी हुँदा रापती उपत्यका पुरै चलायमान हुन्थ्यो | वि.सं.१९३२ मा युवराज एडवर्ड, वि.सं. १९६८ मा राजा जर्ज पन्चम, वि.सं.१९७८ मा युवराज एडवर्ड , वि.सं.२०१७ मा एलिजाबेथको सिकार यात्रा यी केही उदाहरण हुन् | अन्तर्राष्ट्रिय स्तरको शिकार स्थल भएकोले गैँडा गस्ती नामका ७२ वटा सुरक्षा चौकी राखिएको कुरा तथा बि.स.१९८० सालमा केशर दरबार अर्थात् कसरा क्याम्प ,शिकारी निवास बनेको थियो भन्ने कुरा पनि रापती उपत्यका पुस्तकमा उल्लेख छ |

चन्द्रशमशेरकै पालादेखि चितवनमा बस्ती विकास गर्ने पटक पटक प्रयास गरे पनि औलो रोगको कारण सफल भएको थिएन |औलोलगायतका रोगका कारण रापती उपत्यकालाई मृत उपत्यका तथा कालापानी भन्ने गरिन्थ्यो | राणाहरूले सजायँ दिनु पर्दा यही ल्याएर छाड्ने चलन थियो | चितवन गएर बस्ने दास दासीलाई दासत्वबाट मुक्त गर्ने घोषणा गर्दा पनि यहाँ आएर बस्ने हिम्मत गरेका थिएनन (चितवन दर्पण पृष्ठ:६७ ) | यहाँ खेती गरी बस्नेले सात वर्षसम्म मालपोत तिर्न नपर्नेलगायत अन्य आकर्षक सुविधा दिने घोषणा गर्दा पनि कसैले रुचि राख्दैनथे | २०१० सालपछि औलो केही नियन्त्रणतिर गएकोले जीवन धान्न कठिन भएकाहरूले विकल्पको रुपमा चितवनलाई लिन थालेको पाइन्छ |२०१०/११ तिर वीरगञ्ज हेटौँडा हुँदै नारायणगढसम्म कच्ची बाटोमा यातयात सञ्चालन भएकोले नुन तेल खरिद गर्न ठोरी र बुटवलको विकल्पमा नारायणगढ बजार विकास हुन थाल्यो |

**३. रापती दून बहुमुखी विकास योजनाको रूपरेखा :-** मकवानपुरको कर्रा नदीबाट सुरू भएको ६५ माइल जति लामो रापती दूनलाई प्रशासनिक रुपले दुई भागमा बाँडिएको थियो | मुकाम चिसापानी गढीबाट रमौली ,प्रतापपुर,हेटौंडा र हर्नामाडी प्रगन्नाहरूलाई हेरिन्थ्यो भने उपरदाङगढी मुकामबाट चितौन, बेलौद, कालाबन्जार, टाँडी र माडीलाई हेरिन्थ्यो | बहुमुखी विकास योजनाको पूर्व तयारीकै क्रममा कृष्णबम मल्ल (वि.सं. १९७४-२०४०) लाई २०१० साल पौष २ गते रापती दुन विकास अधिकृतको रुपमा नियुक्ति गरिएको थियो | पर्वत जिल्लाको, पकुवा कुस्मामा जन्मेर वाराणसी हिन्दू विश्वविद्यालयबाट कृषिमा एम.एस्सी गरी जयपुर कृषी कलेजमा प्राध्यापनरत कृष्णबम मल्ललाई केशर शमशेरले बोलाएका थिए | दाताबाट सहयोग नपाएकोले एक वर्ष जति त्यसै बित्यो |२०११ साल तिर लमजुङ लगायत मध्य नेपालको पहाडी क्षेत्रमा कहिले अनावृष्टि र कहिले अतिवृष्टिका कारण जनजीवन कष्टकर बनेको थियो | २०११ श्रावणतिर भीषण बाढीले पुर्याएको क्षतिको अवलोकन र राहत दिने सोचका साथ राजा महेन्द्र झुवानी आएको बेला देखि भरतपुरलगायतको मैदानी भागमा पुनर्वास गराउनु पर्ने परिस्थिति बलियो बनेर आयो | यस्तै बेलामा संयुक्त राज्य अमेरिका र नेपाल सरकारवीचमा सम्झौता भयो | सम्झौताअनुसार अमेरिकी सरकारले राप्ती दून बहुमुखी विकास योजनाको लागि १६ लाख ६८ हजार रुपैयाँ नेपाल सरकारलाई नगद उपलव्ध गराउने भयो | अमेरिकी सहयोगमा वि.सं. २०१२ बाट थालनी भएको सो योजनाको लागि नियम, जनशक्तिलगायत प्रबन्ध गरी २०१३ सालमा भरतपुरको यज्ञपुरीमा राजा महेन्द्रबाट समुद्घाटन भयो | (चितवन दर्पण २०७८ पृष्ठ:३७२/८७४) कृष्णबम मल्ललाईआयोजना प्रमुखको जिम्मेवारी दिइएको थियो |

**४. रापती दून बहुमुखी विकास योजनाका मुख्य उद्धेश्यहरू :-** यो योजनाका मुख्य तीनवटा उद्देश्य थिए | क) बहु क्षेत्र र विभागको एकीकृत विकास ख) अरू अविकसित क्षेत्रलाई विकासको नमुना प्रदर्शन गर्ने र ग) बहुमुखी विकासको लागि प्राविधिक तथा अन्य कर्मचारीलाई तालिम र अनुभव दिने | यी उद्देश्य हेर्दा यो योजना रापती दून विकास योजना मात्र थिएन समग्र मुलुकको लागि मार्ग दर्शन गर्ने योजना थियो | स्मरणीय छ नेपलमा यसै वर्षबाट पन्चवर्षीय योजना सुरु भएको हो | रापती दून योजनामा समावेश भएका मुख्य कार्यहरू यसप्रकार थिए :-

१) करिब ३५ हजार बिघा पर्ती जमिनमा खेती गराउने

२) करिब ३०-३५ हजार भूमिहीन किसानको बसोबास गराउने

३) लघु उद्योग र घरेलु इलमको विकास गराउने

४) पशुधन र कृषिको उन्नति गर्ने

५) शिक्षाको प्रचार गर्ने

६) औषधी उपचारको सहुलियत वृद्धि तथा औलो नियन्त्रण गर्ने

७) ग्राम विकास तथा सहकारी विकास गर्ने

८) वन र वन्यजन्तुको संरक्षण गर्ने भ्रमण व्यवसाय विकास गर्ने आदि

**५. योजना कार्यान्वनको क्रममा एक वर्षमा भएको प्रगति :** राप्ती उपत्यका नामको पुस्तक २०१४ सालमा प्रकाशित भएको कुरा माथि चर्चा भएको छ। सो पुस्तकको अध्याय तीनमा कृष्णबम मल्लद्वारा लेखिएको कार्य प्रगति विवरण समावेश छ जो यस प्रकार छ :-

१) कृषि फारमको विकास गरी १० बिघा जमिनमा खेती सुरु भएको ,नयाँ बसोबास गर्ने किसानको १२०० बिघा जमिनमा ट्र्याक्टर लगाएको, दस हजार एकड जमिनको नक्साङ्कन र माटो परीक्षण गरिएको।

२) विशेषज्ञ र सुपरभाइजर सहितका ग्राम सेवक टोलीको सहयोगमा २०० गाउँहरूमा बाटो बनाउने, कम्पोष्ट पिट खन्ने, इनार कुलोको प्रवन्ध, जापानी धान र अमेरिकी मकैको बिउको प्रबन्ध, मनोरञ्जनको व्यवस्था सहितको मेलाको प्रबन्ध मिलाएको थियो।

३) हेटौंडा स्वास्थ्य केन्द्रमा प्रतिदिन ६० जनाले उपचार पाउने र दुर्घटना पर्दा उपचारको व्यवस्था गर्न ३ जना स्वास्थ्यकर्मी,भरतपुर स्वास्थ्य केन्द्रमा २ जना स्वस्थाकर्मीको प्रवन्ध भएको २८२ गाउँमा ११, ७६६ पाउण्ड डिडिटी छरिएको ३६, ११६ जनालाई औलोबाट बचाइएको उल्लेख छ।

४) प्रोजेक्ट पद्धतिबाट राप्ती उपत्यकामा १८ वटा प्राइमरी स्कुल खुलेको ५ स्कुल खुल्ने तयारीमा रहेको, रातमा प्रौढ शिक्षाको प्रचार भएको र एक शिक्षा सुपरभाइजर नियुक्ति भएको उल्लेख छ।

५) हेटौंडा-नारायणगढ राजमार्ग निर्माणको २० माइल सम्पन्न भएको र बाँकी सोही वर्ष सम्पन्न भैसक्ने उल्लेख छ। हेटौंडा र नारायणगढमा नयाँ सहर बसाउने गरी नक्सा तयार भैरहेको र नक्साको काम सकिने बित्तिकै सरकारी घर निर्माण सुरु हुने उल्लेख छ।

६) राप्ती दून भित्रका १७ सहकारी खुलेका करिब १० हजार रुपियाँ आफ्नै सेयर पुँजी उठाएकारू १,८०,८०० सरकारी ऋणको व्यवस्था भएको पनि मल्लको प्रगति विवरणमा उल्लेख छ। वैज्ञानिक तरिकाबाट रुख ढाल्ने, काठ चिर्ने बेरोजगारी हटाउने सवालमा दैनिक ९०० जनालाई श्रममा लगाइएको र ३०० जना कर्मचारी भर्ना गरिएको लगायतका काम प्रगति विवरणमा समावेश छन्।

कालापानी (Death valley) को रुपमा चिनिएको राप्ती उपत्यकामा तीव्र गतिमा जनघनत्व बढ्दै जानुमा राप्ती दून बहुमुखी विकास आयोजनाको ठूलो भूमिका छ र यसैको जगमा आजको चितवन छ।

**६. चितवन -भरतपुर विकासका स्तम्भहरू :-**

**६.१) वैज्ञानिक भूउपयोग नीति :-** खेतीयोग्य जमिन मध्ये ६० प्रतिशतलाई, ४ देखि १० बिघा सम्मका साना फर्म,३० प्रतिशतलाई ११ देखि २५ विघासम्मका मझौला फार्म र १० प्रतिशत जमिनलाई २६ देखि ५० बिघा सम्मका ठुला फर्ममा जग्गाको वितरण तथा दर्ता व्यवस्था मिलाई व्यवस्थित बसोबास र सिंचाइँ सहितको खेती प्रणाली विकास गर्न राम्रो पद्धति बसाइएको थियो। खगेरी सिंचाइँ प्रणाली २०१६ तिर प्रारम्भ भएको थियो। यो सबै काम कृष्णबम मल्लको विज्ञता र व्यवस्थापनमा भएको थियो। यसै बेला सरकारी, सार्वजनिक प्रयोजन सडक निर्माणको लागि दीर्घकालसम्म चाहिने जग्गा छुट्टाएर राखिएको थियो। जग जाहेर छ कि सबै शक्ति आफ्नो हातमा भएको बेला भए पनि कृष्णबम मल्लले आँफू र आफन्तको नाममा कत्ति पनि जग्गा राखेका थिएनन्। त्यतिबेला नै तनहुँबाट चितवन झरेका बखानसिंह गुरुङले भौंतारिएका जनताहरूलाई चितवन बोलाएर व्यवस्थित बसोवास मिलाउन अगुवाइ गरेका थिए। जनता र सरकारको पुलका रूपमा काम गर्दै २०१३ साल चैत २० गते "बखानपुर सहकारी ऋण समिति"उनैले दर्ता गराए।नारायणगढ क्षेत्रपुर एरियामा समेत जङ्गल फडानी गरी बस्ती बसाउन गुरुङको भूमिका रहेको चितवनको इतिहासमा उल्लेख छ।

**६.२) उपरदाङगढीबाट सदरमुकाम भरतपुरमा स्थानान्तरण :-** २०१४ साल माघ २४ गते उपरदाङगढीबाट माल अड्डा भरतपुरमा सरेको, क्रमशः शेरवास र झुवानीमा रहेका कार्यालय पनि सर्ने क्रममा थिए त्यही बेला नेपाल ३५ जिल्लाबाट १४ अञ्चल ७५ जिल्ला र ५ विकास क्षेत्रको नयाँ संरचनामा गयो र भरतपुरमा सदरमुकाम कायम भयो। २०१८ चैत्रमा जिल्ला अदालत पनि भरतपुर सरेपछि ३० वटा जति कार्यालय भरतपुरमा रहेको र पूर्ण रुपले चहल पहल सहितको भरतपुर सदरमुकाम स्थापित भएको पाइन्छ। नारायणगढमा कर

कार्यालय, टिकौलीमा वन्यजन्तु संरक्षण कार्यालय, ठोरीमा प्रहरी निरीक्षण कार्यालय रहेका थिए (सापकोटा २०७७ :५९,६० ) |

**६.३) सडक पूर्वाधार:-** चितवनको सबैभन्दा पुरानो मार्ग नारायणगढ-अयोध्यापुरी-ठोरी मार्ग रहेछ जो राणाकालमा सिकार खेल्ने प्रयोजनको लागि बनेको थियो | २०१३ -१६ मा बनेको हेटौंडा नारायणगढ सडक अर्को महत्वपूर्ण सडक हो जसको समुद्घाटन २०१६ असार १२ मा राजा महेन्द्रले गरेका थिए (सापकोटा २०७७:५८) | २०१९ वैशाख १ गते गैडाकोटमा शिलान्यास भएको पूर्व पश्चिम राजमार्ग, नारायणगढ गैंडाकोट जोड्ने जीवनरेखाको रूपमा व्याख्या गरिएको पुल २०३७ साल तिर सम्पन्न भएको पुल र २०३६ तिर सम्पन्न मुग्लिन- नारायणगढ सडक सञ्चालनमा आएपछि चितवन विकास र जनघनत्व बृद्धिले निकै तिव्रता लिएको पाइन्छ | पछिल्लो समयमा विशेष गरी स्थानीय सरकारले सडक पूर्वाधारलाई प्राथमिकतामा राखेकोले चितवन सडक सञ्जालले जोडिएको र विशेष गरी भरतपुरका सडकहरू अधिकांश कालोपत्रे भैसकेका छन् |

**६.४) हवाई यातयात :-** २०१४ साल सम्म चितवन प्रगन्नाको हिउँदे सदरमुकाम झुवानीको नजिक बाघमारामा हवाईजहाज ल्यान्डिङ ग्राउन्ड थियो | वि.सं.२०१४ तिरबाट सञ्चालनमा आएको भरतपुर विमानस्थलमा २०६१ मार्च ५ मा पहिलो सार्वजनिक उडान भएको रहेछ | सन् १९९४ मा स्तरोन्नति हुँदा ११५८ मिटर धावनमार्ग बनाइएको सो विमानस्थल सन् १९९८ मा एडिबीको सहयोगमा कालो पत्रे भएको थियो | सैनिक क्याम्पको केही जग्गा लिएर विमानस्थल विस्तार गर्ने योजना चर्चामा छ | अहिले बन्द अवस्थामा रहेको मेघौली विमान स्थल बेलायती महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिप चितवन भ्रमण आउने क्रममा सन् १९६१ तिर सञ्चालनमा आएको र यही ठाउँमा सन् १९८२ मा प्रथम हात्तीपोलो विश्वकप खेलिएको पनि उल्लेखित छ |

**६.५) शिक्षामा सहज पहुँच ,अवसर र गुणस्तर:-**

नारायणप्रसाद खनालले मुद्रण स्मारिका (२०५५ :१०) मा उल्लेख गरेअनुसार वाल्मीकि आश्रममा रहेको लवकुश गुरुकुल शिक्षालय चितवनको पहिलो पाठशाला मानिएको छ। २००७/०८ सालतिर उपरदाङगढी भन्दा तल शेरवासभन्दा माथिको भित्तामा बालकुमारी देवीको नामबाट सञ्चालित पाठशाला पहिलो पाठशाला थियो | २०११ साल माघ १ गते नारायणगढ नदी किनारमा प्रारम्भ भएको सहकारी मिडिल स्कुल, २०१७ सालमा चितवन मिडिल स्कुल र २०१८ सालमा चितवन हाइस्कुलको रुपमा स्वीकृत भयो | यो सहकारी स्कुल नारायणगढबाट भरतपुरमा सरेपछि सो खाली ठाउँमा चितवनको शेरवासमा रहेको बालकुमारी पाठशाला स्थानान्तरण भएको देखिन्छ | २०१५ सालको आम निर्वाचनपछि प्रत्येक निर्वाचन क्षेत्रमा एउटा विद्यालय खोल्ने नीति तथा २०१८ सालको राजनीतिक काण्डपछि जनचेतना फैलाउन, शिक्षाको मागलाई सम्बोधन गर्न, जनतासँग सम्बन्ध स्थापित गर्न, भेला बैठक गर्ने सुरक्षित स्थान व्यवस्थापन लगायतका फाइदा हेरेर चितवनमा विद्यालय खोल्ने क्रम तीव्रगतिमा बढेको तथा शैक्षिक परिदृश्य बदलिएको पाइन्छ |

२०२२ साल वैशाख १३ गते चितवन हाइस्कुलमा इन्टर मिडिया आर्ट कलेजको रूपमा वीरेन्द्र कलेजको जन्म भएको हो| यस कलेजको लागि पहिले नै २० बिघा भन्दा बढी जमिन रापती दून योजनाले नै राखेको थियो | २०३५ सालमा बि.ए.र २०४० साल पछि क्रमशः आइ.एस्सी. र बि.एस.सी. सञ्चालन स्वीकृति लिएको हो । २०४५ सालदेखि अर्थशास्त्र र २०५३ सालदेखि नेपालीमा स्नातकोत्तर कक्षा सुरु भएको यो कलेजमा अहिले मानविकी, व्यवस्थापन, शिक्षा, विज्ञान सङ्कायअन्तर्गतका अधिकांश विषयहरूमा स्नातकोत्तर विषय सञ्चालनमा छन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना पछि २०२९ सालमा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा सुरु भयो। यो ठाउँमा पहिले पञ्चायत प्रशिक्षण केन्द्र्र रहेको थियो । करिव ५०० बिघा जग्गामा यो संस्थान सुरु भयो। २०३२-३३ देखि कृषिमा स्नातक २०५४-५५ देखि स्नातकोत्तर तथा २०५८ पछि विद्यावारिधि सुरु भएको यो संस्थान २०६७ असार ३ गतेदेखि कृषि तथा वन विश्वविद्यालय स्थापित भएको छ | त्रि.वि.वि. कै ४० बिगाहा जमिनमा रामपुरमा इन्जिनियरिङ कलेज सञ्चालनमा छ |

**६ .६) स्वास्थ्य सुविधा :**

**६.६.१) भरतपुर अस्पताल :-** वि.सं. २०१४ मा डिस्पेन्सरीको रूपमा स्थापना भइ २०१६ सालमा १५ शय्याबाट सुरु भएको महेन्द्र आदर्श चिकित्सालय २०२० पौष १४ गते तत्कालीन राजा महेन्द्रबाट उद्घाटन भएको थियो | अमेरिकी सहयोग नियोगका प्रमुख डा. रिचले कृष्णबम मल्ल समेतको रोहवरमा अस्पतालको साँचो सरकारलाई बुझाएका थिए।२०१३ सालमा यो अस्पतालको नाममा छुट्ट्याइएको ३१ बिघा जग्गामध्ये यसले

चर्चेको जग्गा अहिले ११ बिघा मात्र छ | साझा औषधि पसल , स्कुल अफ हेल्थ साइन्सले भाडा दिने सर्तमा तथा भरतपुर आँखा अस्पताल, रक्त सञ्चार सेवा केन्द्र र जिल्ला जनस्वास्थ कार्यालयले भाडा नदिने सर्तमा यो अस्पतालको जग्गा प्रयोग गरेकाछन | सिटिइभिटी पनि यही अस्पतालको जग्गामा रहेको छ |२०६५ देखि भरतपुर अस्पतालको रूपले सञ्चालित यो अस्पतालले सबै विधाको विशिष्ट सेवामा सहज पहुँच दिने प्रयत्न गरेको देखिएको छ |केन्द्रीकृत बीमा प्रणालीको कारण विरामीको अत्यधिक चाप थेग्नु परेको छ | शैक्षिक कार्यक्रमतर्फ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानतर्फका एम.डी,एम.एस कार्यक्रम पनि सञ्चालनमा रहेकोले अहिले यो अस्पताल मेडिकल कलेजको रूपमा पनि स्थापित भएको छ । आगामी दिनमा थप शैक्षिक कार्यक्रम सञ्चालन गर्ने योजनामा छ ।

**६.६.२) वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल:-** यज्ञपुरीस्थित साविक बागवानी केन्द्रको ७५ बिघा १० कठ्ठा २ धुर जमिनमा २७ वटा भवन, १०० (एक सय) शय्याको क्यान्सर अस्पताल निर्माण गर्ने सम्झौता अनुसार ८० करोडको लागतमा चीन सरकारको सहयोगमा स्थापित बी.पी. मेमोरियल क्यान्सर अस्पताल मुलुककै ठुलो क्यान्सर अस्पताल हो | सन् २०१९ मा ५०० शय्यामा स्तरोन्नति भएपछि विशेषज्ञ चिकित्सकसहित ७०० बढी जनशक्ति यहाँ कार्यरत रहेको पाइन्छ । २०७५ देखि पोखरा विश्वविद्यालयबाट स्वीकृत ३ वर्षे बि.एस.सी.इन अन्कोलोजी कार्यक्रममा विद्यार्थी अध्ययन गरिरहेका छन्

**६.६.३) भरतपुर आँखा अस्पताल :-** नेपाल नेत्रज्योति सङ्घ हीरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थान वि.सं २०४४ साल चैत्र १८ गते (३१ मार्च १९८८) महेन्द्र स्मृति आँखा अस्पतालको नाम लिएर स्थापना भएको थियो । नेपाल नेत्रज्योति सङ्घको प्रेरणा र संरक्षकत्वमा सुरु भएको यो अस्पतालको स्थापनाकालको भवन निर्माण गर्दा पाकिस्तानको बिसिसिआइ फाउन्डेसनले आर्थिक र प्राविधिक सहयोग गरेको थियो । यसको संयोजन डा. रामप्रसाद पोखरेललगायतका व्यक्तिको रहेको बताइन्छ, भने मन्त्रीपरिषदको निर्णयअनुसार भरतपुर अस्पतालको ४ बिघा जग्गा यो आँखा अस्पताललाई उपलव्ध गराइएको थियो । २०६७ सालमा हीरालाल प्रधान र सन्तुदेबी प्रधानको नाममा महेन्दलाल प्रधान र परिवारले २ करोड दान गरेकाले दाताको इच्छाअनुसारको नाम आँखा अस्पतालको नामसँग जोडेर हालको नाम कायम भएको रहेछ । त्यस्तै गरी एक करोड पचास लाख दान गरेका दाताको नाम जोडेर २०७४ कार्तिक २५ मा भीमराज उषामाया पाठक आँखा बैङ्क नानी सङ्कलन केन्द्र खुलेको छ । सेवा विस्तार गर्ने उद्देश्यले भरतपुर ओरालोमा २०६७ सालदेखि अर्को भवनमा बहिरङ्ग विभाग सुरु भएको छ। यो भवन बनाउनको लागि चिज कुमार श्रेष्ठ र विष्णुकुमारी श्रेष्ठको स्मृतिमा विनोदकुमार श्रेष्ठ र परिवारले ५० लाख रूपैयाँ भन्दा बढी नगद सहयोग गरेको पाइयो । थुप्रै उदारमन भएका दाताको सहयोगबाट बनेको यो संस्था गैरसरकारी सामुदायिक संस्थाहरूमध्ये एउटा गतिलो उदाहरणको रूपमा भेटिन्छ। प्रमाणपत्र तहको अप्थाल्मिक साइन्सको पढाइ लगायत शैक्षिक कार्यक्रम र क्लिनिकल सिप विकास तालिम कार्यक्रमहरू पनि यहाँ सञ्चालित छन् । यस संस्थामा १८० जनशक्ति कार्यरत छ। यसको आर्थिक व्यस्थापनमा दाताहरूको सहयोग, सेवा फाउन्डेसनको प्राविधिक सहयोग र नेत्रज्योति सङ्घको संरक्षकत्व जस्ता उपायबाट भएको देखिन्छ।

**६ .६.४) कलेज अफ मेडिकल साइन्सेस (पुरानो मेडिकल कलेज) :-** २०५० सालमा भएको सम्झौताअनुसार प्रक्रिया अगाडि बढेर वि.सं २०५३ मा भरतपुर अस्पतालको ९ बिघा जग्गा कलेज अफ मेडिकल साइन्स भरतपुरले तोकिएको सर्तमा भोग चलन गर्न पाउने गरी भरतपुर अस्पताल विकास समितिसँग सम्झौता भएको र निर्माण कार्य प्रारम्भ भएको थियो। काठमाडौँ युनिभर्सिटीसँग सम्बन्धन लिएर स्नातक तहको चिकित्सा शिक्षा प्रारम्भ गरेको यस कलेजमा हाल विद्यावारिधिसम्मको अध्यापन हुने गरेको छ । यहाँ काम सम्पन्न हुनुअगाडि अस्पताल कलेज तथा छात्रावास वागीश्वरीमा सञ्चालन भएको थियो । १०५० शय्याको स्वीकृति र मापदण्डअनुसार बनेको हस्पिटल हो जहाँ यति बेला ५०० जति शय्या प्रयोगमा आइरहेको सुनिएको छ। विशेषज्ञ चिकित्सक सहित यहाँ १००० बढी जनशक्ति कार्यरत रहेको पाइन्छ।

**६.६.५) चितवन मेडिकल कलेज:-** चितवनको सेरोफेरोमा कार्यरत नेपाली चिकित्सकहरूको समूहले २०६३ साल (सन् २००७) मा मनसाय पत्र लिएर भरतपुरमा चितवन मेडिकल कलेजको प्रारम्भ गरेको थियो । स्थापनाको पहिलो वर्षमा त्रिभुवन विश्वविद्यालयको स्वीकृति लिएर बि.एन, दोस्रो वर्षमा बि.एस.सी.नर्सिङ, तेस्रो वर्ष २०६५ मा एम.बि.बि.एस. कार्यक्रम सुरु भएको थियो। भरतपुर मुख्य बजारबाट ८ किलोमिटर दक्षिण पश्चिमतिर कैलाशनगरको २२ बिघा जमिन लिएर आवश्यक

संरचना तयार भैरहेका छन् । सबै शैक्षिक कार्यक्रमहरू यहीँ सञ्चालन हुने गरेका छन् भने अस्पताल पूर्व-पश्चिम राजमार्गसँग जोडिएको भरतपुरमा मुख्य अस्पताल रहेको छ । प्रारम्भमा ७५० शय्याको स्वीकृति र मापदण्डअनुसार बनेको यो हस्पिटलमा अहिले सबै शय्या प्रयोगमा आइरहेको बुझिन्छ । करिब हजार जनाको जनशक्ति यहाँ पनि कार्यरत रहेको छ ।

निजी क्षेत्रमा पनि ६० भन्दा बढी अस्पताल स्थापना भई सेवा प्रदान गर्दै आएका छन् । यसै गरी सरकारी स्तरमा जिल्लामा विभिन्न स्थानमा रत्ननगरमा बकुलहर र माडीमा बघौडा अस्पताल एवम् शिवनगर, खैरहनी र जुटपानीमा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन् । यसै गरी ३६ वटा स्वस्थ्य चौकीहरू रहेका छन् । यसका साथै जिल्लाका विभिन्न स्थानमा पोलिक्लिनिक र केयर सेन्टरहरू स्थापना भई सेवा प्रदान गर्दै आएका छन्

**६.७) रोजगारीको स्थिति:-** -राष्ट्रिय जनगणना २०७८ अनुसार चितवनमा ४७.३९ प्रतिशत रोजगार कृषि, बन र माछापालन क्षेत्रमा, व्यापारमा १६.१६ प्रतिशत, निर्माणमा ८.८८ प्रतिशत, उद्योगमा ५.२६, शिक्षामा ३.४३ प्रतिशत होटेल व्यवसाय २.७३, मानव स्वास्थ्य र सामाजिक कार्यमा २.२८ प्रतिशत वित्तीय तथा विमा व्यवसायमा १.३९ प्रतिशत आदि रहेका छन् । अरु रोजगारीमा संलग्नता न्यून छ । यी सबै रोजगारी मध्ये आधा भन्दा बढी भरतपुर भित्र रहेको छ ।

**६.८) ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक धार्मिक सम्पदा र आधुनिक पर्यटन**

दामोदर कुण्ड तथा मुक्तिनाथको १०८ जलधारा नै शिर मानिएको कालीगण्डकी र यसमा आधारित सभ्यताले धार्मिक सम्पदा तथा साँस्कृतिक पर्यटनमा चीरकालीन महत्व राख्दछ । कालीगण्डकीको शिरदेखि तिरसम्मका सभ्यता भित्रका विविध पक्षहरू अध्ययन गर्न थुप्रै अध्येताहरूलाई प्रेरित गरिरहेको छ र गरिरहने छ । देबघाट पारी तनहुँतिर चक्रेश्वर मन्दिर, मणि मुकुन्दसेन आश्रम, गलेश्वर आश्रम, वशिष्ठ गुफा र सीता गुफा, संस्कृत विषयमा अध्ययन र अनुसन्धान हुने महेश सन्न्यास आश्रम, कौडिन्य, कश्यप गर्गलगायत गोत्रीयहरूका ऋषि आश्रम छन् ।

देवघाट वारिपट्टि २०२२ सालतिर परम्परागत गुरुकुल सञ्चालनमा थियो जो २०३५ सालदेखि सीताराम संस्कृत माध्यमिक विद्यालयको रूपमा सञ्चालित छ । श्री रामजानकी गार्गी कन्या गुरुकुलम्, आधात्मिक आश्रमहरू, कश्यप, विश्वमित्र, गर्ग, आत्रेय, गोत्रीयलगायत अरु थुप्रै आश्रम सञ्चालनमा छन् । वाणीकी देवी तथा सरस्वतीको नामले प्राचीनकालदेखि रहेको प्रशिद्ध वागीश्वरी मन्दिर परिसरमा अहिले योगी नरहरीनाथ आश्रम रहेको छ । यो परिसरमा बसन्तपञ्चमीको दिनमा सरस्वती पूजा, गाई तिहारमा सामूहिक गाईपूजा, गुरुपूर्णिमामको दिनमा गुरु पूजा हुने गर्दछ । यहाँ अहिले गौपालन केन्द्र, प्राकृतिक चिकित्सालय, गुरुकूल र पुस्तकालय समेत संचालनमा छन् । सद्गत गर्न देवघाट पावन स्थलको रुपमा प्रशिद्ध छ । राष्ट्रिय निकुन्ज र सौराहा, मनकामना केबुलकार र मौलाकालिका केबुलकार लागायतका सबै पक्षले भरतपुर चितवनमा मानवीय गतिशीलता बढाएको देखिन्छ ।

**७. भरतपुरले विगतदेखि पाएका विकासका विशेष अवसरहरू :-** भरतपुर देशकै चौथो ठुलो सहर हो । वित्तीय आयोगको कार्यसम्पादन मूल्याङ्कनमा पहिलो महानगरपालिकामा दर्ज भएको छ । पूर्व पश्चिम तथा उत्तर दक्षिणको समेत केन्द्र भागमा रहेको नारायणगढ भरतपुर नेपालको व्यापारिक केन्द्र मानिन्छ । ४३२.९५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको भरतपुरमा समुद्री सतहबाट १४० मिटर उचाइमा रहेको बागमती प्रदेशकै होचो भाग गोलाघाट र ११८४ मिटर उचाईमा रहेको कविलासपुर शिवालिक पहाड रहेका छन् । यहाँ जाडोमा न्यूनतम १० डिग्री, गर्मीमा ४२ डिग्रीसम्म र औसतमा २५ डिग्री सेल्सियस तापक्रम रेकर्ड हुने गरेको छ ।

२०१८ सालतिर भरतपुर, नारायणगढ, शिवनगर, पटिहानी, गीतानगर, दिव्यनगर, कविलासलगायतका गाउँपञ्चायतहरू बनेका थिए भने २०३५ मा भरतपुर र नारायणगढ गाउँ पञ्चायत र कल्याणपुरको केही भाग मिलाएर भरतपुर नगरपञ्चायत बनेको थियो । २०४८ सालमा १४ वडासहितको नगरपालिका बनेको थियो । त्यतिबेलासम्म मङ्गलपुर, फूलवारी, शारदानगर, गुञ्जनगर, पार्वतीपुर, शुक्रनगर, मेघौली पनि छुट्टै गाउँविकास समितिको रुपमा स्थापित थिए । २०७१ पुष २८ मा भरतपुर नगरपालिका उपमहा नगरपालिकामा विस्तार भयो । त्यति बेला शारदानगर र गुञ्जनगर मिलाएर चित्रवन नगरपालिका बनाइएको थियो भने शुक्रनगर, मेघौली, जगतपुर, पार्वतीपुर मिलाएर नारायणी नगरपालिका बनाइएको थियो । कविलास मात्रै छुट्टै गाउँपालिकाको रुपमा थियो । २०७३/११/२७ मा भरतपुर उपमहानगरपालिकामा चित्रवन नगरपालिका, नारायणी नगरपालिका र कविलास

गाउँपालिका गाभेर भरतपुर महानगरपालिका बनेको हो | भरतपुर महानगरपालिकामा २८ ओटा वडा समतल मैदानी भागमा छन् भने वडा नं.२९ पहाडी भूगोलमा छ ।२०७८ को जनसाङ्ख्यिक विवरण अनुसार भरतपुर महानगरमा बस्ने परिवार सङ्ख्या ९६५९१ छ | जम्मा जनसङ्ख्या ३,६९,२६८ मध्ये पुरुष १,७८, ८९७ र महिला १९० ३७१ छन् तथा जनसङ्ख्या वृद्धिदर २.६४ प्रतिसत छ | साक्षरता दर ८७.२० प्रतिशत छ जसमध्ये महिलाको साक्षरता दर ८२.६४% छ भने पुरुषको साक्षरता दर ९२.१२% रहेको छ ।

२०१८ सालदेखीनै चितवन जिल्लाको सदरमुकाम, अधिकांश भूभाग समथर रहेको, नारायणगढ या यातायात तथा व्यापारिक केन्द्र सबै प्रशासनिक निकाय, भरतपुर अस्पताल, क्यान्सर अस्पताल, आँखा अस्पताललगायतका ठुला अस्पताल, वीरेन्द्र कलेज, बालकुमारी, सप्तगण्डकी, मैयाँदेवी लगायतका कलेज, नेपाल पोलिटेक्निक इन्स्टिच्युटलगायत थुप्रै प्राविधिक शैक्षिक संस्थाहरू, विद्यार्थी अभिभावकको रोजाइमा परेका, नारायणी नमुना मा.वि.लगायत थुप्रै विद्यालयहरू, तीर्थ स्थल तथा सद्गत स्थलको रुपमा प्रसिद्ध देवघाट, वागीश्वरी, दियालो बङ्गला, भरतपुर सभाहाल, औद्योगिक प्रदर्शनी केन्द्र, थुप्रै बैङ्क वित्तीय संस्थाहरू, उद्योगहरूलगायतका धेरै विकासका आयामहरू छन् जसले नागरिकलाई आकर्षण गरेका छन् र भरतपुर महानगरको विशेष पहिचान दिएका छन् | सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने नियमित अनुदानको अतिरिक्त गौरवको आयोजनामा हुने विनियोजनमा पनि भरतपुरको राम्रो पहुँच देखिन्छ | यी सबै कुराले भरतपुरको विकासमा प्रतक्ष परोक्ष अवसर सिर्जना गरिरहेका छन् |

**८. समापन र सन्देश :-** कुनै पनि स्थानको विकास रातारात जादुमय रुपमा हुन सक्तैन, क्रमिक रुपले हुने गर्दछ | तथापि २०१३ देखि २०१८ साल सम्मको चितवनको विकासको पहिलो मोड थियो र जसले दूरागामी परिणाम दिएर छाड्यो |नारायणी पूल ,मुग्लिन नारायणगढ राजमार्ग बनेपछि २०३६-३८ साल तिर पनि चितवनको विकासले तीव्रता लिएको देखियो | द्वन्द्वकालमा तथा द्वन्द्व व्यवस्थापन पछि र भूकम्पको बेलामा पनि चितवनमा बसाइ सराइ दर बढेको देखिन्छ | शिक्षा स्वास्थ्यमा सहज पहुँच र गुणस्तरीय पनि छ भन्ने जनविश्वास,रोजगारीको अवसर ,पढ्दै कमाउँदैको सम्भावना, रेमिटान्स भित्रिने दर बढेको, नियमित भैरहने प्रदर्शनीहरू, सभा सेमिनार र भेलाहरू लगायत कारण चितवनको भौतिक तथा मानवीय स्रोत परिचालन भइरहेको छ | सकारात्मक प्रभाव छ र राम्रो सन्देश छ | स्थानीय तहको सरकार बनेपछि विशेष गरी पूर्वाधार विकासले तीव्रता लिएको देखिन्छ | यो एउटा आलेखमा सबै पक्ष समेट्न सम्भव नभएकोले विकासका थुप्रै आयाम छुटेका छन् | विकासमा कतिपय नकारात्मक प्रकृति पनि होलान जो विधि सम्मत ढङ्गले समाधान होलान, यहाँ चर्चा गर्न आवश्यक ठान्दिन | अपेक्षा गरौँ, भरतपुर समग्र चितवन मानव विकास सूचकाङ्कमा अवाल ठहरिने छ | सामाजिक सुरक्षा, समावेशिता, सहभागिता तथा सार्वजनिक सेवामा सबैको पहुँच सुनिश्चित हुने छ। जीवन चक्रमा आधारित तथा अशक्त असहायको लागि सामाजिक सुरक्षाको प्रवन्ध हुने छ। आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक सुनिस्चित हुनेछ।

**९. सन्दर्भ सामग्री :**


अधिकारी, प्रा. डा.सूर्यमणि, सम्झनाको सेरोफेरो, वेणी स्वर्ण स्मारिका (२०६०) चितवन मा.वि., चितवन

खनाल, केदारनाथ, चितवनको शैक्षिक क्षितिज, स्मारिका, चितवन महोत्सव २०७५

पौडेल, लोकनाथ, चितवन जिल्लाको शैक्षिक इतिहास, शैक्षिक दर्पण २०६३, जिल्ला शिक्षा समिति, चितवन

शैक्षिक बुलेटिन २०८१, शिक्षा विकास तथा समन्वय इकाइ, भरतपुर चितवन

सापकोटा, कृष्णलाल, चितवन हिजो र आज (२०६३ )सुशासन तथा विकास प्रतिष्ठान लाजिम्पाट, काठमाडौं

सापकोटा डा. ढाकाराम, चितवनको ऐतिहासिक रूपरेखा (२०७७) शिखा बुक्स काठमाडौं

सापकोटा, रमाकान्त शिक्षाका आयाम (२०७५) हाम्रो सिर्जना भरतपुर, चितवन

सापकोटा, रमाकान्त, चितवनको सामाजिक विकास, चितवन दर्पण (२०७८जिल्ला समन्वय समिति, चितवन


सापकोटा, रमाकान्त र साथीहरू, शैक्षिक अवस्था अध्ययन कार्यदलको प्रतिवेदन (२०७०) जिल्ला शिक्षा समिति,चितवन

सापकोटा, रमाकान्त, नेपालको संविधानमा शिक्षा सम्वन्धी प्रावधान र अभ्यास, Bharatpur Pragya, journal of Multidisciplinaray Studies (2023) Bharatpur Academy, Bharatpur Metropolitan City.

https://saptahik.com.
np/archives/2019/03/22/20190322131818

समीक्षा

# भरतपुर महानगरका २०८० सालका वर्षपुस्तकको छोटो चर्चा



✍ **रमेश प्रभात**
*उप-प्राध्यापक-वीरेन्द्र बहुमुखी क्याम्पस*

**अनौपचारिक**

हुन त साहित्य कुनै जाति वा भूगोलको पेवा होइन, इतिहासलेखन कुनै अमुक व्यक्तिको निजी सम्पत्ति पनि होइन । यति कुरा थाहा हुँदा हुँदै पनि निरन्तर तेस्रो पटक यो जिम्मेवारी उठाइएको छ । मित्र बालकृष्ण थपलियाको राजहठका अगाडि कसैको केही नचल्ने रहेछ । त्यही भएर यो काम फेरि पनि समालोचकको पगरी गुथेको यही मनुवाले गर्नुपरेको छ । हिजोआज नेपालभर भरतपुर महानगरपालिकाको चर्चा विविध रूपमा हुने गरेको जगजाहेर छ । हामी चाहन्छौँ, यसको चर्चा साहित्यको उन्नत भूमिका रूपमा होओस् । यही शुभेच्छाका साथ भरतपुरबासी स्रष्टाहरू अनवरत लागिरहेका छन् । तिनको सत्कर्मको अभिलेखीकरणको सानो प्रयास हो वर्ष पुस्तक लेखनको शृङ्खला ।

साहित्यलाई भूगोलको क्षेत्रमा नबाधूँ भन्दाभन्दै पनि यो वर्ष पुस्तक लेखनको शृङ्खलाले त्यो दायरालाई भने नाघ्न सकेको छैन । हो, भरतपुर एउटा भूगोल मात्र होइन, यतिबेला यो कला, संस्कृति, भाषा र साहित्यका क्षेत्रमा पनि निकै समृद्ध बन्दै गएको छ । त्यसको चर्चा गर्नु राम्रै कुरा हो । यहाँ भरतपुर महानगरपालिकाभित्र स्थायी रूपमा बसोबास गर्ने तिनै सर्जकले वि.सं. २०८० मा प्रकाशित गराएका नेपाली भाषा र साहित्यसँग सम्बन्धित कृतिहरूको खोजी गरी तिनको सामान्य चर्चा गरिएको छ ।

**२०८० सालका नेपाली भाषामा प्रकाशित साहित्यिक कृतिको सामान्य चिनारी**

यो आलेख इतिहास लेखनको अघिल्लो वर्षको निरन्तरता मात्र हो, साहित्यिक कृतिको विवेचना वा विश्लेषण कदापि होइन । यसमा मैले मेरो जानकारीमा आएका भरतपुरबासी स्रष्टाका नेपाली भाषा र साहित्यसँग सम्बन्धित २०८० सालमा प्रकाशित कृतिहरूलाई सर्सती अध्ययन गरी तिनलाई अकारादि क्रममा छोटो चिनारी दिने काम मात्र गरेको छु । यहाँ मैले सङ्कलित सामग्रीलाई वर्णानुक्रमका आधारमा निम्नानुसार छोटकरीमा चिनाउने काम गरेको छु ः

१. **'अनिँदो मन'**

भरतपुर महानगरालिका वडा नं. ८, गौरीगञ्जका स्थायी बासिन्दा कवि राजन पौडेलले चितवनमा रहँदा लामो समय नेपाली गजल लेखनमा बिताएका थिए । हाल उनी प्रवासमा जीवनको लक्ष्य खोजिरहेका छन् । उनको पहिलो साहित्यिक कृति हो, 'अनिँदो मन' मुक्तक सङ्ग्रह (२०८०) । वन्दना पौडेल प्रकाशक रहेको यो कृतिभित्र हरेक पृष्ठमा दुई दुई वटा मुक्तक मात्र राखिएका छन् । यो मुक्तकसङ्ग्रहभित्र चतुष्पदी ढाँचाका २३० वटा विविध भावका मुक्तकहरू समाविष्ट छन् । यी मुक्तकहरू संरचना मिलेका र भावमा समकालीन चेतले युक्त छन् ।

२. **'अनुरञ्जन आफैँभित्र'**

लामो समय समालोचना र निबन्धका क्षेत्रमा बिताएका चितवनका पाका स्रष्टा पूर्णप्रसाद अधिकारी क्रियाशील स्रष्टा हुन् । आफूले घुमेको ठाउँको टिपोट गर्ने, भेटेका व्यक्तिको चर्चा गर्ने र पढेका कृतिको समीक्षा गर्ने उनको पुरानो बानी हो । यस्तै उनले गरेका यात्रा र अनुभूत गरेका संस्मरणलाई समेटेर तयार पारिएको पछिल्लो नैबन्धिक कृति हो, अनुरञ्जन आफैँभित्र (२०८०) । कूल ११३ पृष्ठको आयाममा फैलिएको यो कृतिभित्र सत्रवटा केही लामा र अधिकांश मझौला खालका सिर्जनाहरू समेटिएका छन् । यसले अतीतप्रतिको मोह जगाउनुका साथै केही तीर्थस्थलको भ्रमणका अनुभूतिलाई पनि समेट्ने काम गरेको छ ।

३. **'अन्तर्मनका रङ्गहरू'**

मनोविज्ञानमा उच्च शिक्षा हासिल गरेकी लेखक खिमा रिजाल खास गरी मनोपरामर्शसँग सम्बन्धित सर्जक हुन् । उनको नवीनतम निबन्ध सङ्ग्रह हो, 'अन्तर्मनका रङ्गहरू' (२०८०) । अक्षर क्रियसन, काठमाडौँले प्रकाशित गरेको यो कृतिमा मानसिक स्वास्थ्यलाई आधार बनाएर

लेखिएका निबन्धात्मक शैलीका लेखहरू समावेश गरिएका छन् । यो कृतिमा बीसवटा रचनाहरू समावेश गरिएका छन् । यस कृतिमा सन्दर्भ सामग्रीसमेत राखिएकाले यसले अनुसन्धानको यात्रा पनि गरेको देखिन्छ, यसर्थ यो कृति विशुद्ध साहित्यिक कृति नभएर मनोपरामर्शलाई आधार बनाएर लेखिएको अनुसन्धानात्मक कृति हो । यसले समाजमा मानसिक समस्या भोलेका व्यक्तिको सुधारमा सहयोगी भूमिका खेल्न सक्छ ।

४. **'अन्तिम रात'**

चितवनका पाका लेखक लीलाधर पौडेलको जीवनभोगाइ उतारिएको नवीनतम संस्मरण सङ्ग्रह हो, अन्तिम रात (२०८०) । सुमित्रा पौडेलले प्रकाशन गरेको यो कृतिमा निबन्धकार लीलाधर पौडेलले जीवनमा भोगेका यावत् भोगाइहरूलाई कूल ११८ पृष्ठमा सटीक ढङ्गले चित्रण गरेका छन् । प्रायः छोटा खालका र केही मभौला खालका जम्मा २१ वटा संस्मरणात्मक निबन्धहरू समेटिएको यो कृतिमा बाल्यकालदेखि प्रौढावस्थासम्मका विविध भोगाइहरू आएका छन् । यी निबन्धहरूले आफ्नो जीवन भोगाइलाई कसरी उतार्ने ? भन्ने विचार गरिरहेका पाका पुस्तालाई लेखनतर्फ आकर्षित गर्नुका साथै समय कटाउन पनि सहयोग गर्छ ।

५. **'अमर त्यागीका कवितामा वस्तुविधान'**

भरतपुर ४, वैकुण्ठचोकमा स्थायी बसोबास गर्ने, लामो समयदेखि चितवनमा नेपाली भाषा र साहित्यको शिक्षणमा खटिएका दीपकप्रसाद गौतमको पहिलो कृति हो, 'अमर त्यागीका कवितामा वस्तुविधान' समालोचना (२०८०) । अनुसन्धानको ढाँचालाई अपनाइएको यो कृतिको प्रकाशन कौशिकी साहित्य प्रतिष्ठान, काठमाडौँले गरेको हो । जम्मा चार परिच्छेद र २०० पृष्ठको आयाममा फैलिएको यो समालोचनात्मक कृति सिद्धान्त र समालोचना दुवैको समुचित उपयोग भएको कृति हो । कविताका बारेमा बुझ्न चाहने नवसमालोचक, पाठक र कविता लेख्न चाहने नयाँ लेखकहरूका लागि यो कृति निकै उपयोगी छ ।

६. **'अलिकति फरक कुरा'**

चितवनका समालोचक रमेश प्रभातको पहिलो समालोचनात्मक कृतिका रूपमा 'अलिकति फरक कुरा' (२०८०) प्रकाशित भएको छ । रेखा श्रेष्ठ प्रकाशक रहेको यो समालोचना कृतिलाई लेखकले निसमालोचना नाम दिएका छन् । यसमा सैद्धान्तिक खालका नभएर प्रायोगिक खालका सत्ताइस वटा फुटकर समालोचना समेटिएका छन् । नेपाली साहित्यका नवीनतम प्रकाशनका रूपमा आएका काव्य, आख्यान, निबन्ध र नाटकजस्ता प्रमुख चार विधा र समालोचनाका समेत गरी चौबीस वटा विभिन्न कृतिलाई यसमा समालोचना गरिएको छ । तीबाहेक यसमा एउटा निवार्ताका ढाँचामा स्ववार्ता आएको छ भने एउटा पठन संस्कृतिका बारेमा र एउटा कविताका बारेमा समालोचना समावेश गरिएको छ । यसर्थ यो विविधतामा एकता भएको समालोचना कृति बनेको छ ।

७. **'आगो लिएर गाउँ गाउँमा'**

भरतपुर महानगरपालिका वार्ड नं. ५, कविडाँडाका स्थायी बासिन्दा गणेश श्रमण मूलतः कवि हुन् । गाउँमा बस्ने भएकाले उनी गाउँका कविता लेख्न मन पराउँछन् । उनको पछिल्लो कविताकृति 'आगो लिएर गाउँ गाउँमा' कवितासङ्ग्रह (२०८०) फिनिक्स बुक्स, काठमाडौँले प्रकाशित गरेको हो । यसमा विविध भावका पचपन्न वटा कविताहरू समेटिएका छन् । यसभित्र 'गाउँका कविता', ' प्रतिपक्ष', 'प्रकृति' र '...र अनन्त' गरी चारवटा खण्डहरूको योजना पनि गरिएको छ । एक खालका भावलाई एउटा खण्डमा राखिएको यो कविता देख्दा सरल लागे पनि गहन दार्शनिक चेतनाले युक्त पाइन्छ ।

८. **'एलियनलाई प्रश्न'**

साहित्यका विविध विधामा कलम चलाइरहेका चितवनका क्रियाशील लेखक तुलसी पण्डितको बालकथाको सङ्ग्रह हो, 'एलियनलाई प्रश्न' (२०८०) । अक्षरधाम प्रकाशन प्रा.लि., काठमाडौँले प्रकाशित गरेको यो कृतिमा जम्मा अठारवटा छोटा खालका बालकथाहरू समेटिएका छन् । यी कथामा प्रयुक्त भाषा सरल छ भने विषयवस्तु बालमैत्री खालका छन् । यिनमा प्रयुक्त चित्रहरूले बालबालिकालाई कथाप्रति ध्यान खिच्न सहयोग पुऱ्याएका छन् । यसर्थ यो निकै उपयोगी बालसाहित्यको सामग्री हो ।

९. **'कमिलाको प्वाँख'**

चितवनका प्रगतिवादी धाराका सशक्त कवि प्रकाश चापागाइँको छन्द कविताहरूको सङ्ग्रह हो, 'कमिलाको प्वाँख' (२०८०) । पेज टर्नर, काठमाडौँले प्रकाशित गरेको यो कविताकृतिमा विविध छन्दका ८३ वटा फुटकर कविता समेटिएका छन् । मूलतः विद्रोही स्वर बोकेका यी कविताहरू समाज परिवर्तनको दिशामा उन्मुख छन् । अझ 'आ, जा, खा, ला, गा' जस्ता छोटा शीर्षक राखेर तिनमा ध्वनित

व्यङ्ग्यले पाठकलाई निकै तरङ्गित तुल्याउँछन् । यसर्थ छन्द कविताको यो निकै उच्च कोटिको कविताकृति बनेर आएको छ।

१०. **'को हो त्यो मान्छे ?'**

भरतपुर महानगरपालिका वार्ड नं. ५, कविडाँडामा स्थायी रूपमा बसोबास गर्ने र आफूलाई साहित्यकार कम साहित्यसेवी ज्यादा मान्ने लेखक एल.बी. क्षेत्रीको पछिल्लो कविताकृति 'को हो त्यो मान्छे ?' (२०८०) । यसलाई पेज टर्नर प्रा.लि., काठमाडौँले २०८० भदौमा प्रकाशित गरेको हो । यसमा छोटा र मझौला आकारका पैँतिसवटा फुटकर कविताहरू सङ्कलित छन् । यसभित्र घटीमा दुई टुक्रा र छ पङ्क्तिको एक पृष्ठमा समेटिएको 'रहस्य' शीर्षकको कवितादेखि लिएर बढीमा तेह्र टुक्रा र सात पृष्ठको आयाममा फैलिएको 'म त सपना देख्ने मान्छे !' जस्ता विविध खालका कविताहरू समेटिका छन् । यसमा समकालीन जीवनका विविध भावहरूको माला उन्ने काम भएको छ।

११. **'चस्मा'**

चितवनको भरतपुरमहानगपालिका -४, त्रिचोकमा स्थायी बसोबास गर्ने क्रियाशील कवि विवेकीको जीवनकै पहिलो कृति हो, 'चस्मा कवितासङ्ग्रह' (२०८०) । कविता लेखनमा करिब साढे तीन दशक समय बिताइसकेका एकान्तसाधक विवेकीले सुरुका दिनमा चन्दप्रकाश 'विवेकी'का नामबाट कविता लेख्ने गर्थे भने कविताको सङ्ग्रह निकाल्ने बेलामा भने केवल विवेकी मात्र राखेका छन् । उनी प्रगतिशील चेतना भएका सधैँ सत्ताको विरोधमा उभिने कवि हुन् । उनको चस्मा कवितासङ्ग्रहमा समसामयिक जीवनका विविध खालका भावहरू समेटिएका छन् । कूल १३६ पृष्ठको आयाममा फैलिएको यो कृतिमा समाजमा विद्यमान अभावग्रस्त जीवन, जीवनको निस्सारता, आजीविकाको सन्दर्भ, संस्कृतिमा पाइने विविधता, व्यक्तिचित्रण, अस्तित्वचेत, देशप्रेम, व्यङ्ग्यात्मकता, जीवन र दर्शन आदिजस्ता विविध विषयवस्तुका ५५ वटा फुटकर कविताहरू समेटिएका छन्।

१२. **'जवाहर टनल'**

'जवाहर टनल' (२०८०) गजलकार विष्णु तिवारी ' उषा'को अनूदित कवितासङ्ग्रह हो । जम्मु कश्मिरका वरिष्ठ हिन्दीभाषी कवि तथा अनुवादक अग्निशेखरको कविता कृति 'जवाहर टनल'को नेपाली अनुवादका रूपमा यो कृति आएको हो । साहित्य सङ्गम चितवनले प्रकाशित गरेको यो कृतिमा भारतीय भूमि कश्मिरमा सन् १९९० मा भएको नरसंहारकारी युद्धमा कश्मिरी पण्डितहरूमाथि भएको अत्याचार, दमन र यातनाको विरोध गरिएको छ। विद्रोहात्मक स्वर भएका ५७ वटा फुटकर कविताहरू समेटिएको यो कविताकृति हिन्दी नबुझ्ने नेपाली पाठकका लागि उपयोगी सामग्री बनेको छ।

१३. **'झुपडीको व्यथा'**

गजलकारको पहिचान बनाइसकेका किसान प्रेमीको पहिलो लघुकथा सङ्ग्रह हो, झुपडीको व्यथा (२०८०) । श्रीमती गीता खाती प्रकाशक भएर छपाइएको यो कृतिमा समकालीन समाजका विविध विषयवस्तुमा रचितएका बाउन्न वटा लघुकथा समेटिएका छन् । व्यङ्ग्यात्मकता यो कृतिको मूल स्वर हो । सामाजिक विकृति, विसङ्गति, बेथिति र होचोहेलोको विरुद्ध यी कथाहरू लक्षित छन् । आर्थिक, सामाजिक र जातीय हिसाबले मारमा परेको सोझासाझाको आवाज बनेर यो कृति उभिएको छ। खासमा समाजलाई सुधारको बाटोमा डोऱ्याउन खोज्नु यो कृतिको मूल अभीष्ट हो।

१४. **'ध्रुव मानस यात्रा'**

कवि देवदत्त अधिकारीको नवीनतम कविता सङ्ग्रह हो, 'ध्रुव मानस यात्रा' (२०८०) । भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको यो कृति कविता भनिएको भए पनि काव्यको नियमलाई पालना गरी तयार पारिएको छ। यसमा पूर्वीय आध्यात्मिक ग्रन्थ श्रीमद्भागवतमा आधारित कथालाई कवितात्मक रूपमा प्रस्तुत गरिएको छ। यो कृति मङ्गलाचरणबाट सुरु भई आठौँ सर्गमा पुगेर टुङ्गिएको छ। यसर्थ कवितासङ्ग्रह भनिएको भए पनि यो कृति कविताको मध्यम रूप खण्डकाव्यजस्तो देखिन्छ।

१५. **'नेपाली कथामा आञ्चलिकता'**

चितवनको माटोमा बसेर समालोचनाको खेती गर्ने प्रखर समालोचक डा. एकनारायण पौड्यालको सिद्धान्त र समालोचनाको सङ्गम बनेर आएको पछिल्लो नेपाली समालोचनाको प्रतिनिधि कृति हो, 'नेपाली कथामा आञ्चलिकता' (२०८०) । कूल ३२२ पृष्ठको विशालकाय आयाममा फैलिएको र पाँच परिच्छेदमा विभक्त यो समालोचनाग्रन्थको प्रकाशन ओरिएन्टल पब्लिकेशन, काठमाडौँले गरेको हो । यसमा विभिन्न समयमा लेखिएका उनन्तीस नेपाली कथालाई आञ्चलिकताको साँचोबाट विश्लेषण गरिएको छ । यसमा पुरानो पुस्ताका भवानी भिक्षुदेखि लिएर एकदमै नयाँ पुस्ताका श्याम साहसम्मका

कथाहरू चयन गरिएका छन् । यसले आञ्चलिकताको सिद्धान्त बुझाउनुका साथै कथामा त्यसलाई के कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुराको पुष्टि समेत गरेको छ।

१६. **'प्रतिरोधको लय'**

नेपाली कविताका क्षेत्रमा विशिष्ट पहिचान बनाएका कवि रेशम विरहीको पछिल्लो कविताकृतिका रूपमा 'प्रतिरोधको लय' कवितासङ्ग्रह (२०८०) प्रकाशित भएको छ । शिखा बुक्स, काठमाडौँले प्रकाशित गरेको यो कविताकृतिको मूल स्वर प्रगतिवादी चिन्तन हो । यस कृतिमा विविध भावका फुटकर कविताहरू समेटिएका छन् । यो कृतिका अधिकांश कवितामा समाजका बेथिति र विसङ्गतिमाथि काव्यात्मक व्यङ्ग्य हानिएको छ । त्यसैले यो कविताकृति समकालीन नेपाली फुटकर कविताको उच्च प्राप्ति बनेर आएको छ।

१७. **'फराकिलो धर्ती'**

भरतपुर ६, पारसनगरमा स्थायी बसोबास गर्ने जानुका भट्टराईको बाल कवितासङ्ग्रह हो, 'फराकिलो धर्ती' (२०८०) । काव्य घर नेपाल, झापाले प्रकाशित गरेको यो कविताकृतिमा ३२ वटा बालकविताहरू समावेश गरिएका छन् । कविता र त्योसँग सुहाउँदो खालको श्याम श्वेत खालको चित्र पनि राखिएको यो कृतिले ३२ पृष्ठको आयाम बोकेको छ । यो बालउपयोगी सामग्रीका रूपमा बजारमा आएको छ।

१८. **'बाँसुरीको धुन'**

नेपाली लघुकथा लेखनका क्षेत्रमा लामो समयदेखि लागिपरेका स्रष्टा टीकाराम रेग्मीको पहिलो कथाकृति हो, 'बाँसुरीको धुन' (२०८०) । यो कथाकृति सुनवर्षी बुक हाउस, काठमाडौँले प्रकाशन गरेको हो । यसमा विविध विषयवस्तुका लामा र छोटा गरी जम्मा चौध वटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा समाजमा विद्यमान विविध विषयवस्तुलाई कथाको साँचोमा ढालिएको छ। यसअघि ' उज्यालोतिर' उपन्यासमार्फत् शिक्षाको विषय उजागार गरेका रेग्मीले यो कथाकृतिमा पनि मूलतः शिक्षालाई अभिव्यक्त गरेका छन्।

१९. **'भूपिनका कविता'**

चितवनका ख्यातनामा कवि भूपिनका पहिले प्रकाशित भएका 'हजार वर्षको निद्रा' का २९ वटा कविता र 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहभित्र समाविष्ट ३० वटा कविता गरी कूल ५९ वटा कवितालाई समेटेर तयार पारिएको प्रतिनिधि कवितासङ्ग्रह हो, 'भूपिनका कविता' (२०८०) । यसर्थ यो कृति विल्कुल नयाँ सिर्जना नभएर पुराना सिर्जनाको नयाँ प्रस्तुति मात्रै हो । त्यति हुँदा हुँदै पनि पहिला दुई कृति नपढेका पाठकका लागि भने यो कृति नयाँ लाग्न सक्छ। कविका कविताको बजारीकरण गर्ने हेतुले बुक हिल प्रकाशन, काठमाडौँले यो कृति प्रकाशित गरी बजारमा ल्याएको हो । समकालीन नेपाली कविताका बारेमा चासो राख्ने पाठकका लागि यो निकै उपयोगी सामग्री हो ।

२०. **'माटाको सुगन्ध'**

चितवनका पाका स्रष्टा श्यामजी अतिथि सेढाइँको नवीनतम निबन्ध सङ्ग्रह हो, 'माटाको सुगन्ध' (२०८०) । चितवन साहित्य परिषद्ले प्रकाशन गरेको यो कृतिमा मझौला खालका २९ वटा निबन्धात्मक रचनाहरू समावेश गरिएका छन् । यी निबन्धहरू केही अनुभूतिसँग, केही भोगाइसँग, केही व्यक्तिसँग र केही समय तथा समाजसँग सम्बन्धित छन् । यसमा समाविष्ट निबन्धहरूमा लेखकले देखेका र भोगेका कुराहरू नै मुखरित भएकाले सरल र सहज खालका छन्।

२१. **'मातृभूमिको वन्दना'**

करिब तीन दशक शिक्षण पेसामा आबद्ध रहेर निवृत्त जीवन बिताइरहेकी भरतपुर महानगरपालिका वडा नं. १, दियालोपथ, नारायणगढ निवासी शान्ता श्रेष्ठको पहिलो साहित्यिक कृति हो, 'मातृभूमि वन्दना' (२०८०) । यो कृतिको प्रकाशक रामलाल श्रेष्ठ हुन् । निबन्धजस्ता लाग्ने छोटा खालका अनुभूतिहरू समेटेर तयार पारिएको यो कृतिमा केही कविताजस्ता रचनाहरू पनि समेटिएका छन्। ३६ वटा सिर्जनाहरूको माला बनाइएको यो कृतिले उनका जीवनका विभिन्न कालखण्डका सम्झनाहरूलाई समेट्ने काम गरेको छ। यस्तो सिर्जना मूलतः विभिन्न पेसाबाट निवृत्त भएका व्यक्तिहरूलाई आफ्नो अनुभूति लेख्नका सहयोगी सामग्री बन्न सक्छ।

२२. **'मीमांसाको सोपानमा रह'**

कविता, व्यङ्ग्य, नियात्रा, निबन्ध र बालसाहित्यका क्षेत्रमा पहिचान बनाइसकेका चितवनका पाका स्रष्टा रह शर्माको समीक्षासङ्ग्रहका रूपमा 'मीमांसाको सोपानमा रह' (२०८०) प्रकाशित भएको छ। जम्मा ९० पृष्ठको आयाममा फैलिएको यो कृति साहित्य सङ्गम, चितवनले प्रकाशन गरेको हो । यो कृति केही मझौला र अधिकांश निकै छोटा खालका २१ वटा पाठकीय टिप्पणीहरू समेटिएका छन् ।

अधिकांश ती टिप्पणीहरू नेपाली साहित्यका कुनै न कुनै कृतिमा केन्द्रित छन् । समीक्षाको ढाँचामा जान अझै काम गर्नुपर्ने भए पनि यसमा एउटा पाठकका मनमा कृति पढेपछि कस्तो भाव आउँछ ? भन्ने देखाउन भने सफल भएको देखिन्छ, यसर्थ समीक्षाका क्षेत्रमा आउन चाहने नवसर्जकका लागि यो कृति उपयोगी देखिन्छ ।

२३. **'मुक्त चेतना'**

मूलतः समीक्षाका क्षेत्रमा कलम चलाउने गरेका चितवनका पाका स्रष्टा मणिराम काफ्लेको 'मुक्त चेतना' (२०८०) कवितागीत सङ्ग्रह हो । उनी आफू चितवनका स्थायी बासिन्दा भएर पनि उनको यो कृति त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासीले प्रकाशित गरेको हो । यसको पहिलो खण्डमा २९ वटा पद्यकविता, दोस्रो खण्डमा २२ वटा गीति कविता र तेस्रो खण्डमा १६ वटा गद्यकविता समावेश गरिएको छ । एउटै कृतिमा शास्त्रीय लय, गीतिलय र मुक्तलयलाई मिसाएर तयार पारिएकाले यसमा पाठक रमाउने सम्भावना भने कम छ ।

२४. **'मौन विद्रोह'**

लामो समयदेखि अमेरिका बस्दै आएका चितवनका स्रष्टा सुवास घिमिरेको औपन्यासिक कृति हो, 'मौन विद्रोह' (२०८०) । यसअघि मूलतः नेपाली साहित्यलाई अङ्ग्रेजी भाषमा अनुवाद गरी देश विदेशमा फैलाउन लागि परेका स्रष्टा घिमिरेले एउटै विषयलाई लिएर नेपाली र अङ्ग्रेजी भाषामा दुई वटा उपन्यास एकैचोटि प्रकाशित गराएका छन्, जसमा 'मौन विद्रोह' नेपाली भाषा र 'द साइलेन्ट रिबिलेसन' अङ्ग्रेजीमा प्रकाशित छ । उनका यी कृतिहरूको प्रकाशन शिखा बुक्स, काठमाडौँले गरेको हो । यो औपन्यासिक कृति समकालीन नेपाली समाज बुझ्नका लागि निकै उपयोगी देखिन्छ ।

२५. **'लोककथा सङ्ग्रह'**

चितवनका निकै पाका स्रष्टा कृष्णप्रसाद पण्डितको लोककथाको सङ्कलन हो, 'लोककथा सङ्ग्रह' (२०८०) । हाम्रो सिर्जना त्रैमासिक पत्रिका, चितवनले प्रकाशित गरेको यो कृति मौलिक सिर्जनाभन्दा पनि सङ्कलनकार्यको नमुना हो । समाजमा छरिएर रहेका विविध खालका भाव भएका १८ वटा लोककथालाई भेला पारेर तयार पारिएको यो कृति लोकसाहित्यमा लाग्न चाहनेका लागि निकै उपयोगी देखिन्छ ।

२६. **'लौरी हजुरबुबाको'**

भरतपुर महानगरपालिका वार्ड नं. १२ मा स्थायी रूपमा बसोबास गर्ने विद्या भण्डारी चिराग नेपाली साहित्यमा मूलतः बालसाहित्य र गजलमा परिचय बनाइसकेकी स्रष्टा हुन् । उनको पछिल्लो कृति 'लौरी हजुरबुबाको' (२०८०) गजल र बालसाहित्यको मेल भएको बालगजलसङ्ग्रह हो । यो कृतिको प्रकाशक नीलकण्ठ पौडेल गुठी, भरतपुर हो । यो कृतिको एउटा पृष्ठमा गजल र अर्को पृष्ठमा त्यो गजललाई सुहाउँदो खालको श्याम श्वेत खालको चित्र पनि राखिएको छ । जम्मा बीसवटा गजल राखिएको यो कृति बालबालिकालाई गजलबाट मनोरञ्जन लिन र गजल लेख्न समेत अभिप्रेरित गर्ने खालको बालउपयोगी सामग्री बनेर आएको छ ।

२७. **'वर्ण टुक्कामाला'**

भरतपुर महानगरपालिका वार्ड नं. १४, राधापुरमा स्थायी बसोबास गर्ने इन्दु श्रेष्ठ अवकासप्राप्त शिक्षक हुन् । उनको पहिलो कृतिका रूपमा 'वर्ण टुक्कामाला' (२०८०) प्रकाशित भएको छ । भुँडीपुराण प्रकाशन, काठमाडौँले प्रकाशित गरेको यो कृतिमा बालबालिकालाई लक्षित गरी रङ्गीन चित्र र त्योसँग मिल्ने टुक्का कविताहरू राखिएका छन् । यो कृतिमा तीन खण्ड छन् । पहिलो खण्डमा कदेखि ज्ञसम्मका व्यञ्जन वर्णबाट टुक्का तयार पारिएका छन् भने दोस्रो खण्डमा अदेखि अःसम्मका स्वर वर्णबाट टुक्काको सिर्जना गरिएको छ । त्यसै गरी तेस्रो खण्डमा विविध भावका पन्ध्र वटा टुक्काहरू समेटिएका छन् । त्यसैले यो बालउपयोगी सामग्री हो ।

२८. **'स्मृतिका आयामहरू'**

लेखक हरिभक्त अधिकारीको संस्मरण सङ्ग्रह हो, 'स्मृतिका आयामहरू' (२०८०) । जम्मा ११३ पृष्ठको आयाममा फैलिएको यो कृतिको प्रकाशन त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासीले गरेको हो । शिक्षा कार्यालयमा लामो समय काम गरेका अधिकारीका जीवन भोगाइहरू प्रस्तुत गरिएको यो कृतिमा मझौला खालका पन्ध्रवटा संस्मरणात्मक निबन्धहरू समेटिएका छन् । यो पाका उमेरका पाठकका लागि उपयोगी सामग्री हो ।

२९. **'हायु जातिको सांस्कृतिक सम्पदा र यसको संरक्षण'**

चितवनका वरिष्ठ समालोचक तथा अन्वेषक डी. आर. पोखरेलको अनुसन्धानात्मक कृति हो, 'हायु जातिको सांस्कृतिक सम्पदा र यसको संरक्षण' (२०८०) । यो कृतिलाई हाम्रो सिर्जना त्रैमासिक पत्रिका प्रकाशन, चितवनले प्रकाशित गरेको हो । अनुसन्धानका अवयवहरूको प्रयोग गरी तयार पारिएको यो कृतिमा जम्मा पाँच परिच्छेहरू छन् भने

कृतिको अन्त्यमा सन्दर्भ सामग्री राखिएको छ। यो कृतिले लोपोन्मुख हायु जातिको संस्कृति र यसको संरक्षण गरिएका कदमहरूलाई राम्ररी चिनाएको छ त्यसैले यो चितवनको मात्र नभई राज्यकै गैरसाहित्यिक निधि हो।

३०. **'हीरा सति'**

महाकाव्यको सिर्जनामा निरन्तर लागिपरेका महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु'को दोस्रो महाकाव्य हो, 'हीरा सति' महाकाव्य (२०८०)। त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासीले प्रकाशन गरेको यो महाकाव्य आकारका हिसाबले निकै विशाल छ। कूल ९९८ पृष्ठको भीमकाय रूप लिएर आएको यो महाकाव्यमा एक सय आठवटा त सर्ग नै छन्। महाकाव्यकारले निकै मेहनत गरेर तयार पारेको यो कृति छिचोलेर पढ्नका लागि पाठकले पनि निकै मेहनत गर्नुपर्ने देखिन्छ। यसर्थ यो कृति व्यक्तिगतभन्दा पनि पुस्तकालय प्रयोजनका लागि उपयुक्त हुन्छ।

यसरी २०८० सालमा भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास गर्ने कवि तथा सर्जकहरूले कविता, गीत, मुक्तक, टुक्का, महाकाव्य, कथा, उपन्यास, यात्रा, संस्मरण, बालसाहित्य, अनुवाद, समीक्षा, अनुसन्धान, समालोचनाजस्ता विविध विधाका कृतिहरू प्रकाशित गरेको देखिन्छ। यस्ता कृतिले नेपाली साहित्यको भण्डार भर्ने काम मात्र नगरी नेपाली साहित्यलाई अग्रगतिमा लैजाने काम पनि गरेको छ।

**२०८० सालका भरतपुरका समग्र कृतिको मूल प्राप्ति**

भरतपुर महानगरका स्रष्टाहरूका २०८० सालमा विविध विधाका कृतिहरू प्रकाशित भएको भए पनि कविता, आख्यान र समालोचना बढी प्रभावकारी छन्। तिनमा कवि रेशम विरहीको 'प्रतिरोधको लय', प्रकाश चापागाईको ' कमिलाको प्वाँख', गणेश श्रमणको 'आगो लिएर गाउँ गाउँमा', विवेकीको 'चस्मा' र भूपिनको 'भूपिनका कविता' निकै सुन्दर कविताकृति हुन्। त्यस्तै यो वर्ष प्रकाशित आख्यानमा टीकाराम रेग्मीको कथाकृति 'बाँसुरीको धुन' र किसानप्रेमीको लघुकथा 'झुपडीको व्यथा' निकै उत्कृष्ट कृति हुन्। समालोचनाको खडेरी परेको यो समयमा आएको दीपकप्रसाद गौतमको 'अमर त्यागीका कवितामा वस्तुविधान' शीर्षकको कृतिले कविताको सिद्धान्त बुझाउने काम गरेको छ भने डा. एकनारायण पौडेलको 'नेपाली उपन्यासमा आञ्चलिकता'ले आञ्चलिकताको सिद्धान्त बुझाउनुका साथै त्यसलाई कथामा के कसरी प्रयोग गर्न सकिन्छ भन्ने व्याख्यासमेत गरेको छ। त्यस्तै रमेश प्रभातको निसमालोचना नाम दिइएको 'अलिकति फरक कुरा' केही फरक स्वाद दिने समालोचनात्मक कृति बनेर आएको छ। यसले समालोचना पनि साहित्यजस्तै पढ्ने सामग्री हो भन्ने सन्देश दिन खोजेको छ।

■■■

**कविता-गुरुङ भाषा**

## "नेपाल ट दो म्हयोंब लन"

**(नेपाल फूल जस्तो बनाउ)**

**चन्द्रमान गुरुङ**

चुरै मुँ नौदो नमस्यों चुरै मुं नुवा हिमाल
ताई न्हवल तुँ क्यु तुं नोसी दिब नेपाल
शान्तिदूत बुद्ध फिवा आमा नेपाल
ताँइवे लैदे प्ये ताँ ल्हुता फ्यासी टिवा चु नेपाल

ङ्यो आमाई फिवा थेवा प्यूं च्हमै पौरख
आम्लेदो आवदो आलदो लाख-पाख
सैं रैं बेंदो म्रु थेंवा पृथ्वी विकास

ङ्यौंदे न्याय पिंवा स्पयम्भु मु नेपाल रै
ज्ञान पिंव क्र थे म्हि थे मुं चु हयुल रै

खो खो ताई ल्हो के खे के लसी प्रेइ टिन
ङ्योई ह्युल ङ्योई कुल तांइज्यै थेवा लन

तले प्रब तले छैब क्रिहसी प्रेइ दिन
आव्हव आस्यब लोसी ङबैसी नेपाल छ्याँव लन

च्याले टिव लि लि तब आरे तारे दिन
चले थले प्रले टि ले क्रिहे तसी टिन

आ प्वेहोनो आछेदो ङ्यों ताई क्रही तन
ङ्योल ह्युल नेपाल ट दो म्ह्योवै लन

सैं फो क्रिहसी यो यो क्हासी प्राडी तसी टिन
थे वा मुई अशिमला सैं न्होरै थेंन

■■■

परिचर्चा

# बाल साहित्यमा रूपान्तरणको अपरिहार्यता



✍ रह शर्मा
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**१. विषयप्रवेश**

वर्तमानका बालबालिका आजका कोपिला त हुँदै हुन्, भोलिका सभ्य समाज निर्माणका कर्णधार पनि हुन् । उनीहरूको बुद्धि विकासको प्रस्थान विन्दुमा जस्तो ज्ञान, शिक्षा, सिप र आनीबानीको बारे प्रशिक्षण दिइन्छ, त्यसैअनुसार उनीहरूले ग्रहण गर्छन् । बिहानीले दिउँसोको सङ्केत गर्दछ भनेझैँ उनीहरूले सुरुको बेला बुझेका कुराले उनीहरूको मस्तिष्कमा पछिसम्म त्यसैअनुसार प्रभाव पार्दछ । त्यै जगको कारण उनीहरू उत्तम, मध्यम वा सामान्य बन्दै जान्छन् । विद्यालयमा सिकाइएका हरेक विषयलाई आफ्नो घरमा पनि त्यही मान्यता र मर्मबमोजिम सिकाउन सकियो भने उनीहरूको इच्छाअनुसार उच्च शिक्षा हासिल गर्न तेजिलो बन्न सघाउँछ । मनोरञ्जनात्मक शैलीमा सिर्जना गरिएको बाल साहित्यले नै उनीहरूलाई कक्षाकोठामा र घरमा समेत पढ्ने संस्कृतिको विकास हुँदै जान्छ । सरल भाषामा सूचनामूलक, ज्ञानबर्द्धक, सामान्य चलनचल्तीका भाषा र शब्द प्रयोग गरेर बालबालिकाले टपक्क टिपेर खरर भन्न सक्ने बालबालिकाको लागि उपयोगी र तिनले मनपराउने रचना वा पाठ्यसामग्री बाल साहित्य हो । बालबालिका आफ्नै तरिकाले रचना गरिएको होस् या वयश्क, किशोर, प्रौढ जोसुकैले बालबालिकाकै लागि रचिएका पाठ्यसामग्री हुन् ती सबै बाल साहित्य नै हुन् । जुनकुनै विधामा होस् बालबालिकाहरूप्रति लक्षित गरी सिर्जना गरिएका सामग्री भन्नु बाल साहित्य हो । बालबालिकाहरूको लागि प्रेरणा जगाउने, ज्ञानबर्द्धक, बालपोयोगी मनोरञ्जनात्मक शैलीले बालमनोभावना स्पर्श गर्न सक्नु भनेको सफल बाल साहित्य सिर्जना गर्नु हो ।

**२. परम्परागत मान्यता र विश्वास**

हाम्रो पुस्ताका हामीहरू जस्ताको मस्तिष्कमा जरा गाडेझैँ गडेर रहेको आस्थागत विश्वासको कारण कैयौँ बालबालिकाहरूको मस्तिष्कमा पनि त्यस्तै खाले पुरातनयुक्त विषयवस्तुले ढपक्कै ढाकेको देखिन्छ । मुलुकका पिछडिएका क्षेत्र कुना-कुनातिर मात्र होइन विकसित क्षेत्रमा समेत संस्कार-संस्कृतिका नाममा हुने गरेका अमानवीय मानव बली, छाउपडीजस्ता विकृत मनस्थितिले ग्रस्त अध्यात्मवादी चेतना जगाउने वातावरणले बालबालिकालाई सानै उमेरदेखि त्यस्तै भावको विजारोपण हुन्छ । त्यस्ता विकृतभावको अन्त्य गर्न ठाउँ-ठाउँमा पुगेर आधुनिक विचार रोप्न हामी पुग्न सकेका छैनौँ ।

बालबालिकाहरूको अधिकांश समय इन्टरनेटको ल्यापटप, डेक्सटप, आइप्याड र कार्टुन चित्रको झोलुङ्गोमा झुण्डिरहने बानी छ । त्यस्तो बानीलाई सुधार्नेभन्दा हाम्रो संस्कृति साना बालबालिकालाई मोबाइल खेलाउन दिएर आफू अन्यत्र काम गर्ने आदतको विकास हुँदै गएको छ । त्यतिमात्र हैन, आफू पनि त्यही मोबाइलमा झुण्डिइसमय बितेको पत्तो नभई घरको कामधन्दा लठपत्र भएका घटना प्रशस्त छन् । दूरदराजका बालबालिका र इन्टरनेट तथा इलेक्ट्रोनिक्स युगका बालबालिकाको स्तर नमिल्ने हुँदा ती हामीले सृष्टि गरेका बालसाहित्य कुनप्रति लक्षित छ किटेर भन्न सकिने अवस्था पनि छैन ।

सामाजिक विकृति भित्र्याउने, अन्याय, अत्याचार, बलात्कार, शोषण, दमन, भ्रष्टाचार, व्यभिचार, पाखण्डी सोचको अन्त्य गर्दै ठुलो-सानो, धनी-गरिबका बिच समान व्यवहार गर्नु पर्नेमा असमान व्यवहार गर्दा र प्राकृतिक विपत्तिमा पर्दा भाग्यले हो, कर्मको फल हो, लेखान्त त्यही रहेछ, भावीको इच्छा, भोग त्यही रहेछ भनेर जुन आजसम्म नबुझेका व्यक्तिहरूले त बुझेनन्-बुझेनन् बुझेका र पढेलेखेका भन्ने बुद्धिजीवी भनिनेहरूबाट समेत स्वीकार गर्दै गरेको देख्दा भावी कर्णधार बालबालिकाहरूले त्यसको सिको गर्दैनन् भनेर कसरी पत्याउने ? वर्तमानको उपलब्धि लोकतन्त्रमा दुईवटा संस्कृतिको विकास हुँदै गएको छ - एउटा शक्तिको वरिपरि रिगेट रहने शक्तिपूजक र अर्को शक्तिभन्दा पृथक् रहेर वास्तविक तथ्यमा आधारित संस्कृति । पहिलो शक्तिको पहुँचमा आश्रित व्यक्तिपरक, अन्धविश्वासी, परम्परागत कुसंस्कार, भाग्यवादलगायतका आडमा रहेर शक्तिको गुणगानमा लिप्त हुने हुँदा त्यस्ताले लेख्ने साहित्यमा रूपान्तरण वा प्रगतिशील चेतको अभाव हुन्छ । दोस्रोले शक्तिको सेपबाट मुक्त भएर लेख्न सके भने प्रगतिशील भावले जागृत गराउन समर्थवान हुन्छ तर त्यस्ता व्यक्ति पनि निरीह बन्दै गएको अवस्था छ ।

पौराणिक धर्मग्रन्थ **रामायण, महाभारत, शुखसागर, कृष्णचरित्र**लगायतका लिखित कथा, अन्य अलिखित मुखले केटाकेटीलाई फुलाउन भनिँदै आएका दन्त्यकथा तथा विभिन्न सिनेमा-टेली सिरियलमा देखाइने असम्भव कल्पनाशील द्वन्द्वको दृश्य देख्दा त्यसकै अनुकरण नगर्लान भन्न सकिन्न। त्यस्तो अनुकरण गर्दै गए भोलिका हाम्रा भविष्यका आशाका ती मुनाहरूको चरित्र, बानी-व्यहोरा पनि त त्यही सुने-बुझेका, पढेकाअनुसार नहोला कसरी भन्ने ? वैज्ञानिक तथ्य वस्तुपरक सत्यभन्दा टाढा रहेर गरिने अदृश्य र रहस्यमय आस्थाका यावत् क्रियाकलापले बालमस्तिष्कमा स्पर्श गर्दा भविष्यमा तिनले त्यसै नगर्लान् भन्न सकिन्न।

कलेजस्तरका भौतिकशास्त्र पढाउने प्राध्यापकहरूले छुट्टै पहिरनमा रहेर कुनै धर्मको कट्टर अनुयायी भएको देखाउने, वैज्ञानिक तथ्य पुष्टि गर्ने माध्यमिक तहका विज्ञान पढाउने शिक्षकले ढुङ्गाको पूजा र ढोग गर्ने, प्राथमिकस्तरका विद्यार्थीसँग दिनभर सँगै रहने शिक्षकहरू रङ्गीबिरङ्गी कागजको चित्रमा चन्दन-अक्षता-फूल चढाउने सादृश्य देखिँदै आएको बिनाआधार र तथ्यबेगरको निष्ठामा सचेत र चेतनशील मानव स्वरूप लुट् पुटिइरहेको सन्दर्भले बालमस्तिष्कमा पक्कै पनि सकारात्मक प्रभाव पार्दैन।

**साहित्यकार प्रमोद प्रधानको बालसाहित्यमा विनय कसजू योगदान र मूल्याङ्कन** अध्याय-तेह्र "विनय कसजूका विचारहरू"मा कसजू भन्छन् - "अहिलेको बालसाहित्य उपदेश र नैतिक पाठ सीमित हुन सक्दैन। यसले पाठकहरूलाई गद्‌गद् पार्दै नजानिँदो किसिमले सचेत र शिक्षित पनि पार्नुपर्छ। यसले विश्व वातावरणीय असन्तुलनले पार्ने दुस्प्रभावदेखि लिएर समाजभित्र हुने शोषण, उत्पीडन, असमानता, अन्याय, अन्धविश्वासजस्ता सामन्ती समाजका विचारहरूबाट पनि बालबालिकालाई जोगाउनुपर्ने हुन्छ।"

बालसाहित्यका अगुवा शान्तदास मानन्धर **प्रगतिशील साहित्यको इतिहास**, भाग एक, पृ. ४१ मा लेख्नुहुन्छ - "हामीहरू अचेलका बालपत्रिकामा प्रकाशित कतिपय सामग्रीमा समेत उपदेशात्मक वा आदेश दिने खालको शैलीमा लेखिएका कथा, अझ कवितासमेत पाउने गर्छौं। वास्तवमा यस्तो कुरा भेटिनु हाम्रो सामाजिक परम्पराको प्रभावले गर्दा हो। अर्को शब्दमा भन्ने हो भने यी हामीले कुरा गर्दा विरोध गरिरहेका तर व्यवहारमा भने आफूले अझै छाड्न नसकेका हामीभित्रै रहेका पुराना संस्कृतिका अवशेषहरू हुन्।"

ढ्याङ्ग्रो ठोकेर धामी-झाँक्रीले बिरामी मान्छेलाई थरथर कमाउन लगाएर निको पार्छ भन्ने भ्रमपूर्ण भावना फैलाइएको, फुकफाक गरेर ज्वरो, पेट दुःखेको, टाउको दुःखेको निको हुन्छ भन्ने, धुप-दीप सुँघाएर शरीरमा लागेको बिमार सन्चो हुने, टाउको दुख्दा पल्लो बारीको भूत भनेर मन्छाउने, पेट दुःखेमा वल्लो वारीको 'प्रेत' भन्ने, मुटु दुखे 'बान' लागेर भन्ने, गोडाजोर्नी दुखे नागले दुःख दिएको भन्ने, कामज्वरो आए कुलको पितृले त्यसो गरेको भन्ने अन्धविश्वासले त्यसो गर्दै गए हामी अगाडि बढ्न पटक्कै सक्दैनौं। त्यसैले परम्परागत मान्यताका परिवर्तित युगअनुसार अङ्गीकार गर्न पर्नेलाई स्वीकार्ने तर पुरानो भैसकेकाले त्यसले समाजमा विकासभन्दा विनास निम्त्याउनेलाई त्याग्दै अगाडि बढेमात्र बालबालिकामा परिवर्तनको चेतना घुसेर बाल साहित्य फराकिलो हुँदै जाने कुरा निश्चित छ तर हाम्रो समाज अझैसम्म त्यतातर्फ उन्मुख हुन सकेको जस्तो देखिएको छैन।

**३. सोच परिवर्तनको अपरिहार्यता**

हाम्रो समाजको संस्कृति, सहिष्णुता, परम्परागत रीतिरिवाज, संस्कार संरक्षण गर्ने नाममा भाग्यवाद र असम्भव काल्पनिकताको महासागरमा बालबालिकालाई पौडी खेल्न पठाउँदा तिनले सिक्ने यथास्थितिको पछि फर्कने बाटो या अगाडि बढ्ने परिवर्तनकारी बाटोका बारे अभिभावक नै कुहिरोको काग बनियो भने हाम्रा भोलिका आशाका केन्द्रहरूले के सिक्ने हुन् ? त्यो विचारणीय छ।

समानता सहितको लोकतन्त्र, सामाजिक न्याय, समृद्धि राष्ट्रको निम्ति बाधक बनेको सामन्ती राजसंस्थाको अन्त्य भई परिवर्तनका सम्वाहकको नेतृत्वमा राज्यसत्ता सञ्चालन हुँदासमेत सामाजिक रूपान्तरणसहितको नवनिर्माण हुन नसक्दो रहेछ। आवरणमा परिवर्तनको रातो रङ्ग पोतिएका भए पनि भित्री पत्रैपत्रमा यथास्थितिको कालो रङ्ग लत्पतिएको कारण जनमानसले सोचेअनुसार परिवर्तन हुने अवस्था देखिँदैन।

स्वर्ग, नर्क, पाप, धर्म, पूर्वजन्मप्रति असीम भक्तिभाव र विश्वासमा अडिग रहेर मन्दिरमा पूजापाठ गर्ने, भाकल पूरा गर्ने भन्दै देवताका रूपमा ठाउँठाउँका ढुङ्गामा पूजा गर्ने, ईश्वरको आराधना गर्ने, ध्यानमग्न भई भगवान्‌मा लिप्त हुने र अलौकिक शक्ति छ भन्ने संस्कृतिको छाप बाल मस्तिष्कमा पर्ने गरी गरिएका हरेक क्रियाकलापमा हामी लीन छौं। जीवनको उत्तरार्द्धमा निवृत्त जीवन व्यतीत गरिरहेकाहरूले मठ-मन्दिर धाउने, राम-कृष्ण-विष्णु लगायतका देवी-देवताका गुणगान बखान गर्नेगरी अनेक प्रकारका आस्थागत भजन-कीर्तनमा सरिक हुनु स्वाभाविकजस्तो भए पनि भर्खर जीवनको अनुभव सँगाल्दै नवीन र परिवर्तनका विज्ञानसम्मत आधुनिकता तर्फका विषयमा लाग्नु पर्नेमा श्री स्वस्थानी व्रतकथा लगायतका सुन्दै असम्भव र अस्वाभाविक लाग्ने प्रकार-प्रकारका

दन्त्य कथामा लिप्त भएको देख्दा आश्चर्य लागेर आउँछ । यस्ता असामाजिक र असम्भव कसैले लेखेको कथालाई मुख्य ठानेर व्रत बसी मनोकाङ्क्षा पूरा हुन्छ भन्ने सोचाइप्रति भविष्यका कर्णधार बालबालिकाले कसरी लिन्छन् ? यस्ता अवस्तुवादी धारणालाई निरुत्साहित गरी वस्तुपरक सोचलाई प्रश्रय नदिए त्यस्तो अवैज्ञानिक अवधारणाको अभिवृद्धि नहोला भन्न सकिन्न । त्यसो हुँदै गएमा समाजले आशातीत गति लिन सक्दैन ।

बालबालिकाको मन-मस्तिष्क कुमालेले माटाका भाँडा बनाउन ठिक्क पारेर चर्खामा घुमाउन लागेको र जस्तो आकारको भाँडो बनाउने हो, त्यस्तै बनाउन खोजेजस्तै हो । उठ्नेबित्तिकै पूजा कोठामा राखेको भगवान् नामको चित्रमा दुई हात जोर्न लगाउने, तुलसीको मठमा ढोग्न लगाउने, सूर्यलाई जल चढाई नमस्कार गर्न लगाउने, थालीमा फूल, अक्षता, अबिर, चन्दन, फलफूल लिएर भए नजिकको, नभए टाढाको मन्दिरमा गएर पूजाआजामा सरिक गराउने, वरपीपलको चौतारीमा पूजा गर्ने, ढुङ्गाको देउताको आकार देखे पूजा गर्ने, जहाँ-जहाँ पूजा गर्ने ठाउँ र मन्दिर तथा मूर्तिको आकृति देखिन्छ त्यहीँ-त्यहीँ पैसा चढाउँदै र अभिवादन गर्दै हिँड्ने प्रचलनले बालबालिकालाई कस्तो प्रभाव पर्छ ? विभिन्न चाडपर्वमा नाना प्रकारका पूजापाठ गर्ने-गराउने, महिलाको प्रजननूशक्ति विकास भएको पहिचान गर्ने रजस्वला अर्थात् मासिकश्राव बग्ने क्रियालाई अछुतो मानेर छोइछिटो गर्ने । संविधानले सबै जातप्रति समान व्यवहार गर्ने निर्देश गरिसक्दा पनि छुवाछुत गरिरहने, हुँदाहुँदा धारो, कुवा, इनार आदि छोइन्छ भनेर कथित तल्लो जातका मानिसलाई पानी छोएको नाममा कथित उपल्लो जातका भनिनेहरूबाट साङ्घातिक आक्रमणसम्म गरेका घटनाले बाल मस्तिष्कमा कस्तो असर पर्ला ? बोक्सी, डङ्किनी आदिका नाममा मानव आत्मालाई ठाउँठाउँमा अमानवीय तरिकाले गरिएका वीभत्स र क्रूर हत्याका शृङ्खलाका टेलिभिजनमा देखाइएका र अन्य सञ्चार माध्यममा देखाइएका दृश्यले कलिलो मस्तिष्कमा कस्तो छाप छोड्ला ?

अतः अभिभावकको चिन्तनमा समयानुकूल परिवर्तनका जराहरू जबसम्म फैलँदै जाँदैनन्, तबसम्म बालबालिकाको मन-मस्तिष्कमा युगान्तकारी परिवर्तनका ढोकाहरू खुल्दैनन् । हात्तीका देखाउने दाँत र खाने दाँत अलग हुन्छ भनेझैँ सामाजिक सभा-समारोहमा बोल्ने र त्यसको कार्यान्वयन पनि अलग देखिएकाले त्यो पनि सुधार नहुने हो भने उल्लेख्य प्रगति असम्भवजस्तै छ ।

**४. निष्कर्ष**

बाल साहित्य सिर्जना गर्ने कुरा चानचुने पक्कै होइन । त्यस सिर्जनाले बालबालिकाको मन-मस्तिष्कमा कस्तो स्पर्श गर्न सक्यो त्यो नै महत्त्वपूर्ण कुरा हो । तर कुन बालबालिकाले कस्तो ठाने भन्ने कुरा थाहा पाउन बालस्रष्टा, बालबालिकाको जमघट बनाई अन्तर्क्रिया गर्न सकेमात्र स्पर्श गर्न सके-नसकेको कुरा थाहा हुन्छ । तर अहिलेसम्म त्यसरी अन्तरक्रियात्मक कार्यक्रम हुन सकेको जानकारी हुन सकेको छैन । वर्ष-वर्षमा हुने बालबालिकाको हितमा काम गर्दै आएको 'नेपाल बाल साहित्य समाज'को वार्षिक सम्मेलनले मात्र उक्त कार्य पूरा हुने देखिँदैन । बाल साहित्य समाजले गर्दै आएका बाल साहित्यकार र बालबालिकाको लेखन बृद्धिका कार्य जति भएको छ, त्यो प्रशंसनीय भए पनि त्यो पर्याप्त चाहिँ होइन भन्ने ठानेको छु ।


नेपाल सरकारको पाठ्यक्रम निर्धारण केन्द्रसँग हाम्रो बाल साहित्य समाजको सामीप्य, सम्बन्ध र निकटता कस्तो छ ? त्यसले पनि हाम्रा बालकविता, कथा, निबन्ध, उपन्यास, चित्रकला लगायतका बाल सामग्री पाठ्यक्रममा छनोट हुन सघाउँछ । त्यसका बारे हामी कति चनाखो छौँ, हामीहरू मध्येका कतिका रचना छनोटमा परे ? वा ती छनोटमा परेका पाठ्यसामग्रीहरु, पौराणिक चिन्तन, कर्मकाण्डीय रीति-परम्परा वा रूढीवादी असम्भव कल्पनाशील विचारबाट मुक्त छन्-छैनन् ? ती व्यक्तिगत सम्बन्ध र पहुँचका आधारमा परे या संस्थाकै सिफारिसमा, सिर्जना स्तरीय भएर या विज्ञको परामर्शमा वा धार्मिक अनुष्ठान गाथा गायन गरेकाले परे त्यसका बारे केही भन्न सकिएको छैन । त्यसरी छनोट हुने बाल सामग्रीले बालबालिकाको भविष्यमा समाज रूपान्तरण गर्न सघाउने हुन्छ र त्यसैले अवश्यमेव संस्थागत परामर्शका आधारमा निर्धारण हुन सके अपनत्वको महसुस हुन्छ । संस्थाको गरिमा पनि बढ्छ कि भन्ने मेरो अभिमत रहेको छ । विगतमा भन्दा वर्तमानमा सामाजिक क्षेत्रमा सांस्कृतिक रूपान्तरण भई परिवर्तनका नवीनतम शृङ्खला देख्न पर्नेमा प्रायः युवा-युवतीमा समेत नयाँ र अग्रगामी सोचभन्दा परम्परागत पुरातन सोचमा रमाउन थालेको जस्तो देखिँदा परिवर्तन त निक्कै टाढा छ कि भन्ने भानलाई चिर्न निक्कै ठुलो साहस र त्यागको खाँचो टड्कारो देखिएको छ ।

**सन्दर्भ सामग्रीसूची**

*बाल साहित्य,* वार्षिक जर्नल, २०६६ : १८ ।
*बाल साहित्य,* वार्षिक जर्नल, २०७३ : २१ ।
*बाल साहित्य,* वार्षिक जर्नल, २०७४ : २२ ।
*प्रगतिशील साहित्यको इतिहास,* भाग १ ।

मित्र साहित्य

# तिमी त्यति राम्री नहुनु पर्ने



रामबाबु घिमिरे
*अध्यक्ष-रत्ननगर वाङ्मय प्रतिष्ठान*

तिम्रो रूपको वर्णन गरी म आफूलाई कञ्जुस ठहऱ्याउन चाहन्न । तिमी राम्री छ्यौ - सायद यति नै काफी छ । नारी रूप-वर्णनमा विश्व साहित्यका अनगिन्ति पृष्ठ खर्च भएका छन् । म पुनरावृत्ति गर्न चाहन्न । अँ, आजकल नारीको रूपमा मात्र वर्णन गर्दा अन्य क्षमता अनदेखा गरियो भन्ने पनि सुनिन्छ । सङ्क्षिप्तमा भन्दा तिम्रो रूपलावण्यले मजस्ता कमलो मनकाहरूले धैर्यता गुमाउन सक्छन् । त्यसैले तिमीसित एक्कासी हेर्न नसकी मन तिमीतिर नै भए पनि आँखा अन्तै लान्छु तर चुम्बकले फलाम झैँ तानिएको हुन्छु र मुस्किलले अलगिन्छु ।

निद्रा नपरेको रात म तिम्रो कल्पनामा निदाउँछु । भरखरको जवान भैदिन्छु र औपन्यासिक प्रेम प्रारम्भ गर्छु । सत्य, तिम्रो र मेरो वनपाखा, पखेरा, खोलानाला, झरना, पार्क, रेष्टुरेन्ट तथा एकान्त वन्य-प्रान्त आदि कैयौँ ठाउँमा भेट भएको छ । मैले तिमीलाई कैयौँ उपहार दिएको हुन्छु र तिमीले मलाई भएभरको अर्थात् एउटा नारीले पुरुषलाई दिन सक्ने माया गरेकी हुन्छ्यौ । म सैनिक बनी युद्ध भूमिमा जाँदा, उच्च शिक्षाको लागि बेलायत, अमेरिका वा रुस जाँदा, राजनीतिक बन्दीको रूपमा जेल पर्दा अथवा भनौँ म पैसा कमाउन खाडी देश जाँदा (प्रिय ! मदन भोट गएको थाहा नै होला) वा कष्टसाध्य रोगले महिनौँ हस्पिटलाइज्ड हुँदा (बाँच्ने आशा कम र मर्ने सम्भावना बढी) तिमीले वर्षौं-वर्ष मेरो प्रतीक्षा गरेकी हुन्छ्यौ । कुनै कुनै रात तिम्रो पराइ पुरुषसँग विवाह हुन खोज्दा तिमीले मण्डपबाट नै विद्रोह गरेकी हुन्छ्यौ अनि कुनै रात जमिन्दार, ठेकेदार वा भनौँ दुई नम्बरको कारोबार अथवा भ्रष्टाचार गर्नेको गुण्डो छोरासँग विवाहको निधो भइदिन्छ र मैले बडो मुस्किलले उसको पञ्जाबाट छुटाएको हुन्छु ।

हो, (अपराध स्वीकार्नु पर्छ रे क्रिस्चियन धर्ममा आफू त हिन्दुमार्का परियो तैपनि) तिमीलाई मैले कयौँ पटक भगाएको छु । भागेर हामी कहिले पोखरा, कहिले सुर्खेत, कहिले धरान त कहिले धनकुटा पुगेका हुन्छौँ । अनि कयौँ पटक त हामीले पहाडी जिल्ला मनाङ, मुस्ताङ, रोल्पा, डोल्पामा मास्टरी गरेको हुन्छु र साथमा तिमी हुन्छ्यौ । कयौँ रात त तिमीलाई भगाउने तरखरमा नै निदाएको हुन्छु र सपनाभरि हामी भागेका हुन्छौँ । तिमीलाई लिएर हिंड्नु पनि त कम खतरा छैन, थाहै होला प्रिय ! एक इतिहासकारले भनेका छन् - क्लियोपेत्राको नाक अलिकता मात्र लामो भएको भए आजको विश्वको राजनैतिक भूगोल अर्को हुन्थ्यो रे ! त्यसैले म हरबखत चनाखो हुन्छु । तिम्रो सुरक्षाको लागि गुन्डाको त के कुरा कुनै पनि विश्व शक्तिसँग लड्न तयार छु । आणविक हतियारभन्दा आत्मबल शक्तिशाली हुन्छ । महात्मा गान्धी खालिहात अङ्ग्रेजसँग लडे जसको साम्राज्यमा सूर्यास्त हुँदैनथ्यो ।

म प्रायः अनिदो देखिन्छु - कारण तिमी रिसाएकी बहाना गर्दा फकाउँदाफकाउँदा रात बितिसकेको हुन्छ । तिमीलाई मनमा खेलाउँदा म भ्रमित भैसकेको छु सायद लाग्छ - मैले वास्तविकतामा नै तिमीलाई पाएको छु ।

थाहा छ, यथार्थमा तिमी मेरो प्राप्तिको सीमाभन्दा बाहिर छ्यौ । तिम्रो कल्पना गर्नु वा कुनै स्वर्गकी अप्सराको अथवा कुनै चलचित्रको नायिकाको कल्पना गर्नुमा कुनै अन्तर छैन तर तैपनि स्वर्गकी अप्सरा कोरा वर्णन मात्र, चलचित्रकी नायिका मात्र छायाङ्कन, तर तिमी प्रत्यक्ष सग्लो सजीवन नारी-सुन्दरताको जीवन्त प्रतिमूर्ति । ढुङ्गालाई साक्षात् ईश्वर मान्ने मेरो हिन्दु संस्कार ।

कटु यथार्थमा - हाम्रो भेटघाटमा हामी बोल्दैनौ, आजसम्म हाम्रो बोलीचाली मिसिएको छैन तर यसको अर्थ हामी पर छौँ भन्ने होइन । हाम्रो प्रेमलाई मौन प्रेम भनिदिए हुन्छ । आत्मीयताको लागि शारीरिक निकटता नै हुनुपर्छ भन्ने केही छैन । धरतीको मान्छे स्वर्गको देवताको उपासना

गर्छ भने हामी त एउटै गाउँका । तिमी हिंडेको बाटो म कैयौँ पटक हिंडेको छु, तिमी रुझेको झरीमा म रुझेको छु अनि तिम्रो चुल्ठोमा सिउरेका सयपत्री फूलको सुगन्ध मैले अनुभव गरेको छु ।

भन्छन् - पागल, कवि र प्रेमीलाई निद्रा लाग्दैन । यतिखेर, अर्थात् यो कालरात्रीमा म उपासना गर्दै छु । जुनेली रात आउने निश्चितता भएपछि कालरात्रीको कहर पनि खप्ने हिम्मत बढ्दो रहेछ । यो, यतिखेर तिमी मस्त निद्रामा परेकी हौली, तिम्रो निद्रामा मैले आफ्नो सपना देख्ने गरेको छु ।

भयो भो, यस्ता गन्थन मनोभ्रम कुरा । आत्मपलायनको दिग्दारिलो व्यथा-कथा । म अब हिम्मतिलो, आँटिलो र साहसिलो बन्ने तरखरमा छु । भन्छन् - वीर भोग्या बसुन्धरा । अब भेट हुँदा कवि रिमालको निर्देशानुसार म प्रष्ट प्रस्ताव राख्नेछु - म तिमीलाई गर्भाधान गर्छु । एउटा पराक्रमी पुत्र प्राप्तिको सपना तिमीमा पनि होला ।

हुनसक्छ, यस्तै मनस्थितिले रिमाल बौलाए । मलाई पनि आक्षेप लाग्न सक्छ तर मलाई किञ्चित पर्वाह छैन, कारण तिम्रो प्रेममा म बौलाउन तयार छु । मलाई तिम्रो प्रेम रक्सी जस्तै वा गाँजाजस्तै लागोस् । म तिम्रो प्रेममा उत्सर्गित हुन चाहन्छु, आफ्नो अस्तित्व मेट्न चाहन्छु । शिवजीको अर्धनारेश्वरको रूप धारणा गर्न तयार छु ।

तर प्रिय ! म मिलनको लागि आतुर छैन, म वर्षौंवर्ष प्रतीक्षा गर्न तयार छु, युगयुग प्रतीक्षा गर्न तयार छु । यदि तिमीलाई पुनर्जन्ममा विश्वास छ भने तिम्रो प्राप्तिका लागि म पुनर्जन्म (हिन्दु संस्कार भन्छ - अर्को जन्म लिन नपरोस्) लिन तयार छु । भन्नेले जे भनून् म कल्पकल्पान्तर विषय-वासनामा रुमलिन तयार छु । होइन, तिमीलाई आत्माको अमरतामा विश्वास छ भने (आइन्सटाइन विश्वास मान्थे रे) म यो नश्वर चोला त्याग्न तयार छु ।

तर....... प्रिय ! तिमीलाई किन ढाटूँ - अथाह यातना अनुभव गर्दै छु । हे सुन्दरताको देवी ! कमसेकम मेरो मानसिक सन्तुलनका लागि तिमी यति राम्री नहुनु पर्ने ।

(रचना मितिः २०४४)

कविता

# समय सन्दर्भ



✍ **अमृता रामदाम**
प्राज्ञ सभा सदस्य, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान

१
मुखियाकै बसमा छ जीवनको रेखा
शक्तिशाली बन्नसक्ने कोरौं भाग्यलेखा ।

२
हिजो मुटु दिन्छु भन्ने दु:ख पर्दा तर्के
पैसाबिना नाता खल्लो आज आँखा मर्के ।

३
ब्वाँसोको नै जमातमा मृग हराएछन्
शासकको दमनमा सधैँ डराएछन् ।

४
कतै जुका कतै किर्ना चुसे हाम्रो खुन
औँसी रात सूर्य ग्रह बन्दैछे के जून ।


५
अब जागौँ निर्धाहरू जुर्मुराइ उठौं
यो दुर्गन्ध समाजमा चेतनाले चुठौं ।

६
यता नारी उता पुरुष कोछ यहाँ सुखी
आफ्नो आफ्नो भागभोग भोग्दै भए दु:खी

७
कतै खुशी सिन्दुरले भाग्य चम्किएर
कतै रोए कठै ! खुशीबाट उम्किएर ।

८
रैछ सिन्दुर भाइरस जिन्दगी थलियो
भन्छन् आफ्नै कर्म दोषी रैनछ बलियो ।

# कलाकार गुणेन्द्र कमली : संक्षिप्त परचिय



✍रामहरि श्रेष्ठ
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

पाठकवृन्द ! यहाँहरूले चिन्नुभएको, सुन्नुभएको वा नसुन्नुभएको, नदेख्नुभएको होला कलाकार "गुणेन्द्र कमली" लाई। यहाँ उनैका सन्दर्भ र परिचय पस्कने जमर्को गरेको छु। उनी छायाँमा परेका चितवनका मूर्धन्य कलाकार हुन् । चितवनको माटोलाई कलाको कर्मभूमि बनाएर २२ वर्षीय किशोरावस्थादेखि जीवनको उत्तरार्धसम्म निरन्तर कलामा साधनारत छन्। अब चितवनमा उनको उमेरका कुनै पनि स्तरीय कलाकार जीवित छैनन्। पुराना पिँढीका कतिले उनलाई सुनेका वा देखेका छन् तर, नयाँ पुस्ताकाहरू कमै मात्र परिचित छन्। तथापि कलाप्रति रुचि लिनेहरूलाई उनको परिचयको महत्त्व अवश्य पनि रहने छ।

उनी चितवनका अधिल्लो पुस्ताका शिर्षस्थ कलाकारहरू मध्ये सर्वाधिक कला सिर्जनारत कलाकार हुन् । यो कुरा सुन्नेलाई अचम्म लाग्न सक्छ । यथार्थमा उनले चितवनमा अनगिन्ति तेल चित्र र मूर्तिकला सिर्जना गरेका छन् । उनको भनाईबाट सहजै अनुमान गर्न सकिन्छ।




**परिचय**

उनी भरतपुर महानगरपालीका वार्ड नं. १४ हनुमाननगर निवासी हुन्। पहाड घर लमजुङ चिती हो । उनको जन्म : त्रिजुगा (उदयपुर) (बि.सं. २००८ साल जेठ ७ गते, तदनुसार इ.सं. १९५१-०५-२१) मा भएको हो । पिता टेकबहादुर कमली र माता पम्फामाया कमलीका एक मात्र सुपुत्र हुन् गुणेन्द्र कमली। उनका एक छोरा र एक छोरी छन्। (छोरा-बुहारी बेलायतमा र छोरी-ज्वाइँ अमेरिकामा)। दुबैतर्फ एक-एक नातिनी छन्। छोरातर्फकी नातिनी भने हजुरबा-आमासँग नेपालमै छिन्। कमलीको कला चर्चा मैले धेरै सुनेको छु। उनको सिर्जना कतिपय विद्यालय र सरकारी कार्यालयहरूमा देखेको पनि छु। प्रथम पटक उनीसँग २०४३ सालतिर नारायणगढमा भेटेको थिएँ। त्यसपछि उनी सधैं गाउँमा र म सधैं बजारमा भएँ। यस बीचमा कहिल्यै हाम्रो भेट हुने अवसर जुरेन। आफू पनि कहिलेकाहिँ कलाकर्मकै विषयमा कलम चलाउने भएकाले यसपटक महानगर दर्पणमा कमलीकै सङ्क्षिप्त परिचय पस्कन चाहें।

उनी कहाँ बस्छन् ? कस्तो अवस्थामा छन् ? भन्ने जिज्ञासा विगतदेखि नै थियो । गैंडाकोट निवासी सुपरिचित चित्रकार भीम शर्माका अनुसार "उनको निवास शिवनगरमा हो" भन्ने सूचना प्राप्त गरेको थिएँ तर, होइन रहेछ। मनभरी उत्सुकता बोकेर २०८१ फागुन २७ गते शिवनगर बजार पुगें । उनको बारेमा सोधिखोजि गरें । एकजना स्थानीय मित्रले भने, "म चिन्दछु उनलाई । उनको बसाई शिवनगरमा होइन । तपाई धेरै कटेर अगाडि आउनु भयो । आउनु भएकै बाटो सिधै फर्केर जानुस, पहिलो चोक आएपछि दाहिने मोडिनुस। त्यहाँबाट पनि १ की.मी. पर पुगेपछि अर्को चोक आउँछ र कसैसँग सोध्नुभयो भने ठ्याक्कै पत्ता लाग्छ।"

ती स्थानीयले भनेबमोजिम तीन की.मी. बाटो फर्केर गएँ। धेरै समयदेखि भेट्न चाहेको गुणेन्द्र कमलीलाई अब त पक्कै भेट्न पाउने भएँ भन्ने विश्वास लिएँ। मनमनै खुसी भएँ। तर, विश्वासले धोका खायो।

त्यहाँ चोकमा किराना पसलको आँगनमा सभ्य देखिने दुईजना पाका मानिस बेञ्चमा बसेर गफ गरिरहेको देखें । उनकै सामु पुगें । सोधनीपुछनी गरें । ती मध्ये एकले मलाई चिनेका रहेछन्। मैले चाहिँ बिर्सेको रहेछु। उनले भने, "तपाईं रामहरि सर होइन ? तपाईं र हामी २०४६ सालको आन्दोलनमा सँगै प्रहरी हिरासतमा परेका थियौं । तपाईंले खोज्नुभएको व्यक्तिलाई म राम्ररी चिन्दछु । उहाँ आर्टिस्ट हुनुहुन्छ। उहाँको घर त यहाँ होइन, हनुमाननगरमा पर्छ। हजुर पुनः फर्कनुस र शिवनगरमै पुग्नुस। त्यहाँबाट सिधै तलतिर लाग्नुस्। निकै तल पुगेपछि एउटा चोक आउँछ। त्यसपछि बाँयातिर लाग्नुस। केही पर अर्को चोक आउँछ। त्यो पनि कटेपछि बल्ल हनुमाननगर आउँछ। त्यहाँ कसैलाई सोध्नुभयो भने सजिलै पत्ता लाग्छ।"

उनको भनाईबाट म विश्वस्थ भएँ। बिहानको ११ बज्दै थियो। हपहपी गर्मी खाँदै पुनः फर्केर शिवनगर पुगें। दोबाटो र चौबाटो जहाँ जहाँ आउँछ त्यहाँ रोकिंदै हनुमाननगर पुग्ने बाटो सोध्दै अगाडि बढ्दै गएँ। उनको निवास नजिकै पुग्न सफल भएँ। अन्तमा एक अधबैंसे महिलाले औंला सोझ्याउँदै भनिन्, "ऊ त्यो जालीको बार भएको

घर हो।" घर नै देखेपछि भने मनमा खुसी भरियो। चर्को गर्मी, ओहर दोहरको हैरानी र भोक तिर्खा सबै विर्सिएँ। घर अगाडि पुगेर रोकिएँ। गेटमा ताला बन्द थियो। गाडिको हर्न दिएर ध्यानाकर्षण गराएँ। कोट पाइन्ट लगाएका बुढ्यौली उमेरका एक व्यक्ति घरबाट फुत्त निस्केर आँगनमा देखा परे। सक्कल देख्नासाथ उनलाई चिनिहाँलें। उनले चाहिँ मलाई चिनेनन्।

हामी बीच केही सम्वाद भयो।

"कसलाई खोज्नु भयो ?" ,

-तपाइँलाई नै भेट्न आएको हुँ। ०३६ सालतिर संगमरोडमा मैले झरना आर्ट खोलेको थिएँ। मेरो नाम रामहरि श्रेष्ठ हो। याद छ ?

"अँ, याद आयो।"

- तपाइँ गुणेन्द्र कमली होइन ?

"हो, मै हुँ।"

गेटको ताला खुलेपछि आँगनमै हामीले हात मिलायौं। पिंढीको बेञ्चमा दुवैजना सँगै बस्यौं। म आउनुको सन्दर्भ बताएँ। केही बेरमै श्रीमती कमलीले चिया ल्याइन्। चियाको चुस्कीसँगै गुणेन्द्र कमलीसँग प्रश्न राख्दै गएँ। उनले उत्तर दिँदै गए।

-चित्रकारीता कहिलेबाट, कहाँबाट, कसरी सिक्नुभयो ?

"मलाई सानैदेखि चित्रकलामा रुचि थियो। पछि इण्डिया (कलकत्ता) मा सिकेको हुँ।"

-कसरी त्यहाँ पुग्नु भयो ?

"यहाँ तीन कक्षामा पढ्दै थिएँ। पढ्दा पढ्दै साथीभाइको लहैलहैमा ११ वर्षको उमेरमा २०१९ सालमा बाआमाको आँखा छलेर भागेर कलकत्ता (इण्डिया) गएको हुँ।"



"कलकत्ताको कर्णाट प्लेस रेलवे स्टेशनको किताब पसलमा काम पाएँ। किताब पसलेले मलाई माया गरेर केही महिनापछि उनैले नजिकको स्कुलमा भर्ना गरि दिए। रेल स्टेशनमा किताप पसल राति पनि खुल्ला हुन्थ्यो। रातिको समयमा किताव पसलमा काम गर्दथें। दिउँसो स्कुल पढ्न जान्थें। एस एल सी इण्डियाबाटै गरेको हुँ। छ वर्ष किताब पसलमा काम गरें। स्कुल समयबाहेक बचेको समय दिउँसो पनि किताब पसलमा विताउँथें। किताब पसलमा फुर्सद पाउँदा पेन्सिलले चित्र कोर्ने गर्दथें। त्यहाँ आर्टिस्टहरू पनि आउने गर्दथे। मेरो चित्र देखेपछि मलाई उनीहरूले सहानुभूति देखाए। विशेष गरी त्यहाँका आर्टिस्ट केशब मुखर्जिसँग मित्रता बढ्दै गयो। उनले स्थानीय सरकारी म्युजियममा आर्टिस्टकै नोकरी गर्दारहेछन्। आर्टमा रुची भएको कारण म फुर्सदको बेला उनको अफिसमा पुग्दथें। उनले बनाउँदै गरेको आर्ट हेर्ने गर्दथें। हेर्दाहेर्दै पनि चित्र बनाउने व्यवहारिक ज्ञान प्राप्त गरें। उनैको सद्भावले रंग र कुचीसँग साक्षात्कार हुने अवसर मलाई प्राप्त भयो। उनै मुखर्जी मेरो चित्रकलाका प्रथम गुरु हुन्। उनैले मलाई सहयोगीको भूमिकामा म्युजियमभित्रै आर्टको काम दिए। मलाई माया गर्थे। 'सानु !' भनेर बोलाउँथे। पाँच वर्ष उनैसँग फाइन आर्टको अभ्यास गरे। नाइफ पेन्टिङ गर्न, कुची चलाउन र रङ्गको संयोजन मिलाउन उनैबाट सिकें। त्यहिँबाट फाइन आर्टमा मैले माझिने अवसर प्राप्त गरें।

- स्वदेश कहिले फर्कनु भयो ?

"२०३० सालमा म नेपाल फर्किएँ। त्यसपछि पारिलोटार (चितवन) मा फोटो स्टूडियो सञ्चालन गरें। स्टूडियो राम्रो चल्न सकेन। अनि घरमै बसेर पेन्टिङ गर्न थाले। क्यानभासमा तेल चित्र तयार पारेर भरतपुरको अफिस अफिसमा बिक्री गर्न पुगें। त्यतिबेला राजारानीको पेन्टिङ धेरै बनाएँ।"

-अरु क-कसको तस्बिर बनाउनु भयो ?

"साहित्यकारहरूमा बालकृष्ण सम, लक्ष्मीप्रसाद देबकोटा, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ, लेखनाथ पौड्याल, धरणीधर कोइराला लगायत धेरैका तस्बीरहरू बनाएँ। स्कुल र क्याम्पसहरूमा ती चित्रहरू बिक्री हुन्थे। स्थानीय व्यक्तिका चित्रहरू पनि अर्डरअनुसार धेरै बनाएँ।"

-मूर्ति बनाउन पनि त्यहिँ सिक्नु भएको हो ?

"होइन। मूर्ति कला आफैले अभ्यास गरेको हुँ। फाइन आर्ट जानेकालाई मूर्ति बनाउन त्यति गाह्रो हुँदैन।"

-तपाइँले बनाएका मुर्तिहरू र व्यक्ति चित्रहरू कहाँ कहाँ छन् ?

"मैले बनाएका मुर्तिहरू धेरै मन्दिर र गुम्बामा छन् र व्यक्ति चित्रहरू लगभग सबै सरकारी कार्यालय, कलेज, विद्याल र निजी घरहरूमा छन्।"

-ती मूर्तिहरू कहाँ-कहाँ रहेका छन् बताउन सक्नुहुन्छ ?

"प्रायःजसो भन्न सक्छु।"

"सूर्यनगर कान्छी चोकमा आसपुरी योञ्जनको मूर्ति बनाएँ। दिव्यनगरमा गोविन्द भण्डारीको मूर्ति बनाएँ। हनुमाननगर मन्दिरमा राम, सिता, हनुमान, दुर्गाको मूर्ति बनाएँ। देवीनगर ५० विगाहामा हलो जोतेको किसानको मुर्ति बनाएँ। त्यो मूर्तिको अनावरण धर्मराज थापाकी छोरी ज्ञानुराणाले गरेकी हुन्। चनौलीमा साँढेको मूर्ति, र दिव्यनगरमा गोबिन्द भण्डारीको सालिक बनाएँ। चम्पानगर दक्षिण कालिका मन्दिरमा दुर्गा, गणेश र साँढेको र शिवलिङ्ग बनाएँ।"

"यसै गरी पार्वतीपुर शिव मन्दिरमा शिव-पार्वती र गणेशको मूर्ति बनाएँ। नारायण, विष्णु, दुर्गाको मूर्ति र शिवलिङ्ग बनाएँ। कञ्चन बस्ती गणेश मन्दिरमा गणेशको मूर्ति र शिवलिङ्ग बनाएँ। कञ्चन वस्तीमै लम्जुङे थापाको मूर्ति बनाएँ। गैंडाकोटमा सूर्यभक्त, मदनभक्त, र सोहनभक्तको चित्र, सिंहको टाउको (मूर्ति) र गणेशको मूर्ति बनाएँ। लमजुङ फलेसाँगुमा पञ्चमूर्ति (पान्चायन) महादेबको मूर्ति बनाएँ। भोटेओडारको हर्ष स्कुलमा राजपरिवार र कवि

साहित्यकारहरूको चित्र बनाएँ।"

"भरतपुरको प्रायः नै अफिसमा मैले बानाएका चित्रहरू थिए। मैले विशेष गरी तेलचित्र बनाउँछु। राजपपरिवारको पोस्टर चित्र पनि धेरै बनाएँ। चितवन पश्चिम रङ्गीला (पार्वतीपुर) गुरुङको गुम्बामा तीनवटा बुद्धमूर्ति र विजय घलेको घर पार्वतीपुरमा बुद्धमूर्ति दुईवटा बनाएँ। सितापुरको गुम्बामा बुद्धको शालिक दुईवटा बनाएँ। पूर्व चितवनको एक माविमा पनि राजारानीकिो पेन्टिङ दिएको छु। शिवनगरको शिव मन्दिरमा गणेश, सन्तोषी माता र नागको ३ वटा मूर्ति बनाएँ।"

(पृथ्वीनारायण शाह- चित्रकला) (बुद्ध- मूर्तिकला) (चित्रकार गुणेन्द्र कमली तथा श्रीमती कमली)

"अन्य गुणेन्द्र कमलीको आर्ट व्यक्तिका व्यक्तिचित्रहरू १५० चन्दा बढि बनाएँ। चितवनमा बसेर २०३० सालदेखि हालसम्ममा हजारौं चित्रहरू बनाएँ। वीपीको फोटाहरू सैयौं बनाएँ। जिल्ला प्रशासन सीडीओबाट प्रशंसा-पत्र पाएको थिएँ। गीतानगर त्रियोगामा साँढे र शिवलिङ्गको मूर्ति बनाएँ। गीतानगर चोक बजारको पारिजात बोर्डिङमा राजारानी र कविहरूको मुहार चित्र बनाएँ।"

"शहीदहरू बुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द्र, गंगालाल शेष्ठ चारै शहीदहरूका चित्र बनाएँ। इण्डियाका महान व्यक्तिहरू महात्मा गान्धी, पं. जहवारलाल नेहरु, डा. राजेन्द्रप्रसादको मुहार चित्र र भुवनवस्ती हेल्थपोस्ट अगाडि शिव र पार्वतीको मूर्ति बनाएको छु। शारदानगर जालपारोड गणेश मन्दिरमा बिष्णु, दुर्गा, शिवलिङ्ग र गणेशको मूर्ति बनाएँ। शारदानगर हेल्थपोस्ट नेर दुर्गा वाग्लेको परिवारकै फोटो बनाएको थिएँ। शारदानगर गन्जसिंह गुरुङको बुढाबुढीकै चित्र बनाएँ। शिवनगर नामाविमा पृथ्वीनारायण शाह, बीरेन्द्र राजारानी र नेपालका कविहरूको चित्र बनाएँ। शिवनगर महेन्द्रचोकको विद्यालयमा राजारानी, साहित्यकारहरू र पृथ्वीनारायण शाहको चित्र बनाएँ। रामपुरका आसबहादुर लामा (तत्कालीन प्रधानपञ्च) को मुहार चित्र बनाएँ। मेघौलीको माविमा राजारानी, पृथ्वीनारायण शाह, महेन्द्र शाह र त्रिभुवनको पेन्टिङ बनाएँ। पार्वतीपुर शंकरचोकमा साँढे, शिव-पार्वती र गणेशको मूर्ति बनाएँ। शुक्रनगरको शिवमन्दिरमा शिव-पार्वती र साँढेको मूर्ति बनाएँ। पकौडीको शिवमन्दिरमा पनि साँढेको मूर्ति बनाएको छु।"



"गंगानगरको स्कुलमा हेनरी ड्युना, महेन्द्र र वीरेन्द्र राजारानीको तेलचित्र बनाएँ। हनुमाननगरको विद्यालयमा हेनरी ड्युना, मदर टेरेसा, लक्ष्मीप्रसाद देबकोटा र लेखनाथ पौडेलको मुहारचित्र बनाएँ। दिव्यनगरको कालिका बोर्डिङमा कवि र साहित्यकारहरूको फोटो, नारायणपुर सुधारकेन्द्रमा शिवको मूर्ति, गैंडाकोट जनक माविमा महेन्द्र, त्रिभुवन र वीरेन्द्र राजारानीको मुहार चित्र बनाएँ। मदन भण्डारी, जीवराज आश्रित र मनमोहन अधिकारीको चित्र पनि धेरै बनाएँ। जगतपुरको विद्यालयमा हिरोसिमामा बम खसालेका चारजना वैज्ञानिकहरूको फोटो तथा मार्क्स, लेनिन, एङ्गेल्स, माओ र चाउएनलाईको फोटो पनि बनाएँ। सितापुर मानबहादुर थापाको मन्दिरमा शिव, शिवलिङ्ग, विश्वकर्मा बाबा, र गणेशको मूर्ति बनाएँ। अहिले पनि अर्डर आउँदा घरमै बसेर व्यक्ति चित्र बनाउने गरेको छु। मूर्ति बनाउने अर्डर आउँदा बाहिर पनि जाने गरेको छु।"

यसैबीच म्याडमसँग -

म्याडमको माइती कहाँ हो ?

"लमजुङ"

-लमजुङ र चितवनको मान्छे कसरी भेट भयो ? पहिलेदेखि नै चिनजान थियो र ?

"चिनजान थिएन। उहाँ आर्टको लागि लमजुङ जानुभएको थियो। त्यहीबेला चिनजान भएको। उहाँ दुई वर्षको छँदा आमा बित्नु भएको रहेछ। बुबाले कान्छी श्रीमती भित्र्याएपछि छोराप्रति उचित स्नेह दिन सकेनन्। सौतेनीआमाको हेलत्व व्यवहार खप्न नसकेर एघार वर्षको उमेरमा भागेर इण्डिया जानु भएको रहेछ। इण्डियामा नै आर्ट सिक्नु भएको रहेछ। उहाँको आर्ट राम्रो थियो। पिउने आदत त्यसैबेला पनि थाहा पाएकी थिएँ। आमाबाबाको माया नपाउनुभएर नै पिउने आदत बसेको होला भन्ने लाग्यो। म उहाँको जीवनमा आएपछि सुधार्न सक्छु भन्ने आँट गरेर विहे गरें। तर लाख प्रयत्न गर्दा पनि उहाँलाई सुधार्न सकिनँ। म हारें।"

कमलीका कलाकृतिहरू घरमा एउटा पनि रहेनछन्। उनको कलाकृति विनाको लेख अधुरो हुने थियो। तर, उनको कलाकृतिको तस्बीर लिन अन्यत्र नै पुग्नु पर्ने भयो। समयाभावले गर्दा पछि पुनः आउने बाचा गरेर छुट्टिएँ।

२०८१ साल चैत्र २२ गते गैंडाकोटका वरिष्ठ चित्रकार भीम शर्मा र यो पंक्तिकार गुणेन्द्र कमलीको निवासमा पुग्यौं। उनी अलि अस्वस्थ रहेछन्। उनले बनाएका कलाकृति देखाउन श्रीमती मनमाया कमलीले हामीलाई हनुमाननगर बौद्ध मन्दिरमा लगिन्। श्रीमानले बनाएका बुद्ध मूर्ति चिनाइन्। त्यसको तस्बीर लियौं। उनैको साथ लागेर दश की.मी. टाढा दद्रेनी गाउँमा उनकै नातेदारकाहाँ पुग्यौं। त्यहाँ उनले बनाएका आमाबाबाको पेन्टिङ र पृथ्वीनारायण शाहको पेन्टिङ रहेछ। सो पेन्टिङको फोटो खिँच्यौं। अनि हामीले विदा लियौं। तर, मातृ स्नेह र पितृ स्नेह दुवै नपाएका कलाकार गुणेन्द्र कमली र पतिलाई सुधार्न सक्छु भन्ने आँट गरेर विवाह बन्धनमा बाँधिए पनि हार खाएकी मनमाया कमलीको कथा व्यथा बारे बाटो भरी मन्थन गरिरह्यौं।

कविता

# अदालत



सिर्जन अविरल
*प्राज्ञ सभा सदस्य, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

श्रीमान्!
अब यही अदालतमा चल्ने छ बहस
हार्दै हार्दै जिल्ला र पुनरावेदनमा
आइपुगेको छ मुद्दा सर्वोच्चमा
तपाईंको फुलबेन्चबाट निर्णय होस्
मागिरहेकी छु अधिकार -
यो शताब्दीको अन्तिम समयसँग

तर्कको अदालतसँग विश्वास उठेपछि
पुगेका छन् , कयौं प्रेमीहरू
नदीको अपरिचित किनारमा
जोसँग एउटै भाषा हुन्छ प्रेमको
प्रेमकै जीवन चढाउँछन् नदीको छालसँग
प्रेमिल बन्छ नदीको लहर
बर्सौं बेखबर छ उस्तै
आँखा छोपिएको तपाईंको अदालत

जीवको रङ खोज्न आएकी हुँ, तपाईंको अदालतमा
जीवनको रङ्गीन सपनाको हत्या भएपछि
मुद्दा लिएर आएकी हुँ, शताब्दीको अन्तिम प्रेमको
कोही चलाइरहेछ पपेट बनाएर
र नचाइरहेछ आफ्नो खुसी
श्रीमान्! म आएकी हुँ, आफैंसँग बिद्रोह गरेर
आफैं देख्न चाहन्छु आफ्नो सपना
हिंड्न चाहन्छु स्वतन्त्रताको बाटो
र, सुसेल्छु अब स्वतन्त्रताकै गीत
श्रीमान् ! तपाईंको फुलबेन्चबाट निर्णय होस्
म आफूभएर बाँच्न नपाएपछि
र हराएपछि उज्यालो सपना
बिसाएर जिन्दगीको लामो थकाइ
शरणागत भएकी हुँ यो आँगनमा


तपाईंको अदालतमा आएर सोध्दै छु
यो अदालत बुझ्छ कि बुझ्दैन आँसु
मुटु फुटेर निस्किएको आँसु छ, आँखामा
गीत छ , छाती चिरिएर निस्किएको
र, आफ्नै पाइतालाको सङ्गीत छ मसँग
सुनेर हेर्नोस्-
कविताजस्तै सुनिन्छ मेरो प्रेमको धड्कन
श्रीमान्! प्रेमको भाषा चल्छ कि चल्दैन आदालतमा?
कविताको भाषा बुझ्छ कि बुझ्दैन तपाईंको अदालत?
किन पट्टी बाँधिएको हो न्यायमूर्तिको आँखामा
कसरी देख्छ मेरो अनुहारको छटपटी
कसरी पढ्छ मेरो आँखाको प्रेम

आफ्नै मुद्दा खेप्दै रहेछ तपाईंको अदालत
अब कहिल्यै सकिन्छ कि सकिंदैन यो मुद्दा?
किन सधैं उस्तै फैसला हुन्छ तपाईंको अदालतमा
सत्रबर्से प्रेमको मुद्दा छिनिन्छ सत्तरी वर्षमा
जतिबेला सकिन्छ प्रेमको निशानी
तब जितिरहेको हुन्छ एउटा प्रेमी
र
नि:शब्द उभिएर टोलाउँछ प्रेमिकाको समाधिमा
आत्महत्या गर्छन् कयौं प्रेमीहरू
अनि
लेख्छन् नदीको लहर र निलो दहमा प्रेम
चुपचाप हेरिरहन्छ तपाईंको तर्कको अदालत

श्रीमान् कहिले बस्छ अदालतमा फुलबेन्च
बार बार किन चढिरहन्छ जिन्दगीको पेसी
अदालत न्याय दिन्छ कि यातना
सधैँ खोजेर बस्छ प्रमाण
माग्छ सस्तो कागजको प्रेमपत्र
मुटुमा लेखिएको प्रेम
सदियौंदेखि अबैध छ यो अदालतमा
किन बुझ्दैन अदालत आँसुको पीडा
सोधी बस्छ सधैं आँसुकै रङ
हरेक मुद्दामा कारण खोज्छ अदालत
मेरो एउटै जवाफ छ
प्रेमको कुनै कारण हुन्न श्रीमान् !

निबन्ध

# पठनका अन्तर्य



✍ **लक्ष्मण अर्याल**
*सचिव - वाल्मीकि साहित्य सदन*

आज म आफैँसँग एउटा प्रश्न गर्छु - पढ्ने किन ? हुनत यो प्रश्न म तपाईंलाई पनि निवेदन गर्न चाहन्थेँ तर यतिवेला म एक्लै छु मेरो स्वाध्ययनशालामा। यदि मसँगै तपाईं पनि हुनुभएको भए कति मज्जा हुन्थ्यो होला, हामी दुई धीत मरून्जेल छलफलिने थियौँ। यसले तपाईं र मेरो आपसी सिक्ने भोकमा स्वादिष्ट भोजनको काम गर्नेथ्यो होला।

जीवनको प्रारम्भिक मोड जतिवेला मैले क्रमशः सुनेँ, बोलेँ, पढेँ र लेखेँ। यो क्षमताविकास मैले जन्मिनासाथ प्राप्त गरेको थिइन। ममा सुन्ने र बोल्ने क्रम कहिलेदेखि आयो म कत्ति पनि चाल पाउन्न तर पढ्ने र बोल्ने क्रममा भने शनैः शनैः घस्रिएको कुरा म अलि अलि याद गर्न भने सक्छु।

म यतिखेर फ्रान्स लेबोविट्स संझिरहेछु। उनी भन्थे - "तपाईं बोल्नुअघि सोच्नुहोस् र सोच्नुअघि पढ्नुहोस्।" उनले यसो किन भनेका होलान् ? म अनुमान लगाउँछु - बोल्नका लागि बोल्ने कुरा चाहिन्छ। मनमा केही कुरा नभए त क बोलिन्छ र ? खाली भाँडो र कुरा (विचार) नभएको मन उही हो। कुराका लागि कि त जान्नेबुझ्नेका कुरा सुन्नुपर्छ कि त राम्रा पुस्तक पढ्नुपर्छ। जान्नेबुझ्नेका कुरामा अनुभवको सार पाइन्छ, भनौँ - विचारको निचोड। यसैले त कुरा सुन्नु बुढाको आगो ताप्नु मुढाको भनिएको होला। अरूका कुरा सुन्नु र लेखिएका कुरा पढ्नुले पक्कै पनि मानिसमा सोचविचारको स्थिरता कायम गर्ला।

म पढ्छु - पढ्नु भनेको सिक्नु हो। नसिकिने पढाइ श्रापित सिसिफसको निरर्थक पर्वत उक्लाइ र पर्वतकै थाप्लाबाट चोसेमोसे पत्थर गुल्टाइ मात्र हो - एउटा परिणामविहीन काम। सिक्नुका पनि भाँती छन् भन्ने लाग्छ। म खलनायक पढ्छु र खलनायकी नै सिक्छु या नायक पढ्छु र नायकी नै सिक्छु। यस्तो पनि भएको छ नि छैन र ? के पढाइले सधैँ सकारात्मक परिणाममा मात्र पुऱ्याएको छ र ? यसैले म भन्छु - सिकाइका दुई हाँगा छन् - आदर्श सिकाइ र अनादर्श सिकाइ। मेरा विचारमा खलनायक पढेर खलनायकी सिक्नु अनादर्श सिकाइ हो - जीवनलाई उल्टो गतिमा हिँडाउने काम अनि नायक पढेर नायकी सिक्नु आदर्श सिकाइ हो जीवनलाई सुल्टो गतिमा हिँडाउने काम। के तपाईंले देख्नुभएको छैन र समाजमा असरल्ल भेटिने पठित खलनायकहरू ? पढ्नेले सुल्टो नै सिक्छ भन्ने सोचाइ तपाईंको सुल्टो मनको सोचाइ मात्र हो। म तपाईंलाई भनूँ है - खलनायक या नायक जे पढेर पनि नायकी नै सिक्नुलाई नै वास्तविक पढाइ भनिन्छ। खलनायक पढेर नायकी कसरी सिक्न सकिन्छ भन्नुहोला तपाईं मलाई। तपाईंको प्रश्न पनि ठिकै हो अनि मेरो भनाइ पनि ठिकै हो। खलनायक पढेर त्यताको यात्रा गलत छ भन्ने बुझ्नुभयो भने तपाईंले नायकी नै सिक्नुभयो भन्छु म। तपाईंका प्रश्नमा दायाँबायाँ छैन, म भने दायाँबायाँका कुरा गरिरहेको छु।

अब म पुस्तकलाई पनि उल्टो पुस्तक र सुल्टो पुस्तक भनी छुट्याउँछु। छापिएका जति सबै पुस्तकहरू सुल्टा नै हुन्छन् भनी ठान्नु गलत हुन्छ। उल्टो र सुल्टो भनेको अभिधामा पो बुझ्नु भो कि ? होइन नि। तपाईंको विचारलाई प्रवर्धन गर्छ कि अवनत गर्छ पुस्तकले ? प्रवर्धन गर्छ भने सुल्टो र अवनत गर्छ भने उल्टो हो। यहाँ अवनतको अर्थ विचारमा प्रदूषण फैलाई चेतनालाई मैलो बनाउने कामतर्फको सङ्केत हो। म भन्छु - सुल्टा पुस्तकहरू प्रवर्धनात्मक हुन् भने उल्टा पुस्तकहरू अवनत हुन्। पढ्नेले पुस्तको छनोटमा विचार पुऱ्याउनुपर्छ किनकि उल्टो पुस्तक पढेर सुल्टो विचार आउन्न।

मैले माथि नै भनिसकेँ - पढनु भनेको सिक्नु हो। तपाईंलाई थाहा छ ? - बुझाइबिना सिकाइ आउन्न र मननबिना बुझाइ पनि रहन्न। मनन भन्नुको अर्को नाम हो स्मृति प्रक्रिया। यो स्मृति भनेको पनि पाठकमा हुनुपर्ने एउटा गुण नै हो जुन बुद्धिसँग जोडिएर रहन्छ। बुद्धि अर्थात् निर्णय गर्नसक्ने मानसिक शक्ति। यो वेलिविस्तारको अर्थ के हो भने बुद्धिले स्मृतिलाई, स्मृतिले बुझाइलाई र बुझाइले सिकाइलाई परिपक्व बनाउँछन्।

कतिपय सोच्छन् - पढ्नु भनेको पाठ्यपुस्तकको अध्ययन हो। कतिपयले त यति कुरा पनि बुझेका हुँदैनन्। म यतिवेला मेरा अधिकांश छात्रछात्राहरूलाई सम्झन्छु जो पाठ्यपुस्तक पनि नदेखी परीक्षामा बस्छन्। तिनीहरूलाई

सन्दर्भ पुस्तकको महत्व बताउनु भालुलाई पुराण सुनाएजत्तिकै हो। अर्को कुरा देख्न नपाउनु र नहेर्नु फरक कुरा हो नि फेरि। देख्न नपाउनुमा अभावको तगारो छ र नहेर्नुमा उदासीनता। मेरा उदासीन विद्यार्थीहरू नोट पढेर अनि गाइड र गेसपेपर रटेर पढेँ भनी नाक फुलाउँछन् । पढ्नु भनेको गाइड र गेसपेपर पढ्नु होइन, शिक्षकले लेखिदिएको नोट घोक्नु होइन। पढ्नु एउटा साधना हो। पढ्नुलाई पाठ्यपुस्तकसँग होइन सन्दर्भपुस्तकसँग जोड्नुपर्छ। अधिकांश शिक्षकहरू विद्यार्थीलाई सन्दर्भपुस्तकसँग जोड्नेतिर ध्यान नै दिँदैनन्। तिनीहरू आफ्ना विद्यार्थीलाई सुगा बनाउन चाहन्छन् । तिनलाई आफ्ना विद्यार्थीबाट अङ्कका अग्ला अग्ला सगरमाथा चाहिएको छ । तिनीहरू ज्ञानका जडिबुटीहरू खुवाएर होइन फ्याक्ट्रीमा बनेका औषधीका बरीहरू (गाइड र गेसपेपर) कोचाएर विद्यार्थीलाई बौद्धिक रूपले मोटो बनाउन चाहन्छन्। म ठान्छु - गाइड र गेसपेपर रटाएर धेरै अङ्क ल्याउनु र सुन्निएर मोटाउनु एकै हो - कहाँ हात्ती, कहाँ हात्ती छाप चप्पल; कहाँ सन्दर्भपुस्तकको व्यापकता, कहाँ गाइड र गेसपेपरको साँगुरो डोरेटो।

म मेरा विद्यार्थीलाई बारम्बार भन्ने गर्छु - पढाउनेले बेस्सरी पढ्नु पर्छ है धेरै पढ। भन्नु मेरो कर्तव्य हो। म मेरो कर्तव्य निर्वहन गर्छु सधैँ। केही नगण्यलाई छाडेर अधिकांशले मेरा कुरा ध्यानस्थ बनी सुन्छन् तर लागू गर्दैनन्। सबै क्षेत्रमा समस्या कार्यान्वयनको तहमा नै छ। केहीले भने पछ्याएका छन् मलाई। मलाई पछ्याउनेले पनि सम्झन्छन् र नपछ्याउनेले पनि सम्झन्छन् । पछ्याउनेहरू कृतज्ञताले सम्झन्छन् भने नपछ्याउनेहरू आत्मग्लानिले। म अहिले पनि भन्छु - शिक्षण पढ्न जाँगर नहुनेहरूको पेसा होइन। अल्छीहरू शिक्षण पेसामा घुसे भने धेरै पुस्तालाई सखाप पार्छन्। पुस्ता बिगार्नेहरू शिक्षक कम र धमिरा बढी हुन्।

पुस्तक पढ्नासाथ निद्रा लाग्छ सर क्यार्नी हो ? - लाज पचाएरै एउटा सोध्छ मसँग। म भन्छु - हो बाबु, मन लागीनलागी पढिएको पढाइ अनिद्राको ओखती मात्र हो। पढाइलाई अनिद्राको ओखती बनाउनेहरू कति होलान् ? म संझन खोज्छु। यकिन तथ्याङ्क आउन्न तर अनुमान भने लगाउँछु - यो संख्या तपाईं र मैले सोचेभन्दा अत्यधिक हुनुपर्छ किनकि आजका युवा बुकभन्दा बढी फेसबुक पढ्छन्। यो पठनमा प्रविधिले ल्याएको भाँजो हो, सत्यानाश हो । यो सत्यानाशको नियति कहिलेसम्म रहन्छ म भन्न सक्दिन। हुनत प्रविधिलाई उपयोग गर्नेहरू पनि छन् पठनमा तर न्यूनताको अचाक्ली उकालो छ । अहिले पठनका लागि धमाधम अडियो बुकहरू निस्किन थालेका छन् - पढ्न अल्छी लागे सुन्न सकिन्छ । आर्टिफिसियल रिडरहरू पनि तयार हुन्छन् सुनाउनका लागि । मलाई फलानो पुस्तक सुन्न मन लागेको छ सुना भनेर आदेश दिनुस् तुरुन्त पालना गरिहाल्छ आर्टिफिसियल रिडर । तर भण्डारण नगरिएका लेखक र तिनका रचनालाई भने त्यसले चिन्दैन । सुविधा थपिँदो छ तर उपयोगकर्ताहरू बेस्मारी घटेका छन्। यस विषयमा एउटा नमिठो अनुभव साझीकरण गर्छु तपाईंलाई - मैले पढाउने एउटा कक्षामा केशवराज पिँडालीको **बाँच्ने एउटा जिन्दगी** (उपन्यास) राखिएको थियो तर बजारमा पुस्तक थिएन। मैले संझेँ अच्युत घिमिरेलाई जसको आवाजमा माधुर्य र शैली चित्ताकर्षक छ। अच्युतले मेरा कुरा सुने र अडियो बुक तयार गरिदिए। अत्यन्त उत्सुकतावश विद्यार्थीसम्म पुऱ्याएँ तर मेरो र अच्युतको कामले रङ ल्याएन - सुनेनन् तिनीहरूले त्यसलाई। श्रवणमा पनि र पठनमा पनि समस्या छ। 'सुन' भन्न सकिन्छ तर सुनिदिने त उनीहरूले नै हो, 'पढ' भन्न सकिन्छ तर पढिदिने त उनीहरूले नै हो। मलाई लाग्यो - आजका विद्यार्थीहरूमा धैर्यताको माने खिइसकेको छ।

कम पढाइ कम ज्ञान अनि 'आधा गाग्रो छचल्कन्छ'को परिणाम । पढाइलाई औपचारिकताका बाटामा होइन अनौपचारिकताका स्वतन्त्रतामा हिँडाउनुपर्छ। अनौपचारिकतामा व्यावहारिकता छ भने औपचारिकतामा सचेतना । मलाई त यस्तो लाग्छ कि औपचारिकताले मान्छेलाई यन्त्र बनाउँछ भने अनौपचारिकताले स्वभाविक, स्वतस्फूर्त अनि प्राकृतिक । तपाईंले देख्नुभएकै छ नि निरहङ्कारी बालकलाई। हो, अनौपचारिकताबाट प्राप्त हुने ज्ञान त्यही निरहङ्कारी र कपटशून्य बालकजस्तै हो। पढाइमा अनौपचारिकता भनेको हरक्षणको सिकाइ। के किताबका पाना पढ्नु मात्र पढ्नु हो र ? दत्तात्रेय सुन्नु भएको छ नि जसका २४ गुरु थिए रे पढ्नलाई। तिनमा मानव कम र मानवेतर बढी। अझ यतिसम्म कि पिंगला नामकी वेश्याले पनि दत्तात्रेयलाई जीवन पढाएकी थी रे!

मेरा केही थान प्रश्न छन् तपाईंसँग - तपाईं बुझ्न चाहनुहुन्छ कि सम्झिन ? सूचना लिन पढ्नुहुन्छ कि समय काट्न ? देखाउनका लागि पढ्नुहुन्छ कि देखिन ? सिर्जनालाई टेवा दिन पढ्नुहुन्छ कि विश्लेषण क्षमतालाई तिखार्न ? तपाईंभित्रको आन्तरिक ऊर्जाको खुराकका लागि पढ्नुहुन्छ कि मनोशान्तिका लागि ? के पढ्नुहुन्छ अनि कसरी पढ्नुहुन्छ ? म तपाईंको उत्तर नपर्खी भन्छु - तपाईं उद्देश्य जस्तो बनाउनुहुन्छ त्यस्तै त्यस्तै हुन्छन् पढाइका तहहरू, पठनप्रक्रिया जस्तो रोज्नुहुन्छ त्यस्तै त हुन्छन् प्राप्त हुने परिणामहरू पनि। म तपाईंलाई विनम्रतापूर्वक अनुरोध गर्छु - पठनलाई रुचिको कुरा बनाउनुस् बाध्यताको होइन, आदत बनाउनुस् विज्ञापन होइन।

**चिनारी**

# बोटे जातिको चिनारी



✍ **लीलाधर पौडेल**
*निवृत्त शिक्षक*

**पृष्ठभूमि**

७ जेठ वि. सं.२०७७ मा कालापानी लिपुलेक र लिम्पियाधुरा सहित समाविष्ट चुच्चे नक्साले १,४७,१८१ वर्ग कि.मी. मा ४६०.२८ थप गरी १,४७,६४१.२८ वर्ग कि.मी अर्थात् विश्व मान चित्रको ५१,००,७२,००० वर्ग कि.मी.कुल क्षेत्रफलको ०.०३५ प्रतिशत भूभाग मात्र ओगटेको छ नेपालले । सानो देश भएर पनि हिमाल, पहाड भित्री मधेस, तराइ जस्ता भौगोलिक विविधता प्राकृतिक सुन्दरता, जैविक विविधता एवम् बहुभाषिक, बहुधार्मिक, बहुजातिय पहिचानबाट परिचित विविध सास्कृतिक संगोलको परिचय दिने देश पनि हो नेपाल ।

जातिय हिसाबले हेर्दा विशेषत पूर्वी नेपालको ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बुलाई राई लिम्बुहरुको बसोवासले धानेको छ । रामेछाप, दोलखा, सिन्धुपाल्चोक, धादिङ र रसुवामा मङ्गोल जाति मध्येका टाठा बाठा तामाङ जातिको वाहुल्यता छ। गोरखा, मनाङ, मुस्ताङ तनहुँ, लमजुङ र कास्कीमा नेपालको भूमि मन परेर पटक पटक ओहोर दोहोर गरी बाली परीक्षण समेत वासस्थानको लागि योग्य ठानेर बसाइ सरी आएका तिब्बतीयन मुलका गुरुङहरु बसोवास गर्दछन् । डोल्पा, मुगु, हुम्ला, बझाङ, बाजुरा र केही भित्री जिल्ला जुम्ला, तनहुँ, सिन्धुलीमा मगर जातिको बसोवास छ । यी हिमाली र उच्च पाहाडी बस्तीका तल्लो भागमा खस आर्य र दलितहरुको बसोबास छ । खस जातिहरू विशाल नेपालको हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाञ्चल र जम्मु कास्मिर प्रान्तमा बसोबास गर्थे । खस जातिहरुमा बाहुन, क्षेत्री, ठकुरी, सन्यासी, कामी, दमाई, सार्की, गन्धर्व, राउटे, बोटे र कविला पर्दछन् । यी जातिहरु पश्चिम नेपालका बझाङ, बाजुरा, दैलेख, कालिकोट, हुम्ला आदि क्षेत्रहरूमा वसोवास गरी दिनचर्या सञ्चालन गर्दै गर्दा प्राकृतिक प्रकृयाहरूलाई छेकबार लगाउन सक्ने क्षमता र सामर्थ्य मानिस संग भएन ।



महिला पुरुषहरु विपरित लिङ्गसँग आकर्षित भई प्रेममा बाँधिन थाले । सहबासको प्राकृतिक क्रियाकलापहरू आवश्यकताको रूपमा जोडिए वंश उत्तराधिकारीको वृद्धिसँगै जनसङ्ख्यामा पनि बृद्धि आयो । एकै स्थानको वासले सबैलाई धान्न धौ धौ भयो । बलिया, बाङ्गा र साहसीहरु क्रमस पूर्वतिर बढ्दै जाने क्रममा दार्जलिङ्ग, सिक्किम, भुटान र बर्मासम्म पुगेका उदाहरणहरू भेटिन्छन् । यसरी बसाइँ सर्नेहरुमा बोटेहरु पनि पर्दछन ।

वि.सं. २००७ सालमा प्रजातन्त्र आयो । जनताले केही अधिकारहरु प्राप्त गरे । एकतन्त्रिय जहानियाँ राणा शासनको अन्त्य भयो । जनजीविकामा थोरै परिवर्तन आयो । वि.सं. २०१७ सालको परिवर्तनले सीमित व्यक्ति र क्षेत्र हरूले मात्र अवसर पाए । जनचाहना र भावनाहरु अधुरा नै रहे फलस्वरूप २०३६ सालको सङ्घर्ष भयो । २०३७ सालमा जनमत सङ्ग्रह भयो । बहुदलीय व्यवस्थामाथि जाल झेल गरियो सुधारिएको भनिएको पञ्चायतलाई जिताइयो । अधिकार खोज्ने जनहरू लागि परिरहे । त्यसको उपज २०४६ को राजनैतिक परिवर्तनले जात, धर्म, संस्कार, भाषा र संस्कृति संरक्षण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न पाउने व्यवस्था विसं २०४७ को संविधानले दियो । आदिवासी जनजाति महासङ्घको गठन भयो । विसं २०५८ मा जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बन्यो । वि.सं. २०६५ जेष्ठ १५ वाट ऐन लागु भयो ।

राष्टिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डीराज लामिछानेका अनुसार १२ औं जन गणना २०७८ मा १४२ जातजाति सूचीकृत भए । वि.सं. २०६८ मा यो सङ्ख्या १२५ थियो । थप हुन आएका १७ जातिहरु निम्नअनुसार छन् ।

१७ आदिबासी जानजातिहरु रानाथारू, भूमिहार, वनकरिया, सुरेल, चुम्बा, फ्री, मुगल/मुगुम, पुन, रौनियार, बानियाँ, गौध/गोण्ड, कर्मारोङ, खटिक, बेलदार, चौ/खुलौट, डोन, कवेरट, जाति थपिएका हुन् । मातृभाषा १२४ हुन आएको छ । १० वटा धर्म कायम गरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल

दाहालले वि.सं. २०७९ चैत्र १० मा सार्वजनिक गरेका थिए । राष्ट्रिय तथ्याङ्क २०७८ ले नुराङ जाति सबै भन्दा कम ३६ जना भात्र भाएको कुरा सार्वजनिक गरेको थियो । जनजाति महासङ्घ र जनजाति उत्थान संस्थाहरुले आदिवासी जनजातिको खोजी गरी १४२ जात र १२४ भाषीलाई निम्न पाँच समूहमा वर्गीकरण गरेकोछ ।

१. लोपोन्मुख समूह- कविला, लेप्चा, राउटे, मेचे आदि ।
२. अति सीमान्तकृत समूह- माझी, चेपाङ, थामी, दनुवार, बोटे लगायत जातिहरु ।
३. सिमान्तकृत समूह-थारु, कुमाल, तामाङ धिमाल, ताजपुरिया, दराइ, दुरा आदि ।
४. उन्नत समूह- लिम्बु, शेर्पा, जिरेल, गुरुङ, मगर आदिः।
५. सुविधा समूल - थकाली, नेवारहरु पर्दछन ।

माथिको वर्गीकरणमा परेका आदिवासी जनजाति मध्ये बोटे अतिसीमान्तकृत समूहमा पर्दछ ।

**बसोबास**

मध्य नेपाल भनौ या हालको गण्डकी प्रदेश दामोदर कुण्ड मुहान हुँदै संसारकै सबैभन्दा गहिरो गल्छी काली गण्डकीको खौँच भएर बग्दछ काली गाण्डकी । पूर्वमा अन्नपूर्ण हिमाल र पश्चिममा धवलागिरीको विचमा रहेको १३०० मिटरदेखि २६०० मिटरको उचाइँ हुँदै मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत कास्की, तनहुँका नदी किनारका बस्तिहरू लोमाङ्याङ, जोमसोम, बेनी, बागलुङ, कुस्मा, फलेवास, पूर्तिघाट, सेतीवेनी, मिर्मी, रुद्रावती, रीडि डेढगाउँ पार गर्दै चितवन, नवलपरासी र तनहुँको सङ्गम देवघाट त्रिशुली नदीमा मिसिन आउँछिन् कालीगण्डकी । यिनै काली गाण्डकीको किनार नै बोटेहरुको उद्‌गम स्थल मानिएको छ । परापूर्व कालमा नदी किनारका घाटमा बस्ने डुङ्गाद्वारा यात्रुलाई नदी पार गरिदिने कार्य विभाजन बोटेहरुको भागमा पर्न आएकोले घटुवारे, माझी, जलाहारी भन्ने चलन तथा नामले पनि परिचित छन् उनीहरू । कालीगण्डकी किनारले मात्र सङ्ख्यात्मक वृद्धि हुँदैगएको बोटे जातिलाई थेग्न नसक्ने ठानेर अन्यत्र सरेको कुरा जानकार बोटेहरूको मुखबाट सुनिएको छ। धार्मिक दृष्टिले हिन्दुहरुका अनुसार मध्ययुगमा भारतमा हिन्दु र मुस्लिमहरूका बिच भएको युद्धबाट आफ्नो ज्यान सहित वंश जोगाउने उद्देश्यले भागेर वैशाली, अयोध्या आदि स्थानबाट नेपाल पसेका थारु जातिकै हाराहारी १६औं शताब्दीतिरबाट बोटेहरूले पनि काली गण्डकी किनार छोडेको देखिन्छ । बसाइ क्रमस हालसम्म आइपुग्दा ७० जिल्लामा छ भन्ने कुरा बोटे समाज नेपाल चितवनका पूर्व अध्यक्ष मित्रलाल र प्रदीप बोटेले बताए । मुख्य वसोवास र धेरै जनसङ्ख्या हुनेमा चितवन, पाल्पा, नवलपरासी, तनहुँ, उदयपुर, सर्लाही, पर्सा, मकवानपुर पर्दछन् । वि.सं २०७८ को राष्ट्रिय जनगणनाले ११२५८ जना बोटे जनसङ्ख्या सुचिकृत गरेको छ । त्यसमा झन्डै आधा जस्तो जनसङ्ख्या लगभग पाँच हजार जनसंख्या त चितवनमा नै छ भन्दछन् मित्तलाल बोटे ।

जनसङ्ख्याकै मामलामा बोटे समाज नेपालका केन्द्रीय अध्यक्ष राजकुमार बोटे भन्दछन् हाम्रो आफ्नै जनगणना २०७६ अनुसार नेपाल राज्यमा बोटेको सङ्ख्या २३ हजार माथि थियो । राष्ट्रिय जनगणनामा चितवन, नवलपरासी, पर्सा, सर्लाही आदि जिल्लाका बोटेले आफूलाई लुकाएनन् । केही पहाडी जिल्लाका बोटेहरुले पेसा माछा मार्ने र डुङ्गा तार्ने नै भने जनगणनामा आफ्नो नाम वोटेमा दर्ता नगराउनाले घटेर ११२५८ मा आएको हो । राष्ट्रिय तथ्याङ्कलाइ मान्नै पर्‍यो भन्दछन् उनी । सत्तरी जिल्ला मध्ये सबैभन्दा धेरै जनसङ्ख्या भएको चितवनमा वोटेहरूको अवस्था कहाँ कस्तो छ त !



इच्छाकामना गाउँ पालिका बाहेक भरतपुर महानगर, रत्नगर नगरपालिका, खैरहनी, राप्ती, कालिका, र माडी नगर पालिकामा बोटेहरुको वसोवास छ । थारुहरुसँगै आफूलाई तराई तथा भित्री मधेशमा बसाइँ सरेको जनाउने बोटे जातिसँग थारुहरूको जस्तो व्यवस्थित बसोबास छैन । थारुमा त जमिन्दार, हरवा, चरवा जग्गा, जमिन प्रमाण पुर्जा सबै छ । बोटेहरूसँग किन छैन त भनी जिज्ञासा राख्दा, नेपाल बोटे समाज चितवनका पूर्व अध्यक्ष मित्रलाल बोटे र महिला अगुवा विना बोटे भन्दछन् "नदी किनारमा बसेर पुर्ख्यौली पेसा माछा मार्नेमै नै रमाए । जग्गा जमिन व्यवस्थित घर चाहिन्छ भन्ने सोच नै जन्मिएन । थोरै तिनै जग्गा हुनेहरुले पनि प्रमाण पुर्जा लिने प्रयत्न गरेनन् । खोला किनारनै हामीलाई प्रर्याप्त छ भन्ने ठाने । बसोबास खुला गरे, पछि ठुला वडा, टाठा वाठाले खाइदिए पनि ।"

चितवनकै हकमा पनि बोटेहरुको ठुलो जनसङ्ख्या भरतपुर महानगरपालिका र माडी नगरपालिकामा छ । वि.सं. २०२९ को राष्ट्रिय निकुञ्ज ऐन बनेपछि विस्थापित वोटे लगायतका बासिन्दाहरुलाई अन्यत्र सार्ने क्रममा पटिहानी, बछ्यौली, कुमरोज, सौराहा आदि स्थानहरुमा बोटेहरूले वास बसाले ।

यसरी हेर्दा माडी, रत्ननगर, कालिका, राप्ती, खैरहनीका वन, नदी किनारका बासका साथै बोटेहरु भरतपुर महानगर पालिकाको वडा ३, ४, ७, १३, १६, १७, १८, २२, २३, २४, २५, २६, र २८ वडाहरुमा बसोबास छ।

**जात, थर र बर्ण**

बोटेहरु सुनघौवा, कछारे, सेती जिब्रे काली जिब्रे जस्ता थरहरूमा विभाजित छन् । भरतपुर १३ र २२ मा सुन घौवाहरुको बाहुल्यता छ। बोटेहरु प्रायः खोला किनारमा बस्ने, नदीमा माछा मार्ने गर्दै खुला आकासमा बढी घुमफिर गर्ने हुँदा काला वर्णका देखिने भए पनि गहुँगोरो वर्ण र होचो उचाइका नै हुन्छन् तापनि आधुनिकताको प्रभावले र प्रयोगले गोरो वर्णमा रुपान्तरित हुन थालेका छन्।

**पेसा र व्यवसाय**

प्राचीन कालदेखि नै नदी किनारमा बस्ने माछा मार्ने, कालीगण्डकी र अन्य नदी किनारमा जहाँ बालुवामा सुन पाइन्छ । सुन चाल्ने, घटुवारे, माझीको रूपमा यात्रु वारपार गराउने नै मुख्य पेसा हो । यसका अतिरिक्त समय सापेक्ष जङ्गली कन्दमुल, तरुल र अन्य फलफूल खोज्ने, त्यसैबाट जीवन निर्वाह गर्ने जाति हो बोटे । प्रायः वस्तु विनिमयको माध्यमवाट आवश्यकता पूरा गर्ने जातको रूपमा बोटेलाई अझै पनि देख्न बेहोर्न पाइन्छ। हाल भरतपुर महानगर पालिका वडा नं १३ र २२ का बोटेहरुसँगको क्रियाकलापबाट म आँफू पनि पूर्ण परिचित छु। चितवन राष्ट्रिय निकुञ्जको प्रस्ट नियम, कानुन नबनुन्जेल र बनिसकेपछि निकुञ्ज कर्मचारीसँग अनुमति लिएर नदी किनार र वन भित्र उपलब्ध हुने बाँसको तामा, परवर, निउरो, कुसुम, फर्सा र माछा बस्ती बस्तीका घर घर लगेर धान, चामल, पिठो, दालसँग साटेको ताजा अनुभव छ। यो नै वस्तु विनिमयको ताजा उदाहरण हो।



पेसागत रूपमा पुर्ख्यौली, माछा मार्नमा नै रमाउँछन् तापनि यही पेसाबाट जीवन निर्वाह गर्नेहरुको सङ्ख्या न्यून छ। अर्को कुरा हाल स्वतन्त्रता छैन। हिजो आफू खुसी रात दिन केही नभनी नदीमा डुङ्गा सयरका साथै माछा मार्दा जाल हान्दा कुनै नदी खोलामा बन्देज थिएन। हाल नदीको छुटको साथै हरेक व्यक्तिले विना लाइसेन्स जाल हान्न, बल्छी थाप्न पाउँदैन । तसर्थ पुर्ख्यौली पेसावाट वोटेहरु टाढिन बाध्य हुनुपरेको छ भन्दछन् मित्रलाल, विना र इन्दिरा बोटेहरु। पुर्ख्यौली पेसावाट स्वतन्त्रता खोसिए पछि शैक्षिक कृयाकलापमा संलग्न हुन थालेका छन् । एग्रोभेट, बैंक, विद्यालय, सहकारी, सामाजिक संघ संस्थामा जागिरको रूपमा जीवन निर्वाह गर्न थालेका छन् । भरतपुर १३ र २२ का वोटेहरु त सचेत छन् । विभिन्न एनजिओहरू र बैदेसिक रोजगारमा पनि संलग्नता पाइन्छ । अरुको देखासिखी, पुर्ख्यौली पेसाबाट व्यवधान आउनुको कारण जीवन शैलीलाई परिवर्तन गर्दै होटल, होमस्टे, कृषि फर्म, सामुहिक उत्पादन जस्ता कार्यहरुबाट उनीहरुको संलग्नता बढ्दै गई जीवन स्तर उकासिएको पाइन्छ।

**धर्म तथा चाडपर्वहरु**

धार्मिक दृष्टीले बोटेहरु प्रकृति पूजक हुन् । समय सन्दर्भअनुसार जल, जमिन र वनजङ्गललाई नै पूजा गर्ने गर्दछन्। साथै अन्य जात जातिहरुका संगतले आफ्नो धर्मको अलवा हिन्दू, बौद्ध धर्ममा आधारित देवी देवताका साथै पर्वहरुमा पनि सहभागिता जनाउन थालेका छन् । बोटेहरुले मुख्य पर्व साउने सङ्क्रान्तिलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । यस्को आधार उत्तरी गोलार्धमा सूर्य दक्षिणायन हुने कर्कट सङ्क्रान्तिका दिनलाइ नयाँ वर्षको रुपमा मनाउने आधिकारिक निर्णय यही वि.सं.२०६८ मा गरिएको हो भन्ने कुरा मित्रलाल र राजकुमार बोटेले बताए पनि मूल आधार पूर्वज नै हुन् । पूर्वजहरूबाट हामिले सिकेका हौं र सिकाउदै छौं पनि भन्दै थिए । पूर्वजले यथार्थ लिखत राख्न नसक्नु, सुनेकाहरुले पुस्ता हस्तान्तरण गर्न नखोज्नुले ल्होसार, माघी, रमजान, दसैं, तिहार, वि.सं., साके सम्वत भने जस्तो यथार्थता बोटेहरुसँग छैन भन्ने कुरा उनीहरुले बताए।

**भेष भुषा र गरगहना**

भेषभुषामा अन्य मङ्गोल जातीहरुकै भेषसँग मिल्दोजुल्दो छ बोटेहरुको पनि। महिलाहरुले चौबन्दी चोलो, गुन्यु, फरिया, पछ्यौरी, पटुका र घलेक लगाउने चलन छ । उपलब्ध भएमा चाँदीको हार, ठिमुरा, जन्तर, बुलाँकी, ढुम्री, फुली,बाला लगाउने गर्दछन् । पुरुषको पोसाक प्राय सेतो कछाड, सेतो भोटो या कमिज, सेतो लगौंटी, टाउकोमा फेता, पछाडी गाँठो पारी बनाइएको गादो र काठका चप्पल लगाउने गर्दछन् । कहीं कतै इष्टकोटलाई पनि समेटेको पाइयो । स्टकोट आगन्तुक हो हाम्रो पोसाक होइन भने केन्द्रीय अध्यक्ष राजकुमार बोटेले । सुन चाल्दछन्, पेसा त्यसैलाई बनाउछन् तर गहना किन चाँदीका भन्दा यथार्थउत्तर मिल्न सकेन । विवाह उत्सवमा भने माथिदेखि तलसम्म घाँघर र फेता केटाले पहिरिन्छ भने केटीको हकमा चौबन्दी चोलो, धोती (साडी), गुन्यु, पछ्यौरी नै कायम गरिएको छ। सुनको गहना नलगाउनु अभावको कारण हो भनिन् भरतपुर २२ की

इन्दिरा बोटेले ।

**भाषा**

बोटे जातिको आफ्नो भाषा छ तर लिपि छैन । बोटे भाषा पनि खस भाषा जस्तै भारोपेली समूहमा पर्दोरहेछ । स्वर र व्यञ्जन खस आर्यको भाषालाइ नै आफ्नो भाषाको आधार बनाइ निम्नअनुसार भाषाको प्रयोग गरेको पाइयो ।

स्वर वर्णहरुः

अ, आ, इ, उ, ए र ओ

व्यञ्जन वर्णहरुः

क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, थ, र, ल, व, स, ह

स्वर र व्यञ्जन मिलाई ३५ वर्ण (अक्षर) प्रयोग भएको पाइयो । यी अक्षरका केही उदाहरणहरु,

स्वर वर्ण अनुसार

| **बोटे भाषा** | **खस भाषा** |
|---|---|
| अ-अङङरी | औंला |
| अवेरा | ढिला |
| आ-आध्या | आधा |
| आमइ | आमा |
| इ-इस्कुल | स्कुल |
| उ-उप्पो | माथि |
| उफ्रा | उपियाँ |
| ए-एख्राइ | यसलाई |
| ओ-ओख्ली | ओखल |
| ओख्रो | उस्को |
| **व्यञ्जन वर्ण अनुसार** | |
| क-कपार | टाउको |
| कुच्चो | अचार |
| ख-खहरा | खरायो |
| ग-गन्धालो | दुर्गन्ध |
| गाइजे | बाबियो |
| घ-घटउरे/घटउन्या | डुंगा तार्ने व्यक्ति |
| च-चाक्रो | फराकिलो |
| छ-छाउना | छोरा |
| ज-जोर | दोभान |
| झ-झोको | राँको |
| झल्लर | मातेको |
| ट-टोटा | रुद्रघण्टी |
| टल्केलो | चम्किलो |
| ठ-ठेक्ना | कम्मर |
| ड-डोडो | डुङ्गा |
| डप्का | जाँड खाने भाँडो |
| ढ-ढकना | गोबर फाल्ने काठको साधन |
| ढिक | डिल |
| त-तहान | तपाई |
| तस्ला | कसौंडी |
| थ-थक्रा | बाँसको काइयो |
| थेप | र्‍याल |
| द-ददा | दाजु |
| दिदइ | दिदी |
| ध-धुमिलो | धमिलो |
| धुस्रा | कुभिण्डो |
| न-नाङ्डे | नाङ्गो |
| नाह | छैन |
| प-परसु | पर्सी |
| पिडो | पिङ |
| फ-फुज्या | फूपु |
| ब-बनकसि | बाबियो |
| निरउँ | औषधि |
| भ-भान्सिया | भार्न्झे |
| भोक्टो | सिरक |
| म-मझानो | मध्यान्ह |
| मामि | माइजु |
| थ-थरिया | थार्ल |
| र-रुनि | अम्बा (बेलौति) |
| रकतारो | रातो |
| ल-लत्ति | लहरा |
| ललाह | लोभी (खञ्चुवा) |
| व-वरुवा | वाता |
| स-सुप्पा | नाङलो |
| सइया | एक प्रकारको माछा |
| ह-हस्या | खुर्पा |
| होडा | हाँगा |

आफ्नै लिपि नहुनाको कारण खस आर्यको भाषामा नै लेखपढ गर्दछन् । बोल्ने प्रयास पनि पछिल्लो पिँढीमा देखिदैन ।

**संस्कार**

अन्य जात जातिको जस्तै बोटे जातिको पनि जन्म, क्षवर, विवाह, मृत्यु आदि विविध प्रकारका संस्कार प्रचलनमा छन । जुन निम्न अनुसार छन् ।

१. (जन्म)- गर्भिणी बोटे महिलालाई सुडेनीको सहयोगमा सुत्केरी गराइन्छ । बच्चा र आमाको हेरचाहमा भएर पुगेसम्मको ध्यान दिइन्छ । सालनाल काटेर आमा र बच्चा अलग गराइन्छ । नुवाइधुवाइ सफा सुघ्घरका साथै बच्चाको स्याहारमा उपलब्ध भए सम्झ फुपूको प्रयोग गरिन्छ । सुत्केरी चोख्याउने र नामकरण (न्वारन) सातौ दिन भित्रमा गरिन्छ । पुरेत तथा ज्वाइँ भान्जाबाट नाम राखि, गहुँत खाएर सम्बन्धित परिवार चोखिँदै

जन्म संस्कार सम्पन्न हुन्छ।

२. भातख्वाइ- बच्चा जन्मिएको ७ महिना भित्र सकेसम्म मङ्गलबार पारेर भात खुवाइ गरिन्छ। छोरा भए नयाँ कपडा र टीका लगाएर भात खुवाइन्छ भने छोरी भए नयाँ कपडासहित दक्षिणा पनि दिने चलन छ। आफन्त इस्ट मित्र बोलाएर माछा र जाँड रक्सीसहितको भोज भतेर गर्ने चलन छ।..

**विवाह**

विवाह बोटे जातिमा दुधनाता र हाडनाता छोडेर मागी विवाह, भागी विवाह, चोरी विवाह गर्ने चलन छ। प्रायः विवाह मागी नै गरिदो रहेछ। साइत राम्रो पार्न केटाका तर्फबाट केटीको घरमा अभिभावकको नेतृत्वमा मङ्गलवार जाने परंम्परा रहेछ। बाहुन क्षेत्रीको कलियो हाल्ने, गुरङ मगरहरूको पुङ भुण्ड्याउन जाने भन्दै रक्सीको पुङ लिएर जाने चलन जस्तै बोटेहरूको पनि जाँड रक्सी नै लिएर जाने चलन रहेछ। विवाहमा केटाको पोसाक सेतो फेता र माविदेवि घुँडातल सम्म आउने गरी जामा र काठको चप्पल लगाने परम्परा छ। केटीले चौबन्दी चोलो, फरिया, पछ्यौरी, फुली, माडवारी, हार, बाला (ठोका) लगाउँछन् सगुन र सौगातको प्रतीक सिन्दूरबाहेक सेतो अक्षता नै टीकाको रुपमा प्रयोग हुन्छ। विवाह लग्न भएको महिनामा नै गरिन्छ। जुराउने काम बोटेका पुरोहित गुरौले गर्दछन।



साटो हालेर विवाह गर्ने चलन छैन तापनि कुनै परिवारमा भएको पाइन्छ। त्यो मात्र संयोग हो भन्दछन् पूर्व बोटे समाज नेपाल चितवनका अध्यक्ष मित्रलाल बोटे। चोरी, भागी विवाह हुन्छ। यस्तोमा जात मिलेमा परिवारले स्वीकार गर्दछन। नमिलेमा सामाजिक दण्डस्वरूप भोज भतेर लगाएर चोख्याउने गरेको कुरा पनि कंही कही भेटिन्छ। विधवा विवाह र घर ज्वाइँ बस्ने चलन भने वोटेहरुमा भेटिएन। जारी विवाह भने कायमै छ भागी अर्थात् चोरी विवाहलाई हाल प्रेम विवाहको रूपमा परिभाषित गरिन्छ।

**अन्तिम तथा मृत्यु संस्कार**

बोटे जातिहरुमा मृत्यु संस्कार अन्य जनजातिको भन्दा फरक नै पाइयो। गर्भवतीको मृत्यु भएमा बच्चा र आमालाई परिवारकै सदस्यहरू मध्येवाट नजिकको नातेदारले अलग गराई बच्चा र आमालाई अलग अलग स्थानमा गाड्ने चलन रहेछ। जीवित जन्मेको दुधे बालकको मृत्यु भएमा खोजी खोजी आँपको बोट मुनि गाड्ने रहेछन्। ठुलो मानिसलाई पनि गाड्ने नै हो। हाल गाड्ने ठाउँ पर्याप्त प्राप्त नहुनु, साथै वन, नदी र बस्तिहरूका नियम, कानुनले पनि बाधा अड्चन पुऱ्याउने हुनाले लास जलाउन थालिएको छ। सानो बच्चाको किरिया गर्ने चलन छैन। दाह संस्कारको कार्य सके पछि चोखो खाएर परिवारको प्रतिनिधित्व गर्दै एक जनाले मात्र किरिया बसे हुन्छ। किरिया बस्दा छोरो मानिस नै वस्दछन्। कुनै परिवारमा छोरा मानिस नमिलेमा महिलाद्वारा पनि चोखिदा रहेछन। जुठो सकिने, चोखिने, उम्कने कुरा चाँही तीन दिन, पाँच दिन र सात दिनभित्रमा गरिने रहेछ।

**आवद्धता**

वि.सं. २०४६ को जनआन्दोलन पछि बनेको २०४८ को संविधानले दिएको अधिकार प्रयोग गरी आदिवासी जनजाति सङ्घको गठन भयो। त्यो महासङ्घका वोटे जाति पनि समाविष्ट भयो। वि.सं. २०५६ सालमा नेपाल बोटे समाज तदर्थ समिति वन्यो। चितवन माडी बनकट्टाका भरत बोटेको अध्यताको तदर्थ समितिले विधान बनायो। वि.सं. २०५७ सालमा ११ वर्ष पछि जनजाति महासङ्घ केन्द्रमा बोटेको प्रतिनिधित्व भयो। वि.स. २०६१ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो। वि.सं. २०६५ समाज कल्याण परिषद् र वि.सं. २०६६ मा महिला विकास कार्यालयमा दर्ता भयो। वि.सं. २०६४ सालमा चितवनको जिल्ला विकास समितिको हलमा ऐतिहासिक सम्मेलन गऱ्यो र आठ जिल्लामा नेपाल वोटे समाजको जिल्ला सङ्गठन विस्तार गऱ्यो। २०६७ सालमा दोश्रो र २०७२ को उदयपुरको तेस्रो राष्ट्रिय समोलनले हाल सम्म १५ जिल्लामा जिल्ला समिति चयन गरेको छ। नेपाल बोटे समाजको केन्द्रीय कार्यालय भरतपुर महानगर वडा नं ११ नौरङ्गे चितवनमा छ।

गाउँ. जिल्ला, केन्द्र हुँदै बोटे जाति शिक्षा, स्वास्थ्य, राजनैतिक, आर्थिक र सांस्कृतिक उत्थानमा सङ्घर्षरत छन्। त्यसको ज्वलन्त उदाहरण भरतपुर महानगर १३, २२ र माडी नगरपालिकाका बोटेहरु विभिन्न रोजगार मूलक कार्यका साथै राजनैतिक रूपमा नेकपा माओवादी ने.का. नेकपा एमाले नेकपा एस र अन्य पार्टीहरुमा सकृय भैरहेका छन्। भरतपुर १३ मा वडा सदस्य छन् कालु बोटे। भरतपुर २२ की विना बोटे संविधान सभाले निर्माण गरेको संविधानको संवैधानिक अधिकार प्रयोगको क्रममा प्रथम सङ्घीय निर्वाचनमा नेकपा माओवादी

केन्द्रको आदिवासी जनजाति कोटामा समानुपातिकतर्फ बन्द सूचीमा नाम सूचीकृत भएकी थिइन् । बिन्तिवाटी बोटेहरूको भेटको अभिवादन हो । २०८० सालमा भरतपुर २२ का वडाध्यक्ष विष्णुराज महतोले नेपाल टेलिभिजन प्लसले प्रसारण गर्ने नृत्यमा बोटे जातिलाई अवसर दिने कुरा भरतपुर २२ की इन्दिरा बोटेलाई सुनाए। इन्दिराले युवा अगुवा भरतपुर १३ चौकी डाँडाका सन्तोष बोटेसँग बिन्तिवाटी गरिन्। नेपाल बोटे महिला समाजकी अध्यक्ष विना बोटे र इन्दिरा बोटेले गीत बनाए। दुरपति बोटेले गाउँने तत्परता देखाइन्। ९ जना केटा र ११ केटी (पुरुष र महिला) जुटाइ नेतृत्व सन्तोष बोटेले गरे। खैजडी, डम्फु र मादल जस्ता सङ्गीतिक साधनको सहयोगमा बोटे जातिको मुख्य पेसा खोला नदीमा माछा मार्ने र डुङ्गा चलाउने नै हो। समय क्रमले माछा कम हुँदै गए। मार्न पनि अनुमति चाहियो। आधुनिकताले डुङ्गा चलाउने काम पनि कम हुदै गयो तै पनि वोटेहरुले नदी किनार छोडेका छैनन् भन्ने आसयको “मधुवार” गीत लिएर स्थानीय क्षेत्रमा पनि प्रस्तुत नभएका बोटेहरू २०८० असार १९ गते काठमाडौँमा गीत र नृत्य देखाउन सफल भए। उनीहरुमा उत्साह थपिएको छ । यसरी अवसरहरू प्राप्त हुदै आए पनि अझै बोटेहरूको उत्थान हुन सकेको छैन। राज्यको सङ्घदेखि स्थानीय तह सम्मले नगरेको छैन ता पनि अझै अति सीमान्तकृत वोटे जातिको विकासमा थप ध्यान राज्यले देओस् भन्दछन् भरतपुर २२ र १३ का मित्रलाल, विना, इन्दिरा, प्रदीप, सन्तोष र कालु बोटेहरु।

**उपसंहार**

बोटेहरु आफूलाई प्रकृतिपूजक, सिधा, सरल स्वभावका लज्जालु जातिको रूपमा राख्न चाहन्छन्। खोला किनारमा बस्ने हुनाले भूत, प्रेत, पिचास, मसान, लागो र धामी झाक्रीमा धेरै विश्वास गर्दछन्। हाल धामी झाक्रीको अभावको कारण यो प्रकृया घट्दै गएको छ। आर्थिक अभावका कारण आफ्नो धर्म परंम्परा र संस्कृतिको अस्तित्व गुमाएका पनि छन। पश्चिमी सभ्यता धर्म र संस्कृति अंगाल्दै क्रिस्चियन धर्म अवलम्बन गर्दै चर्च पुग्ने गरेका छन्। यसले नयाँ पीडिलाई झनै प्रभाव पार्न सक्छ तसर्थ बोटे युवा पुस्तालाई उचित शिक्षाको साथै आफ्नो धर्म संस्कृति र परम्पराको वारेमा पूर्वजहरुले जानकारी दिदै पुर्ख्यौली हस्तान्तरण गराउनु समयको अनिवार्य माग हो।

**सन्दर्भ सामग्री**


१. भरतपुर म.न.पा. २२ का मित्रलाल, विना इन्दिरा र प्रदीप वोटे।

२. भरतपुर म.न.पा १३ का सन्तोष र कालुवोटे।

३. माडी नगरपालिकाका जगनारायण बोटे र केन्द्रीय अध्यक्ष राजकुमार बोटे।

४. वोटे भाषा लेखन शैली - २०७५

५. वोटे कृति संगालो - २०७६


**कविता**

# जीवन चक्र




✍ **सामना पहाड**
*सचिव-नेपाल लेखक संघ*


हिमाल बनेर उभिन्छु कहिले
नदी भएर पग्लिन्छु कहिले
कहिले रहन्छु चुपचाप
तलाउ र पोखरी बनेर
देखिन्छु कहिले
खोलानालाको लहरमा
गरिरहन्छु अनेकौं स्वरुपमा अभिनय
अस्तित्वको उपक्रम ठानेर

तटको सुक्खा बालुवामा सोसिनु
बादल बनी क्षितिजमा ठोकिनु
कहिले इन्द्रेणी बन्ने तृष्णामा दौडिनु
असिना बन्नु, धर्तीमा खस्नु
पत्थरसँगै टुट्नु र फुट्नु
नियमितताकै उपक्रम न हो

मुस्कुराउँदै बहिरहेँ
कर्मयोग ठानेर
बगे पनि
उडे पनि
जमे पनि
झरे पनि
सरे पनि
बसे पनि
पुगे पनि जहीँकहीँ
अनन्त अनन्त यात्रामा
महासागर र महासगर जोडिएको
क्षितिज विन्दुसम्मै
म उहीँ भएँ
केवल उहीँ रहेँ
अरे वाह !
यो जल जीवन चक्र।

# गाउँ पञ्चायतदेखि महानगरपालिका बनेको भरतपुर



बामदेव खनाल
*वडा अध्यक्ष, तत्कालीन भरतपुर नगरपालिका-४*

वि.सं. २०१३ को राप्तीदून विकास कार्यक्रमबाट चितवनमा जग्गा वितरण हुन थालेपछि यस जिल्लाको आवादी ह्वात्तै बढ्यो । नेपालका प्रायः सबै जिल्लाबाट चितवनमा बसोवास गर्न आउन थाले । २०१८ साल चैतमा चितवन २२ वटामात्र गाउँ पञ्चायतमा विभाजित भएको थियो ।

नारायणगढ र भरतपुर मिली भरतपुर गाउँ पञ्चायत बनेको थियो । चार वर्षभित्र नै भरतपुरबाट फुटी नारायणगढ बेग्लै गाउँ पञ्चायत भयो । २०२३ सालको निर्वाचनमा चितवनमा ४२ वटा गाउँ पञ्चायत गठन भएका थिए । नारायणगढ र भरतपुर गाउँ पञ्चायतमा द्रुततर विकास भई बजार, सडक, बिजुली, खानेपानी, उद्योग वाणिज्य सङ्घले उठाउने चुङ्गीकर व्यापारीहरूले तिर्ने, व्यापार र उद्योगको कर आदिले गर्दा श्री ५ को सरकारले तोकेको मापदण्डका सूचकहरू नारायणगढ र भरतपुर गाउँ पञ्चायतले पार गरी शहर हुन तम्तयार भइसकेका थिए । आवश्यक पर्ने पूर्वाधार र सूचकाङ्क देखिएकाले श्री ५ को सरकारले चितवनमा २०३५ साल पुसमा नारायणगढ, भरतपुर र कल्याणपुर गाउँ पञ्चायत मिलाई बाह्र (१२) वडामा विभाजन गरी नगरपालिकाको गठन गऱ्यो, जसको नाम "भरतपुर नगर पञ्चायत" राखियो । घोषणा भइसकेपछि यसको सिमाना पूर्वमा बरण्डाभार जङ्गल, पश्चिम नारायणी नदी र मङ्गलपुर गाउँ पञ्चायत, उत्तरमा कविलास गाउँ पञ्चायत र नारायणी नदी तथा दक्षिणमा बरण्डाभार जङ्गल र गीतानगर गाउँ पञ्चायत रहेको थियो । २०३५ साल माघमा भएको निर्वाचनबाट निम्नानुसारको पहिलो जनप्रतिनिधिहरूको चयन भएको थियो :

प्रधानपञ्च : मुक्तिलाल चुके, उपप्रधानपञ्च : दधिराम सापकोटा, वडा अध्यक्षहरू : (१) रामप्रसाद श्रेष्ठ, (२) होमबहादुर गुरुङ, (३) हिमबहादुर पिया, (४) प्रेमकुमार श्रेष्ठ, (५) खिमानन्द कँडेल, (६) धनञ्जय सापकोटा, (७) जवाहरलाल प्रधान, (८) पूर्णबहादुर रानाभाट, (९) जङ्गबहादुर गुरुङ, (१०) कल्याणप्रताप पाण्डे, (११) डि. कमलप्रसाद श्रेष्ठ र (१२) शिवशरण कुँवर ।

निर्वाचन सम्पन्न भइसकेपछि कार्यालय चाहियो । चौबीसकोठीमा रहेको ध्रुवबाबु श्रेष्ठको घर बहालमा लिई भरतपुर नगरपञ्चायतको अफिस सञ्चालन हुन थाल्यो । अब स्ट्याम्प (छाप) र लेटरप्याड पनि चाहियो । नजिकै रहेको छिमेकी घरमा चितवन छापाखानाका साहु केदारनाथ खनाललाई स्ट्याम्प र लेटरप्याड बनाइदिन अनुरोध भएछ । "नगरपञ्चायत भएको खुशीयालीमा आवश्यक पर्ने लेटरप्याट र स्ट्याम्प सौजन्यस्वरूप उपलब्ध गराउन पाउनु मेरो अहोभाग्य हो" भनी सामान उपलब्ध गराएको बारेमा भरतपुर नगरपञ्चायतसम्बन्धी जानकारी लिन जाँदा केदार दाजुले मलाई यो कुराको जानकारी गराउनुभएको थियो । दुई-तीन महिनाजति चौबिसकोठीमा 'भरतपुर नगरपञ्चायत' सञ्चालन भएपछि १२ नं. वडामा भएको सुभाषचन्द्र जोशीको घरमा नगरपञ्चायतको अफिस सारियो । अहिले नगरपालिका भएको गाउँ पञ्चायतको जग्गामा जग्गा अतिक्रमण गरी केही सुकुम्बासीहरू र केही हुकुमबासीहरू मिली घर बनाई जग्गा आवाद गरी बसेका थिए । भरतपुर नगरपञ्चायतले आफ्नो जग्गा कब्जा गरी बसेकाहरूलाई हटाई नगरपञ्चायतको जग्गा नगरपञ्चायतकै नाममा कायम गराई पाउँ र आफ्नो जग्गाको हक, भोग गर्न पाउँ भनी जिल्ला अदालत चितवनमा फिरादपत्र दर्ता गरायो । करिब एक वर्ष लगाई सो जग्गा नगरपञ्चायतकै हो र नगरपञ्चायतले नै आफ्नो जग्गा हकभोग गर्न पाउने गरी फैसला भएपछि बसेका सबैखाले मानिसहरूले सो जग्गा खाली गरिदिएपछि भरतपुर नगरपञ्चायतको कार्यालय भवन वडा नं. १२ बाट वडा नं. १० हाल महानगरपालिकाको भवन भएको स्थानमा सऱ्यो ।

वि.सं. २०३६ मा जनमतसङ्ग्रहको घोषणापछि भरतपुर नगरपञ्चायतका सबै जनप्रतिनिधिहरू बहुदलको पक्षमा प्रचारप्रसारमा लागेपछि २०३६ साल पुसमा श्री ५ को सरकारले भरतपुर नगरपञ्चायत भङ्ग गरी टिकेप्रथाबाट नगर पञ्चायतको गठन गऱ्यो, जसअनुसार अध्यक्ष इन्द्रलाल श्रेष्ठ, उपाध्यक्ष खडानन्द शर्मा, वडा अध्यक्षहरूमा केशवराज सापकोटा, टङ्कबहादुर थापा, राममणि उपाध्याय, दुर्गा गोतामे, डिल्लीप्रसाद कँडेल, वीरेन्द्रबहादुर के.सी., मधुसूदन शर्मा, फूलनाथ कँडेल, दीर्घमान श्रेष्ठ, गोपीनाथ

श्रेष्ठ, मोहनबहादुर थापा र बालकुमारी कार्की चयन भएका थिए।

जनमतसङ्ग्रहको घोषणा भइसकेपछि देशभरिका जनताहरू पञ्चायत (निर्दल)को प्रचार, बहुदलवादी काङ्ग्रेस, कम्युनिस्ट र अन्य पार्टीहरू बहुदलको प्रचारप्रसारमा लागे। सोही बेलाको अवसरलाई आफ्नो आयस्रोतको विषय बनाई देशैभरिका जङ्गलमा पसी काठ चोरी-निकासी गर्ने र खाली बस्नयोग्य ठाउँ देखेमा साना छाप्राहरू बनाई सुकुम्बासीका नाममा वस्तीहरू बस्न थाले। पञ्च, प्रशासन, सरकारका नजिकैका मान्छे, आफ्नो हालीमुहाली चल्नेहरूले कमाउनुको साथै घरजग्गाको पनि व्यवस्था मिलाए। भरतपुर नगर पञ्चायतको वडा नं. ४ नजिकै रहेको नारायणीको तीरमा रहेका दुईवटा मझुवा (सानो र ठूलो)मा पनि केही ठूला रुखहरू थिए। तिनलाई काटी-बेची, साना बुट्यानहरूलाई फँडानी गरी गैँडाकोटतिरका पाँच-सात घर सुकुम्बासी भनी आई छाप्रो बनाएर बस्न थालेछन्। २०३९ साल वैशाख र जेठमा निर्वाचन सम्पन्न भइसकेपछि आफ्नो नजिकै रहेको मझुवामा वस्ती बस्न लागेको देखी सम्बन्धित वडा नं. ४ का वडा अध्यक्ष जीवन शर्मा वाग्ले र प्रधानपञ्च मुक्तिलाल चुके छाप्रा बनाएका ठाउँमा गई सम्झाइ-बुझाई तिनीहरूलाई त्यहाँबाट उठाई सो ठाउँमा करिब एक सय पच्चिस बिगाहा जमिनमा भरतपुर नगर पञ्चायतबाट २०३९ साल साउन महिनादेखि वृक्षारोपण गर्न थालियो। प्रत्येक वर्षको वी.पी. स्मृति दिवस र जन्म जयन्तीमा वृक्षारोपण गर्ने कार्यक्रम चल्यो। सुरुका तीन-चार वर्षसम्म त वडा अध्यक्ष जीवन शर्मा वाग्ले र नगरप्रमुख मुक्तिलाल चुकेको बास १५-१६ घण्टासम्म वृक्षारोपण गर्ने ठाउँमा नै हुन्थ्यो। पछि पाँच-सात जना वनहेरालु नै राखी यसलाई अझ व्यवस्थित गरियो। जङ्गलभित्र छाप्रो घर, पानी र बिजुलीको व्यवस्था गरी 'नगर-वन' नामकरण गरी पिकनिक स्पट नै बनाइयो। यसैगरी हिमबहादुर पिया नगरप्रमुख भएको समयमा नगर-वनमा भूक्षय हुन नपाओस् भनी वडा नं. २ का वडा अध्यक्ष डोलनाथ भट्टराईलाई झापा पठाई बाँसका बिरुवाहरू ल्याई नारायणी नदीको किनारमा लगाइएको थियो। २०५०-०५१ सालमा नगर-वनबाट आयआर्जन गर्ने हेतुले वनको बिचबिचमा भएका घोलहरूमा कैलालीबाट बेतको बिरुवा ल्याई व्यवस्थित तवरले लगाउने कार्य भयो। बेतको बिरुवा लगाउने कार्य अशोक लामाले गर्नुभएको थियो। आज पनि नगर-वनका विभिन्न ठाउँमा बेतका बिरुवाहरू पाइन्छन्।

जनमतसङ्ग्रहको परिणामको घोषणापछि झिनो मतले सुधारिएको पञ्चायती व्यवस्थाले जित्यो। केही बुँदाहरूमा संविधान संशोधन पनि भयो। पञ्चायतका प्रतिनिधिको जनवर्गीय सङ्गठनबाट पनि चुनाव गरी आउने र पञ्चायतमा प्रतिनिधित्व गर्ने गरी व्यवस्था भयो। सोहीबमोजिम भरतपुर नगर पञ्चायतमा पनि २०३९ सालको वैशाख-जेठमा चुनाव भयो र नगर पञ्चायतको प्रतिनिधिहरू चुनिएर आए। सो चुनावमा निम्नानुसारका जनप्रतिनिधि र वर्गीय प्रतिनिधिहरू चुनिएर आएका थिए :

जनप्रतिनिधिहरूबाट - प्रधानपञ्च मुक्तिलाल चुके, उपप्रधानपञ्च (नगर उपप्रमुख) जङ्गबहादुर गुरुङ र वडाअध्यक्षहरू : (१) रुद्रकुमार श्रेष्ठ, (२) गणेशबहादुर गुरुङ, (३) हिमबहादुर पिया, (४) जीवन शर्मा वाग्ले, (५) खिमानन्द कँडेल, (६) केशकान्त कँडेल, (७) नन्दलाल बोहोरा, (८) दुर्गा गौतम, (९) हेमलाल कँडेल, (१०) ध्रुवबाबु श्रेष्ठ, (११) मधुसूदन शर्मा र (१२) विजय थापा।

वर्गीय सङ्गठनबाट - युवक : प्रभातकुमार जोशी, किसान : भूपतिदास सापकोटा, महिला : मंजु शर्मा, प्रौढ : टङ्कबहादुर थापा, मजदुर : ओमलाल श्रेष्ठ, भू.पू. सैनिक सङ्गठन : चन्द्रसिंह कुँवर।

आफैले नयाँ स्थापना गरेको नगर पञ्चायत भएकाले मुक्तिलाल चुकेले नगर पञ्चायतको विकास निर्माणमा दत्तचित्त भई लाग्नुभयो। साथै नगर-वनको विकास र विस्तारमा लाग्दालाग्दै आफ्नो अवधि सकियो र २०४३ सालमा नगरपञ्चायतको चुनाव भयो, जसमा मुक्तिलाल चुकेकै अनन्य मित्र हिमबहादुर पिया (प्रधानपञ्च), डा. गङ्गाधर लम्साल (उपप्रधानपञ्च) र वडाअध्यक्षहरूमा : (१) शैलेन्द्रकुमार पिया, (२) डोलनाथ भट्टराई, (३) पवनकुमार पिया, (४) अनन्त शर्मा पौडेल, (५) केशकान्त कँडेल, (६) दधिराम सापकोटा, (७) शिवप्रसाद भट्टराई, (८) नारायणप्रसाद कँडेल, (९) डिल्लीप्रसाद कँडेल, (१०) चीजकुमार मास्के, (११) इन्द्रजित गुरुङ र (१२) गणेशबहादुर थापा थिए भने वर्गीय सङ्गठनबाट : युवक : देवेन्द्र गुरुङ, किसान : मोहनबहादुर सुवेदी, महिला : पार्वती अधिकारी, प्रौढ : टंकबहादुर थापा र मजदुर : लालकुमार, भू.पू. सैनिक : प्रतिमान गुरुङ चुनिएका थिए।

यसरी नयाँ जनप्रतिनिधि तथा वर्गीय सङ्गठनबाट आएका व्यक्तित्वहरूले नगर पञ्चायतको विकास निर्माणको काम निकै जुझारु भई अघि बढाइरहेका थिए। भरतपुरको मुटुमा रहेको ऐलानी जग्गामा वस्ती बसी भरिभराउ भइसकेको थियो। भरतपुर नगर पञ्चायतले मागेअनुसार केशवकुमार बुढाथोकीको

अध्यक्षतामा भूमि आयोग बनी ऐलानी जमिनको नापी गरी फिल्ड बुकसमेत तयार भइसकेको थियो । अब ऐलानीको लालपुर्जा दिनुपर्छ भनी प्रतिकठ्ठा प्रतिमूल्य रु. ५,०००।- कायम गरिदिन स्थानीय, गृह पञ्चायत मन्त्रालयलाई नगरपालिकाबाट सर्वसम्मत निर्णय गराई कार्यान्वयनका लागि पठाइएको समयमा २०४६ साल फागुन ७ गते जनआन्दोलनको घोषणा भयो । यस पटक पनि भरतपुर नगर पञ्चायतमा सबै पञ्चायत इतर पक्षका जनप्रतिनिधिहरू थिए । सबैले पञ्चायत छोडी बहुदलको पक्षमा प्रचारप्रसारमा लागे । फलतः यस पटक पनि भरतपुर नगर पञ्चायत विघटन भयो । ४९ दिनको जनआन्दोलनले ३० वर्षसम्म जरा गाडेर रहेको पञ्चायती व्यवस्था ढल्यो । राजाद्वारा बहुदलीय व्यवस्था स्थापना गर्न अनुरोध गर्नुका साथै पञ्चायत व्यवस्थाको विघटन भएको पनि घोषणा गरियो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको गजमा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारको प्रधानमन्त्री भएपछि एक वर्षभित्रै बहुदलीय शासन व्यवस्थाको संविधान-२०४७ निर्माण गरी लागू गर्नुभयो । २०४८ सालको वैशाख र जेठमा संसदको चुनाव भयो । नेपाली काङ्ग्रेस पार्टीले बहुमत ल्यायो । एकमना सरकार गठन भई आफ्नो पार्टीको नीतिअनुसार देश विकास र निर्माणको कामहरू हुन थाले । २०४९ सालमा गाउँ पञ्चायतको नाम परिवर्तन गरी गाउँपालिका, नगरपालिका, जिल्ला विकास समिति भनी नामकरण गरी देशैभरिका स्थानीय निकायहरूमा चुनाव भयो । धेरैजसो ठाउँमा नेपाली काङ्ग्रेस पार्टीका कार्यकर्ताहरू जनप्रतिनिधिमा विजयी भई स्थानीय तवरमा विकास निर्माणको काम गर्न अग्रसर रहन थाले । २०४९ सालको स्थानीय निर्वाचनको समयमा भरतपुर नगरपालिकाको सिमाना बढाई नारायणपुर गाउँपालिका, श्रीपुर गाउँपालिकाको केही भाग र मङ्गलपुर गाउँपालिकाको केही भाग समेटी दुई वटा वडा बढाई १३ र १४ वडा बनाई नगरपालिका विस्तार गरियो । २०४९ साल वैशाखदेखि लागू हुने गरी भएको भरतपुर नगरपालिकाका जनप्रतिनिधिहरूको चयन भएको थियो, जसमा प्रमुख, उपप्रमुखसहित ११ वडामा नेपाली काङ्ग्रेस, २ वडामा ने.क.पा. एमाले, १ वडामा जनमोर्चा विजयी भएका थिए । यसअनुसार प्रमुख मुक्तिलाल चुके (ने.का.), उपप्रमुख जगन्नाथ पौडेल (ने.का.) र वडाअध्यक्षहरू : (१) जयराम श्रेष्ठ 'भैरव' (ने.का.), (२) नुरचन्द्र अधिकारी (ने.का.), (३) जीवन मल्ल (ने.का.), (४) वामदेव खनाल (ने.का.), (५) खिमानन्द कँडेल (ने.का.), (६) भूपतिदास सापकोटा (ने.का.), (७) मिलनबाबु श्रेष्ठ (ने.का.), (८) जगन्नाथ कँडेल (ने.का.), (९) खेमराज पौडेल (जनमोर्चा), (१०) मनोहरि कोइराला (ने.का.), (११) लीलादेवी खड्का (एमाले) र (१२) रामबहादुर रानामगर 'डेनी कान्छा' (एमाले) रहेका थिए ।

जनक्रान्ति सफल भई निर्माण भएको बहुदलीय संविधानअनुसारको निर्वाचनमा विजयी भई आएका, केन्द्रीय र स्थानीय जनप्रतिनिधिहरू दत्तचित्त भई आआफ्ना कार्यक्षेत्रमा विकास निर्माणका काममा लाग्न थाले । निर्वाचित पदाधिकारीहरूको पहिलो बैठकले २०३९ सालदेखि नै वी.पी. कोइरालाको नाममा लगाएको नगर-वनको नाम 'वी.पी. शान्ति नगर-वन' नामकरण गरियो र यसै वनमा वी.पी. कोइरालाको ढलोटको पूर्णकदको सालिक बनाई राखियो । नेपाली काङ्ग्रेसका तत्कालीन सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट वी.पी.को सालिकको अनावरण गरिएको थियो । देशैभर नयाँ जोश र जाँगरका साथ नयाँनयाँ योजनाहरू, विकासका पूर्वाधारहरू, नयाँ मेडिकल कलेजहरू, अस्पताल, विद्यालय, कलेज, प्राविधिक शिक्षालयहरू, बाटो, बिजुली, नहर आदि आवश्यक चीजहरूको व्यवस्थापन गर्दै केन्द्रीय र स्थानीय सरकारले विकासको रूपरेखा कोर्दै र बलियो जग बसाल्दै पूर्वाधारहरू तयार हुँदै गइरहेका थिए । २०५१ सालमा केन्द्रीय संसदमा पेश भएको सरकारको नीति तथा कार्यक्रम आफ्नै पार्टीको आन्तरिक कारणले गर्दा पास हुन सकेन । सरकारले सदन विघटन गरी मध्यावधि चुनाव गर्नुपर्‍यो । मध्यावधि चुनावमा काङ्ग्रेसको बहुमत आउन सकेन । एमालेले मिलिजुली सरकार बनायो । यो सरकार पनि नौ महिनाभन्दा बढी चल्न सकेन । केन्द्रीय सरकारको प्रभाव तल स्थानीय निकायहरूमा पनि देखिन थाल्यो । हिजो एकमना सरकार भएर गरेका निर्णय र कार्यमा आज प्रश्न उठाउन थाले । कतिपय पालिकाहरूमा असमझदारी पनि राम्रै तवरले झ्याङ्गिने मौका पाएको महसुस गरिएको थियो । जेनतेन केन्द्रीय सरकार धर्मराएर चल्यो । अवधि सकिएपछि पुनः २०५४ सालमा केन्द्रीय र स्थानीय निकायको निर्वाचन भयो । स्थानीय निकायअन्तर्गत भरतपुर नगरपालिकाको निर्वाचनमा एमालेको बहुमत हुन पुग्यो, जसअनुसार नगरप्रमुख हिमबहादुर पिया (एमाले), उपप्रमुख देवी ज्ञवाली (एमाले) र वडाअध्यक्षहरू : (१) अर्जुनकुमार प्रधान (एमाले), (२) श्यामकुमार पिया (एमाले), (३) गोपीमान श्रेष्ठ (ने.का.), (४) रामहरि श्रेष्ठ (ने.का.), (५) मदन के.सी. (ने.का.), (६) लक्ष्मीप्रसाद कँडेल (ने.का.), (७) मिलनबाबु श्रेष्ठ

(ने.का.), (८) नारायण कँडेल (एमाले), (९) अगन्धर कँडेल (एमाले), (१०) तुलसी चापागाइँ (एमाले), (११) तेजेन्द्रबहादुर खड्का (एमाले), (१२) रामबहादुर रानामगर 'डेनी कान्छा' (एमाले), (१३) डोलविक्रम मल्ल (एमाले) र (१४) भक्तिप्रसाद तिमिल्सेना (ने.का.) निर्वाचित भई आउनुभएको थियो ।

वि.सं. २०५४-०५८ मा चयन भएका भरतपुर नगरपालिकाका जनप्रतिनिधिहरूले २०४९-०५३ का जनप्रतिनिधिहरूले गर्दै रहेका बाँकी भएका कामहरू सम्पन्न गरी विकास निर्माणका नयाँ कामहरूको थालनी गरेका थिए । यो कार्यकालमा पनि भरतपुर नगरपालिकाका जनप्रतिनिधिहरूले जनताको मन छुने गरी विकास निर्माणमा सरिक भएका थिए । २०५९ साल माघ महिनामा राजा ज्ञानेन्द्रले शासनभार प्रत्यक्ष आफ्नो हातमा लिएपछि भरतपुर नगरपालिकामा टीके प्रथाबाट जनप्रतिनिधिहरू चयन भए, जसअनुसार नगरप्रमुख- गणेशबहादुर थापा, उपप्रमुख - चेतबहादुर भट्टराई, वडा अध्यक्षहरूमा - (१) विष्णु सेन्चुरी, (२) तीर्थ श्रेष्ठ, (३) वामदेव शर्मा, (४) महेशकुमार पौडेल, (५) शिवलाल सापकोटा, (६) फूलनाथ कँडेल, (७) होमबहादुर थापा (८) कमला कँडेल, (९) असीम भट्टराई, (१०) बलविक्रम थापा, (११) जगदीश अधिकारी, (१२) लेखराज पन्त (हरि), (१३) विष्णुप्रसाद खराल, (१४) रामशरण प्याकुरेल ।

"मेरो शासनमा जनताको आस्था के छ भनी विचार गर्ने हो कि ?" २०५९ साल चैत महिनामा नगरपालिकाको चुनाव भयो, ९८ प्रतिशत जनता गणतन्त्रको पक्षमा रही गणतन्त्र ल्याउन सशक्त रूपले लागेका जनताले चुनावमा भाग लिएनन्, चुनाव वहिष्कार गरे । फलस्वरूप २-४ प्रतिशत मात्र भोट खस्यो र नाममात्रका जनप्रतिनिधिहरू चुनिए, जसमा नगरप्रमुख गणेशबहादुर थापा, उपप्रमुख मोहनबहादुर सुवेदी चुनिए भने वडाअध्यक्षहरूमा क्रमशः (१) तीर्थलाल श्रेष्ठ, (२) बलराम भट्टराई, (८) कमला कँडेल, (९) असीम भट्टराई र (१३) विष्णुप्रसाद खराल निर्वाचित भई प्रतिनिधित्व गरे भने वडा नं. ३, ४, ५, ६, ७, १०, ११ र १२ मा चुनाव हुन सकेन । पछि नगरपालिका गठन हुँदा पुरानै प्रतिनिधिहरूलाई नै चयन गरी काम चलाइयो । यिनीहरूको पालामा विकास निर्माणका खासै काम हुन सकेन । २०६२/०६३ को जनआन्दोलन सफल भइसकेपछि यी जनप्रतिनिधिहरू स्वतः पलायन भए ।

२०५९ देखि २०७३ सालसम्म करिब १५ वर्ष स्थानीय निकायको निर्वाचन हुन सकेन । जनप्रतिनिधिविहीन अवस्थामा राष्ट्रसेवक कर्मचारी ( कार्यकारी अधिकृतको नेतृत्व ) हरूले दैनिक प्रशासन चलाए । अनौपचारिक रुपमा सर्वदलीय संयन्त्र भएपनि जवाफदेही भने कर्मचारीहरू नै थिए । जनप्रतिनिधिविहीन अवस्थामा कर्मचारीको नेतृत्व, अनौपचारिक सर्वदलीय संयन्त्र, ०६२ /६३ को शान्तिपूर्ण दोस्रो जनआन्दोलन, संसद्को पुनः स्थापना, नेकपा (माओवादी) समेतको सहभागितामा अन्तरिम व्यवस्थापिका संसदको गठन, सोही संसदबाट राजतन्त्रको सम्मानपूर्ण विदाइ, दुई-दुई पटक भएको संविधानसभाको निर्वाचनमार्फत २०७२ सालमा संविधानको घोषणा यस कालखण्डका खास राजनीतिक उतारचढावहरु हुन् ।

२०७२ सालको संविधान जारी भएपछि बल्ल स्थानीय तहहरुमा जनप्रतिनिधिले विकासको नेतृत्व गरिरहेका छन् ।

सर्वदलीय सहमतिको आधारमा कर्मचारीको नेतृत्वमा गाउँ विकास समिति, नगरपालिकाहरू चलिरहेका थिए । यसै क्रममा तत्कालीन भरतपुर नगरपालिकालाई साविकको मङ्गलपुर, फूलबारी, शारदानगर, गीतानगर र पटिहानी गाउँ विकास समिति मिलाएर २०७३ साल फागुन २७ गते भरतपुर उपमहानगरपालिकामा स्तरउन्नति गरिएको थियो । यसैगरी तत्कालीन गुञ्जानगर, शारदानगर, दिव्यनगर गाउँ विकास समितिलाई मिलाएर २०७१ जेठ ४ गते चित्रवन नगरपालिका र सोही मितिमा शुक्रनगर, मेघौली, जगतपुर र पार्वती गाउँ विकास समिति मिलाएर नारायणी नगरपालिका गठन भएका थिए ।

यस लेखमा मैले तत्कालीन गाउँ विकास समितिका नेतृत्व र जनप्रतिनिधिहरूको विवरण यसमा समावेश गरेको छैन ।

२०७३ फागुन २२ गते भरतपुर उपमहानगरपालिकामा साविकका चित्रवन नगरपालिका, नारायणी नगरपालिका र कविलास गाउँ विकास समिति गाभेर २९ वडामा विभक्त आजको भरतपुर महानगरपालिका बनेको हो। देश संघीयतामा गएपछि भएका स्थानीय तहका निर्वाचनमार्फत जनप्रतिनिधिको नेतृत्वमा विकासका क्रमले गति लिइरहेको छ । मैले यस लेखमा हिजोको भरतपुर गाउँ पञ्चायत हुँदै आजको भरतपुर महानगरपालिका बनेको इतिहासलाई सम्झाउने प्रयास मात्र गरेको हूँ । कतिपय विवरणहरू फरक परेको हुनसक्छ, छुटेको हुनसक्छ ; क्षमा चाहन्छु । प्रबुद्ध पाठक, लेखकहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

# मानव र वन्यजन्तुबीचको असमझदारी



✍डा. विश्वराज सुवेदी
*पर्यटन विज्ञ सल्लाहकार-भरतपुर महानगरपालिका*

**परिचय**

चितवन जिल्ला प्राकृतिक सुन्दरताले भरिपूर्ण मात्र नभई पर्यटकीय गतिविधिहरूको केन्द्रविन्दु पनि हो। यहाँका हरियाली जङ्गलहरू, अद्वितीय वन्यजन्तु, साहसिक गतिविधिहरू, सांस्कृतिक विविधता तथा ऐतिहासिक सम्पदाले पर्यटकहरूलाई लोभ्याउने गर्छ। चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र, बाघमारा वन क्षेत्र, मेघौली, सौराहालगायतका स्थानहरू जैविक विविधता अवलोकन गर्न उपयुक्त छन्। यहाँ हात्ती सफारी, डुङ्गा यात्रा, चराचुरुङ्गी अवलोकन, जङ्गल सफारी, गोही प्रजनन केन्द्र भ्रमण तथा थारू समुदायका मौलिक संस्कृति अवलोकन गर्न सकिन्छ। चितवनको आतिथ्यताले पर्यटकहरूलाई घरझैँ अनुभूति गराउँछ, जसले गर्दा हरेक वर्ष हजारौँ पर्यटक चितवन घुम्न आकर्षित हुन्छन्।

पर्यटनको विकासका लागि चितवनमा पूर्वाधार निर्माण, प्रवर्द्धन तथा दिगो विकासका योजनाहरू अगाडि बढाइँदै आएका छन्। अन्तर्राष्ट्रियस्तरका होटल, रिसोर्ट, होमस्टे तथा विभिन्न सुविधा सम्पन्न संरचनाहरू निर्माण गरिनुका साथै स्थानीय उत्पादन तथा मौलिक परिकारहरूलाई प्रवर्द्धन गर्ने कार्यले पर्यटनलाई थप मजबुत बनाइरहेको छ। स्थल तथा हवाई मार्गको सहज पहुँचले पनि चितवनलाई पर्यापर्यटनको नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाएको छ। यहाँको मौलिक संस्कृतिको संरक्षण, वातावरणमैत्री पर्यटन प्रवर्द्धन तथा जैविक विविधताको रक्षा गर्दै आधुनिक पर्यटन विकासमा जोड दिन सके चितवन पर्यटक सङ्ख्या र बसाइँ अवधि वृद्धि हुने देखिन्छ।

**मानव र वन्यजन्तुबिचको असमझदारी**

व्यक्ति , परिवार, समाज, राष्ट्र, अन्तर्राष्ट्रहरू सबैमा द्वन्द्व भइरहन्छ। दुई वा सोभन्दा बढी पक्षहरू बिच विचार, उद्देश्य, चाहना, आवश्यकता, प्राथमिकता, स्वार्थ आदिमा बेमेल वा असमझदारी भएमा द्वन्द्व उत्पन्न हुन्छ। कुनै पनि क्षेत्रमा भएको द्वन्द्व समाधान भए पनि फेरि अर्को विषयमा द्वन्द्व सुरु हुन्छ। त्यसैले आजकल द्वन्द्व समाधानभन्दा द्वन्द्व व्यवस्थापन शब्द प्रचलनमा आएको छ। हुन त हरेक संस्थामा परिवर्तनका लागि निश्चित मात्रामा द्वन्द्व हुनुपर्दछ भनिन्छ, द्वन्द्वले विचार विमर्श गरी छलफलबाट कार्य सञ्चालन गर्न नयाँ विधिहरूको सृजना गर्दछ तर नियन्त्रणभन्दा बाहिर द्वन्द्व भयो भने यसले हरेक क्षेत्रलाई नै नोक्सान पुर्याउँछ।

सामान्यतया आफ्नो हितका लागि अरूको अधिकार कटौती गरियो भने द्वन्द्व सृजना हुन्छ। सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक जुनसुकै कारणले पनि द्वन्द्व हुनसक्छ। त्यसरी नै प्राकृतिक स्रोत उपभोग गरी जीवन आश्रित भएकालाई निषेध गर्दा द्वन्द्व हुन्छ। मानव–वन्यजन्तु दुई पक्ष बिच एकले अर्कोलाई पारेको नोक्सानी तथा अवरोधले सृजना भएको हो। परापूर्व कालदेखि जङ्गलको आसपास बस्ने बासिन्दाहरू काठ, दाउरा, घाँस, खर, खडाइ सङ्कलन गर्ने, गाईवस्तु चराउने, गिटी, बालुवा, ढुङ्गा उत्खनन गर्ने गर्दथे। जब संरक्षित क्षेत्र घोषणा भयो, मानिसहरूलाई स्तन्त्रतापूर्वक प्राकृतिक स्रोत उपयोग गर्न निषेध गरियो, फलस्वरुप निकुञ्ज र स्थानीय जनताबिच द्वन्द्व बढ्दै गयो।

वन्यजन्तुको सङ्ख्या बढ्दै जानु, निकुञ्जमा अतिक्रमण बढ्दै जानु, घाँसे मैदान कम भई वन्यजन्तुलाई आहारको कमी हुनु आदि कारणले बन्यजन्तु गाउँ प्रवेश गर्न थाले। वन्यजन्तुबाट खेतीपाती, तरकारी, घर, गोठ नष्ट गर्नेदेखि घरपालुवा जनावर तथा मानव समुदायमाथि अक्रमणका घटना बढ्दै जादाँ मानव –वन्यजन्तु द्वन्द्व बढ्दै गयो। यसलाई अर्को भाषामा मानव र वन्यजन्तुबिचको असमझदारी भन्न पनि सकिन्छ। निकुञ्ज क्षेत्र वन्यजन्तुको संरक्षण क्षेत्र घोषणा भएपछि निकुञ्जको नीतिले बोटे, मुसहर, माझी, सुकुम्बासी तथा जङ्गलमा आश्रित परिवारलाई जीवनयापन गर्न कठिन भयो। जडिबुटी, निउरो ल्याउन वा माछा मार्न समेत निषेध गरेपछि यिनीहरु चिन्तित हुन पुगे। निकुञ्ज र वन्यजन्तुप्रतिको जनआक्रोशले गर्दा वर्तमान अवस्थामा चोरी सिकारी जत्तिकै मानव–वन्यजन्तु द्वन्द्व चुनौतीपुर्ण हुँदै गएको छ।

मानव वन्यजन्तु द्वन्द्वसम्बन्धमा लेखकको निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको अध्ययन अनुसन्धानबाट निस्किएका निष्कर्ष हेर्दा मध्यवर्ती क्षेत्रका बासिन्दाहरूको कृषि उत्पादनहरु सबभन्दा

बढी जङ्गली बँदेलले त्यसपछि गैंडा,मृग,हरिण,आदिले नोक्सान पुर्याएको देखिन्छ । बाघले घरपालुवा जनावर तथा मानवीय जीवनको क्षति गरेको छ ,भने जङ्गली हात्तीहरूले घर , गोठ , गोदाम भत्काउनेदेखि मानवीय क्षतिसम्म गरेको देखिन्छ । यति ठुलो जोखिम सहेर पनि निकुञ्ज आसपासका जनताहरू वन्यजन्तु संरक्षण गर्नुपर्छ भन्ने कुरामा सचेत देखिन्छन् । यिनै वन्यजन्तु देखाएर पर्यटन विकास गरी आफ्ना सन्ततिले रोजगारीका अवसर प्राप्त गर्ने छन् भनी स्थानीय जनता निकुञ्ज र सुरक्षा निकायसँग हातेमालो गर्दै संरक्षण अभियानमा सहभागी भएका छन् ।

निकुञ्ज र स्थानीय जनताबिच असमझदारी बढेमा संरक्षण कार्य एवम् पर्यटन विकासमा अवरोध हुन्छ । त्यसैले चोरी सिकारी, प्राकृतिक स्रोतमाथि दोहनजस्ता कार्य रोक्न निकुञ्जले सरोकारवालाहरूको आवश्यकता पूरा गर्ने वातावरण बनाएर सुरक्षाका रणनीतिहरु अवलम्बन गरी मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नु पर्दछ । स्थानीय जनतालाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सहभागी बनाएर सामुदायिक वनको उच्चतम प्रयोग गरी निकुञ्जमाथिको निर्भरता हटाउनु पर्दछ । निकुञ्ज र मध्यवर्ती उपभोक्ता समितिले स्थानीय जनतालाई पर्यटन विकासमा सहभागी हुने वातावरण बनाउनु पर्दछ । मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका नियमावली १९९६ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली १९९९ ले स्थानीय जनतालाई संरक्षणमा सहभागी बनाउन निकुञ्जले आर्जन गरेको राजस्वको ३०–५० प्रतिशत सम्म मध्यवर्ती उपभोक्ता समितिमार्फत् उपलब्ध गराउने हुँदा सोही रकम स्थानीयको आवश्यकता पूरा हुनेगरी बजेट विनियोजन गर्नुपर्दछ । समग्र निकुञ्जको आम्दानी हेर्दा करिब ८५ प्रतिशत रकम पर्यटन क्षेत्रबाट आर्जन हुने भएकाले पर्यटन विकास बाट मानव–वन्यजन्तुबीचको असमझदारीलाई व्यवस्थापन गर्न यो उपाय महत्वपूर्ण देखिन्छ ।

वन्यजन्तुले गरेको नोक्सानी विवरण अध्ययन गर्दा हरेक आर्थिक वर्ष मृत्यु मानव, घाइते मानव, घर पालुवा जनावर नोक्सानी घर गोठ नष्ट हुने घर सङ्ख्या गोदाम नष्ट हुने घर सङ्ख्या बालीनाली नष्ट हुने घर सङ्ख्या एवम् समग्र हानी नोक्सानी बढ्दै गएको देखिन्छ । वन्यजन्तु गाउँ प्रवेश गरी पुर्याएको मानवीय तथा भौतिक सम्पत्तिको नोक्सानीको क्षतिपूर्ति कमी भई पीडित पक्ष असन्तुष्ट भएकोले निकुञ्जले यसको पुनरावलोकन गर्नुपर्ने देखिन्छ । मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद् (चि.रा.नि.) ले मानव, घरपालुवा जनावर,बालीनाली, घर, गोठ आदिको वन्यजन्तुबाट भएको नोक्सानीबारे संशोधित राहत निर्देशिका–२०८० जारी गरी क्षतिपूर्ति दिने व्यवस्था गरेको छ ।

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | मानवीय मृत्यु | १०,००,००० |
| २ | शारीरिक रूपमा अशक्त भएमा | ५,००,००० |
| ३ | सख्त घाइते | २,००,००० |
| ४ | सामान्य घाइते | २,००,००० |
| ५ | गाई, भैंसी, घोडाप्रति पशु नोक्सानी | ६०,००० |
| ६ | अन्य प्रति पशु नोक्सानी | १०,००० |
| ७ | माछा वा कुखुरा नोक्सानी वर्षमा एक पटक | १०,००० |
| ८ | कृषिजन्य उत्पादन, खाद्यान्न नोक्सानी | १०,००० |
| ९ | घर गोठ, भकारीको नोक्सानी | २०,००० |

*स्रोतः वन्यजन्तु क्षति राहत वितरण निर्देशिका २०८०*

**मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि सुझाबहरू:-**

१. वन्यजन्तु गाउँ प्रवेशमा रोक लगाउन आरसीसी सहितको मेस जालीको पर्खाल लगाउने ।
२. निकुञ्जभित्र वन्यजन्तुलाई पर्याप्त हुने गरी घाँसे मैदान र खानेपानीको व्यवस्था गर्ने ।
३. जैविक विविधता संरक्षण र पर्यटन विकासबारे स्थानीय जनताबिच सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
४. निकुञ्ज, सुरक्षा निकाय र स्थनीय जनताको सहकार्यमा संरक्षण एवम् विकासका योजना,कार्यान्वयन र अनुगमन गर्ने ।
५. वन्यजन्तु पीडित जनतालाई पर्याप्त क्षतिपूर्तिको व्यवस्था गर्ने ।
६. आवश्यक स्थानमा सुरक्षा पोस्ट थप गरी गस्ती बढाएर चोरी सिकारी, अवैधानिक वन प्रवेश, प्राकृतिक स्रोतहरूको दोहन तथा निकुञ्ज एवम् सामुदायिक वन अतिक्रमण रोक्ने ।
७. संरक्षित क्षेत्रमा के गर्न हुन्छ, के गर्न हुदैन भन्ने बारे आचार संहिताको होडिङ बोर्डहरू राख्ने ।
८. वन क्षेत्रमा ढाकिँदै गएको वनमारा झार हटाउन स्थानीयलाई रोजगारी प्रदान गर्ने गरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।
९. निकुञ्ज तथा मध्यवर्ती ऐन, नियम समय सापेक्ष संशोधन गर्ने ।
१०. जल एवम् जङ्गलमा आश्रित परिवारलाई बैकल्पिक आय आर्जनको व्यवस्था गर्ने

निष्कर्षमा चितवनको पर्यटन वन्यजन्तुमा पर्या-पर्यटन हो । दीगो पर्यटन विकासका लागि प्राकृतिक सम्पदाहरूको संरक्षण एवम् उपयोग दुवै रणनीति अवलम्बन गर्नुपर्दछ । संरक्षण मात्र भयो भने स्थानीयसँग द्वन्द्व बढ्दै जान्छ । द्वन्द्व एक समस्या हो जसलाई समयमै व्यवस्थापन गरिएन भने यो सङ्कटमा परिणत हुन्छ । सरोकारवालहरूले स्थानीय जनतालाई नेपालको संविधानले प्रदान गरेको स्रोत र साधनमा अग्राधिकारका विषयहरूलाई सम्बोधन हुने गरी मानव वन्यजन्तु असमझदारी व्यवस्थापन गर्नुपर्दछ ।

परिचर्चा

# गीत सङ्गीतको उत्पत्ति, विकासक्रम, प्रभाव तथा राग परिचय



✍ विष्णुदेवी तिवारी 'उषा'
*परिषद सदस्य-भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

**गीत परिचय**

'गीत' तत्सम शब्द हो। 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको 'गीत' शब्दको अर्थ 'गाइएको अथवा गाउन मिल्ने' भन्ने हुन्छ। यसरी नै 'गै' धातुमा 'ल्युट' (अन) प्रत्यय लागेर 'गानम्' (गान) शब्द बन्दछ । राष्ट्रगान, भक्तिगान आदिमा प्रयोग भएको 'गान'को अर्थ पनि गीत नै हो' ।

नेपाली साहित्यमा काव्य विधा अन्तर्गत पर्ने गीतको छुट्टै महत्त्व छ । देश काल परिवेश, परिस्थिति, प्रेम-प्रणयका साथै प्रकृतिको सुन्दर परिभाषा दिने क्रममा एउटा लेखक तथा कलाकारको मनले बुनेको अनुभूतिहरूको प्रस्फुटन एवम् शाब्दिक प्रकाशन नै गीत हो। जुन लयात्मक तथा गेयात्मक हुन्छ । छोटकरीमा सुर ताल तथा लयका साथ कलात्मक तरिकाले गाइने विधा नै गीत हो।

**गीत परिभाषा**

गीत - सङ्गीतको मुख्य श्रोत प्राकृतिक ध्वनि हो । प्राचीन युगमा, मानिसहरूले प्रकृतिको आवाज र तिनीहरूका विशिष्ट लयहरू बुझ्ने प्रयास गर्दथे जसले मानव-मनलाई प्रभावित पार्दछन् । जस्तै झरनाको कलकल, चराहरूको चिरबिर, पवनको बेग, नदीको सुस्साइ, बोटबिरुवाहरूको सरसराहट, कोइलीको कोकिल कण्ठ, ढुकुरको कुरकुर, मयूरको नृत्य, मृगसावरहरूको चञ्चलता, यी सबै गीत सङ्गीत जन्माउने प्राकृतिक श्रोत हुन्।

गीतको बारेमा विभिन्न समयमा भिन्न - भिन्न तरिकाले सुप्रसिद्ध गीतकारहरूले गीतलाई परिभाषित गरेका छन् । चर्चित गीतकार चोलेन्द्र पटेल ( भारत) ले हृदय र मनको बिचमा जुन तार हुन्छ त्यसमा मानव समवेदनाको संघात द्वारा उत्पन्न आत्मस्वर नै गीत हो भनेका छन्। भने न्यु - इन्साइक्लोपेडिया ब्रिटानिकाले गीतलाई एक्लै वा सामूहिक रूपमा बाजाहरूसँगै वा तिनको अभावमै पनि गाइएको वा गाउनका लागि तयार गरिएको रचनाविशेष भनी परिभाषित गरेको छ। त्यस्तै गरेर डब्ल्यु एच हड्सनले एउटै वक्ताको एउटै मनस्थिति तथा भावना संवेगात्मक रूपमा व्यक्त भएको रचना नै गीत हो भनी चिनाएका छन्।

नेपाली गीतका सन्दर्भमा डा. वासुदेव त्रिपाठीले भाषाका फाँटको भावुक र लयात्मक अभिव्यक्ति एवं सङ्गीतसँग कविताको समागमको तरल झङ्कृति नै गीत हो भनेका छन्। त्यस्तै गरेर डा. हिमांशु थापाले जीवन र भोगाइका क्रममा प्राप्त भाव र अनुभूतिको कलात्मक, संवेगात्मक र गेयात्मक प्रस्तुतिका रूपमा गीतलाई चिनाएका छन् । डा. कृष्णहरि बरालले वक्ताको एउटै भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूतिप्रधान त्यस्तो अ-आख्यानात्मक आत्मपरक रचनालाई गीत भनिन्छ, जुन संक्षिप्त हुनाका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ भनी परिभाषित गरेका छन्। साथै डा. बरालले गीत लयबद्ध हुनुपर्ने, गाइएको वा गाउनकै उद्देश्यले लेखिएको हुनुपर्ने, वाद्ययन्त्रसँग वा रहित गाउन मिल्ने हुनुपर्ने, एउटै मनस्थितिको चित्रण, संवेगात्मक प्रतिविम्बन र एउटै विषयको केन्द्रीयता हुनुपर्ने, आयाम संक्षिप्त, स्वरूप आख्यानहीन र अभिव्यक्ति सरल तर कवित्व प्रबल हुनुपर्ने थप मान्यतालाई अगाडि सारेका छन्। मेरो विचारमा गीत सङ्गीत एउटा यस्तो कलात्मक चमत्कार हो जसले मानव मनलाई पलमै हसाउन र पलमै रुवाउन सक्छ। जुन विधा जीव-जगतमा लोकप्रियता कमाइसकेको असल साथी एवम् दुख, पीडा बर्साउने थेरापी तथा उपचार पद्धति पनि हो।

**गीतको उत्पत्ति तथा विकासक्रम**

नेपाली साहित्यमा गीतको उत्पत्ति लोकजीवन, प्राकृतिक वातावरण तथा कविता अर्थात काव्य - विधाबाट भएको देखिन्छ किनकि (वि. स. १८२६) सुवानन्द दासले 'पृथ्वीनारायण' कविता लोक गीतिछन्दमा लेखेका थिए । त्यस्तै गरेर वाल्मीकिको रामायण, व्यासको महाभारत र

देवीभागवत जुन पौराणिक ग्रन्थहरूका गीतिलय अहिलेसम्म पनि जनजिब्रोमा झुन्डिरहेका छन् ।

नेपालमा प्राचीनकालदेखि राजा महाराजाहरूका दरबारमा मनोरञ्जनात्मक साधन बनेको गीत सङ्गीतले समय र शासन व्यवस्था परिवर्तन सङ्ग-सङ्गै नयाँ मोड लियो । रेकर्ड नभएका गीतहरूका बारे भन्नुपर्दा लहरी र सवाई प्राचिन गीति विधा हुन । नेपाली लोकलय हुँदै आधुनिक युगमा प्रवेश गरेको गीतलाई तत्कालीन समयमा गीति - कविता मार्फत झकझकाउने काम गरिएको थियो । नेपाली आधुनिक गीत लेखनको सुरुवात मोतीरामबाट नै भएको देखिन्छ । आदि गायक सेतुरामबाट सुरु भएको गीत गायन शैलीले पहिलो पटक नयाँ रेकर्ड कायम गरेको थियो । सेतुरामले मोतीराम भट्टको गजल (वि. स. १९६५) जता हेर्यो उतै मेरा नजरमा राम प्यारा छन् र राजमति कुमति गीत भारतको कोलकातामा गई गाएर रेकर्ड गराएका थिए । यसरी नेपाली गीत सङ्गीतको इतिहासमा सेतुरामको नाम सुनौला अक्षरहरूले लेखिएको छ । नेपाली गीतको पहिलो कृति हाजिरमान राई को 'मीठा–मीठा नेपाली गीत (सन् १९०१)' हो ।

'नेपाली गीतमा आधुनिक भाव र शिल्पको प्रवेश गराउने गीतकारहरूमा लक्ष्मीप्रसाद देवकोटा प्रमुख छन् भने सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, केवलपुरे किसान, जनकप्रसाद हुमागाईं, गोकुलप्रसाद जोशी, भूपि शेरचन, माधव घिमिरे, प्रेमविनोद नन्दन लगायतका स्रष्टाहरू यसका अगुवाहरू मानिन्छन् ।'

कवितात्मक शैलीबाट अगाडि बढेर गीतलाई गीत कै शैलीमा गाउने परम्पराको सुरुवात भने २००७ साल पछि मात्र भएको हो । किनभने प्रजातन्त्र अगाडि नेपालमा जहानियाँ राणाशासनको मनलाग्दी तन्त्र अर्थात दमनको नीतिले नेपाली जनताको हक अधिकार, स्वतन्त्रता , वाक स्वतन्त्रता, व्यक्ति स्वतन्त्रता सबै खोसिएको थियो । स्रोत साधनको पनि अभावका कारण गीत रेकर्डिङ सम्भव नै थिएन ।

हाल आएर प्रविधिको विकाससँगै गीत सङ्गीतको क्षेत्र फराकिलो बन्दै गएको छ ।

"गीतको प्रभाव तथा कलात्मक शक्ति"

गाउँ घर, मेलापातमा घन्किने लोक दोहोरी गीत, धान रोपाईँ गीत, गन्धर्व गीत, चराहरूको सुसेली , झरनाहरूको कलकल, सुनेर उब्जिएका भाव तरङ्गले उत्पन्न गीति लय, आदिबाट सुरु भएको गीतले सुर ताल र लयका साथ विम्बात्मक तथा प्रतीकात्मक रूपमा भावहरूको संप्रेषण गर्नुका साथै मानवीय मन मुटुमा एक प्रकारको कम्पन पैदा गर्ने तागत राख्दछ । यसर्थ यो नै उत्कृष्ट गीति कला हो । जस्तै: उदाहरणका लागि नेपालमा प्राचीनकालदेखि गन्धर्वहरूले आफ्नो जीविकोपार्जनका लागि सारङ्गी रेटेर गाउने मर्मस्पर्शी गीत सुनेर नयन भिजेको अनुभव हामी सबैसङ्ग ताजा छ ।

हङ्गेरियन पियानोवादक र संगीतकार रेज्सो सेरेसद्वारा सन् १९३३ मा रचित 'संसार समाप्त हुँदैछ' बोलको एउटा गीत (जसलाई " हङ्गेरियन सुसाइड गीत" पनि भनिन्छ) सुनेर धेरै मानिसहरूले आत्महत्या गरेका थिए । यो गीतलाई अंग्रेजीमा 'ग्रुमी सन्डे' भनेर रेकर्ड गराएपछि पनि गीत सुनेर मान्छेले आत्महत्या गर्न थालेपछि हङ्गेरी, बेलायत, अमेरिका, फ्रान्स आदि विभिन्न देशमा प्रतिबन्ध लगाइयो । यो घटनाले पनि गीत सङ्गीतको ताकत तथा प्रभाव कति हुन्छ भन्ने कुरा प्रमाणित गर्छ । त्यस्तै गरेर नेपाली गीतको प्रसङ्गमा गोपालप्रसाद रिमालको 'रातो र चन्द्र सूर्य जङ्गी निसान हाम्रो' , सवारी मेरो मेलवादेवी, न घरलाई घर कहिन्छ नारी नै दरवार हो एक मात्रै धर्मसाधन नारी घरको द्वार हो, कोइलीदेवीको भो म त आउन पाइन, तारादेवीको उकाली ओरालीहरूमा, कालीपारे दाइ कति राम्रो, अरुणा लामाले गाएको उदास मेरो जीवनकथा, पोहोर साल खुसि फाट्दा, मीरा राणा मखमली चोली चाहिदैन, ज्ञानु राणाको सल्लै हो जीवन कल्लाई हो, श्याम तमोटको 'गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ' , जीवन शर्माका सिमली छायाँमा बसी भरिया लामो सास - फेरेको (२०१६), चाहिँदैन मलाई शिशाको महल तथा खुसिराम पाख्रिनका "यो मुक्ति यात्रामा धेरै काट्यौं उकालो, अझै काट्नु छ आइपुगियो नेटोमा, शिखर पुग्न अझै बाँकी छ..., "सगरमाथाको काखमा नेपाल भन्ने देश छ त्यही नै हाम्रो देश रे भोका र नाङ्गाको बास छ...", जस्ता लोकप्रिय गीतहरू सुनेर नझुम्ने, नरुने, वा नतात्तिने नेपाली बिरलै होलान् । साथै द्वन्द्वकालमा गीतबाट नै गाउँ, घर र देश बिउँझाउन सफल भएका प्रसङ्गहरू हामीले राम्रोसँग देखे सुनेका छौं ।

स्वर सम्राटको उपाधिले सम्मानित स्व. गायक नारायणगोपाल, धर्मराज थापा, उदितनारायण झा, अरुण

थापा, दीप श्रेष्ठ तथा भक्तराज आचार्यको गायनकला पनि निकै प्रभावशाली देखियो । साथै विगतदेखि वर्तमानसम्मका पुराना तथा नयाँ सबै गीत सङ्गीतमा आफ्नो जीवन समर्पण गर्ने गीतकार, गायक तथा सङ्गीतकर्मीमा मानव मनलाई छुने ऊर्जा प्रबल नै देखिन्छ । हाल प्रविधिको विकास सँगै गीतमा पनि नयाँपन आएको छ । नेपाली गीत विदेशीलाई मन परेर गाउन थालेका छन् यो निकै सकारात्मक पक्ष हो । नेपाली गीत सङ्गीतको प्रभाव विश्वभर फैलिएको छ तर बिडम्बना के छ भने, कतिपयले कमाउने होडमा गीत जो नेपाली भाषा साहित्यको अभिन्न अङ्ग हो । भाषाको ख्याल नराखी जथाभावी अपशब्दहरू प्रयोग गरेर छाडातन्त्र लागु गर्दै समाजमा नकारात्मक सन्देश प्रवाह गरेको देख्दा मन चिरिन्छ । कामना गरौं यस्तो कुसंस्कारको अन्त्य होस् । गीतलाई गीत नै रहन दिऔं, यसलाई उत्तेजक साधन नवनाऔं ।

**गीतका प्रकार**

लोक जीवनबाट सृजित गीतलाई लोकगीत भनिन्छ ।

जहाँ घर, गाउँ, मेलापात, घाँस दाउरा, वनजङ्गल गर्दै दिनचर्या बिताउने गाउँले जीवनलाई जुन किसिमको सङ्गीतले प्रभावित पार्यो त्यसैको आधारमा गुनगुनाउन सिकायो । प्रकृति तथा प्राणी जगत्को आवाज तथा हाउभाउमा मग्न हुँदाहुँदै बोट बिरुवाको पात बजाएर सुरु भएको पिर - पिरले बाँसको मुरली बनाएर बजाउन सिकायो ।

लोकगीत तथा लोक भाकामा सबैभन्दा पुरानो तथा गीत गायनको प्रारम्भिक चरण भनेको झ्याउरे गीत हो । कालीप्रसाद पन्तको भनाइमा 'ज्याउरे गढकुमाउबाट पौड्याल शरणार्थी - हरूले ल्याएको गीत हो, पछि यसै शैलीलाई विभिन्न जातिहरूले अनुसरण गर्दै गए भन्ने भनाई छ ।' तर यसको पनि कुनै ठोस निर्णय भने पाइँदैन । संवत् १८७१ पछि गोन्या सिरस र मानवीर खत्रीले यही शैलीमा नेपाली भाषामा गीत गाएर यसैलाई झ्याउरेको संज्ञा दिए । नेपालको एकीकरणपछि सबै जातिको साझा फूलबारी नेपाल भएझै झ्याउरेगीत पनि सबै जातिको साझा गीत हुन गयो । त्यस्तै गरेर समयको बहाव सङ्गै विस्तारै - विस्तारै गीत सङ्गीतले कोल्टे फेर्दै गयो । लोक जीवनबाट सिर्जित गीतले आधुनिक कालमा आएर आफ्नो स्वरूप परिवर्तन गर्दै अनेक आकार लिएको छ

गीतकार तथा सङ्गीतकर्मी किरण खरेलका अनुसार वि सं २०१८ सालदेखि २०३८ सालसम्मको समयावधिलाई नेपाली सुगम सङ्गीतको स्वर्णिम युग मानिएको छ । यो समयमा लेखिएका तथा रेकर्ड गरिएका गीत सङ्गीतहरू नै नेपाली गीतसङ्गीतका आधारस्तम्भ हुन । यही बिचमा स्थापना भएको थियो रेडियो नेपाल अनि रत्न रेकर्डिङ संस्थान । विशेष गरेर सङ्गीतलाई दुई भागमा बाँडिएको छ एउटा भाव सङ्गीत र अर्को हो शास्त्रीय सङ्गीत । गीत भाव सङ्गीत भित्र पर्दछ । यसमा लोक हुँदै पछि थपिएका आधुनिक, पप, र्याप, रिमिक्स लगायत अन्य जुनसुकै नाम दिए पनि वा जुनसुकै तरिकाले प्रस्तुत गरे पनि गीत भाव सङ्गीतको एउटा समष्टि रूप हो । भाव सङ्गीत र शास्त्रीय सङ्गीतमा धेरै भिन्नता छन् । जसको स्पष्टिकरण शास्त्रीय सङ्गीतको परिचयले दिनेछ ।

**शास्त्रीय सङ्गीतको संरचना, उत्पत्ति तथा रागहरूको परिचय**

विभिन्न राग तथा तालहरूको संयोजन गरि गाइने तथा बजाइने सङ्गीतलाई शास्त्रीय सङ्गीत भनिन्छ । शास्त्रीय सङ्गीत सुरुवातका सम्बन्धमा एतिहासिक दस्तावेजका रूपमा रहेका भरतमुनिको नाट्यशास्त्र र त्यसभन्दा पहिले सामवेदको गायनलाई लिन सकिन्छ । केही भारतीय सङ्गीतज्ञहरू सङ्गीतको उत्पत्ति वेदहरूबाट भएको हो भन्दछन् । वेदको मूल मन्त्र ऊँ हो । ऊँ अ, उ तथा म मिलेर बनेको छ यी तिनै अक्षरहरू क्रमशः ऋग्वेद, सामवेद एवम् यजुर्वेद बाट लिएका हुन् । यस अर्थमा सङ्गीतको उद्गमस्थल सामवेदबाट भएको मानिन्छ । यसको अन्वेषण ब्रहमाद्वारा गरिएको तथा प्रयोग महर्षि भरतद्वारा भएको भनिएको छ साथै वेदका निर्माता ब्रह्मा हुन् भन्ने मान्यता पनि छन् । यी ४ वेदमध्ये

(१) ऋग्वेद पाठ्यका लागि

(२) सामवेद-गीतका लागि

(३) यजुर्वेद-अभिनयका लागि तथा

(४) अथर्ववेद-रसका लागि लेखिएका साथै उक्त ४ वेदका उपवेदहरू (क) ऋग्वेद-आयुर्वेद, (ख) यजुर्वेद-धनुर्वेद (ग) सामवेद- गान्धर्ववेद (घ) अथर्वेद वाट स्थापत्य, वैद्य, अस्त्र, गायन, कला शास्त्र, ग्रह प्रवन्ध आदि बारेमा उल्लेख गरिएको छ ।

१९औं सताब्दीको अन्त्यमा भर्तेन्दु हरिश्चन्द्रले "सङ्गीतको उत्पत्ति मानवीय संवेदनाबाट भएको हो ।" भनेका छन् । सङ्गीतको उत्पत्तिको सन्दर्भमा पूर्विय शास्त्रहरूमा

निकै रोचक प्रसङ्गहरू छन् । जस्तै : देवराज इन्द्रको दरबारमा दैनिक जसो गायन, वाद्यवादन सहितको नृत्य प्रस्तुत गरिन्थ्यो । जहाँ किन्नरहरूले बजाउने, गन्धर्वहरूले गाउने र अप्सराहरू नाच्ने गर्दथे भनिन्छ । यदि प्रमाणिक रूपमा हेर्ने हो भने, सबैभन्दा पुरानो सभ्यताका अवशेषहरू, मूर्तिहरू, सिक्काहरू र भित्तेचित्रहरूले हजारौं वर्ष पहिले मानिसहरू सङ्गीतसँग परिचित थिए भन्ने देखाउँछ । हाम्रो देशमामात्रै होइन, युरोप लगायत अन्य देशहरूमा पनि मानव निर्मित कलाकृतिहरूलाई सङ्गीतको मुख्य श्रोत मानिन्छ ।

विशेष गरेर शब्दहरूको हारलाई कण्ठमा सजाएर गायन, वाद्यवादन एवम् नृत्य यी तिनै कलाको संयोजन गर्दै काव्यिक भावहरू अभिव्यक्त गर्ने कला नै सङ्गीत हो । सङ्गीत शब्द सुन्ने बित्तिकै हाम्रो मानसपटलमा गीत, वाद्ययन्त्र एवम् नृत्यका लागि सल्बलाइरहेका हात-खुट्टा तथा शारीरिक हाउभाउका सुन्दर र आकर्षक चित्रहरू तैरिन्छन् । त्यसैले सङ्गीतका आधारभूत अङ्ग भनेका भाषा, भाव, सुर, ताल र लय हुन् । यसैले सङ्गीत मानव जीवनको अभिन्न अङ्गको रूपमा मानिन्छ । यसले मानिसलाई एक-आपसमा जोड्दछ । मानव मात्र नभएर हरेक जीव - जन्तु तथा बोटबिरुवामा पनि सङ्गीतको प्रभाव देखिन्छ । सङ्गीत एउटा यस्तो औषधी हो जसले मनोवैज्ञानिक रूपले सबै जीवित प्राणीहरूको चित्तलाई एकाग्र गर्दै सन्तुलित बनाउने क्षमता राख्दछ ।

शास्त्रीय सङ्गीतलाई सङ्गीतको अभिन्न अङ्गको रुपमा लिइन्छ । यसलाई अङ्ग्रेजीमा ( Classic Music) भनिन्छ । शास्त्रीय गायन ध्वनि प्रधान हुन्छ यसमा शब्दको महत्त्व खासै हुँदैन । यो सङ्गीत साधनारत तथा ध्वनि मोह हुनेहरूले मात्र राम्रोसङ्ग बुझ्दछन् । शास्त्रीय सङ्गीतमा शब्द नभएर ध्वनि मात्र बजाइने हुँदा सङ्गीत नबुझ्ने जो कोही अलमलिन्छन् । यसमा जब नृत्य मिसाइन्छ अर्थात् शास्त्रीय नृत्य प्रदर्शित गरिन्छ तब मात्र दर्शक श्रोताले केही हदसम्म बुझ्न र आनन्दको महसुस गर्न सक्छ । १३औं शताब्दीमा भारतीय साँस्कृतिक समिश्रणबाट विकसित हुँदै आएको शास्त्रीय सङ्गीतलाई हिन्दुस्तानी शास्त्रीय सङ्गीत भन्निछ । १३औं शताब्दी पछि भने भारतमा दुई प्रकारका शास्त्रीय सङ्गीत पद्धतिको सुरुवात भयो । यी दुबै खाले सङ्गीतमा केही भिन्नताहरूपनि छन् ।

हिन्दुस्तानी शास्त्रीय सङ्गीत मध्ययुगीन हो भने कार्नाटकीय सङ्गीतको उत्पत्ति वेदहरूबाट भएको मानिन्छ । हिन्दुस्तानी सङ्गीत उत्तर भारतसँग जोडिएको छ भने कर्नाटक सङ्गीत दक्षिण भारतसङ्ग सम्बन्धीत छ । कर्नाटक सङ्गीतले भक्ति भावलाई महत्त्व दिन्छ भने हिन्दुस्तानी शास्त्रीय सङ्गीत शैलीमा शुद्ध स्वर सप्तक तथा प्राकृतिक स्वरमा जोड दिइन्छ । यसमा ध्रुपद, धमर, होरी, ख्याल, टप्पा, चतुरंग, रससागर, तराना, सरगम अनि ठुमरी" जस्ता दश मुख्य गायन शैलीहरू हुन्छन् । यो शैलीका निर्माता स्वामी हरिदासलाई मानिन्छ । यो भारतको सबै भन्दा पुरानो सङ्गीत शैली हो । यसका मुख्य निर्माता हरिदास हुन भने ता पनि मुख्य रचनाकार भनेर पुरंदर दासको नाम उल्लेख गरिएको पाइन्छ ।

मेरो बुझाइमा नेपालको स्वनिर्मित शास्त्रीय शैली छैन । नेपालको सङ्गीत भारतिय सुर साधकहरूले निर्माण गरेका साङ्गीतिक परम्परा हरूलाई आधार बनाएर नै अगाडि बढिरहेको छ । प्राचीनकालमा शास्त्रीय सङ्गीत कुनै न कुनै शासकहरूको संरक्षणमा हुन्थ्यो किन कि मनोरन्जन र भोगविलासमा रमाउने लत सारा विश्वका शासकहरूमा थियो । शासकहरूले दरबारमा कलाकारहरू पाल्दथे । यदाकदा कलाकारहरू आफ्नो जीविकोपार्जनका लागि सडक पेटीमा गाउने तथा बेश्यालयका कोठीहरूमा समेत जाने गरेको इतिहास तथा वर्तमान हामी सामु छन् ।

नेपालमा भने सन १८८५ मा वीरशमसेरको पालामा शास्त्रीय कलाकारहरूको आगमन र प्रस्तुतिकरण सुरु भयो । राणाकालमा पूर्वी नेपालको रुम्जाटारमा जन्मिएकी मेलवादेवी गुरुङ्ले शास्त्रीय गीतमा लोकपन मिसाएर गाउने गरिन् । उनी नेपाल की पहिलो महिला गायिका पनि हुन् । उनको स्वरमा जादु थियो । चन्दशमशेरको पालामा राजदरबार पसेकी कोकिल कण्ठ की धनी मेलवादेवीले शुक्रराज शास्त्रीले लेखेको नाटकमा रहेको "न घरलाई घर कहिन्छ नारी नै दरबार हो, एक मात्र धर्म साधन स्वर्गको द्वार हो" शीर्षकको गीत गाएपछि दरबारकी गायिकाले क्रान्तिकारी व्यक्तिको गीत गाएको आरोपमा दरबारियाहरूले षड्यन्त्र गरेर उनलाई धेरै दुख दिएको इतिहासमा उल्लेख पाइन्छ ।

मेलवादेवीको त्यो गायन - कौशल अद्भुत थियो । लोक गीत पनि शास्त्रीय भावमा गाउने त्यो शैली मेलवादेवीसँगै

बिलाएर गएको मेलवाका छात्र पण्डित नरराज ढकालका छोरा प्रभुराज बताउछन् ।

आधुनिक कालभन्दा अगाडि यसरी बामे सर्दै आएको सङ्गीतले अहिले सकारात्मक तथा विकसित रूप लिएको छ। विभिन्न साङ्गीतिक स्कूल तथा विश्वविद्यालयहरू खुलेका छन् र नियमित अध्ययन - अध्यापन हुँदै आइरहेका छन्।

ललितकलालाई पाँच प्रकारमा विभाजन गरिएको छ- सङ्गीतकला, चित्रकला, मूर्तिकला, नृत्यकला र वास्तुकला। यी पाँच भेदमध्ये सङ्गीतकलालाई सर्वश्रेष्ठ ललितकला मानिएको छ । भावहरूको कलात्मक अभिव्यक्ति जुन स्वर, लय र तालको माध्यमद्वारा संप्रेषण गरिन्छ त्यसलाई सङ्गीत कला भनिन्छ। गीत , गायन र वादन सङ्गीतका प्रमुख तत्त्वहरू हुन्। सङ्गीतमा प्रमुख सात सुर हुन्छन् जस्तै: सा रे ग म प ध नि र यसका साथसाथै रे ग म ध नि गरेर कोमल र तीव्र स्वरहरू मिलेर कुल १२ वटा छन्। यिनै १२ वटा स्वरबाट दश वटा थाटहरू बनेका छन् र यिनै दश थाटहरूबाट नै सबै रागहरूको उत्पत्ति भएको हो।

जस्तै:

सा स्वर शुद्ध मात्र हुन्छ।

रे कोमल र रे शुद्ध दुबै हुन्छ

ग कोमल ग शुद्ध

म तीव्र र शुद्ध

प शुद्ध मात्र हुन्छ

ध कोमल ध सुद्ध

नि कोमल नि शुद्ध

सां

वादी र संवादी स्वरहरू ग र ध हुन्।

समयअनुसार गाइने वा बजाइने धुन तथा स्वरको समष्टि रूपलाई राग भनिन्छ। अर्थात् मानव मनलाई मोहित गर्ने ध्वनिलाई 'राग' भनिन्छ। शास्त्रीय सङ्गीतमा रागहरू थाटको आधारमा विभाजित छन् ।थाटबाट रागहरूको उत्पत्ति हुन्छ। विशेष गरेर दश वटा थाटहरू छन् भनिएको छ। जस्तै:

रागहरू - औदव-संपूर्ण, औदव-षडव, षडव-षडव, षडव-संपूर्ण, संपूर्ण-षडव। यी रागहरू विभिन्न तरिकाले गाउने या बजाइने गरिन्छ जस्तै आलाप, बन्दिश वा गीत। रागहरूको एक निश्चित क्रम हुन्छ, आलाप ( स्वर साधन, सङ्गीतको तान विशेष) भनेको रागमा भएका स्वरहरूलाई बिलम्बित लयमा विस्तार गर्नु भन्ने बुझिन्छ त्यस्तै गरेर बन्दिश भनेको स्वरहरू लाई बाध्ने वा मिलाएर राख्ने कला हो। जसलाई पकड पनि भनिन्छ।

भारतीय शास्त्रीय सङ्गीतज्ञहरूका अनुसार कुनै पनि रागको गायन समय निश्चित गरिएको छ। जस्तैः २४ घण्टामा ८ प्रहर हुन्छन्। हरेक प्रहरलाई ३ घण्टासम्मको समय निर्धारित गरिएको छ। रागमा प्रयोग हुने सुरहरूको आधारमा राग गायन तथा वाद्यवादनको समय तोकिएको हुन्छ।

विशेष गरेर भारतीय सङ्गीतमा राग गायन तथा वाद्यवादनको परम्परा प्राचीनकालदेखि चलिआएको छ भन्ने कुरा त्यहाँका एतिहासिक दस्तावेजका साथै विभिन्न धार्मिक ग्रन्थहरूले बताउँछन् । यतिसम्म कि जुन मनसायले राग गाइन्थ्यो त्यो तत्काल पूर्ण हुने गर्दथ्यो भन्ने कथन छ। जस्तै: तानसेन नामका धुरन्धर विद्वान् तथा विलक्षण प्रतिभाका धनी गायक तथा कलाकारले जब दीपक राग गाउन तथा बजाउन सुरु गर्दथे तत्काल दियो आफै जल्ने, गर्मी बढ्ने र चारैतर्फ आगो फैलिने जस्तो चमत्कारिक घटना घट्ने गरेको जानकारी भारतीय शास्त्रीय सङ्गीतको इतिहासमा उल्लेख गरिएको छ।

सङ्गीतज्ञहरूका अनुसार लगभग ४६० वटा राग भएको भन्ने छ। तर चलनचल्तीमा रहेका रागहरू १०० वटा छन्। ती मध्ये रागका विशेषतासहित केही लोकप्रिय तथा प्रतिनिधि रोगहरूको संक्षिप्त परिचय यसप्रकार छ।

रागमा स्वरहरूको एउटा विशिष्ट क्रम हुन्छ जसलाई आरोह ( माथि तिर उक्लने स्वर) , अवरोह (तल तिर झर्ने स्वर) भनिन्छ। राग एउटा सूत्र अथवा माला हो जसले गीत र सङ्गीतको तालमेल मिलाएर एउटा उत्कृष्ट भाव अथवा रस अभिव्यक्त गर्दछ। रागहरूको बारेमा जान्नु अगाडि थाटबारे जान्न जरूरी छ।

भारतीय शास्त्रीय सङ्गीतमा रागहरूको विभाजन थाटका आधारमा गरिएको छ। सप्तकका (वाध्यवादन यन्त्रमा रहेको स्वर विभाजन जस्तै: मन्त्र सप्तक, मध्य सप्तक र तार सप्तक) १२ वटा स्वरहरू मध्ये सातवटा मुख्य स्वरहरूको क्रमबद्ध समूहलाई थाट (ठाट) भनिन्छ। जहाँबाट रागहरूको उत्पत्ति हुन्छ। यसको सुरुवात भारतीय शास्त्रीय सङ्गीतका विद्वान् पण्डित भातखण्डेले गरेका हुन्। हिन्दी भाषामा ठाट

र मराठी भाषामा यसलाई थाट भनिएको छ। नेपालमा दुबै चल्तीमा छन्। कुनैपनि थाटमा सातवटा नोटहरू प्रयोग हुन अनिवार्य छ। नोटहरू क्रमबद्धरूपमा प्रयोग गरिन्छ जस्तैः सा पछि रे, रे पछि ग .....आदि।

दश थाट जसबाट रोगहरूको जन्म हुन्छ। ती हुन् क्रमशः कल्याण थाट, बिलावल थाट, खमाज थाट, काफी थाट, पूर्वी थाट, मारवा थाट, भैरव थाट, भैरवी थाट, आशावरी थाट र तोडी थाट आदि। यिनै दश थाटहरूबाट सङ्गीतज्ञहरू रागको सृजना गर्दछन्। जो गाउँदा तथा बजाउँदा एउटा छुट्टै प्रकारको आनन्द महसुस हुने गर्दछ।

**रागका विशेषताहरू:**

१) प्रथम त रागमा वादी, सम्वादी, अनुवादी स्वरहरू हुन आवश्यक छ।

२) रागमा कम्तिमा पनि पाँच स्वरहरू हुनुपर्दछ।

३) षडज स्वर अर्थात् 'सा' कहिल्यै पनि वर्जित हुँदैन।

४) मध्यम र पञ्चम एकसाथ वर्जित हुँदैनन्।

५) एकै स्वरका दुई रूप एकैसाथ प्रयोग गर्न मिल्दैन।

६) रागमा कुनै पनि प्राणीको मनलाई खिच्न सक्ने शक्ति हुन जरुरी हुन्छ

७) यो कुनै एक थाटबाट उत्पन्न भएको हुन्छ।

८) यो ध्वनिप्रधान हुन्छ।

९) रागमा वादी, सम्वादी, अनुवादी, विवादी, वर्ज्य स्वरहरू हुन्छन्। हालसम्म प्रचलित रोगहरू मध्ये केही प्रतिनिधिमूलक राग र यिनको संक्षिप्त परिचय यसप्रकार छ।

**(क) भैरव राग : शिशिर**

भैरवथाटबाट उत्पन्न रागलाई भैरव राग भनिन्छ। सातवटै स्वररहरू लाग्ने भएकाले यसको जाति (सम्पूर्ण - सम्पूर्ण) मानिन्छ। यो राग हिन्दुस्तानी शास्त्रीय सङ्गीत अन्तर्गत पर्दछ। यसमा रे र ध कोमल प्रयोग हुन्छन्। वादी स्वर 'ध' र संवादी स्वर 'रे' हो। यो राग उषाकाल अर्थात बिहानको समयमा गाइने तथा बजाइने गरिन्छ। जस्तैः

आरोहमा : सा रे ग म प ध नि सां / सा ग म ध नि सां
अवरोहमा : सा नि ध प म ग रे सां
पकड : ग म ध ध प, ग म रे रे सां
सा ग म प ध ध प म ग म रे सां

यो रागको स्वर लिपि रुपक तालमा तालबद्द हुन्छ। रुपक ताल सात मात्राको हुन्छ। यसमा तीन विभाग तीन ताली हुन्छ। जस्तैः कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो,

अलबेला सजन आयो रे.......

**(ख) राग हिंडोल: वसन्त**

वसन्त अर्थात वसन्त ऋतुको नामबाट यसको नाम राखिएको छ किन कि यो राग वसन्त ऋतुको समयमा गाइने या बजाइने गरिन्छ। यो राग हिन्दुस्तानी शास्त्रीय सङ्गीत अन्तर्गत पर्दछ। प्रसन्नता र प्रफुल्लताको प्रतीकका रूपमा लिइने यो रागको गायन समय रातको अन्तिम प्रहर हो। त्यसो त वसन्त ऋतुको मौसममा यसलाई दिनरात गाइन्छ। राग मालामा यो रागलाई हिन्डोलको पुत्रका रुपमा मानिएको छ। यो प्राचीन शास्त्रमा आधारित राग हो। यो राग कल्याण थाट अन्तर्गत पर्दछ।

यो रागमा 'म' तीव्र 'रे', 'ध', कोमल र अरू सबै शुद्ध स्वरहरू लाग्छन्।

आरोहमा : सा ग म` ध रे नि सां नि सा
अवरोहमा : रे नि ध प म`ग म ग म ध ग म ग रे सा
पकड : म ध रे सां नि ध प, म ग म ग
गीत : राग रस बरसे, चलो हम तूम मिल खेले बसन्त आदि।

**(ग) राग दीपक : ग्रीष्म**

राग दीपक हिन्दुस्तानी सङ्गीत अन्तर्गत पर्ने राग हो। यो राग ग्रीष्मकालीन समयमा गाइने तथा बजाइने गरिन्छ। दीपक रागलाई चमत्कारिक राग तथा तानसेन राग पनि भनिन्छ। जुन प्रसङ्ग माथि राग परिचयमा उल्लेख भइसकेको छ। दीपक यस अर्थमा रह्यो कि यो राग बज्न थालेपछि दियो आफै जल्ने गरेको एतिहासिक कथन छ। यो राग बज्दा - बज्दै राग मिया मल्हार गाउनुपर्ने जसलाई गाउँदा बर्सात हुने मान्यता पनि छ। यो रागको उत्पत्ति बिलावल थाटबाट भएको हो। यसको जाति षाडव सम्पूर्ण हो। यसमा शुद्ध र कोमल 'नि' को प्रयोग हुन्छ यसको गायन समय रात्रिको दोस्रो प्रहर हो। आरोहमा 'रे' वर्जित तथा वादी स्वर 'ग' र संवादी स्वर शुद्ध 'नि' हो

आरोहमा सा ग म प ध प नि सा
अवरोहमा सा नि ध प म ग रे सा

पकड	ग म प ध म नि ध प ग म पम ग रे सा नि ध प ध सा

**(घ) राग मेघ:वर्षा**

राग मेघ: बर्षा काफी थाट बाट बनेको हो । यसलाई मेघ वर्षाको नामले पनि जानिन्छ । यसको जाति औडव- औडव हो । वादी स्वर म र संवादी स्वर सां साथै यसको गायन समय वर्षा ऋतु हो ।

आरोहमा	सा, रे म, रे प, म प नि सां

अवरोहमा	सां नि प म, रे प, रे सां

पकड नि - सा, रे रे प, रे रे म रे - म रे नि सा, रे रे प, प म नि प म रे, रे रे सा

**(ङ) राग मल्कान:शरद्**

यो गम्भीर प्रकृतिको वीर रस प्रधान राग हो । भैरव थाटबाट उत्पन्न रागलाई राग मल्कान अथवा मालकौंस पनि भनिन्छ । यो राग चन्द्रकोट सङ्ग मिल्दोजुल्दो छ । यसको गायन समय रात्रिको तेस्रो प्रहर हो । यसलाई विशेष गरेर शरद् ऋतुको समयमा गाइन्छ । यसको जाति औडव- औडव हो । वादी स्वर म तथा संवादी स्वर सा हुनुका साथै विकृत स्वर रे ग ध नि कोमल लाग्दछन् । वर्जित स्वर रे प हुन् ।

आरोहमा	नि सा ग म प ध नि सा (ग ध नी कोमल)

अवरोहमा	सा नि ध म ग म ग सा ( नि कोमल)

पकड	म ग, म ध, नि ध म, ग म ग सा ( ग ध नि कोमल)

उदाहरणको लागि गीत

मन तड़पत हरि दर्शन को आज ( भजन)

**(च) राग श्री:हेमंत**

बिलावल थाटबाट उत्पन्न रागलाई राग श्री:हेमंत

भनिन्छ । यसको जाति औडव– सम्पूर्ण हो । अर्थात् आरोहमा पाँच स्वर र अवरोहमा सात सुर लाग्दछ । वादी स्वर मध्यम

(म) तथा संवादी स्वर सडष (सा) लाग्ने रागको गायन समय रात्रिको दोस्रो प्रहर मानिन्छ । यो रागमा सबै शुद्ध स्वरहरू लाग्दछन् । यो रागेश्वरी र खमाज रागसङ्ग मिल्दोजुल्दो राग हो । आरोहमा रे प वर्जित हुन्छन् ।

आरोहमा	सा ग म ध नि सा

अवरोहमा	सा नि ध प म ग रे सा

पकड	ग म ध नि ध प म

**(छ) राग खमाज**

रात्रिकालीन रागहरूमा जुन किसिमको श्रृङ्गार रस हुन्छ त्यो विप्रलभ तथा उत्तान रसले भरिपूर्ण रागलाई खमाज राग भनिन्छ । खमाजलाई मिश्र खमाज पनि भनिन्छ । यो प्रेम र वियोग दुबैमा गाइन्छ । विशेष गरेर यो रागलाई चञ्चल प्रकृतिको ठुमरीको रागिनी भनेर पनि चिनिन्छ । आरोहमा ऋषभ अर्थात् रे वर्जित तथा अवरोहमा सबै सुर लाग्ने भएकाले यसको जाति षाडव सम्पूर्ण मानिन्छ । वादी स्वर ग (गान्धार) र संवादी स्वर नि (निषाद) हो । यसमा अरू विभिन्न रागहरू मिसाएर गाउन मिल्ने भएकाले नै यसलाई मिश्र खमाज भनिएको हो । यो १६ मात्रा तथा त्रितालको प्रयोग हुने भएकोले यो राग विशेष त चलचित्रका गीत तथा गजलहरूमा प्रयोग हुन्छ ।

आरोहमा सा ग म प ध नि सा

अवरोहमा सा नि ध प म ग रे सा

पकड़ नि ध म प ध म ग, प म ग रे सा

आर डि बरमनले कम्पोज गरेका गीतहरू

१) कुछ तो लोग लहेंगे लोगों का काम है कहना

२) रैना बित जाए शाम न आए

३) पिया तो से नैना लागे रे, जाने क्या हो अब आगे रे आदि ।

**(ज) राग यमन**

यो सौम्य तथा गम्भीर प्रकृतिको राग हो । कर्नाटक सङ्गीतमा यसलाई कल्याणी नामले जानिन्छ । त्यसो त यसको प्राचीन नाम कल्याण राग नै हो । यसको वादी स्वर गन्धार (,ग) र संवादी स्वर निषाद (नि) हो । साँझपख गाइने राग यमनलाई कल्याण थाटबाट लिएको हो । यसमा म तीव्र र अरू सबै स्वर शुद्ध लाग्ने भएकाले यसको जाति सम्पूर्ण - सम्पूर्ण मानिन्छ । तीन तालमा संरचित यो रागमा १६ मात्रा हुन्छन् ।

आरोहमा नि रे ग म प ध नि सा

अवरोहमा सा नि ध प म ग रे सा

पकड सा रे ग रे ग म प ध प म ग रे ग रे सा

जस्तै: आज जाने की जीध न करो, जब दीप जले आना जब शाम ढले आना, कसरी म भूँले .. के मा म भूँले, कुसुमे रूमाल, अलिकती पनि नगर अबेर....... आदि ।

**(झ) राग भूपाली**

यो राग पनि साँझसमयमा गाइने राग हो । यस रागमा म र नि वर्जित र अरू सबै शुद्ध स्वरहरू लाग्ने हुनाले यसको जाति

औडव- औडव हो। यसको वादी स्वर ग र संवादी स्वर ध हो। यो कल्याण थाटबाट निर्मित राग हो।

आरोहमा सा रे ग प ध सा

अवरोहमा सा ध प ग रे सा

पकड प ग रे ग सा रे ध सा

जस्तै राग तथा गीतहरू : साँझसमयमा राग भूपाली, गाउ गुणीजन म नि फालि, रमेश फिरिरि, सिमसिमे पानीमा ज्यानले बैमान गर्छौ कि जिन्दगानीमा...... आदि।

**(ञ) राग पहाडी**

पहाड तिर गाइने लोक लयलाई हामी राग पहाडीको नामले जान्दछौं। जस्तै कि ठुमरी, टप्पा, कजरी यी रागहरू नृत्यमा पनि प्रयोग हुन्छन्। पहाडबाट नै यो रागको उत्पत्ति भएको हो।

कता-कता राग भूपाली सङ्ग मेल खान खोज्ने तर आरोहमा शुद्ध म को प्रयोग गरिने भएकाले भिन्नता कायम छ।

विलावल थाटबाट निर्मित यस रागमा म र नि वर्जित हुन्छन्।

आरोहमा सा रे ग प ध सा

अवरोहमा सा ध प ग रे सा

पकड़ प ध सा रे

जस्तै: दिल मे इक लहर सि उठी है अभी ( नसीर काजमी र गुलामअली), जो वादा किया ओ निभाना पडेगा (साहिर लुदियानबी), इशारों इशारों मे दिल देने वाले बता ये हुने रुने सीखा कहाँ से........

**(ट) राग किरवानी ( कर्नाटक म्युजिक)**

राग किरवानी भारतिय शास्त्रीय सङ्गीतको एउटा महत्वपूर्ण राग हो। यो राग दक्षिण भारतीय शास्त्रीय सङ्गीत तथा उत्तर भारतीय शास्त्रीय सङ्गीत परम्परा दुबैमा लोकप्रिय तथा समानरूपले प्रयोग हुन्छ। यो राग निकै सुमधुर तथा भावनात्मक हुन्छ। यो रागले उदास मन र भक्तिभावमा विशेष दखल राख्दछ। यो राग किरवानी थाट अर्थात् आफ्नै परिचयमा निहित छ। आरोह र अवरोह दुबैमा सातै स्वर लाग्ने हुनाले यसको जाति सम्पूर्ण -सम्पूर्ण हो। यो रागमा ग ध नि कोमल तथा अरु सबै स्वर शुद्ध लाग्दछन्।

आरोहमा सा रे ग म प ध नि सा

अवरोहमा सां नि ध प म ग रे सा

पकड़ सा ग म प, ध प म ग रे सा

यो रागले शास्त्रीय सङ्गीतमा मात्र नभएर चलचित्र सङ्गीत, गजल तथा भजनहरूमा पनि लोकप्रीयता कमाइसकेको छ।

गीत: ये रात भिगी भिगी ये मस्त फिंजाएं (शैलेन्द्र)

आजा सनम मधुर चाँदनी में हम (हसरत जयपुरी)

**(ठ) राग विलावल**

उषाकालमा गाइने तथा बजाइने सबै स्वरहरू शुद्ध प्रयोग हुने राग बिलावल राग हो। यसको वादी स्वर ध (धैवत) र संवादी स्वर ग (गान्धार) हो। यसमा तीन तालको प्रयोग हुन्छ। यो राग आफैमा एउटा थाट हो।

आरोहमा सा रे ग म प ध नि सां

अवरोहमा सां नि ध प म ग रे सा

पकड़ सा नि ध प म ग रे सा

जस्तै :

तिम्रो जस्तो मुटु मेरो पनि तिम्रो जस्तो माया मेरो पनि

नबोलाऊ मलाई निष्ठूरी भनी तिम्रो जस्तो बाधा मेरो पनि (गोपाल योञ्जन)

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो, जिउँदो रगत सरि यो बल्दो यो शान हाम्रो (गोपालप्रसाद रिमाल)

**( ड) राग विहाग**

यो राग कल्याण थाटबाट निर्मित राग हो। यसमा रिषभ (रे) र धैवत ( ध) स्वर वर्जित हुन्छन्। यसको वादी स्वर गन्धार र संवादी स्वर निसार हो भने यसको जाति औडव- सम्पूर्ण वक्र हो। यसको गायन समय रात्रिको दोस्रो प्रहर मानिन्छ। यो राग निकै सुमधुर तथा प्रचलित राग हो। यस रागमा धेरै चलचित्रका गीत', गज़ल तथा भजनहरू पनि गाइएका छन्।

आरोहमा सा ग म प नि सां

अवरोहमा सां नि धप म् प ग म ग रेसा

अर्थात् सां नि ध प म् ग म ग रे सा

**(ढ) राग जोनपुरी**

यो आशावरी थाटबाट निर्मित राग हो। यस रागमा ग ध र नि स्वर कोमल प्रयोग गरिन्छन्। आरोहमा ग वर्जित हुन्छ भने अवरोहमा सातै स्वरहरू लाग्दछन्। यसकारण यसको जाति षाडव सम्पूर्ण हो। यसमा वादी स्वर ध र संवादी स्वर ग को प्रयोग हुन्छ। यसको गायन समय दिनको दोस्रो प्रहर मानिन्छ।

आरोहमा सा रे म प ध नि सां

अवरोहमा सां नि ध प म ग रे सा

पकड़ म प, नि ध प, ध म प ग रे म प।

**(ण) राग बागेश्वरी**

काफी थाटबाट उत्पन्न भएको हिन्दुस्तानी शास्त्रीय सङ्गीत अन्तर्गत पर्ने रागलाई राग बागेश्वरी भनिन्छ। यसको गायन तथा वाद्यवादनको समय रात्रिको दोस्रो प्रहर हो। यो राग गायनको सुरुवात १६औं शताब्दीका राजा अकबरको दरबारमा शास्त्रीय सङ्गीत धुरन्धर विद्वान् तानसेनले गरेका थिए भन्ने भनाई छ। यो रागको वादी स्वर मध्यम (म) र संवादी स्वर सडष (सा) हो। तानसेन यस्ता चमत्कारी कलाकार थिए कि उनले जब राग गायन तथा वाद्यवादनको कार्यक्रम सुरु गर्दथे यथास्थानमा अनेकौं चमत्कारिक घटनाहरू घट्ने गरेको भारतीय इतिहास छ।

आरोहमा ऩि सा ग॒ म, ध नि॒ सां

अवरोहमा सां नि॒ ध,म प ध, ग म ग॒ रे सा।

पकड़ ध नि सा,म ध नि ध ग॒ म म प, ध,ग म रे सा।

**(त) राग सन्धि प्रकाश**

सन्धिप्रकाशको शाब्दिक अर्थ हुन्छ सन्धि अर्थात् जोड्नु, मिल्नु हुन्छ भने प्रकाशको अर्थ उज्यालो हुन्छ यसअर्थमा त्यो उज्यालो अथवा उषा र संध्याको समागमबेला (दिन र रातको मिलन बेला) लाई यहाँ रागको माध्यमबाट प्रस्तुत गरिएको छ। बिहान सूर्योदय र साँझ सूर्यास्तको समय जो ४ बजेदेखि सात बजेसम्मको समयावधिलाई संधिप्रकाश काल मानिएको छ। यो समयमा पूर्वी (राग पुरिया धनाश्री राग), मारवा र भैरव थाटका रागहरू गाइन्छन्। यस रागमा प्रात:कालीन सन्धि प्रकाश रागमा रे ध कोमल हुन्छ भने सन्ध्याकालीन संधिप्रकाश रागमा रे कोमल हुन्छ भने ध स्वरहरू परिस्थिति अनुसार शुद्ध र कोमल दुबै हुन्छन्। यसर्थ सन्धि प्रकाश राग विभिन्न रागहरूको समष्टि रुप हो।

**सन्दर्भ सामग्रीहरू:**


- सङ्गीत सूत्र भाग एक, भाग दुई, अनलाइन पत्रिकाहरू, युट्युब च्यानल, गुगल आदि।

- सङ्गीतकार चन्द्र सिंह घले, भारतीय गायिका तथा सङ्गीतकार वाणी पण्डित, छन्द-कवि विदुर अधिकारी

■■■

**कविता (छन्द-मन्दाक्रान्ता)**

# भरतपुरमा घुम्नलाई छ निम्तो



✍ **विदुर अधिकारी**
सचिव-छन्द-काव्य प्रतिष्ठान नेपाल

गैँडा हात्ती,चितवन भरी,हिँड्दछन् चाल मारी
मेघौलीमा,सबजन मिली,गर्न जाऔँ सफारी
रम्दै डुङ्गा ,सयर गरिँदा,मिल्छ आनन्द कस्तो
आऔँ साथी,भरतपुरमा, घुम्नलाई छ निम्तो।

. (१)
मौलाकाली, प्रिय भगवती, हेर्दछिन् शीर्षबाट
हेर्दै भन्छिन्,"भरतपुरको,चम्कियोस् यो ललाट"
पाई आशिष् ,अब नगर यो,बन्छ जापान जस्तो
आऔँ साथी, भरतपुरमा, घुम्नलाई छ निम्तो।

. (२)
तित्रा बास्छन्, वनतिर खुबै,बाघले हान्छ फाल
झुल्को पर्दा ,हिमशिखरमा ,देखिने झन् कमाल
हल्का हल्का, पवन बहँदा ,लाग्छ भू स्वर्गजस्तो
आऔँ साथी, भरतपुरमा, घुम्नलाई छ निम्तो।

. (३)
बन्दै छन् सत्,अनुपम दिगा,योजना दिव्य खास
यात्रा बढ्दै, छ गति लयमा,नित्य गर्दै विकास
बाटाघाटा, सुमधुर अहा !, हेर बन्दै छ कस्तो
आऔँ साथी, भरतपुरमा, घुम्नलाई छ निम्तो।

. (४)
धेरै भाषा,विविध पनका, बोलिने यो थलामा
मिल्दै बस्छन् ,सकल जनता, नित्य गाएर गाना
हेर्दा राम्रो, अमरपुरझैँ, चम्किएको छ घुम्टो
आऔँ साथी, भरतपुरमा, घुम्नलाई छ निम्तो।

. (५)

■■■

कथा

# दोषी को ?




शान्ति शर्मा
*अध्यक्ष-नेपाली लेखक संघ, चितवन*


करिब तीन वर्षको अमेरिका बसाइपछि म नेपाल फर्के। एमबिबिएसको परीक्षा उत्तीर्ण गरेपछि एमडीका लागि म अमेरिका गएकी थिएँ । बाबाममीको एउटै छोरी थिएँ म। सायद मलाई नै ठुलो मान्छे बनाउने सपना देखेर अर्को सन्तान जन्माउनुभएन। अमेरिका बस्दा प्रायः बाबाममीसँग गफ भइरहेको थियो तर पछिल्लो समय आफ्नो पढाइको व्यस्तताले गर्दा त्यति धेरै गफ हुन पाएको थिएन।

म नेपाल फर्कने बेलामा बाबालाई एयरपोर्ट आउनु है भनेकी थिएँ । एयरपोर्टबाट बाहिरिने बेलामा बाबालाई कतै देखिनँ। फोन गरेँ बाबाममी कसैको फोन पनि उठेन। म छक्क परेँ, यतिका वर्षपछि म आउँदै छु तर बाबा मलाई रिसिभ गर्न आउनुभएन। मन नराम्ररी दुख्यो। एयरपोर्टभरी लिन आउनेको भीड थियो । कोही हातमा बुके लिएर आफन्तको पर्खाइमा थिए। कोही आउनेजानेलाई अँगालोमा कसेर आँखाभरी आँसु पारेका थिए । एउटा अनुपम दृश्य देखियो। त्यही दृश्यमा मैले आफैँलाई भुलाएँ।

बाबासँग सम्पर्क नभएपछि म प्लेन चढेर चितवन आएँ । भरतपुर एयरपोर्टमा झरेपछि ट्याक्सी लिएर नारायणगढ बजार झरेँ । तीन वर्ष पहिलाको नारायणगढ र अहिलेको नारायणगढमा आकाश जमिनको अन्तर देखेँ । कति कायापलट भएछ म दङ्ग परेँ । सबैभन्दा बढी त बाटाघाटा नै बदलिएछन् । बजार व्यवस्थापन पनि राम्रो भएछ । लायन्सचोकमा रहेको लायन्सभवन पनि भग्नावशेष बनेछ। जुन भवनले लायन्सचोक लायन्सचोक बनेको थियो। केही खिन्न लाग्यो। परिवर्तनका लागि विनाश पनि आवश्यक हुँदोरहेछ। बजार झरेर केही खानेकुरा किनेँ। अझ पनि बाबा सम्पर्कमा आउनुभएन न त ममी नै । म आश्चर्यचकित बनेँ। आखिर के भएको छ मेरो घरमा ? म कहाँ जाऊँ? कसलाई सोधूँ ? अन्योलमा परेँ।

नारायणगढ बजारबाट ट्याक्सी लिएर म सरासर रामपुरतिर लागेँ। मनमा एउटा उत्साह थियो यतिका वर्षपछि घर जाँदै छु भनेर तर बाबाममी सम्पर्कमा नहुँदा मन विचलित भएको थियो । बाबाममीले मलाई असाध्यै माया गरेर हुर्काउनु भयो। मेरो डाक्टर बन्ने चाहनालाई पूरा गर्न लाखौँ पैसा खर्चनुभयो । जब म डाक्टर बनेर फर्किरहँदा उहाँहरू सम्पर्कमा हुनुहुन्न। आखिर के भयो उहाँहरूलाई ? मेरो मन एक तमासाले घोरिन लाग्यो।

"ऋतु घर पुगेपछि बाबाममीसँग हाम्रो बिहेको कुरा गर ल।" एयरपोर्टबाट छुट्टिने बेलामा विकासले हत्केलामा चुम्बन गर्दै भन्यो । उसको न्यानो अङ्गालोमा कसिएर एकैछिन उसैमा बिलाएँ। प्रेमले मनमा शान्ति पनि दिँदो रहेछ। केहीबेरमा ऊ मबाट अलगियो, फेरि म रित्तिएँ। जानेबेलामा उसले आफ्नो कुरा त भन्यो तर मलाई त्यो कुराले त्यति उत्साहित बनाएन जति बनाउनपर्ने थियो । मलाई आफ्नै पिरलो थियो।

"ल म बाबाममीको मुड हेरेर कुरा गर्छु।" तैपनि मैले आश्वासन दिलाएँ उसलाई। यतिको ठुलो कर्तव्य निर्वाह गर्नुपर्ने समयमा आएर बाबाममी कहाँ जानुभयो ? कतै दुवै जना बिरामी परेर अस्पतालमा त हुनुहुन्न। कसले केयर गऱ्यो होला उहाँहरूलाई ? उहाँहरूको आशा, भरोसा जे भने पनि म नै हुँ।

"मेरो छोरीलाई संसारकै ठुलो मान्छे बनाउँछु ।" म सानै छँदा बाबाले काखमा च्यापेर भन्नुभएको थियो। बाबाममीका बिचमा कहिलेकाहीँ मनमुटाब त हुन्थ्यो तर म अगाडि उभिएपछि फेरि खुसीको लहर छाउँथ्यो। मलाई हेरेर आफ्ना सारा पीडा भुल्नुहुन्थ्यो उहाँहरूले। झगडा गरेर ममी मामाघर पो जानुभयो कि। मामाघर बसेर पनि कति दिन चल्ने हो र। आखिर आफ्नो घर भनेको आफ्नै घर हो।

अभावमा नै भावको महत्व हुँदोरहेछ। तीन वर्ष बाहिर बस्दा घरको यादले कति तड्पेँ म । तैपनि आज घर आइपुग्दा बाबाममी सम्पर्कमा हुनुहुन्न। एकपटक मामालाई फोन गरेर सोध्नुपऱ्यो। कतै ममी मामाघर त जानुभएन ? जता गए पनि फोन त लाग्नुपर्ने।

रामपुर बजार आयो। वरिपरि हेरेँ कतै बाबा झुलुक्क देखिनुहुन्छ कि झैँ लाग्यो। बजार सुनसान थियो। दुई चार जना मानिस यता उता गरेको मात्र देखिन्थ्यो। युवाहरू विदेश जान थालेपछि गाउँ रित्तिँदै गएको छ। त्यसमाथि पनि विकासका आँखा सहर केन्द्रित हुँदा रहेछन्। नारायणगढ बजार परिवर्तन भए पनि रामपुर बजार भने मैले छोड्दा जस्तो थियो उस्तै रहेछ। मन डराइरहेको थियो। कता के सुन्नुपर्ने हो। घर अगाडि झरेँ। वरिपरिका मान्छे मुखामुख गर्न थाले। अर्काको परिस्थितिमा मान्छे रमिते बन्दारहेछन्। उनीहरूको अनुहारको भावभङ्गिमा हेर्दा मलाई निको चाल लागेन। छेउको आन्टीलाई सोधपुछ गर्न मन लाग्यो। फेरि मन तुरुन्त बदलियो। भैगो मामालाई नै फोन गर्छु।

" मामा म हजुरकी भान्जी ऋतु।"

" ओहो! भान्जी कहिले आयौ त ?"

" आज बिहान मात्र ल्यान्ड गरेको मामा।"

" अनि हजुरलाई कस्तो छ ? फेरि घरमा बाबाममी कोही हुनुहुँदो रहेनछ।"

" मलाई त ठिकै छ भान्जी तर .....।"

" तर ..के मामा?"

"तर तिम्री ममी साह्रै बिरामी छन्।" मेरो जिउ सिरिङ्ग भयो। खुट्टा लुगलुग काँप्न थाले।

" के भयो मामा ममीलाई ? मलाई शङ्का त लागेथ्यो आखिर किन बाबाममीको फोन लाग्दैन भनेर। अनि उहाँहरू कता हुनुहुन्छ?"

"तिमी विदेश गएपछि नै ममी चिन्तैचिन्ताले बिरामी पर्दै गइन्। उनले हामीलाई कुरा खुलाएर पनि भनिनन्। पछि बल्ल वास्तविकता थाहा भयो। धेरै चिन्ताका कारण रोग बढ्दै गयो। कति अस्पताल धाइयो। यता कुनै उपाय नभेटेपछि काठमाडौँमा गयौँ।उहाँ गए पनि पैसा मात्र सकिएको छ, बिरामी दिनदिनै शिथिल हुँदै गएकी छन्। हुँदाहुँदै टाउकामा पानी जमेछ। घरि चेत त घरि अचेत अवस्थामा अस्पतालको शैयामा लडिरहेकी छन्। तिमी बाहिर बसेको मान्छेलाई तनाब हुन्छ भनेर मैले केही भनिनँ।"

" अनि बाबा त .....?"

"बाबा ...तिम्रो बाबाको कुरा फुर्सदमा भनुँला। "

मलाई बाबासँग भेट हुन मन लाग्यो। बाबाको अङ्गालोमा बेरिएर रुन मन लाग्यो। कत्रो उत्साह र उमङ्गले आफ्नो खुसी साट्नका लागि आएकी थिएँ तर घरमा यो हविगत भएछ। बेलुकी नम्बर पत्ता लगाएर बाबालाई कल गरेँ। बाबा भोलिपल्ट आउनुभयो। बाबाको शरीर उही थियो तर समयले रूप परिवर्तन गराएछ।बाबालाई भेटेपछि डाँको छोडेर रुन मन भयो। अनि रुँदै भनेँ," बाबा यो सब के भयो ? कसरी भयो ?" म के सोचेर नेपाल आएँ तर आज के सुन्दै छु ?"

छोरी तिम्री ममीको उपचारका लागि मैले सकेसम्म कोसिस गरेँ तर अब केही उपाय भएन। उनले मलाई समेत घरि चिन्छिन् घरि चिन्दिनन्। त्यसपछि म उनलाई अस्पतालमा छाडेर निस्केको हुँ।

"अनि हजुर कता बस्नुहुन्छ त ?यो घर त मान्छे नबसेको जस्तै छ।"

"छोरी यो घर तिम्रा लागि हो। मेरो व्यवसाय बुटवलतिर भएकाले म उतै बस्छु।" बाबाको कुरामा धेरै प्रश्न चिह्न उब्जिए मभित्र तैपनि आफूलाई समालेर कुरा गर्दै गएँ।

"त्यसो हो भने म ममीलाई भेट्न चाहान्छु। हिँड्नोस् भोलि बिहानै काठमाण्डौ जाऔँ।"

रातभर फिटिक्कै निद्रा लागेन कहिले उज्यालो होला भन्ने मात्र भयो। मनमा नानाभाँती कुरा खेले। भोलिपल्ट सबेरै म रेडी भएँ। बाबाछोरी भएर काठमाडौँ लाग्यौँ। बाटोमा हामी दुबै मौन थियौँ। न त बाबाले केही भन्नुभयो न त मैले केही सोध्न सकेँ। मन एकदम विक्षिप्त भयो। मात्र ममीलाई भेट्ने उत्कण्ठाले मन भरियो। बाटो कसरी कट्यो पत्तै भएन। काठमाडौँ पुगेपछि सरासर अस्पतालतिर लाग्यौँ। अस्पताल बिरामी र कुरुवाले खचाखच थियो। आजकल जुन अस्पताल पुगे पनि यस्तै हालत देखिन्छ। ममीलाई बोलाएँ। ममीले एकोहरो मेरो मुखमा हेरेर आँखाबाट बरर आँसुका ढिका झार्नुभयो। मलाई असह्य भयो।

"ममी मलाई चिन्नुभयो ?"

अहँको भावमा मुन्टो हल्लाउनुभयो। साह्रै दुःख

लाग्यो । उहाँका हातखुट्टा मुसारेँ । एकदमै चिसा थिए मानौँ शरीरको सबै रगत पानी भएको छ । अनुहारको रोगन पूरै उडेको थियो । ममीको सुन्दरता कहाँ गयो होला । "ममी यति राम्री हुनुहुँदो रहेछ र पो छोरी पनि यति राम्री त ।" हामी आमाछोरी भेटेपछि मान्छेको कुरै यस्तो हुन्थ्यो । तर अहिले पुरै रङ्गहीन बनेको छ त्यो अनुहार ।

"ममी म डाक्टर बनेर आएँ । हेर्नु त मलाई ।"जोड जोडले ममीको कानमा भनेँ तर ममी अचेत अवस्थामा नै लडिरहनुभयो । उहाँको हृष्टपुष्ट शरीर अहिले बेडमा नै हराएको थियो । मेरा कुराले कुनै प्रभाव पारेन उहाँलाई । केहीबेरपछि हस्याङफस्याङ गर्दै मामा पुग्नुभयो । मामाको अङ्गालोमा बेरिएर रोएँ । म रोएको देखेर मामाका आँसु थामिएन । तैपनि मलाई म छु नि भान्जी भन्दै फकाउनुभयो ।

केहीबेरपछि मामाले मलाई एकान्तमा लगेर विस्तार लगाउनुभयो । मामाका कुरा सुनेर म भीरबाट खसेझैँ भएँ । यस्तो कुरा सुन्नु पर्ला भनेर मैले सपनामा पनि कहिल्यै चिताइनँ । मामाका कुरा सुनेपछि बाबाप्रति घृणा जागेर आयो । ममी पागल हुनुमा बाबाकै ठुलो हात रहेछ ।

मामाका अनुसार बाबाको फेसबुकबाट एक छोरीकी आमासँग सम्बन्ध गाँसिएछ । सम्बन्ध गाँसिए पनि उहाँले ममीलाई श्रीमतीको माया र सम्मान नछोडेको भए सायद यस्तो हुने थिएन तर उहाँले विस्तारै ममीलाई उपेक्षा गर्न थालेपछि ममी डिप्रेसनमा पुग्नुभएछ । अत्यधिक मानसिक पीडाका कारण मानसिक सन्तुलन गुमेर उहाँ यो अवस्थामा पुग्नुभएछ । मलाई त्यो आइमाईसँग घृणा लागेर आयो । किन कोही महिलाहरू अर्काको बसीबसाउ घर उजाड्न तत्पर हुन्छन् । किन यति सस्ता र खैराते बन्छन् आइमाई ? फेरि बाबा पनि उस्तै । उहाँसँग श्रीमती पनि थिई र छोरी पनि । फेरि के नपुगेर अर्काकी श्रीमती र छोरी अङ्गाल्न परेको । श्रीमतीले संसार नछाड्दै उहाँलाई अर्की व्यवस्था गरिहाल्नुपर्ने । भएकी श्रीमतीलाई बचाउन खोज्नुको सट्टा नयाँ श्रीमती भित्र्याउन हतार । ममीको यो हालतमा उहाँलाई हेरविचार गर्नुको सट्टा कान्छी श्रीमती लिएर आफ्नो नयाँ गृहस्थी बसाल्ने । छ्या, कसरी सकेको होला । बाबाको त मलाई मुख हेर्न पनि मन भएन । कसरी सक्छन् लोग्नेमान्छे यस्तो हर्कत गर्न । पुरुष अभिमानसँग नफरत भयो ।

फेरि हामी ममी सुतेको शैयामा गयौँ । तैपनि बोल्नुहुन्छ कि भनेर बोलाएँ तर बोल्नुभएन । साह्रै दुःख लागेर आयो । कत्रो सपना बोकेर मलाई डाक्टर बनाउनुभयो तर जब म डाक्टर बनेर आएँ तब उहाँले मलाई चिन्न सक्नुभएन । यो भन्दा दुःखको कुरा मेरो जीवनमा अरू केही हुनै सक्दैन । तर समय बितिसकेको थियो । अब म न त बाबालाई सुधार्न सक्थेँ न त ममीलाई बचाउन नै । केवल डाँको छोडेर रुन मात्रै मन भयो । एक मन त लाग्यो, म अमेरिका नगएको भए पनि यस्तो हुँदैनथ्यो होला । म रोएको देखेर मामाले सम्झाउनुभयो, "भान्जी नरोऊ, तिम्रो मामा जिउँदै छ । तिम्रा लागि जे गर्नुपर्छ म तयार छु । मान्छेको नियतिको कुनै भर हुँदैन । जे भोग्नु छ त्यो नभोगी सुखै छैन । अब तिम्री ममीको पनि यस्तै भाग्य रहेछ । कतिन्जेलसम्म यो दुःख भोग्नु छ, त्यो नभोगी हुँदैन । जन्म र मृत्यु हाम्रो हातमा छैन । यो हामीले चाहेर हुने पनि होइन, त्यसैले पीर नगर । जे हुनु छ त्यो भएरै छाड्छ अब आफ्नो जिन्दगीको लागि सोच । म छु नि मेरो मुख हेरेर आफूलाई सम्हाल ।"

मामाको कुराले मेरो मन झन् भक्कानियो । अधीर भएर भुइँमा थुचुक्क बसेँ । पछि मामाले उठाएर बाहिर निकाल्नुभयो । मैले देखेका सबै सपनाहरू सिसाझैँ चकनाचुर भए । आखिर यस्तो अवस्था आउनुमा दोषी को भनेर मैले ठम्याउन सकिनँ ।

उता विकासको फोन आयो ।

"ऋतु के छ खबर ? बाबाममीसँग हाम्रो बिहेको कुरा गऱ्यौ त ? अनि हामी छिट्टै भेटौँ न । तिमी कहाँ छ्यौ अहिले ?"


"बोल न किन के भयो र चुप लागेकी?"

" कि बाबाममी मान्नुभएन ? कतै तिमीले मलाई छोड्न खोज्दै त छैनौ ? तिमीबिना म एकदिन त के एक पल पनि बाँच्न सक्दिनँ । फेरि तिमीले छाड्यौ भने सुसाइड नोट लेखेर छाड्छु जसमा मेरो मृत्युको कारण तिम्रो नाम लेखिएको हुनेछ ।"

भन न यार ....।

म निशब्द भएँ ।

# आशा गरौं



✍ **श्यामजी अतिथि सेढाई**
*प्राज्ञ सभा सदस्य-भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान*

**दृश्य : एक**

कमेरो लगाएको दुई तले घर, नजिकै मकैको थाँक्रो र परालको टौवा, एकाछेउमा तुलसीको मठ, तगारोबाट भित्र पस्नासाथ एका पट्टी दाउराको खाल अर्को पट्टी गाई, भैंसी बाँध्ने गोठ रहेका छन् । मठ नजिकै काठको बाकसमा राखिएको कमलको लास माथि गाउँका महिला पुरुष आउँदै फूलको थुँगा राख्दै आँसु झार्दै फर्केनन् । कमलका बाबु वीरमान राई, आमा आईतमाया र श्रीमती सत्यवती छाती पिट्दै रोइरहेका छन् ।

जम्दार्नी : (आइतमायालाई सम्हाल्दै) आमुई ! नरो न हौ ठुलो यसरी, ज्यान बिग्रन्छ ।

शुभद्रा : (बेहोस् जस्तै भई सकेको सत्यवतीलाई पानी मुखमा हालि दिँदै हातगोडा मसार्दै) कठै ! कस्तो साइतमा निस्केछ घरबाट, कस्तो दुःखद मरण ‼ एउटा छोरा - न बाबु आमाले छोरो भन्न पाए, न कमलले आमा भन्न पायो । तड्पी तड्पी मरुभूमिमा एक मुठी सास बिसाएछ । हे भगवान् !

धमला : वीरमान दाई ! भाउजू ‼ बुहारी ‼! भो धेरै शोक नगर, नरोऊ, आफ्नो चित्त आफैले बुझाऊ । ईश्वरको खटन तिम्रो हाम्रो केही चल्दैन ।

जम्दार्नी : उसको त विदेश जाने मन पनि थिएन । एक दिन बेलुकी पख कमल हाम्रो घरमा आयो र भन्यो - “बुधबारे हाटको दिन खाडी मुलुकतिर युवाहरु काममा लैजाने एजेन्ट नोर्बु र सोनाम शेर्पा आएका थिए रे । खावाको मसिने दमै, कुलुङको मिने सुनार, जरायोटारबाट हिकमत बस्नेतसँग जनही एक लाख रुपियाँ लिएर कतार लानी भएछन् । मलाई पनि तिनै साथीले पैसा हालिदिन्छौ भने र म तिनकै पछि लागेँ । आशीर्वाद दिनोस् फुपु, म भोलि धरान जान्छु ।”

शुभद्रा : कठै ! भने जस्तो काम आफ्नै देशमा पाइने भए हाम्रा छोरा भतिजा खाडीको मुलुकमा तातो हावा खान किन जाँदा हुन् र, गरिब मुलुकमा गरीब भएर बाँच्नु पनि धिक्कार छ ।

धमला : दिदी त्यसो नभन्नोस, हामी गरिब छैनौं, हाम्रो देश धनी छ । हाम्रो पराक्रम र बहादुरीलाई विश्वले चिनेको छ । स्वार्थी अगुवाहरुको कारणले देश गरिब हुँदै गएको हो । गरिबको रगत पसिना बेचेर जम्मा गरेको रेमिटेन्समा तिनीहरुले चयन गरेका छन् । रेमिटेन्स भित्र्याउने लोभले गरीबका छोरा छोरीलाई विदेशतिर धकेलेर घर रित्तेको छ, गाउँ रित्तेको छ । हेर्नोस, दिदी, आज वीरमान दाइको परिवारलाई यस्तो बज्रपात पर्‍यो । यस्ता दुःखद् क्षणहरु धेरै नेपालीहरुले भोग्नु परेको छ ।

शुभद्रा : कसरी हाम्रो देश धनी छ भन्छौ तिमी ?

धमला : हामी स्वाभिमानी नेपाली, कहिल्यै कसैको शासन सत्ता हामीलाई स्वीकार भएन । हामी जलस्रोत र प्राकृतिक सम्पदाको धनी छौं । हामी बलिया छौं, जाँगरिला छौं । हामीसँग सगरमाथा, लुम्बिनी, जनकपुर र अरु महत्त्वपूर्ण स्थलहरु छन् । जल, जङ्गल र जनावर हाम्रा आयस्रोतका माध्यम हुन् । सुयोग्य शासकहरुले राम्रो नीति बनाए भनें देश विकास हुन बेर लाग्दैन । अनि हामी सबै कुरामा धनी हुने छौं । हाम्रा शाखा सन्तान कामका लागि विदेसिनु पर्दैन । काम दाम स्वदेशमै पाइने छ ।

(पर्दा खस्छ)

**दृश्य : दुई**

ललिता शाक्य, धिरन सुब्बा, सोभियत चापागाई, नीस चामलिङ, बलभद्र कामी र कौशल ठाकुर एक एक गरेर पर्दा भित्रबाट स्टेजमा देखा पर्छन् । यो भोजपुर टक्सारको डवली हो जहाँ हरेक बिहान कतै न कतै बाट मानिसहरु जम्मा हुन्छन् र गाउँ टोलका खबरहरु सुनाउने गर्छन् । सधैं बस्तु भाउ, खेतीपाती, मेलापातका कुरा हुन्थे, आज भने

उनीहरु फरक विषयमा प्रवेश गरेका छन् ।

नीरु : हैन हो, हिजो बेलुकीपख मुइले ता अनौठो कुरा सुनेनि !

ललिता : के सुन्यौ त्यस्तो अनौठो कुरा ? हामीलाई पनि सुनाउन ।

कौशल : हिजो दिउँसो मेरो सैलुनमा कपाल काट्न आउने भाइले मलाई पनि अनौठो कुरा सुनायो । म त झसङ्ग भएँ ।

बलभद्र : के हो दुवै जनाको अनौठो कुरा ? हामी पनि सुनौँ न ।

कौशल : आज टक्सार एयरपोर्टमा बासीखोराका धनध्वज कुँवरको छोरीको लास आउँदै छ रे । (सबै जना स्तब्ध हुन्छन् घोसे मुन्टो लगाउँछन्)

नीरु : हो हो - मैले पनि त्यही कुरा सुनेको हुँ ।

धिरन : कठै ! ती नानी त केयरगिभरमा काम गर्न इजरायल गएको वर्ष दिन पनि भछैन ।

कौशल : शरीर भरी नील डाम, अङ्गहरु क्षत विक्षत बनाएर जौ बारीमा फालेको अवस्थामा भेटिएको रे लास ।

सोभियत : उनको हुँदोमा कसैले बोलिदिएनछ, त्यहाँ !

धिरन : कसले बोल्छ हौ, हाम्रो यहाँ कुकुर विरालोको बरु भाउ हुन्छ, त्यहाँ नेपाली चेलीहरुको कुनै भाउ हुँदैन । पापी असतीहरुको मुठीको माखो बनेर बस्नु पर्छ । धन्य, लाससम्म आएछ ।

ललिता : त्यहाँ नारी जातिको कुनै हक अधिकार, न्याय निसाफ केही रहेनछ !

धिरन : त्यो देशमा त्यहाँका नारीलाई दोस्रो दर्जा राखिन्छ । अन्याय खपेरै त्यहाँका नारीहरु बसेका छन् । झन विदेशी नारी त्यसमा पनि, गरिब देशका चेलीहरु त तिनका श्रम र यौन दासीनै हुन्छन् ।

निरु : इमान नभएका ब्वाँसाहरु, लुट्न पल्केका दलालहरु थुइक्क ! म आजै मेरी बहिनी र भदैनीलाई तुरुन्त घर फर्केर आउ, जिउधनको सुरक्षा नभएको त्यस्तो ठाउँमा नबस भनेर फोन गरी हाल्छ । (यतिखेरै पर्दा भित्रबाट लामा लामा दारी जुँगा पालेका भोटो कछाड बेरिएका, निधारमा ठाडो टीका लगाएका देवानन्द मुखिया निस्कन्छन्, सबैले हात जोडेर अभिवादन गर्छन्)

देवानन्द : राधे, राधे ! के को छलफल गर्दछौ, बेहान बेहानै ?

सबै एकै स्वरले ! के हुनु गुरु, गाउँ-सहरका युवा युवती सबै विदेशिए, कोही उतै बसे कोही बाकसमा फर्कँदै छन् ।

बलभद्र : त्यति मात्र कहाँ हो र गुरु, विदेसिने युवा युवतीको पनि यो हालत, घरमा बस्ने बाबु आमाको बिचल्ली, बिहेर गरेर श्रीमती घरमा छोडेर विदेश कमाउन गएका श्रीमान्हरु घर फर्कंदा घर रित्तै ।

सोभियत : दिङ्लाका मेरै छिमेकी शिवहरि भुर्तेलका दुई भाइ छोरा - एउटा अमेरीका, अर्को सिड्नी । घरमा बुढाबुढी मात्र । दुई दिनको व्यथाले बुढालाई लग्यो । लास उठाउने, किरिया गर्ने मान्छे भएन । पाँच दिनपछि ती छोराहरु आए । लास सडिसकेकाले अरुण नदीमा पुऱ्याउन सकिएन । जङ्गलभित्र लगेर रुद्राक्षको फेदमा खाल्टो खनेर गाडियो ।

निरु : हो न हौ, त्यो अम्रिका, बेलायत, अष्ट्रेलियातिर पढ्न भनेर जाने छोराछोरी त बिग्रेका हुँदा रछन्नी । लिभिङ टुगेदर भनेर जोसँग पनि बसिहाल्ने ! पछि छुटेर बस्दा पनि चोखै हुने । कतिपयले त आत्महत्या गरेको पनि सुनियो ।

देवानन्द : हरि, हरि ! के हुन लाग्यो मेरो देशमा यस्तो । यति सुन्दर शान्त देश नेपाल । भृकुटी, सीता, बुद्ध, भीसीगजे घले जस्ताले विश्वलाई पर्यटकलाई लोभ्याउने भूमि, विकासका सम्भावनै सम्भावना बोकेर यो धरती । किन आज रितिदै छ । पढे लेखेका युवाहरु, दरा पाखुरा भएका जवान युवाहरु, दरा पाखुरा भएका जवान सबै स्वदेशमा काम नपाएर विदेसिँदै छन् ?

ललिता : हाम्रा आशाहरू सबै निराशामा बद्लेका हुन् त गुरु ?

देवानन्द : होइन, होइन । देश सुध्रन्छ । त्यसको लागि पहिला हामी आफैँ सुध्रन पर्छ । देश बनोस्, नबनोस्, आफू र आफ्नाहरु बन्नुपर्छ भन्ने भाव त्याग्नु पर्छ । बागडोर सम्हालेहरुमा लोभ, लालच, छल, कपट भएन भने देशमा सुशासन सुदृढ भएर जान्छ । जनता सुखी हुन्छन् । देश समृद्ध बन्छ । आशा गरौं ।

(पर्दा खस्छ)

# भरतपुर परिक्रमा



✍ सञ्जीव पौडेल 'छोटु'
*पूर्व सञ्चालक समिति सदस्य-कृषि विकास बैंक*

भ्रमण भन्नाले कुनै स्थान, व्यक्ति, वा वस्तुलाई हेर्न, अनुभव गर्न, वा अध्ययन गर्नका लागि गरिने यात्रा वा आवतजावतलाई जनाउँछ । भ्रमण भनेको कुनै विशेष उद्देश्यका लागि गरिने यात्रा हो । जसमा नयाँ स्थानहरूको अवलोकन, अनुभव आदानप्रदान, मनोरञ्जन, ज्ञानप्राप्ति, संस्कृति र जनजीवनको अध्ययन, अन्वेषण र खोज समावेश हुन्छ । यो व्यक्तिगत, व्यावसायिक, शैक्षिक, धार्मिक वा मनोरञ्जनात्मक उद्देश्यले गरिएको हुन सक्छ । भ्रमणले समाज, सभ्यता र संस्कृतिको अध्ययन तथा तुलना गर्ने अवसर दिन्छ । विभिन्न ठाउँका रहनसहन, परम्परा र इतिहासलाई समेत उजागर गर्छन् । कहिलेकाहीँ यात्रा पुराना सम्झनाहरूलाई ताजा बनाउने माध्यम बन्छ । हिमाल, पहाड, तराई, समुद्र, मरुभूमि, जङ्गल, ताल-तलैया, नदीनालाजस्ता विभिन्न स्थानहरूको अन्वेषणले मानिसलाई प्राकृतिक सौन्दर्य, जलवायु परिवर्तन र जैविक विविधताको ज्ञान प्रदान गर्छ । पर्यटन अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा हो । भ्रमणले होटल, यातायात, स्थानीय व्यवसाय, हस्तकला र पर्यटन उद्योगलाई प्रवर्द्धन गर्छ, जसले रोजगारी सिर्जना गर्छ र राष्ट्रको अर्थतन्त्रमा योगदान दिन्छ ।

भ्रमण अध्ययनको प्रभावकारी माध्यम हो । विद्यार्थीहरूका लागि इतिहास, भूगोल, पुरातत्त्व तथा जैविक अध्ययनमा प्रत्यक्ष अनुभव पाउने अवसर दिन्छ । विभिन्न धार्मिक स्थलहरूको भ्रमणले आस्थाको अनुभव गराउँछ, जस्तै हिन्दुहरूका लागि चारधाम यात्रा, इस्लाम धर्मावलम्बीहरूका लागि हजयात्रा वा बौद्ध धर्मका लागि लुम्बिनी, बोधगया भ्रमण । भ्रमण तनाव कम गर्ने, मानसिक स्वास्थ्य सुधार गर्ने र जीवनलाई ताजा बनाउने उपाय हो । ट्रेकिङ, पर्वतारोहण, बालुवामा ड्राइभिङ आदि साहसिक यात्राको रूपमा लिइन्छ । भ्रमण राजनैतिक सम्बन्ध सुधार्ने माध्यम पनि हो । कूटनीतिक भ्रमण, व्यापार, सम्बन्ध विस्तार, अन्तर्राष्ट्रिय सम्मेलन तथा सांस्कृतिक आदानप्रदानले राष्ट्रहरूबीचको सम्बन्ध सुधार्छ ।

भ्रमणकै क्रममा लमजुङबाट चितवन बसाइँ आएको पनि तीन दशकभन्दा बढी भएछ । जागिरे जीवनको झण्डै डेड दशक चितवन जिल्लामा बित्यो । पश्चिम चितवनको धेरै भाग घुमेको रहेनछु । आफै घुम्न जानु खास समस्या होइन तर 'नजिकको तीर्थ हेला' भनेजस्तै गइँदो रहेनछ । यो अवसर कृषि विकास बैङ्क पूर्व कर्मचारी समाजले जुरायो । भरतपुर महानगरपालिकाको विशेष कार्यक्रम "घुमौँ भरतपुर-२०२४" कार्यक्रम चलिरहेको थियो । २०८० साल पुस १६ गते (सन् २०२४ जनवरी १) का दिन यस कार्यक्रमको उद्घाटन भएको थियो । महानगरले यो भ्रमण वर्षको अवधिमा अन्तर्राष्ट्रिय सफारी मार्ट, सम्पदा म्याराथन, सरकारी तथा सरोकारवालाको बैठक तथा भेला, जङ्गल महोत्सव, युवा तथा महिला सम्मेलन, साहित्यिक कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, खेलकुद प्रतियोगिता, प्रदर्शनी र फुड फेस्टिभललगायत विभिन्न कार्यक्रम आयोजना गर्दै आएको थियो । यसै अवसरमा कृषि विकास बैङ्कको व्यावसायिक प्रचारप्रसार गर्न पनि हुने र निवृत्त साथीहरूसँग एउटै थलोमा पुनर्मिलन गर्ने गरी भ्रमणको आयोजना गरिएको थियो । भ्रमणको दिन २०८१ साल पुस १३ गते शनिबार तोकिएको थियो ।

चितवनमा 'कृषि विकास बैङ्क पूर्व कर्मचारीहरू'को एउटा संस्था छ । कृषि विकास बैङ्क पूर्व कर्मचारी समाज चितवन-नवलपुर । यो समाजले पुस १३ गते 'घुमौँ भरतपुर'अन्तर्गत कृषि विकास बैङ्कको ब्यानरमा भरतपुर भ्रमण गर्ने कार्यक्रम तय गरेको थियो । कार्यक्रमको सुरुआत कृषि विकास बैङ्क लि. भरतपुरको कार्यालयबाट गर्ने गरी निर्धारण गरिएको थियो । निर्धारित कार्यक्रमअनुसार पुस १३ गते भरतपुर महानगरपालिकाका उपमेयर श्री चित्रसेन

अधिकारीले भ्रमणमा जाने सहभागीहरूलाई “घुमौँ भरतपुर २०२४” को लोगो लगाई दिएर कार्यक्रमको सुरुवात गर्नुभयो । भ्रमणको प्रस्थान विन्दु कृषि विकास बैङ्क शाखा भरतपुरबाट बिहानको नौ बजे हिँड्ने कार्यक्रम तय भएको थियो । सोहीअनुसार भरतपुरको बाइपासरोडबाट यात्रा सुरु गरियो ।

दुईवटा बसमा ७३ जनाको समूह सबै एउटै संस्थामा काम गरेका र उनीहरूको परिवारको सहभागिता रहेको थियो। यात्रा बाइपासरोडबाट प्रारम्भ भई नारायणगढ हुँदै ज्ञानेश्वर सामुदायिक वनमा पुग्यो । चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६ मा अवस्थित ज्ञानेश्वर सामुदायिक वन करिब २०८ हेक्टर क्षेत्रफलमा फैलिएको कुरा त्यहाँ जानकारी पाइयो । यो वन नारायणगढ बजारदेखि आठ किलोमिटर पश्चिममा रहेको छ । नारायणी नदीको किनारमा अवस्थित यस सामुदायिक वन पिकनिक स्थलको रूपमा लोकप्रिय छ। आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै गएको छ । वनभोजका लागि उपयुक्त स्थान भएकाले यहाँ दैनिक रूपमा धेरै कार्यक्रमहरू आयोजना हुने गरेका रहेछन् । त्यो दिन पनि धेरै समूहहरू पिकनिकमा रमाइलो गर्दै थिए । त्यहाँ वन्यजन्तु र विभिन्न चराचुरुङ्गीसमेत मज्जाले देख्न पाइन्छ । ज्ञानेश्वर सामुदायिक वन प्राकृतिक सौन्दर्य, जैविक विविधता र पर्यटकीय आकर्षणले भरिपूर्ण स्थल हो । पर्यटकहरूलाई मनोरञ्जन र शिक्षा दुवै प्रदान गर्दछ । हाम्रो एक दिनको मात्रै भ्रमण भएकोले धेरै बेर बस्ने कुरा भएन । हाम्रो टोली नेताको आदेशपछि सबै बसमा बसियो । यात्रा अगाडि बढ्यो । बसभित्र जीवनका पुराना यादहरू र निवृत्त जीवन कसरी बितेको भन्ने जस्ता रमाइला कुराकानी गर्दै यात्रा बढिरहेको थियो । एकै छिनमा मदन भण्डारी पार्क, गाजीपुर पुगिएछ । त्यहाँ पनि बसबाट ओर्लिएर अवलोकन गर्ने कार्य भयो । मदन भण्डारीजस्ता देशको होनहार सपूतको शव फेला परेको ठाउँ भनेपछि केही भावुक पनि बन्न पुगैं । त्यो बारेमा २०७६ साल जेठ ३ गतेको **अनलाइन खबर पत्रिका**मा सुवास पण्डितले लेखेको समाचार पढेको थिएँ । त्यसमा भनिएका केही कुरा यस लेखमा राख्न सान्दिर्भक लाग्यो । २०५० साल जेठ ३ गते तत्कालीन एमालेका महासचिव मदनकुमार भण्डारी र जीवराज आश्रितको चितवनको दासढुङ्गामा रहस्यमय जिप दुर्घटनामा निधन भएको थियो । मदन भण्डारी दासढुङ्गाबाट खसेर भेटिएको ठाउँ रहेछ गाजीपुर । जेठ ३ गते बिहान करिब पौने पाँच बजे दासढुङ्गाबाट त्रिशूली नदीमा जीप खस्दा भोलिपल्ट जिपभित्रै जीवराज आश्रितको शव भेटिएको थियो । मदन भण्डारीको शव करिब बत्तिस किलोमिटर तल पश्चिम चितवनको गाजीपुरमा भेटिएको थियो । मदन भण्डारीका शव भेटाउने चार जना युवामध्ये श्यामबहादुर थापा मगर, टेकबहादुर आले, हेमबहादुर थापामगर र श्याम ठकुरी थिए । गाजीपुरका माछा मार्न भनेर नारायणीमा डुङ्गा लिएर गएका यी युवाहरू बिहान करिब एघार बजेतिर उनीहरू नारायणीमा गएका थिए । ती युवाहरूमध्येका हेमबहादुरले नदीको एक भङ्गालोमा दुई चट्टानको बिचमा एउटा मुढाजस्तो देखिने वस्तु तैरिइरहेको देखे । उनले साथीहरूलाई लास देखेको खबर गरे । हेमबहादुरले आफ्ना साथीहरूलाई देखाउँदै भने, ‘केटाहरू ऊ त्यो लास हो कि मुढा हो ?’ त्यसपछि सबै जना त्यतै लागे । नजिक गएपछि थाहा भयो, लास नै रहेछ । हेमबहादुर अगाडि सरे । लासको नजिकै पुगे । घोप्टो अवस्थामा लास अड्किएर बसिरहेको थियो । उनीहरूलाई त्यो मदन भण्डारीको शव हो भन्ने पत्तो भएन । न त उनीहरूलाई कोही मान्छे बेपत्ता भएको छ भन्ने नै जानकारी थियो । अन्य ‘लास हेर्दा लाग्थ्यो, भरखरै उठेर बोल्छ जस्तो’ पुरानो स्मृतिलाई ताजा गराउँदै हेमबहादुरले भने, ‘शरीरमा खैरो रङको लामो बाउले सर्ट थियो, सर्टका टाँक पनि सग्लै थिए, पेन्टीमात्रै थियो, पाइन्ट भने थिएन । दुवै खुट्टामा मोजा थिए । घुँडामा हल्का काटेको रगत बग्लाजस्तो ! कालोकालो अनुहार । रगत बग्लाजस्तो । त्यति नै बेला चितवन राष्ट्रिय निकुञ्जको गस्तीमा खटिएका चारजना नेपाली सेना आइपुगे । उनीहरूले पनि लास हेरे । सेनाहरूलाई मदन भण्डारीको मृत्युबारे थाहा रहेछ । नभन्दै त्यो लास जननेता मदन भण्डारीको रहेछ । यसरी मदन भण्डारीको शव फेला परेको थियो । शव फेला परेको यही ठाउँ गाजीपुरमा सानो पार्क बनाइएको रहेछ । मदन भण्डारीको अर्धकदको सालिक बनाएको छ । यही पार्कमा सबैले फोटो खिच्ने काम भयो । मदनआश्रितको सम्झनामा एउटा सानो टावर पनि बनाइएको छ । त्यो टावरबाट नारायणी नदिको दृष्यावलोकन गर्न सकिने सकिन्छ । हामी मदन आश्रितलाई श्रद्धासुमन दिँदै त्यहाँबाट हिँडियो । हामीजस्तै अरू भ्रमण टोली पनि रहेछन्,

निकै भिडभाड नै देखिन्थ्यो पार्कमा ।

त्यहाँबाट हाम्रो टोली बसभित्रै गीत गाउँदै, मिलेसम्म नाच्दै मेघौलीमा 'रैथाने खाना महोत्सव' लागेको ठाउँमा पुगियो । मेघौलीमा पुस १२ देखि १६ गतेसम्म चल्ने राष्ट्रिय रैथाने खाना महोत्सव लागेको थियो । भरतपुर महानगरपालिकाले घोषणा गरेको भ्रमण वर्ष २०२४ को वार्षिकोत्सवको अवसरमा राष्ट्रिय खाना महोत्सव आयोजना गरिएको रहेछ । उक्त महोत्सव मेघौलीको जानकी माध्यामिक विद्यालयको प्राङ्गणमा लागेको रहेछ । महोत्सवमा पचासवटा स्टल र दसवटा कुमाल, थारू, बोटेलगायतका जातिका परम्परागत शैलीका घरहरू बनाइएका रहेछन् । महोत्सवमा चितवनका आदिवासी रैथाने जातिले तयार गर्ने खानाका परिकारहरू राखिएका थिए । स्थानीय थारू, कुमाल, दराई, मगर, गुरुङ, बोटे, मुसहर समुदायसहितका स्थानीय जातजातिका खानाहरू राखिएका थिए । हाम्रो टोलीका साथीहरूले आफूलाई मन पर्ने खानाहरू खोजेर खाए । केहीले हेर्नेमात्रै काम गरे । हामी बिहानको समय भएकाले विभिन्न जातिका थारू र कुमाल जातिको सांस्कृतिक नृत्यहरू हेर्न पाइएन । महोत्सव आयोजकमा भरतपुर महानगरपालिका वडा नम्बर २७ र २८, होटल व्यवसायी सङ्घ चितवन, मेघौली पर्यटन विकास समिति, मेघौली उपभोक्ता समिति र चितवन गोलाघाट पर्यटन विकास समिति रहेको कुरा त्यहाँका आयोजकले बताएका थिए । सोहीअनुसारका ब्यानरहरू पनि राखेका थिए । मेघौली जहाज ग्राउडमा घाँसे मैदान बनेको देखियो । कुनै समय जहाजहरू बस्ने गरेको ग्राउण्ड अहिले इतिहासजस्तो भएको रहेछ ।

चितवनको मेघौली प्रख्यात ठाउँमा पर्दछ । त्यहाँसम्म पहिला नपुगेको हुनाले अल्ली चासोपूर्वक हेरियो । मेघौली एरिया नारायणी र राप्ती नदीको सङ्गमस्थल पनि रहेछ । प्राकृतिक, सांस्कृतिक एवम् धार्मिक सम्पदाले सम्पन्न रहेछ । चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको मेघौलीमा घाँसे मैदान र थुप्रै ताल भएकाले यो क्षेत्र दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको वासस्थानका रूपमा समेत परिचित छ । थारू, बोटे, कुमाल, मुसहर समुदायको बसोबास रहेको मेघौलीमा जीवनशैली, संस्कृतिको अध्ययन, अवलोकन गर्न पनि मानिसहरू आउने गरेका छन् भनेर स्थानीयहरूले बताउँदै थिए । साथै, होमस्टेको पनि सुविधा रहेछ । पहिलापहिला हात्तीपोलो खेलका कारण अन्तर्राष्ट्रिय रूपमा समेत परिचित मेघौलीमा सुविधायुक्त ठुला होटलहरू पनि सञ्चालनमा रहेका छन् । हामी पनि मेघौली क्षेत्रका पर्यटकीय ठाउँहरू राइनो पार्क, गोलाघाट, शिवालय पार्क, सामुदायिक वनहरू, सिमसार क्षेत्र घुम्दै पटिहानीतिर लाग्यौँ ।

मेघौली र गोलाघाट घुमेर पटिहानीतर्फ जाँदा बाटोमा पर्ने ठुलाठुला प्लटहरूमा तोरी फुलेको देखेर अनायास अहा ! भन्ने आयो । चितवनको तोरी हराएको भन्ने लाग्थ्यो । तर पश्चिम चितवन गएपछि थाहा भयो चितवनको तोरी अझै उस्तै रहेछ । बिचबिचमा व्यावसायिक रूपमा गरिएका ठुलाठुला प्लटमा केरा खेती र तरकारी खेती, साँच्चै मनमोहक बनायो । नारायणगढबाट करिब चौध किलोमिटर दक्षिणमा पर्ने यो क्षेत्र चितवन राष्ट्रिय निकुञ्जसँगै राप्ती नदीको किनारमा अवस्थित छ । भरतपुर-२२ मा पर्ने पटिहानी पछिल्ला वर्षहरूमा पर्यटकीय क्षेत्रका रूपमा परिचित हुँदै गएको रहेछ । मैले धेरै पहिलादेखि ' अम्ब्रेला स्ट्रिट'को बारेमा सुन्दै आएको थिएँ, तर पुगेको थिइनँ । यस क्षेत्रमा अम्ब्रेला स्ट्रिट, कमल पोखरी, स्टोन पार्क रहेछन् । २०७६ सालदेखि राप्ती नदी किनारमा सञ्चालनमा आएको अम्ब्रेला स्ट्रिट नेपाल सरकारले छनोट गरेका १०० पर्यटकीय गन्तव्य सूचीमा समेत समेटिएको रहेछ । त्यहाँ हरेक दिन मानिसहरूको आवागमन हुने रहेछ । अम्ब्रेला स्ट्रिटमा नब्बे मिटरको दूरीमा लस्करै छाताहरू राखिएका रहेछन् । त्यसैको नजिकै भ्यू पोइन्ट, रेस्टुरेन्ट, डेटिङ पोइन्ट, वाटर फाउन्टेन राखिएका छन् । थारू परिकारको स्वाद लिँदै राप्ती नदीपारि देखिने वन्यजन्तुको अवलोकन, सूर्यास्त अवलोकन यहाँको विशेषता रहेछ । चितवन निकुञ्जको मुख्यालय नजिकै रहेको पटिहानीमा आरामदायी रिसोर्ट तथा होटलहरू नजिकै पाइने रहेछ । अम्ब्रेला स्ट्रिटबाट हामीहरू स्टोन पार्कतिर लाग्यौँ । पार्कमा बालबालिकाहरूका लागि खेल्ने क्षेत्र, ढुङ्गाका टेबल-कुर्सी, छाताजस्ता संरचना रहेछन् । पार्कको व्यवस्थापन राप्ती बोटे महिला समूहले गर्दै आएका रहेछन् । यसले स्थानीय बोटे समुदायको आयआर्जनमा सहयोग पुऱ्याएको रहेछ । हामीलाई त्यहाँ कार्यरत मानिसले भनेअनुसार पार्कमा दैनिक करिब ५०० पर्यटकहरू आउने गरेका छन् ।

पटिहानीबाट हामी बिसहजारी ताल जाने कार्यक्रम

थियो । समय अभावका कारण जान सकिएन । यो पटक नगए पनि म धेरै पटक त्यो ताल गएको छु । सानो जानकारी यस लेखमा राख्न उचित नै लाग्यो । बिस हजारी तालमा पर्यटकहरूका लागि केही असुविधा छन् । पिउने पानी, शौचालय र नियमित सार्वजनिक यातायातको व्यवस्था छैन । चितवन जिल्लाको भरतपुर महानगरपालिकामा अवस्थित यो ताल एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो । यो ताल भरतपुर चौबिसकोठीबाट करिब छ किलोमिटर दक्षिणपूर्वमा पर्दछ । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र टिकौली जङ्गलभित्र यो ताल अवस्थित छ । तालको मुख्य जलस्रोत वर्षा र खगेरी नहर हुन् । भनिने गरिन्छ कि यहाँ २७३ प्रजातिका चराचुरुङ्गी, ३३ प्रजातिका स्तनधारी जनावर, २५ प्रजातिका माछा र १३१ प्रजातिका वनस्पति पाइन्छन् । विशेष गरी, साइबेरियाबाट आउने मौसमी चराहरू, दुर्लभ एकसिङ्गे गैंडा, बाघ, चित्तल र मगर गोही यहाँका आकर्षण हुन् ।

पटिहानीबाट हामी सोझै चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ मा अवस्थित ऐतिहासिक दियालो बङ्गला दरबारतिर लाग्यौं । त्यहीं गएर भ्रमण कार्यक्रम समापन गर्ने निर्णय गरिएको थियो । नारायणगढ बजारदेखि करिब दुई किलोमिटर उत्तरमा, नारायणगढ-मुग्लिङ सडक र देवघाट जाने सडकको छेउमा रहेको यो दरबार क्षेत्र जङ्गलभित्र अवस्थित छ । जसको पश्चिमतर्फ नारायणी नदी बग्दछ । यो स्थान इतिहास र संस्कृतिमा चासो राख्नेहरूका लागि महत्त्वपूर्ण गन्तव्य बन्दै गएको छ । दियालो बङ्गला अहिले नेपाल ट्रस्टअन्तर्गत पर्ने रहेछ । भरतपुर महानगरपालिकाले नेपाल ट्रस्टसँगको सम्झौतापछि दरबारको व्यवस्थापनको जिम्मेवारी लिएको रहेछ । प्रवेश शुल्क नेपाली नागरिकका लागि १०० रूपैयाँ र विदेशी पर्यटकका लागि ३०० रूपैयाँ तोकिएको रहेछ । हामीले पनि १०० रूपैयाँ तिरेर प्रवेश गर्‍यौं । यो दरबार सर्वसाधारणका लागि खुला गरिएको छ । यो दरबार राजा महेन्द्रले २०१९ सालमा निर्माण सुरु गरी २०२६ सालमा सम्पन्न गरेको कुरा सुनियो । २०२८ साल माघ १७ गते यही दरबारमा राजा महेन्द्रको निधन भएको थियो । त्यहाँ रहेका नेपाल ट्रस्टका कर्मचारीहरूमा निकै जानकारी भएको पाइयो । दरबारका सन्दर्भमा सोधेका सबै जिज्ञासालाई सहजै समाधान गर्ने रहेछन् । भित्र पस्ने बित्तिकै ग्राउन्ड फ्लोरमा बैठक कक्ष रहेछ । यो कक्षमा फलामको खुट्टा सेतो कपडाले कभर भएको सोफा देखियो । दरबारभित्र २०२६ सालमा राजा महेन्द्रले सिकार गरेको घडियाल गोहीको नमुना राखिएको छ । त्यही दरबारभित्र राजा महेन्द्रको शयनकक्ष, पाहुना कक्ष, डाइनिङ हल, तत्कालीन समयमा प्रयोग भएका बिस्तरा, पलङ, गलैंचा, स्मोकिङ जोन र अन्य सामग्रीहरू देख्न सकिन्छ । भित्तामा राजा महेन्द्र र राजा वीरेन्द्रका तस्बिरहरू सजाइएका छन् । त्यहा केही पुस्तकहरू पनि छन् । गीतालगायतका केही धार्मिक पुस्तक र धेरैजसो जनावर र प्रकृति संरक्षणसम्बन्धी पुस्तकहरू देखियो । हामीमा राजा बसेजस्तो भन्ने जुन कल्पना थियो त्यस्तो कुनै कुरा देखिएन । बच्चाहरूमा राजाजस्तो भनेपछि विशेष लाग्ने हुन्थ्यो । तर त्यहाँका सरसामानहरू देख्दा त्यस्तो विशेष खासै लागेन । त्यहाँ भएका सामग्री नै राजाले प्रयोग गर्ने गरेका हुन् भने त्यति विशिष्ट लागेन । मध्यम वर्गीय मानिसहरूको घरमा प्रयोग हुने सामग्रीहरूजस्तै थिए । हुन त ती सामग्रीहरू २०२८ सालदेखिकै हुन् भने त्यो जमानामा ती सामग्रीहरू विशिष्ट थिए होलान् कि !

यसरी चितवन जिल्लाको भरतपुर महानगरपालिकाको एक चक्कर लगाइयो । महानगरको सबै भाग एकै दिनमा घुमेर भ्याउने कुरा पनि भएन । उक्त दिन बाइपासदेखि शिवघाट, ज्ञानेश्वर, गांजीपुर मेघौली, गोलाघाट, पटिहानी हुँदै पश्चिम चितवन र दियालो बङ्गलासम्म परिक्रममा गरियो । दियालो बङ्गलामा आएर दिनभरिको भ्रमणका बारेमा सानो समीक्षा गरियो । कृषि विकास बैङ्क पूर्व कर्मचारी समाजका अध्यक्ष श्री बाबुराम पोखरेलले भ्रमण रमणीय, फलदायी र एक अर्कासंग घुलमिल हुने अवसर मिलेको भनाई राख्दै साह्रै सुन्दर अनुभूतिकासाथ भ्रमणको समापन गरियो । उक्त अवसरमा भ्रमणकै बारेमा समाजका उपाध्यक्ष प्रदिप पोखरेलले कविता समेत वाचान गरेका थिए । हामी चितवनवासीका लागि पनि चितवनमा कति धेरै नधुमेका ठाउँहरू रहेछन् । आफू बसेको ठाउँको पूर्ण जानकारीका लागि पनि चितवन भ्रमण गरौं र महानगरको उद्देश्यपूर्तिमा होस्टेमा हैंसे मिलाएर आफ्नो गाउँ र क्षेत्रको पर्यटनमा केही भए पनि सहभागिता जनाऔं । हाम्रो महानगर हामी बनाउँछौ बन्ने प्रण गरौं ।

परिचर्चा

# लीलाचोक, आमा र केही प्रसङ्गहरू



✍ **सरस्वती (तिमिल्सिना) रिजाल**
*पूर्व प्रधानाध्यापक - बालकुमारी मा.वि.*

बज्यै मात्र बज्यै । हो, मेरी आमाको यही पहिचान थियो । तर यो पहिचान परोक्ष थियो । वास्तवमा मेरा बालाई लीलाबाजेको पहिचान दिलाउनमा मेरी आमाको ठूलो भूमिका थियो । हुन त पहिचान न बाले बनाउनुभो न आमाले नै । त्यतिखेर उहाँहरूले गर्नुभएको कठोर परिश्रम र इमान्दारिता नै पहिचानको कारण बन्यो । फरक के मात्र हो भने बा प्रत्यक्ष पात्र बन्नुभो , आमा परोक्ष पात्र । बा बाहिर निस्केर अरूसँग रमाइलो गर्न , ठट्टा गर्न भ्याउनुहुन्थ्यो, आमा केवल भित्रकै काममा व्यस्त बन्नुहुन्थ्यो र आमालाई भ्याइनभ्याइ हुन्थ्यो। सायद यसैले मेरी आमा केवल सबैकी बज्यै मात्र बन्नुभयो।

मेरी आमाको जन्मको नाम सायद नरदेवी थियो ( ऊ बेला जन्मको र पछि बोलाउने नाम एउटै हुन्थ्यो ) , यसैले क्षेत्रपुर चोकको घरको नाम नर भवन राखियो । यसको सायद कसैले पनि भेउ पाएनन् । मान्छे बस्ने घर भएकोले नर भवन भन्ने अर्थ पनि लाग्यो होला । मलाई त्यस्तो लाग्छ । बरु कतिले त माथिको चोकलाई पनि लीलाचोक नै भन्न थालेका पनि थिए, तर क्षेत्रपुरमा नामको स्थायित्व भने पछिसम्म रहेन । माथिको चोकमा अहिले पनि आमाबाको अस्तित्व जीवन्त रहेझैँ लाग्छ । कारण उहाँहरूको कठोर परिश्रमको फल अझै पनि चोकमा स्वरूप परिवर्तन गरी उभिएको छ। अहिले कान्छा भाइ विजय तिमिल्सिना अर्थात् मेरा आमाबाका कान्छा छोरा सो ठाउँमा आमाबाको प्रसादस्वरूप स्वामित्व लिएर बसेका छन् । त्यहाँ नया स्वरूपमा बनाइएका टहराहरू भाडामा छन् ।

अहिले मेरी आमाको नाम नर्व(र्म)दा बनेको छ । नाम पछि परिवर्तन गर्यौं हामीले । त्यही नाम अनि बाको नामबाट २०६६ सालमा आफूले ३५ वर्ष अध्यापन गरेको बालकुमारी माध्यमिक विद्यालयको नया भवनमा कोठानिर्माणका लागि सहयोग गर्ने अवसर प्राप्त भएको छ भने आमाबाकै नाममा चितवन साहित्य परिषदमा २०७२ सालमा एउटा साहित्यसम्बन्धी ' चिसाप लीलानर्मदा साहित्य पुरस्कार ' स्थापना गर्ने अवसर पनि मिलेको छ । त्यस्तै बा आफू करिब करिब निरक्षर भएर पनि बसेनीमा जखेडी माई आधारभूत विद्यालय खोल्न र त्यसलाई स्थायित्व दिन धेरै नै सहयोग गर्नुभएको थियो ।

प्रसङ्ग चलेको थियो क्षेत्रपुर घरको । मैले एस. एल. सी. उत्तीर्ण गरेपछि मेरो वीरेन्द्र इण्टर कलेजको पढाइ र बिहा नगरुन्जेलसम्मको बसाइ क्षेत्रपुरको त्यही भवनमा नै भयो । लीलाचोकको होटलमा पछि केही समस्याहरू ( समस्याहरूको बारेमा पछि कुनै लेखमा म उल्लेख गर्नेछु ) आउन थालेपछि होटल केही समयका लागि एकजना स्थानीय व्यापारी ( तत्कालीन ) राजुभाइ शाक्यलाई वर्षको रु. अठार हजार भाडामा दिइएको थियो । तर पछि पुन: होटल आफैले नै चलाउनु पर्यो । त्यतिखेर मेरो ठूलो दाजु लक्ष्मण शर्मा तिमिल्सिना होटल चलाउन तल जान थाल्नुभयो । बा पनि सघाउन तल जानुहुन्थ्यो । पछि फेरि क्षेत्रपुर आउनजान गाह्रो भइरहने हुनाले आमाबा तल होटलमा नै बस्न थाल्नुभयो ।

हाम्री आमा , अद्भुत आमा । ऊ बेला पनि नया सोचविचारले भरिएकी आमा । प्रत्येकका लागि आफ्नी आमा महान हुन्छिन् नै , यस अर्थमा मलाई महान लाग्नु अस्वाभाविक होइन । तर फरक के कुरा मात्र हो भने हरेक आमाको परिश्रम , उत्तरदायित्व एवं सोचाइको परिवेश भने अलग-अलग हुन्छ । त्यस अर्थमा मेरो आमाको परिवेश अलि फरक नै थियो भन्ने लाग्छ मलाई । हो , फरक थियो । गोर्खा सेप्राकको ढकाल परिवारमा बा गौरीकान्त ढकाल र आमा देवकी ढकालका आठ सन्तानहरूमा तीन दाजु र दुई दिदीमुनि साहिँली छोरीको रूपमा वि. सं. १९८४मा जन्मनुभएकी मेरी आमाको विवाह काठमाण्डूमा अरूको घर दु:खजिलो गरिरहनुभएका बासँग भएको थियो । हुन त हाम्रा बा धादिङ् , गजुरी पिँडाको हुनुहुन्थ्यो । त्यतिबेला चाहिँ कामको सिलसिलामा हाम्रा बा काठमाण्डू, अमलेखगन्ज , कलकत्तामा भान्सेको काम गर्दै पुन: नया बजार काठमाण्डूमा रायमाझी परिवारको घरमा सेवा गर्न बस्नुभएको थियो । यसैले बालाई ऊ बेलादेखि नै हिन्दी भोजपुरी , बङ्गाली , मज्जाले बोल्न आउँथ्यो र थरीथरीका परिकारहरू पनि स्वादिष्ट पाराले तयार गर्न आउँथ्यो ।

हाम्रा बा २०१३ सालमा चितवन झर्नुभयो भने आमा र हामी ( लक्ष्मण दाजु र म ) २०१४ सालमा झर्यौं हामी दुवै दाजुबहिनीको जन्म काठमाण्डूमा भएको थियो । त्यहाँ आमा अरूको घरमा दु:खजिलो गर्नुहुन्थ्यो । आमाहरूले काम गर्ने घरको परिवार अति सम्पन्न , पढेलेखेको र उच्च ओहोदामा सेवारत हुनुहुन्थ्यो । सायद त्यही देखेर हुन सक्छ , बाआमालाई छोराछोरीको भविष्यका लागि आफैले छुट्टै केही गर्ने सोचाइ आएकोले होला , केही गरिखान हामीलाई लिएर चितवन झरेर हाल लीलाचोक भएको ठाउँमा आएर खरको सानो झुपडी ठड्याई सानो होटल खोल्नुभयो । २०१३ सालमा ठड्याएको त्यो सानो घर २०१६ सालमा आगोले भसक्कै पार्यो । त्यतिखेर नारायणघाटमा ससाना घरहरू थिए र प्राय: सबै नै आगोमा

डढे। त्यति बेलाको अवस्थाको बारेमा मैले अगाडिको अङ्कमा पनि उल्लेख गरिसकेकी छु।

बल्ल बल्ल आफैले केही गरौं भनेर कोसिस गरेको प्रारम्भिक चरणमै ठूलो चुनौती आइलाग्दा केही समय अन्यौलमा पर्नु स्वाभाविकै हो। सबैतिर काला ठुटाहरू बाहेक केही थिएनन्। त्यतिखेर नारायणघाट बजारमा करिबकरिब सबै कच्चा घरहरू मात्र थिए। चितवनको आँधीहुरी कडै हुन्छ। र त हावाहुरी आएको बेला सानो झिल्कोले पनि सबैतिर सखापै पार्थ्यो। आगो जहाँसुकैबाट लागेपनि यसले सबैतिर भ्याउँथ्यो। त्यतिबेला धाराहरू थिएनन् , नारायणी नदीबाट गाग्री वा बाल्टीमा पानी ओसार्नु पर्थ्यो। यसैले आगो निभाउन हम्मे हम्मे पर्थ्यो। अब के गर्ने ? एउटा ठूलो चुनौती थियो। त्यही डढेका ठुटाहरूमा केही भेटिन्छन् कि भनी हेर्दा एक ठाउँमा डढेको अवस्थाको अलि कडा किसिमको एउटा डल्लो भेटिएछ। र त्यो ' के होला ' भनेर खोतल्दा आमासँग भएका केही चाँदीका सिक्काहरू आगोले एउटै डल्लो परेको रहेछ भन्ने थाहा भएछ। त्यसैलाई त्यो बेलामा रू ३००/ मा बिक्री गरेर त्यसैबाट सरसामान जोहो गरेर पुन: होटल चालु गर्नुभएको थियो रे आमाबाले ( स्रोत - ज्योतिनरसिँह रायमाझी )।

प्रारम्भिक चरणमा होटल गर्दा अत्यन्त दु: ख गरेको कुरा भन्नुहुन्थ्यो आमाले।

'नानी , यो सम्पत्ति त्यसै जोडिएको होइन , पहिला सघाउने मान्छे कोही थिएनन्। त्यति बेला केवल पन्ध्र दिनको सुत्केरी मैले ३० पाथी धानको भात पकाएँ नानी। बाले पनि अरू पकाउनओर्न सघाउनु हुन्थ्यो। नदीबाट पानी ओसार्नु पर्थ्यो , आउने पेसेन्जरका भाँडा माझ्नु पर्थ्यो , वास बसेका लुगा ( ओढ्नेओछ्याउने ) धुनु पर्थ्यो। हो नानी , त्यही धमाधमीले गर्दा गर्भका बच्चाहरू अधिग्रा गए। रगतको आहाल हुन्थ्यो। कता औषधि गर्ने ? के औषधि गर्ने ? मेलोमेसो केही थिएन।'

यही सन्दर्भमा आमाले पुन: भन्नुभएको थियो,

'हेर् नानी, मैले चर्पी जाँदा ती अधिग्रा गएका रक्तपिण्डलाई त्यहीँ खसेको थाहा पा'की थैं। ( पहिलापहिला खुल्ला चर्पी हुन्थ्यो।) मैले लामो छेस्काले कोट्याएर हेर्थें। कुनै नाकमुख बन्न लागेका अवस्थाका हुन्थे , कुनै यस्सो नमुना बनेका मात्र हुन्थे।'

अनि सानै भएपनि मैले छक्क परेर सोधेकी थिएँ , ' अनि त्यसरी हेर्दा तपाईँलाई डर लागेन ? '

'खोइ , मलाई त केही डर लागेन। अँ ...... साँच्चि त , एउटा कुरा सम्झें। म पहिला साह्रै डराउँथें , मान्छे मरेको ठाउँमा पनि जान सक्दिनथें। काठमाण्डू छँदा तेरी हजुरआमा ( तेरो बाकी आमा ) जब मेरो काखैमा बित्नुभयो , मलाई डर लाग्न छोड्यो।'

आमाले सहज रूपमा उत्तर दिनुभएको थियो र 'अहिले सम्झदा मैले कसरी त्यत्रो काम गरेँ हुँला भनेर अनौठो लाग्छ' भन्दै टोलाउनुभएको थियो।

हामी सानै हुँदा आमा औषधि गर्न भनेर काठमाण्डू जानुहुन्थ्यो। एकजना सायद नरेन्द्र बाजे भन्ने हुनुहुन्थ्यो। उहाँ हाम्रो होटलमा आउनेजाने गर्नुहुन्थ्यो। उहाँको घर खिचापोखरीतिर भएजस्तो लाग्छ। म पनि आमासँग एकपटक पुगेकी थिएँ त्यहाँ। हो , आमा उहाँसँग नै काठमाण्डू गएर त्यही नै औषधि गर्न बस्नुभएको थियो र क्युरेड गराएर एक्लै फर्किनुभएको थियो। यसरी आमा अरूको भरमा त्यति लामो बाटो औषधि गर्न कसरी जानुभयो होला भनेर म अचम्भित भएकी थिएँ र पछि उत्सुकतावश मैले सोधेकी थिएँ आमालाई। आमाले उत्तर दिदै भन्नुभएको थियो ,

'के गर्नु नानी , तिमीहरू सानै , बालाई होटल हेर्नै पर्यो अनि एक्लै नगई सुख भएन। फेरि ढिलो गर्न पनि भएन , पटकपटक बच्चा अधिग्रो जानाले मलाई गाह्रो भएको थियो। सकेसम्म त खटेर काम गरेँ , सहन गाह्रो भएपछि जानै पर्यो। त्यसमाथि यहाँ अस्पतालमा त्यस्तो व्यवस्था थिएन ,अनि काठमाण्डू गएर क्युरेड गराएर फर्केको नि नानी। '

आमाले पछि भन्नुभएको एउटा कुरा सम्झेर मलाई अझै अनौठो लाग्छ।

'मैले हुनेभए तिमीहरू दुईजना दाजुबहिनी हुनेबित्तिकै बच्चा नजन्माउन खोजेकी थिएँ। त्यतिखेर त्यस्तो केही उपाय थिएन। खेर गएको समेत गरेर करिब एक दर्जन भए , अझै तिमीहरू सातजना सग्लै छौ। दुलहीसाहेबको त झन एघार सन्तानहरू सग्लै भए।' आमाले आफू काठमाण्डू बस्दाको घरको कुरा सम्झदै भन्नुभएको थियो। अनि फेरि कान्छी बहिनी र कान्छो भाइलाई देखाउदै आफूलाई रमाइलो भावमा धिक्कार्दै भन्नुभएको थियो ,

'हत् , त्यति बेला सन्तान जन्माउन रोकेको भए यति राम्रा नानी बाबु कहाँ देख्न पाइन्थ्यो ? '

आमा पुरानो जमानाकै भए पनि आमाको सोच नया लाग्थ्यो मलाई। छोरा होस् , छोरी होस् आफूले अति दु:ख गरेरै भएपनि पढाउनुपर्छ र उनीहरूलाई सकेसम्म पढ्ने वातावरण बनाइदिनुपर्छ भन्ने आमाको सोचाइ थियो। हाम्रो पढ्ने वातावरणलाई उहाँले कहिल्यै बिथोल्न दिनुभएन। बालाई छोराछोरीको पढाइको मतलब थिएन र बाको त्यस्तो सोच पनि थिएन। अझ ' मैले नपढेरै यति गरेँ भने यिनलाई किन पढाउनुपर्यो ' भनेर कहिलेकहीँ आमालाई कराउनुहुन्थ्यो। बेलाबेलामा यसो भने पनि आमाको पढाउने चाहनामा भने बाले कहिल्यै रोक लगाउनुभएन। रमाइलो कुरो के थियो भने हाम्रा बालाई पछिसम्म पनि न हाम्रो उमेर थाहा थियो , न पढाइ ( कक्षा ) थाहा थियो। कसैले यस बारेमा सोधिहाल्यो भने पनि बाले आमातिर फर्केर सोध्नुहुन्थ्यो ,

'अइ ! ( आमालाई सम्बोधन गर्ने बाको शैली प्राय: यस्तै हुन्थ्यो ) कतिकति उमेरका भए रे यिनीहरू ?अनि कतिकति कक्षामा पढ्छन् रे ? ' आमाले पनि प्राय: केही नबोली उत्तर दिनुहुन्थ्यो , कहिलेकहीँ भने आमालाई दिक्क लागेर हामीलाई गुनासो पोख्नुहुन्थ्यो ,

'तेरा बाको ताल देखेर पनि अनौठो लाग्छ न छोराछोरीको उमेर थाहा छ , न पढाइ थाहा छ। फेरि कहाँ सधैँ सम्झने हुन् र , अर्को पटक कसैले सोध्यो भने फेरि भन्नुपर्छ। '

चितवनको सबैभन्दा पुरानो होटल नै हाम्रो थियो । यसैले खानेबस्ने सुविधाका लागि विभिन्न ठाउँका विद्यार्थी , शिक्षक तथा कर्मचारीहरू हामीकहाँ नै आएर आएर बस्थे । उनीहरूको खानेबस्ने व्यवस्था होटलमा नै हुने गर्थ्यो । यही क्रममा २०१७ सालतिर चितवनको पूर्वी पहाड़ी भेगमा पढाउँदै गर्नुभएको एकजना अध्यापक लोकेन्द्रराज शर्मा ( तत्कालीन सहकारी मिडिल स्कूल हाल बालकुमारी माध्यमिक विद्यालय नारायणगढ़का संस्थापक प्रधानाध्यापक, हाल स्वर्गीय भइसक्नुभएको ) तत्कालीन सहकारी मिडिल स्कूलमा पढाउन हाम्रै होटलमा बस्नुभएको थियो। हामी दुई दाजुबहिनीलाई पढाएबापत उहाँलाई खानेबस्ने सुविधा प्रदान गरिएको थियो । हामी मात्र नभई उहाँसँग त्यहीँ नै बस्ने तथा वरिपरिबाट विद्यार्थीहरू पढ्न आउँथे । मलाई याद भएसम्म त्यतिखेर बाहिरबाट पढ्न आउने स्थानीय चामु दाइ ( चामुनारायण श्रेष्ठ ), शिवु दाइ ( स्व. शिव श्रेष्ठ ) अनि लोथरबाट आएर पढ्ने चन्द्र दाइ ( चेतनाथ पाठक ) तथा शुकदेव दाइ ( शुकदेव पाठक ) हुनुहुन्थो। उहाँहरूले गाउँबाट घ्यू , चिउरा बोकेर आउनुहुन्थ्यो। हामीले बेला बेलामा उहाँहरूले ल्याउनुभएको घ्यूचिउराको स्वाद पाउँथ्यौँ। लोकेन्द्र सर त्यही घरमा बस्दा बस्दै हाम्रो मामा बन्नुभएको थियो । उहाँको दिदीबहिनी कोही नभएकोले उहाँले हरेक तिहारमा आमासँग टीका लगाउन थाल्नुभएको थियो । हाम्रो पढाइको जग बसाउन तथा पटक्कै बोल्न नखोज्ने मलाई बोलाउन उहाँले धेरै प्रयास गर्नुभएको थियो । छोराछोरीलाई पढाउन खोज्ने आमाको प्रयासलाई उहाँले दह्रो भरथेग गर्नुभएको थियो । उहाँको विवाह पनि कलैयाकी कन्यासँग २०२४ सालतिर बाआमाले नै गराइदिनुभएको थियो , जसमा हामी दाजुबहिनी पनि कलैयामा जन्तीको रूपमा सहभागी भएका थियौँ।

हामीलाई पढाउने कुरामा आमाले कुनै कमी गर्नुभएन । आमाकै प्रयासस्वरूप हामीले २०२६ सालमा एस. एल. सी. उत्तीर्ण गरी वीरेन्द्र कलेज भरतपुर ( तत्कालीन वीरेन्द्र इण्टर कलेज ) आइ. ए. अध्ययन गर्न थाल्यौँ। त्यही अध्ययनको क्रममा २०२७ सालमा करिब सोह्र दिनको शैक्षिक भ्रमणको कार्यक्रममा आमाले मलाई केही नभनी सहजरूपमा पठाउनुभएको थियो । कक्षामा उमेरले र कदले सबैभन्दा सानी म नै थिएँ। त्यसैले त्यतिबेला आमाले ' लौ है मधु , यसलाई केही थाहा छैन , यसको रेखदेख गर्नू है ' भन्दै मलाई अर्की अलि ठूलो साथीको जिम्मा भने लगाउनु भएको थियो । त्यतिबेला बाटो नभएकोले भैरहवा पनि हिँडेरै जानुपर्थ्यो । पाल्पाबाट स्याङ्जा जाने बाटोमा राम्दी घाटको पुल बन्दै थियो स्याङ्जा जाने बाटो कच्ची नै थियो भने बागलुङ् पनि हिँडेरै जानु पर्थ्यो। २०२८ सालमा आइ. ए.को परीक्षा दिने समय आयो । त्यतिखेर आइ. ए.को परीक्षा दिन बाहिर जानुपर्थ्यो। अत: हामी दुवै दाजुबहिनीलाई काठमाण्डू जानुपर्ने भयो। त्यतिखेर काठमाण्डू जाने बाटो अप्ठ्यारो थियो । एकाबिहानै हिँडे पनि हेटौडा , त्रिभुवन राजपथ हुँदै काठमाण्डू पुग्दा रातै पर्थ्यो। यसैले छोराछोरीलाई गाह्रो नहोस् भनेर आमाले हामीलाई काठमाण्डूमा हवाईजहाज़मा जाने व्यवस्था मिलाउनुभएको थियो । हामी दुवैजना दाजुबहिनीलाई परीक्षामा कुनै बाधा नपुगोस् भनेर खाना बनाउन तथा अन्य कामलाई पनि सजिलो होस् भनेर आमाले हाम्रै उमेरकी एकजना बहिनी खोजी सँगै काठमाण्डू पठाउनुभएको थियो । त्यहाँ हामी बाआमाको परिचित व्यक्तिको सहायताले करिब डेढ महिना पकनाजोलमा डेरा गरेर बसेका थियौँ।

आइ.ए. उत्तीर्ण गरेपछि फेरि ' बी.ए. पढ्न जा नानी ' भनेर आमाले हुटहुटी लगाउनुभएको थियो मलाई। र उहाँकै इच्छाअनुसार २०२९ सालमा म काठमाण्डू पढ्न गएकी थिएँ। पढ्न काठमाण्डू बसुञ्जेल आमाले नै सबै खर्चको व्यवस्था गर्नुभएको थियो।

'नानी , हामी जुन घरमा काम गर्थ्यौँ , उहाँहरू पढेलेखेको , घरानिया र अति सम्पन्न परिवारको हुनुहुन्थ्यो । त्यसैले उहाँहरूको सङ्गतले मलाई छोराछोरी पढाउनु पर्छ भन्ने काठमाण्डूमा बस्दा नै लागेको थियो। तेरा दाजुलाई पनि मैले सानैमा स्कुल भर्ना गरिदिएकी थिएँ। तँ सानै थिइस् , तँलाई पनि मैले त्यो बेलामा चार वर्षमै स्कुल भर्ना गर्न लगेकी थिएँ। '

यसरी आमाले मलाई आफ्नो विगत बेलाबेलामा सुनाउनुहुन्थ्यो। सानै भएपनि मलाई आमाले भर्ना गर्न लानुभएको कुरा याद थियो । सायद हाल युथ क्लब भएको ठाउँनेर हाम्रो स्कुल ( तत्कालीन सहकारी प्राथमिक स्कुल, हाल चितवन माध्यमिक विद्यालयको पुरानो स्थान र रूप ) थियो । त्यतिखेर संस्थापक हेडसर ( चितवन माध्यमिक विद्यालय) स्व. वशिष्ठनारण श्रीवास्तव हुनुहुन्थ्यो। उहाँले ' यति सानैमा पढ्न आएकी भनेर मेरो नाम सरस्वती ( त्यतिखेर मेरो नाम चाहिँ सीता थियो र अझै पनि पुराना केही परिचितहरू त्यही नामले बोलाउँछन् ) राखिदिनुभएको थियो र रजिस्टरमा पनि त्यही नाम दर्ता गरिदिनुभएको थियो।

आमाको बिहानको उठाइको केही ठेगाना थिएन । आमाको अलार्म वा घडी भनेकै चार बजे वीरगंज जाने बसको हर्न थियो। प्रायः आमा त्यसैमा भर पर्नुहुन्थ्यो । त्यो जति बेला बज्थ्यो , आमा उठेर एउटा गाग्रो बोकेर नदीमा पानी लिन जानुहुन्थ्यो र सँगसँगै नुहाएर पनि आउनुहुन्थ्यो । बसको हर्न कहिले दुई कहिले तीन पनि बज्थ्यो र नदीबाट फर्केर आएको धेरै बेरपछि ' लौ , मैले त घडी नै हेरिनछु, चार बजे जाने बसको बेला भएर हर्न बजाएको भन्ठानेको त बल्ल पो चार बज्दै छ त ' भनेर छक्क पर्नुहुन्थ्यो। जाने बेलामा हामीलाई पढ्न उठाउनुहुन्थ्यो । पढ्नका लागि अण्डाको लोभ देखाउनुहुन्थ्यो र छोराछोरी पढ्छन् भनेर पकाएर पनि दिनुहुन्थ्यो। कहिलेकहीँ म पनि आमाको पछि लागेर डराउँदै भए पनि जान्थेँ। नदीतिर जाँदा डराइडराई

चारैतिर हेर्थें। एकपटक त राती पर घाटतिर केही मान्छेहरू जस्ता आगो तापेर बसेका जस्ता देखिएका थिए र एकैछिनमा ती हराएका पनि थिए। के दृश्य थियो त्यो , अहिलेसम्म बुझ्न सकेको छैन।

छोराछोरीहरूलाई पढाउने अति धोको थियो आमाको। आमाले हामीलाई पढ्न अति उत्प्रेरित गर्नुहुन्थ्यो। उहाँ हाम्रो पढाइ राम्रो होस् भनेर कुनै विषय गाह्रो भयो भने ट्युसन पढ्न जाओ है भन्नुहुन्थ्यो। त्यहीअनुसार म नौ कक्षामा सँगै घर जोडिएको त्यति बेलाको मेरो अति मिल्ने साथी सत्य श्रेष्ठसँग बिहान चारै बजे गणित शिक्षक स्व. सिद्धि सरकहाँ पुतली बजारमा ट्युसन पढ्न जान्थ्यौँ। आमाले आफू नारायणी नदी नुहाउन जाने बेलामा हामीलाई उठाउनुहुन्थ्यो र हामी चार बजे जाने बसको उज्यालोलाई पछ्याउँदै त्यसैको पछि पछि पुतलीबजारसम्म दौडन्थ्यौ।

उहाँको पटकपटकको भनाइ नै ' तिमीहरू पढिमात्र देऊ , अरू केही काम गर्नुपर्दैन ' भन्ने हुन्थ्यो। आमाको पढाइप्रतिको यो अभिरुचि र लगावले गर्दा बी.ए. परीक्षा दिएपछि काठमाण्डूबाट आई २०३० सालमा प्रथमपटक चितवन माध्यमिक विद्यालयमा अध्यापन गरेपछि आएको मासिक पारिश्रमिक २९२/५० ( यस्तै लाग्छ मलाई ) आमाको हातमा राखिदिदा दंग पर्दै तैँले कमाएको पैसा तैँ राख् नानी ' भन्नुभएको थियो। तर पछि मैले कर गरेपछि भने लिनुभएको थियो। त्यहाँ अध्यापन गरुन्जेल हरेक महिना आमालाई नै आफ्नो पारिश्रमिक बुझाउने गरेकी थिएँ। यसो गर्दा मलाई पनि आनन्दको अनुभूति हुन्थ्यो।

हाम्रा निस्पृह बा , कुनै कुराको लोभलालच नभएका बा अति परिश्रम गर्न जान्नुहुन्थ्यो , मेरेर काम गर्नुहुन्थ्यो तर कुनै कुराको मतलब राख्नुहुन्नथ्यो। खाँदेका र साँधेका स्वादिला अचारहरू बनाउन अति सिपालु हाम्रा बाको सब्जी बनाउने शैली पनि बेग्लै थियो। आलु ताछेर आएको बोक्रा , छिप्पेको फर्सी ताछदा निस्केको बोक्रालाई खेर नफाली त्यसैको मीठो भुजिया बनाउनुहुन्थ्यो। कुनै पनि कुरा कसरी सदुपयोग गर्ने भन्ने कुरा उहाँबाट सिक्न सकिन्थ्यो। विभिन्न किसिमले पकाइतुल्याइ गर्ने सीप उहाँलाई कलकत्ता, काठमाण्डू र अन्य ठाउँमा काम गर्दा आएको थियो। हाम्रा बाबाटै मैले कुनै पनि कुरा कसरी फारो गर्नुपर्छ भन्ने सिकेकी हुँ। बाले अति दु:ख तथा मिहिनेत गरी धनसम्पति त जोड्नुभयो तर त्यसप्रतिको आसक्ति कहिल्यै राख्नुभएन। बा अति सामान्य हुनुहुन्थ्यो र त्यही किसिमको लवाइखवाइ थियो। सम्पत्ति जोड्न दुवैको अथक मिहिनेत भएपनि जोगाउने काममा आमाको विशेष योगदान थियो। र त्यहीअनुसार दाजुभाइको जिउने आधार बन्यो अनि मेरो जीवनको सार बन्यो।

(अहिलेलाई यति , अरू पछि )

लघुकथा

# हो भाइ म नै चोर हुँ




✍सावी चालिसे
*सदस्य-विमर्श नेपाल, चितवन*


राम र लक्ष्मण एउटै आमाका जुम्ल्याहा सन्तान थिए। घरगाँउमा लक्ष्मणलाई मानिसहरु "लछु" भनेर बोलाउँथे रामलाई "रामे"।

लक्ष्मण पढाइमा अब्बल थियो, फस्ट डिभिजनमा एस .एल .सी .पास गर्यो र ईन्जिनियर पढि सकेर लोकसेवा पढ्न थाल्यो। ईन्जिनियर पढेरपनि बेरोजगार भएपछि बिस्तारै बिस्तारै लक्ष्मणले राजनीतिमा हात हाल्यो ।आफ्नो पार्टीको सरकार हुदा गाउँघरका सानातिना समस्या उसले फोनवाटै मिलाईदिन्थ्यो। एक किसिमले उ गाउँमा समाजसेवी जस्तो बनेर बसेको थियो।उ सँग आन्दोलनमा सरिक भएको साथी मन्त्री बनिसकेको थियो।

रामको पढाइ सानैदेखि त्यति राम्रो थिएन तेस्रो डिभिजनमा एस .एल .सी. पास गर्यो पढ्न नसकेर पुलिसमा भर्ति भयो। रामको सरुवा बढुवामा पनि धेरैपटक लक्ष्मणले भनसुन गर्नुपर्यो।

एकदिन एउटा घरमा चोरि भयो। रामको टोलि खटिएर गयो। चोरहरु भागे अर्थात रामको टोलिले चोरहरुलाई समात्न सकेनन्। चोरले आफ्ना महत्त्वपूर्ण कागजात फिर्ता गरिदिएमा घरधनीले चोरलाई पाँचलाख रुपैयाँ ईनाम दिने घोषणा गरेपछि लक्ष्मणले घरधनीका कागजातहरु उपलब्ध गराए बापत त्यो ईनाम रकम प्राप्त गर्यो। यतिबेला रामलाई निकै नमजा लाग्यो।र मनमनै भन्यो ठिकै हो दाइ म तेस्रो श्रेणीमा पास गरेको मान्छेले तँ पहिलो श्रेणीमा पास गरेको मान्छे लाई कसरी समात्न सक्थें त?

लगत्तै उसले सम्झ्यो।

"नौ कक्षामा पढ्दा एक जना नयाँ सर आएर सबै बिद्यार्थीको परिचय र ठुलो भएपछि के हुने लक्ष्य छ? भन्न लगाउनुभएको थियो!कक्षाका सबैले आआफ्नो नाम र भावि लक्ष भन्दै गएका थिए। त्यसै क्रममा लक्ष्मणले आफ्नो परिचय दिएर ईन्जिनियर हुने लक्ष छ भनेको थियो त्यसको लगत्तै रामले डाक्टर हुने लक्ष बताएको सुनेर कक्षाकोठाका सबै बिद्यार्थी गललल्ल हाँसेका थिए।" यति सम्झीसकेपछि रामले आखाभरि आँसु पार्दै लक्ष्मणको अनुहार, महत्त्वपूर्ण कागजात र चोरलाई दिने भनिएको ५ लाख ईनाममा क्रमशः एक एक पटक आँखा डुलाएर, चिमचिम गरि ,आँखाको आँसु आँखा भित्रै लुकाउने कोसिश गर्यो। यतिवेला लक्ष्मणले रामकोआखामा हेरेको हेराईले भनिरहेको थियो "हो भाइ म नै चोर हुँ"।

समीक्षा

# महानगर साहित्य दर्पण अङ्क तीनलाई नियाल्दा



✍ सुरेन्द्र अस्तफल
*प्राज्ञ सदस्य, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान*

महानगर साहित्य दर्पण भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको साहित्यिक मुखपत्र हो । २०७९ सालदेखि वर्षको एकपटक नियमित रूपमा प्रकाशित हुँदै आएको यस पत्रिकाको प्रकाशन एवम् सम्पादन मण्डलमा रेनु दाहाल (महानगर प्रमुख) संरक्षक, चित्रसेन अधिकारी (महानगर उपप्रमुख) सल्लाहकार, लक्ष्मीप्रसाद पौडेल (महानगर प्रमुख प्रशासकीय अधिकृत), इन्द्रप्रसाद रेग्मी (उपकुलपति भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान), सुवासचन्द्र आचार्य (महानगर शिक्षा निर्देशक) सल्लाहकारको रूपमा रहनुभएको छ । त्यस्तैगरी दर्पणका प्रधान सम्पादकमा केदारनाथ खनाल, कार्यकारी सम्पादकमा बालकृष्ण थपलिया एवम् सम्पादकहरूमा प्रकाश चापागाईं, जगन्नाथ पण्डित र सुरेन्द्र अस्तफल रहनुभएको छ । यस पत्रिकाकाको मुख्य लक्ष्य भरतपुर महानगरको साहित्य, कला र संस्कृतिको उत्खनन्, विकास, प्रवृत्ति आदिलाई उजागर गर्नु रहेको छ ।

यस आलेखमा महानगर साहित्य दर्पण –३ को विभिन्न शीर्षकहरूमा सङ्क्षिप्त परिचय दिने उद्देश्य राखिएको छ ।

१. **दर्पण तीनभित्र समेटिएका काव्यका स्वरूपहरू**

यसभित्र काव्यका स्वरूपभित्र कविता/गीत / गजल समेटिएका छन् । यसअन्तर्गत प्रेमविनोद नन्दन (गीत – सधैं लेखी राखौं, इन्द्रप्रसाद रेग्मी (कविता – बिचरा भोजाड),गोविन्दराज विनोदी (कविता –प्रकृतिको भाषा), सुवास आचार्य (कविता – प्रतीक्षा), जगन्नाथ पण्डित (कविता – निर्माणले चुस्त बनोस् भरतपुर), विज्ञानलाल श्रेष्ठ (गीत – हाम्रो चितवन राम्रो चितवन), श्रीभक्त अच्युत वाग्ले (कविता – सबको रोज्जा राम्रो चितवन), सरला जोशी (गीत – घुमौं भरतपुर), प्रभातकुमार जोशी (गीत – मेरो भरतपुर), दीपक प्रधान (गीत – भरतपुर गान), कमल कंडेल (कविता – भरतपुर नगरी), किसान प्रेमी (गीत – भ्रमण वर्ष २०२४ भरतपुर घुम्न जाऔं), प्रकाशबाबु ढकाल (गीत – भ्रमण वर्षमा २०२४ मनाऔं हर्षमा), रेशमलाल श्रेष्ठ (गीत – सिमाना गीत), रह शर्मा (कविता – भरतपुर), पुण्यप्रसाद ओली (गीत – हाम्रो भरतपुर ः राम्रो भरतपुर) का रचनाहरू समेटिएका छन् । माथि उल्लेखित रचनाहरूमा आशावादिता, प्रकृतिप्रेम, जीवनबोध, मानवीय मूल्य आदिलाई प्रस्तुत गरिए पनि मुख्य स्वर भने भरतपुर महानगरको भौगोलिक, सांस्कृतिक, सामाजिक विविधतालाई प्रस्तुत गर्नु रहेको देखिन्छ ।

२. **घुमौं भरतपुर शीर्षकमा लेखिएका उत्कृष्ट दस भरतपुर गानहरू**

भरतपुर महानगर पालिका नगरपालिकाले भरतपुर भ्रमण वर्ष २०२४ को अवसरमा सार्वजनिक सूचना प्रकाशित गरी भरतपुरसम्बन्धी गीतको आह्वान गरेको थियो । सूचनामा प्राप्त रचनामध्ये सर्वोकृष्ट रचनालाई रु ५०,००० पुरस्कार प्रदान गरिने उल्लेख गरिएको थियो । तर अन्त्यमा उत्कृष्ट दस गीत मात्र सार्वजनिक गरिएको थियो । त्यसरी उत्कृष्ट दसमा परेका भरतपुर गीतलाई यस अङ्कमा समावेश गरिएको छ ।

उत्कृष्ट दसमा परेका गीतकारहरू गोविन्दगोपाल खतिवडा, सुरेन्द्र अस्तफल, नवीनराज पौडेल, विष्णुबाबु देवकोटा, मुक्तिप्रसाद सापकोटा, पदम अर्याल, विश्ववन्धु गुरुङ, रमेश प्रभात, बाबुराम पोखरेल र विनोद सापकोटा सौगातका भरतपुर गानहरू यसभित्र राखिएका छन् ।

माथि उल्लेखित गानहरूले समग्रतामा भरतपुर महानगरको सम्पूर्णतालाई काव्यिक रूपमा उजागर गरेका छन् ।

३. **राष्ट्रिय पर्या कविता – २०८० का पुरस्कृत उत्कृष्ट दस कविताहरू**

भरतपुर भ्रमण वर्ष २०२४ को अवसर पारेर भरतपुर

महानगर पालिकाले घुमौँ भरतपुर शीर्षकमा भ्रमण वर्षको आयोजना गरेको थियो । उक्त कार्यक्रम भरतपुर २२ स्थित अम्रेला स्ट्रिटको परिसरमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विज्ञद्वारा छनौटमा परेका उत्कृष्ट दस कविहरूका कविताहरू वाचन गरिएको थियो ।

राष्ट्रिय पर्या कवितामा सुवास सजलको 'चौतारो : एक आत्मालाप' (प्रथम), रेणुका जिसीको 'उभिएर आफ्नै चिहानमाथि' (द्वितीय), परिवेश चापागाईँको 'भेन्टिलेटरको सहर' (तृतीय), समर्पण न्यौपानेको 'अनन्त मुस्कान' (प्रोत्साहन) तथा राजेन्द्र अटल, भरत थापा, सिजन श्रेष्ठ, सुलभ अधिकारी, बुद्धिबल श्रेष्ठ र सुन्दर शिरीषकाका कविताहरू उत्कृष्ट दसमा पुरस्कृत भएका थिए । दर्पण तीनमा उत्कृष्ट दस कविताहरूलाई समावेश गरिएको छ ।

माथि उल्लेखित उत्कृष्ट दस कविताहरूमा वर्तमान जनजीवनका भोगाइ, विसङ्गति, मानिसका द्वैध चरित्र, व्यङ्ग्य, विद्रोह एवम् समसामयिक चिन्तन आदिलाई प्रस्तुत गरिएको छ भने मुख्य रूपमा पर्यावरणसम्बन्धी चेत प्रस्तुत गरिएको छ ।

४. **दर्पण तीनभित्रका कथाहरू**

दर्पण तीनभित्र गणेश श्रमणका चारवटा 'सूत्रकथाहरू', शान्ति शर्माको 'सहारा' र समीप खड्काको 'भाग्यको कुरो' शीर्षकमा कथाहरू समेटिएका छन् । उक्त कथाहरूमा प्रेमबोध, समसामयिकता, समाजबोध र विसङ्गतिबोध पाइन्छ ।

५. **दर्पण तीनभित्र नाटक**

दर्पण तीनभित्र प्रकाश चापागाईको 'अँध्यारो खाडल' शीर्षकमा एउटा मात्र नाटक प्रकाशित भएको देखिन्छ । युवावर्गमा देखिएका विसङ्गत यथार्थलाई यस नाटकले प्रस्तुत गरेको छ ।

६. **दर्पण तीनभित्रका निबन्धहरू (डायरी, संस्कृति, कला, अनुभूति, पर्यटनविषयक समेत)**

दर्पण तीनभित्र तुलनात्मक रूपमा धेरै निबन्धहरू प्रकाशित छन् । दर्पणमा समेटिएका निबन्धहरूमा लक्ष्मण अर्यालको 'झगडिरहन्छु म रामबाबुसँग', गायत्री श्रेष्ठको 'चितवन जागे देश जाग्छ', पोषराज पौडेलको 'जेलडायरी', भजुमनराम महताको 'चितवन जिल्लाका थारूहरूको संस्कार र संस्कृति', महेन्द्र पौड्यालको 'भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान र भावी कार्यदिशा', विष्णुराज महतोको 'सम्भावना नै सम्भावना बोकेको चितवन', एन.पी. परिहस्तको 'मिथिलाको चाडबाड तथा पूजा संस्कृति', केदारनाथ खनालको 'चितवनका दरै जाति : सङ्क्षिप्त परिचय', रामहरि श्रेष्ठको 'चित्रकलाको विकासक्रममा चितवन' र डी बराल, विश्वराज सुवेदी पिएचडीको 'भरतपुर भ्रमण वर्षमा देवघाटधाम अनुष्ठान' विषयक निबन्धहरू प्रकाशित छन् ।

माथि उल्लेखित निबन्धहरू विषयगत विविधता एवम् प्रस्तुतिगत विषयका कारण उत्कृष्ट देखिन्छन् । आत्मपरक र वस्तुपरक ढङ्गमा लेखिएका निबन्धहरू रोचक छन् ।

७. **दर्पण तीनभित्रका समीक्षा / डायरी / चर्चा / प्रतिभा परिचय / प्राज्ञपरिचय / वर्षपुस्तक परिचय**

दर्पण तीनभित्र समीक्षात्मक लेखहरू प्रकाशित छन् । यसभित्र डा. एकनारायण पौड्यालको 'महानगरको प्रशंसनीय कार्यः पाण्डुलिपि प्रोत्साहन', डा. केशव चालिसेको 'भरतपुर महानगरको एक प्राज्ञिक कर्म : भरतपुर प्रज्ञा', डा. धनेश्वर भट्टराईको 'महानगर प्रज्ञाप्रतिष्ठान र भरतपुर प्रज्ञा बारे केही कुरा', प्रा.डा. नारायणप्रसाद खनालको 'चितवन र यस वरपरका महाकाव्य तथा महाकाव्यकारहरू', पूर्णप्रसाद अधिकारीको 'महानगर साहित्य दर्पण दुईको सङ्क्षिप्त सर्वेक्षण', केदारनाथ खनाल र सुरेन्द्र अस्तफलको 'भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानद्वारा सम्मानित स्रष्टाहरूको सङ्क्षिप्त परिचय', भूपिनको 'समकालीन नेपाली कथाको शक्ति र सीमा', रमेश प्रभातको 'भरतपुर महानगरबासी स्रष्टाका वि.सं. २०७९ मा प्रकाशित कृतिहरूको सामान्य परिचय' र विष्णु तिवारी उषाको 'भरतपुर महानगर र प्रज्ञाप्रतिष्ठानका प्राज्ञहरूको सङ्क्षिप्त परिचय' आदिलाई समेटिएको छ ।

दर्पणभित्र समेटिएका समीक्षाहरूमा महानगर प्रज्ञाप्रतिष्ठानका गतिविधिहरू र यसका प्रज्ञा सदस्यहरूका विवरण, चितवनका महाकाव्यकारिता,

नेपाली कथाको शक्ति र सीमा, वर्ष पुस्तक आदिलाई समेटिएको छ ।

८. **दर्पण तीनभित्रका उत्खनन् / दस्तावेज / खोजीनितीविषयक रचनाहरू**

दर्पण तीनभित्र निबन्धात्मक खालका विषयलाई उत्खनन्, दस्तावेजअन्तर्गत विषयअन्तर्गत राखिएको छ । यसभित्र मुक्तिनाथ घिमिरेको 'भरतपुर महानगरभित्रका सालिकहरू', रमाकान्त सापकोटाको 'अमरत्व प्राप्त गर्ने शहीदको विवरणभित्र चितवन', श्यामजी अतिथिको 'राजघोल दरबार : उत्खनन्को पर्खाइमा' र रामशरण गैरेको 'चितवनको विकासमा राप्तीदून विकास परियोजना' शीर्षकका लेखहरू समेटिएका छन् ।

माथि उल्लेखित रचनाहरूमा लेखकहरू विषयगत गहिराइमा पुगी गहन अध्ययन एवम् विश्लेषण गरिएको पाइन्छ ।

९. **दर्पण तीनभित्र समेटिएका मेरो सपनाको भरतपुर शीर्षकका निबन्धहरू**

दर्पण तीनभित्र भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानद्वारा 'मेरो सपनाको भरतपुर' शीर्षकमा आयोजित जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा उत्कृष्ट ठहरिएका निबन्धहरूलाई समेटिएको छ । यसअन्तर्गत, अनुष्का न्यौपाने, चिरञ्जीवी दाहाल, सन्तोष सुवेदी, स्वस्तिक शर्मा, हरिप्रसाद तिवारी (रवि)का पुरस्कृत निबन्धहरू समाविष्ट छन् ।

माथि उल्लेखित निबन्धहरूमा महानगरको भावी स्वरूपको सम्बन्धमा धेरै शब्दहरू खर्चिएको देखिन्छ । निबन्धहरू मध्यम स्तरका देखिन्छन् ।

१०. **दर्पण तीनभित्र समेटिएका राष्ट्रिय खुला कथा प्रतियोगिता – २०८० कथाहरू**

दर्पण तीनभित्र भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय खुला कथा प्रतियोगितामा उत्कृष्ट ठहरिएका कथाहरू अनन्त लम्सालको 'अन्तिम पथ' (सर्वोत्कृष्ट), अनिता पन्थीको 'मृत्युको अपिल' (उत्कृष्ट), समीप खड्काको 'भाग्यको कुरो' (उत्तम), मन्दिरा मधुश्रीको 'पहिचान' (प्रोत्साहन) र राधिका कल्पितको 'अब लजाउँदैन लज्जावती' (प्रोत्साहन) शीर्षकमा कथाहरू प्रकाशित छन् ।

माथि उल्लेखित कथाहरू विषय, शैली र प्रस्तुतिगत नवीनताका कारण उत्कृष्ट बनेका छन् । समसामयिक नेपाली कथा लेखनमा उपर्युक्त कथाहरू स्तरीय रहेका छन् ।

११. **दर्पण तीनभित्र समेटिएको मित्र साहित्य**

दर्पण तीनभित्र मित्र साहित्यअन्तर्गत रामबाबु घिमिरेको 'कर्मसन्न्यास' (निबन्ध), डा. घनश्याम न्यौपाने परिश्रमीको 'पर्यावरणको अस्तित्व' (कविता) र बद्रीप्रसाद दाहालको 'मान्छे' (कविता) लाई समेटिएको छ । घिमिरे रत्ननगर वाङ्मय प्रतिष्ठानका अध्यक्ष, न्यौपाने वर्दघाट प्रज्ञाप्रतिष्ठानका कुलपति र दाहाल नीलकण्ठ प्रज्ञा प्रतिष्ठान धादिङका अध्यक्ष हुनुहुन्छ । रामबाबु घिमिरेको निबन्ध उत्कृष्ट रहेको छ। यस अङ्कदेखि सुरु गरिएको मित्र साहित्य स्तम्भले विशेष महत्त्व राखेको देखिन्छ ।

१२. **दर्पण तीनभित्र समेटिएको प्रतिवेदन**

दर्पण तीनभित्र भरतपुर प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाको 'भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान : वर्ष २०८०/२०८१' शीर्षकमा प्रतिवेदन लेखिएको छ। भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका वार्षिक कार्यक्रमलाई यस आलेखले स्पष्ट पारेको छ। एककिसिमले यो लेख भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानलाई हेर्ने ऐना हो भन्न सकिन्छ ।


१३. **दर्पण तीनभित्र समेटिएका विवरण**

दर्पण तीनभित्र प्राज्ञसभा विवरण, प्रज्ञाप्रतिष्ठानद्वारा गठित विभिन्न समितिहरूको नामावली, विभिन्न पत्रपत्रिकामा छापिएका प्रतिष्ठानका समाचार एवम् प्रतिष्ठानद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा खिचिएका केही तस्बिरहरू राखिएका छन् ।

समग्रमा महानगर साहित्य दर्पण – ३ मा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका गतिविधिहरूलाई समेटिएको पाइन्छ । प्रतिष्ठान र महानगरको आयोजनामा गरिएका साहित्यिक गतिविधिको रूपमा दर्पण तीन आएको देखिन्छ । विशेष गरी महानगरभित्रको कला, साहित्य, इतिहास, संस्कृति आदिलाई समेटेर प्रस्तुत गर्नु यस अङ्कको मुख्य प्राप्ति हो ।

कविता

# गैंडा धरोहर



✍ **सूर्यप्रकाश जमरकटेल**
*सदस्य-अनेसास, चितवन*

गैंडा नाम प्रसिद्ध यो मुलुकमा, संसारमा व्याप्त छ
गैंडाको पहिचान चैं तर अझै लाग्दैन पर्याप्त छ
गैंडा नाम चुरोटको खिलिसँगै खिल्ली उड्यो क्वै दिन
गैंडा नाम सिमेन्टमा मिसिन गै उड्दै छ धूलो किन ?

१

गैंडा नाम उचाइमा अब लगौँ गैंडा गगन्मा पुगोस्,
"गैंडा टावर" वा विकल्प उसको "गैंडा धरोहर् " बनोस्
गैंडा टावरको विशाल शिर होस् आकाशमा लेखियोस्
गैंडाभित्र बसी निकुञ्जतिरका गैंडाहरू देखियोस्।

२

हात्ती ,बाघ , बनेलले चरनमा के के गरे देखियोस्
पानीहाँस ,मयूरका हरिणका खेला सबै देखियोस्
गैंडा भित्र पसी निकुञ्ज परको माडी चुरे देखियोस्
रेवाको तट ,रापती ,सुननदी ,नारायणी देखियोस्।

३

अत्याकर्षक लिफ्टको मदतले अग्लो धरोहर् चढी
देख्नेछन् दुनिया खुला नयनले सिद्धी,उपर्दाङ्गढी
नारान्घाट,तथा भरत्पुर उता टाँडी झुवानी तिर
टेलिस्कोप भिरी घुमीकन खिचून् खिच्नेहरू तस्बिर।

४

गैंडाभित्र विशाल चित्रवनको सौन्दर्यको चित्र होस्
गैंडा टावरको हरेक पटमा नेपालको चित्र होस्
गैंडा टावर चैं महानगरको सर्वाङगिकी चित्र होस्
गैंडा स्तम्भ अनेक पर्यटकको गन्तव्यको मित्र होस्।

५

गैंडा यो नमुना जनावर भनी नेपाल चिन्छन् सब
आद्योपान्त कथा सचित्र यसको कोरौँ र राखौँ अब
यस्को दृष्य र यादका पटहरु मस्तिष्कको भित्र होस्
गैंडा टावर होस् अतुल्य भवकै वैशिषट्य,वैचित्र्य होस्।

६

रातीमा पनि दृष्यको चमक होस् आकाशगंगा सरी
गैंडाका पदचापमा भवनको छानो घुमोस् सुस्तरी
छानोको तल होस् बजार रमिता, व्यापार संसार होस्
मेला मानिसको चलोस् हरतला सोपान सञ्चार होस्।

७

यातायात यथा यथा समयमा गन्तव्यमा प्राप्त होस्
विश्रामस्थल, पार्क वा रमणको स्थातव्य पर्याप्त होस्
नीला ताल र पोखरी परित होस् मैदान,उद्यान होस्
गैंडा टावर यो महानगरको सौन्दर्यको शान होस्।

८

सानो यो परिकल्पना छ अहिले दङ्गदास होलान् कति
पानामा इतिहास मात्र नबनोस्,यस्ले गरोस् उन्नति
"गैंडा टावर"होस् अमूल्य धनको, यो देशको सौरभ
यो नेपाल उठाउँने गगनमा, गैंडा बनोस् गौरव।

९

## भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका परिषद् तथा प्राज्ञसभा सदस्य तथा विधागत समितिहरुको सम्पर्क सूची

| प्राज्ञ सभा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नामथर | ठेगाना | सम्पर्क | इमेल |
| १ | कुलपति | श्री रेनु दाहाल | महानगरपालिका | ९८५५०११३११ | dahalrenu33@gmail.com |
| २ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर ११ | ९८४५०५५२९२ | indraprasadregmi178@gmail.com |
| ३ | प्रज्ञा सभा सदस्य | श्री चित्रसेन अधिकारी | महानगरपालिका | ९८५५०११३०० | chitrasenadhikari@gmail.com |
| ४ | प्रज्ञा सभा सदस्य | श्री लक्ष्मीप्रसाद पौडेल | महानगरपालिका | ९८५२८३५७५४ | magarnarendra1984@gmail.com |
| ५ | प्रज्ञा सभा सदस्य | श्री सुवाषचन्द्र आचार्य | महानगरपालिका | ९८५६०४०२५५ | suwask@gmail.com |
| ६ | प्रज्ञा सभा सदस्य | श्री विष्णुराज महतो | भरतपुर २२ | ९८५५०९२३२२ | mbishnuraj@gmail.com |
| ७ | प्रज्ञा सभा सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर १५ | ९८५५०९२३३७ | bishnuparu@gmail.com |
| ८ | प्रज्ञा सभा सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर १५ | ९८५५०९२३३० | srijana.loken@gmail.com |
| ९ | प्रज्ञा सभा सदस्य | श्री केदारनाथ खनाल | भरतपुर १० | ९८५५०५३१२८ | knkhanal67@gmail.com |
| १० | प्रज्ञा सभा सदस्य | श्री प्रकाश चापागाईं | भरतपुर १० | ९८५५०५९३१७ | prakashchapagain70@gmail.com |
| ११ | प्रज्ञा सभा सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर ३ | ९८४५०७५७९५ | usha.tiwari2014@gmail.com |
| १२ | प्रज्ञा सभा सदस्य | श्री अमृता रामदाम | भरतपुर २ | ९८२१२६६३३३ | lalirasailyramdam@gmail.com |
| १३ | प्रज्ञा सभा सदस्य | डा.एकनारायण पौड्याल | भरतपुर १२ | ९८५५०८२०९७ | enpaudyal@gmail.com |
| १४ | प्रज्ञा सभा सदस्य | डा. कर्ण बानिया | भरतपुर १२ | ९८४७०६९३७९ | kbaniya12@gmail.com |
| १५ | प्रज्ञा सभा सदस्य | डा. केशवराज चालिसे | भरतपुर ९ | ९८५७०६०७३१ | chalisekeshavraj@gmail.com |
| १६ | प्रज्ञा सभा सदस्य | श्री किसान प्रेमी | भरतपुर १२ | ९८४५०९०९१२ | kisan.premi.12@gmail.com |
| १७ | प्रज्ञा सभा सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर २ | ९८४५०८१७२० | gayatrishrestha0@gmail.com |
| १८ | प्रज्ञा सभा सदस्य | डा. धनेश्वर भट्टराई | भरतपुर १० | ९८४५०८७०४५ | |
| १९ | प्रज्ञा सभा सदस्य | प्राडा.नारायण प्र. खनाल | भरतपुर ४ | ९८४५१५४३५७ | drnpk09@gmail.com |
| २० | प्रज्ञा सभा सदस्य | श्री पोषराज पौड्याल | भरतपुर ७ | ९८४५०३२२७५ | |
| २१ | प्रज्ञा सभा सदस्य | श्री भूपेन्द्र खड्का भूपिन | भरतपुर १२ | ९८५५०५१२८२ | |
| २२ | प्रज्ञा सभा सदस्य | श्री रमाकान्त सापकोटा | भरतपुर १० | ९८४५०२४४२६ | rksapkota451@gmail.com |
| २३ | प्रज्ञा सभा सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर १ | ९८४५५०५३४५ | ramharishrestha111@gmail.com |
| २४ | प्रज्ञा सभा सदस्य | श्री शशिकिरण रेग्मी | भरतपुर ६ | ९८४९५११७०४ | shashikiranregmi@gmail.com |
| २५ | प्रज्ञा सभा सदस्य | श्री श्यामजी अतिथि | भरतपुर १२ | ९८४५१११०८० | |
| २६ | प्रज्ञा सभा सदस्य | श्री श्रीराम महतो | भरतपुर २२ | ९८१२२३१२०१ | |
| २७ | प्रज्ञा सभा सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर ५ | ९८४५०४५४०७ | spastafal@gmail.com |
| २८ | प्रज्ञा सभा सदस्य | श्री सिर्जन अविरल | भरतपुर ५ | ९८४५०५२२८० | abiralsirjan32@gmail. Com |
| २९ | प्रज्ञा सभा सदस्य | श्री हरि योञ्जन | भरतपुर २ | ९८५५०५७९५० | |
| ३० | प्रज्ञा सभा सदस्य | श्री होमनाथ भण्डारी | भरतपुर २४ | ९८४५०५५१२९ | hnpravat7492gmail.com |
| ३१ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ | balkrishna127@gmail.com |

## भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

### प्रज्ञा परिषद्

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
|---|---|---|---|---|---|
| १ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर ११ | ९८४५०५५२९२ | indraprasadregmi178@gmail.com |
| २ | परिषद् सदस्य | श्री केदारनाथ खनाल | भरतपुर १० | ९८५५०५३१२८ | knkhanal67@gmail.com |
| ३ | परिषद् सदस्य | श्री प्रकाश चापागाईं | भरतपुर १२ | ९८५५०५९३१७ | prakashchapagain70@gmail.com |
| ४ | परिषद् सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर ३ | ९८४५०७५७९५ | usha.tiwari2014@gmail.com |
| ५ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ | balkrishna127@gmail.com |

### जर्नल प्रकाशन समित

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
|---|---|---|---|---|---|
| १ | संयोजक | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर ११ | ९८४५०५५२९२ | indraprasadregmi178@gmail.com |
| २ | सदस्य | डा. श्री केशव प्र. चालिसे | भरतपुर ९ | ९८५७०६०७३१ | chalisekeshavraj@gmail.com |
| ३ | सदस्य | श्री रमाकान्त सापकोटा | भरतपुर १० | ९८४५०२४४२६ | rksapkota451@gmail.com |
| ४ | सदस्य | डा. श्री एकनारायण पौड्याल | भरतपुर १२ | ९८५५०८२०९७ | enpaudyal@gmail.com |
| ५ | सदस्य सचिव | बालकृष्ण थपलिया | भरतपुर महानगरपालिका | ९८४५०५११२७ | balkrishna127@gmail.com |

### महानगर वाङ्मय कोश २०८२ प्रकाशन समिति

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
|---|---|---|---|---|---|
| १ | संयोजक /प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर १० | ९८५५०५३१२८ | knkhanal67@gmail.com |
| २ | सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर १५ | ९८५५०९२३३७ | bishnuparu@gmail.com |
| ३ | सदस्य | विष्णुदेवी तिवारी उषा | भरतपुर ३ | ९८४५०७५७९५ | usha.tiwari2014@gmail.com |
| ४ | सदस्य | प्रकाश थापा प्रथा | भरतपुर ४ | ९८४५५१८२०३ | kalanpratha@gmail.com |
| ५ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ | balkrishna127@gmail.com |

### महानगर साहित्य दर्पण अङ्क ४

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
|---|---|---|---|---|---|
| १ | संयोजक /प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर १० | ९८५५०५३१२८ | knkhanal67@gmail.com |
| २ | सम्पादक | श्री प्रकाश चापागाईं | भरतपुर १२ | ९८५५०५९३१७ | prakashchapagain70@gmail.com |
| ३ | सम्पादक | श्री गायत्री श्रेष्ठ | भरतपुर २ | ९८४५०८१७२० | chitwanboarding@gmail.com |
| ४ | सम्पादक | श्री सुरेन्द्र अस्तफल | भरतपुर ५ | ९८५५०६१५५१ | spastafal@gmail.com |
| ५ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ | balkrishna127@gmail.com |

| दर्शन/समाजशास्त्र समिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
| १ | संयोजक | श्री केदारनाथ खनाल | भरतपुर १० | ९८५५०५३१२८ | knkhanal67@gmail.com |
| २ | सदस्य | प्रा.डा. नारायण प्र. खनाल | भरतपुर ४ | ९८४५१५४३५७ | drnpk09@gmail.com |
| ३ | सदस्य | श्री श्यामजी अतिथि | भरतपुर १२ | ९८४५१११०८० | |
| ४ | सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर २ | ९८४५०८१७२० | chitwanboarding@gmail.com |
| ५ | सदस्य | श्री कर्णबहादुर बाँनिया | भरतपुर १२ | ९८४७०६९३७९ | |

| भाषा/साहित्य समिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
| १ | संयोजक | श्री प्रकाश चापागाई | भरतपुर १० | ९८५५०५९३१७ | prakashchapagain70@gmail.com |
| २ | सदस्य | डा. श्री धनेश्वर भट्टराई | भरतपुर १० | ९८४५०८७०४५ | |
| ३ | सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर ५ | ९८४५०४५४०७ | spastafal@gmail.com |
| ४ | सदस्य | श्री सिर्जन अविरल | भरतपुर ५ | ९८४५०५२२८० | |
| ५ | सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर १५ | ९८५५०९२३३० | srijana.loken@gmail.com |

| कला संस्कृति समिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन | इमेल |
| १ | संयोजक | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर ३ | ९८४५०७५७९५ | usha.tiwari2014@gmail.com |
| २ | सदस्य | श्री हरि योञ्जन | भरतपुर २ | ९८५५०५७९५० | |
| ३ | सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर १ | ९८४५५०५३४५ | ramharishrestha111@gmail.com |
| ४ | सदस्य | श्री प्रभातकुमार जोशी | भरतपुर १ | ९८५५०५२४९४ | |
| ५ | सदस्य | श्री चन्द्रसिंह घले | भरतपुर | ९८४५०६९४२९ | |
| ६ | सदस्य | श्री सूर्य मध्यरात | भरतपुर ९ | ९८४५०९१४३२ | |

# पत्रपत्रिकामा प्रज्ञाप्रतिष्ठान

ember 2024 मूल्य रु. १०/- मासिक ग्राहक शुल्क रु.२५०/- पृष्ठ संख्या :४

## मोती जयन्तीमा कृति विमोचन र गजलवाचन



कायाकैरन संवाददाता
भरतपुर, १७ भदौ

गजलकार ठानप्रसाद बसौलाको गजलसंग्रह 'रहर अनेक अनेक' विमोचन भएको छ ।

गजल मञ्च चितवनले १५९ औं मोती जयन्तीको अवसर पारेर श्री चितवन मावि भरतपुरमा आयोजना गरेको खुला गजलवाचन कार्यक्रममा प्रमुख अतिथि केशवराज आमोदी, सम्पादक बालकृष्ण थपलिया, त्रिपुरासुन्दरी गाउँपालिका धादिङका अध्यक्ष राजु उप्रेती, गजल मञ्च चितवनका पूर्व अध्यक्ष किसान प्रेमी, रमेश प्रभात, प्रमिला सानु र लेखराम सापकोटाले कृति विमोचन गरेका हुन् ।

कृतिलाई गजल मञ्च ... प्रकाशन गरेको हो ।

सम्पादनमा कपिल अज्ञातको गजलसंग्रह समय समयका स्वरहरू (२०६४) र पूर्वअध्यक्ष प्रभाकर पण्डितको समय (२०७१) गजलसंग्रह मञ्चबाट प्रकाशित भएका हुन् ।

कार्यक्रममा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव ...

अनेक अनेकको पाठकीय टिप्पणी राखेका थिए ।

कार्यक्रममा निरञ्जन सिंह, सुमिना घिमिरे, देवेन्द्र सापकोटा, लक्ष्मण भन्ताना, सरस्वती पौडेल, माइल्दाइ न्यौपाने, निर्दोष जीवन, विदुर अधिकारी, राजेन्द्र घायल, सरगम पारु, किसान प्रेमी, लेखराम सापकोटा, देवीमाया सापकोटा, ...न्ती अधिकारी, ...र श्यामराज ...ल प्रस्तुत गरेका ... लाई भरतपुर ...प्रज्ञाप्रतिष्ठानले ...

प्रवर्धनात्मक सहयोग गरे... भने सम्पूर्ण किताब नार... एक्स्पर्ट एजुकेसन एण... सर्भिसेज, आरम्भ कले... एजुकेसन र सेन्ट्र... सहयोगीका रूपम... कार्यक्रमलाई मञ्चव... प्रमिला सानुले सहजं... थिइन् । कार्यक्रम... रामकृष्ण अनायासले... राख्दै गजल मञ्च... जयन्तीसहित विभि... स्थापना कालदें... प्रवर्धन हुने कार्य... बताए ।

## मातृभाषा प्रयोगको अवस्था 'राम्रो'

नारायणगढ समाचारदाता
नारायणगढ, फागुन १८ गते

चितवनमा बस्ने आदिवासी तथा जनजातिको मातृभाषा प्रयोगको अवस्था 'राम्रो' रहेको पाइएको छ । भरतपुर महानगरपालिकाको प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको समाजशास्त्रीय अध्ययनसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत गरिएको अध्ययन प्रतिवेदनमा चितवनका अधिकांश आदिवासी तथा जनजातिले मातृभाषा प्रयोग गर्ने गरेको तथ्य प्रस्तुत गरिएको हो ।

कार्यक्रममा आफ्नो अध्ययन प्रतिवेदन ... कर्णबहादुर बानियाँले ...

मातृभाषा बोल्ने गरेको प्राडा बानियाँले जानकारी दिनुभयो । प्राडा बानियाँका अनुसार चितवनमा ५४ हजार १८३ जना रहेका तामाङले ६६ प्रतिशत, ४९ हजार ८२७ जना रहेका गुरुङ ४७ प्रतिशतले बोल्ने गरेका छन् । ४१ हजार ३०६ जना रहेका मगरले ५८ प्रतिशत, ३५ हजार ६३७ जना रहेका चेपाङले ६७ प्रतिशत, ३५ प्रतिशतले आफ्नो भाषा बोल्दै आएका छन् । ३५ हजार ४५२ जना रहेका नेवारमा ४१ प्रतिशत, ११ हजार ४०५ जनाको सङ्ख्या रहेका कुमालमा १३ प्रतिशतले आफ्नो भाषा बोल्ने गरेका अध्ययनले देखाएको छ ।

त्यस्तै गरी पाँच हजार ४३७ को सङ्ख्यामा रहेका गुरुङमा २३ प्रतिशत, ७६० को सङ्ख्या रहेका दुरामा ३६ प्रतिशत, ४६३ जनाको सङ्ख्या रहेका ... ५५ प्रतिशत, २६९ को सङ्ख्यामा रहेका ...

चितवनबाट सुरक्षितरूपमा लगी जिल्ला

(बाँकी ४ पेजमा)

## प्रतिभा मञ्चको उपाधि सुकबहादुर र किरणको जोडील...

नारायणगढ । नारायणी कला मन्दिरले आयोजना गरेको 'प्रतिभा मञ्च-२०८१' को उपाधि सुकबहादुर गुरुङ र किरण थापाको जोडीले जितेको छ । शनिबार राति सम्पन्न ग्रान्ड फिनालेमा अन्य चार जना प्रतिस्पर्धीलाई पछि पार्दै युगल जोडीले नगद ५० हजार राशिको पुरस्कार जितेको हो ।

दोस्रो स्थान हासिल गर्न सफल ओम ताम्राकारले २५ हजार, तेस्रो हुन सफल खासाङ तामाङले १५ हजार राशिको पुरस्कार जितेका छन् । बबिता सुवेदी र उज्ज्वल मगरले भने सान्त्वना स्थान हासिल गर्दै पाँच/पाँच हजार राशिको पुरस्कार जितेका छन् ।

कार्यक्रम संयोजक रामशरण सिलवालका अनुसार निर्णायकहरूको मूल्याङ्कनसँगै ...

निर्देशक सुमित लामा मुख्य निर्णायकको भूमिकामा थिए । शनिबार राति भएको अन्तिम प्रतिस्पर्धामा कलाकारहरूले एकल प्रस्तुतिसँगै आफ्ना कोरियोग्राफरसँगको युगल प्रस्तुतिसमेत दिएका थिए । कार्यक्रमलाई थप आकर्षित तुल्याउनका




लागि सुरुमै तीन जना निर्णायकहरूले नृत्य प्रस्तुत गरेका थिए ।

साथै अतिथि कलाकारको रूपमा काठमाडौँबाट नारायणी कला मन्दिरकै पूर्वकलाकार पूर्णिमा श्रेष्ठ उक्त कार्यक्रममा आएका थिए । उनले आफ्नो नृत्यमार्फत हलमा भरिभराउ दर्शकहरूको मन जितेकी थिइन् ।

कला मन्दिरले ६२ वर्षको ... नाटक, नृत्य ...

विधामा विभिन्न खालका काय... सञ्चालन गर्दै आइरहेको छ । ... क्रममा यसवर्ष करिब ७ महिना लग... प्रतिभा मञ्चमार्फत नृत्य विधालाई ... उठाउने प्रयास गरिएको कला मन्दि... अध्यक्ष रोहितकुमार श्रेष्ठले जानक... दिए ।

कला मन्दिरले आगामी दिनह... पनि कला क्षेत्रका विभिन्न विधा... समेटेर कार्यक्रम गर्दै जाने उनले बत... केही दिनअघि मात्रै कला मन्दि... नारायण गोपाल साँझ आयो... गरेको थियो । ...

## भरतपुर महानगरप्रज्ञा प्रतिष्ठानद्वारा विभिन्न सम्मान तथा पुरस्कारहरु प्रदान



भरतपुर/भरतपुर महानगरप्रज्ञा प्रतिष्ठानद्वारा स्थापना गरिएका विभिन्न सम्मान तथा पुरस्कारहरू प्रदान गरिएको छ । महानगरपालिका कार्यालयमा एक समारोहको आयोजना गरी विभिन्न सम्मान तथा पुरस्कारहरू प्रदान गरिएको हो ।

प्रतिष्ठानका कुलपति तथा महानगर प्रमुख रेनु ... प्रमु... लक्ष्... इन्द्र... नगद... पत्र स... प्रतिष्... रुपैयाक... भरतपुर... कपिल अ...

छ । त्रिभुवन विश्ववि... नेपाली विभागमा प्राध्यापन ... अज्ञात विगत ४० वर्ष अघि... नेपाली भाषा, साहि... समालोचना र अनुसन्धा... क्रियाशील हुनुहुन्थ्यो ।

यसैगरी भरतपुर ९... प्रा.डा. देवीप्रसाद काँडेललाई ... हजार ७८ ...

## अनुसन्धानमूलक लेख लेखनसम्बन्धी गोष्ठी




... महानगर ...योजनामा ...नसम्बन्धी ... छ । ...इन्द्रप्रसाद ...भरतपुर ...चित्रसेन ...ध्यक्षतामा ...शवराज ...पौडेलले ...चालिसे ... गरेको ...ाकान्त ...थिए । ... जर्नल ...ष्यमा ... लेख ...ाउन ...र्यक्रम ...ए । ... गर्दै ...सेन

अधिकारीले भा... लागि प्रतिष्ठान... प्रशंसनीय रहेक... जर्नलका माध्य... गरिमालाई अन्त... मद्दत पुगेको ... कार्यक्रममा मह... प्रशासकीय अधि... पौडेलले महान... विकासका साथै ... पनि उत्तिकै ... र प्रतिष्ठानको ... रचनात्मक क्रियाक... भएकोमा प्रशंसा ... प्रज्ञा जर्नलको तीन ... भइसकेको सन्दर्भमा ... अनुभवबाट सिक्दै जन... गरिने विषयवस्तुको ... ढाँचा आदिका बारे... फलदायी भएको जर्नलक... सम्पादक बालकृष्ण ... जानकारी दिए ।

## अन्तरक्रिया तथा बहुभाषी कवि गोष्ठी सम्पन्न



भरतपुर/भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा चितवनको समाजशास्त्रीय अध्ययन सम्बन्धी अन्तरक्रिया तथा बहुभाषी कवि गोष्ठी सम्पन्न भएको छ । प्रज्ञाप्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षता सम्पन्न कार्यक्रममा प्रा.डा. कर्णबहादुर बानिया र डा ईश्वरीराज लौडारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रा.डा.

बाँकी अन्तिम पृष्ठमा...

## महानगरले घोषणा गर्‍यो साहित्यिक पुरस्कार कपिल अज्ञातलाई एक लाख

भरतपुर/भरतपुर महानगर अन्तर्गत रहेको प्रज्ञाप्रतिष्ठानले साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टाहरूलाई २५ हजारदेखि एक लाख रुपैयाँसम्म पुरस्कार दिने घोषणा गरेको छ ।

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले प्रेस विज्ञप्ति मार्फत उक्त पुरस्कारहरूको घोषणा गरेको हो । प्रतिष्ठानका अनुसार भरतपुर -१२ निवासी साहित्यिक व्यक्तित्व प्राध्यापक कपिल अज्ञातलाई एक लाख ७८ रुपैयाँ बराबरको नारायणी प्रज्ञा सम्मानबाट पुरस्कृत गर्न लागिएको छ । भरतपुर -८ निवासी प्राडा देवी प्रसाद काँडेललाई कृष्ण बम मल्ल प्रज्ञा सम्मानबाट ५० हजार ७८ रुपैया प्रभात पुरस्कृत हुने भएका छन् । उनलाई आलिकति फरक कुरा (निसमालोचना सङ्ग्रह) नामको कृतिबाट २५ हजार ७८ रुपैयाँको पुरस्कार दिन लागिएको हो । भरतपुर-५ निवासी कवि तथा साहित्यकार गणेश श्रमणलाई आगो लिएर गाउँ गाउँमा (कविता सङ्ग्रहमा) २५ हजार ७८ रुपैया भरतपुर प्रज्ञा पुरस्कार, भरतपुर-४ निवासी साहित्यकार टीकाराम रेग्मीलाई बाँसुरीको धुन (कथासङ्ग्रहमा) २५ हजार ७८ रुपैयाँ बराबरको भरतपुर प्रज्ञा पुरस्कार र भरतपुर -१६ निवासी खिमा रिजाललाई अन्तर्मनका रहरहरू (निबन्धसङ्ग्रह) बाट २५ हजार ७८ रुपैयाँको वागीश्वरी प्रज्ञा पुरस्कार

# छायाँ चित्रमा प्रज्ञाका गतिविधिहरू





कथा चौतारी I have a story to tell





समाज शास्त्रीय अध्ययन कार्यशाला तथा बहुभाषी कवि गोष्ठी





अनुसन्धानमूलक लेख लेखन कार्यशाला




प्राज्ञ बुँद राना लगायतलाई महानगरमा स्वागत



मधेश प्रदेशका प्राज्ञहरुलाई भरतपुरमा स्वागत

# छायाँ चित्रमा प्रज्ञाका गतिविधिहरू




भरतपुर प्रज्ञा जर्नल-३ विमोचन



महानगर साहित्य दर्पण-३ विमोचन






सञ्चार माध्यममा भाषिक शुद्धताबारे प्रशिक्षण तालिम



मोती जयन्तीमा गजल मञ्चसँग सहकार्य




साहित्य संगम चितवनसँगको सहकार्य




प्रतिभा मञ्च-२०८१ मा नारायणी कला मन्दिरसँगको सहकार्य



प्रथम चितवन अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा तरङ्ग नाट्य समूहसँग सहकार्य

# प्रज्ञा सम्मान तथा पुरस्कार समर्पण


नारायणी प्रज्ञा सम्मान


कृष्ण बम मल्ल प्रज्ञा सम्मान


भरतपुर प्रज्ञा सम्मान


भरतपुर प्रज्ञा पुरस्कार (निबन्ध)


भरतपुर प्रज्ञा पुरस्कार (काव्य)


भरतपुर प्रज्ञा पुरस्कार (आख्यान)


वागीश्वरी प्रज्ञा पुरस्कार



सम्मानित स्रष्टाहरु

# छायाँ चित्रमा प्रज्ञाका गतिविधिहरू







महानगर प्रज्ञा प्रतिष्ठानको चौथो प्राज्ञसभा






मूर्तिकला सम्बन्धी एक हप्ते आधारभूत तालिम







शारदा खुसीराम स्मृति सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रम






विद्यालयमा प्रज्ञा प्रतिष्ठानः कविता सम्बन्धी प्रशिक्षण

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको अनुरोध

- महानगरभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका संरचनाहरूको संरक्षण गरौं ।
- साहित्यक प्रतिभाहरूको सम्मान र तिनका कृतिहरूलाई संरक्षण गरौं ।
- विभिन्न जात जातिका भाषा-भाषिकाको संरक्षण गरौं । लोपोन्मुख भाषा, लिपि, संस्कृति, साहित्य, कलाको खोजी गरौं, संरक्षण गरौं ।
- कला र कलाकारहरूको सम्मान गरौं । कलाकारहरूलाई कला सिर्जनाका लागि प्रोत्साहन गरी कलाकृतिहरूको संरक्षण गरौं ।
- प्रज्ञा प्रतिष्ठानले स्थापना गरेका पुरस्कारका लागि महानगरवासी साहित्यकारले अघिल्लो वर्ष प्रकाशन भएका ३ प्रति पुस्तक कार्त्तिक मसान्तभित्र उपलब्ध गराऔं ।
- सामुदायिक पुस्तकालयको प्रभावकारी सञ्चालन तथा संरक्षणमा जोड दिऔं ।
- स्रष्टाका सिर्जनालाई सम्मान गरौं । प्रतिलिपि अधिकारको संरक्षण गरौं ।


## भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

**भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल**

फोन नं. ०५६ ५१०१६७, मो. ९८४५०५११२७

इमेल pragyapratisthanbhr078@gmail.com

वेभसाइट www.bharatpurmun.gov.np

# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका प्रकाशनहरू




**भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

फोन: ०५६-५२०१६७

वारुणयन्त्र : (भरतपुर: १०१, ०५६-५२१०८३, ९८४५१४३८७८), (चनौली: ९८५५०३४३४६, ९७०८०७५१५०)

इमेल : pragyapratisthanbhr078@gmail.com, वेबसाइट : www.bharatpurmun.gov.np

9 789937 187275